जिल्ला अदालतबाट आत्महत्या दुरूत्साहनसम्बन्धी भएका फैसलाहरूको सँगालो, २०७८

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैजू, काठमाडौं

जिल्ला अदालतबाट आत्महत्या दुरुत्साहनसम्बन्धी भएका फैसलाहरूको सँगालो, २०७८

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैजू, काठमाडौं

सम्पादन मण्डलः श्री संजीव राई, उप निर्देशक /अनुसन्धान तथा विकास महाशाखा, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
श्री करुणा थपलिया, अनुसन्धान अधिकृत, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
श्री प्रदिप बोहरा, कार्यलय सहायक, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

प्रकाशकः राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजू, काठमाडौं
फोन नं. : ९७७-१-४०२७४४९/४०२७४५१
फ्याक्स नं. : ९७७-१-४०२७१४०
पो.व.नं. : २४८६५
इमेल : info@njanepal.org.np
वेभसाइट : www.njanepal.org.np

डिजाइन : प्रतिक्षा श्रेष्ठ
सर्वाधिकार : राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
प्रकाशित : ५०० प्रति
मुद्रण : नव प्रिन्ट सोलुसन

प्राक्कथन

राष्ट्रिय न्यायिक प्रतिष्ठान न्याय र कानुनको क्षेत्रमा कार्यरत जनशक्तिको व्यावसायिक क्षमता अभिवृद्धि गर्ने कार्यमा निरन्तर प्रयासरत छ। यस प्रतिष्ठानले विविध विषय र विधामा प्रशिक्षण, सेमिनार, गोष्ठीहरू सञ्चालन गर्ने तथा अध्ययन अनुसन्धान एवं प्रकाशनसमेतका कार्यहरू गर्दै आएको छ। यस प्रतिष्ठानले स्थापना कालदेखिका यस्ता किसिमका गतिविधिले नेपालको न्याय र कानुनको क्षेत्रमा कार्यरत न्यायाधीश, अदालतका अधिकृतहरू कानून विषयका अनुसन्धानकर्ता, महान्यायाधिवक्ताको कार्यालय र अर्धन्यायिक निकायमा कार्यरत मुद्दा हेर्ने अधिकारीहरूलगायतका जनशक्तिहरूमा कामसँग सम्बद्ध ज्ञानको अभिवृद्धि, सिपको हस्तान्तरण र विषयबस्तुमा रहेको दृष्टिकोणलाई सही दिशानिर्देश गर्न सहयोग पुऱ्याएको छ। प्रतिष्ठानद्वारा विगतका वर्षहरूदेखि नै विभिन्न विषयमा जिल्ला तथा उच्च अदालतबाट भएका फैसलाहरू प्रकाशन गर्ने कार्य समेत हुँदै आएको छ। त्यसैको निरन्तरता स्वरुप वर्तमान मुलुकी अपराध संहिता, २०७४ ले समेटेको नयाँ फौजदारी कसुर मध्ये मूलतः आत्महत्याको दुरुत्साहन सम्बन्धमा जिल्ला अदालतबाट केही फैसला भएका छन्। अपराध संहिताले समेटेको सो कानूनी प्रावधानलाई के कुन रुपमा जिल्ला अदालतबाट व्याख्या विवेचना भएको छ भन्ने बारेमा सबै न्याय क्षेत्रमा संलग्न जनशक्तिहरूलाई जानकारी गराउन सकियोस् भन्ने उद्देश्यले **आत्महत्याको दुरुत्साहन सम्बन्धी जिल्ला अदालतबाट भएका फैसलाहरूको संगालो** २०७८ नामक प्रकाशन प्रकाशित गर्ने प्रयास गरिएको हो।

मुलुकमा भएका कानुनी परिवर्तन र संहिताबद्ध कानुन जारी भएपश्चात् आत्महत्याको दुरुत्साहन सम्बन्धी शुरमुद्दाहरू जिल्ला अदालतलतको तहबाट भएका फैसलाहरूको प्रकाशनले सो सम्बन्धमा जिल्ला अदालतले अंगालेको दृष्टिकोणका बारेमा जान्ने बुझ्ने मौका मिल्ने छ भन्ने उद्देश्यले प्रस्तुत संगालो प्रकाशन गरिएको हो। यस विषयमा देश भरीको सबै जिल्ला अदालतहरूबाट प्राप्त फैसलाहरू प्रकाशन गर्न साधन स्रोत र समयले समेत संभव नभएकाले केही फैसलाहरूलाई उक्त फैसलामा भएको तथ्यको उल्लेखन, कानूनी व्यवस्थाको विवेचना र आत्महत्याको दुरुत्साहन सम्बन्धमा अन्य मुलुकका अभ्यास र विधिशास्त्रीय विश्लेषण लगायतका मापदण्डलाई फैसला प्रकाशनका आधार मानिएका छन्। यस प्रतिष्ठानले जिल्ला अदालतबाट उक्त विषयमा प्रकाशन प्रयोजनका लागि संकलन गरेका फैसलाहरू मध्य प्रकाशन समुहबाट छनौटका निर्धारित मापदण्डका आधारमा छनौट गरी १५ वटा मात्र फैसला प्रकाशन गरिएका छन्। आत्महत्याको दुरुत्साहन सम्बन्धमा जिल्ला अदालतबाट भएको फैसलाको संगालोको प्रकाशनले नेपालमा पहिलो पटक कसुरको रुपमा समेटेको उक्त व्यवस्थालाई के कुन रुपमा जिल्ला अदालतको तहबाट हेरिएको रहेछ र कसुर ठहर हुने नहुने आधारहरू के कस्ता रहेछन् भन्ने बारेमा जानकारी प्राप्त गर्न सक्ने आशा गरिएको छ।

यस क्रममा जिल्ला अदालतबाट भएका फैसलाहरूको प्रति पठाई सहयोग गर्नु भएकोमा माननीय जिल्ला न्यायाधीश, श्रेष्तेदार र अदालतका अन्य कर्मचारीहरूलाई प्रतिष्ठान आभार प्रकट गर्न चाहान्छ। साथै संकलित फैसलाहरूलाई प्रकाशनका लागि निर्धारित मापदण्डका आधारमा छनौट गरी प्रकाशन योग्य बनाउने कार्यमा संलग्न हुनु हुने यस प्रतिष्ठानका नायव कार्यकारी निर्देशक माननीय केदार पौडेल,

फ्याकल्टी उच्च अदालतका माननीय न्यायाधीश श्री शेखर प्रसाद पौडेल, माननीय जिल्ला न्यायाधीश डा. श्री दिवाकर भट्ट तथा यस प्रतिष्ठानका निर्देशक श्री श्रीकृष्ण मुल्मी र उप निर्देशक श्री संजिव राई र अनुसन्धान अधिकृत श्री करुणा थपलिया लगायत प्रकाशनको कार्यमा संलग्न अन्य सम्पूर्णमा धन्यवाद। यस प्रकाशनले जिल्ला अदालत तहबाट आत्महत्याको दुरुत्साहन सम्बन्धी कसुरका सम्बन्धमा के कस्ता फैसला भएका रहेछन् भनि फैसलाको प्रवृति अध्ययन गर्न न्यायाधीश, वकील, प्राध्यापक, अनुसन्धानकर्ता, विद्यार्थी र सरोकार राख्ने जो सुकैलाई मद्दत मिल्ने प्रतिष्ठानको अपेक्षा रहेको छ।

राष्ट्रिय न्यायिक प्रतिष्ठान

२०७८ असार

विषयसूची

क्र.सं.	मुद्दा	पक्ष विपक्ष	फैसला गर्ने माननीय जिल्ला न्यायाधीश	पृष्ठ नं
१	आत्महत्या गर्न दुरुत्साहन	नेपाल सरकार विरुद्ध अम्बिका देवी वस्नेत	श्री कैलाशप्रसाद सुवेदी	१-१४
२	ज्यान सम्बन्धी कसुर (दुरुत्साहन)	नेपाल सरकार विरुद्ध ललित राई	श्री गेहेन्द्रराज पन्त	१५-३०
३	दुरुत्साहन (ज्यान सम्वन्धी कसुर)	नेपाल सरकार विरुद्ध कर्णवहादुर थापासमेत	श्री दण्डपाणि लामिछाने	३१-४२
४	आत्महत्या गर्न दुरुत्साहन गरेको	नेपाल सरकार विरुद्ध पवनचन्द्र महरा	श्री दुर्गाबहादुर भुसाल	४३-५२
५	आत्महत्या गर्न दुरुत्साहन	नेपाल सरकार विरुद्ध राजु तामाङ	श्री पुरुषोत्तम प्रसाद ढकाल	५३-६४
६	आत्महत्या गर्न दुरुत्साहन	नेपाल सरकार विरुद्ध अम्मरबहादुर किसान	श्री प्रकाश प्रसाद पण्डित	६५-७६
७	आत्महत्या गर्न दुरुत्साहन	नेपाल सरकार विरुद्ध सद्दाम हुसेन बेहनासमेत	श्री मनकुमारी जि.एम.वि.क.	७७-९०
८	आत्महत्या गर्न दुरुत्साहन	नेपाल सरकार विरुद्ध कुमार अधिकारी	श्री राजकुमार कोइराला	९१-१०८
९	आत्महत्या दुरुत्साहन गरेको	नेपाल सरकार विरुद्ध अजय कुमार मण्डल	श्री राजेश कुमार कटुवाल	१०९-१२०
१०	आत्महत्या गर्नुपर्नेसम्मको परिस्थिति खडा गरेको	नेपाल सरकार विरुद्ध भरतराज घिमिरेसमेत	श्री रितेन्द्र थापा	१२१-१४२
११	आत्महत्या दुरुत्साहन	नेपाल सरकार विरुद्ध सोनालाल यादव	श्री रोशन गजुरेल	१४३-१५४

१२	आत्महत्या गर्न दुरुत्साहन	नेपाल सरकार विरुद्ध अंगत भण्डारी	श्री शिवप्रसाद खनाल	१५५-१६८
१३	आत्महत्या गर्न दुरुत्साहन गरेको	नेपाल सरकार विरुद्ध दिब्यदेब नाथ	श्री शिवलाल पाण्डेय	१६९-१८२
१४	हाडनातामा जबरजस्ती करणी र आत्महत्या दुरुत्साहन	नेपाल सरकार विरुद्ध अम्बरप्रसाद ढुंगाना	श्री हरिश्चन्द्र इङनाम	१८३-१९२
१५	आत्महत्या गर्न दुरुत्साहन	नेपाल सरकार विरुद्ध रुकु कार्कीसमेत	श्री हेमन्त रावल	१९३-२२२

श्री

सुनसरी जिल्ला अदालत

इजलास

जिल्ला न्यायाधीश कैलाशप्रसाद सुवेदी

फैसला

सम्वत् २०७७ सालको मुद्दा नं.०७७-C१-००४१

निर्णय नं. २१

मुद्दाः- आत्महत्या गर्न दुरुत्साहन

दायर मितिः- २०७७।०४।१६

वादीको नाम थर ठेगानाः-	प्रतिवादीको नाम थर ठेगानाः-
जिल्ला मोरङ्ग उर्लाबारी न.पा. वडा नं. ९ वस्ने वर्ष ३६ को तारानिधि खतिवडाको जाहेरीले नेपाल सरकार १	जिल्ला मोरङ्ग उर्लाबारी न.पा. वडा नं. ९ लामाटोल वस्ने श्याम बहादुर वस्नेतको छोरी, ओम प्रकाश खतिवडाको श्रीमती वर्ष ३४ कि दीक्षा भन्ने अम्बिका देवी वस्नेत.....१ ऐ. ऐ. बस्ने लाल वहादुर मोक्तानको छोरा, वर्ष ३७ को विशाल मोक्तान.....१
ऐ. को प्रमाणः	**ऐ. को प्रमाणः**
साक्षीः	साक्षीः
कागजः-	कागजः-

अदालतबाट बुझेको प्रमाणः-

साक्षीः-

कागजः-

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यसप्रकार छः

तथ्य खण्ड

१. घटनास्थल मुचुल्का

जिल्ला सुनसरी इनरुवा न.पा. वडा नं. ३ स्थित सुनसरी जिल्ला अदालतको प्राङ्गणभित्र अदालत कार्यालयको पछाडि पूर्वमा रहेको प्रहरी कर्मचारी बस्ने २ तलाको पश्चिम मोहडा भएको पक्की भवन, सोही भवनको माथिल्लो तलामा रहेको छतमा गई हेर्दा उक्त घरको पश्चिम उत्तर कुनामा काठको हाते कुर्सी पूर्व मोहडा भइरहेको, सोही छतको बिच भागमा रहेको पिलर रड 'A' र सोही पिलरको रडदेखि उत्तरमा रहेको पिलरको रड 'B' मानी A र B को दुरी १५ फिट रहेको, A बाट १५.९ फिट र B बाट ८.६ फिटमा सिरियल नं. ५५०१२१४६७-५४ Nepal police लेखिएको

म्यागजिनसहितको चाइनिज पेस्तोल थान १, उक्त पेस्तोलको नजलको भाग पश्चिमतर्फ र ग्रिपको भाग दक्षिणतर्फ रहेको, नोजलमा रगत लागेको, पेस्तोलको म्यागजिन निकाली हेर्दा उक्त म्यागजिनमा ४ राउण्ड गोली लोड रहेको, A बाट १५.८ फिट र B बाट १० फिट उत्तर पश्चिममा LAVA कम्पनीको कालो रङ्गको मोवाइल रहेको, उक्त मोवाइल अन अवस्थामा रही My Life सेभ भएको ९८१६३३१५८९ नं.बाट फोन आइरहेको, A बाट १४.६ फिट र B बाट १० फिट उत्तर पश्चिममा Sport लेखिएको निलो रङ्गको रगतको टाटाहरु लागेको १ जोर चप्पल रहेको, A बाट १४.९ फिट र B बाट ५.४ फिटमा ८५ नं. लेखिएको लाइभ राउण्ड थान १, A बाट १७.२ फिट र B बाट ८.७ फिटमा ८४ लेखिएको लाइभ राउण्ड थान १, A बाट १२ फिट र B बाट ४.८ फिटमा आलो रगत रहेको, सोही छतको उत्तर पश्चिम सुर (कुना) देखि ३२.८ फिट तल र सोही भवनको उत्तर पश्चिम जगको सुर (कुना) देखि १४.२ फिट उत्तर भुईमा ८४ लेखिएको पिन्दीमा चोट लागेको खोका थान १ फेलापरेको, घटनास्थलको फोटो खिची, फेला परेको पेस्तोल, चप्पल, मोवाइल, लाइभ राउन्ड, खोका, घटनास्थलमा फेला परेको रगतको नमूना स्वाब र पेस्तोलमा लागेको रगतको स्वाबसमेत उठाई लगेको भन्ने व्यहोराको मिति २०७७/०३/१५ गतेको घटनास्थल मुचुल्का।

२. जाहेरी दरखास्त

मिति २०७७।३।१५ गते अं. १९:४५ बजेको समयमा जिल्ला सुनसरी इनरुवा न.पा. वडा नं. ३ स्थित सुनसरी जिल्ला अदालत सुरक्षा प्रहरी ब्यारेक भवनको छतमा मेरो दाजु प्रहरी हवल्दार ओम प्रकाश खतिवडाले आफैले साथमा बोकेको पेस्तोलले आफ्नै कन्चटमा गोली हानी उपचारको क्रममा बि.पि.कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान घोपा धरानमा ऐ.२१:०० बजेको समयमा मृत्यु भएको हुँदा कानुनबमोजिम गरिपाउँ भन्ने व्यहोराको मृतकको भाई तारानिधि खतिवडाको जाहेरी दरखास्त।

छिमेकी विशाल मोक्तानसँग मेरो भाउजु ओम प्रकाश खतिवडाको श्रीमती अम्बिकादेवी बस्नेतको प्रेम सम्बन्ध रहेको भन्ने कुरा दाजुले थाहा पाई निज विशाल मोक्तान तथा भाउजु अम्बिका बस्नेतलाई सम्झाउँदै बुझाउँदै आए तापनि भाउजु र विशाल मोक्तानको प्रेम सम्बन्ध टाढिनुको साटो अझ सम्बन्ध रहेको कुरा दाजुलाई थाहा भएपछि दाजुले भाउजु तथा विशाल मोक्तानलाई सम्झाउन भनी मिति २०७७।३।१३ गते आफ्नो घर उर्लावारी गई निजहरु दुबै जनालाई सम्झाइ बुझाइ मिति २०७७।३।१५ गते बिहान डिउटी भ्याउने गरी घरवाट आई दाजुले दिनभरि डिउटी गरी साँझपख मोवाइलबाट फोन गर्दै ब्यारेकमाथि छतमा गएको र ऐ.ऐ. मिति राति अं.१९:४५ बजेको समयमा मेरो दाजुले आफ्नै कन्चटमा गोली हानी ढलेको; दाजु कार्यरत रहेको स्थानमा आई बुझ्ने क्रममा अम्बिकादेवी बस्नेत र विशाल मोक्तानसँग दाजुको मो.नं. ९८१६३९६९३८ बाट भाउजु अम्बिका बस्नेतको मोवाइल नं. ९८१६३३१५८९ र विशाल मोक्तानको मोवाइल नं. ९८६९८१८१६६ मा बारम्बार कुराकानी भएको, मेरो दाजुलाई निज कसुरदारहरुले आत्महत्या गर्न दुरुत्साहन दिई आत्महत्या गर्नुपर्ने सम्मको परिस्थिति खडा गराई मर्न बाध्य बनाएको हुँदा निज कसुरदारहरुलाई कारवाही गरी क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्ने व्यहोराको तारानिधि खतिवडाको जाहेरी दरखास्त।

३. लास जाँच मुचुल्क

जिल्ला सुनसरी धरान उ.म.न.पा.वडा नं.१८ स्थित बि.पि.कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान घोपा धरानको मर्चुरी टेबुलमा उत्तर टाउको दक्षिण खुट्टा भई उत्तानो अवस्थामा रहेको मृतक ओम प्रकाश खतिवडाको लासको शारीरिक अवस्था हेर्दा मृत लासको दाहिने हातको पाखुरा, खुट्टाको घुँडाभन्दा मुनिको भागमा रगतको सुकेको टाटाहरु रहेको, दायाँ कन्चटमा २ X २ cm, वायाँ कानको माथि १X१ cm चोट रहेको, दाहिने कन्चटको घाउँबाट सेतो पदार्थ (गिदी) जस्तो निस्किएको देखिएको भन्ने व्यहोराको लास जाँच मुचुल्का।

४. शव परीक्षण प्रतिवेदन

Cause of death is head injury produced by firearm भन्ने व्यहोराको मृतक ओम प्रकाश खतिवडाको शव परीक्षण प्रतिवेदन

५. प्रतिवादीहरुले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान

(क) मृतक ओम प्रकाश खतिवडा फिदीम पाँचथरमा कार्यरत रहँदा भेट भई एक अर्कालाई मन परापर भई भागी बिवाह गरी निजको घर उर्लावारी न.पा.वडा नं.९ स्थितमा आई बसोवास गर्दै आएका थियौं। हामी दुईवाट १ छोराको जायजन्म भएको छ। म निज ओम प्रकाश खतिवडासँग बिवाह गरी निजको घरमा आउँदा निजको बुवा, आमा, मेरो सासु, ससुराले क्षेत्रीको छोरी ल्याइस् भनी मलाई छि-छि दुरदुर गर्दै आएकोले हामी श्रीमान श्रीमती अलग्गै छुट्टी घर बनाई बस्दै आएका थियौं। म घरमै बस्ने श्रीमान जागिरमा जाने छुट्टीमा घर आउने जाने गर्नुहुन्थ्यो। अर्का प्रतिवादी विशाल मोक्तान हाम्रै छिमेकी बैदेशिक रोजगारीको लागि साउदी अरब भन्ने देशमा रहँदा निजले कहिले काँही मेरो नम्बरमा फोन गरी घरको बारेमा सोध्ने गर्नुहुन्थ्यो, हामीबिच म्यासेन्जरमा गफगाफ हुने गरेको थियो। निज नेपाल घर फर्की आएपछि एक आपसमा प्रेम सम्बन्ध रह्यो। करिब २ अढाई बर्ष अगाडिदेखि गाउँ घरका मानिसहरुले हाम्रो प्रेम सम्बन्ध रहेको भन्ने कुरा थाहा पाई मेरो सासु, ससुराले पनि मलाई सम्झाए बुझाए तापनि हामीबिचको प्रेम सम्बन्ध टाढिन सकेको थिएन। श्रीमान नहुँदा विशाल मोक्तान घरमा आउने बस्ने खाने र हामी दुईको शारीरिक सम्बन्धसमेत हुँदैआएको थियो। हामी दुई जनाले बिवाह गर्ने सल्लाहसमेत गरेका थियौं। मेरो श्रीमानले विशाल मोक्तान र मैले फोनमा कुराकानी गरेको र म्यासेजसमेत आदानप्रदान भएको देख्नु भएको रहेछ। सोही बिषयमा हामी श्रीमान श्रीमतीबिच कहिलेकाहीं झगडा वादबिवादसमेत हुने गरेको थियो। मिति २०७७।३।१२ गते मेरो श्रीमान घरमा आउनु भएको थियो, श्रीमान केही बोल्नु भएन, उक्त रात हामी श्रीमान, श्रीमती र छोरा भई साँझको खाना खाई राम्रै सँगसँगै बस्यौं। भोलिपल्ट बिहानको खाना खाई म र छोरा मेरो दमकमा बस्ने अंकल बिरामी भएकोले सो दिन दमकमा गई त्यस रात दमकमै बसी भोलिपल्ट घर फर्किआए। घर फर्की आई श्रीमान, श्रीमती र छोरासमेत घरमै बसी रातसँगै सुती भोलिपल्ट मिति २०७७।३।१५ गते बिहानै श्रीमान् दही चिउरा खाई इनरुवातर्फ जानुभएको थियो। सोही दिनको अं.३ बजेतिर श्रीमानले मलाई फोन गरी तँ अझै त्यो विशालसँग बोल्दिरैछेस्,

छोरालाई घरमा छाडी त तेहीसँग जा भन्नुभयो। मैले के भनेको म बोल्दिन जेपायो त्यही नभन्नु भने श्रीमानले फोन काट्नुभयो। पुनःश्रीमानले साँझपख फोन गर्दा छोराले फोन उठायो, श्रीमानले छोरालाई के गर्दै छौ ? मामु खोई ? भनी सोध्दा छोराले भात पस्किन लाग्नु भएको छ भनी बतायो। मैले छोरासँग फोन मागी के भयो भनी सोध्दा म मर्छु राम्ररी खाओ भन्नुभयो। छोराले फोनवाट नमर्नुस् वावा हामी भोलि आउछौं भन्दा एक्कासी श्रीमानले फोन काट्नुभयो। मैले पछिवाट श्रीमानलाई लगातार फोन गर्दा उठेन, मैले म्यासेज लेखी पठाएको थिए। केही समयपछि विशाल मोक्तान मेरो घरमा आई अम्बिका मलाई तिम्रो श्रीमानले दिउँसो पटक-पटक फोन सम्पर्क गरी दाजु तपाई र मेरो श्रीमतीको सम्बन्ध के हो? मेरो श्रीमतीले मलाई हेलाहोचा गर्छिन्। बोलचालसमेत हुँदैन, मलाई तपाईले गर्दा धेरै तनाव हुन थाल्यो, घर व्यवहार सवै बिगारी दिनुभयो बरु मेरो श्रीमती बिना बाच्न सक्नु हुन्न भने लिएर जानु आइन्दा उप्रान्त यस्तो प्रकारको ब्यवहार थाहा पाएँ भने ठिक हुने छैन भनेको थिए र साँझको समयमा निजले पुनःमोवाइलवाट फोन गरी दाजु कता हो, के गर्ने हुनुभयो तपाईहरु भनी सोध्दा मैले के भयो भाई भन्दा निजले दाई म मर्न लागेको मेरो श्रीमती र छोरालाई रेखदेख गरिदिनु भनेको र मैले यस्तो नगर्नुस् म भोलि आउछु बसेर कुरा गरौला भन्दा सोही समयमा मोवाइलबाट घटयाक्क आवाज र ट्याम्म गरेको आबाज सुने सो पश्चात् मैले सुन्नै नसकी फोन काटी तिमीलाई भन्न आएको हुँ भन्ने व्यहोराको प्रतिवादी दीक्षा भन्ने अम्विका देवी वस्नेतले गरेको वयान।

(ख) मेरो र अम्बिका देवी बस्नेतको बिगत दुई बर्ष अगाडिदेखि माया प्रेम सम्बन्ध भई हामी दुईबिच पटक-पटक शारीरिक सम्बन्ध हुँदै आएको थियो। हामीले बिवाहसम्म गर्ने निर्णय गरेका थियौं। हाम्रो सम्बन्धको बारेमा मृतक ओम प्रकाश खतिवडालाई थाहा भएपछि निजको श्रीमती अम्बिका बस्नेतसँग सधै मनमुटाव हुँदैआएको छ भनी अम्बिका बस्नेतले मलाई भन्थिन् तर पनि हामीबिच प्रेम सम्बन्ध टाढिन सकेको थिएन। निज मृतक ओम प्रकाश खतिवडा घरमा आउँदैछन् भन्ने जानकारी पाएपछि मैले अम्बिका बस्नेतलाई फोन तथा म्यासेजहरु पठाउन बन्द गरेको थिएँ। निजले पनि मेरो नम्वरमा फोन तथा म्यासेज गर्दिन थिइन। हामी दुवै जनाले फोनमा कुराकानी गरेको र म्यासेजमा बोलेको निजको श्रीमानले देखेका रहेछन्। निज ओम प्रकाश खतिवडा घर आई मिति २०७७।३।१५ गते बिहानै आफ्नो अफिसतर्फ गएका भनी अम्बिका बस्नेतले सुनाउँदा थाहा पाएको थिएँ। सोही दिनको समयमा निज ओम प्रकाश खतिवडाले मैले चलाउने गरेको ९८६९८१८१६६ नं. को मोबाइलमा २/३ पटक फोन सम्पर्क गरी दाजु तपाई र मेरो श्रीमतीको सम्बन्ध के हो ? म घरमा आउँदा मेरो श्रीमतीले मलाई हेलाहोचा गर्छिन्। राम्रोसँग बोलचालसमेत हुँदैन, मलाई तपाईले गर्दा धेरै तनाव हुन थाल्यो। मेरो घर व्यवहार सबै बिगारी दिनुभयो बरु मेरो श्रीमती बिना बाच्न सक्नु हुन्न भने मेले नदेख्ने ठाँउमा मेरो श्रीमती लिएर जानु आइन्दा उप्रान्त यस्तो प्रकारको ब्यवहार थाहा पाए भने ठिक हुने छैन भन्दा मैले भाई यस्तो कुरा नगर्नु भनेको थिएँ। सोही दिन साझँको समयमा निजले पुनःमोवाइलवाट फोन गरी दाजु कता

हो, के गर्ने हुनुभयो तपाईहरु भनी सोध्दा मैले के भयो भाई भनी सोध्दा निजले दाई म मर्न लागेको मेरो श्रीमती अम्बिका बस्नेत र छोरालाई रेखदेख गरिदिनु भनेको र निजलाई मैले भाई यस्तो नगर्नुस् म भोलि तपाईलाई भेट्न आउछु बसेर कुरा गरौंला भन्दा सोही समयमा मोवाइलबाट घटयाक्क आवाज र ट्याम्म गरेको आबाज सुने त्यसपछि मैले सुन्नै नसकी फोन काटी तत्कालै निजको श्रीमती अम्बिका बस्नेतको घरमा गई फोनमा भनेको कुरा सुनाउँदा निजलाई समेत म मर्न लागेको भनेको रहेछ भन्ने व्यहोराको प्रतिवादी विशाल मोक्तानले गरेको वयान।

६. प्र.ह. काजिबाबु बस्नेतको घटना विवरण कागज

ओम प्रकाश खतिवडा मिति २०७७।३।१२ गते कार्यालय समयपश्चात् आफनो घर गई मिति २०७७।०३।१५ गतेको बिहानको अं.११:०० बजेको समयमा घरवाट आई निज प्र.ह.आफ्नो डिउटीमा जानुभयो, म पनि आफ्नै डिउटीमा गएको थिएँ। कार्यालय समयपश्चात् न्यायाधीशलाई निवासमा पुऱ्याई आफू बस्दै आएको अदालत परिसरभित्रको पूर्वतर्फको पक्की भवनमा फर्की आई आफूले लगाएको यूनिफर्म खोली बसिरहेको थिएँ। सोही समयमा ओम प्रकाश खतिवडा आई आफ्नो कपडा खोली निजको खाना पकाउने पालो भएकोले किचन (भान्सा) तिर पसे। खाना पकाई सकेपछि निज प्र.ह. कार्यालय परिसरभन्दा बाहिर गई एक घण्टापश्चात् अं.१९:१५ बजेको समयमा कार्यालयको ब्यारेकभित्र आउँदा मैले सवैले खाना खाई सक्यौ, तपाई खाना खान बाँकी हुनुहुन्छ खाना खानु भनेर भन्दा निजले एकछिनमा खाउँला भन्दै फोनमा बोल्दै ब्यारेक भवनको छततिर गए र म पनि केहि समयपछि शितल ताप्नको लागि छतमा जाँदा निज प्र.ह.फोनमा कोहीसँग रिसाएर, अपशब्द प्रयोग गरी बोल्दै गरेको सुनेपछि अर्काको कुरा के सुन्नु भनी तल ब्यारेकमा आई बसेको केहि समयपछि बेलुकीको अं.१९:४५ बजेको समयमा एक्कासी छतमा गोली पड्किएको जस्तो आवाज सुनेपछि म समेत अन्य कर्मचारीहरु तत्काल छतमा गई हेर्दा प्र.ह.ओम प्रकाश खतिवडाले आफैले बोकेको पेस्तोलले आफ्नै कन्चटमा गोली हानी रगताम्मे भई भुइँमा लडेको र उक्त स्थानमा पेस्तोलसमेत देखेपछि तत्काल मैले नै घटनाको बारेमा जिल्ला प्रहरी कार्यालय सुनसरीमा टेलिफोन गरी जानकारी गराई तत्काल जिल्ला प्रहरी कार्यालयवाट प्रहरी टोली खटी आई ओम प्रकाश खतिवडालाई उपचारको लागि सुनसरी जिल्ला अस्पताल लगी थप उपचारको लागि बि.पी.कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान घोपा धरानमा पुऱ्याई उपचारको क्रममा सोही दिन रातको २१:०० बजेको समयमा मृत्यु भएको भन्ने कुरा सुनी थाहा पाएँ। हाल घटना सम्बन्धमा बुझ्दा प्रतिवादी विशाल मोक्तान र निजको श्रीमती अम्बिका देवी बस्नेतको पहिलादेखि नै शारीरिक सम्बन्ध रहदै आएको, सो कुरा ओम प्रकाश खतिवडाले थाहा पाई श्रीमान श्रीमतीको झै-झगडा, बादबिवाद हुँदै आएको रहेछ। सो दिन पनि निज ओम प्रकाश खतिवडा घरवाट आउँदा विशाल मोक्तानले पटक-पटक मोवाइलवाट फोन गरी बिभिन्न किसिमको मानसिक तनाव दिई मर्नसम्मको परिस्थिति सिर्जना गरेका रहेछन् भन्ने कुरा सुनी थाहा पाएको हुँ भन्ने व्यहोराको प्र.ह. काजी बाबु बस्नेतले गरेको घटना विवरण कागज।

७. प्र.ज. मनोज सेवाको घटना विवरण कागज

मिति २०७७।३।१५ गते बेलुकाको अं.१४:३० बजेको समयमा जिल्ला प्रहरी कार्यालय सुनसरीले सुनसरी जिल्ला अदालत इनरुवामा खटाएको थियो। म अदालतमा पुगी ब्यारेक भवनमा मेरो झोला सामान राख्न लाग्दा सोही अदालतमा कार्यरत रहेका प्र.ह.ओम प्रकाश खतिवडाले भाई आज म खाना पकाउदै छु मैले पकाएको खाना खानुपर्छ भन्नुभयो मैले हुन्छ साब भन्दै आफ्नै सरसमान बेडिङ्ग बिस्तरा मिलाउदै ब्यारेक भवन सरसफाइ गर्दैथिएँ। सोही समयमा एक्कासी ड्याम्म गरेको आवाज सुनी बाहिर आउदा प्र.ह.काजीबाबु बस्नेतले अदालतको भवन हामी सुत्ने बस्ने ब्यारेकको सिढीवाट हत्तारिदै झर्दै भाई मेरो मोवाइल बेडमा छ छिट्टै ल्याइदेउ भन्नुभयो। के भएछ भनी हामी सबै जना छतमा पुगी हेर्दा प्र.ह.ओम प्रकाश खतिवडाले आफैले बोकेको पेस्तोलले आफ्नै कन्चटमा आफैलाई गोली हानी रगताम्मे भई भुइँमा लडेको, पेस्तोलसमेत सोही स्थानमा देखेको थिए। उक्त घटनाको बारेमा प्र.ह. काजिबाबु बस्नेतले जिल्ला प्रहरी कार्यालय सुनसरीमा तत्काल जानकारी गराई प्रहरी टोली खटिआई म समेतले निज ओम प्रकाश खतिवडालाई तल झारी हाम्रै प्रहरीको गाडीमा उपचारको लागि सुनसरी जिल्ला अस्पताल पठाएका हौं। घटना सम्बन्धमा बुझ्दा प्रतिवादी विशाल मोक्तान र निजको श्रीमती अम्बिका देवी बस्नेतको पहिलादेखि नै शारीरिक सम्बन्ध रहँदै आएको, सो कुरा ओम प्रकाश खतिवडाले थाहा पाई श्रीमान श्रीमतीको झै-झगडा, बादबिवाद हुँदैआएको रहेछ। सो दिन पनि निज ओम प्रकाश खतिवडा घरवाट आउदा विशाल मोक्तानले पटक-पटक मोवाइलवाट फोन गरी बिभिन्न किसिमको मानसिक तनाव दिई मर्नसम्मको परिस्थिति सिर्जना गरेका रहेछन् भन्ने व्यहोराको प्र.ज. मनोज सेवाले गरेको घटना विवरण कागज।

८. प्र.ह. मात्रिका प्रसाद खतिवडा

मिति २०७७।३।१५ गते सुनसरी जिल्ला अदालतमा गार्डको रुपमा खटिएको थिए। उक्त दिन मेरो अदालत गेटको पोष्टमा डिउटी थियो। ओम प्रकाश खतिवडा घरबाट अ.११:०० बजेको समयमा अदालतमा आफ्नो डिउटी भ्याउने गरी आएका थिए। कार्यालय समयपश्चात् न्यायाधीशलाई निवासमा पुऱ्याई निज ओम प्रकाश खतिवडा आफ्नो ब्यारेकमा आई युनिफर्म खोली गेटमा आई भाई बाहिर जाँउ खाजा खान भनेकोले म जाँदिन म केही समयपछि खाना खान घर जान्छु तपाई जानु भने; निजले साथमा पेस्तोल बोकेको देखि दाजु पेस्तोलभित्रै राखी जानु भन्दा केही नबोली बाहिरतर्फ लागे। म पनि आफ्नो डिउटी सकी खाना खान भनी आफ्नो घरतर्फ गएको थिए। म घरमा खाना खादै गर्दा मलाई बेलुकीको अं.१९:४५ बजेको समयमा मनोज सेवाले फोन गरी साब प्र.ह.ओम प्रकाश खतिवडाले हामी बस्ने गरेको ब्यारेकको छतमा आफैले बोकेको पेस्तोलले गोली हानी लडेको छ, छिट्टो आउनु भन्दा म हत्तारिदै अदालतको ब्यारेकमा आई पुग्गा जिल्ला प्रहरी कार्यालय सुनसरीवाट आएको टोलीले निजलाई उपचारको लागि लिई गइसकेको रहेछ। हाल घटना सम्बन्धमा बुझ्दा प्रतिवादी विशाल मोक्तान र निजको श्रीमती अम्बिका देवी बस्नेतको पहिलादेखि नै सम्बन्ध रहदै आएको कुरा ओम प्रकाश खतिवडाले थाहा पाई श्रीमान श्रीमतीको झै-झगडा बादबिवाद हुँदै आएको रहेछ। सो दिन पनि निज ओम प्रकाश खतिवडा घरबाट फर्की आउदा विशाल मोक्तानले पटक पटक मोवाइलबाट फोन गरी बिभिन्न किसिमको मानसिक तनाव

दिई मर्नसम्मको परिस्थिति सिर्जना गरेका रहेछन् भन्ने कुरा मसँगै कार्यरत रहेका साथीहरुले भन्दा थाहा पाए। निज प्रतिवादीहरुलाई कारवाही होस् भन्ने व्यहोराको प्र.ह. मात्रिका प्रसाद खतिवडाले गरेको घटना विवरण कागज।

९. वस्तुस्थिति मुचुल्का

मृतक ओम प्रकाश खतिवडा सुनसरी जिल्ला अदालत इनरुवामा जिल्ला न्यायाधीशको अंगरक्षकको रुपमा खटिआएको देखेको थिए। वारदात मिति २०७७।३।१५ गते अं. १९:४५ बजेको समयमा केही पड्किएको जस्तो आवाज सुनी के भएछ भनी बाहिर निस्की हेर्दा सुनसरी जिल्ला अदालतमा खटिएका प्रहरी बस्ने ब्यारेकको छतमा प्रहरी हवल्दार ओम प्रकाश खतिवडाले आफैले गोली हानेको छ भन्ने सुनी हेर्न जाँदा निज अचेत अवस्थामा लडेको देखेका हौं। तत्कालै जिल्ला प्रहरी कार्यालय सुनसरीवाट प्रहरी टोली आई निजलाई प्रहरीकै गाडीमा हाली उपचारको लागि अस्पतालतर्फ लगेको हो। पछि निजको उपचारको क्रममा सोही दिन अ.२१;०० बजेको समयमा बि.पि.कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान घोपा धरानमा मृत्यु भएको भन्ने सुनी थाहा पाएका हौं। हाल बुझ्दा निज ओम प्रकाश खतिवडाको श्रीमती प्रतिवादी अम्बिका देवी बस्नेतको विशाल मोक्तानसँग माया प्रेम तथा अबैध शारीरिक सम्बन्ध रहेको भन्ने कुरा निज ओम प्रकाश खतिवडाले थाहा पाई निजहरुलाई सम्झाइ बुझाइ यसो नगर्न भन्दा समेत नमानी निज प्रतिवादीहरुले मृतकलाई बिभिन्न किसिमको मानसिक यातना दिई आत्महत्या गर्न दुरुत्साहन दिई आत्महत्या गर्नुपर्ने सम्मको परिस्थिति खडा गराई मर्न बाध्य बनाएका रहेछन्। निज प्रतिवादीहरुलाई कारवाही हुनुपर्छ भन्ने व्यहोराको राजकुमार सहनीसमेतले प्रायः एकै मिलानमा खुलाइ लेखाइदिएको बस्तुस्थिति मुचुल्का।

१०. अभियोग मागदावी

प्रतिवादीहरु दीक्षा भन्ने अम्विका देवी वस्नेत र विशाल मोक्तानले मृतकलाई आत्महत्या गर्न दुरुत्साहन दिएको र आत्महत्या गर्ने परिस्थिति खडा गरेकोले निजहरुलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) वमोजिमको कसुरमा ऐ. संहिताको दफा १८५(२) वमोजिम सजाय गरी निज प्रतिवादीहरुबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ वमोजिम क्षतिपूर्ति शुल्क निर्धारण गरी उक्त क्षतिपूर्तिवापतको रकम क्षतिपूर्ति शुल्क कोषमा जम्मा हुने व्यवस्था गरिपाउ भन्ने **अभियोग मागदावी।**

११. प्रतिवादीहरुले अदालतसमक्ष गरेको बयान

(क) निज मेरो श्रीमान हुन्। कोही पनि श्रीमतीले आफ्नो श्रीमानलाई अन्य कोही व्यक्तिसँग लागेर मरोस् भनेर भन्दैन। घर परिवार तथा सासु ससारले भए नभएको कुरा मृतक मेरा श्रीमानलाई लगाइ दिएर म विरुद्ध उचाली निजको मनको बाघले खाएको कारणले शंकाको भरमा नै यस्तो घटना घटाएको हो। मैले निजलाई आत्महत्या गर्न दुरुत्साहन नदिएकोले मलाई अभियोग मागदावीबमोजिम सजाय नहोस् भन्ने समेत व्यहोराको प्रतिवादी दीक्षा भन्ने अम्बिबा देवी बस्नेतले गरेको बकपत्र।

(ख) मैले मृतकलाई फोन सम्पर्क गरी मृत्युवरणको अवस्थामा पुऱ्याएको होइन। उनले के कति कारणले आफैले आफैलाई गोली प्रहार गरे मलाई थाहा भएन। सो घटना घटाउनमा मेरो

कुनै पनि भूमिका तथा जिम्मेवारीसमेत नरहेको कारणले मलाई अभियोग मागदावीबमोजिम सजाय नहोस् भन्ने समेत व्यहोराको प्रतिवादी विशाल मोक्तानले गरेको बकपत्र।

१२. थुनछेक आदेश

प्रतिवादी दीक्षा भन्ने अम्बिका देवी बस्नेतलाई नगद रु. १,००,०००।- (एक लाख रुपैयाँ) तथा प्रतिवादी विशाल मोक्तानलाई नगद रु.१,२५,०००।-(एक लाख पच्चिस हजार रुपैयाँ) नगद वा सो बराबरको जेथा धरौटी मागी दिए मुद्दा पुर्पक्षका निमित्त तारेखमा राख्नु र नदिए कानुनबमोजिम थुनामा राख्न पठाइदिनु भन्ने मिति २०७७।०४।१८ मा भएको आदेश।

१३. साक्षीहरुले अदालतसमक्ष गरेको बकपत्र

(क) मिति २०७७।३।१६ र मिति २०७७।३।२३ को जाहेरी दरखास्त व्यहोरा र सही छाप मेरै हो। मृतक ओमप्रकाशको श्रीमती दीक्षा भन्ने अम्बिका बस्नेत र विशाल मोक्तानसँग शारीरिक सम्बन्ध भइरहेको र मृतक ओमप्रकाश खतिवडाले यस्तो अनैतिक काम नगर गाउँघरमा बेइज्जत हुन्छ भनी पटक पटक सम्झाउँदा नलागेपछि मृतक घर आउने बितिकै श्रीमती माइत जान्छु भनेर हिडी हाल्ने, सम्बन्ध विच्छेद मागदासमेत नदिने, त मरे मर म विशाल मोक्तानलाई छाड्न सक्दिन भन्ने; मृतक मिति २०७७।३।१३ मा घर गई दुवै जनालाई सम्झाउँदा उनीहरु एकअर्कासँग छुट्टिन नसक्ने भन्ने तथा मृतक ओमप्रकाश खतिवडाले मैले श्रीमती दीक्षा खतिवडा भन्ने अम्बिका देवी बस्नेत र विशाल मोक्तानसँग कुरा गर्दा उताको सम्बन्ध यथार्थ नै राख्छु दुवै जनाले भनी मृतकले मलाई भनेपछि मैले जे गर्छस् तै गर भनेपछि मृतक ओमप्रकाश खतिवडा मानसिक तनाव भई घरबाट अफिस फर्केको उही तनावले गर्दा मृतक ओमप्रकाश खतिवडाले आत्महत्या गरेको हो भन्ने समेत व्यहोराको जाहेरवाला प्र.ह. तारानिधि खतिवडाले गरेको बकपत्र।

(ख) मृतक सानो सोचका शंकालु स्वभावका मानिस थिए। श्रीमतीले गाउँघरमा गाउँको मान्छेहरुसँग बोल्दा जोसँग बोल्यो त्यहीसँग बात लगाउने, घरमा कोही मान्छे काम विशेषले आयो भने सासु ससुराले शंका गरी श्रीमान (मृतक) लाई पोल लगाउने गर्दथे। छिमेकी विशाल मोक्तान आफ्नो घरमा चुरोट खान नसकी लुकेर चुरोट खान मृतकको घरमा आएको कुरा मृतकका आफन्तले मृतकलाई सुनाएकोले सोही कारणले शंका गरी मृतकले श्रीमतीलाई वात लगाउने गरी शंकामा तनाव रहन्थ्यो। प्रतिवादीहरु दुवै बिच नराम्रो सम्बन्ध थिएन। प्रतिवादीहरुले मृतकलाई आत्महत्या गर्न दुरुत्साहन गरेका होइनन् आफैले मनमा कुरा खेलाई आत्महत्या गरेको हुनुपर्छ भन्ने समेत व्यहोराको प्रतिवादी दीक्षा भन्ने अम्बिकादेवी बस्नेतका साक्षी रेशबहादुर अधिकारीले गरेको बकपत्र।

(ग) मिति २०७४।०४।०८ को वस्तुस्थिति मुचुल्काको सही छाप र व्यहोरा मेरै हो भन्ने समेत व्यहोराको वस्तुस्थिति मुचुल्काका मानिस सन्तोष अधिकारीले गरेको बकपत्र।

(घ) मिति २०७७।३।१५ को घटनास्थल मुचुल्काको व्यहोरा र सोमा भएको सही छाप मेरो हो। घर व्यवहारमा परिवारमा श्रीमतीसँग व्यवहार नमिलेको र बारम्बार श्रीमतीले टर्चर दिने गरेकोले आफै कन्चटमा गोली हानी उतानो पारेर लडेको थाहा पाए। उसको परिवारमा के

कस्तो व्यवहार थियो मलाई थाहा भएन भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्काका मानिस प्र.ह. काजीबाबु बस्नेतले गरेको बकपत्र।

ठहर खण्ड

१४. नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पत्नी र परपुरुषले आपसमा शारीरिक सम्पर्कसमेत गरी मृतकलाई आत्महत्या गर्न दुरुत्साहन गरेको अभियोग रहेको छ। सो अभियोगका सम्बन्धमा सहायक जिल्ला न्यायाधिवक्ता श्री सन्दिप टेलरले प्रतिवादीहरुले अवैध सम्बन्ध राखी मृतकलाई आत्महत्या गर्न दुरुत्साहन गरेको, प्रतिवादी दीक्षाले मृतकलाई "मरे मर" भनी भनेको, प्रतिवादीहरुबिच पटक-पटक अस्वभाविक र धेरै संख्यामा टेलिफोन कल भएको छ, फोन गरेको कुरालाई प्रतिवादी विशाल मोक्तानले अस्वीकार गरेका छैनन; यो मृतकलाई आत्महत्या गर्न दुरुत्साहन हो, मृतकले बन्दुक प्रहार गरेको अवस्थामा मेरो छोरा तैले नै पाल भनी विश्वास मोक्तानलाई म्यासेज गरेको, तसर्थ अभियोग दावीबमोजिम ठहर हुनुपर्छ भन्ने र प्रतिवादीका तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री उद्धवप्रसाद काफ्ले र अधिवक्ता शंकरप्रसाद पोखरेलले प्रतिवादीहरुले मृतकलाई भोलि आएर छलफल गरौला, मर्ने कुरा नगर भनी प्रतिवादीहरुले सम्झाएका छन्; मरोस् भन्ने होइन नमरोस् भनी सम्झाएका छन्। दीक्षाले सम्बन्ध विच्छेद गर्न चाहेको कारणले मृतकले आत्महत्या गर्नु मृतकको कमजोर मानसिक अवस्था हो, प्रतिवादीहरु अदालतमा कसुरमा पूर्णत इन्कार रहेका छन; प्रतिवादीहरुले के कसरी आत्महत्या गर्न दुरुत्साहन गरे भन्ने वादीले प्रष्ट गर्न सकेका छैनन; जाहेरवाला, जो मृतकका आफ्नै भाई हुन्, ले बकपत्र गर्दा प्रतिवादीहरुले यो कारणले गर्दा आत्महत्या गरे भन्न सकेका छैनन; तसर्थ प्रतिवादीहरुले अभियोगबाट सफाई पाउनुपर्छ भन्ने बहस गर्नुभयो। उपरोक्त बहस र मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा प्रतिवादीहरुले देहायका कार्य गरे नगरेको विषयमा निर्णय दिनुपर्ने देखिन आयोः-

(क) मृतकलाई आत्महत्या गर्न दुरुत्साहन गरे नगरेको,

(ख) मृतकलाई आत्महत्या गर्ने परिस्थिति खडा गरे नगरेको।

मुलुकी अपराध संहिताको दफा १८५ मा आत्महत्या गर्नको लागि दुरुत्साहन दिने कार्यलाई कसुर मानिएको छ। सो दफामा रहेको कसुर स्थापित हुनको लागि एक व्यक्तिले अर्को व्यक्तिलाई देहायका दुईवटा निषेधित कार्यहरु गरेको हुनुपर्छः-

(क) आत्महत्या गर्न दुरुत्साहन गरेको वा

(ख) आत्महत्या गर्ने सम्मको परिस्थिति खडा गरेको वा गराएको।

१५. दुरुत्साहनले केलाई जनाउँछ भन्ने कुरा उक्त दफामा उल्लेख भएको छैन्। दुरुत्साहन अपूर्ण अपराध र स्वतन्त्र कसुर हुन सक्छ। दुरुत्साहन हुनको लागि प्रतिवादीहरुले मृतकलाई आत्महत्या गर्न उक्साएको वा सल्लाह दिएको वा परामर्श दिएको हुनुपर्छ। दुरुत्साहनको सामान्य व्यवस्था संहिताको दफा ३५ मा व्यवस्था रहेको छ। सो व्यवस्थाअनुसार एक व्यक्तिले अर्को व्यक्तिलाई कुनै कसुर गर्न उक्साएमा सोलाई दुरुत्साहन दिएको मानिन्छ। दुरुत्साहनको स्वभाविक अर्थ

उक्साउनु (इन्साइट) वा अभिप्रेरित गर्नु (इन्करेजमेन्ट) गर्नु हुन्छ र दुरुत्साहनलाई सामान्यतया उत्प्रेरणाको अर्थमा परिभाषित गरिन्छ भनिएको छ[1]।

१६. उक्साउने वा अभिप्रेरित गर्ने कार्य भौतिक रुपमा वा आचरणगत वा सांकेतिक रुपमा वा लिखित रुपमा हुन सक्तछन्। ललाइफकाई, उत्तेजनामा ल्याई वा भौतिक रुपको कार्यमा यातना, दुर्व्यवहार, कुटपिट, धाकधम्की वा दवाव वा इमेल इन्टरनेट, म्यासेजबाट धम्की दिएको आदि हुन सक्दछन्। मुलुकी अपराध संहितामा रहेको आत्महत्याको दुरुत्साहनसँग आंशिक रुपमा मिल्ने प्रावधान भारतीय दण्ड संहिताको दफा ३०६ मा रहेको छ[2]। उपर्युक्त प्रावधानका सन्दर्भमा सो दण्ड संहिताको दफा १०७ लाई पनि हेर्नुपर्छ भन्ने व्याख्या भएको छ। सो दण्ड संहिताको दफा १०७ मा दुरुत्साहनको परिभाषा दिइएको छ[3]। दफा ३०६ लाई हेर्दा सो दफा १०७ को व्यवस्थाअनुसार गर्नुपर्ने भन्ने भारतीय सर्वोच्च अदालतवाट निर्णय भएका छन्। सो आधारमा व्याख्या गर्दा दुरुत्साहन हुनको लागि अभियुक्तले मृतकलाई आत्महत्या गर्नका लागि कुनै अग्रसर कार्य (पोजिटिभ एक्ट) गरेको हुनुपर्छ, अर्थात अभियुक्तले मृतकलाई मर्नको लागि अग्रसर हुन वा उत्प्रेरित हुने कार्य गरेको हुनुपर्ने; त्यस्तो कार्य सकृय वा प्रत्यक्ष हुनुपर्ने र त्यस्तो कार्यले मृतकलाई अरु कुनै विकल्प नरही आत्महत्या गर्नका लागि बाटो देखाएको हुनुपर्छ भन्ने निर्णय भएका छन्।[4] केवल मरे मर भनी दिएको सुझाव वा भनेको कुराले दुरुत्साहन हुँदैन भन्ने निर्णय भएका छन्।[5] यसैगरी त्यस्तो अग्रसर कार्य वा सक्रिय वा प्रत्यक्ष कार्य मृतक आत्महत्या गर्ने अवस्थामा पुगोस् भन्ने मनसायबाट गरिएको हुनुपर्छ भन्ने निर्णय भारतीय सर्वोच्च अदालतबाट भएका छन्।[6]

बेलायतमा सुसाइड एक्ट १९६१ ले आत्महत्याको दुरुत्साहन गर्ने कार्यलाई कसुर मानेको छ। सो ऐनको दफा २(१) मा देहायको अवस्थामा आत्महत्याको दुरुत्साहनको कसुर हुने व्यवस्था गरेको छ:[7]

(क) कुनै व्यक्तिले अर्को व्यक्तिलाई आत्महत्या गर्न वा आत्महत्याको उद्योग गर्न अभिप्रेरित गर्न वा सहायता गर्न सामर्थ्य हुने कार्य गरेको, र

(ख) सो कार्य आत्महत्या वा आत्महत्याको उद्योग गर्न अभिप्रेरित वा सहायता गर्ने मनसायबाट भएको हुनुपर्ने।

१७. वेवसाइटमा राखिएको सामग्री[8] धम्की दिएर वा दबाब दिएर उदाहरणको लागि इमेल र इन्टरनेटबाट अभियान चलाएका कुराहरु दुरुत्साहनमा पर्छन् भन्ने निर्णय भएका छन्[9]। मुलुकी अपराध संहितामा भारतको जस्तै दफा ३५ मा उक्साउने कार्य नियतपूर्वक भएको हुनुपर्ने भन्ने र

---

1 डयाविड ओमराडे, स्मीथ एण्ड होगन्स त्रिमीनल ल, बारौ संस्करण, २०११, पृष्ठ १९३

2 If any person commits suicide wherever abets the commission of such sucide , shall be punished ....

3 a person abets the doing of a thing who instigates any prson to do that thing ,or --------intentionally aids,by any actor illegal omission, the doing of that thing .

4 *S.S. Chheena* vs. *Vijay kumar Mahajan* (2010)12 SCC 190, *Gurcharn singh* vs. *The state of Pujab* 1 october. 2020

5 Swamy Parhadas vs. State of Madhyae pradesh (1995) SCC 943 (Cri), Sanju alias/Sanjaya Singh v. State of Madhya Pradesh (2202)5 SCC 371 : 2000Supp SC 2246

6 SS. Chhena vs. Vijaya kumar mahajan (2010)12 SCC 190

7 स्मीथ एण्ड होगन्स क्रिमिनल पूर्व उधृत पृष्ठ ५८४

8 ऐजन पृष्ठ ५८५

9 ऐजन

बेलायतको जस्तै आत्महत्या गर्न अभिप्रेरित गर्ने वा सहायता गर्ने कार्य सो नियतले भएको हुनुपर्ने भन्ने व्यवस्था त रहेको छैन। तर, आत्महत्या गर्न उक्साउनु हँदैन भन्ने व्यवस्था रहेको छ। आत्महत्याको दुरुत्साहनको कसुर स्वतन्त्र कसुर भएकोले सो कसुर हुनको लागि मृतकले निषेधित कार्य र मनसाय दुवैबाट कसुर गरेको हुनुपर्छ। तसर्थ उपरोक्त कुराहरुबाट आत्महत्याको दुरुत्साहनको कसुर हुनको लागि कुनै व्यक्तिले (१) मृतक आत्महत्या गर्न अग्रसर हुने सकृय वा प्रत्यक्ष कार्य गरेको हुनुपर्ने र (२) सो कार्य आत्महत्या गर्न उक्साउन अभिप्रेरणा दिने मनसायबाट भएको हुनुपर्ने देखिन्छ।

१८. प्रस्तुत मुद्दामा मृतक प्रहरी कर्मचारी रहेका छन्। आफैले मन पराएर विवाह गरेकी पत्नीको अन्य व्यक्तिसँग सम्बन्ध भएको र पतिले पत्नी र सो व्यक्तिलाई अलग हुनुभन्दा नमानेको कारणबाट आत्महत्या गरेको अभियोग दावी रहेको छ। अभियोग पुष्टिका लागि पेश भएका प्रमाणमा जाहेरवालाको बकपत्र, अनुसन्धानमा कागज गर्ने व्यक्तिको बकपत्र, बन्दुक र गोली परीक्षणसमेत रहेका छन। प्रतिवादी दीक्षाले अनुसन्धानमा वयान गर्दा प्रतिवादी विशाल मोक्तानसँग प्रेम/मायामा परी शारिरिक सम्पर्क रहेको र विवाहसमेत गर्ने योजना रहेको; सो कुरा श्रीमानले के कसरी थाहा पाई सहन नसकी आफै पेस्तोलले गोली हानी मृत्यु भएको हो। निजले के कुन सोच विचार राखी आफै गोली हानी मरेका हुन् थाहा छैन भन्ने र अदालतमा कसुरमा इन्कार रही वयान गरेकी छिन्। प्रतिवादी विशाल मोक्तानले अनुसन्धानमा वयान गर्दा प्रतिवादी दीक्षासँग मायाप्रेम भई शारीरिक सम्पर्क भएको हो; विवाह गर्ने योजना रहेको र मृतकले सो सम्बन्ध थाहा पाई सहन नसकी के कुन सोच विचार राखी आफै गोली हानी मरेका हुन सक्तछन् भन्ने र अदालतमा वयान गर्दा कसुरमा इन्कार रही वयान गरेका छन्। अनुसन्धानको बयानवाट निजहरुले मृतकलाई आत्महत्या गर्न दुरुत्साहन दिएको भन्ने उल्लेख गरेका छैनन्। पत्नी र अर्को व्यक्तिले मृतकलाई यातना दिएको, दुर्व्यवहार गरेको, क्रुर व्यवहार गरेको, इमेल/इन्टरनेटबाट वा अन्य कुनै माध्यमवाट धम्की दिएको वा मृतकलाई आत्महत्या गर्न अग्रसर हुने कार्य गरेको भन्ने देखिने प्रमाण रहेको देखिँदैन। पत्नी र अर्को व्यक्तिले आफू विवाह गर्ने कुराको म्यासेज पतिले थाहा पाएको भनी पत्नीले अनुसन्धानमा बयान गरेकी छिन् तर सो म्यासेज मिसिल संलग्न रहेको देखिँदैन।

१९. जाहेरवालाले बकपत्र गर्दा मृतक ओमप्रकाशको श्रीमती दीक्षा भन्ने अम्बिका बस्नेत र विशाल मोक्तानसँग शारीरिक सम्बन्ध भइरहेको, ओमप्रकाशले यस्तो अनैतिक काम नगर गाउँघरमा बेइज्जत हुन्छ भनी पटक पटक सम्झाउँदा नलागेको, मृतक घर आउने बितिकै श्रीमती माइत जान्छु भनेर हिँडी हाल्ने, सम्बन्ध विच्छेद मागदासमेत नदिने, तँ मरे मर म विशाल मोक्तानलाई छाड्न सक्दिन भन्ने; मिति २०७७।३।१३ मा घर गई मृतकले दुवै जनालाई सम्झाउँदा उनीहरु एकअर्कासँग छुट्टिन नसक्ने भन्ने तथा श्रीमती दीक्षा र विशाल मोक्तानसँग कुरा गर्दा उताको सम्बन्ध यथार्थ नै राख्छु दुवै जनाले भने भनी मलाई भने; मैले पछि तँ जे गर्छस् तै गर भनेपछि मृतक ओमप्रकाश खतिवडा मानसिक तनाव भई घरबाट अफिस फर्केको उही तनावले गर्दा आत्महत्या गरेको हो भन्ने बयान गरेका छन्। प्रतिवादीका कानुन व्यवसायीले निजलाई जिरह गर्दा प्रतिवादीहरुबिच शारीरिक सम्बन्ध भएको कुराको प्रमाण छ त भनी सोधेको प्रश्नमा नभएको भनी भनेका छन्। प्रतिवादीहरुले

अनुसन्धानको बयानमा उनीहरुबिच शारीरिक सम्पर्क भएको र म्यासेज मृतकले थाहा पाएको भनेका छन् तर अनुसन्धानमा कसुरमा पूर्णतः अस्वीकार गरेका छन्। त्यसरी भएका म्यासेजहरुको प्रतिलिपि पेश भएको देखिँदैन। यसबाट प्रतिवादीहरुबिच शारिरीक सम्पर्क रहेको भन्ने स्पष्ट प्रमाण रहेको देखिएन। यद्यपि यस्तो प्रमाण पाउनु दुरुह नै हुन्छ।

२०. बादीदावी पुष्टिका लागि पेश भएको अर्को प्रमाण प्रतिवादीहरुबिच भएको टेलिफोन कल रहेको छ। मिसिल संलग्न कागजातबाट प्रतिवादीहरुबिच पटकपटक गरी १२३ चोटीसम्म मोबाइल टेलिफोनमा कुराकानी भएको देखिन्छ। पत्नी र अर्को व्यक्तिबिच भएको धेरैपटक टेलिफोन कलबाट निसन्देह रुपमा पतिलाई चिन्तित तुल्याउने कुरा स्वभाविक नै हुन्छ। टेलिफोनमा के कुराकानी भएको हो भन्ने खुल्दैन। टेलिफोनबाट भएको कुराकानीलाई प्रतिवादीहरुको आचरणको रुपमा लिन सकिन्छ। तर सोलाई आत्महत्याको दुरुत्साहन वा परिस्थिति मान्नको लागि प्रतिवादीहरुको अन्य आचरण के कस्तो छ भन्ने पनि हेरिनुपर्छ। अनुसन्धानकै बयानलाई आधार लिँदा पनि घरबाट विहान कार्यालय हिड्नुअघि पतिलाई दही च्यूरा खाएर जानु भनी दही च्युरा खुवाएर पठाउने पत्नीको कार्यलाई प्रतिवादी दीक्षा र मृतकबिचको सम्बन्ध अन्यथा भन्न सकिएन। मृतकले आत्महत्या गर्नुअघि छोरा र पत्नीसँग टेलिफोनमा राम्रोसँग बस्नु भनी भनेका छन्। दीक्षाको मोबाइलबाट मृतक गोली हानी ढलेपछि पनि कल आइरहेको देखिन्छ। अन्यथा सम्बन्ध रहेको अवस्थामा पति ढलिसकेपछि पनि कल आइरहने कुरा स्वभाविक हुने देखिँदैन।

२१. मर्नुअघि मृतक र अर्को व्यक्तिबिच कुराकानी भएको र सो कुराकानीमा मृतकले रिसाएर अपशब्द प्रयोग गरी बोलेको भनी कागज गर्ने व्यक्ति काजीबाबु बस्नेतले भनेका छन्। विशाल मोक्तानलाई आफ्नी पत्नी र छोरालाई हेरविचार गरिदिनु म मर्छु भनी भनेको र विशालले दाई म भोलि आँउछु कुराकानी गरौंला भन्ने कार्यबाट प्रतिवादीले मृतकलाई मर्न अग्रसर गर्ने वा उक्साउने वा अभिप्रेरित गरेको कार्य भन्न सकिएन। पतिपत्नीको सम्बन्ध असमन्जसयुक्त हुँदा त्यसका निराकरणका विभिन्न कानुनी उपायहरु पनि रहेका छन्। मृतक आफै प्रहरी हुन्। निजले त्यस्ता उपायहरु अवलम्बन गरेको भन्ने कुरा खुल्दैन। टेलिफोनमा मृतकले अर्को व्यक्तिलाई धम्की दिएको सुनेकी भनी अनुसन्धानमा कागज गर्ने व्यक्तिले बताएका छन्। यसबाट मृतक पारिवारिक सम्बन्धको कारणले चिन्तित र दबाबमा रहे तापनि त्यतिकै कार्यबाट मात्र आत्महत्या गरी हाल्नुपर्ने निर्विकल्प उपाय भन्ने देखिँदैन।

२२. पत्नीले अदालतमा बयान गर्दा कुनै पनि पत्नीले अर्को व्यक्तिसँग सम्बन्ध राखी आफ्नो पति मरोस् भन्ने कुरा नचाहने भनी भनेकी छिन र कसुरमा पूर्णतः इन्कार रहेकी छिन्। यस अवस्थामा पतीलाई आत्महत्या गर्न उक्साउने वा अभिप्रेरणा हुने कार्य गरेको भन्न सकिएन।

२३. आत्महत्या गर्ने परिस्थिति खडा भएको नभएको तर्फ हेर्दा लामो समयसम्म पतिपत्नीबिच बोलचाल नभएको; पत्नीले छोरालाई हेरविचार नगरेको वा घरमा नबसेको भन्ने कुरा मिसिलबाट देखिँदैन। बिहानसम्म मृतक, पत्नी र छोरासँगै घरमै रहेका छन्। बिहान दही च्यूरा खाएर घरबाट कार्यालय हिँडेका पतिलाई पत्नीले आत्महत्या गर्न उक्साउने वा अभिप्रेरित गर्ने दिनभरिमा के त्यस्तो कार्य गरिन् भन्ने कुरा मिसिलबाट खुल्दैन। मृत्युवरण गर्न खोज्दाखोज्दै मृत्युको बाटो नरोज्न फोन गर्ने

पत्नीको कार्यलाई पनि सो परिस्थिति खडा गरेको भन्न सकिएन। त्यसैगरी अर्को व्यक्तिलाई फोन गर्दा आफू भोलिपल्ट मृतकलाई भेटन आउछु भन्ने कार्यलाई पनि सो परिस्थिति खडा गर्ने कार्य भन्न सकिएन।

२४. प्रतिवादी विशाल मोक्तानले अनुसन्धानमा बयान गर्दा मृतकले नै आफूलाई धम्की दिएको भनेका छन् र प्रतिवादी दीक्षाले दिउँसो आफूलाई फोन गरी विशाल मोक्तानसँग जा भनेका र साँझ छोरालाई फोन गरी म मर्छु राम्ररी गरी खावो भनी पेस्तोल पडकाएको भनी र आफूले त्यसो नगर्नु भनी तत्काल फोन गरी नै रहेको भनी बयान गरेको छन्। अनुसन्धानको बयानलाई मान्दा मृतकले नै प्रतिवादी विशाल मोक्तानलाई धम्की दिएको देखिन्छ। कागज गर्ने काजीबाबु बस्नेतको मृतकले रिसाएर कुरा गरेको भन्ने कागजबाट सो कुरा पुष्टि नै हुन्छ। यसबाट निजको कार्यलाई दुरुत्साहन भन्न सकिएन।

२५. यस अवस्थामा प्रतिवादीहरुले मृतकलाई आत्महत्या गर्न, अग्रसर गराउन, उक्साउन वा अभिप्रेरित गरेको र आत्महत्या गर्न परिस्थिति खडा गरेको भन्ने अभियोग दावी पुष्टि हुन सक्ने आधार/प्रमाण देखिएनन्। तसर्थ प्रतिवादीहरुले मृतकलाई आत्महत्या गर्न उक्साएको प्रत्यक्ष कार्य वा अग्रसर हुने कार्य गरेको र आत्महत्या गर्ने परिस्थिति खडा गर्ने कार्य गरेको कुरा पुष्टि नभएकोले अभियोग दावी पुग्न सक्दैन। प्रतिवादीहरुले सफाई पाउने ठहर्छ। सो ठहर्नाले अरुमा तपसिलबमोजिम हुने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ बमोजिम फैसला गरिदिएको छ।

तपसिल

- माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी दीक्षा भन्ने अम्बिका देवी बस्नेत तथा विशाल मोक्तानले अभियोग मागदावीबाट सफाइ पाउने ठहरी फैसला भएकोले केही गरिरहनु परेन.....१
- निज प्रतिवादी दीक्षा भन्ने अम्बिका देवी बस्नेतले धरौटी र.न. ३४०५ मिति २०७७।०४।१८ मा राखेको धरौटी रु.१,००,०००।- तथा प्रतिवादी विशाल मोक्तानले धरौटी र.न. ३४०७ मिति २०७७।०४।१८ मा राखेको धरौटी रु.१,२५,०००।- प्रस्तुत मुद्दा अन्तिम भएपछि फिर्ता पाऊँ भनी निवेदन दिए कानुनबमोजिम फिर्ता दिनु.....२
- यस अदालतको इन्साफमा चित्त नबुझे मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १३४(१) का म्याद ७० दिनभित्र श्री उच्च अदालत विराटनगरमा पुनरावेदन गर्नु भनी फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकिल कार्यालय सुनसरीलाई उक्त संहिताको दफा १३२(४) बमोजिम फैसलाको जानकारी दिनु.....३
- सरोकारवालाले फैसलाको नक्कल मागे नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु.....४
- प्रस्तुत फैसलाको विद्युत्तीय प्रति अपलोड गरी फैसलाको पीठमा निस्सा राखी मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा पठाई दिनु ५

.....

न्यायाधीश

<u>फैसला तयार पार्न सहयोग</u>

फाँटवाला ना.सु. रमेश भट्टराई

फाँट नं. १

कम्प्युटर टाईप गर्नेः- दिपेश सुन्दास

सजाय निर्धारण मितिः-२०७८।०४।२४

प्रमाणीकरण मिति २०७८।०५।०१

श्री

भोजपुर जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री गेहेन्द्रराज पन्त

फैसला

सम्वत् २०७६ सालको मु.नं.:-०७६-C१-००१३

रजिष्ट्रेशन नम्वरः-२४-०७६-००४३

दायरी मितिः-२०७६/०५/१३

निर्णय नं.:-७

मुद्दा :- ज्यान सम्बन्धी कसुर (दुरुत्साहन)।

<u>वादीको नाम थर वतन</u>

जिल्ला भोजपुर, अरुण गाँउपालिका वडा नं.४, चरम्बी बस्ने बर्ष ४५ को हर्कराज राईको जाहेरीले नेपाल सरकार.....१

<u>साक्षीः-</u>

हर्कराज राई.....१

मिलन राई.....१

रुद्रबहादुर राई.....१

भोजनकुमार राई.....१

लक्ष्मी राई.....१

कुमारी राई.....१

रानीमाया राई.....१

<u>कागजः-</u>×

<u>प्रतिवादीको नाम थर वतन</u>

भोजपुर जिल्ला, अरुण गाँउपालिका वडा नं.२, सोऱ्याङ्ग बस्ने भद्रमान राईको नाति, बालजित राईको छोरा बर्ष २१ को ललित राई.....१

<u>साक्षीः-</u>

जितेन राई.....१

लक्ष्मण राई.....१

पुष्पा राई.....१

<u>कागजः-</u>×

अदालतबाट बुझेको

साक्षी

×

कागज

×

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा हाल प्रचलित मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छः

तथ्य खण्ड

मृतक सदिक्षा राई मेरी सहोदर श्रीमती हुन्, हाम्रो सम्बन्धबाट एक छोराको जन्म भएको छ। मिति २०७६/०३/३० गते म तथा मेरी श्रीमती सदिक्षा राई ससुराली घर गई सो को भोलिपल्ट ऐ.३१ गते श्रीमतीलाई माइती मै छाडी म घर फर्की आए। यस्तैमा मिति २०७६/०४/०५ गते बिहान अं.०८:४५ बजेको समयमा मेरी श्रीमतीले आफ्नो माइती घरको बरण्डामा बिच तल्लाको कोठामा भएको काठको दलिनमा कपडाको पासो घाँटीमा लगाई झुन्डी आत्महत्या गरेकी हुँदा कानुनबमोजिम गरिपाउँ साथै मेरी श्रीमतीलाई कर्तव्य गरी मारे मराएको वा झुन्डी आत्महत्या गरी मर्नेसम्मको दुरुत्साहन दिन वा परिस्थितिसमेत खडा गराई दिएको भन्ने कुरा कहिँ कतैबाट खुल्न आएमा कानुनबमोजिम गरिपाउँ **भन्ने समेत व्यहोराको मृतकको श्रीमान मिलन राईले दिएको मिति २०७६/०४/०६ गतेको जाहेरी दरखास्त।**

मेरी छोरी सदिक्षा राई तथा ज्वाईँ मिलन राईसमेत मिति २०७६/०३/३० गते गाउँ कै आफन्तको छोरीको विवाहमा निम्तो मान्न आउनु भएकोमा सो को भोलिपल्ट ऐ. ३१ गते ज्वाईँ मिलन राईले छोरीलाई माइती घर छोडी जानु भएको र छोरी सदिक्षा राई घरमा नै नाबालक नातिसहित बसेकी थिइन्। मिति २०७६/०३/३१ गते प्रतिवादी ललित राईले मेरो ज्वाईँ मिलन राईलाई चम्पे बजारमा भेटी तँ मोबाइल चोरको बुढी होस्, के फुर्ति गर्छस् भनी सार्वजनिक ठाउँमा धाकधम्कीसहित गालमुखालसमेत गरेकोमा निज ज्वाईँले छोरी सदिक्षालाई फोनमार्फत ललित राईले तिमीलाई मोबाइल चोरेको भनी भनिरहेको छ, मेरो समेत बेइज्जत गरिरहेको छ भनी सुनाएपछि छोरीले मैले त्यस्तो निच नैतिकपतन हुने खालको गतिविधि गरेको छैन भनी भनेकी थिइन्। सोही दिन अं. ११:३० बजेको समयमा मृतक सदिक्षा राईको घरमै गई प्रतिवादीले घरको थाम तथा झ्यालहरु खुकुरीले काटी डर, धाकधम्कीसमेत दिएकोमा आफूउपर हुँदै नभएको घटनालाई लिई आधारहीन कुरा उठाई मृतक सदिक्षा राईको चरित्र हत्या गर्ने, गम्भीर रुपमा मानसिक तनाव पुऱ्याई सिधासाधा महिलाको दिमागमा चरम तनाव दिई समाजमा सम्मानजनक र सुरक्षित तवरले बाँच्न पाउने मौलिक अधिकारलाई नै प्रतिवादीले ठाडो चुनौती दिई धाकधम्कीसमेत दिई दिनरात तनाव दिन थालेपछि मृतक सदिक्षा राई मिति २०७६/०४/०५ गते बिहान अं. ०८:४५ बजेको हाम्रो घर निजको माइती घरमा कोही नभएको अवस्थामा झुन्डी आत्महत्या गरेको हो। निज छोरी तथा ज्वाईँ मिलन राईसमेतलाई प्रतिवादी ललित राईले मोबाइल फोन चोरी गरेको भन्ने आरोप लगाई धाकधम्कीसमेत दिएकोमा गम्भीर मानसिक तनाव दिई झुन्डिन बाध्य बनाई (दुरुत्साहन) गरेकोमा मेरी छोरीले सोही कुराको पिर चिन्ता लिई सुसाइड नोटसमेत लेखी झुन्डी आत्महत्या गरेकी हुँदा मेरी छोरी सदिक्षा राईलाई मर्न बाध्यकारी अवस्थामा पुऱ्याउने प्रतिवादी ललित राईलाई पक्राउ गरी कानुनबमोजिम गरिपाउँ **भन्ने समेत व्यहोराको मृतकको बुवा हर्कराज राईको मिति २०७६/०४/२० गतेको किटानी जाहेरी दरखास्त।**

जिल्ला भोजपुर, अरुण गाउँपालिका वडा नं.४ स्थित पूर्वमा पदम बहादुर राईको खेतबारी, पश्चिममा लोक बहादुर राईको खाली घर जग्गा, उत्तरमा पदम बहादुर राईको खेतबारी, दक्षिणमा जाल्पा आधारभूत विद्यालय यति चार किल्लाभित्र रहेको पदम बहादुर राईको ढुंगा र माटोको गारो, टिनले छाना भएको ३ तल्ले कच्ची घर रहेको, सोही घरमा निज पदम बहादुर राईको नातिनी मिलन राईकी श्रीमती मृतक सदिक्षा राईले मिति २०७६/०३/३० गते माइती घर आई बसेकीमा मिति २०७६/०४/०५ गते अं. ०८:४५

बजेको समयमा घरको बिच तलाको वरण्डामा रहेको दक्षिण ढोका भएको काठको ढोकाको चुक्कुल लगाई कोठाको बलोमा सलको पासो घाँटीमा लगाई झुण्डिएको अवस्थामा लास रहेको, मृतक लासको घाटीमा अंग्रेजी अक्षर भि (V) आकारको डाम रहेको, दाँतले जिब्रो टोकिएको अवस्थामा रहेको मृतकको शरीरमा अन्य घाउ चोट नरहेको, मृतकले लेखी राखेको टिप्पणी २ पानाको कागज, निजले प्रयोग गरेको हस्तलिपी भएको अभ्यास शिक्षण पुस्तिका-१ र सामसुङ्ग ग्यालेक्सी J-5 Prime मोबाइल थान–१ समेत बरामद गरिएको **भन्ने समेत व्यहोराको मिति २०७६/०४/०५ गतेको घटनास्थल लास जाँच मुचुल्का।**

मृतक सदिक्षा राई मेरी श्रीमती हुन्, मेरी श्रीमती सदिक्षा राईले मेरो ठुलो बुवाको छोरा ललित राईको श्रीमती लक्ष्मी गुरुङ (राई) को मोबाइल हराएकोमा को-कस्ले मेरो श्रीमती र नानीको ओछ्यानमा राखी दिएकोमा सो कुरा मलाई निज ललित राईले मिति २०७६/०३/३१ गते चम्पे बजार गएको बेलामा तँ मोबाइल चोरको बुढा हो भनि भनेकोमा मैले सो कुरा आफ्नी श्रीमतीलाई समेत भनेको सुनाएको थिए। मेरी श्रीमतीले एउटा मोबाइल नानीको कपडामा छ, कसरी नानीको कपडामा पन्यो र श्रीमतीले लक्ष्मी दिदीले मलाई फसाउन नानीको कपडामा मोबाइल राखिदिएको हो भनि बताइन्। निज ललित राई सोही राति अं.११:३० बजेको समयमा मेरो घरमा आई नानाथरी गाली गरी खुकुरीले मेरो घरको झ्याल तथा थामहरुसमेत काटिदिएका हुन्। मेरो श्रीमतीसँग प्रायःजसो मोबाइलमा कुरा भइरहन्थ्यो र श्रीमतीले मैले मोबाइल चोरेको हैन भनि बताउने गर्थिन्, मलाई पटक-पटक ललित राईले सोही कुरा लिएर गालीगलौज गरेको कुरा मेरी श्रीमतीलाई सुनाएको कारण मेरी श्रीमतीले सुसाइड नोटसमेत लेखि मिति २०७६/०४/०५ गते बिहान अं.०८:४५ बजे माइती घरमा झुन्डी आत्महत्या गरेकी हुन्। मेरी श्रीमतीलाई बिना कारण ललित राईले चोरी आरोप लगाई मर्नेसम्मको अवस्था परिस्थिति खडा गरी आत्महत्या गर्न दुरुत्साहन गरेको हो, निज ललित राई कै कारणबाट मेरी श्रीमतीले झुन्डी आत्महत्या गरेको हुँदा निज ललित राईलाई कानुनबमोजिम गरिपाउँ **भन्ने समेत व्यहोराको मिलन राईको मिति २०७६/०४/२१ को घटना विवरण कागज।**

मृतक सदिक्षा राई मेरो देवरानी हुन्, २०७६ बैशाख महिनामा ललित राईको श्रीमती लक्ष्मी गुरुङ (राई) को सामसुङ्ग कम्पनीको मोबाइल हराएको थियो, उक्त मोबाइल खोजतलास गर्दा समेत फेला परेन। यस्तैमा २०७६/०२/२० गते बिहान म खाना बनाइरहेको अवस्थामा मेरी कान्छी बहिनी खुसी राईले म भएको ठाउँमा आई लक्ष्मी गुरुङ (राई) को चोरी भएको सामसुङ्ग मोबाइल सदिक्षा दिदीले राखेको रहेछ, मैले निजको ब्यागमा राखेको देखेको हुँ भनि बताएपछि म र बहिनीसमेत भई निज सदिक्षा राईलाई अरुको मोबाइल तिमीले राखेको हौं भने फिर्ता देउ भनि सम्झाएकोमा निज केही बोलिनन्। मिति २०७६/०३/३० गते देवरानी सदिक्षा राई र देवर मिलन राई सुसुरालीतर्फ गए, ऐ.३१ गते देवर मिलन राई ससुरालीबाट घर फर्की आए, बेलुकीको खाना खाई स-परिवार सुत्यौं। रातको अं. ११:३० बजेको समयमा ललित राई हाम्रो घरमा आई चोरहरुको सन्तानलाई नमारी छाडदिन भन्दै देवरलाई गालीगलौज गर्दै, म सुत्ने कोठाको ढोका, बेराहरु काटिदिई गएपछि देवर मिलनले म ससुरालीबाट फर्कदा मलाई बाटोमा पनि ललित राईले चोरको बुढो भनि धम्काएका थिए भनि बताउनु भएको थियो। मिति २०७६/०४/०५ गते बिहान अं.०८:३० बजेको समयमा सदिक्षा राईले आफ्नै माइती घरमा ललित राईले चोरीको आरोप लगाएकै कारण सुसाइड नोटसमेत लेखी झुन्डी आत्महत्या गरेकी हुन्। ललित

राईले पटक-पटक धाकधम्की दिएकोले मानसिक तनाव भई झुन्डिन बाध्य अवस्था बनाएको कारणबाट निज सदिक्षा राईले झुन्डी आत्महत्या गरेकोमा पुर्ण विश्वास लाग्छ, कानुनबमोजिम कारवाही हुनुपर्छ **भन्ने समेत व्यहोराको ममता राईको घटना विवरण कागज।**

मिति २०७६/०४/०५ गते बिहान अं.०८:३० बजेको समयमा घर नजिक चोकमा रहेको पसलमा गाउँका साथीहरुसँग गफ गरिरहेको अवस्थामा मामा हर्कराज राईको घरबाट मान्छेहरु रोए कराएको आवाज सुनि के भएको भनि म समेतका अन्य साथीहरु मामा हर्कराज राईको घरमा जाँदा मानिसहरुको भिडदेखि घरको बिच तल्लाको बरण्डामा रहेको कोठामा जाँदा कोठाको बलोमा सल कपडाको पासो लगाई झुन्डी मृत अवस्थामा बहिनी सदिक्षा राईको लास देखेको हुँ। बहिनी सदिक्षा राईले मर्नुपूर्व लेखेको सुसाइड नोटसमेत कोठाको टेबलमाथि फेला परी बरामद भएको हो। घटनाको सम्बन्धमा ज्वाइँमार्फत बुझ्दा बहिनीलाई आफ्नै जेठानी दिदी लक्ष्मी गुरुङ (राई) को सामसुङ्ग कम्पनीको J5 मोबाइल हराएकोमा उक्त मोबाइल चोरी गरेको आरोप निज लक्ष्मी गुरुङ (राई) का श्रीमान ललित राईसमेतले लगाई मिति २०७६/०३/३१ गते ज्वाइँसमेतसँग झै-झगडा, वादविवाद गरी सोही राति ज्वाइँको घरको झ्याल, ढोका र बारसमेतमा खुकुरीले काटी विवाद गरेको र सो कुरा ज्वाइँले बहिनी सदिक्षा राईलाई बताएको कारण मेरो बहिनीलाई मानसिक तनावमा परी, पिर चिन्ता मानी गाउँ समाजमा मुख देखाउन नसक्ने अवस्था खडा भई झुण्डिन बाध्यकारी अवस्था बनाएको कारणबाट बहिनी सदिक्षा राई झुन्डी आत्महत्या गरेकोमा मलाई पूर्ण विश्वास लाग्छ। निज ललित राईको कारणबाट मेरी बहिनीको ज्यान गएको हुँदा निजलाई कानुनबमोजिम कारवाही हुनुपर्छ **भन्ने व्यहोराको भोजन कुमार राईको २०७६/०४/२२ को घटना विवरण कागज।**

म सानैदेखि दिदी ममता राईको घरमा बस्दै पढदै आइरहेको छु। दिदीकै घरमा बस्ने भएकोले लक्ष्मी गुरुङ (राई) को मोबाइल हराएको कुरा थाहा पाएकी थिए, के कहिले हराएको थियो, थाहा भएन। एकदिन सदिक्षा दिदीले सुत्ने गरेको कोठामा रहेको ब्यागमा चाउचाउ छ लिएर आउनु भनेपछि मैले ब्यागमा भएको चाउचाउ निकाल्दा एउटा मोबाइल पनि ब्यागभित्र भएको देखेको हुँ। को कस्को थियो थाहा भएन, उक्त मोबाइल सदिक्षा दिदीको ब्यागमा रहेका कुरा मैले लक्ष्मी दिदीलाई सुनाए, उक्त मोबाइल लक्ष्मी दिदीको जस्तो लाग्यो। सोही मोबाइलको निहुँमा लक्ष्मी दिदीको बुढा र सदिक्षा दिदीको बुढा मिलन राईबिच असारको अन्तिमतिर मिलन भेना ससुरालीबाट फर्कदा झगडा भएको थियो। यस्तैमा श्रावण ५ गते सदिक्षा दिदी माइती घरमा झुण्डेर मरेको कुरा सुनी थाहा पाएको हुँ। ललित राई भेनाले गाली गरेको र चोरीको आरोप लगाएको कारण सदिक्षा दिदीले झुण्डेर आत्महत्या गर्नु भएको रहेछ भन्ने **समेतको व्यहोराको खुसी राईको मिति २०७६/०४/२७ को घटना विवरण कागज।**

२०७६ सालको वैशाख १० गते मेरी श्रीमती लक्ष्मी गुरुङ (राई) ले प्रयोग गर्ने गरेको सामसुङ्ग कम्पनीको गोल्डेन रंगको J-5 मोबाइल घरमा नै राखेको अवस्थामा चोरी भएकोमा हामीहरुले केही दिन हल्लाखल्ला गरी मोबाइल खोजतलास गर्‍यौं तर पत्ता नलागे पनि खोजी कार्य गरिरहेको अवस्थामा मिति २०७६/०४/२० गतेका दिन मेरो नाताले सोल्टिनी पर्ने खुशी राई मेरो घरमा आई सदिक्षा दिदीले लक्ष्मी दिदीको मोबाइल चोरी गरी ब्यागमा राखेको छ भनि बताएकोले मैले ठिकै छ, बच्चाको कुरा हो अरुभन्दा भाई मिलन राईसँग नै कुरा गर्छु भनि बसे। त्यसपछि भाई मिलन राईसँग मौका परिस्थिति मिलाई कुरा गर्छु भन्दाभन्दै भाई मिलन राई र बुहारी सदिक्षा (गुरुङ) राईसमेत मिति २०७६/०३/३० गते

ससुराली/माइती घरतर्फ आफन्तको विवाहमा गएकोले कुरा गर्न पाइन, आएपछि कुरा गरौला भनि बसेको थिए। मिति २०७६/०३/३१ गते बेलुकातिर चम्पे बजार गई मादक पदार्थ सेवन गरी बसिरहेको अवस्थामा मिलन राईलाई ससुरालीबाट घरतर्फ आइरहेको अवस्थामा भेट भएपछि रक्सीको नशाको सुरमा भाईलाई मैले तँ मोबाइल चोरको बुढा होस्, मलाई जसरी पनि आजै रातिसम्म मोबाइल चाहिन्छ भनि धाकधम्की दिई घरतिर आए। त्यसपछि के-के भयो मलाई थाहा भएन राति अवेरसम्म पनि मोबाइल नपाएपछि राति करिब ११:३० बजेको समयमा मिलन राईको घरमा गई मोबाइल चोरको सन्तान हो भनि धाकधम्की दिई सोही घरको ढोकामा सिउरी राखेको हसिया निकाली भन्याङको खुड्किलामा काटी घरतर्फ फर्की आई सुते। मिति २०७६/०४/०५ गते बिहान करिब ०८:३० बजेको समयमा घरमा नै बसिरहेको अवस्थामा भाई बुहारी सदिक्षा राईले झुन्डी आत्महत्या गरेकी हुन्, पछि बुझ्दा मैले भाई मिलन राईलाई मोबाइल चोरको श्रीमानसमेत भनि गालीगलौज गरी धाकधम्की दिई घरमा गई हो-हल्ला मच्चाउने समेतको कार्य गरेको कुरा भाई मिलन राईले आफ्नी श्रीमती सदिक्षा राईलाई फोनबाट सुनाएको कारण बुहारी सदिक्षा राई मेरो कुराबाट गम्भीर मानसिक तनावमा परी, गाउँसमाजमा मुख देखाएर हिड्न सक्ने अवस्थामा नभई पिर चिन्ता लिई, ईज्जत प्रतिष्ठामा आँच पुऱ्याएको कारण सुसाइड नोटसमेत मेरो नाम लेखी झुन्डिन बाध्यकारी अवस्थामा पुगी झुन्डी आत्महत्या गरेकी हुन्। निजलाई मैले चोरीको आरोप लगाई मानसिक तनाव दिई आत्महत्याको लागि दुरुत्साहन गरेकोले कानुनबमोजिम हुने सजाय भोग्न तयार छु **भन्ने समेत व्यहोराको ललित राईले अनुसन्धान अधिकारीसमक्ष मिति २०७६/०४/२७ मा गरेको बयान।**

मिति २०७६/०३/३० गते गाउँमै छिमेकी दाजुको छोरीको विवाह भएकोले छोरी सदिक्षा राई र ज्वाइँ मिलन राईसमेत विवाहको निम्तो मान्नको लागि आएका थिए। सोको भोलिपल्ट ऐ.३१ गते ज्वाइँ मिलन राईले छोरी सदिक्षा राई तथा नावालक नातिलाई केही दिनको लागि हाम्रो घरमा नै छोडी घर फर्की जानुभयो। ज्वाइँ गएको १/२ दिनपछि छोरी सदिक्षा राई मोबाइल फोनमा ज्वाइँसँग कुरा गरी मैले मोबाइल चोरेको छैन, यो कुरा गलत हो भनी कुरा गरेको सुनेको थिए हामीले के भएको भनि भतिजी छोरी सदिक्षा राईलाई सोध्दा केही भएको छैन, घरायसी कुरा हो भनेकीले घरायसी कुरा नै होला भनि त्यति वास्ता गरेनौ। मिति २०७६/०४/०५ गते बिहान घरको अन्य सदस्यहरु घरबाहिर तिर गएका थिए, घरमा म, बृद्ध ससुरा पदम बहादुर राई र भतिजी छोरी सदिक्षा राई मात्र थियौं। घरको मुनि तल्लामा हामीहरु बसी सदिक्षा राईको नाबालक छोरा नातिलाई खेलाउँदै बसिराखेका थियौं। बिहान करिब ०८:४५ बजेको समयमा छोरी सदिक्षा राई घरको माथिल्लो तल्लामा गइन् केही समयपछि नाति रुन थालेपछि मैले सदिक्षालाई बोलाउँदा बोलिनन्, केही समयपछि के गर्न थाल्यो भनि सोची घरको बिच तल्लाको बरन्डामा रहेको अगाडिपट्टिको कोठामा जाँदा कोठाभित्रबाट बन्द थियो। बाहिरबाट आवाज गरी बोलाउँदासमेत नबोलेपछि के हो भनि कोठाको ढोकामा रहेको काठाको चेपबाट कोठाभित्र हेर्दा छोरी सदिक्षा राई कोठाभित्र रहेको काठको बलोमा सल कपडा घाटीमा बाँधी झुण्डिएको अवस्थामा देखि आत्तिदै हल्लाखल्ला गरी उक्त कोठाको सानो झ्यालबाट कोठाभित्र प्रवेश गरी हेर्दा छोरीको मृत्यु भइसकेको अवस्थामा देखि वरपरको आफन्तहरु र प्रहरीसमेतमा खबर गरेको हो। मृतक छोरीले मर्नुपुर्व मैले चोरी गरेको छैन, निर्दोष छु भन्ने समेतको व्यहोरा उल्लेख भएको चिठ्ठीसमेत फेला परेको छ। मेरी भतिजी छोरी सदिक्षा राईलाई

विपक्षी ललित राईले मोबाइल चोरी गरेको आरोप लगाई ज्वाइँसमेतसँग झै-झगडा, वादविवाद गरी ज्वाइँको घरको झ्याल, ढोका र बारसमेतमा खुकुरीले काटी विवाद गरेको र सो कुरा ज्वाइँले छोरी सदिक्षा राईलाई बताएको कारण मेरो भतिजी छोरीले आफूले गर्दै नगरेको आरोप सहन खप्न नसकि मानसिक तनावमा परी, पिर चिन्ता मानी गाउँसमाजमा मुख देखाउन नसक्ने अवस्थामा पुऱ्याई झुण्डिन बाध्यकारी अवस्था बनाएबाट झुन्डी आत्महत्या गरेको हो। निज ललित राईको कारणबाट मेरी भतिजी छोरीको ज्यान गएको हुँदा निजलाई कानुनबमोजिम कारवाही हुनुपर्छ **भन्ने समेत व्यहोराको कुमारी राईको मिति २०७६/०५/०३ गतेको घटना विवरण कागज।**

प्रतिवादी ललित राई मेरो आफ्नै श्रीमान हुन्, मिलन राई काका ससुराको छोरा देवर हुन् र मृतक सदिक्षा राई मिलन राईकी श्रीमती नाताकी देवरानी हुन्। मेरो बुवाले विदेशबाट आउँदा मलाई गोल्डेन रंगको सामसुङ्ग कम्पनीको J-5 मोबाइल ल्याइदिनुभएकोमा उक्त मोबाइल २०७६ सालको बैशाख महिनाको १० गते बिहानपख मोबाइल कोठामा चार्जमा राखेको अवस्थामा चोरी भएको हराएकोले खोजतलास गर्दा समेत फेला नपरेकोले त्यसपछि हामीहरु गोप्य रुपमा मोबाइलको बारेमा बुझ्ने काम गरिरहेका थियौं। मिति २०७६/०४/२० गते मृतक सदिक्षा राईको जेठानी दिदी ममता राईको बहिनी खुसी राई हाम्रो घरमा आई चोरी भएको मोबाइल सदिक्षा राईले व्यागमा राखेको छ भनि बताएपछि हामी अचम्ममा पऱ्यौं। मिति २०७६/०४/३० र ऐ.३१ गते सोही विषयमा मेरो श्रीमान तथा देवर मिलन राईबिच झै-झगडा विवादसमेत भएको हो। यस्तैमा मिति २०७६/०४/०५ गते बिहान ०८:३० बजेको समयमा सदिक्षा राईले आफ्नै माइती घरमा सुसाइड नोटसमेत लेखी झुन्डी आत्महत्या गरेकी हुन् भनि निज सदिक्षा राईको बुवा हर्कराज राईले मेरो श्रीमान ललित राईले निज सदिक्षा राई र निजको श्रीमानसमेतलाई मोबाइल फोन चोरी गरेको भन्ने आरोप लगाई, धाकधम्की दिएबाट सदिक्षा राई गम्भीर मानसिक तनावमा परी झुण्डिन बाध्य बनाई, आत्महत्याको (दुरुत्साहन) गरेको भनि मेरो श्रीमानलाई ज्यानसम्बन्धी कसुर (दुरुत्साहन) मा मेरो श्रीमान ललित राईलाई पक्राउ गरेको हो। मेरो श्रीमानले निज सदिक्षा राई र मिलन राईसमेतलाई मोबाइल चोरेको गम्भीर आरोप दोष लगाई धाकधम्कीसमेत दिएको कारण मानसिक रुपमा पिर चिन्ता मानी निज सदिक्षा राईले माइती घरमा झुन्डी आत्याहत्या गरेकी रहेछिन् **भन्ने समेत व्यहोराको लक्ष्मी गुरुङ (राई) को मिति २०७६/०५/०३ गतेको घटना विवरण कागज।**

मिति २०७६/०४/०५ गते अं.०८:४५ बजेको समयमा जाहेरवाला हर्कराज राईकि छोरी सदिक्षा राईले आफ्नै माइती घरमा बिच तल्लाको लाछी वरण्डाको कोठाभित्रको झ्याल ढोकाको चुकुल भित्रबाट लगाई सल कपडाको पासो दलिन काठमा लगाई घाटीमा बाँधी झुन्डी आत्महत्या गरेको कोठाको बाहिर चेपबाट च्याउदा देखेको हुँ। मृतक सदिक्षा राईको जेठाजु नाता पर्ने ललित राईले निजको श्रीमती लक्ष्मी गुरुङ (राई) को मोबाइल चोरीको आरोप सदिक्षा राईलाई लगाई विभिन्न गालीगलौज गरी सदिक्षाको श्रीमान मिलन राईसमेतलाई तँ चोरको बुढा होस् भन्दै घरमा गई झ्याल, ढोकासमेत तोडफोड गरेको कुरा सदिक्षाले सुनी थाहा पाएको र यसरी मानसिक तनाव दिई चोरीको आरोप लगाई समाजमा हिड्नसम्म नपाउने गरी बेइज्जत गरेकोले सदिक्षा राईलाई मर्नसम्मको बाध्यकारी परिस्थिति खडा गरी, आत्महत्या गर्नेसम्मको अवस्था श्रृजना गरी आत्महत्याको दुरुत्साहन गरेकोले निज ललित राईलाई कानुनबमोजिम

कारवाही हुनुपर्छ भन्ने **समेत व्यहोराको लक्ष्मी राई, रुद्र बहादुर राई, रानीमाया राईसमेतले मिति २०७६/०५/०३ गते खुलाई लेखाई दिएको बस्तुस्थिति मुचुल्का।**

मिति २०७६/०४/०५ गते बिहान अं.०८:४५ बजेको समयमा मेरी श्रीमतीले आफ्नो माइती घरको बरण्डाको बिच तल्लाको कोठामा भएको काठको दलिनमा कपडाको पासो घाँटीमा लगाई झुन्डी आत्महत्या गरेकी हुँदा कानुनबमोजिम गरिपाउँ साथै मेरी श्रीमतीलाई कर्तव्य गरी मारे मराएको वा झुन्डी आत्महत्या गरी मर्नेसम्मको दुरुत्साहन दिन वा परिस्थितिसमेत खडा गराइदिएको भन्ने कुरा कहि कतैबाट खुल्न आएमा कानुनबमोजिम गरिपाउँ भनी मृतकको श्रीमान मिलन राईले दिएको जाहेरी र मेरो छोरी सदिक्षा राईलाई प्रतिवादी ललित राईले मोवाइल चोरेको आरोप लगाई समाजमा मानमर्दन हुने गरी चरित्र हत्या गरेको तथा प्रतिवादी छोरीको घरमा गई घरको थाम झ्यालहरु खुकुरीले काटी धाकधम्कीसमेत दिएको हुँदा मृतकले मिति २०७६/४/५ गते माइती घरको माथिल्लो तला कोठामा गई निज प्रतिवादीले दिएको मानसिक तनावको कारण सुसाइड नोट लेखि घाँटीमा पासो लगाई झुन्डी मरेकी हुँदा प्रतिवादी ललित राईलाई कारवाही गरिपाउँ भनी २०७६/०४/२० गते जाहेरी दिएको हुँदा प्रतिवादी ललित राईले मृतक सदिक्षा राईलाई आत्महत्या गर्ने दुरुत्साहन गरेको देखिँदा मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिमको कसुर अपराधमा ऐ.ऐ. को दफा १८५(२) बमोजिम सजाय गरी ऐ.ऐनको दफा १८६ बमोजिम पीडित व्यक्तिलाई प्रतिवादी ललित राईबाट मनासिव क्षतिपूर्तिसमेत दिलाई भराइपाउँ **भन्ने मागदावी लिई जिल्ला सरकारी वकिल कार्यालय भोजपुरबाट यस अदालतमा मिति २०७६/०५/१३ मा दायर भएको अभियोग।**

जाहेरी वेहोराबमोजिम मैले मृतक सदिक्षा राईलाई मोबाइल चोरेको विषयमा मानसिक टर्चर दिई आत्महत्या गर्न बाध्य बनाएको होइन। मिति २०७६/०३/३१ गते मृतकको घरमा गई घरको थाम तथा झ्यालहरु खुकुरीले काटी डर धाकधम्की दिएको भन्ने व्यहोरा झुठो हो। उक्त मितिमा म चम्पे बजारमा गएको थिइन् र निज मृतकको घरमा पनि गएको होइन। सो दिन आफ्नै घरमा बसेको थिए। मोबाइल चोरीको विषयमा मिलन राईलाई धाकधम्की र बेइज्जती गरेको पनि होइन। मिलन राई मेरो आफ्नै काकाको छोरा नातामा भाई पर्छ, निज भाईसँग मेरो कहिलै मनमुटाव भएको थिएन। मिलन र म लगभग १ बर्षअगाडिदेखि नै एउटै कोठामा इटहरीमा बसी कोरियन भाषा पढ्दै आइरहेकोमा मेरो श्रीमती लक्ष्मी राई (गुरुङ) ले मलाई बैशाख महिनामा मोबाइल हरायो भनी फोनमार्फत सुनाएको हुँदा केही दिनपछि मोबाइल मृतकको घरमा फेला पऱ्यो भनी मृतककै घरबाट मृतकको जेठानीको बहिनीमार्फत मेरो श्रीमतीलाई जानकारी आएको रहेछ तर सो विषयलाई मैले खासै गम्भीरताले लिएको थिएन। मैले मृतकलाई मोबाइल चोरी गरेको विषयमा आत्महत्या गर्न बाध्य पारेको होइन **भन्ने समेत व्यहोराको प्रतिवादी ललित राईले मिति २०७६/०५/१५ मा यस अदालतमा गरेको बयान।**

तत्काल प्राप्त प्रमाणहरुबाट यी प्रतिवादी निर्दोष रहेछन् भन्न सकिने अवस्था नदेखिई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१)(ख) बमोजिमको अवस्था विद्यमान रहेको देखिएकोले पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई यी प्रतिवादी ललित राईलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४७ को दफा ७९ बमोजिम यो आदेश गरिदिएको छ। अभियोगपत्र साथ दशीको रुपमा पेश भएको सामसुङ कम्पनीको J5 मोबाइल जिन्सीमा आम्दानी बाँध्नु, मृतकले लेखेको सुसाइड नोट,

हस्तलिखित अभ्यास पुस्तिका र टिपेक्स परीक्षणको लागि पठाइएको हुँदा सोको रिपोर्ट प्राप्त भएपछि पठाइने भनी अभियोगपत्रमा उल्लेख भएको देखिँदा मृतकले लेखेको सुसाइड नोट, हस्तलिखित अभ्यास पुस्तिका र टिपेक्सको परीक्षण रिपोर्ट यथाशीघ्र पठाइदिनु भनी जिल्ला सरकारी वकिल कार्यालय भोजपुरमा लेखि पठाउनु, अभियोगपत्रको प्रमाण खण्डमा उल्लिखित जाहेरवालालगायत मौकामा घटना विवरण कागज गर्ने र बस्तुस्थिति मुचुल्का कागज गर्ने मानिसहरुलाई बकपत्र गराउनको निम्ति जिल्ला सरकारी वकिल कार्यालय भोजपुरमार्फत यस अदालतमा उपस्थित गराइदिनु भनी मिति किटान गरी जिल्ला प्रहरी कार्यालय भोजपुरमा लेखि पठाई प्रतिवादीले बयानमा लेखाएका साक्षीहरुलाई समेत सोही मिति मिलान हुने गरी प्रतिवादीहरुमार्फत उपस्थित गराई वादी र प्रतिवादीहरुका साक्षीहरुको बकपत्र गराउनु **भनी यस अदालतबाट मिति २०७६/०५/१५ मा भएको थुनछेक आदेश।**

मृतक सदिक्षा राईले मैले मोबाइल चोरेको होइन, बच्चाको थाङ्नामा बेरिएर मोबाइल आएको हो भनी भन्दा पनि मोबाइल चोरीको आरोप प्रतिवादी ललित राईले लगाएको र घरमै आई झै-झगडा गरी खुकुरीले थाम, ढोका, टिन, चामलको धोक्रो काटेको तथा खुकुरीले मृतकलाई कुट्न, काट्न छोपेको हुँदा समाजमा वेइज्जती हुने पीडा डर खप्न नसकेर मृतकले आत्महत्या गरेकी हुन् र सो कुरा मलाई मृतकले प्रतिवादीले मृतकलाई नै मोबाइल चोरी गरेको आरोप लगाएको हो भनी सुनाई थाहा पाएको हो **भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने कुमारी राईले यस अदालतमा मिति २०७६/०७/१७ मा गरेको बकपत्र।**

मृतक समिक्षा राईलाई निजको जेठानीले मोबाइल चोरेको आरोप लगाएकोले सो आरोप सहन नसकी मृतकले आत्महत्या गरेकी हुन्। उक्त मोबाइल हराएको मितिले करिव २,३ महिनापछि मृतकको झोलामा कसले राखिदिएको हो थाहा भएन। मृतकको झोलामा हराएको मोबाइल भेटिएपछि मृतकको जेठानीले मृतकलाई मोबाइल चोरेको भनी आरोप लगाएको हुन्। मोबाइल चोरेको आरोप सहन नसकी मृतकले आत्महत्या गरेको बुझिन्छ। प्रतिवादीले मृतकको श्रीमानलाई र मृतकको श्रीमानले निजको मृतक श्रीमतीलाई र हामीलाई धाकधम्की दिई गाली बेइज्जत गरेको हो **भन्ने समेत वेहोराको बस्तुस्थिति मुचुल्काका रानीमाया राईले यस अदालतमा मिति २०७६/०७/१७ मा गरेको बकपत्र।**

मलाई मृतक मर्नुपर्ने कारण मृतकले लेखेको सुसाइड नोटमा सरी मैले त्यस्तो नगर्ने काम गरेको छैन मलाई झुठो आरोप लाग्यो यो आरोप सहेर बाँच्नुभन्दा मर्नु नै राम्रो भन्ने सुसाइड नोटमा लेखेर मरेको हुँदा मृतक समिक्षा राईले आफूले प्रतिवादी ललित राईले लगाएको झुठो आरोपको कारणले नै मृतक सदिक्षा राई झुन्डी आत्महत्या गर्न बाध्य भएकी हुन्। मृतकले लेखेको सुसाइड नोट मैले पनि पढेको हुँदा प्रतिवादीकै कारण मृतकले झुन्डी आत्महत्या गर्न बाध्य भएकी हुन् भनेको हो **भन्ने समेत व्यहोराको बस्तुस्थिति मुचुल्काका मानिस लक्ष्मी राईले यस अदालतमा मिति २०७६/०७/१७ मा गरेको बकपत्र।**

मृतक सदिक्षा राईले झुन्डी आत्महत्या गर्नु भन्दा ३ दिन अगाडि हराएको मोवाई मृतक मेरो घरमा पाहुना आउँदा खेरी सोही कुरालाई विपक्षी ललित राईले चोरीको कुरा उठाई मृतकको घरमा गई खुकुरीले झ्यालढोका काटि अहिले मेरो फोनले भनी चोरीको अवकाल लगाई चारित्रिक हत्या र समाजमा बस्नै नसक्ने गरी गालीबेइज्जत गरेको र धाकधम्की दिएको हुँदा मेरी छोरीले सुसाइड नोटमा मलाई जबरजस्ती मैले नगरेको कुरा सहन नसकेर आत्महत्या गरेको हो। निज प्रतिवादी ललित राईले दिनहुँ मृतक को घरमा गई झै-झगडा गरेको कुराहरु ज्वाई मिलन राईले आफ्नो श्रीमति मेरो छोरीलाई बरोबर फोन मार्फत

जानकारी गराएर थाहा पाएको हो **भन्ने समेत व्यहोराको जाहेरवाला हर्कराज राईले यस अदालतमा मिति २०७६/०७/१७ मा गरेको बकपत्र।**

मृतक सदिक्षा राईले आत्महत्या गर्नुको कारण चोरीको अभियोग लगाउनु हो। मैले मोबाइल चोरेको होइन मोबाइल नानीको थाङ्नामा झोलामा आएको रहेछ। यी मृतकलाई नियतबस कोही कसैले फसाउनको लागि मोबाइल राखिदिएको हो पछि मृतकलाई फोनमार्फत मानसिक तनाव दिएर आत्महत्या गर्न बाध्य पारेको हो। प्रतिवादी ललित राई मृतकको घरमा गई हतियार प्रयोग गरी झ्याल, ढोका काटी धाकधम्की दिएको हो भनी मिलन राईले सुनाई थाहा पाएको हो **भन्ने समेत व्यहोराको घटनाविवरण कागज गर्ने भोजनकुमार राईले मिति २०७६/०७/१८ मा यस अदालतमा गरेको बकपत्र।**

मृतक सदिक्षा राईलाई चोरीको आरोप लागेको हुनाले सदिक्षा राई मरेको हो। प्रतिवादीले मोबाइल हराएपछि मृतकको श्रीमानलाई धाकधम्की र गालीगलौज गरेको हो **भन्ने समेत व्यहोराको बस्तुस्थिति मुचुल्का कागज गर्ने रुद्रबहादुर राईले मिति २०७६/०७/१८ मा यस अदालतमा गरेको बकपत्र।**

मृतकलाई मोबाइल चोरीको आरोप प्रतिवादीले लगाएको हुँदा सोही कारणबाट मृतकले आत्महत्या गरेको हो। प्रतिवादीले मेरो श्रीमतीलाई मोबाइल चोरीको आरोप लगाएको, प्रतिवादी मेरो घरमा खुकुरी लिएर आई घरको लिस्नो बार काटेको हो। प्रतिवादीले मलाई तथा मृतकलाई बारम्बार गालीगलौज गरी मानसिक तनाव दिएको कारणबाट बाध्य भएर मृतक मरेको हो **भन्ने समेत व्यहोराको घटनाविवरण कागज गर्ने मिलन राईले यस अदालतमा मिति २०७६/०७/१८ मा गरेको बकपत्र।**

मृतक सदिक्षा राईलाई प्रतिवादी ललित राईले मोबाइल चोरीको आरोपमा गालीगलौज गर्दा धाकधम्की दिई झुन्डी आत्महत्या गर्न वाध्य पारेको होइन। मृतक सदिक्षा राईलाई निजको बुढाले नै मोबाइल चोरी गरेर लगेको रहेछ भनी फोनमा भनेको हुँदा फोनमा मृतक माइती घरमा गएको समयमा भनेकोले मृतकले मानसिक पीडा खप्न नसकेर मृतक स्वयम् ले आत्महत्या गरेको हो। यी प्रतिवादीले मिलन राईलाई धाकधम्की दिई गालीगलौज गरेको होइन। सदिक्षा राईको माइती घरमा बच्चाको थाङ्नामा मोबाइल भेटिएको हो भनी अन्यले देखेको हुँदा मृतकले आत्महत्या गरेकी हुन **भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी पुष्पा राईले मिति २०७६/०७/१८ मा यस अदालतमा गरेको बकपत्र।**

प्रतिवादी ललित राईले मिलाई राई र मृतक सदिक्षा राईलाई कुनै किसिमको चोरीको आरोप लगाई गालीगलौज गरेको होइन र निज मृतकको श्रीमान र आफ्नो माइती पक्षबाट हाम्रो ईज्जत गुमाईस भनेर दबाब दिएको र गाली गरेको कारणले र मृतकले आफ्नो लाज पचाउन नसकेर आत्महत्या गरेकी हुन। प्रतिवादी ललित राई मिलन राईको घरमा गई झ्याल, ढोका, थाम काटि धाकधम्की समेत दिई गालीगलौज गरेको कुरा झुठो हो **भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी लक्ष्मण राईले यस अदालतमा मिति २०७६/०७/१८ मा गरेको बकपत्र।**

प्रतिवादी ललित राईले मृतक सदिक्षा राई र निजको पतिलाई मोबाइल चोरेको आरोप लगाएको होइन। मृतकलाई निजको पतिले तैले मोबाइल किन चोरीस भनी दवाव दिएको र मृतकको माइती पक्षले समेत मृतकलाई तैले मोबाइल चोरेर हाम्रो ईज्जत फाल्ने भनी दवाव दिएको हुँदा उक्त दवाव सहन नसकेर मृतकले सुसाइड नोट लेखेर आत्महत्या गरेकी हुन। प्रतिवादी ललित राईले मिलन राईलाई चोरीको

बिषयमा आरोप लगाई धाकधम्की दिई निजको घरको झ्याल, ढोका, थाम काटेको होइन **भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी जितेन राईले यस अदालतमा मिति २०७६/०७/१८ मा गरेको बकपत्र।**
यस अदालतको मिति २०७६/०५/१५ गतेको आदेश बमोजिम मृतकले लेखेको सुसाइड नोट, हस्तलिखित अभ्यास पुस्तिका र टिपेक्सको परीक्षण प्रतिवेदन मिसिल संलग्न रहेको।

ठहर खण्ड

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान सहायक जिल्ला न्यायाधिबक्ता श्री प्रमोद भट्टराईले यी प्रतिवादी ललित राईले मृतक सदिक्षा राईलाई मोबाइल चोरी गरेको विषयमा आरोप लगाई सोही आरोपको कारण गाँउघर समाजमा बेइज्जत भई सो चोट खप्न नसकि आफ्नै माइती घरकोठाको दलिनमा पासो लगाई आत्महत्या गरेको हुँदा यी प्रतिवादी ललित राईलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) को कसुर अपराधमा निज प्रतिवादीलाई ज्यान सम्बन्धी दुरुत्साहनमा कसुर कायम भई ऐ.ऐ. को दफा १८५(२) बमोजिम सजाय गरी मृतकको हकवालालाई उचित क्षतिपूर्ति समेत दिलाई भराई पाँउ भनी गर्नु भएको बहस सुनियो। प्रतिवादीको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री शालीकराम ढकालले यी मृतक सदिक्षा राईलाई मोबाइल चोरी गरेको आरोप लगाई सोही आरोप खप्न नसकि मृतकलाई आत्महत्या गर्ने सम्मको दुरुत्साहन गरे/गराएका होइन तथा यी मृतकलाई निजको श्रीमान मिलन राईले मोबाइल चोरी गरेको आरोपमा निजको श्रीमान,निज श्रीमानको परिवार तथा माइती घरका सदस्यहरुले समेत आरोप लगाएको तथा मोबाइल चोरी गरी गाँउघरमा समेत हाम्रो बेइज्जत गरीस भनी चोट पीडा टर्चर दिई सोही टर्चर खप्नु नसकि मृतकले आफै माइती घरमा आत्महत्या गरेको हुँदा यी प्रतिवादी ललित राईलाई सफाई हुनुपर्छ भनी गर्नु भएको वहससमेत सुनियो।
वादी नेपाल सरकारको तर्फबाट र प्रतिवादीको तर्फबाट भएको वहससमेत सुनी मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा प्रस्तुत अभियोगदावी बमोजिम प्रतिवादी ललित राईले मृतक सदिक्षा राईलाई मृत्युवरण गर्नु पर्ने अवस्था सम्मको सिर्जना गरी आत्महत्या दुरुत्साहन गरेको हो, होइन? नेपाल सरकारको अभियोग मागदावी पुग्छ, पुग्दैन? भन्ने विषयमा निर्णय दिनु पर्ने देखियो।
निर्णय तर्फ विचार गर्दा, यसमा मृतक सदिक्षा राईलाई मोबाइल चोरी गरेको विषयमा प्रतिवादी ललित राईले आरोप लगाएको हुँदा सोही आरोपमा गाँउ घर माईतीमा समेत बेइज्जती हुने डरले पीडा खप्न नसकि मृतकले आत्महत्या गरेको हुँदा यसरी प्रतिवादी ललित राईले मृतकलाई मोबाइल चोरी गरेको विषयमा अनावस्यक मानसिक टर्चर दिई सदिक्षा राईले मर्नेसम्मको परिस्थिति खडा गरी आत्महत्या गर्न दुरुत्साहन गरेकोले बाध्य भएर मृतकले मिति २०७६/०४/०५ माइती घरमा झुन्डी आत्महत्या गरेको हुँदा प्रतिवादी ललित राईलाई मुलकी अपराध संहिता, २०७४ दफा १८५(१) बमोजिमको कसुर अपराध मा ऐ.ऐ. को दफा १८५(२) बमोजिम प्रतिवादीलाई सजाय गरी मृतकको हकवालालाई क्षतिपूर्ति समेत दिलाई भराई पाँउ भनी अभियोगपत्र दायर भएको देखियो।
निज प्रतिवादी ललित राईले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा मैले भाई मिलन राईलाई मोबाइल चोरको श्रीमान्समेत भनि गालीगलौज गरी धाकधम्की दिई घरमा गई हो-हल्ला मच्चाउनेसमेतको कार्य

गरेको कुरा भाई मिलन राईले आफ्नी श्रीमती सदिक्षा राईलाई फोनबाट सुनाएको कारण बुहारी सदिक्षा राई मेरो कुराबाट गम्भीर मानसिक तनावमा परी, सुसाइड नोटसमेत लेखी झुन्डिन बाध्यकारी अवस्थामा पुगि झुन्डी आत्महत्या गरेकी हुन्। निजलाई मैले चोरीको आरोप लगाई मानसिक तनाव दिई आत्महत्याको लागि दुरुत्साहन गरेकोले कानुनबमोजिम हुने सजाय भोग्न तयार छु भनी कसुर अपराधमा साबित भई बयान गरेको देखिन्छ भने प्रतिवादी ललित राईले यस अदालतमा बयान गर्दा मिति २०७६/०४/०६ गते मिलन राईले दिएको जाहेरी दरखास्त र मिति २०७६/०४/२० गते हर्कराज राईले दिएको किटानी जाहेरी दरखास्तको व्यहोरा एकदम झूठो हो। जाहेरीमा उल्लेख भए अनुसार मैले मृतक सदिक्षा राईलाई मोबाइल चोरेको विषयमा मानसिक टर्चर दिई आत्महत्या गर्न बाध्य पारेको होइन। मिति २०७६/०३/३१ गते मृतकको श्रीमान मिलन राईलाई चम्पे बजारमा भेटी तँ मोबाइल चोरको बुढी होस्, के फुर्ति गर्छस् भन्दै धाकधम्की दिएको भन्ने व्यहोरा र सोही दिन मृतकको घरमा गई घरको थाम तथा झ्यालहरु खुकुरीले काटी डर धाकधम्की दिएको भन्ने व्यहोरा एकदमै झुठो हो। सो दिन चम्पे बजार गएको पनि थिइन र मृतकको घरमा पनि गएको होइन। सो दिन म घरमा नै बसेको हो। मिलन राई मेरो आफ्नै काकाको छोरा नातामा भाई पर्छ निज भाईसँग मेरो कहिल्यै मनमुटाव भएको थिएन। मिलन र म एकबर्ष अगाडिदेखि नै एउटै कोठामा इटहरीमा बसी कोरियन भाषा पढ्दै आएका थियौ। मेरो श्रीमती लक्ष्मी गुरुङ(राई) ले मलाई वैशाख महिनामा मोबाइल हरायो भनी फोनमार्फत सुनाएको थियो केही दिनपछि मोबाइल मृतककै घरमा फेला पऱ्यो भनी मृतकको जेठानीको बहिनीमार्फत मेरो श्रीमतीलाई जानकारी आएको रहेछ तर सो विषयलाई मैले खासै गम्भीरता लिएको थिइन। मैले मृतक सदिक्षा राईलाई मोबाइल चोरी गरेको विषयमा आरोप नलगाएको तथा मेरो मोबाइल हराएको हुँदा सो मोबाइल मृतकको साथबाट फेला परेको हो तर मैले अभियोगदावीबमोजिमको कसुर गरी मृतकलाई आत्महत्या गर्ने अवस्था सिर्जना गरेको होइन भनी कसुर अपराधमा इन्कार रही बयान गरेको देखिन्छ।

मिसिल संलग्न रहेको शव परीक्षण प्रतिवेदनमा **opinion on cause of death; Hanging** भन्ने रहेको देखिन्छ। मृतकको पतिले मिति २०७६/०४/०६ मा दिएको जाहेरीमा मृतक पत्नीले आत्महत्या गरी मरेकोमा विश्वास लाग्छ भनी दिएको र सो व्यहोरालाई समर्थन गरी बकपत्र गरेको समेत देखिन्छ। वादीका साक्षी जाहेरवाला हर्कराज राई जो मृतकका बाबु हुन निजले दिएको जाहेरीमा पनि मृतकले कोठाको बलोमा सलले घाँटीमा बाँधी झुन्डी आत्महत्या गरेको भनी दिएको र सोलाई समर्थन गरी बकपत्रसमेत गरेको घटनास्थल मुचुल्कासमेतबाट मृतक सदिक्षा राईको मृत्यु आफै झुन्डिई आत्महत्या गरेको पुष्टि भइरहेको छ।

प्रस्तुत मुद्दामा यी प्रतिवादी ललित राईले मृतक सदिक्षा राईलाई आत्महत्या गर्ने दुरुत्साहन गरेको भन्ने आरोप लागेको देखिन्छ। आत्महत्या दुरुत्साहन सम्बन्धमा भएको कानुनी व्यवस्थालाई हेर्दा मुलुकी अपराध संहिता,२०७४ को दफा १८५(१)मा "कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्ने सम्मको परिस्थिति खडा गर्न वा गराउन हुँदैन" भनी उल्लेख भएको पाईन्छ। आत्महत्या दुरुत्साहन शब्दको प्रयोग भए पनि सो शब्दलाई परिभाषित गरेको नभएबाट सो सम्बन्धमा अन्य विद्धानहरुको भनाईसमेतलाई हेर्नुपर्ने हुन्छ। यस सम्बन्धमा "दुरुत्साहन" भन्नाले अरुलाई कानुनी वा नैतिक दृष्टिले अवैध कार्य गर्न प्रोत्साहित गर्ने काम वा खराब काममा उक्साउनु चाल भन्ने बुझिन्छ।

कानुनी अर्थमा भन्दा दुरुत्साहन भन्नाले अरुलाई प्रोत्साहन वा उत्तेजना दिनु वा त्यसमा सघाउनु हो। यो शब्द अपराध गर्न सहायता दिने कार्यमा प्रयोग गरिन्छ। कसैलाई ज्यान मार्ने दुरुत्साहन दिनु भन्नाले सो काम गर्न निजलाई आदेश दिनु वा सल्लाह दिनु भन्ने हुन्छ। "आदेश दिनु, पैदा गर्नु, सल्लाह दिनु, प्रोत्साहन दिनु, उक्साउनु वा सहायता दिनु, अपराध गर्नमा सहुलियत प्रदान गर्नु, यसको पुर्णतातर्फ अघि बढ्नु अथवा यसलाई हुन हुनमा बढाउनु वा तारतम्य मिलाईदिनु आदि कार्य अपराधको दुरुत्साहनभित्र पर्न सक्दछ" (टोपबहादुर सिंह २०७२ कानुनी शब्दकोष (चोस.सं.काठमाडौ पैरवी प्रकाशन पृष्ठ २४३।)" न्यायधीश होम्सको विचारमा -"**is one who reaches and seeks to influence the mind of another to the commission of the crime, The machinaciomas of criminal ingenuity being legion, the approach to the others mind may make take various forms, such suggestion, proposal, request, exhortation, gesture, argument, persuasion, inducement, goading or the arrusal of cupidity(J.A.Holmes in Nkosiyana,1966(4)SA655,p.685,AD).** अर्थात् "दुरुत्साहन भन्नाले कुनै व्यक्ति अर्को कुनै व्यक्तिको दिमागमा कुनै अपराध घटाउनका लागि प्रभाव पार्न पुग्दछ वा खोज्दछ भने सो अवस्थालाई जनाउँदछ। यस प्रकारको सांगठनिक आपराधिक चतुरताको षड्यन्त्रका विभिन्न रुपहरु हुन सक्दछन् जस्तैः सुझाव, प्रस्ताव, अनुरोध, विन्ती, ईशारा, तर्क, सहमत बनाएर, फकाएर, उत्तेजित बनाएर वा मुर्ख बनाएर" भनी उल्लेख भएको छ। त्यसैगरी भारतीय दण्ड संहिताको धारा १०७ मा दुरुत्साहन सम्बन्धमा **A person abets the doing of a thing, who- First: Instigates any person to do that thing, or**

Secondly: Engages with one or more others person or persons in any conspiracy for the doing of that thing, if an act or illegal omission takes place in pursuance of that conspiracy, and in order to the doing of that thing, or

Thirdly: Intentionally aids, by any act or illegal omission, the doing of that thing.

उक्त दफाको Explanation 1 मा 'A person who, by willful misrepresentation, or by willful concealment of a material fact which he is bound to disclose, voluntarily causes or procures, or attempts or cause or procure, a thing to be done, is said to instigate the doing of thing" र Explanation 2 मा " Whoever, either prior to or at the time of the commission of an act, does anything in order to facilitate the commission of the act, and thereby facilitate the commission thereof, is said to aid the doing of the act' भन्ने उल्लेख भएको पाइन्छ अर्थात् भारतीय दण्ड संहिताको उक्त धाराअनुसार दुरुत्साहन तीन प्रकारले हुन सक्ने देखिन्छः (१) कुनै आपराधिक कार्य गर्न कसैलाई उक्साएर, (२) आपराधिक कार्यमा एक वा एकभन्दा बढी व्यक्तिसँग षड्यन्त्रमा भाग लिएर र (३) आपराधिक कार्यको लागि सनियत सहायता गरेर" भन्ने पाइन्छ। प्रस्तुत मुद्दामा यी प्रतिवादी ललित राईले मृतक सदिक्षा राईलाई ज्यान मर्न सक्ने अवस्थासम्मको दुरुत्साहन गरेको भन्ने केही कतै प्रमाण आधार उत्तेजनामा ल्याएर वा उक्साहटको तयारी, जाल प्रपन्चको षडयन्त्र रचेर र अपराध गरिएको अवस्थामा वा अपराध गर्न सहयोग गरेर झुन्डी मर्नुपर्नेसम्मको अवस्था सिर्जना गरेको नदेखिँदा यी प्रतिवादीले मृतकलाई ज्यानसम्बन्धी दुरुत्साहन गरी मृत्युवरण गराएको भन्ने अभियोग मागदावीमा पुग्ने बस्तुनिष्ठ आधारहरु विद्यमान नदेखिँदा यी प्रतिवादी ललित राई कसुरदार हुन् भनी मान्न मिल्ने देखिन आएन।

प्रतिवादी ललित राईले मेरो छोरीलाई मोबाइल चोरी गरेको आरोप लगाएको हुँदा सो आरोषबाट मृतकको गाँउ, समाजमा बेइज्जत भई मर्नुपर्नेसम्मको परिस्थिति सिर्जना गरेको हुँदा मेरी छोरीले सुसाइड नोट लेखि

आत्महत्या गरेको हुँदा निज प्रतिवादीलाई कानुनबमोजिम कारवाही हुनुपर्छ भनी जाहेरवाला हर्कराज राईको जाहेरी दिएकोमा सो जाहेरी वेहोराबमोजिम निजले यस अदालतमा आई बकपत्र गर्दा मेरी छोरीलाई मोबाइल चोरको आरोप यी प्रतिवादीले लगाएको तथा घरमा गएर खुकुरीले काट्छु मार्छु भनी डरत्रास दिएको कारण गाँउ, समाजमा बेइज्जतीको अवस्थाको परिस्थिति यी प्रतिवादीले गरेको हुँदा बाध्य भएर मृतकले सुसाइड नोट लेखि आत्महत्या गरेको हो भनी अदालतमा बकपत्रमा लेखाएको देखिन्छ भने सुसाइड नोट नमिलेको भनी परीक्षण प्रतिवेदनबाट देखिन्छ। मृतकका श्रीमानले समेत मेरो श्रीमती माइती घरमा भएको अवस्थामा प्रतिवादीले अनावश्यक लान्छना लगाई मानसिक टर्चर दिई आत्महत्या गर्न बाध्य पारेको भनी अदालतमा उपस्थित भई बकपत्रमा लेखाएको भए पनि तत्काल दिएको जाहेरीमा मृतक आफैले आत्महत्या गरी भएको भनी लेखाएको र २ महिनासम्म प्रतिवादीसँग मोबाइल हराएको विषयमा केही कुरा भएन भनी लेखाएबाट निजको भनाई एक आपसमा मेल खाएको देखिँदैन साथै बस्तुस्थिति मुचुल्काका मानिस रुद्रबहादुर राईले सदिक्षा राई मोबाइल चोर्ने मानिस होइन। मोबाइल चोरी गरेको आरोप लगाई स्वयम्लाई गाली गरेको देखिन (स.ज.६,३ मा) भनी लेखाएकोमा निजको भनाई र मृतकको पतिको भनाई मेल खाएको देखिँदैन। त्यसैगरी घटना विवरण कागज गर्ने मानिस भोजनकुमार राईले बकपत्र गर्दा प्रतिवादी ललित राईले मृतक सदिक्षा राई र मिलन राईलाई गाली बेइज्जत गरेको आँखाले देखिन तर मलाई प्रतिवादी ललित राईले गाली बेइज्जत गर्छ भनेर मलाई मिलन राईले भनेको हो (स.ज.६मा) भनी लेखाएबाट पनि निजले मृतकका पतिबाट सुनेको भनी उल्लेख गरे समेतबाट आत्महत्या दुरुत्साहन जस्तो गम्भीर विषयमा सुनि सुनाई कुरालाई आधार मात्र मिल्ने देखिँदैन।

मृतकका श्रीमान मिलन राईको मिति २०७६/०४/०६ मा मेरो श्रीमतीले माइती घरको वरण्डामा मिति २०७६/०४/०५ गते कपडाको पासो लगाई झुन्डी आत्महत्या गरेको, निज श्रीमती सदिक्षा राईलाई कोही कसैले कर्तव्य गरी मारे मराएको होइन। आफै झुन्डी आत्महत्या गरी मरेकोमा मलाई पुर्ण विश्वास लाग्छ भनी लास सदगत गर्न अनुमति पाँउ भनी जाहेरी दिएको अवस्था देखिन्छ भने निजले यस अदालतमा आई बकपत्र गर्दा मेरो श्रीमतीलाई प्रतिवादीले मोवाइल चोरी गरेको आरोप लगाएको हुँदा सो सहन नसकि मृत्युवरण गरेको हो भनेका छन् भने अर्कोतर्फ म र प्रतिवादीबिच मोबाइल हराएको २ महिनासम्म केही कुरा नभएको तर मेरो श्रीमती गएपछि सो विषयमा कुरा उठाई मलाई गाली गरेको हो (स.ज.३) भनी लेखाएबाट समेत जाहेरवालाको भनाई एक आपसमा बाँझिएको देखिन्छ। अर्का जाहेरवाला हर्कराज राईले समेत घटनाको तत्कालै किटानी जाहेरी दिनुपर्नेमा घटना भएको १६ दिनपछि मात्र जाहेरी दिएको देखिँदा घटनाको प्रकृति, स्वरुपमा तालमेल नमिली आएको, आपराधिक न्यायको सिद्धान्तबमोजिम बस्तुपरक र ठोस प्रमाणको रुपमा लिन नमिलेको तथा सुसाइड नोटको परीक्षणसमेत मृतकले नै लेखेको हो भनी स्पष्ट रुपमा नखुलेको भन्ने परीक्षण प्रतिवेदनको रिपोर्ट देखिएको छ। प्रतिवादीका साक्षीहरु जितेन राईले प्रतिवादी ललित राईले मृतक सदिक्षा राई र निजको पतिलाई चोरेको आरोप लगाएको होइन। मृतकलाई प्रतिवादीले मोबाइल चोरीको आरोप लगाएको होइन। मृतकलाई निजको पतिले तैले मोबाइल किन चोरिस् भनी दवाव दिएको र मृतकको माइती पक्षले समेत मृतकलाई तैले मोबाइल चोरेर हाम्रो इज्जत फाल्ने भनी दवाव दिएको हुँदा उक्त दबाब सहन नसकेर मृतकले आत्महत्या गरेकी हुन् भनी अदालतमा उपस्थित भई बकपत्र गर्दा लेखाएको र अर्का साक्षी लक्ष्मण राईले समेत प्रतिवादी ललित राईले

मिलन राई र मृतक सदिक्षा राईलाई कुनै किसिमको चोरीको आरोप लगाई गालीगलौज गरेको होइन तथा निज मृतकले आफ्नो चोरी गरेको कारणले आफ्नो श्रीमान मिलन राईले दबाब दिएको कारणले आफ्नो ईमान ईज्जत बचाउन नसकेको कारणले आत्महत्या गरेका हुन् भनी बकपत्रमा लेखाएको देखिन्छ तथा अर्का साक्षी पुष्पा राईले समेत यस अदालतमा आई बकपत्र गर्दा मृतक सदिक्षा राईलाई प्रतिवादी ललित राईले मोबाइल चोरीको आरोपमा गालीगलौज गरी धाकधम्कीसमेत दिई झुन्डी आत्महत्या गर्न बाध्य पारेको होइन। मृतक सदिक्षा राईलाई निजको बुढाले नै मोबाइल चोरी गरेर लगेको रहेछ भनी फोनमा भनेको हुँदा फोनमा मृतक माइती घरमा गएको समयमा भनेकोले मृतकले मानसिक पीडा खप्न नसकेर मृतक स्वयम्ले आत्महत्या गरेको हो। यी प्रतिवादी ललित राईले मिति २०७६/०३/३१ गते प्रतिवादी ललित राईलाई मोबाइल चोर्नीको बुढा भनी गालीगलौज गरी धाकधम्की दिएको होइन भनी बकपत्रमा यी प्रतिवादी आरोपित कसुरका कसुरदार होइनन् भनी अभियोगदावीलाई खण्डन गरी लेखाएको देखिन्छ। अभियुक्तले अनुसन्धान अधिकारीसमक्ष गरेको साविती बयानलाई अन्य स्वतन्त्र प्रमाणहरुबाट पुष्टि र समर्थित नभएसम्म प्रहरीमा भएको साविती बयानलाई मात्र ठोस प्रमाणमा लिई कसुरदार ठहऱ्याउनु न्यायोचित हुँदैन।

मृतकले झुन्डी आत्महत्या गरेको हो भन्ने कुरामा कोही कसैको विवाद नभएको तथा वारदात स्थान बन्द कोठामा भित्रबाट ढोकामा चुकुल लगाएको तथा मृतकको लास जाचँ रिपोर्टमा समेत मृतकको मृत्युको कारण **HANGING** तथा घाँटीमा V आकारको डोरीको डाम चिन्ह रहेको थियो भन्ने परीक्षण प्रतिवेदन देखिएको र आत्महत्या जस्तो कार्य व्यक्ति स्वयम्ले गर्ने तथा मृतक सदिक्षा राईलाई अन्य दुरुत्साहन गर्ने व्यक्तिहरुको उपस्थिति, उक्साहट प्रोत्साहनहरु कहिँकतै भएको आधारहरु नदेखिएको तथा मृतकले मृत्युवरण गर्नुभन्दा अगाडि लेखेको सुसाइड नोटसमेत फर्जि रहेको भन्ने परीक्षण प्रतिवेदनबाट यी प्रतिवादी ललित राईलाई आरोपित कसुरमा कसुरदार नै हुन् भनी मान्न सकिने बस्तुनिष्ठ आधार देखिएन।

आत्महत्या विभिन्न कारणहरुले व्यक्तिले गर्ने गर्दछ। तीमध्ये डिप्रेसन, सिजोफोनिया जस्ता रोग एवम् पारिवारिक प्रताडना, पढाइमा असफलतालगायतका कारण पनि हुने गर्दछ। आफैभित्र उत्पन्न हुने विभिन्न द्वन्द्वका कारणबाट व्यक्तिको जिन्दगीप्रति वितृष्णा उत्पन्न भएमा जीवनप्रति निरास भई आत्महत्या गर्ने हुन्छ र अन्य व्यक्तिको कारणबाट निजले आत्महत्या गरेको भए त्यसको क्रमबद्ध कडिहरुसमेत जोडिएर आउँछ। प्रस्तुत मुद्दामा त्यस्तो केही देखिँदैन। प्रतिवादी निर्दोष रहेको तथ्यगत रुपमा पुष्टि भइरहेको छ।

वादी नेपाल सरकारका विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री प्रमोद भट्टराईले यी प्रतिवादी ललित राईले मृतक सदिक्षा राईलाई मोबाइल चोरी गरेको हो भनी घरमा गई धाकधम्की दिई गाँउघरमा नाक मुखसमेत देखाउन नहुने गरी बेइज्जत गरी सोही वेइज्जतीको कारण प्रतिवादीले मृतकलाई मर्नुपर्नेसम्मको परिस्थिति खडा गरी मृतकले मर्नुपूर्व सुसाइड नोट लेखि झुन्डी आत्महत्यासम्म गरेको हुँदा निज प्रतिवादी ललित राईलाई अभियोगदावीबमोजिम कारवाही हुनुपर्छ भनी गर्नु भएको बहसमा समेत विचार गर्दा प्रस्तुत वारदात, मिलन राईको जाहेरी, हर्कराज राईको किटानी जाहेरी, घटनास्थल प्रकृति मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन, सुसाइड नोटको परीक्षण प्रतिवेदन समेतलाई आधार मान्दा यी प्रतिवादी ललित राई ज्यानसम्बन्धी कसुर मुद्दामा कसुरदार हुन भनी विद्धान कानुन व्यवसायीको बहस जिकिरसँग सहमत हुन सकिएन।

अतः यसमा मृतकको मृत्युको कारण Hanging बाट भएको भन्ने विषयमा विवाद देखिँदैन। मृतकका पतिले सुरुमा जाहेरी दिँदा पत्नीले आत्महत्या गरी मरेको र कसैमाथि शंका लाग्दैन भनी दिएको र मृत्युको १६ दिनपछि मृतकको बाबुले जाहेरी दिँदा मोबाइल चोरको आरोप लगाएको कारणबाट आत्महत्या गरी मरेको भनी सुसाइड नोट लेखेको हुँदा यी प्रतिवादीउपर आरोप लगाएकोमा सो सुसाइड नोटमा यी प्रतिवादीकै कारणले मैले आत्महत्या गरेको हो भनी लेखाएको समेत नदेखिएको र उक्त सुसाइड नोटको बास्तविकताबारे परीक्षण गर्दा केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला सामाखुसी काठमाडौंबाट नभिडेको भनी उल्लेख भइआएको समेतबाट आत्महत्याको सम्बन्धमा लेखिएको भनाई सत्य देखिँदैन। प्रतिवादीले यस अदालतमा बयान गर्दा मैले मृतकलाई मोवाइलको चोरीको बारेमा मानसिक तनाव दिई आत्महत्या गर्न बाध्य पारेको होइन भनी कसुर गरेकोमा इन्कार भई लेखाएको, प्रतिवादीका साक्षीहरु लक्ष्मण राईसमेतले मृतकलाई मोबाइल चोरेको आरोप यी प्रतिवादीले लगाएको होइन, सो कारणबाट आत्महत्या नगरी अन्य कारणबाटै आत्महत्या गरेको हो भनी बकपत्रमा लेखाएको हुँदा समेत प्रतिवादी कै कारण मृतक सदिक्षा राईले आत्महत्या गरेको भन्ने अवस्था देखिँदैन। जाहेरवाला मिलन राईले प्रतिवादी र आफूबिच वादविवाद भएको कुरा बकपत्रमा लेखाएबाट समेत मृतक र प्रतिवादीका विच कुनै विवाद भएको देखिएको छैन। साथै मृतक सदिक्षा राईले आफू मर्नुभन्दा पहिले मृत्युको सम्बन्धमा निजले यी प्रतिवादीको यस्तो कार्य, व्यवहार, आचरण र अभिव्यक्तिसमेतले मैले गरेको हो भनी बस्तुनिष्ठ रुपमा कुनै प्रमाणले पुष्टि भएको छैन। यी प्रतिवादीले मृतकप्रति कुनै षडयन्त्रपूर्ण दृष्टिकोणसमेत राखेको भन्ने कुनै तथ्यबाट देखिएको छैन। घटनास्थल मुचुल्कासमेतबाट मृतकको मृत्यु निजको माइती घरमा भएको देखिएको र जुन मोबाइल चोरीको विषयमा उठाइएको छ सो घटना २०७६ साल वैशाखमा भएको र आत्महत्या २०७६/०४/०५ मा भएबाट यति लामो समयको अन्तरालपछि सोही कारणबाट आत्महत्या भएको भन्न सकिने आधार कहिँकतैबाट देखिन नआएको र आत्महत्या दुरुत्साहनमा प्रतिवादी स्वयम्ले मृतकलाई त्यस्तो कुन काम कार्यबाट आत्महत्या गर्न प्रेरित वा उक्साहट गऱ्यो भन्ने कुराको मृतक र प्रतिवादीबिचको अन्तरसम्बन्ध (Corroborative Relation) स्थापित गर्ने बस्तुनिष्ठ प्रमाण मिसिलबाट नदेखिँदा मृतकको पतिलाई मोबाइल चोरको बुढो भनेको आधारमा मात्रै आत्महत्या दुरुत्साहन गरेको हो भनी मान्न मिलेन। आत्महत्या गर्न दुरुत्साहन प्रतिवादीबाट भएको भनी तथ्यपूर्ण एवम् शंकारहित प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिएबाट शंकाको भरमा प्रतिवादीलाई अभियुक्त कायम गर्न फौजदारी न्यायको सिद्धान्तसमेतले मान्न नमिल्ने हुँदा शंकाको सुविधा अभियुक्तले पाउने भन्ने (Benefit of Doubt goes to Accused) भन्ने फौजदारी न्यायको सिद्धान्तसमेतका आधारबाट प्रतिवादी ललित राईले मृतक सदिक्षा राईलाई आत्महत्या गर्न दुरुत्साहन गरेको भन्ने अवस्था नदेखिँदा निज प्रतिवादी ललित राईले प्रस्तुत अभियोगदावीबाट सफाई पाउने ठहर्छ। वादी नेपाल सरकारको अभियोदावी पुग्न सक्दैन। अन्यमा तपसिलमा लेखिएबमोजिम गर्नु।

तपसिल

माथी ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादीले सफाई पाउने ठहरी फैसला भएकोले श्री उच्च अदालत विराटनगर धनकुटा इजलासको मिति २०७६/०६/०२ गतेको आदेशानुसार नगद धरौट रु.२०,०००/-

(बिस हजार) र.नं.१५ मिति २०७६/०६/०२ गते यस अदालतमा दाखिला गरी साधारण तारेखमा रहेको हुँदा केही गरिरहनु परेन.....१
अभियोगपत्रसाथ पेश भएको सामसुङ्ग ग्यालेक्सी J-5 Prime मोबाइल थान–१ यस अदालतको मिति २०७६/०५/१५ गतेको आदेशबमोजिम जिन्सीमा आम्दानी बाँधिएको देखिएको र सो मोबाइल जाहेरवाला मिलन राईको देखिँदा निज मिलन राईलाई फिर्ता दिनु भनी तहसिल शाखामा लगत दिनु २
निज प्रतिवादी ललित राईलाई श्री उच्च अदालत विराटनगर धनकुटा इजलासबाट रु.२०,०००/-(बिस हजार) नगद धरौट लिई मुद्दा पुर्पक्षको लागि साधारण तारेखमा राख्नु भनी मिति २०७६/०६/०२ गते आदेश भएको हुँदा निज प्रतिवादीले नगद धरौट रु.२०,०००/- (बिसहजार) र.नं. १५ मिति २०७६/०६/०२ गते यस अदालतमा दाखिला गरी साधारण तारेखमा रहेको हुँदा मुद्दाको अन्तिम किनारा भएपछि कानुनको रित पुऱ्याई कानुनको म्यादभित्र धरौटी रकम फिर्ता पाँउ भनी निवेदनसाथ उपस्थित भए निजले राखेको धरौट फिर्ता दिनु भनी तहसिल शाखामा लगत दिनु.....३
प्रस्तुत मुद्दामा मुद्दा सुनुवाई हुँदा वादी नेपाल सरकारको तर्फबाट विद्वान सहायक जिल्ला न्यायाधिवक्ता प्रमोद भट्टराईले बहस पैरवी गरेको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(३) बमोजिम वादीले मुद्दा फैसला भएको जानकारी पाएको मानिने भएकोले फैसलामा चित्त नबुझे फैसला प्रमाणीकरण भएको मितिबाट ७० (सत्तरी) दिनभित्र श्री उच्च अदालत बिराटनगर धनकुटा इजलास, धनकुटामा पुनरावेदन गर्न सक्ने नै देखिँदा वादीलाई पुनरावेदनको म्याद दिइरहनु परेन.....४
प्रस्तुत फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकिल कार्यालय, भोजपुरलाई मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १३२(४) बमोजिमको अनुसूची ४४ को ढाँचामा फैसलाको सूचनासहितको जानकारी दिनु ५
सरोकारवाला व्यक्तिले फैसलासहितको नक्कल माँग गरे कानुनबमोजिम नक्कल दिनु.....६
प्रस्तुत मुद्दामा दायरी लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा अपलोड गर्नु र फैसला प्रमाणीकरण भएको विवरण यस अदालतको सूचना पाटीमा र वेबसाइटमा प्रकाशित गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु ७

गेहेन्द्रराज पन्त
जिल्ला न्यायाधीश

प्रस्तुत पाना १८ को फैसला मा. जि. न्या. ज्यूले
बोली टिपाउनु भएअनुसार टिपी कम्प्यूटर टाइप गर्ने,
डिठ्ठा प्रकाश दाहाल
ना.सु. अभियान पोखरेल।
इति सम्वत् २०७७ साल श्रावण महिना २२ गते रोज ५ शुभम्.....।
प्रमाणीकरण मितिः-२०७७/०४/२३

.....
अदालतको छाप

श्री

दैलेख जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री दण्डपाणि लामिछाने

फैसला

रजिष्ट्रेशन नं.-७७-०७५-००२९५

मुद्दा नं.-०७५-C१-००५२ (दर्ता मितिः-२०७६/०२/०२)

निर्णय नं.- १६४

मुद्दाः- दुरुत्साहन (ज्यान सम्वन्धी कसुर)।

<u>वादीको नाम थर वतनः-</u>

गंगवहादुर वुढाको जाहेरीले नेपाल सरकार.....१

<u>साक्षीः-</u>

जाहेरवाला गंगवहादुर वुढा.....१

हेमवहादुर सुवेदी.....१

प्रेमवहादुर मल्ल.....१

रामवहादुर वुढा.....१

गीता वुढा.....१

चित्रा वुढा.....१

<u>कागज</u>

<u>x</u>

<u>प्रतिवादीको नाम थर वतनः-</u>

दैलेख जिल्ला भगवतीमाई गाउँपालिका वडा नं. १ बस्ने कर्णवहादुर थापा.....१

दैलेख जिल्ला भगवतीमाई गाउँपालिका वडा नं. १ बस्ने विनिता थापा.....१

<u>साक्षीः-</u>

वखतवहादुर थापा.....१

वलवहादुर थापा.....१

रत्नवहादुर थापा.....१

<u>कागज</u>

<u>x</u>

<u>अदालतबाट बुझेकोः-</u>

<u>वादीका साक्षीः-</u>

जाहेरवाला गंगवहादुर वुढा.....१

हेमवहादुर सुवेदी.....१

प्रेमवहादुर मल्ल.....१

रामवहादुर वुढा.....१

गीता वुढा.....१

चित्रा वुढा.....१

<u>प्रतिवादीका साक्षीः-</u>

रत्नवहादुर थापा.....१

<u>कागज</u>

<u>x</u>

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा ४५ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र निर्णय यसप्रकार छः-

संक्षिप्त तथ्य

१) जिल्ला दैलेख भगवतीमाई गाँउपालिका वडा नं.१ स्थित पूर्वमा सहविर थापाको जग्गा, पश्चिममा कर्णबहादुर थापाको खेतबारी, उत्तरमा कर्णबहादुर थापाको घर र दक्षिणमा कर्णबहादुर थापाको पाखोवारी यति चार किल्लाभित्र पर्ने कर्णबहादुर थापाको २ तले ढुङ्गा माटोले बनेको खरले छाएको घरको मुलढोकाको भित्रबाट छेस्किन नलगाइ बन्द रहेको ढोकालाई खोलीभित्र प्रवेश गरी हेर्दा सो घरकोठाको धुरी (बलो) मा सीता बुढाथापाको लास झुन्डिएको अवस्थामा रहेको मृतकको अनुहार माथि बलोतर्फ फर्केको, दुवै खुट्टा भुईंमा छोएर अर्ध खुम्चिएको अवस्थामा रहेको, मृतकको घाँटीदेखि तल भुईंसम्मको उचाइ ४ फिट ११ इन्च रहेको, भुईंमा चुरा तथा पोते छरिएर रहेको अवस्थामा रहेको, घाँटीको पछाडिबाट अगाडिसम्मको भागमा U आकारको डाम रहेको चार किल्लासहितको घटनास्थल लासजाँच मुचुल्का।

२) जिल्ला दैलेख भगवतीमाई गाँउपालिका वडा १ स्थित पूर्वमा सहविर थापाको पाखोवारी, पश्चिममा कर्ण बहादुर थापाको खेतवारी, उत्तरमा कर्ण बहादुर थापाकै घर आँगन, दक्षिणमा कर्ण बहादुर थापाको पाखोवारी रहेको यति चारकिल्लाभित्र पर्ने उत्तर दक्षिण लम्वाइ भई पूर्व पश्चिम चौडाइ भएको उत्तरतर्फ मोहडा अर्थात् मुलप्रवेश द्वार रहेको २ तले ढुङ्गा माटोले बनेको खरले छाएको अगाडि सिधा आई भित्रतर्फ हेर्दा उक्त घरको ढोका लगाएको, सो ढोकाको भित्रपट्टिबाट छेस्किनी नलगाएको, ढोकाको बाहिर साङलो पनी नलगाएको, उक्त ढोकालाई खोली सिधा कोठाभित्र प्रवेश गरी हेर्दा सोही घरको धुरी (मुल बलो) मा सेतो सलको गाँठो बनाई सोही सलले घाँटीमा पासो बनाई निरु भन्ने सीता बुढा (थापा) को लास मृत अवस्थामा झुन्डिएर रहेको उक्त लासको अनुहार माथि बलोतर्फ फर्किएर रहेको मृतकको दुवै खुट्टा भुईंमा छोएर अर्ध खुम्चिएको, मृतकको घाँटीदेखि माथि बलोसम्मको सलको लम्वाइ १ फिट १ इन्च, माथि बलोदेखि तल भुईंसम्मको जम्मा उचाइ ४ फिट ११ इन्च, सो बलको गोलाइ १ फिट १ इन्च मृतकको पछाडि निजले सुत्ने ओछ्यानसहितको खटिया रहेको, खटियादेखि माथि बलोसम्म ३ फिट ७ इन्च उक्त खटियादेखि तल भुईंसम्म १ फिट ४ इन्च, मुख्य प्रवेशदारदेखि भित्र मृतकको खुट्टासम्म ४ फिट ३ इन्च भुईंमा चुरा तथा पोते कडा छरिएर रहेको खटियादेखि मृतकको जाँघासम्म १ फिट ४ इन्च रहेको भन्ने समेत व्यहोराको मृतक निरु भन्ने सीता वुढा (थापा) को लासजाँच मुचुल्का।

३) मेरो छोरा बुहारी वर्ष १८ कि सीता बुढा थापा र मेरो श्रीमती मृतककी सासुको बिचमा पटकपटक घरमा सानातिना झै-झगडा हुने गरिरहन्थ्यो। मिति २०७५।०८।१० गते म जाहेरवाला बिहान उठी गाँउतिर गएकोमा पछि घरमा आउँदा बुहारी सीता बुढा थापालाई घरको कोठामा आफ्नो ओढ्ने सेतो सलको पासो बनाई झुन्डिएर आत्महत्या गरी मरेको अवस्थामा भेटिएकी र उक्त बुहारी सुतेको कोठाको ढोका लगाएको मात्र भएको र भित्रबाट छेस्किनी पनि नलगाएको र बाहिरबाट पनि साङ्लो नलगाएको अवस्थामा मृतक सीतावुढा थापा सलको पासो बनाई कोठामा भएको धुरिवलोमा झुन्डिएर

मरेकीले निज मृतक सीता बुढालाई कोही कसैले कर्तब्य गरी नमारेको र पछि कोही कसैले मारेको खुल्न आएमा किटानी जाहेरी दिने नै हुँदा हाल लासको पोष्टमार्टम गरी सतगत गर्ने पुर्जी पाउँ भन्ने समेत ब्यहोराको कर्णबहादुर थापाले मिति २०७५।०८।१२ गते पेश गरेको जाहेरी दरखास्त।

४) म जाहेरवालाको दाजु रामबहादुर बुढाकी छोरी वर्ष १८ कि सीता बुढा थापालाई जिल्ला दैलेख भगवतीमाई गाउँपालिका १ बस्ने जगतबहादुर थापाले प्रेमजालमा पारी मेरो घरबाट भगाई बिबाह गरेकोमा मिति २०७५।०८।११ गते मृतक सीता बुढा थापाले माइतीघरमा फोन गरी म माइतीघर आउँदैछु भनि फोन गरेकीमा सोही दिन बिहान ८:०० बजेको समयमा दिदी गीता बुढाले कहाँ पुगी भनि निज सीता बुढा थापालाई फोन गर्दा मृतकको ससुरा कर्ण बहादुर थापाले सीता बुढा थापाले झुन्डिएर आत्महत्या गरिसकी भन्ने कुरा जानकारी गराएको कुरा मलाई जानकारी भएपछि म समेतका मानिसहरु घटनास्थलमा गई हेर्दा कोठाको उचाइ ४ फिट ११ इन्च भएको र मृतकको उचाइ ५ फिट १ इन्च भएको, मृतक झुन्डिएको सलको गाँठो दायाँबायाँ वा पछाडि हुनुपर्नेमा अगाडि सिधा चिउडोको माझमा भई घाँटी नकसिएको अवस्था भएको, मृतकको पोते गालाबाट फुकाली कोठामा फालिएको अवस्थामा रहेको, मृतकका हातमा लगाएका काँचका चुराहरु फुटी कोठामा छरिएर रहेका, मृतकको कपाल नकोरिएको अवस्थामा झुन्डिएर आत्महत्या गरेको अवस्थामा देखिएको हुँदा छोरी सीता बुढा थापालाई निजको सासु विनिता थापा र ससुरा कर्णबहादुर थापाले पटकपटक गालीगलोज तथा कुटपिट गरी मानसिक यातना दिई आत्महत्या गर्न बाध्य पारेकोले निज प्रतिवादीहरुलाई कानुनबमोजिम कारवाही गरिपाँउ भन्ने समेत ब्यहोराको गंग बहादुर बुढाको मिति २०७५।०९।२२ गतेको जाहेरी दरखास्त।

५) मृतकको मृत्युको कारण Pending for viscera report भन्ने उल्लेख भएको निरु भन्ने सीता वुढा (थापा) को शव परीक्षण प्रतिवेदन।

६) मिति २०७५।०८।११ गते म मैले पढाउने बिद्यालय नारायण नगरपालिका वडा नं. ११ स्थित भवानी भन्ने स्थानमा थिएँ। जाहेरवाला गंग बहादुर बुढा भाई र मृतक सीता बुढा (थापा) छोरी र प्रतिबादी कर्ण बहादुर थापा र विनिता थापा मेरो सम्धी सम्धिनी नाता सम्बन्ध पर्ने भएकोले निजहरुलाई म राम्रोसँग चिन्दछु। सो घटनाबारे मृतक सीता बुढा (थापा) अघिल्नो दिनदेखि नै माइतमा आउँछु भन्ने कुरो भएको र भोलि पल्ट मिति २०७५।०८।११ गते बिहान ७:०० बजेको समयमा मृतक सीता बुढा(थापा) ले घरमा सासुससुराले झै-झगडा गरिरहेको भनि म लगायत मेरो घर परिवारलाई फोन गरी भनेको र मृतकको दिदी गीता बुढाले सोही दिन ८:०० बजे बहिनी कहाँ आइस् भनि फोन गर्दा मृतक सीता बुढा (थापा) कै फोनबाट वहिनी आएको छैन बहिनी त कोठामा झुन्डी आत्महत्या गरेकी छ भनि प्रतिबादी कर्ण बहादुर थापाले भनेको भनि मेरो घरपरिवारले फोन मार्फत जानकारी गराए पश्चात मैले थाहा जानकारी पाई म विद्यालयबाट घरमा आई सो घटनास्थलमा गएको हुँ। म घटनास्थलमा जाँदा मृतक लास आफ्नै घरको कोठामा रहेको घरको धुरी बलोमा सल कपडाले झुन्डिएको अवस्थामा मैले देखेको हुँ। मृतक सीता बुढा (थापा) लाई निजका सासुससुरा कर्ण बहादुर थापा र विनिता थापाले बारम्बार झै-झगडा गर्ने गालीगलौज तथा शारीरिक मानसिक यातना दिई दुखः दिई राख्ने भन्ने कुरा मैले मृतक सीता बुढा (थापा) बाटै वारदात

दिनभन्दा पहिला निज माइतीघरमा आउँदा र जाहेरवाला गंग बहादुर बुढाबाटै सुनि थाहा पाएको हुँ। यसरी बारम्बार गालीगलौज, झै-झगडा, शारीरिक तथा मानसिक रुपमा दुखः दिई झुन्डी आत्महत्या गर्न दुरुत्साहन गरेको हुँदा निजले सोही कारण झुन्डी आत्महत्या गरेको हुनुपर्छ। यसरी झुन्डी आत्महत्या गर्न दुरुत्साहन गर्ने कर्ण बहादुर थापा र विनिता थापालाई हदैसम्मको कानुनबमोजिम कारबाही हुनुपर्छ भन्ने समेत ब्यहोराको रामबहादुर बुढाले गरेको घटना विवरण कागज।

७) वारदात मिति २०७५।०८।११ गते म आफ्नै घरमा थिएँ। जाहेरीमा उल्लेख भएका जाहेरवाला गंग बहादुर बुढा भिनाजु, मृतक सीता बुढा (थापा) भान्जी नाता सम्बन्ध पर्ने भएकोले निजहरुलाई म राम्रोसँग चिन्दछु। प्रतिबादी कर्ण बहादुर थापा र विनिता थापालाई भने म चिन्दैन। सो घटनाबारे मृतक सीता बुढा (थापा) अघिल्नो दिनदेखि नै माइतमा आउँछु भन्ने कुरो भएको र भोलि पल्ट मिति २०७५।०८।११ गते बिहान ७:०० बजेको समयमा मृतक सीता बुढा (थापा) ले घरमा सासुससुराले झै-झगडा गरिरहेको भनि म लगायत मेरो घर परिवारलाई फोन गरी भनेको र मृतकको दिदी गीता बुढाले सोही दिन ८:०० बजे बहिनी कहाँ आइस् भनि फोन गर्दा मृतक सीता बुढा (थापा) कै फोनबाट बहिनी आएको छैन बहिनी त कोठामा झुन्डी आत्महत्या गरेकी छ भनि प्रतिबादी कर्ण बहादुर थापाले भनेका छन, घटनास्थलसम्म जाम भनि मलाई जाहेरवाला गंग बहादुर बुढाले खबर गरेपश्चात् मैले थाहा जानकारी पाई म निजहरुसँगै सो घटनास्थलमा गएको हुँ। म घटनास्थलमा जाँदा मृतक लास आफ्नै घरको कोठामा रहेको घरको धुरी बलोमा सल कपडाले झुन्डिएको अवस्थामा मैले देखेको हुँ। मृतक सीता बुढा (थापा) सँग निजका सासुससुरा प्रतिबादी कर्ण बहादुर थापा र विनिता थापाले बारम्बार झै-झगडा गर्ने गालीगलौज तथा शारीरिक मानसिक यातना दिई दुखः दिई राख्रे भन्ने कुरा मैले जाहेरवाला गंग बहादुर बुढाबाटै सुनि थाहा पाएको हुँ। यसरी बारम्बार गालीगलौज, झै-झगडा, शारीरिक तथा मानसिक रुपमा दुखः दिई झुन्डी आत्महत्या गर्न दुरुत्साहन गर्ने गरेको हुँदा निजले सोही कारण झुन्डी आत्महत्या गरेको हुनुपर्छ। यसरी झुन्डी आत्महत्या गर्न दुरुत्साहन गर्ने कर्ण बहादुर थापा र विनिता थापालाई हदैसम्मको कानुनबमोजिम कारबाही हुनुपर्छ भन्ने समेत ब्यहोराको प्रेमबहादुर मल्लले गरेको घटना विवरण कागज।

८) वारदात मिति २०७५।०८।११ गते म आफ्नै घरमा थिएँ। जाहेरवाला र मृतक सीता बुढा (थापा) लाई म राम्रोसँग चिन्दछु। प्रतिबादी कर्ण बहादुर थापा र विनिता थापालाई भने म राम्रोसँग चिन्दैन। मृतक सीता बुढा (थापा) ले घरमा सासुससुराले झै-झगडा गरिरहेको भनि माइतीघरमा जानकारी गराएको र मृतकको दिदी गीता बुढाले सोही दिन ०८:०० बजे वहिनी कहाँ पुगेउ भनि फोन गर्दा मृतक सीता बुढा (थापा) कै फोनबाट वहिनी आएको छैन वहिनी त कोठामा झुन्डी आत्महत्या गरेकी छ भनि प्रतिबादी कर्ण बहादुर थापाले भनेका छन् घटनास्थलसम्म जाम भनि मलाई जाहेरवाला गंग बहादुर बुढालगायत निजका आफन्तहरुले खबर गरेपश्चात् मैले थाहा जानकारी पाई म निजहरुसँगै सो घटनास्थलमा गएको हुँ। म घटनास्थलमा जाँदा मृतक लास आफ्नै घरको कोठामा रहेको घरको धुरी बलोमा सेतो सल कपडाले झुन्डिएको अवस्थामा मैले देखेको हुँ। मृतक सीता बुढा (थापा) सँग निजका सासुससुरा प्रतिबादी कर्ण बहादुर थापा र विनिता थापाले बारम्बार झै-झगडा गर्ने गालीगलौज तथा शारीरिक मानसिक यातना दिई दुखः दिई राख्रे भन्ने कुरा मैले

जाहेरवाला गंग बहादुर बुढालगायत मृतक सीता बुढा (थापा) वारदात हुनुअघि माइतीघरमा आउँदा निजबाटै सुनि थाहा पाएको हुँ। यसरी बारम्बार गालीगलौज, झै-झगडा, शारीरिक तथा मानसिक रुपमा दुखः दिई झुन्डी आत्महत्या गर्न दुरुत्साहन गर्ने गरेको हुँदा निजले सोही कारण झुन्डी आत्महत्या गरेको हुनुपर्छ। यसरी झुण्डी आत्महत्या गर्न दुरुत्साहन गर्ने कर्ण बहादुर थापा र विनिता थापालाई हदैसम्मको कानुनबमोजिम कारबाही हुनुपर्छ भन्ने समेत ब्यहोराको हेमबहादुर सुवेदीले गरेको घटना विवरण कागज।

९) मिति २०७५।०८।११ गते म आफ्नै घरमा थिएँ। जाहेरवाला गंगबहादुर बुढा देवर, मृतक सीता बुढा छोरी हुन् भने प्रतिवादीहरु कर्णबहादुर थापा र विनिता थापा मृतक छोरीको सासुससुरा पर्ने भएकोले निजहरुलाई पनि चिन्दछु। मिति २०७४ सालको साउन महिनामा छोरी जगत बहादुर थापासँग भागी विवाह गरी निजकै घरमा बसी राम्रैसँग घर ब्यवहार गर्दै आएकी थिइन्। मृतक छोरीको श्रीमान् रोजगारीको सिलसिलामा विदेश जान भनि घटना हुनुभन्दा केहि दिनअघि मात्रै काठमाडौं जानुभएको थियो भने मृतक छोरी आफ्ना सासुससुरासँगै घरमै बस्दै आएकी थिइन्। मृतक छोरी कहिले माइतीघरमा आउँदा घरमा सासुससुरा झगडा गरिरहन्छन् राम्रो व्यवहार गर्दैनन् खान लगाउन पनि दिदैनन् भन्ने कुरा बताउने गर्दथिन्। घटना भएको अघिल्लो दिनसमेत मृतक छोरीले फोन गरी घरमा सासुसँग झगडा भई ४/५ दिन भयो खानासमेत खाएकी छैन भनेर बताएकी थिइन। यसै क्रममा वारदात मिति मिति २०७५।०८।११ गते बिहान ७ बजेतिरको समयमा मृतक छोरी सीता बुढा थापाले मलाई फोन गरी म माइतीघरमा आउँदै छु भनेर जानकारी गराएकीमा एक क्षणपछि ८:०० बजेतिर जेठी छोरी गीता बुढाले घरबाट हिडिन कि नाई भनेर बुझ्नको लागि फोन गर्दा सो फोन मृतकको ससुरा प्रतिवादी कर्णबहादुर थापाले उठाई सीता बुढा थापाले त घरमै झुन्डिएर आत्महत्या गरिसकेकी छन् भन्ने कुरा जानकारी गराएपछि घटनाको बारेमा थाहा हुन आएको हो। त्यसपछि मेरो श्रीमान तथा जाहेरवालालगायतका मानिसहरु घटनास्थलमा गएका हुन्। निज छोरी कहिले माइतीघरमा आउँदा निजको सासुससुराले झगडा गरिरहन्छन, बिनाकारण गालीगलौज गरी यातना दिइराख्छन् भन्ने कुरा बताउने गर्ने भएकोले निज प्रतिवादीहरु करणबहादुर थापा र विनिता थापाको कारणले आत्महत्या गर्न बाध्य भएकी हुनुपर्छ। यसरी मृतकलाई पटकपटक विभिन्न किसिमका यातना दिई नराम्रो व्यवहार गरी आत्महत्या गर्न दुरुत्साहन गरेको कारणले सीता बुढा थापाले झुण्डी आत्महत्या गरेकी हुनुपर्छ। यसरी आत्महत्या गर्न बाध्य पार्नेसम्मको अवस्था सिर्जना गराउने प्रतिवादीहरु कर्णबहादुर थापा र विनिता थापालाई कानुनबमोजिम कारवाही हुनुपर्दछ भन्ने समेत ब्यहोराको चित्रा बुढाले गरेको घटना विवरण कागज।

१०) वारदात मिति २०७५।०८।११ गते म आफ्नै घरमा थिएँ। जाहेरवाला गंगबहादुर बुढा काका, मृतक सीता बुढा थापा सहोदर बहिनी नाता लाग्ने हुन् भने प्रतिवादीहरु कर्णबहादुर थापा र विनिता थापा मृतक बहिनीकै ससुरासासु पर्ने भएकोले निजहरुलाई पनि चिन्दछु। मिति २०७४ सालको साउन महिनामा बहिनी जगत बहादुर थापासँग भागी विवाह गरी निजकै घरमा बसि राम्रैसँग घर ब्यवहार गर्दै आएकी थिइन्। मृतक बहिनीको श्रीमान् रोजगारीको सिलसिलामा विदेश जान भनि घटना हुनुभन्दा केहि दिनअघि मात्रै काठमाडौं जानुभएको थियो भने मृतक बहिनी सासुससुरासँगै

घरमै बस्दै आएकी थिएन। मिति २०७५।०८।०९ गते मृतक बहिनी सीता बुढा थापाले मलाई फोन गरी घरमा सासुससुरासँग झगडा परिरहन्छ राम्रो ब्यवहार गर्दैनन् भनेर भनेकीमा वारदात मितिमा समेत बिहान अन्दाजी ७:२० बजेको समयमा फेरि फोन गरी मलाई तिम्रो घरमा आउँछु खाना बनाइराख्नु भनेकी थिइन्। त्यसको एक क्षणपछि करिब ८:०० बजेतिर मैले निज घरबाट हिडिन् कि नाई भनेर बुझ्नको लागि फोन गर्दा सो फोन मृतकको ससुरा प्रतिवादी कर्णबहादुर थापाले फोन उठाई सीता बुढा थापाले त घरमै झुन्डिएर आत्महत्या गरिसकेकी छन् भन्ने कुरा जानकारी गराएपछि मैले सो कुरा जाहेरवालालगायतका घरका मानिसलाई जानकारी गराएपछि हामी जाहेरवालासमेत बहिनीको घरमा गई हेर्दा बहिनी सीता बुढा थापालाई झुन्डी मरेकी अवस्थामा देखेकी हुँ। निज बहिनी पहिले माइतीघरमा आउँदा सासुससुराले झगडा गरिरहन्छन् बिनाकारण गालीगलौज गरी यातना दिइराख्छन् भन्ने कुरा बताउने गर्दथिन। यसरी मृतकलाई पटकपटक विभिन्न किसिमका यातना दिई नराम्रो व्यवहार गरी आत्महत्या गर्न दुरुत्साहन गरेको कारणले सीता बुढा थापाले झुन्डी आमहत्या गरेकी हुनुपर्छ। यसरी आत्महत्या गर्न बाध्य पार्नेसम्मको अवस्था सिर्जना गराउने प्रतिवादीहरु कर्णबहादुर थापा र विनिता थापालाई कानुनबमोजिम कारवाही हुनुपर्दछ भन्ने समेत ब्यहोराको गीता बुढाले गरेको घटना विवरण कागज।

११) अत: माथि बिवेचना गरिएका समग्र तथ्य एवं प्रमाणहरुबाट प्रतिवादीहरु कर्ण बहादुर थापा र विनिता थापाको उक्त कार्य मुलुकी अपराध संहिता,२०७४ को दफा १८५ को उपदफा (१) नं. बिपरितको कसुर अपराध देखिन आएको हुँदा निज प्रतिबादीहरुलाई सोही संहिता २०७४ को दफा १८५ को उपदफा (२) बमोजिमको सजाय हुन समेतको अभियोग मागदावी लिइ फरार प्रतिवादीहरु कर्ण बहादुर थापा र विनिता थापा हालसम्म फरार रहेको हुँदा निजहरुको हकमा सम्मानित अदालतबाट कानुनबमोजिम म्याद जारी गरी कारवाही अगाडि वढाइ पाउँ **भन्ने समेत व्यहोराको अभियोग मागदावी।**

१२) मेरो घरमा म, श्रीमती र वुहारीसमेत गरी ३ जना वस्ने गरेका थियौं। घटना भएको दिन विहान म काम विषेशले गाउँमा गएको थिएँ। घरमा आउँदा भाईको छोराले वुहारी कोठामा झुन्डिएको भनेपछि वुहारीको कोठामा गै हेर्दा झुन्डिएको देखि छरछिमेक र प्रहरीमा खवर गरेको हुँ। प्रहरी आएर लास पोष्टमार्टमका लागि ल्याएका हुन्। वुहारीसँग हामी लोग्ने स्वास्नीले कहिल्यै पनि भनाभन गालीगलौज कुटपिट गरेका होइनौं। वुहारी आफू खुसी झुन्डिएर मरेकी हुन्। निजलाई हामीले मर्न वाध्य वनाएका होइनौं भन्ने समेत व्यहोराको प्रतिवादी कर्णवहादुर थापाले यस अदालतमा गरेको वयान।

१३) मेरो घरमा म, श्रीमान् र वुहारीसमेत गरी ३ जना वस्ने गरेका थियौं। घटना भएको दिन विहान वुहारीले माइत जान्छु भनेकी र मैले जा म गाईभैसी दुन भनी गएकोमा घरमा आउँदा माथिल्लो घरको छोराले वुहारी कोठामा झुन्डिएको भनेपछि वुहारीको कोठामा गै हेर्दा झुन्डिएको देखि छरछिमेक र प्रहरीमा खवर गरेको हौं। प्रहरी आएर लास पोष्टमार्टमका लागि ल्याएका हुन्। वुहारीसँग हामी लोग्ने स्वास्नीको कहिल्यै पनि भनाभन गालीगलौज कुटपिट गरेका होइनौं। वुहारी

आफू खुसी झुन्डिएर मरेकी हुन निजलाई हामीले मर्न वाध्य वनाएका होइनौं भन्ने समेत व्यहोराको प्रतिवादी विनिता थापाले यस अदालतमा गरेको वयान।

१४) मौकामा कागज गर्ने मानिसहरु रामवहादुर वुढासमेतले मौकामा कागज गर्दा यी प्रतिवादीहरूले मृतकलाई वारम्वार कुटपिट गालीगलौज गर्ने गरेका भनी मृतकले मर्नुभन्दा अगाडि नै भन्ने गरेकी थिइन् निजहरुको उक्त कार्यले गर्दा मृतकले झुन्डी आत्महत्या गरेकी हुन् भन्ने समेत व्यहोरालगायत मिसिल संलग्न तत्काल प्राप्त प्रमाणको आधारमा यी प्रतिवादीहरु कसुरदार होइनन् भन्न सकिने अवस्था नहुँदा निज प्रतिवादीहरुको हकमा पछि प्रमाण वुझ्दै जाँदा ठहरेवमोजिम हुने नै हुँदा हाल निज प्रतिवादीहरुवाट मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६८ वमोजिम जनही १५००००/- नगद वा सो वरावरको जेथा जमानत दिए लिई तारेखमा राखु दिन नसके मुद्दा पुर्पक्षका लागि थुनुवा पुर्जी दिई कारागार कार्यालय, दैलेखमा लेखि पठाइदिनु र प्रस्तुत मुद्दामा प्रतिवादी चुक्ता भैसकेको देखिँदा वादी पक्षका साक्षीहरु उपस्थित गराउनु भनी जिल्ला प्रहरी कार्यालय दैलेखमा लेखी पठाउने र प्रतिवादीहरुका साक्षीहरु निजहरुमार्फत नै उपस्थित गराउन लगाई आएपछि वकपत्रका लागि पेश गर्नु भन्ने समेत व्यहोराको मिति २०७६/०३/२४ गतेको यस अदालतको थुनछेक आदेश।

१५) मैले दर्ता गराएको जाहेरी व्यहोरा पढीवाची सुनाउँदा सुनी पाएँ। उक्त जाहेरी व्यहोरा मैले भनेवमोजिम लेखिएको र त्यसमा लागेको सहीछाप मेरै हो। मृतकको श्रीमान् विदेश जाने भनी काठमाडौं पुगेका घरमा भकारीमा राखेको ५००/- रुपैयाँ नभेटाएपछि प्रतिवादीहरुले मृतकलाई गालीगलौज गरी मर्न वाध्य वनाएका हुन् भन्ने समेत व्यहोराको जाहेरवाला गंगवहादुर वुढाले **यस अदालतसमक्ष गरेको वकपत्र।**

१६) अनुसन्धानको क्रममा मैले गरिदिएको कागजको व्यहोरा पढीवाची सुनाउँदा सुनी पाएँ। उक्त कागजको सम्पूर्ण व्यहोरा र सहीछापसमेत मेरो हो। उक्त दिन विहान ७ वजे मृतकले मलाई फोन गरी आफू माइत आउँछु भनी भनेकी ९ वजेतिर कहाँ पुगी भनी फोन गर्दा उक्त फोन प्रतिवादी कर्णवहादुर थापाले उठाई मृतक झुन्डिएर मरी भनेपछि म पनि उक्त ठाउँमा जाँदा मृतकलाई झुन्डिएको अवस्थामा देखेकी हुँ भन्ने समेत व्यहोराको गीता वुढाले **यस अदालतसमक्ष गरेको वकपत्र।**

१७) अनुसन्धानको क्रममा मैले गरिदिएको कागजको व्यहोरा पढीवाची सुनाउँदा सुनी पाएँ। उक्त कागजको सम्पूर्ण व्यहोरा र सहीछापसमेत मेरो हो भन्ने समेत व्यहोराको प्रेमवहादुर मल्लले **यस अदालतसमक्ष गरेको वकपत्र।**

१८) अनुसन्धानको क्रममा मैले गरिदिएको कागजको व्यहोरा पढीवाची सुनाउँदा सुनी पाएँ। उक्त कागजको सम्पूर्ण व्यहोरा र सहीछापसमेत मेरो हो भन्ने समेत व्यहोराको हेमवहादुर सुवेदीले **यस अदालतसमक्ष गरेको वकपत्र।**

१९) अनुसन्धानको क्रममा मैले गरिदिएको कागजको व्यहोरा पढीवाची सुनाउँदा सुनी पाएँ। उक्त कागजको सम्पूर्ण व्यहोरा र सहीछापसमेत मेरो हो भन्ने समेत व्यहोराको चित्रा वुढाले **यस अदालतसमक्ष गरेको वकपत्र।**

२०) अनुसन्धानको क्रममा मैले गरिदिएको कागजको व्यहोरा पढीवाची सुनाउँदा सुनी पाएँ। उक्त कागजको सम्पूर्ण व्यहोरा र सहीछापसमेत मेरो हो भन्ने समेत व्यहोराको रामवहादुर वुढाले **यस अदालतसमक्ष गरेको वकपत्र।**

२१) म निज प्रतिवादीहरु र मृतकको छिमेकी हुँ। मृतक र प्रतिवादीहरुका बिचमा झगडा भएको मैले कहिल्यै देखिन, सुनिन। मृतक आँफै झुन्डिएर मरेकी हुन। प्रतिवादीहरुले निजलाई मर्न वाध्य हुने कुनै काम गरेका होइनन् भन्ने समेत व्यहोराको प्रतिवादीहरुका साक्षी रत्नवहादुर थापाले **यस अदालतसमक्ष गरेको वकपत्र।**

२२) The exhibit no.1-2 have shown negative tests for above Mentioned insecticides and phosphine gas भन्ने केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको मिति २०७६/०३/०२ को परीक्षण प्रतिवेदन।

ठहर खण्ड

२३) नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न सम्पूर्ण कागजातहरु अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट विद्वान जिल्ला न्यायाधिवक्ता श्री द्रोणदत्त पौडेलले प्रतिवादीहरुउपर किटानी जाहेरी परेको र जाहेरी व्यहोरा समर्थन हुने गरी जाहेरवालाले अदालतमा वकपत्र गरेको, मौकाको कागज गर्ने मानिसहरुले गरेको घटना विवरण कागजवाट समेत जाहेरी समर्थन भइरहेको समेतका आधार र प्रमाणवाट अभियोगदावी पुष्टि भैरहेको हुँदा र प्रतिवादीहरुलाई कसुरदार ठहर गरी सजाय निर्धारणका लागि पेशी तारेख तोकी पाउँ भनी गर्नु भएको वहस र प्रतिवादीहरुका तर्फवाट विद्वान अधिवक्ता श्री सुरेन्द्रकुमार अधिकारीले प्रारम्भिक जाहेरी प्रतिवादी कर्णवहादुर थापावाटै परेकोमा दोस्रो जाहेरी मृतकका कान्छा वुवा गंग वहादुर वुढावाट परेको, जाहेरीमा मृतकले आत्महत्या गर्न वाध्य पारिनुको कारण रु.५००/- चोरीको आरोपसमेत थियो भन्न नसकेकोमा अदालतको वकपत्रमा सो आधार कारण उठान गरेकाले त्यस्तो कथनले प्रमाण ऐन, २०३१ को दफा १८ समेतले प्रमाणको रुप ग्रहण गर्न नसक्ने, मौकामा वुझिएका मानिसहरु मृतकका माइती गाउँका भई घटनास्थल वरपरका देख्ने जान्ने सुन्ने व्यक्तिहरु भएको र प्रतिवादीहरु अदालतमा उपस्थित भै पूर्ण इन्कारी वयान गरेको समेतका आधार प्रमाणहरूवाट प्रतिवादीहरु निर्दोष हुँदा आरोपित कसुरवाट सफाइ पाउनुपर्छ भनी गर्नु भएको वहस समेत सुनियो।

२४) यसमा प्रतिवादीहरू कर्णवहादुर थापा र विनिता थापाले अभियोग मागदावीवमोजिमको कसुर गरेका हुन्, होइन र कसुरदार ठहर भएको अवस्थामा निजहरुलाई के कति सजाय हुनुपर्ने हो भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने हुन आएको छ।

२५) निर्णयतर्फ विचार गर्दा, प्रस्तुत मुद्दामा प्रतिवादीहरुले मृतक सीतावुढा थापालाई घरमा वस्दा रहँदा वारम्वार गालीगलौज कुटपिट गरी यातनासमेत दिई आत्महत्या गर्न वाध्य वनाएकोले निज प्रतिवादीहरु कर्णवहादुर थापा र विनिता थापालाई मुलुकी अपराध संहिता,२०७४ को दफा १८५ को उपदफा (१) को कसुरमा दफा १८५ को उपदफा (२) वमोजिम सजाय गरिपाउँ र दफा १८३

वमोजिम जाहेरवाला पीडित गंगवहादुर वुढालाई मनासिव क्षतिपूर्ति भराई पाउँ भन्ने समेत व्यहोराको मुख्य अभियोग मागदावी रहेको देखिन्छ।

२६) प्रस्तुत मुद्दामा यी प्रतिवादीहरुले मृतक सीतावुढा थापालाई घरमा वस्दा रहँदा वारम्वार गालीगलौज कुटपिट गरी यातनासमेत दिई आत्महत्या गर्न वाध्य वनाएको भनी यी प्रतिवादीहरुउपर किटानी जाहेरी परेको भए तापनि प्रतिवादीहरुले निवेदन साथ अदालतमा उपस्थित भई वयान गर्दा अभियोगदावीवमोजिमको कसुर गरेको कुरामा पूर्ण इन्कार रही मृतक आफै झुन्डिएर मरेकी हुन्। मृतकलाई हामीहरुले आत्महत्या गर्न वाध्य वनाएका होइनौ भनी वयान गरेको देखिन आउँछ।

२७) निरु भन्ने सीतावुढा थापाको शव परीक्षण प्रतिवेदनवाट Pending for viscera report भन्ने उल्लेख भएको देखिएको र केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला सामाखुसी काठमाडौंको च.नं. ८५७१ मिति २०७६/०३/०२ को मिसिल संलग्न परीक्षण प्रतिवेदनवाट Result of examination मा the exhibits no. 1-2 have shown Negative tests for above mentioned insecticides and phosphine gas भन्ने उल्लेख भै आएको देखिन्छ। यसवाट मृतकले विष सेवन वा phosphine gas का कारण निस्सासिएर मृत्यु भएको देखिन आउँदैन। प्रस्तुत मुद्दामा घटनास्थल मुचुल्का, लासजाँच, मुचुल्का र शव परीक्षण प्रतिवेदनसमेतका प्रमाणवाट मृतकको मृत्यु झुन्डिई आत्महत्यावाट भएको कुरामा कुनै विवाद देखिँदैन।

२८) अनुसन्धानको क्रममा मौकामा कागज गर्ने मानिसहरु रामवहादुर वुढा, प्रेमवहादुर मल्ल, हेमवहादुर सुवेदी, चित्रा वुढा, र गीता वुढाले यी प्रतिवादीहरुले मृतकलाई वारम्वार कुटपिट गालीगलौज र विभिन्न यातना दिने गर्दछन् भनी मृतकले मर्नुभन्दा पहिलादेखि भन्ने गरेको भनी मैले जाहेरवाला गंगवहादुर वुढावाट सुनी थाहा पाएकोले यसरी वारम्वार गालीगलौज झै-झगडा गरी शारीरिक तथा मानसिक रुपमा दुःख दिई झुन्डिई आत्महत्या गर्न दुरुत्साहन गर्ने गरेको हुँदा निजले सो कारण झुन्डिई आत्महत्या गरेको हुनुपर्छ भनी करिव एकै मिलान व्यहोराको घटना विवरण कागज गरेकोमा अदालतमा उपस्थित भई गीता वुढाले मिति २०७६/०१/१७ गतेको मौकाको कागज व्यहोरा र सहीछाप मेरै हो। मृतकको मृत्यु मिति २०७५/०८/११ गते भएको उक्त दिन विहान ७ वजेतिर मृतकले मलाई फोन गरी आफू माइतमा आउँछु भनी फोन गरेकी तर ९ वजेतिर मैले कहाँ पुगी भनी खवर गर्दा निजका ससुरा कर्णवहादुर थापाले फोन उठाई मृतक झुन्डिएर मरेको भनी भनेका र म त्यहाँ पुग्दा मृतकको लास झुन्डिएको अवस्थामा देखेकी हुँ। मृतकले मृत्यु भएको २/४ दिन पहिला फोन गरी भकारीमा राखेको रु.५००/- मलाई चोरी गरी भनी कुटपिट गालीगलौज गर्दछन्, मैले लिएको छैन् भनी भनेकी थिइन् भन्ने समेत व्यहोराको वकपत्र गरेको देखिन्छ। प्रेमवहादुर मल्लले मिति २०७६/०१/९ मा गरेको मौकाको कागज व्यहोरा र सहीछाप मेरै हो। मैले मृतकको मृत्युको सम्वन्धमा जाहेरवालावाट सुनी थाहा पाएको र सोही आधारमा उक्त व्यहोरा लेखाएको हुँ भनी वकपत्र गरेको देखिन्छ। त्यसैगरी होमवहादुर सुवेदीले मिति २०७६/०१/९ मा गरेको मौकाको कागज व्यहोरा र सहीछाप मेरै हो। मैले मृतकको मृत्युको सम्वन्धमा जाहेरवालावाट सुनी थाहा पाएको हुँ। गालीगलौज झगडाको विषयमा निज मृतक पहिला नै माइतीमा आउँदा निजवाट नै सुनेको सोही आधारमा लेखाएको हुँ भनी वकपत्र गरेको देखियो।

अर्का व्यक्ति रामवहादुर वुढाले मेरो ज्वाईं विदेश जाने भनी काठमाडौंमा गइसकेका थिएँ। छोरीलाई निजका सासुससुराले रु.५००/- चोरी भएको छ। तैले चोरी गरेकी छस् भनी वारम्वार झगडा गरिरहन्थे सोही क्रममा उक्त रूपैयाँ यदि तैले लिएकी छस् भने वरु मैले नै तिरिदिउँला भन्दा निज छोरी सोही झगडाका कारण निजले आत्महत्या गरेकी हो भनी वकपत्र गरेको पाइन्छ। यसैगरी चित्रा वुढाले मिति २०७६/०१/१७ मा गरेको मौकाको कागज व्यहोरा र सहीछाप मेरै हो। छोरीले घटनाको अघिल्लो दिन मलाई फोन गरी घरमा सासुले रु.५००/- चोरी गरेको भनी आरोप लगाई झगडा गरेकी छन् भनेकी थिइन्। भोलिपल्ट विहान अव म यहाँ वस्न सक्दैन माइत आउँछु भनेकीमा एक्कासी एक घण्टापछाडि निजको मृत्यु भयो भन्ने खवर आयो। निज छोरी माइत आउने अवस्थामा को-कसले के कसरी मारेका हुन् मलाई थाहा भएन। छोरीको घरमा सासुससुरा मात्र थिएँ भन्ने सुनेको हुँ भनी वकपत्र गरेको देखिन्छ।

२९) प्रतिवादीहरुका साक्षी रत्नवहादुर थापाले म निज मृतक र प्रतिवादीहरुको नजिकैको छिमेकी हुँ। जाहेरवाला तथा मौकाका मानिसहरुले भनेअनुसारको निज मृतक र प्रतिवादीहरुका बिचमा झै-झगडा कुटपिट गालीगलौज भएको मैले कहिल्यै पनि सुनिन्। निज जाहेरवालालगायतका मौकाका मानिसहरुले के कति कारणले उक्त कुरा लेखाएका हुन् मलाई थाहा भएन। जाहेरवालाले भनेवमोजिमको कार्य प्रतिवादीहरुले गरेका होइनन्। निज मृतक र निजका सासुससुराका बिचमा घटनापूर्व कहिल्यै पनि झै-झगडा भएको थिएन भनी वकपत्र गेरको देखिन्छ।

३०) अभियोगदावीमा उल्लिखित मुलुकी अपराध संहिता,२०७४ को दफा १८५ मा कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्नेसम्मको परिस्थिति खडा गर्न वा गराउन हुँदैन। सो वमोजिम कसुर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ।

३१) आत्महत्या वा कर्तव्य के हो भन्ने धेरै विवादका विषयमा सम्मानित सर्वोच्च अदालतवाट विभिन्न समयमा धेरै नजिर सिद्धान्तहरू प्रतिपादन भएको अवस्था भएपनि गत वर्ष २०७५ भाद्र १ गतेदेखि मात्र लागु भएको मुलुकी अपराध संहिता २०७४ को दफा १८५ ले व्यवस्था गरेको आत्महत्या गर्न दुरुत्साहन दिने कार्य पनि कानुन विपरीतको अपराध मानिने भन्ने नयाँ कानुनी व्यवस्थाको प्रारम्भपछि यस्तो प्रकृतिको मुद्दाको विषयले सम्मानित सर्वोच्च अदालतमा प्रवेश पाई सम्मानित सर्वोच्च अदालतवाट यससम्वन्धी नजिर सिद्धान्तहरु प्रतिवादन भइसकेको अवस्था अहिलेसम्म देखिँदैन। खासगरी आत्महत्या दुरुत्साहनमा दुई अवस्था हुन्छन्। पहिलो पेसेवर अपराधी जो आफैले अरुको हत्या नगरी विभिन्न ढंगले दुःख दिएर जस्तैः मानसिक यातना दिएर मर्नका लागि दुरुत्साहन दिने गर्छ। उसले सो व्यक्ति मरोस् भनेर चाहना राखेको हुन्छ र त्यसको नतिजा पनि अनुमान लगाएको हुन्छ र यसका लागि सक्रिय रूपमा लागेको हुन्छ। दोस्रो विभिन्न कारणले जस्तैः दाइजो, मृतकलाई निरन्तर रुपमा प्रताडित गराई मर्नुको विकल्प नभएको अनुभूति गराई मर्न वाध्य तुल्याएको अवस्था हुनुपर्छ। अर्थात् यी दुवै अवस्थामा मनसाय स्पष्ट रहेको देखिनुपर्छ। यी दुवै अवस्थामा आत्महत्या गराउन चाहने व्यक्तिको सक्रिय सहभागिता पनि चाहिन्छ। केवल नाम लिएको भरले मात्र दुरुत्साहन पर्याप्त हुँदैन। यदि नाम लिएकै भरमा अपराध ठहर गर्ने हो भने यो

व्यवस्थाको सिकार जो कोही हुन सक्छ। कसैको जीवन समाप्त होस् भनी जानी वुझिकन दुरुत्साहन नदिएको अनि सक्रिय रूपमा सहभागिता पनि नरहेको अवस्थामा जो कसैलाई दोषी करार गरिए न्याय मर्न सक्छ। त्यसैले मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ अनुसार आत्महत्याका लागि दुरुत्साहन गरेको भनिएको व्यक्ति मनसाय राखी जानी वुझी सो कार्यमा सक्रियतापूर्वक सहभागी भएको पुष्टि हुनुपर्छ। त्यस्तै मर्ने व्यक्तिले वाँच्ने अवसर नै नपाई सो अप्रिय निर्णय गरेको अवस्था हुनुपर्छ।

३२) प्रस्ततु मुद्दामा प्रतिवादी कर्णवहादुर थापावाट मिति २०७५/०८/१२ मा परेको जाहेरीमा मृतक वुहारी सीता वुढा थापा र सासु आफ्नो पत्नीबिच सानातिना झैझगडा हुने गरिरहन्थ्यो भन्नेसम्म खुल्न आए पनि घरपरिवारमा भइरहने सासु वुहारीबिचको सानोतिनो झै-झगडा नै आत्महत्या गर्न दुरुत्साहनको कारण थियो भनी मान्न सकिने अवस्था देखिँदैन। मृतकका कान्छा वुवा गंगवहादुर वुढावाट यी प्रतिवादीहरुउपर किटानी जाहेरी परेको र जाहेरी समर्थन गरी जाहेरवालाले अदालतमा वकपत्र गरेको देखिए तापनि प्रतिवादीहरु आरोपित कसुरमा पूर्णतः इन्कार रही अदालतमा वयान गरेको देखिएको, मौकामा कागज गर्ने गीता वुढासमेतका मानिसले र जाहेरवालाले समेत अदालतको वकपत्रमा मृतकलाई प्रतिवादी सासुससुराहरूले रु.५००/- चोरी गरेको आरोप लगाई मानसिक यातना दिएका कारणले आत्महत्या गर्न मृतक सीता वुढा थापालाई वाध्य वनाएको भने पनि जाहेरी दिने वेलामा जाहेरीमा उक्त कुरा उल्लेख नगरेको र गीता वुढासमेतले मौकामा घटना विवरण कागज गर्दा सो रु. ५००/- चोरीको आरोप लगाएको भन्ने कुरा उल्लेख गर्न नसकी केवल अदालतको वकपत्रमा सो व्यहोरा थपी उल्लेख गरेको देखिएवाट प्रमाण ऐन २०३१ को दफा १८ ले उक्त थप वकपत्र व्यहोरा प्रमाण ग्राह्य देखिएन। जहाँसम्म मृतक सीता वुढा थापालाई प्रतिवादीहरुवाट निरन्तर रुपमा गालीगलौज कुटपिट गरी शारीरिक मानसिक यातना दिई झुन्डिन वाध्य वनाएको भन्ने जाहेरी भए पनि सो कुरा शंकारहित, विवादरहित, वस्तुनिष्ठ प्रमाणवाट पुष्टि हुनसकेको देखिएन। जाहेरीवाटै खुल्न आएकी वर्ष १८ की मृतकलाई पति वैदेशिक रोजगारीमा जाने क्रममा काठमाडौं गएको अवस्थामा प्रतिवादीहरुवाट शारीरिक र मानसिक यातना दिइएको थियो भने पनि निज सो घर छाडी माइतीमा जान सक्ने अवस्था रहेको, आफ्नो पतिलाई सो कुराको जानकारी गराउन सक्ने अवस्था रहेको, छरछिमेकी, स्थानीय तह र नजिकको प्रहरी कार्यालयमा उजुरी निवेदन गर्न सक्ने अवस्था रहेकोमा सो तर्फ कुनै कदम चालेको अवस्था पनि देखिँदैन। विहान माइत आउँछु भनी माइतमा खवर गरेकी भनिएकोमा माइत नजानु वा जान नसक्नुको कुनै कारण खुल्न नसकेको र वादी पक्षका साक्षीहरु सवै मृतकका माइती गाउँ दैलेख नारायण नगरपालिका वडा नं ७ निवासी व्यक्तिहरु रहेको, उनीहरूलाई वारदातस्थल दैलेख भगवतीमाई गाउँपालिका वडा नं १ को मृतकको घरको वारेमा त्यति धेरै जानकारी पाउन सक्ने अवस्थाका व्यक्तिहरू पनि नभएको, प्रतिवादीका साक्षी रत्नवहादुर थापा प्रतिवादीहरूकै छिमेकी अर्थात वारदातस्थल नजिकै वस्ने व्यक्ति भै निजले प्रतिवादीहरु र मृतकबिच कुने झै-झगडा भएको आफूले थाहा नपाएको र प्रतिवादीहरुको दुरुत्साहनका कारण मृतकले आत्महत्या गरेको अवस्था नरहेको भनी वकपत्र गरेको देखिएको हुँदा प्रस्तुत मुद्दामा मृतक मरोस् नै भन्ने चाहना राखी निजलाई मर्न

वाध्य तुल्याउनेसम्मको सक्रिय क्रियाकलाप प्रतिवादीहरुवाट भए गरेको कुरा मिसिल संलग्न प्रमाणहरुवाट पुष्टि हुन आएको देखिएन। आत्महत्या दुरुत्साहन जस्तो ज्यानसम्वन्धी कसुरमा प्रमाणको भार वादी पक्षले पुऱ्याउनुपर्ने हुन्छ। शंकाको भरमा र वस्तुनिष्ठ एवं विवादरहित प्रमाणको अभावमा यी प्रतिवादीहरु मृतकका सासुससुरालाई कसुरदार ठहर गरी सजायसमेत गर्नु न्याय र कानुनसम्मत हुने देखिन आएन।

३३) अतः मृतक सीता वुढा थापाको आत्महत्याका लागि दुरुत्साहन गरेको भनिएका यी प्रतिवादीहरु द्वयबाट मृतकसँग सामान्य झै-झगडा हुन सक्ने कुरालाई नकार्न नसकिए तापनि निज मृतकले आत्महत्या गरोस् नै भन्ने मनसाय राखी जानी वुझी सो कार्यमा सक्रियतापूर्वक सहभागी भएको र मर्ने व्यक्तिले पनि वाँच्ने वैकल्पिक अवसर नै नपाई सो आत्महत्या गर्ने अप्रिय निर्णय गरेको अवस्थाको शंकारहित, विवादरहित र वस्तुनिष्ठ प्रमाणवाट पुष्टि हुन सकेको नपाइएकोले प्रतिवादीहरु कर्णवहादुर थापा र विनिता थापाले आरोपति कसुरवाट सफाइ पाउने ठहर्छ। वादी नेपाल सरकारको अभियोग दावी पुग्न सक्दैन। सो ठहर्नाले अरु तपसिल बमोजिम गर्नु।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएअनुसार प्रतिवादीहरु कर्णवहादुर थापा र विनिता थापाले आरोपित कसुरबाट सफाइ पाउने ठहरी फैसला भएकोले यस अदालतको इन्साफमा चित्त नबुझे फैसलाको जानकारी पाएको मितिले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(१) को म्याद ७० (सत्तरी) दिनभित्र श्री उच्च अदालत, सुर्खेतमा पुनरावेदन गर्न सक्ने नै हुँदा जिल्ला सरकारी वकिल कार्यालय, दैलेखलाई फैसलाको प्रतिलिपिसहित फैसलाको जानकारी दिनु.....१

प्रतिवादीहरु कर्णवहादुर थापा र विनिता थापाले अभियोग मागदावीवाट सफाइ पाउने ठहरी फैसला भएकोले निजहरुले मुद्दा पुर्पक्षको क्रममा राखेको जनही धरौटी रकम रु. १५०००/- (एक लाख पचास हजार रुपैयाँ) संहिताको म्यादभित्र फिर्ता माग्न आए प्रस्तुत मुद्दा अन्तिम भएपछि उक्त धरौटी रकम निजहरुलाई नियमानसार फिर्ता खर्च लेखिदिनु २

प्रस्तुत फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा र यस अदालतको वेभसाइडमा समेत प्रकाशित गर्नु ३

नक्कल माग गर्ने सरोकारवालाबाट नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु.....४

प्रस्तुत फैसला कम्प्युटर प्रणालीमा अपलोड गरी मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु ५

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाएबमोजिम **(दण्डपाणि लामिछाने)**
टिपोट गरी कम्प्युटर गर्नेः- ना.सु. विनोद आचार्य **जिल्ला न्यायाधीश**

ईतिसम्वत् २०७६ साल फागुन महिना ११ गते रोज १ शुभम् .....

फैसला प्रमाणीकरण मितिः-२०७६/१२/७/६

अदालतको छापः-

श्री

बाँके जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री दुर्गाबहादुर भुसाल

फैसला

मुद्दा नं. : ०७५-C१-०४७१

रजिष्ट्रेशन नं. : ७४-०७५-०२४५८

दायर मितिः- २०७६-०१-३१

नि.नं. ११

मुद्दाः आत्महत्या गर्न दुरुत्साहन गरेको।

धनिराम गोडियाको जाहेरीले नेपाल सरकार.....१ } **वादी**

<u>बिरुद्ध</u>

नन्दराम गोडियाको छोरा जिल्ला बाँके, जानकी गाउँपालिका वडा नं. गुरुवागाउँ बस्ने पवन गोडिया भन्ने पवनचन्द्र महरा.....१ } **प्रतिवादी**

<u>वादीका साक्षीः</u>	**<u>प्रतिवादीका साक्षीः</u>**
जाहेरवाला धनिराम गोडिया	नन्दराम महरा .....
पैरु गोडिया	मुन्नालाल महरा .....
दिपु गोडिया.....	सोहन बर्मा .....
<u>प्रमाणः</u>	<u>प्रमाणः</u>

<u>अदालतबाट बुझेका</u>

साक्षी : जाहेरवाला धनिराम गोडिया

सोहन भन्ने राम सोहन बर्मा

प्रमाण :

न्याय प्रशासन ऐन, २०७३ को दफा- ७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा- ४५ बमोजिम यस अदालतको क्षेत्राधिकारअन्तर्गत दायर भई पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार रहेको छ।

<u>तथ्य खण्ड</u>

१) **लासजाँच मुचुल्का**

जिल्ला बाँके, जानकी गाउँपालिका वडा नं. ५ स्थित पूर्वमा भुसैली कुम्हारको घर, पश्चिम सोहन कुर्मीको घर, दक्षिणमा दिपक नाऊको घर, उत्तर सोहन कुर्मीको घर यति चार किल्लाभित्र बाटोले

बनेको फुस छाएको ३ कोठा भएको घर सो घरको दक्षिणतर्फको कोठामा धूरीबलोमा डोरीको पासो लगाई मृत अवस्थामा ज्योती गोडियाको शव रहेको भन्ने लासजाँच मुचुल्का।

२) धनिराम गोडियाको जाहेरी दरखास्त

म जाहेरवालाको बहिनी ज्योती गोडियाको २०७४ सालमा पवनकुमार गोडियासँग विवाह भएको, विवाह भएको केही समय निजहरूको सम्बन्ध राम्रै भए तापनि पछि निजले बहिनी ज्योती गोडियालाई कुटपिट गरी यातना दिने गरेको, सो कुरा बहिनीले बुवाआमालाई समेत भनेकामा हामीले श्रीमान श्रीमतीको कुरा हो सुधार भइहाल्ला भनेका थियौं, यस्तैमा मिति २०७६/०१/०६ गतेका विहान ७ बजेतिर मेरो बुवा पैरु गोडियालाई ज्वाइँ नाता पर्ने दिपु गोडियाले फोन गरी ज्योती गोडियाको झुन्डिएर मृत्यु भएको भन्ने कुरा जानकारी गराई सो बारेमा बहिनी ज्योती गोडियाको घरमा आई बुझ्दा निज झुन्डिएको अवस्थामा रहेको र निजलाई अन्यायी पवन गोडियाले विभिन्न आरोप लगाई कुटपिट गरी यातना दिने आफू बाहिर अन्य महिलासँग लाग्ने गरेका कारण निज बहिनी ज्योती गोडियालाई झुन्डी मर्न बाध्य बनाएको हुँदा कानुनबमोजिम गरिपाँउ भन्ने बेहोराको धनिराम गोडियाको जाहेरी दरखास्त।

३) शव परीक्षण प्रतिवेदन

मृतकको मृत्यु झुन्डिएर भएको भन्ने समेतको बेहोरा भएको मृतक ज्योती गोडियाको शव परीक्षण प्रतिवेदन।

४) प्र. पवन गोडिया भन्ने पवन चन्द्र गोडियाको वयान

मेरो मृतक ज्योती गोडियासँग एक डेढ वर्ष पहिला विवाह भएको थियो। विवाहको केही समय राम्रै भए तापनि वारदातको ३/४ महिना पहिला मैले गाउँकै सुन्दरी कुम्हारसँग बोलचाल गरेको भनी श्रीमती ज्योती गोडियाले मसँग वादविवाद गरेका कारण मैले निजलाई एक झापड हानेको थिएँ। तत्पश्चात् हामीबिच कुनै झगडा भएन, वारदातभन्दा केही दिन पहिला मेरो बुवाआमा गिजरा गाउँमा मसुर र अर्सि काट्न भनी गएका थिए। मिति २०७६/०१/०५ गतेका दिनसमेत म बुवाआमालाई सघाउन गिजरा गाउँमा गई घरमा आएको थिएँ। सोही दिन साँझ गाउँमा विमल वर्मा र कान्छा वर्माको घरमा नाचगाँन भएकाले म र श्रीमती नाच हेर्न गई राति अवेरसम्म नाच हेरिरहेका थियौं। श्रीमती कतिबेला घरमा आइन् थाहा भएन, म राति २ बजेतिर घरमा आई सुत्न लाग्दा विस्तारामा श्रीमतीको खुट्टा मेरो गर्धनमा लागेपछि घरमा बत्ती नभएका काराण लाइटर बाली हेर्दा निज वलोमा झुन्डिएकी थिइन्। मैले निज ज्योती गोडियालाई कुटपिट गरी यातना दिएको होइन भन्ने बेहोराको पवन गोडिया भन्ने पवन चन्द्र गोडियाको अधिकार प्राप्त अधिकारीसमक्ष गरेको वयान।

५) मृतकको बुबा पैरु गोडियाको कागज

मृतक ज्योती गोडिया मेरो छोरी हुन्। पवनचन्द्र महरा निजका श्रीमान मेरो ज्वाइँ नाताका हुन्। निजहरूको विवाहपश्चात् केही समय राम्रौ भए तापनि पछि ज्वाइँले छोरीलाई विभिन्न कुरामा निहुँ खोजी कुटपिट गरी यातना दिने, घरबाट निकाल्ने गरेका थिए। निजलाई मैले सम्झाउँदा म समेतलाई गाली दिने गर्दथे। मिति २०७६/०१/०५ गतेका रातिसमेत निज गाउँकै सुन्दरी कुम्हारसँगै हिँडि घुमेको भन्ने थाहा पाएको थिएँ। निज पवनचन्द्र महराले छोरी ज्योती गोडियालाई

यातना दिएका कारण निजले आत्महत्या गरेको हुँदा कानुनबमोजिम होस् भन्ने बेहोराको पैरु गोडियाको कागज।

६) मृतकको भिनाजु दिपु गोडियाको कागज

मृतक ज्योती गोडिया मेरो साली हुन्। निजको पवनचन्द्र महरासँग एक वर्ष पहिला विवाह भएको थियो। निज पवन चन्द्र महराले साली ज्योती गोडियालाई पटकपटक कुटपिट गरी यातना दिने, घर निकाला गर्ने, आफू अरु महिलासँग लागि घरमा नआउने गर्दथे। सोही पीडाका कारण निज ज्योती गोडियाले मिति २०७६/०१/०५ गते राति आत्महत्या गरेकी हुन्। कानुनबमोजिम होस् भन्ने बेहोराको दिपु गोडियाको कागज।

७) अभियोगपत्र

प्र. पवन गोडिया भन्ने पवनचन्द्र महराले आफ्नो श्रीमतीलाई विभिन्न आरोप लगाई कुटपिट गरी यातना दिने, आफू बाहिर अन्य महिलासँग लाग्ने गरेका कारण निज ज्योती गोडिया झुन्डी मर्न बाध्य बनाएको उल्लिखित कार्य मुलुकी अपराध संहिता २०७४ को दफा- १८५(१) बमोजिमको कसुर अपराध हुँदा निज प्रतिवादीलाई सोही ऐनको दफा- १८५(२) बमोजिम सजाय गरिपाउँ भन्ने समेत बेहोराको अभियोगपत्र मागदावी।

८) प्रतिवादीको अदालतसमक्षमा गरेको बयान

मैले मृतकलाई कुनै यातना दिई कुटपिट गरेको छैन। मेरो घरको नजिक विवाहको भोज थियो। मैले सोही विवाह भोज खाई मृतक श्रीमतीलाई पनि ल्याइदिई निजले खाना खाएपछि म पुनः विवाह पार्टीमा गएको थिएँ। राति सुत्न भनी घरमा जाँदा श्रीमती झुन्डिएको देखेपछि गाउँघरमा खबर गरेको हुँ। मैले मृतक श्रीमतीलाई आत्महत्या दुरुत्साहन गर्ने कुनै पनि कार्य नगरेको हुँदा मलाई सजायसमेत हुनुपर्ने होइन भन्ने समेत बेहोराको प्रतिवादीले यस अदालतमा गरेको बयान।

९) थुनछेक आदेश

प्रतिवादी पवन गोडिया भन्ने पवनचन्द्र महरा अहिले नै निर्दोष भन्ने नदेखिँदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा- ६७ बमोजिम थुनामा राख्न कारागार कार्यालय, नेपालगंज बाँकेमा लेखिपठाउनु भन्ने समेत बेहोराको मिति २०७६/०२/०१ गतेको यस अदालतको थुनछेक आदेश।

१०) जाहेरवाला धनिराम गोडियाले यस अदालतमा गरेको बकपत्र

मैले जिल्ला प्रहरी कार्यालय, बाँकेमा पेस गरेको जाहेरी दरखास्त बेहोरा ठिक साँचो हो। प्रतिवादी र मृतकको सम्बन्ध राम्रो नरहेको, प्रतिवादी अन्य केटीहरूसँग लाग्ने गरेको, प्रतिवादीले मृतकलाई कुटपिट तथा गालीगलौज गरी शारीरिक तथा मानसिक यातना दिने गरेको कारणबाट मृतक ज्योती गडियाले झुन्डिएर आत्महत्या गरेकी हुन्। मृतकलाई प्रतिवादीले नै झुन्डिएर आत्महत्या गर्न बाध्य पारेका हुन्। मैले प्रस्तुत घटना गाउँघरमा सुनी थाहा पाएको हुँ भन्ने बेहोराको जाहेरवाला धनिराम गोडियाले यस अदालतमा गरेको बकपत्र।

११) पैरु गोडियाले यस अदालतमा गरेको बकपत्र

मैले मिति २०७६/०१/१४ मा जिल्ला प्रहरी कार्यालय, बाँकेमा गरेको घटना विवरण कागज बेहोरा ठिक साँचो हो। प्रतिवादीले मृतक छोरीलाई कुटपिट गर्ने र निज प्रतिवादी अन्य केटीहरूसँग लागि हिँड्ने गरेकोले मृतकलाई आत्महत्या गर्न बाध्य बनाएका हुन्। मैले मृतकले आत्महत्या गर्न लागेको देखेको होइन, मैले हेर्दा झुन्डिरहेको लास देखेको हुँ भन्ने बेहोराको घटना विवरण कागज गर्ने पैरु गोडियाले यस अदालतमा गरेको बकपत्र।

१२) प्रतिवादीका साक्षीको बकपत्र

मृतकको मृत्यु झुन्डिएर भएको, प्रतिवादीले मृतकलाई झुन्डिएर आत्महत्या गर्न दुरुत्साहन गरेका होइनन्, निज प्रतिवादीले दावीबमोजिमको कसुर अपराध नगरेको र माइती पक्षले शंका मानी झुठ्ठा जाहेरी दिएका हुन्। के कारणले मृतकले आत्महत्या गरेकी हुन् थाहा भएन। प्रतिवादीले कुनै अपराध नगरेको हुँदा निजलाई साजाय हुनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादीका साक्षी सोहन भन्ने रामसोहन कुर्मीले यस अदालतमा गरेको बकपत्र।

ठहर खण्ड

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत **आत्महत्या दुरुत्साहन** मुद्दामा प्रतिवादीले आफ्नो श्रीमतीलाई विभिन्न आरोप लगाई कुटपिट गरी यातना दिने, आफू बाहिर अन्य महिलासँग लाग्ने गरेका कारण निज ज्योती गोडिया झुन्डी मर्न बाध्य बनाएको उल्लिखित कार्य मुलुकी अपराध संहिता २०७४ को दफा- १८५(१) बमोजिमको कसुर अपराध गरेकोले निज प्रतिवादीलाई सोही ऐनको दफा- १८५(२) बमोजिम सजायको मागदावी भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता श्री निराजन शर्माले- सँगै नाँच हेर्न गएको तर श्रीमती कतिबेला फर्केको थाहा नभएको भन्ने प्रतिवादीको भनाई, चार-छ महिनाअगाडि गाँउकै सुन्दरी कुम्हारसँग बोलचाल गरेको भनी श्रीमतीले वादविवाद गरेका कारण एक झापड हानेको कुरा प्रतिवादी आफैले स्विकार गरेको समेतका आधार प्रमाणबाट पनि अभियोग पुष्टि हुन आएको देखिँदा मागबमोजिम सजाय गरिपाँउ भनी प्रस्तुत गर्नु भएको बहस सुनियो।

त्यस्तै प्रतिवादीका तर्फबाट विद्वान् अधिवक्ता श्री विनोदकुमार गुप्ताले- "आत्महत्या गर्न दुरुत्साहन गरेको हो वा के गरेको हो सो खुलाई प्रतिवादीलाई सजाय गरिपाँउ भनी" जाहेरी परेकोले दुरुत्साहन गरेको भन्ने किटानी जाहेरी नभएको, सँगसँगै नाँच हेर्न गएका छन, कुटपिट गरेको भन्ने कतै उजुर छैन, मृतकको शरीरमा कुनै चोटपटक नदेखिएको, प्रतिवादीको के-कस्तो कार्यले दुरुत्साहन भयो भन्ने कुरा वादी पक्षबाट खुल्न नसकेको समेतका आधारबाट प्रतिवादीउपरको आरोपित कसुर प्रमाणित हुन नसकेकोले दावीबाट फुर्सद दिलाई पाउँ भनी प्रस्तुत गर्नु भएको बहस सुनियो।

वादी तथा प्रतिवादीहरु दुवै तर्फबाट उपस्थित विद्वान कानुन व्यवसायीहरुको बहस सुनी पेश हुन आएको प्रस्तुत मुद्दाको लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, बुझिएका मानिसहरुका भनाई ,प्रतिवादीको बयान तथा जाहेरवालाको बकपत्रसमेतका मिसिल संलग्न कागजातहरुको अध्ययन गरी हेर्दा प्रतिवादीको मृतक

श्रीमती झुन्डिएर आत्महत्या गरेको भन्ने तथ्यमा विवाद रहेको नदेखिए पनि देहाएका प्रश्नहरुमा निरोपण गर्नुपर्ने देखियो।

१) अभियोग दावीअनुसार आफ्नै श्रीमतीलाई आत्महत्या गर्न दुरुत्साहन गरेको भन्ने प्रतिवादीउपरको आरोपित कसुर प्रमाणित हुने हो वा होइन ?

२) कसुर प्रमाणित हुन आए यी प्रतिवादीलाई के कति सजाय हुनुपर्ने हो ?

अब उल्लिखित पहिलो प्रश्नतर्फ विचार गर्दा, मृतक मेरो बहिनीलाई प्रतिवादीले विभिन्न आरोप लगाई कुटपिट गरी यातना दिने र आफू बाहिर अन्य महिलासँग लाग्ने गरेका कारण निज बहिनी ज्योती गोडियालाई झुन्डिएर मर्न बाध्य बनाएको भन्ने समेतको मृतकका दाजुको जाहेरी दरखास्त भएको प्रस्तुत मुद्दामा मिति २०७६/०१/०५ गते राति मृतक ज्योती गोडिया झुन्डिएर आत्महत्या गरेको भन्ने तथ्यमा लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, बुझिएका मानिसहरुका भनाई, प्रतिवादीको वयान तथा जाहेरवालाको बकपत्रसमेतका मिसिल संलग्न कागजातहरुबाट पनि समर्थन हुन आएको देखियो। प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष वयान गर्दा, मृतक श्रीमतीसँग एक डेढ वर्षपहिला विवाह भएको, विवाहको केही समय राम्रै भए तापनि वारदातको ३/४ महिनापहिला गाउँकै सुन्दरी कुम्हारसँग बोलचाल गरेको भनी श्रीमती ज्योती गोडियाले मसँग वादविवाद गरेका कारण मैले निजलाई एक झापड हानेको, तत्पश्चात् हामीबिच कुनै झगडा भएन, वारदातको साँझ गाउँमा विमल वर्मा र कान्छा वर्माको घरमा नाचगाँन भएकाले श्रीमतीसमेतले राति अवेरसम्म नाँच हेरिरहेका थियौं, श्रीमती कतिबेला घरमा आइन् थाहा भएन, म राति २ बजेतिर घरमा आई सुत्न लाग्दा विस्तारामा श्रीमतीको खुट्टा मेरो गर्धनमा लागेपछि घरमा बत्ती नभएका कारण लाइटर बाली हेर्दा निज वलोमा झुन्डिएकी थिइन्। मैले निज ज्योती गोडियालाई कुटपिट गरी यातना दिएको होइन भन्ने समेत बेहोरा व्यक्त गरेको र अदालतसमक्ष समेत सोही बेहोरा दोहोऱ्याउँदै मैले मृतकलाई कुनै यातना दिई कुटपिट नगरेको, मेरो घरको नजिक विवाहको भोज भएकोले मैले भोज खाई श्रीमतीलाई पनि ल्याइदिई निजले खाना खाएपछि म पुनः विवाह पार्टीमा गएको, राति सुत्न भनी घरमा जाँदा श्रीमती झुन्डिएको देखेपछि गाउँघरमा खबर गरेको, श्रीमतीलाई आत्महत्या दुरुत्साहन गर्ने कुनै पनि कार्य नगरेको भन्ने समेत बेहोरा व्यक्त गरी बयान गरेको पाइयो।

मृतकका जाहेरवाला दाजु तथा मौकामा कागज गर्ने मृतकका बुबासमेतले प्रतिवादी अन्य केटीहरूसँग लाग्ने गरेको, प्रतिवादीले मृतकलाई कुटपिट तथा गालीगलौज गरी शारीरिक तथा मानसिक यातना दिने गरेको कारणबाट मृतक झुन्डिएर आत्महत्या गरेकी हुन् भनी मौकामा कागज गरेको र सो कुरा अदालतसमक्ष बकपत्र गर्दा पनि व्यक्त गरेको देखियो भने प्रतिवादीका साक्षी सोहन भन्ने रामसोहन कुर्मीले मृतकको मृत्यु झुन्डिएर भएको, प्रतिवादीले मृतकलाई झुन्डिएर आत्महत्या गर्न दुरुत्साहन गरेका होइनन्, माइती पक्षले शंका मानी झुठ्ठा जाहेरी दिएका, के कारणले मृतकले आत्महत्या गरेकी हुन् थाहा भएन भनी अदालतसमक्ष बकपत्रो क्रममा व्यक्त गरेको पाइयो।

मृतकका आफन्तहरुले यी प्रतिवादी अन्य केटीहरूसँग लाग्ने गरेको, प्रतिवादीले मृतकलाई कुटपिट तथा गालीगलौज गरी शारीरिक तथा मानसिक यातना दिने गरेको कारणबाट मृतक झुन्डिएर आत्महत्या गरेकी हुन् भनी जुन व्यक्त भनाईहरु छन् यी भनाईहरु प्रस्तुत मुद्दाको सन्दर्भमा प्रमाणमा लिन कति ग्राह्य छन्, यी भनाईहरु कै आधारमा आत्महत्या गर्न दुरुत्साहनको कसुर स्थापित हुने हो वा होइन, आत्महत्या

दुरुत्साहन भनेकै के हो, आत्महत्या दुरुत्साहनको कानुनी पाटो र विधिशास्त्रीय दृष्टिकोण के छ सो सम्बन्धमा थोरै भए पनि प्रकाश पार्नु सान्दर्भिक हुन सक्ने देखियो।

'आत्महत्या दुरुत्साहन' सम्बन्धी वैचारिक र दार्शनिक पक्ष ;

मुलुकी अपराध संहिता ,२०७४ जारी भई 'आत्महत्या दुरुत्साहन' लाई अपराधिकरण (Criminalization) गरेपछि यो विषयले बौद्धिक क्षेत्रमा चासो, चर्चा र वहस हुन थालेको देखिन्छ। आफ्नो ज्यान आफैले मनसायपूर्वक लिने वा स्वनियतबाट जानीजानी आफूले आफैलाई मार्ने कार्यलाई आत्महत्या गरेको मानिन्छ भने अवैध कार्य गर्न उक्साउने काम दुरुत्साहन हो। प्रायः कसुर अपराधमा षड्यन्त्र, उद्योग, दुरुत्साहन र मतियार हुनसक्ने सम्भावना देखिए पनि आत्महत्यामा हुन्छ हुँदैन त्यो विचारणीय देखिन्छ- किनभने आत्महत्या आफैमा अपराध वा कसुर हुन सक्ने नसक्ने सम्बन्धमा अहिले पनि चर्चा, चासो र वहसको बिषय बनेको छ। एकथरिको दृष्टिकोण आत्महत्या आफैमा अपराध हुन सक्दैन, जुन कार्य कसुर अन्तर्गत पर्दैन त्यस्ता कार्यमा दुरुत्साहनको प्रस्नै नउठ्ने भन्दै आत्महत्या स्वैच्छिक रुपमा हुने र अरूको उक्साहटमा यो सम्भव नहुने भन्ने तर्क गरेको पाइन्छ।

फौजदारी कानुनले आपराधिक कार्यलाई पूर्ण र अपूर्ण अपराधका रुपमा विभाजन गरी अपूर्ण कार्यअन्तर्गत आपराधिक षड्यन्त्र, उद्योग, दुरुत्साहन र मतियारीलाई राखेको पाइन्छ तर आत्महत्याको उद्योगलाई अपराधको रूपमा परिभाषित गर्नु उचित हुने वा नहुने सम्बन्धमा फौजदारी विधिशास्त्रमा एकमत देखिँदैन। आत्महत्याको प्रयास गर्ने व्यक्ति आफैमा पीडित हुने हुँदा उसलाई सजाय होइन, उपचार आवश्यक हुन्छ भन्ने धारणा एकातिर रहेको छ भने यसलाई निरुत्साहित गर्नको लागि अपराधको रूपमा परिभाषित गरी केही सजाय गर्नुपर्दछ भन्ने धारणा अर्कातिर रहेको पाइन्छ। कतिपय देशका फौजदारी कानुनले आत्महत्याको उद्योगलाई अपराधको रूपमा परिभाषित गरी कम सजाय तोक्ने गरेको पाइन्छ। भारतीय दण्डसंहिताको दफा- ३०९ बमोजिम आत्महत्याको प्रयास सफल नभएमा सो उद्योग हुने र आत्महत्याको उद्योगलाई निषेध गरी एकवर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको पाइन्छ ।

आत्महत्याको दुरुत्साहनलाई आत्महत्याको उद्योगभन्दा गम्भीर अपराधको रूपमा लिएको पाइन्छ। कुनै व्यक्तिले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिने वा आत्महत्या गर्नुपर्नेसम्मको परिस्थिति खडा गरी आत्महत्या गर्न बाध्य पार्ने कार्यलाई अपराधको रूपमा निषेध गरी सजायको व्यवस्था गर्ने प्रचलन बढ्दै गएको सन्दर्भमा हाम्रो अपराध संहिताले पनि कसुरको रुपमा परिभाषित गरेको छ। भारतीय दण्डसंहिताको दफा- ३०५ ले बालक वा मानसिक अवस्था ठिक नभएको व्यक्तिलाई आत्महत्याको लागि दुरुत्साहित गर्ने कार्य (Abetment of Suicide of Child or Insane Person) लाई निषेध गरेको पाइन्छ। यसैगरी दफा ३०६ बमोजिम आत्महत्याको लागि दुरुत्साहित गर्ने कार्यलाई निषेध गरी दश वर्षसम्म कैद र जरिवानाको व्यवस्था गरेको छ भने अस्ट्रेलियाको कानुनले दुरुत्साहन अपराध हुनाका लागि उक्सने र उक्साउने दुवै कसुरमा संलग्न रहेको हुनुपर्ने मानेको छ। सोअनुसार दुरुत्साहनकर्ताले मूल कसुरदारलाई अपराध गर्न प्रेरित गरेको हुनुपर्छ।

आत्महत्या दुरुत्साहन सम्बन्धमा सञ्चारमाध्यमहरुमा व्यक्त विचारहरुः

आत्महत्या दुरुत्साहन सम्बन्धमा नेपालको कानुन प्रणालीले नयाँ अपराधको रुपमा परिभाषित गरी संहितामा व्यवस्था गरेकोले यस सम्बन्धमा सबैको चासो बढेको र विभिन्न विचार सञ्चारमाध्यमहरुमा बाहिर आएको

देखिन्छ। ती व्यक्त विचारहरुले प्रस्तुत मुद्दाको निर्णयाधारमा खासै फरक नपारे पनि अप्रासङ्गिक कथनको रुपमा समेट्दा असान्दर्भिक हुने देखिएन। "अपराध दुरुत्साहन हुन कम्तीमा मूल कसुरदारलाई अर्को व्यक्तिले कर्मणा वा वाचाले त्यस्तो काम गर्ने भौतिक वा वाचिक स्थिति सिर्जना गरेको हुनुपर्छ। यो तथ्यका आधारमा हेर्दा अर्कालाई आत्महत्या गराउन सकिँदैन। यसैले संविधानसभाले जारी गरेको भए पनि अपराध संहिताको दफा १८५ को आत्महत्याका लागि दुरुत्साहन गर्न नहुने भन्ने प्रावधान फौजदारी विधिशास्त्रीय उत्पादन नभएर मस्यौदाकारको लहडी कल्पनामा विधायकहरूको निर्विवेक अनुमोदन गर्नाको उपज हो। अतः सो प्रावधान फौजदारी विधिशास्त्रको मान्यता विपरीत छ। सो प्रावधान सोही संहिताको परिच्छेद २ मा रहेका फौजदारी न्यायका सिद्धान्त र परिच्छेद ३ मा रहेका अपूर्ण अपराधका आधारभूत मान्यतासँग नै मेल खाँदैन" भनी "आत्महत्या दुरुत्साहन हुन सक्छ" भन्ने शिर्षकमा रवीन्द्र भट्टराईद्वारा लिखित, सोमबार, ०९ भदौ २०७६, नागरिक न्यूजमा प्रकाशित गरेको पाइयो।

त्यस्तै "सही काम गर्दा त्यसको परिणामले कसैले आत्महत्या गर्छ भने त्यो दुरुत्साहन होइन,' वरिष्ठ अधिवक्ता शम्भु थापाले भने, 'नघटेको घटनाको आशंका र डरले आत्महत्या गर्दा पनि दुरुत्साहनको दोष लगाउन मिल्दैन। तर कसैको असत् व्यवहारले कोही आत्महत्या गर्ने अवस्थामा पुग्यो भने त्यसलाई दुरुत्साहन भन्न मिल्छ।' कसैले कसैको गोपनीयता भंग गर्ने कुनै प्रमाण बटुलेर धम्की दियो, बार्गेनिङ गऱ्यो वा कुनै काम गरेर आत्महत्या गर्नुपर्ने स्थितिमा पुऱ्यायो भने त्यसलाई दुरुत्साहनको अभियोग लगाउन सकिने उनले बताए। तर भएको तथ्य बाहिर ल्याउँदा, पत्रिकामा कुनै सत्य समाचार प्रकाशन गर्दा वा जिम्मेवारीमा पर्न गएको कुनै काम गर्दा कसैले आत्महत्या गऱ्यो भने त्यो दुरुत्साहन नहुने" "के हो आत्महत्या दुरुत्साहन" भन्ने शिर्षकमा भाद्र १, २०७६ मा कान्तिपुर संवाददाताद्वारा कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित गरेको पाइयो।

यसैगरी आत्महत्याको दुरुत्साहनसम्बन्धी कानुनी प्रावधान नयाँ भएको र सो व्यवस्था सम्बन्धमा फौजदारी संहिता निर्माणका बेला संसदीय समितिको संयोजक रहेका नेपाल कम्युनिष्ट पार्टीका सांसद कृष्णभक्त पोखरेलले "दाइजो र घरेलु हिंसाका कारण महिलाहरूले आत्महत्या गर्नुपर्ने अवस्था निर्माण हुने तर दोषी कारबाहीमा नपर्ने अवस्था अन्त्य गर्न दुरुत्साहनको व्यवस्था राखिएको बताए। 'बुहारीहरुमाथि चरम दबाब श्रृजना गरेर आत्महत्या गर्न बाध्य गरिएका घटनामा कारबाहीका लागि हामीले कानुनी व्यवस्था गरेका हौं, 'आत्महत्या आफैंमा कसुर होइन तर दुरुत्साहनलाई हामीले कसुर मानेका छौं" भनी उल्लेख गरेको पाइयो। के हो आत्महत्या दुरुत्साहन भन्ने शिर्षकमा भदौ १०, २०७६ मा सेतोपाटी संवाददाताद्वारा सेतोपाटी नेपालको डिजिटल पत्रिकामा प्रकाशित गरेको पाइयो।

त्यस्तै मानिस आत्महत्याको बाटो रोज्नुको कारणहरुका सम्बन्धमा "नैरास्यता, आवेग, पारिवारिक कलह, प्रेममा धोका, आर्थिक लेनदेन जस्ता रहेको मनोविद् पदमराज जोशीको भनाइ छ। 'पछिल्लो समय बढ्दो सहरीकरण मानिसको इच्छा आकांक्षहरु बढी हुने र परिपूर्ति गर्न नसक्दा यसबाट निरासा हुने, अर्को कुरा आफूले आफैलाई कमजोर ठान्ने निरीह भएर आत्महत्या गर्ने प्रवृति बढेको छ,' जोशीले भने। आत्महत्याबाट बचाउन त्यस्ता मानिसको व्यवहारबारे पहिलो चरणमै परिवारका सदस्य वा साथीभाईले थाहा पाए साइकोथेरापी माध्यमबाट रोक्न सकिने" भन्ने भनाई रहेको पाइयो। आत्महत्याको डरलाग्दो

तथ्याङ्क, तीन वर्षमा १६ हजारले रोजे आत्महत्या, भन्ने शिर्षकमा कृष्णसिंह लोथ्यालद्वारा ०५ भदौ, २०७६ मा शिलापत्र नेपालको डिजिटल पत्रिकामा प्रकाशित गरेको पाइयो।

त्यस्तै आत्महत्या दुरुत्साहनसम्बन्धी प्रावधानका सम्बन्धमा सरकारी पक्षसमेत सचेत रहेको भन्ने कुरा "दुरुत्साहनको गलत व्याख्या हुन सक्ने भएकाले यसबारे अनुसन्धानमा चनाखो हुनुपर्ने बताउँदै यसमा भएको द्विविधा हटाउने उद्देश्यले महान्यायाधिवक्ताको कार्यालयले 'आत्महत्या घोषणा गर्न बाध्य पार्नेलाई अपराधी घोषणा गर्नुपर्ने आवश्यकतासम्बन्धी अध्ययन प्रतिवेदन २०७२ सालमै तयार पारेको थियो। सहन्यायाधिवक्ता कृष्णजीवी घिमिरेको संयोजकत्वमा गठित कार्यदलले के-कस्तो कार्यलाई दुरुत्साहन भनिने हो, त्यसको स्पष्ट किटान कानुनमा हुनुपर्नेमा जोड दिएको छ। प्रारम्भिक अनुसन्धानमा आत्महत्या गर्न बाध्य पारिएको देखिए पीडितबाट जाहेरी लिनुपर्ने, अभियुक्तलाई पक्राउ गरी बयान लिनुपर्ने, झुटो जाहेरी दिएको पाइए जाहेरी दिनेलाई नै दण्ड दिनुपर्नेलगायत सुझाव दिइएको छ। अपराध संहिता लागु हुनुअघि नै कार्यदलले सार्वजनिक गरेको प्रतिवेदनमा आत्महत्यामा दुरुत्साहन प्रावधानको दुरुपयोग हुन सक्ने पनि औंल्याइएको छ" भनी के हो आत्महत्या दुरुत्साहन भन्ने शिर्षकमा भाद्र १, २०७६ मा कान्तिपुर संवाददाताद्वारा कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित गरेको पाइयो। त्यसैगरी आत्महत्या सम्बन्धित व्यक्तिको आफैलाई समाप्त पार्ने स्वैच्छिक निर्णय हो, त्यसको जरियामा उसैको मानसिक अवस्था मूल रूपमा जिम्मेवार हुने र कार्य सम्पन्न गर्नमा पनि ऊ एक्लोको मात्र संलग्नता रहने हुनाले आत्महत्या गर्ने कार्यमा आपराधिक दुरुत्साहन हुन नसक्ने भन्ने पनि तर्कहरु देखिन्छन् तथापि संहिताले आत्महत्याको दुरुत्साहनलाई अपराधीकरण गर्दा यसका आपराधिक तत्वहरु यो– यो हुन सक्छन् र यो अवस्थामा यस्ता-यस्ता काम कुरा गरे आत्महत्या दुरुत्साहन हुने भनी स्पष्टिकरण राखेको देखिँदैन र सम्मानित सर्वोच्च अदालतबाट पनि व्याख्या भइसकेको अवस्था देखिँदैन।

आत्महत्या गर्न दुरुत्साहनसम्बन्धी वर्तमान कानुनी व्यवस्थाः

मुलुकी अपराध संहिता, २०७४ को दफा- १८५(१) ले "कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन वा दुरुत्साहन दिई त्यस्तो काम गर्नेसम्मको परिस्थिति खडा गरिदिन हुँदैन भन्ने व्यवस्था गरिएको छ। नेपालको फौजदारी कानुनमा आत्महत्याको उद्योग र यसको दुरुत्साहनलाई हालसम्म पनि अपराधको रूपमा परिभाषित गरिएको छैन्। प्रस्तावित दफाले आत्महत्याको दुरुत्साहनलाई अपराधको परिभाषाभित्र समेटेको छ र यो नेपालको फौजदारी कानुनमा एक नयाँ व्यवस्था हो। प्रस्तावित दफाले कसैले कसैलाई आत्महत्या गर्न, दुरुत्साहन दिन वा दुरुत्साहन दिई त्यस्तो काम गर्नेसम्मको परिस्थिति खडा गरिदिन हुँदैन भन्ने व्यवस्था गरेको छ। यो व्यवस्थाले प्रत्यक्ष रूपमा दुरुत्साहन दिने वा अप्रत्यक्ष रूपमा आत्महत्या गर्ने परिस्थिति खडा गर्ने कार्यलाई अपराधको रूपमा परिभाषित गर्दै ऐ. दफा १८५(२) ले यस्तो अपराध गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपियाँसम्म जरिवाना हुने व्यवस्था गरेको पाइन्छ।

उल्लिखित बिभिन्न प्रकरणमा आत्महत्या गर्न दुरुत्साहन सम्बन्धमा बिभिन्न विचारहरु व्यक्त भएको र उक्त अभिव्यक्तिबाट के बुझिन्छ भने सामान्यतः दुरुत्साहन वा उक्साहटबाट मानिसले आफ्नो ज्यान हाल्न (आत्महत्या गर्न) नसक्ने र नेपालको फौजदारी कानुनले आत्महत्या गर्न दुरुत्साहन दिने कार्यलाई कसुरको रुपमा व्यवस्था गरे पनि फौजदारी विधिशास्त्रको अपूर्ण अपराधका आधारभूत मान्यतासँग यो व्यवस्था मेल नखाएको भन्ने कुरा उक्त अभिव्यक्तिहरुको सार देखिन्छ।

उक्त सैद्धान्तिक, वैचारिक तथा कानुनी कसीमा प्रस्तुत वारदातलाई दृष्टिगत गर्दा यी प्रतिवादीको श्रीमती झुन्डिएर आत्महत्या गरेको भन्ने कुरामा विवाद नरहि स्थापित तथ्य हो भने मृतकका आफन्तहरुले यी प्रतिवादी अन्य केटीसँग लाग्ने गरेको, प्रतिवादीले मृतकलाई कुटपिट तथा गालीगलौज गरी शारीरिक तथा मानसिक यातना दिने गरेको कारणबाट मृतक झुन्डिएर आत्महत्या गरेकी हुन् भनी जुन व्यक्त भनाईहरु छन् यी भनाईहरु जाहेरवाला मृतकका दाजु तथा बुबा आफैले देखेको नभई गाउँघरमा सुनी थाहा पाएको भनी अदालतसमक्ष गरेको बकपत्रको व्यक्त भनाईले उक्त भनाई आफैमा शङ्कास्पद रहेको पाइयो। मृतकको शव परीक्षण प्रतिवेदन हेर्दा पनि मृत शरीरमा कुटपिटका नयाँ पुराना तेस्तो कुनै घाँउ खत रहेको भन्ने कुरा उल्लेख गरेको देखिँदैन।

त्यस्तै यी मृतक श्रीमतीले आफ्नो लोग्ने परस्त्रीसँग लागेको र आफूलाई कुटपिट गरी दुःख हैरानी दिने गरेको भन्ने सम्बन्धमा कहींकतै उजुरवाजुर गरेको देखिँदैन वरु यिनै मृतकउपर गाँउकै महिलाबाट गालीगलौज र वादविवाद गरेको सम्बन्धमा छलफल भई मिति २०७५/०६/०४ अर्थात छ महिनाअगाडि इलाका प्रहरी कार्यालय खजुराबाट मिलापत्र भएको भन्ने देखिन्छ। मौकाको बयानमा विवाद हुँदा चार महिनाअगाडि एक थप्पड हानेको हुँ भन्नेसम्मको कुरा स्विकारेको देखिन्छ तथापि चार महिनाअगाडि लोग्ने स्वास्नीविचमा भएको वादविवादको कारण एक झापड हानेको कुरा चार महिनापछि आएर आत्महत्या गर्न दुरुत्साहन दिने कार्य बनेको भन्न मिल्ने अवस्था देखिन आउँदैन। यी मृतक श्रीमती र प्रतिवादी श्रीमानका बिचमा राम्रो सम्बन्ध र माया प्रेम रहे भएको भन्ने कुरा "मेरो घरको नजिक विवाहको भोज थियो, मैले सोही विवाह भोज खाई मृतक श्रीमतीलाई पनि ल्याइदिई निजले खाना खाएपछि म पुनः विवाह पार्टीमा गएको थिएँ, राति सुत्न भनी घरमा जाँदा श्रीमती झुन्डिएको देखेपछि गाउँघरमा खबर गरेको हुँ" भन्ने प्रतिवादीको अदालतसमक्ष व्यक्त भनाईले पनि सो कुरालाई पुष्टि गरेको पाइन्छ। यसरी मृतकले आत्महत्या गर्ने कार्य निजको आफ्नै मनको नियोजित कार्य रहेको र सो नियोजित कार्यमा अर्थात जीवन कि मृत्यु भन्ने बिकल्पको रोजाइमा मृतकले जब मृत्यूको बिकल्प छनौट गर्दछन् अर्थात त्यो अप्रिय निर्णयमा पुग्दछ त्यस्तो अप्रिय निर्णयमा पुऱ्याउनलाई यी मृतक श्रीमानका जुन कृयाकलाप छन् ती कृयाकलापले दुरुत्साहित गरेको वा उक्साएको भनी मृतकको आत्महत्या गर्ने कार्यसँग मालाकार (Collaboration) रहेको देखिएन। यसरी आत्महत्या गर्न दुरुत्साहन गरेको जस्तो गम्भीर कसुरमा केवल शङ्काको भरमा मात्र दोषी ठहऱ्याउन मिल्ने नदेखिँदा प्र. पवन गोडिया भन्ने पवनचन्द्र महराउपरको आरोपित कसुर प्रमाणित हुन सक्ने देखिन आएन।

उल्लिखित बिभिन्न प्रकरणमा विश्लेषित तथ्य प्रमाणहरुबाट प्र. पवन गोडिया भन्ने पवनचन्द्र महराले गरेको भनिएका उक्त कार्य आत्महत्या गर्न दुरुत्साहन गरेको भन्ने कसुर स्थापित हुन सकेको नदेखिँदा प्रस्तुत मुद्दामा यी प्रतिवादीलाई **के कति सजाय हुने** भन्ने तर्फ थप विचार विश्लेषण गरिरहन पर्ने देखिएन।

तसर्थ, आत्महत्या मृतकको इच्छाले हुने कुरा निश्चित नै हो तर कसैको दुरुत्साहन, उक्साहट, गरगर भनेर मर्ने कुराको निर्णयमा मानिस पुग्छ पुग्दैन सोचनीय कुरा हो तथापि माथि बिभिन्न प्रकरणमा विवेचित मुद्दाको तथ्य तथा मिसिल संलग्न आधार प्रमाणबाट प्रस्तुत मुद्दामा यी प्रतिवादी श्रीमानको के-कस्तो कृयाकलाप (दुरुत्साहन) बाट मृतक श्रीमती झुन्डिएर आत्महत्या गर्न दुरुत्साहित भइन् र झुन्डिएर मर्नुपऱ्यो भन्ने कुराको वस्तुनिष्ठ तबरबाट पुष्टि हुन नसकि मुलुकी अपराध संहिता, २०७४ को दफा-

१८५(१) बमोजिमको कसुर प्रमाणित हुन सकेको नदेखिँदा प्र. पवन गोडिया भन्ने पवनचन्द्र महराले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ। वादी नेपाल सरकारको अभियोग मागदावी पुग्न नसक्ने ठहर्छ। सो ठहर्नाले अरुमा तपसिलबमोजिम गर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा- १३१ बमोजिम यो फैसला गरिदिएँ।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम प्र. पवन गोडिया भन्ने पवनचन्द्र महराले आरोपित कसुरबाट सफाई पाउने ठहरी फैसला भएको र निज प्रतिवादी यस अदालतको थुनछेक आदेशले कारागार कार्यालय, बाँकेमा थुनामा रहेको देखिँदा निज प्रतिवादीलाई प्रस्तुत मुद्दा बाहेक अन्य कुनै मुद्दामा थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाबाट आजै थुनामुक्त गरिदिनु भनी कारागार कार्यालय, बाँकेमा पत्राचार भइसकेको देखिँदा प्रस्तुत मुद्दाको रोहमा हाललाई केही गर्नु परेन १

प्रस्तुत मुद्दाको सुनुवाई हुँदा दुवै पक्षका कानुन व्यवसायीहरु बहस पैरवीमा सहभागी हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा- १३४(३) बमोजिम फैसला भएको कुरा थाहा पाएको अवस्था भई प्रस्तुत फैसलाउपर चित्त नबुझेमा ऐ. ऐनको दफा- १३४(१) बमोजिम श्री उच्च अदालत, तुल्सीपुर, नेपालगञ्ज इजलासमा पुनरावेदन गर्न सक्ने नै हुँदा पुनरावेदनको म्याद दिइरहनु परेन.....२

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा- १३२(४) बमोजिम जिल्ला सरकारी वकिल कार्यालय, बाँकेलाई प्रतिलिपी साथै राखी फैसलाको जानकारी दिनु.....३

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा- १३१(१०) बमोजिम फैसला प्रमाणीकरण भएको विवरण अदालतको सूचना पाटीमा टाँस गरी वेबसाइटमा समेत प्रकाशित गर्नु ४

सरोकारवालाले नक्कल मागे लाग्ने दस्तुर लिई नियमानुसार नक्कल दिनु.....५

फैसला प्रमाणीकरण पछि प्रस्तुत फैसला विद्युतिय प्रणालीमा अपलोड गर्नु.....६

दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु.....७

.....

दुर्गा बहादुर भुसाल

न्यायाधीश

फैसला तयार गर्न सहयोग पुऱ्याउने,

कर्मचारीको नामः फाँटवालाः ना.सु. कृष्णप्रसाद पौडेल,

टाइप गर्नेः डिठ्ठा हेमन्त भट्टराई।

फैसला मितिः २०७६/०५/१०/३

फैसला प्रमाणीकरण मितिः २०७६/०५/२३/२ अदालतको छाप

श्री

काभ्रेपलाञ्चोक जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री पुरुषोत्तम प्रसाद ढकाल

फैसला

सम्वत् २०७५ सालको मुद्दा नं. ०७५-c1-०१४७

नि.नं.- १३४

मुद्दाः आत्महत्या गर्न दुरुत्साहन।

<u>वादीको नाम थर ठेगाना</u>

शरण तामाङको जाहेरीले वादी नेपाल सरकार.....१

<u>साक्षी</u>

जाहेरवाला तथा मौकामा बुझिएका मानिसहरु

<u>कागज-</u> ×

<u>प्रतिवादीको नाम थर ठेगाना</u>

लोटु तामाङको नाति, सनमान तामाङको छोरा का.प.जी. मण्डन देउपुर नगरपालिका वडा नं. ५ कानपुर बस्ने वर्ष २६ को राजु तामाङ....१

<u>साक्षी</u>

भोज कुमार तामाङ

<u>कागज</u>

×

<u>अदालतबाट बुझेको</u>

<u>साक्षी</u>

राजकुमार लामा

शरण तामाङ

सोनाम तामाङ

जोगलाल लामा

भोज कुमार तामाङ

ड. मणी महर्जन

डा. आहना श्रेष्ठ

<u>कागज</u>

मुद्दा दर्ता मितिः२०७६/०१/३०

मुद्दा फैसला मितिः२०७६/०८/२४

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता(ऐन) २०७४ को दफा ४५ ले यसै अदालतको क्षेत्राधिकारभित्रको भै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ।

<u>तथ्य खण्ड</u>

१) मिति २०७६।०१।०१ गतेका दिन निज राजु तामाङले एक्कासी मेरो मोबाइल नम्बर ९८१३४०७०४८ मा निजको आफ्नो मोबाइल नम्बर ९८१०००५५१९ बाट फोन गरी मैले किन के भयो भनी भन्दाभन्दै एक्कासी प्रतिवादीले फोन काटिएपश्चात् तत्काल म आफैले फोन गर्दा स्विच अफ भनिएपश्चात् मैले पुनः छोरीको मोबाइल नम्बर ९८१३६८४०९४ मा फोन गर्दा निज छोरीले मलाई आज पनि पति राजु तामाङले बिहानै कुटपिट गरी शारीरिक तथा मानसिक तनाब दिएको भनी कुराकानी गरिरहेको अवस्थामा एक्कासी निज राजु तामाङले छोरीको मोबाइल सेट खोसी स्विच अफ गरिदिएको र तत्कालै निज छोरीले मेरो भान्जी मन्जु तामाङको मोबाइल नम्बर ९८२३३७०८४९ मा फोन गरी सोही दिनको बिहानको घटना निज छोरीले बताएपश्चात् सोही दिनको राति अं.१०:०० बजेको समयमा निज प्रतिवादी राजु तामाङले मलाई तपाईको छोरी मेरै जस्ताको टहरामा झुन्डेर मृत्यु भयो भनी भनेपश्चात् तत्काल म र प्रमाणका मानिसहरुसमेत भई उक्त वारदातस्थलमा गई लासको प्रकृति हेर्दा मृतक छोरीको शरीरको निधारमा, हातमा र बिभिन्न भागमा समेत निलडाम चोटपटक देखिएको अवस्थामा झुन्डी मृत्यु भएको देखि निज राजु तामाङले मेरो छोरी रोशनी तामाङलाई सधै मादक पदार्थ सेवन गरी शारीरिक तथा मानसिक यातना दिएको कारणबाट झुन्डी मृत्यु भएको हुँदा यो जाहेरी दरखास्त दिन आएको छु निज आरोपित कसुरदार राजु तामाङले मेरो छोरीलाई सधैजसो कुटपिट गरी शारीरिक तथा मानसिक यातना र तनाब दिएको कारणबाट झुन्डी मृत्यु भएको हुँदा निज आरोपित कसुरदारलाई यस प्रहरी कार्यालयबाट पक्राउ गरी मुलुकी अपराध संहिता २०७४ को परिच्छेद १२ को दफा १८५ को उपदफा १ र २ नं. बमोजिम हदैसम्मको कारबाही गरिपाउँ भन्ने समेत ब्यहोराको शरण तामाङको जाहेरी दरखास्त।

२) का.प.जि. नमोबुद्ध न.पा. वडा नं. ०५ कानपुर बदेलडाँडा स्थित पूर्वमा मृतकको ससुरा सनमान तामाङको घर, पश्चिममा कमल मैनालीको खाली जग्गा, उत्तरमा मृतकको ससुराको घर आगन र दक्षिणमा सानुकान्छा तामाङको खाली जग्गा यति चारभित्र रहेको निज मृतक बस्ने गरेको जस्ताको छानो भएको जस्ताले बेरोको पूर्व मोहडा भएको कच्ची टहरा रही उक्त टहराको ढोका खुल्ला अवस्थामा रहेको उक्त ढोकाबाट भित्र प्रवेश गरी हेर्दा पूर्व उत्तर कुनामा काठको खुट्टे खाट रहेको उक्त कोठाको जम्मा लम्बाइ १६ फिट ५ इन्च र चौडाइ ९ फिट रहेको उक्त कोठाभित्रको अन्य मालसामानको अवस्था सामान्य नै रहेको उक्त कोठा ढोकादेखि ७ फिट दक्षिण पश्चिम कुनामा पश्चिम मोहडा भई ९ इन्चको बाँसको बलोमा कालो नाइलनको डोरीले घाँटीमा पासो लगाई झुन्डिएको अवस्थामा रहेको स्थानको चार किल्लासहितको लास जाँच प्रकृति मुचुल्का बिवरण।

३) मृतक मेरो श्रीमती बिष्णुमाया तामाङ भन्ने रोशनी तामाङसँग आजभन्दा ९ बर्षअगाडि मागी बिबाह भई घर ब्यवहार चलिआएकोमा निज श्रीमतीसँगको सम्बन्धबाट निज श्रीमती गर्भवती भएपश्चात् म बिदेशी भुमी साउदी स्थितमा गई कमाई घर खर्चसमेत पठाउँदै आएकोमा बिचमा एकपटक घरबिदामा आउने बेलामा निज श्रीमतीले मेरो नागरिकता तथा छोरीको जन्म दर्तासमेत बनाउनु पऱ्यो भनी भन्दा सो समयमा हामीबिच बिबाह गरेको समय थाहा नभएकोले नागरिकता तथा जन्म दर्ता बनाउन नपाई २ महिना घरमा बसी पुनः म बिदेशी भुमी साउदीमा नै गई कमाई २०७४ को माघ महिनामा घर फर्की आई घरमा नै केही गर्छु भनी घरमा नै बसी कमाई परिवारको लालनपालन गरी आएकोमा निज श्रीमतीले पुनः मलाई नागरिकता बिहे दर्ता छोरीको जन्मदर्तालगायतको कागजात बनाउनुपऱ्यो भनी सधैं मलाई किचकिच गर्ने गरेको कारणबाट श्रीमान श्रीमतीबिच कहिलेकाँही भनाभनसम्म हुन्थ्यो मैले कुटपिट गरेको थिएन। मेरो काम बिशेषले अर्कोको गाडी चलाउने हुँदा मैले नभ्याएको कारणबाट बिबाह दर्ता तथा जन्म दर्ता बनाएको थिएन। सोही बिषयलाई लिएर निज श्रीमतीले मलाई बिपक्ष बनाई जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकको महिला सेलमा निवेदन गरेको रहेछ सो कुरा मैले थाहा जानकारी पाएपश्चात् जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक महिला सेलमा आई छलफल गरी निजको बिबाह दर्ता जन्म दर्ता तथा नागरिकता बनाई दिई घरब्यवहार गरी बसेकोमा निज श्रीमतीले छोरा २ महिनाको छँदासमेत २ महिनाको छोरा छाडी घरबाट भागी गएकोमा खोजतलास गरी २ दिनपछि घरमा ल्याई राखी अब छोरा र छोरीसमेत जायजन्म भई आमा बाबु बनिसकेका छौं अब बच्चा जस्तो ब्यवहार नगर सबैसँग मिलेर बस्नुपर्छ भनी सम्झाइबुझाई गरी घरब्यवहार चलिआएकोमा २०७२ सालको भूकम्पमा मेरो बसिरहेको घर भत्केको हुँदा टहरो बनाई बसिआएकोमा अब घर बनाउनुपर्छ भनी पुरानो घर रहेको स्थानमा घडेरी खारी घर बनाउनको लागि केही सामानसमेत ल्याई घर बनाउनुपर्छ भनी काम गरिआएकोमा निज श्रीमती बिष्णुमाया भन्ने रोशनी तामाङलाई पनि तिमीले पनि केही काम गर्नुपर्छ खाजा खाना भए पनि बनाई दिनु भन्दा निजले नमानी मेरो घर होइन तेरो घर हो जे गर्छस् गर भनी बिबाद गर्दै आएकोमा उक्त वारदात मिति २०७६।०१।०१ गतेको दिन बिहानको समयमा निज श्रीमतीलाई तिमीले यसो माटो दिए पनि हुन्छ हामी मिलेर बनाउनुपर्छ तिमी र म बस्ने घर हो भनी भनेकोमा निजले नमानी तेरो घर हो जे गर्नुपर्छ गर भनी भनेकोले सोही बिषयमा बिबाद भई उक्त दिन बिहानको अं. ११:०० बजेतिर ससुरालाई फोन गरी तिम्रो छोरी घर बस्दिन भनी भनेको छ भनी भन्नको लागि फोन गरेको तर उक्त कुरा बताउन उचित नठानी हालखबर मात्र सोधी फोन राखिदिएको हो। तत्पश्चात् मैले बेलुका मासु किनी ल्याई निज श्रीमतीलाई दिई मासु पकाउ खाना खानुपर्छ भनी म आफ्नो आमाबुबाको घरमा गई घरसल्लाह गरी बसिरहेकोमा पछि १ घण्टा जतिमा घर आउँदासमेत निजले खाना नपकाएको र छोरासँग सुतिबसेको अवस्थामा देखि मैले आमाबुबा कहाँ गई बुहारीले खाना बनाएको रहेनछ म यतै खाना खाएर काकाहजुरबाको मृत्यु भएको स्थानमा क्रियापुत्री कुर्नको लागि जान्छु भनी आमा कहाँ

खाना खाई बुहारीले समेत खाना बनाई खाएको छैन रेखदेख गर्नु भनी म आफूले समेत खाना बनाई खानको लागि भनी आफु क्रियापुत्री कुर्नको लागि गएकोमा मेरो बुबा सनमान तामाङले बुहारीले खाना बनाई खायो वा खाएन भनी हेर्नको लागि सोही दिनको राति अं. २१:०० बजेको समयमा गई सानो झ्यालबाट भित्र हेर्दा बच्चा मात्र सुतिबसेको रहेछ बुहारी रहेनछ कता गयो भनी मलाई खबर गरेपश्चात् म र मेरा भाईहरुसमेत घरमा आई भाईले झ्यालबाट हेर्दा नदेखेको र घरको चुकुल लगाएको रहेकोले झ्यालबाट चुकुल तानी सोही दिनको राति अं. २२:०० बजेको समयमा भित्र प्रवेश गरी हेर्दा बाखा बानेको खोर नजिक किचन ऱ्याकको अगाडि जस्ताको टहरोको बाँसमा झुन्डी मृत अवस्थामा रहेको देखि मैले मेरो सालो तथा ससुरा प्रहरी र स्थानीयसमेतलाई खबर गरेको हो निज श्रीमतीलाई मैले कुटपिट गरेको छैन होइन के कुन कारणले मैले निजलाई कुटपिट गरी मानसिक तनाब दिएको कारणबाट मृत्यु भएको भनी किटानी जाहेरी दिएको हो मलाई थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी राजु तामाङको बयान।

४) मिति २०७६।०१।०१ गते राति अं. १०:०० बजेको समयमा म आफ्नै घरमा थिएँ, सोही दिनको दिउसो अं. १४:०० बजेदेखि १६:३० बजेको समयतिर निज जाहेरवालाको छोरी हालको मृतक मेरो फुपुको छोरी दिदी नाताको रोशनी तामाङको मोबाइल नम्बर ९८१३६८४०९४ मा मेरो मोबाइल नम्बर ९८२३३७०८४९ बाट पहिला २/३ चोटी मैले फोन गर्दा निजको श्रीमान राजु तामाङले फोन रिसिभ गरेपश्चात् मैले दिदीलाई फोन दिनुभन्दा समेत नदिई नबोलिकन फोन काटिदिने गरी आएकोमा पुनः मैले फोन गरेपश्चात् निज राजु तामाङले नै फोन उठाई दिदीलाई दिनु भन्दा बल्ल फोन दिएपश्चात् केही समय घरायसी कुरा गरी हालखबर बुझेपछि निज दिदी रोशनी तामाङले अब म माइतीमा नै गई बस्छु यो घरमा नआउने गरी भनी बताएपश्चात् मैले तिमीहरुको धेरै झै-झगडा भएको हो की कसो भन्दा निज दिदीले केही होइन भनेपश्चात् म केही समयपश्चात् फोन गर्छु भनी फोन राखिदिएपश्चात् केही समयपछि पुनः फोन गर्दा निज राजु तामाङले नै फोन उठाई दिदीलाई फोन दिनुहोस् भन्दा झर्किएर दिदीलाई फोन दिएपश्चात् कुरा नसुनेपश्चात् फोन काटी सो भन्दा अगाडि निज दिदीको मोबाइलमा फोन गर्दा कहिले पनि निज राजु तामाङले उठाएको थिएन सोही दिन मात्र उठाएको हो सोही दिनको बेलुकी पुनः फोन गर्दा मेरो फोनसमेत फुटाएको छ मेरो भाईलाई फोन गर्न लगाउनु भनी भनेको थियो। पछि मिति २०७६।०१।०२ गते बिहानीपख २:०० बजेको समयमा मलाई निज दिदी रोशनी तामाङ आफ्नै घर टहरामा झुन्डी मृत अवस्थामा रहेको कुरा थाहा जानकारी पाएपश्चात् सो कुरा मेरो घरपरिवारलाई बताएको हो। पछि निज मृतकको बुबा हालको जाहेरवालालगायतको मानिसहरु घटनास्थलमा गई लासको प्रकृति हेर्दा मृतकको शरीरको निधारमा हातमा र बिभिन्न भागमा समेत निलडाम चोटपटक देखिएको अवस्थामा झुन्डिरहेको भनी सुनी थाहा पाएको हो। निज दिदी रोशनी तामाङलाई हालको प्रतिवादी राजु तामाङले सधैंजसो मादक पदार्थ सेवन गरी गई कुटपिट गर्ने तथा शारीरिक र मानसिक यातनासमेत दिने खान लाउन राम्रोसँग नदिने

लगायतको कुरा पहिला दिदिले मलाई बताउँदै आएको थियो। पहिला पनि निज राजु तामाङउपर प्रहरीमा उजुरबाजुर गरी सम्झाइबुझाई आएको कुरासमेत बताएको थियो। उल्लिखित किसिमले निज दिदी रोशनी तामाङसँग प्रेम बिबाह गरी १ छोरा र १ छोरीसमेत जायजन्म भइसकेको अवस्थामा हालको आरोपित कसुरदार राजु तामाङले खान लाउन नदिने सधैं मादकपदार्थ सेवन गरी कुटपिट गर्ने शारीरिक तथा मानसिक यातना दिने गरेको कारणबाट निज दिदीको मृत्यु भएको हुँदा निज आरोपित कसुरदार राजु तामाङलाई यसै प्रहरी कार्यालयबाट पक्राउ गरी कानुनबमोजिम हदैसम्मको कारबाही होस् भन्ने ब्यहोराको मन्जु तामाङसमेतको एकै मिलान हुने गरी गरिदिएको पृथकपृथक घटना बिबरण कागज।

५) मिति २०७६।०१।०१ गते राति अं. २२:०० बजेको समयमा म आफ्नै घरमा थिएँ, उक्त वारदात मिति र समयमा का.प.जि. नमोबुद्ध न.पा. वडा नं. ०५ स्थितमा हालको आरोपित कसुरदार राजु तामाङको श्रीमती आफ्नै घरमा पालीको बाँसको बलोमा कालो नाइलनको डोरीले घाँटीमा पासो लगाई झुन्डी मृत अवस्थामा फेला परेको भन्ने गाँउघरमा हो-हल्ला सुनी म समेत उक्त वारदातस्थलमा गई हेर्दा आफ्नै घर टहरामा झुन्डी मृत अवस्थामा देखेकोमा म आफैले स्थानीय वडा अध्यक्ष तथा मानिसहरुलाई खबर गरी स्थानीय प्रहरीसमेतलाई खबर गरेको हो। निज आरोपित कसुरदार राजु तामाङले हालको मृतक रोशनी तामाङलाई कर्तब्य गरी मारे मराएकोमा मलाई कुनै शंका लाग्दैन के कुन कारणबाट मृतकको बुबा शरण तामाङले निज आरोपित कसुरदार राजु तामाङले आत्माहत्या गर्न दुरुत्साहन गरेकै कारणबाट मृत्यु भयो भनी खुलाई लेखाईदिएको हो मलाई थाहा भएन। निज आरोपित कसुरदार राजु तामाङले आत्माहत्या गर्न दुरुत्साहन गरेकै कारणबाट निज रोशनी तामाङको मृत्यु भएको कहींकतैबाट अनुसन्धानको सिलसिलामा खुल्न बुझिन आएमा कानुनबमोजिम कारबाही होस् भन्ने ब्यहोराको सोनाम सिं तामाङसमेतको एकै मिलान हुने गरी गरिदिएको पृथक पृथक घटना बिबरण कागज।

६) मृतकको शव परीक्षणमा case of death hanging भनी उल्लेख भए तापनि घाँटी, टाउको, ओठ, घुँडालगायतका शरीरका विभिन्न भागमा विभिन्न नाप तथा साइजका कोतरिएका घाउ चोटहरु रहेको भन्ने समेत व्यहोराको मृतक रोशनी तामाङको शव परीक्षण प्रतिवेदन।

७) यसमा जिल्ला प्रहरी कार्यालय काभ्रेपलान्चोकवाट अनुसन्धानको कार्य सम्पन्न गरी प्राप्त मिसिल संलग्न कागजातहरु घटनास्थल लासजाँच मुचुल्का, जाहेरी दरखास्त, मृतकको पोष्टमार्टम रिपोर्ट, प्रतिवादी राजु तामाङको अनुसन्धान अधिकारीसमक्ष भएको वयान, मिसिल संलग्न रहेको मृतकको फोटाहरु, घटना सम्बन्धमा बुझिएका मानिसहरुले गरेको घटना विवरणको कागजलगायतका उपर्युक्त आधार प्रमाणवाट प्रतिवादी राजु तामाङले मृतक रोशनी तामाङलाई मादक पदार्थ सेवन गरी कुटपिट गर्ने, शारीरिक तथा मानसिक यातना दिने गरेको कारणवाट मिति २०७६/०१/०१ गते अन्दाजी २२.०० वजेको समयमा का.प.जि.नमोवुद्ध न.पा. वडा न ५ कानपुर वदलेडाँडा स्थित मृतकको

जस्ताले बेरेको र जस्ताको नै छानो भएको घर टहराको भित्र कोठामा बाँसको वलोमा कालो नाइलनको डोरीले घाँटीमा पासो लगाई झुन्डी आत्महत्या गर्न दुरुत्साहन गरेको वारदात पुष्टि हुन आएकोले माथि उल्लिखित आधार प्रमाणवाट प्रतिवादी राजु तामाङको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) विपरीत कसुर हुँदा निज प्रतिवादी राजु तामाङलाई सोही संहिताको दफा १८५(२) वमोजिम सजाय गरिपाउन मागदावी लिई जिल्ला सरकारी वकिलको कार्यालय काभ्रेपलाञ्चोकमार्फत पेश गरिएको अभियोगपत्र।

८) म र विष्णुमाया तामाङबिचमा कुनै प्रकारको झै-झगडा थिएन। मैले निजलाई गालीगलौज तथा कुटपिट केही गरेको थिइन। निजले किन आत्महत्या गरिन मलाई थाहा भएन। मैले निजलाई आत्महत्या गर्न दुरुत्साहन गरेको छैन। मृतकले प्रहरीमा दिएको निवेदनमा उल्लेख भए जस्तो विवाद पनि हामीबिच थिएन। मैले मृतकलाई शारीरिक तथा मानसिक यातना दिएको पनि थिइन। निजको शरीरमा के कसरी निलडाम बस्यो मलाई थाहा भएन। मैले निजलाई कुटपिट गरेको छैन। मैले श्रीमतीलाई आत्महत्या गर्न दुरुत्साहन गरेको होइन तसर्थ मलाई अभियोग दावीबमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी राजु तामाङले यस अदालतमा गरेको बयान।

९) उल्लिखित अवस्थामा जाहेरी दरखास्त, मौकामा बुझिएका मानिसहरुले मौकामा गरिदिएको कागज, मृतकको शव परीक्षण प्रतिवेदनलाई अन्यथा प्रमाणित नभएसम्म प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम थुनछेक प्रयोजनार्थ प्रमाणमा लिन मिल्ने नै देखियो। अतः प्रतिवादी राजु तामाङले यस अदालतसमक्ष एवं मौकामा अधिकार प्राप्त अधिकारीसमक्ष वयान गर्दा आरोपित कसुरमा इन्कार रही वयान गरेको भए तापनि जाहेरी दरखास्त, मौकामा बुझिएका मानिसहरुले मौकामा गरिदिएको कागज, मृतकको शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरुवाट यी प्रतिवादी कसुरदार होइनन् भनि मान्न सकिने मनासिव आधार नदेखिएकाले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हालला ई निज प्रतिवादी राजु तामाङबाट मुलुकी फौजदारी कार्यविधि (संहिता) २०७४ को दफा ६८ बमोजिम रु. १,५०,०००।– (एक लाख पचास हजार) वा सो बराबरको जेथा वा बैंक ग्यारेण्टी दिए पुर्पक्षका लागि तारेखमा राखु दिन नसके थुनामा राख्न कारागार कार्यालय धुलिखेलमा पठाइदिनु भन्ने मिति २०७६/०२/०१ मा भएको यस अदालतको थुनछेक आदेश।

१०) मृतक मेरो बहिनी नाताकि पर्छिन्। म घटनास्थलमा घटना भएको भोलिपल्ट पुगेको थिएँ। म त्याँ पुग्दा रोशनी तामाङ झुन्डिएको अवस्थामा देखेको थिएँ। मृतकको हात, अनुहार र शरीरको विभिन्न भागमा निलडामहरु देखेको थिएँ। श्रीमान श्रीमती बेला बेलामा झगडा गर्ने भएकोले त्यस दिन पनि कुटपिटको कारणले निलडामहरु भएको होला। मृतक बाँसको बलोमा कालो नाइलनको रसीले घँटीमा पासो लगाई झुन्डिएको अवस्थामा थियो। रोशनी तामाङ र राजु तामाङबिच लभ म्यारिज भएको हो। राजु तामाङको बानी व्यहोरा राम्रो थिएन। अर्कै केटी लिएर हिड्ने, फोन गर्ने गरेको

कारण विवाद उत्पन्न भै श्रीमतीलाई झुन्डिनुपर्ने अवस्थामा पुऱ्याएकोले आत्महत्या गर्न दुरुत्साहन गरेको हुनाले हदैसम्मको सजाय होस् भन्ने समेत व्यहोराको घटनास्थल तथा लास जाँच मुचुल्काका साक्षी राजकुमार लामाले यस अदालतमा गरेको वकपत्र।

११) मृतक रोशनी तामाङ मेरो छोरी हो। मृतक छोरीको प्रतिवादी राजु तामाङसँग २०६६ सालमा विवाह भै १ छोरा र १ छोरीको जायजन्मसमेत भै घर व्यवहार सम्हाली आएकी थिइन। मृतक छोरी र प्रतिवादीविच बेलाबेलामा घरायसी विवाद भैरहन्थ्यो। रोशनी तामाङले आफ्नो विवाह दर्ता, छोराछोरीको जन्म दर्ता गरिदिनुपऱ्यो भन्दा प्रतिवादीले कुनै वास्ता गरेको थिएन। छोरी रोशनीलाई प्रतिवादी राजु तामाङले मादक पदार्थ सेवन गरी शारीरिक र मानसिक यातना दिने गर्थ्यो। रोशनीले आफ्नो इज्जतको लागि यी सबै कुराहरु सही बसेकी थिई। श्रीमान श्रीमतीको विवाद समाधानको लागि महिला सेल र स्थानीय प्रहरी चौकीमा निवेदनसमेत दिएको थियो। मिति २०७६/०१/०१ मा विहान ज्वाँईले फोन गर्नुभयो र कुराकानी नगरी फोन काट्नुभयो। त्यसपछि मैले छोरीलाई फोन गरे छोरीको फोन स्वीच अफ थियो। मञ्जु तामाङको मोवाइलमा फोन गर्दा राजु तामाङले तपाईको छोरी मेरै जस्ताको टहरामा झुन्डिएर मृत्यु भयो भनि भनेपश्चात् वारदातस्थलमा गै हेर्दा शरीरको निधारमा, हातमा र शरीरको विभिन्न स्थानमा निलडाम र चोटपटक देखिएको अवस्थामा झुन्डी मृत्यु भएको थियो। प्रतिवादीले मेरी छोरी रोशनी तामाङलाई सधैजसो कुटपिट गर्ने, शारीरिक तथा मानसिक यातना दिई झुन्डी मृत्यु हुने किसिमको आत्महत्या गर्न दुरुत्साहन गरेकोले निज प्रतिवादीलाई हदैसम्मको सजाय होस् भन्ने समेत व्यहोराको जाहेरवाला शरण तामाङले यस अदालतमा गरेको वकपत्र।

१२) मृतक छोरीले मसँग फोन गरेको बेलामा प्रतिवादीले नराम्रो व्यवहार गर्ने गरेको, कुटपिट गर्ने गरेको, पटक पटक धम्क्याई मार्छु भन्ने गरेको कुराहरु भनेकी थिइन। त्यसो भनेको झण्डै डेढ महिनापछि छोरीले आत्महत्या गरेको भनेर प्रतिवादी ज्वाईले मेरो दाई जाहेरवालालाई फोन गरेपछि मैले पनि थाहा पाएको हुँ। मिति २०७६/०१/०१ मा त्यस्तो जानकारी आएपछि म घटनास्थलमा पुगें। टहरो झण्डै ५.५. फिट अग्लो थियो। नाइलनको डोरीले छोरीको घाँटी कसिएको थियो। २ वटै खुट्टाले भुईंमा छोइरहेको थियो। लासको दुवैतर्फ २ वटा डोको घोप्टाएको थियो। निज प्रतिवादीले पटक पटक कुटपिट गर्ने, मानसिक तनाव दिने र घर परिवारको वास्तै नगर्ने भएकोले प्रतिवादीले मेरो छोरीलाई आत्महत्या गर्न बाध्य पारेको हो। तसर्थ निज प्रतिवादीलाई कानुनबमोजिम हदैसम्मको कारवाही होस् भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने स्वधाम तामाङले यस अदालतमा गरेको वकपत्र।

१३) म घटना भएको भोलिपल्ट घटनास्थलमा पुग्दा टहराको बन्द ढोका खोलेपछि बहिनीको लास झुन्डिरहेको अवस्थामा देखेको हो। डोरी कस्सिएको थियो। डोरी फुकाएर हेर्दा अनुहारमा, आँखाको वरिपरि निलडाम थियो। शरीरको अन्य भागमा रातो रातो निलडाम जस्तो देखिएको थियो। लासको

दुवैतर्फ २ वटा डोको घोप्टाएको थियो। निज प्रतिवादीले पटक पटक कुटपिट गर्ने, मानसिक तनाव दिने र घर परिवारको वास्तै नगर्ने भएकोले प्रतिवादीले मेरो बहिनीलाई आत्महत्या गर्न बाध्य पारेको हो। तसर्थ निज प्रतिवादीलाई कानुनबमोजिम हदैसम्मको कारवाही होस् भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने जोगलाल लामाले यस अदालतमा गरेको वकपत्र।

१४) मेरो दाई र भाउजुको सम्बन्ध राम्रै थियो। पुरानो घर भत्काएर नयाँ घर बनाउने तयारीसमेत गरिरहेका थिए। सधैभरि मिलेरै हिँड्ने गरेका थिए। एक्कासी भाउजुले झुन्डिएर आत्महत्या गर्नुभएछ। किन यस्तो भयो मलाई थाहा छैन। मलाई थाहा भएअनुसार दाईले आत्महत्या गर्न बाध्य पारेको होइन। तसर्थ दाईलाई कारवाही हुनु हुँदैन भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी अमरध्वज तामाङले यस अदालतमा गरेको वकपत्र।

१५) म उनीहरुको छिमेकी हो। कहिल्यै झगडा गरेको र गालीगलौज भएको मैले देखेको र सुनेको छैन। सम्बन्ध राम्रै थियो। समझदारीमै घर बनाउने तयारीसमेत गरिरहेकै थिए। निज राजु तामाङले रोशनी तामाङलाई आत्महत्या गर्न बाध्य पारेको होइन। किनकि राम्रो सम्बन्ध हुँदाहुँदै यस्तो घटना हुनुको कारण राजु तामाङ होइन। तसर्थ प्रतिवादीलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादीको साक्षी भोज कुमार तामाङले यस अदालतमा गरेको वकपत्र।

१६) निज मृतक रोशनी तामाङको शव परीक्षण गर्दा घाँटीको माथिल्लो भागमा पासोको डाम, देब्रे आँखाको माथिल्लो छाला तथा दायाँ र बायाँ गालामा निलो रङको निलडाम देखिएको, ओठको भित्री भागमा निलडाम रहेको, दाहिने हातको नाडीको पछाडिको भागमा निलडाम रहेको, २ वटा रातो रङको कोतारेको घाउ तिघ्राको अगाडिपट्टि रहेको, २ वटा निलडाम देब्रे तिघ्राको माथिल्लो भागको पछाडिपट्टि रहेको, left buttock बाट देब्रे तिघ्राको पछाडि भागसम्म फैलिएको र ठाउँठाउँमा निलडाम रहेको र देब्रे खुट्टाको माथिल्लो भागको ठाउँ ठाउँमा निलडाम देखिएको थियो र शरीरको भित्री भाग खोलेर हेर्दा टाउकोको छाला पल्टाई हेर्दा अगाडिपट्टि निलडाम रहेको थियो। त्यस्तै घाँटीको छाला पल्टाई हेर्दा पासोको डामको दाहिनेपट्टि ठाउँठाउँमा निलडाम रहेको थियो भन्ने समेत व्यहोराको शव परीक्षण गर्ने डा. मणी महर्जन र डा. आहना श्रेष्ठले यस अदालतमा गरेको एकै मिलानको वकपत्र।

ठहर खण्ड

१. नियमबमोजिम दैनिक मुद्दा पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी तर्फका विद्धान सहायक जिल्ला न्यायाधिवक्ता श्री सन्तोषराज कटुवालले मृतक विष्णुमाया तामाङलाई प्रतिवादीले श्रीमतीप्रति गर्नुपर्ने व्यवहार नगरी शारीरिक र मानसिक यातना दिई आत्महत्या गर्न दुरुत्साहन गरेको तथ्यलाई जाहेरी, मृतकको शव परीक्षण प्रतिवेदनका शरीरमा लागेका उल्लिखित चोटहरु, बुझिएका व्यक्तिहरुको भनाईसमेतका तथ्यगत प्रमाणहरुले पुष्टि गरेकोले प्रतिवादीउपरको कसुर कायम हुने निर्णय हुनुपर्छ भन्ने र प्रतिवादी तर्फका विद्धान अधिवक्ता श्री हरिशरण दाहालले प्रतिवादीको श्रीमती विष्णुमाया आफै झुन्डिएर आत्महत्या गरेको तथ्यमा विवाद नभएको, मृतकलाई

प्रतिवादीले मर्नुबाहेक अन्य बाँच्ने सहारा नभएको भन्ने अवस्थामा पुऱ्याएको भन्ने जाहेरवालासमेतको भनाईलाई मिसिल संलग्न अन्य प्रमाणहरुले पुष्टि नगरेको, प्रतिवादी मौकामा र अदालतमा समेत कसुरमा इन्कार रहेको हुँदा प्रतिवादीले मृतकलाई आत्महत्या गर्न दुरुत्साहन गरेको वादीले स-प्रमाण पुष्टि गर्न नसकेकोले अभियोगदावीबाट प्रतिवादीले सफाइ पाउने निर्णय हुनुपर्छ भनि गर्नुभएको बहस सुनियो।

२. प्रतिवादीउपर मुलुकी अपराध संहिता २०७४ को दफा १८५ (१) को कसुरमा ऐ. १८५ (२) नं. बमोजिम सजाय गरी पीडित पक्षलाई ऐ. को दफा १८६ नं. बमोजिम क्षतिपूर्तिसमेत भराई पाउँ भन्ने अभियोगदावी भएको प्रस्तुत मुद्दामा अभियोगपत्रसहितको मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी हेर्दा प्रतिवादीले अभियोगदावीको कसुर गरेको हो/होइन? प्रतिवादीउपरको अभियोगदावीको कसुर कायम हुन सक्ने हो/होइन? सोही विषयमा निर्णय दिनुपर्ने देखियो।

३. निर्णयतर्फ विचार गर्दा यसमा प्रतिवादीको श्रीमती विष्णुमाया भन्ने रोशनी तामाङको मिति २०७६/०१/०१ गते आफ्नो घरमा झुन्डिएर मरेको तथ्यलाई मृतकको शव परीक्षण प्रतिवेदनमा Death of cause मा Hanging भन्ने उल्लिखित व्यहोराले पुष्टि गरेको देखिन्छ। यो तथ्यलाई अभियोजन पक्षसमेतले स्वीकारेको पाइन्छ। मृतक झुन्डिएर मरेको भए पनि मर्नुपर्ने स्थिति सृजना गर्ने प्रतिवादी नै भएको, निजले मृतकलाई पटक पटक पिटेको, छोरी झुन्डिएर मरेको दिन पनि प्रतिवादीले पिटेको कारण छोरीले अब बाँच्नुको कुनै अर्थ नदेखि मर्नुपर्नेसम्मको अवस्थामा प्रतिवादीले पुऱ्याएको कारण मरेको हुँदा आत्महत्या गर्न दुरुत्साहन गरेकोले प्रतिवादीलाई कारवाही गरिपाउँ भन्ने जाहेरवालाको वारदातको चौथो दिन प्रतिवादीउपर आरोपित कसुरमा किटानी जाहेरी परेको देखिन्छ। सो को २ दिनअघि नै प्रतिवादीले आफ्नो श्रीमती आफै झुन्डिएर मरेकी भनि जिल्ला प्रहरी कार्यालयलाई लिखित जानकारीसमेत गराएको देखिन्छ। जाहेरी परेपछि प्रतिवादी पक्राउ परी अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा मृतक श्रीमतीसँगको दाम्पत्य जीवनबाट २ छोरा छोरीको जन्म भै घर व्यवहार हुँदै आएको, कहिलेकाँही श्रीमान श्रीमतीबिच सामान्य ठाकठुक भनाभन हुनुबाहेक अन्य कुनै यातना श्रीमतीलाई कहिल्यै नदिएको, उक्त दिन काका हजुरबुबाको घरमा उहाँको मृत्यु भएकोले कृयापुत्री काकालाई भेट्न गएको, घरमा मासु किनेर ल्याइदिएको, आफुले बुबा आमाकै घरमा खाना खाएको, पछि बुबालाई केटाकेटीहरुले घरमा खाना खाए की खाएनन् भनि पठाउँदा श्रीमतीलाई नदेखेपछि मलाई बोलाएकोले घरमा जाँदा श्रीमती झुन्डिएको देखेको भनि उल्लेख गरेको र अदालतमा समेत सोही व्यहोरा उल्लेख गरी मुल रुपमा कसुरमा इन्कार रहेको पाइन्छ। निजका साक्षीहरुले प्रतिवादीको इन्कारी बयानको समर्थन गर्दै वकपत्र गरेको, जाहेरवाला, मौकामा बुझिएका व्यक्तिहरुको प्रतिवादीले कसुर गरेको भनि मौकाको व्यहोरा समर्थन गर्दै वकपत्र गरेको, मृतकको शव परीक्षण गर्ने चिकित्सकले मृतकको शरीरमा मृत्युपूर्वको चोटहरु विभिन्न ठाउँमा रहेको भनि वकपत्र गरेको देखिन्छ।

४. आत्महत्या गर्न दुरुत्साहन गर्ने कार्यलाई मुलुकी अपराध संहिता २०७४ को कानुनी व्यवस्थाले कसुर मानेको छ। यसअघिको नेपाल कानुनले कसुर मानेको थिएन अर्थात यसको प्रस्ट रुपमा कानुनी व्यवस्था रहेको थिएन। मुलुकी अपराध संहिता २०७४/०६/३० मा प्रमाणित भै मिति

२०७५ साल भदौ १ गतेदेखि लागु भएपछि यसको दफा १८५ मा आत्महत्या गर्न दुरुत्साहन गर्न नहुने भन्दै उपदफा १ मा कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्ने सम्मको परिस्थिति खडा गर्न वा गराउन हुँदैन गरेमा ऐ. को उपदफा २ मा त्यस्तो कसुर गर्ने व्यक्तिलाई ५ वर्षसम्म कैद र रु.५०,०००/- (पचास हजार) सम्म जरिवाना हुने भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ। तथापि कस्तो कस्तो कार्य गरेमा दुरुत्साहन हुने भन्ने स्पस्ट परिभाषा रहेको पाइदैन। प्रयोगात्मक नेपाली शब्दकोषको पृ. ४९९ मा अनुचित तथा खराब कार्यमा उक्साइएको, खराब कार्यमा प्रोत्साहन भनि दुरुत्साहनको अर्थ औंल्याइएको पाइन्छ। अभियोगदावीको उक्त दफा १८५ को कानुनी व्यवस्थाबाट दुरुत्साहन भन्नाले कसैलाई आत्महत्या गर्नुपर्ने परिस्थिति खडा गरिदिने कार्य भन्ने बुझ्नुपर्ने देखिन्छ।

५. प्रस्तुत मुद्दामा अब विष्णुमाया भन्ने रोशनी तामाङले आत्महत्या गरेकोमा विवाद नभएकोले वादी पक्षले प्रतिवादीले विष्णुमायालाई आत्महत्या गर्नुपर्ने परिस्थितिको सृजना गरी दुरुत्साहन गरेको भनि कारणको रुपमा प्रतिवादीलाई मादक पदार्थ खाई सधैँभरि कुटपिट गर्ने गरेको, विवाह दर्ता, नागरिकता नबनाइदिएको, जाहेरी, चिकित्सकको वकपत्रसमेतले कसुर पुष्टि भएको भन्ने जस्ता तथ्यहरु आफ्नो अभियोगदावीमा उल्लेख गरेको पाइन्छ। वादी पक्षले मृतक र प्रतिवादीविच विवादको जडको रुपमा मिसिल संलग्न २०७५/०५/२८ को विष्णुमायाले छोराछोरीको जन्मदर्ता नगराइदिएको, नागरिकता नबनाइदिएकोले नाता कायम गरी उल्लिखित कागजात बनाई पालनपोषण खर्च भराइ पाउँ भनि जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकमा दिएको मिसिल संलग्न निवेदनलाई लिएको देखिन्छ। तथापि अहिले ती सबै कामहरु पूरा भैसकेको अवस्था छ। प्रस्तुत मुद्दाको जाहेरीमा र बुझिएका कुनै पनि व्यक्तिहरुले यी प्रतिवादीले मृतकउपर लोग्ने स्वास्नीको नातामै विवाद उठाएको भन्ने उल्लेख भएको देखिँदैन। प्रतिवादी अर्काको सवारी चलाउने मजदुर भएकोले भनेको बेलामा उल्लिखित कागजात बनाउन नसकेको देखिन्छ तथापि अहिले मृतकको नागरिकता, विवाह दर्ता, बच्चाहरुको जन्मदर्ताहरुको काम भैसकेको तथ्यमा विवाद देखिँदैन मृतक र प्रतिवादीविच गन्धर्व विवाह भएको र विवाहदेखि मृत्युपर्यन्त अलग बसेको भन्ने पनि मिसिलबाट देखिँदैन। उक्त निवेदनमा प्रतिवादीले कुटपिटसमेत गरेको भन्ने उल्लेख भए पनि तत्काल घाउजाँच गराएको भन्ने अनुसन्धानको क्रममा संकलित कुनै कागज प्रमाणबाट देखिँदैन। वारदातको दिन मृतकले समयमा घरमा खाना नबनाएकोले प्रतिवादीले घरमा खाना नखाए पनि मृतकसमेतका परिवारलाई खानको लागि मासुसमेत किनी ल्याइदिएको भन्ने देखिन्छ। वारदातको दिन प्रतिवादी घरमा नभएको तथ्यमा विवाद नहुँदा सो दिन मृतकलाई कुटपिट गरेको, मर्नलाई उत्प्रेरित गरिदिएको, बाध्य पारिदिएको भने पनि समग्र मिसिलमा संकलित प्रमाणबाट देखिँदैन। फौजदारी मुद्दामा कुनै पनि अपराध हुन, अभियुक्तको मनसाय, सोही किसिमको तयारी एवं कार्य जस्ता तत्वहरुको पुष्टि हुन अनिवार्यता रहन्छ। आफ्नी श्रीमती मरेपछि आफुले भावी जीवन यसरी बिताउँछु भन्ने अर्को सोच रहेको प्रतिवादीको रहेको पुष्टि हुँदैन। मनसाय तयारी जस्ता मूलभूत तत्वको अभाव देखिन्छ।

६. मृतकको शरीरका विभिन्न भागमा निलडाम रहेको भन्ने शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको र शव परीक्षण गर्ने चिकित्सकहरुले मृत्युपूर्वका निलडाम भएको र त्यस्ता चोटहरु लडेर ठोक्किएर पनि

हुन सक्ने सम्भावना व्यक्त गरी वकपत्र गरेको देखिएबाट वारदात भएको दिन प्रतिवादीले मृतकलाई कुटपिट गरेको भन्ने पनि देखिँदैन। सो अघि प्रतिवादीले कुटपिट गरेको कारण नै भएको चोट भन्ने शंकारहित तवरले पुष्टि वादी पक्षले पुष्टि गर्न सकेको पनि नदेखिँदा डाक्टरले वकपत्रमा उल्लेख गरेको व्यहोरालाई अन्यथा भन्नुपर्ने देखिँदैन। जाहेरवालाले आफ्नो जाहेरीमा छोरीले वारदातको दिन फोन गरी आफूलाई यी प्रतिवादीले कुटपिट गरेको भनि टेलिफोन गरेको भनि उल्लेख गरेपनि वादी पक्षले त्यसको प्रमाण जुटाउन सकेको छैन। प्रतिवादी अधिकार प्राप्त अधिकारी र अदालतसमेतमा कसुरमा इन्कार रहेको देखिन्छ। साक्षीको वकपत्रले इन्कारी पुष्टि भएको छ।

७. प्रस्तुत मुद्दामा प्रतिवादीउपर आरोपित कसुरमा जाहेरवालाको किटानी जाहेरी परी जाहेरी पुष्टि गर्दै वकपत्र भएको, अन्य बुझिएका व्यक्तिहरुले पनि प्रतिवादीउपर कसुरमा आशंका गरी मौकामा लेखाएको व्यहोरा पुष्टि गर्दै वकपत्र गरेको अवस्था हुँदा उल्लिखित तथ्यहरुको प्रामाणिक मूल्य हुने नहुने के हो भन्ने सम्बन्धमा हेर्दा जाहेरी आफैमा प्रमाण होइन, स्वतन्त्र र निर्विवाद प्रमाणबाट सो को पुष्टि हुनुपर्ने (ने.का.प. २०५६ नि. ६६५६ पृ. १०७५) भन्ने सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको परिप्रेक्षमा हेर्दा जाहेरवाला मृतकको बाबु नाताको देखिन्छन्। छोरी झुन्डिएर मरेको रिसमा ज्वाई नाताका प्रतिवादीउपर कारवाही गरिपाउँ भनि जाहेरी दिनु अस्वभाविक होइन तथापि प्रस्तुत मुद्दामा जाहेरीलाई मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणहरुले समर्थन नगरेको अवस्थामा प्रमाणमा लिन नमिली जाहेरीलाई प्रस्तुत वारदातको अनुसन्धानको सूचकको रुपमा लिनुपर्नेसम्म देखियो। त्यसैगरी अन्य बुझिएका व्यक्तिहरुले मौकामा सुनेको भरमा व्यक्त गरेको तथ्यलाई नै समर्थन गर्दै वकपत्र गरिदिए पनि अन्य प्रमाणहरुले पुष्टि नभएको र सुनेको भरमा भनेको भनाईको कुनै प्रमाणिक महत्व हुने देखिएन।

८. यसरी माथि उल्लेख गरिएबमोजिम विष्णुमाया भन्ने रोशनी तामाङले झुन्डिएर मर्नुपर्ने अवस्थाको सृजना प्रतिवादीले नै गराई निजको आत्महत्याको दुरुत्साहन गरेको भन्ने वादी पक्षको प्रतिवादीउपरको अभियोगदावी प्रमाण ऐन, २०३१ को दफा २५ नं. को कानुनी व्यवस्थाबमोजिम वादीले स-प्रमाण पुष्टि गर्न नसकेकोले श्रीमतीले आत्महत्या गरेकै कारण श्रीमानले आत्महत्याको दुरुत्साहनको कसुर गरेको भनि बिना आधार प्रमाण शंकाको भरमा फौजदारी कसुरको भागीदार प्रतिवादीलाई बनाउनु फौजदारी न्यायको सर्वमान्य सिद्धान्तसमेतको प्रतिकूल हुने देखिँदा प्रतिवादीउपरको वादीको अभियोगदावी पुग्न सक्ने देखिएन।

९. तसर्थ प्रतिवादीले अभियोगदावीको कसुरबाट सफाइ पाउने ठहर्छ। सो ठहर्नाले अरु तपसिलका कलममा तपसिलबमोजिम गर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १३१ नं. बमोजिम यो फैसला गरिदियाँ।

तपसिल खण्ड

- माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी राजु तामाङले अभियोगदावीबाट सफाइ पाउने ठहरी फैसला भएकोले केही गर्नु परेन १

- प्रतिवादी राजु तामाङले यस अदालतको मिति २०७६/०२/०१ को आदेशले धरौटी र.नं. ११२६ बाट रु. १,५०,०००/- (एक लाख पचास हजार) धरौटी राखेकाले मुद्दा अन्तिम भै ऐनका म्यादभित्र फिर्ता पाउँ भनी निवेदन दिएका बखत प्रतिवादीलाई फिर्ता दिनु.....२
- प्रतिवादी राजु तामाङलाई अभियोगदावीबाट सफाइ हुने ठहरी फैसला भएको र प्रतिवादीले फैसला भएकै दिन फैसला सुनिपाएको कागज गरेकोले सूचना म्याद दिइरहनु परेन.....३
- प्रस्तुत फैसला चित्त नबुझे ७० दिनभित्र उच्च अदालत पाटनमा पुनरावेदन गर्न जानु भनि फैसलाको प्रमाणित प्रतिलिपिसहित फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय धुलिखेल काभ्रेपलाञ्चोकलाई दिनु ४
- सरोकारवालाले फैसलाको नक्कल माग्न आए लाग्ने दस्तुर लिई नियमानुसार नक्कल दिनु ५
- प्रस्तुत फैसलाको विद्युतीय प्रति सर्वोच्च अदालतको सर्भरमा अपलोड गरिदिनु ६
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु.....७

जिल्ला न्यायाधीश

फैसला टाइप गरी तयार गर्ने ना.सु.- सुवाशचन्द्र तिमल्सिना

इति सम्वत् २०७६ साल मंसिर २४ गते रोज ३ शुभम्.....

न्यायाधीशको दस्तखत **प्रमाणीकरण मिति** **अदालतको छाप**

२०७६/०९/१५

श्री

बागलुङ जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री प्रकाश प्रसाद पण्डित

फैसला

सम्वत २०७५ सालको मुद्दा नं.:- ०७५-C१-००१९

निर्णय नं.:- २८७

मुद्दाः- आत्महत्या गर्न दुरुत्साहन दिएको

दायर मितिः- २०७५-०९-०४

बादीको नाम, थर र वतन

बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. ६ बस्ने रणबहादुर नेपालीको जाहेरीले बादी नेपाल सरकार १

ऐ.को प्रमाण

साक्षीः जाहेरवाला, घटना विवरण कागज गर्ने अर्जुन नेपालीसमेत।

कागजः ×

प्रतिबादीको नाम, थर र वतन

बागलुङ जिल्ला साबिक रेस गा.वि.स. वडा नं. ८ हाल ऐ. काठेखोला गाउँपालिका वडा नं. ७ बस्ने वीरबहादुर किसानको छोरा वर्ष २७ को दिनेश भन्ने अम्मरबहादुर किसान १

ऐ.को प्रमाण

साक्षीः कुलबहादुर किसान, पदम किसान, रुपा बि.क.।

कागजः ×

अदालतबाट बुझेको प्रमाण

साक्षीः जाहेरवाला रणबहादुर नेपाली, टिकाराम दर्जी, मिनबहादुर दर्जी, रुपा बि.क.।

कागजः ×

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा ४५ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छः

१) **जाहेरी दरखास्त विवरणः-** मेरो छोरी पूजा नेपाली १ वर्ष पहिलादेखि बागलुङ न.पा. वडा नं. ४ उपल्लोचौरस्थित छिमेकी लघुवित्त सहकारी संस्थामा काम गर्ने हुँदा सोही संस्थाको नजिक डेरा लिई बस्ने गरेकी थिइन्। यसै क्रममा विपक्षी दिनेश किसानले प्रेमको बहाना गरी छोरीलाई ललाईफकाई प्रेम सम्पर्क गरी लामो समयसम्म छोरीको इज्जतसमेत लुटेकोमा हाल निज छोरीले मलाई विवाह गरी श्रीमती बनाउन भन्दा विष सेवन गर्न बाध्य बनाई विष सेवन गर्न लगाई विष सेवन गरिसकेपछि उपचारको बहानामा पोखरा लगेकोमा निज छोरीको गण्डकी मेडिकल कलेज, पोखरामा उपचारको क्रममा मृत्यु भएको हुँदा कानुनबमोजिम कारबाही गरिपाऊँ भन्ने समेत बेहोराको रणबहादुर नेपालीको जाहेरी दरखास्त।

२) **घटनास्थल प्रकृति मुचुल्काः-** जिल्ला बागलुङ, बागलुङ न.पा. वडा नं. २ स्थित पूर्वमा निर्माणाधीन जिल्ला अदालत बागलुङको भवन, पश्चिममा कोष तथा लेखा नियन्त्रक कार्यालय भवन, उत्तरमा रुद्रेपिपलतर्फ जाने बाटो र दक्षिणमा जिल्ला प्रहरी कार्यालय, बागलुङ जाने बाटो। यति चारकिल्लाभित्र रहेको **सार्वजनिक** सडकको पश्चिम किनारमा मिति २०७५।०८।०८ गतेका दिन बेलुका अन्दाजी १९:०० बजेको समयमा वर्ष २१ की पूजा नेपाली अचानक बेहोस भई उपचारार्थ अस्पताल लगिएको भनी स्थानीय मानिसहरूले देखाए बताएबमोजिम उठान गरिएको साथै उल्लिखित घटनास्थलमा Aluminum Phosphide लेखिएको विषादीको खोलिएको अवस्थाको कागजको डिब्बाभित्र खरानी रङ्गको ट्यावलेट टुक्रिई धुलो अवस्थामा रहेको भन्ने समेत बेहोराको घटनास्थल प्रकृति मुचुल्का।

३) **सचिना क्षेत्रीले गरेको घटना विवरण कागजः-** मिति २०७५।०८।०८ गतेको साँझ करिब १९:०० बजेको समयमा जिल्ला बागलुङ, बागलुङ न.पा. वडा नं. ३ स्थित भाडाको कोठामा बसिराखेकी थिएँ। उक्त समयमा मेरो साथी पूजा नेपालीले फोन गरी हस्पिटल रोडतिर घुम्न जाने भनी बोलाएपछि म साथीसँग घुम्न भनी हस्पिटल रोडतर्फ गई साथीलाई भेटेपछि राति भएकाले मैले पूजा नेपालीलाई रामरेखामा मेरो रेनु परियार भन्ने साथी छ, त्यहीं जाउँ भनी रामरेखातर्फ गई केही क्षण रेनु परियारको कोठामा बसी बाहिर निस्कने क्रममा निज पूजा नेपालीले श्रीमानलाई फोन गरी कुराकानी गरेको पछि निज पूजा नेपालीको श्रीमान ट्राफिक चोकमा बसिराखेको छ भनेपछि हामी दुवै ट्राफिक चोकतिर आई निजको श्रीमानलाई फेला पारी तीन जनासँगै कुराकानी गर्दै बजारमा हिँडिराखेका थियौं। केही क्षणपछि साथी पूजा नेपालीको श्रीमान श्रीमतीले मात्रै कुरा गर्न थालेपछि म केही पछाडि हिँड्न थालें। जिल्ला अदालतको नयाँ भवन बन्दै गरेको स्थानमा पुगेपछि साथी पूजा नेपालीले वान्ता आउला जस्तो भयो, मलाई कोठामा लगिदिनुहोस् भनेपछि निजको श्रीमानले र मैले के भयो र के खाएको थियौ भनेपछि पहिले केही खाएको छैन भनिन् र केही समयपछि मैले पुनः सोध्दा निजले मैले विष खाएको हो भनिन्। त्यसपछि निज पूजा नेपालीको श्रीमानले ट्याक्सी खोजेर ल्याउनुभयो, त्यसपछि हामी दुवैले पूजा नेपालीलाई उक्त ट्याक्सीमा राखेर उपचारको लागि धौलागिरी अञ्चल अस्पतालमा ल्यायौं। केही समयपछि पूजा नेपाली बेहोस भएकाले थप उपचारको लागि पोखरातर्फ पठाएको हो। पूजा नेपाली मेरो चिनजानको साथी हो। निजले आफै विषादी सेवन गरेकी हुन्। के कति कारणले विषादी सेवन गरिन् भन्ने कुरा थाहा भएन भन्ने समेत बेहोराको सचिना क्षेत्रीले गरेको घटना विवरण कागज।

४) **प्रतिबादी दिनेश भन्ने अम्मरबहादुर किसानले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयानः-** पूजा नेपाली र मबिच बिगत डेढ वर्ष पहिलादेखि मायाप्रेम बसी हामी दुईजनाबिच निरन्तर भेटघाट हुने कुराकानी हुने गर्दागर्दै एक आपसमा छुट्टिन नसक्ने अवस्थामा पुगी दुवैजना एक आपसमा विवाह गर्ने मञ्जुरी गरी बिगत ६ महिना पहिलादेखिबाट निज पूजा नेपाली बस्ने गरेको डेरा कोठामा सँगै बस्ने गरेका थियौं। दिनहरू बित्दै जाँदा निज पूजा नेपालीले अब हामीले छिट्टै यही मंसिर महिनामा विवाह गरौं भनेकी थिइन् भने मैले माघ/फाल्गुण महिनातिर गरौंला भनेको थिएँ। सोही विषयमा निजले सामान्य असन्तुष्टी व्यक्त गरेकी थिइन्। त्यसपछि बेलुका अन्दाजी १९:०० बजेको समयमा

म ट्राफिक चोकस्थित रहेको छिस्ती होटलमा बसिरहेको अवस्थामा निज पूजा नेपालीले मलाई फोन गरी साथी र म ट्राफिक चोकमा आएका छौं, एकपटक भेटौं भनी बोलाएकी हुँदा म आई निज पूजा नेपाली र निजको साथमा सँगै रहेकी सचिना क्षेत्रीसँग भेट भई हामीहरू तीनैजना सँगै पैदलै कुराकानी गर्दै हिँडेको अवस्थामा निज पूजा नेपालीले हामीहरूको विवाह कहिले गर्ने भन्ने विषयमा कुराकानी निकालेकी र मैले माघ फल्गुण महिनामा विवाह गरौंला भनी कुराकानी भइरहेको थियो। यसै क्रममा **निज** सडकमा रोकिई अचानक वान्ता गर्न लागेकी हुँदा तत्काल म र निज सचिना क्षेत्री निज पूजा नेपाली नजिक गई के भयो तिमीलाई भन्दा निजले आफ्नो छाती मिच्दै मैले घुन पुत्लाहरू मार्ने विषादी खाएको हो मलाई छिट्टै अस्पताल लैजाउ भनेकी हुँदा निजलाई धौलागिरी अञ्चल अस्पतालमा लगेकोमा निजको सो अस्पतालमा उपचार हुन नसकी निजलाई म समेतले थप उपचारको लागि गण्डकी मेडिकल कलेज, पोखरामा लगी उपचार गराएकोमा मिति २०७५।०८।०९ गते बेलुका अन्दाजी १८:०० बजेको समयमा निजको सोही अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो भन्ने समेत बेहोराको प्रतिबादी दिनेश भन्ने अम्मरबहादुर किसानको बयान।

५) **घटना विवरण कागज गर्ने अर्जुन नेपाली, सागर दर्नाल, अनिल नेपाली, टिकाराम दर्जी, इन्द्रबहादुर परियार, ओमी नेपाली, हर्कबहादुर नेपाली र मिनबहादुर दर्जीले गरेको घटना विवरण कागजः-** मिति २०७५।०८।०८ गतेका दिन बेलुका अन्दाजी १९:०० बजेको समयमा जिल्ला बागलुङ बागलुङ न.पा. वडा नं. २ मा निज पूजा नेपालीले विषादी सेवन गरी गम्भीर घाइते भई उपचारार्थ गण्डकी मेडिकल कलेज, पोखरामा लगेकोमा मिति २०७५।०८।०९ गतेको दिन निज पूजा नेपालीको उपचारको क्रममा मृत्यु भएको भन्ने थाहा पाई घटना के कसरी भएको रहेछ भनी बुझ्दै जाँदा निज प्रतिबादी दिनेश भनिने अम्मरबहादुर किसानले बिगत डेढ वर्ष पहिलादेखि निज पूजा नेपालीसँग प्रेम सम्बन्ध राखी विवाह गर्नेसम्मको आश्वासन दिई इज्जत लुटिआएको र पछिल्लो समयमा निज पूजा नेपालीले प्रतिबादीलाई विवाह गरी घरमा लैजानु भन्दा विवाह गर्न इन्कार गरी पीडा दिई मर्नसम्म बाध्य बनाएको र पीडा सहन नसकी पूजा नेपालीले आफैं विषादी सेवन गरेको भन्ने थाहा भयो। निज पूजा नेपालीलाई निजै प्रतिबादी दिनेश भनिने अम्मरबहादुर किसानले मर्न बाध्य बनाएको कारण नै निज पूजा नेपालीले विषादी सेवन गरेकी रहिछन्। यसरी लामो समयसम्म प्रेममा फसाइ पूजा नेपालीलाई विषादी सेवन गर्न बाध्य बनाउने निज प्रतिबादी दिनेश भनिने अम्मरबहादुर किसानलाई हदैसम्मको कानुनी कारबाही गरी मृतकको हकदारलाई मनासिव क्षतिपूर्तिसमेत दिलाई भराई दिनुपर्दछ भन्ने समेत बेहोराको अर्जुन नेपाली, सागर दर्नाल, अनिल नेपाली, टिकाराम दर्जी, इन्द्रबहादुर परियार, ओमी नेपाली, हर्कबहादुर नेपाली र मिनबहादुर दर्जीसमेतले गरेको एकै मिलान बेहोराको छुट्टाछुट्टै घटना विवरण कागज।

६) **मृतकको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालबाट भएको शब परीक्षण प्रतिबेदनः-** Blood Visera sent For analysis भन्ने समेत बेहोराको मृतकको शव परीक्षण प्रतिबेदन।

७) **अभियोग मागदाबीः-** प्रतिबादी दिनेश भनिने अम्मरबहादुर किसानले मृतक पूजा नेपालीलाई विवाह गर्ने आश्वासन दिई बिगत डेढ वर्ष पहिलादेखि मायाप्रेम गरी बिगत ६ महिना पहिलादेखि डेरा कोठामा सँगै बसी निज मृतकसँग श्रीमान श्रीमतीको भूमिकाको रुपमा रहेको बहाना बनाई पटक पटक यौन सम्पर्कसमेत गरी इज्जत प्रतिष्ठासमेत लुटी, मृतकले विवाहको प्रस्ताव राख्दा विवाह गर्न आलटाल गरी नमानेको कारण प्रतिबादीले मृतकलाई दिएको पीडा सहन नसकी निज प्रतिबादीले मर्न बाध्य बनाएको कारण नै मृतक पूजा नेपालीले Aluminium Phosphide नामक विषादी सेवन गरेकी र यी प्रतिबादीले मृतक पूजा नेपालीलाई आत्महत्या गर्न बाध्य बनाएको भन्ने कुरा मिसिल संलग्न घटनास्थल मुचुल्का, सचिना क्षेत्रीको कागज, किटानी जाहेरी दरखास्त, बरामदी खानतलासी मुचुल्का, स्वयं प्रतिबादी दिनेश भन्ने अम्मरबहादुर किसानको बयान एवं मौकामा बुझिएका मानिसहरूले गरिदिएको घटना विवरण कागज, लेखिएका मुक्तक कविताहरू, शव परीक्षण प्रतिबेदन, मृतक र प्रतिबादीले प्रयोग गर्ने गरेका मोबाइलका कल डिटेल र म्यासेजहरू, प्रतिबादीको ततिम्बा बयानसमेतका यथेष्ट र खम्बिर प्रमाणहरूबाट यी प्रतिबादी दिनेश भन्ने अम्मरबहादुर किसानले पूजा नेपालीलाई आत्महत्या गर्न दुरुत्साहन दिएको भन्ने मिसिल संलग्न कागजातहरूबाट स्पष्ट भएको हुँदा यी प्रतिबादीउपर मृतकलाई आत्महत्या गर्न दुरुत्साहन दिएको भन्ने मुद्दाको कसुर पुष्टि हुन आएको देखिँदा यी प्रतिबादी दिनेश भन्ने अम्मरबहादुर किसानले मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १२ को दफा १८५ को उपदफा (१) बमोजिमको कसुर गरेको अवस्था हुँदा यी प्रतिबादीलाई मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १२ को दफा १८५ को उपदफा (२) बमोजिम सजाय गरी, मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १२ को दफा १८६ बमोजिम कसुरदारबाट मृतकको हकवालालाई मनासिव क्षेतिपूर्तिसमेत भराई पाऊँ भन्ने समेत बेहोराको अभियोग मागदाबी।

८) **प्रतिबादी दिनेश भन्ने अम्मरबहादुर किसानले यस अदालतमा गरेको बयानः-** मेरो उपर दिइएको जाहेरी बेहोरा झुठ्ठा हो। मृतक पूजा नेपाली र म दुवैको मन्जुरी सहमतिले ६ महिना अगाडिदेखि नै सँगै बस्दै आएका थियौं। हामी २ जनाको बिचमा राम्रो सम्बन्ध थियो। उनको घरमा हाम्रो विवाहलाई स्वीकार गरेका थिएनन्। टिकाटालो भएको थिएन। यस कुरामा पूजा अलि चिन्तित थिइन्। मैले उनलाई सम्झाइ बुझाई राख्दथे। उनी मेरो दाजु भाउजुकोमा जाने बस्ने गर्दथिन्। समग्रमा पूजा र मेरोबिच राम्रो सम्बन्ध थियो। माइतीतर्फबाट उनलाई धेरै टर्चर थियो। उनले विष सेवन गर्नुमा मेरो कुनै भूमिका छैन। जिल्ला प्रहरी कार्यालय, कास्कीमा जाहेरी दिएको मैले हो। उक्त जाहेरीमा लेखिएको बेहोरा साँचो हो। अनुसन्धानको बयान मैले भनेबमोजिम लेखिएको हो। ततिम्बा बयानको बेहोरा मलाई पढेर सुनाइएको होइन। सहीछाप गर भनेर सहीछाप गरेको हो। जाहेरी अभियोगमा उल्लेख भएबमोजिमको कसुर अपराध मैले गरेको नहुँदा अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्ने होइन। म निर्दोष छु, सफाइ पाउनुपर्दछ भन्ने समेत बेहोराको दिनेश भन्ने अम्मरबहादुर किसानले यस अदालतमा गरेको बयान।

९) **थुनछेक आदेशः-** प्रतिबादीहरू दिनेश भन्ने अम्मरबहादुर किसानलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ बमोजिम रु.२,५०,०००।- (अक्षेरुपी दुईलाख

पचासहजार) नगद धरौट वा सो बराबरको जेथा जमानत वा बैंक ग्यारेन्टी दिए लिई निजलाई तारेखमा राखु र दिन नसके मुद्दा पुर्पक्षका लागि थुनामा राख्न कारागार कार्यालय, बागलुङमा पठाउने गरी यस अदालतबाट मिति २०७५।०९।०४ गते भएको आदेशानुसार प्रतिबादी दिनेश भन्ने अम्मरबहादुर किसानले उक्त आदेशानुसारको नगद धरौट राखी सोही मितिबाट मुद्दा पुर्पक्षको लागि तारेखमा रही बसिआएकोमा उच्च अदालत पोखरा, बागलुङ इजलासको मिति २०७५।११।०९ को आदेशानुसार प्रतिबादी दिनेश भन्ने अम्मरबहादुर किसानलाई मुद्दा पुर्पक्षको लागि थुनामा राखु भन्ने आदेशानुसार प्रतिबादीले गुज्रेको तारेख थमाई थुनामा बस्न पाऊँ। साथै उपर्युक्त मितिमा म निवेदकले राखेको धरौटी नियमानुसार गरी फिर्ता पाऊँ भन्ने समेत बेहोराको निवेदन माग बमोजिम दिनेश भन्ने अम्मरबहादुर किसानलाई कारागार कार्यालय, बागलुङमा थुनामा राख्न पठाइदिनु र नियमानुसार गरी निवेदकको धरौट फिर्ता दिनु भन्ने समेत बेहोराको यस अदालतको मिति २०७५।१२।०८ को आदेशानुसार प्रतिबादी दिनेश भन्ने अम्मरबहादुर किसानले उक्त धरौट फिर्ता लिई मुद्दा पुर्पक्षको लागि थुनामा बसिआएको अवस्था रहेछ।

१०) **जाहेरवाला रणबहादुर नेपालीले यस अदालतमा गरेको बकपत्रः-** जाहेरी मैले दिएको हुँ। उक्त बेहोरा र सहीछाप मेरो हो। यी दुईबिचमा विवाह भएको थिएन। मलाई केही जानकारी थिएन। पोखरा लैजाँदा मलाई एक कल फोन पनि भएन। मेरो छोरी पूजालाई प्रतिबादीले विवाह गर्छु भनेर प्रेम गरेर फसाएका हुन्। छोरीलाई ललाइफकाई इज्जतसमेत लुटेका थिए भन्ने समेत बेहोराको जाहेरवाला रणबहादुर नेपालीले यस अदालतमा गरेको बकपत्र।

११) **घटना विवरण कागज गर्ने टिकाराम दर्जी र मिनबहादुर दर्जीले यस अदालतमा गरेको बकपत्रः-** उक्त मितिको घटना विवरण कागजको सहीछाप र बेहोरा मेरो हो। यी दुईबिच विवाह भएको थिएन। विवाह भएको भए हामीलाई थाहा हुने थियो। प्रतिबादीले मृतकसँग प्रेम तथा शारीरिक सम्बन्धसमेत भइसकेको अवस्थामा प्रतिबादीले पछि विवाह गर्न इन्कार गरेर यस्तो भएको हुनुपर्दछ। यी प्रतिबादी जाहेरवालाको घरमा आएका छैनन। प्रतिबादीले मृतकलाई घरमा भित्राएका छैनन्, सजाय हुनुपर्ने होइन् भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने टिकाराम दर्जी र मिनबहादुर दर्जीले यस अदालतमा गरेको एकै मिलान बेहोराको छुट्टाछुट्टै बकपत्र।

१२) **प्रतिबादीका साक्षी रुपा बि.क. ले यस अदालतमा गरेको बकपत्रः-** प्रतिबादी भाई अम्मरबहादुरले मृतक पूजालाई केही तनाब दवाव दिने काम गरेका होइनन्। पूजा र अम्मरबहादुरबिच झगडा भएको पनि मलाई थाहा छैन। पूजाले आफ्नो घरकाले भाई अम्मरबहादुरसँग विवाह गर्न मानेका छैनन् भनेकिले प्रतिबादीले गल्ती नै नगरेकाले सजाय हुनुपर्ने होइन भन्ने समेत बेहोराको प्रतिबादीका साक्षी रुपा बि.क. ले यस अदालतमा गरेको बकपत्र।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी आज यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा बादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनुभएका विद्वान जिल्ला न्यायाधिवक्ता श्री सुरेन्द्रराज

काफ्ले एवं प्रतिबादीको तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री रमेशबहादुर खड्काले गर्नुभएको बहससमेत सुनी मिसिल संलग्न कागजातहरूको अध्ययन गरी निर्णयतर्फ विचार गर्दा प्रतिबादीले आरोपित कसुर गरेका हुन्, होइनन् ? र निज प्रतिबादीलाई अभियोग मागदाबीबमोजिम सजाय गर्नुपर्ने हो, होइन ? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने हुन आयो।

यसमा प्रतिबादी दिनेश भन्ने अम्मरबहादुर किसानले मुलुकी अपराध संहिता, २०७४ दफा १८५(१) बमोजिमको कसुरजन्य कार्य गरेकोले निज प्रतिबादीलाई सोही ऐनको दफा १८५(२) बमोजिम सजाय गरी ऐनको दफा १८६ बमोजिम प्रतिबादीबाट मृतकका हकवालालाई मनासिव क्षेतिपूर्तिसमेत भराई पाऊँ भन्नेसमेत बेहोराको बादी नेपाल सरकारको अभियोग मागदाबी रहेछ। विपक्षीले मेरो छोरी पूजा नेपालीसँग करिब १ वर्ष पहिलादेखि ललाइफकाई मायाप्रेम रची इज्जत लुटी अनेक तवरबाट पीडा दिई मिति २०७५।०८।०८ मा विष सेवन गर्न बाध्य पारी छोरी पूजा नेपालीको उपचारको क्रममा गण्डकी मेडिकल कलेजमा मृत्यु भएकोले विपक्षीलाई कानुनबमोजिम कारबाही गरिपाऊँ भन्ने समेत बेहोराको मृतकका बाबु रणबहादुर नेपालीको जाहेरी दरखास्त रहेछ।

प्रतिबादी दिनेश भन्ने अम्मरबहादुर किसानले अधिकार प्राप्त अधिकारीकासमक्ष बयान गर्दा मृतकसँग आफ्नो मायाप्रेम भएको र विवाह गर्ने सम्बन्धमा विवाद भएको, मृतकले यही मंसिरमै विवाह गर्ने भनी भनेकी र आफूले माघ फागुनतिर गरौंला भनेको, मिति २०७५।०८।०८ गतेका दिन अन्दाजी १०:०० बजेको समयमा पूजा नेपालीले फोन गरी तिमी कहाँ हो कोठामा आउने हो कि होइन भनी सोधेकी र म सो समयमा यात्रुहरू लिई पञ्चकोट जाँदैछु भनी बताएको थिएँ। बेलुका अन्दाजी १९:०० बजेको समयमा म ट्राफिक चोकमा रहेको छिस्ती होटलमा रहेको समयमा मलाई फोन गरी आफू र साथी ट्राफिक चोकमा आएका छौं, एक पटक भेटौं कता हुनुहुन्छ चोकमा आउनुहोस् भनी भनेकिले आफू भेट्न गएको, ट्याक्सी कहाँ छ निकाल्नुहोस् कोठामा जाउँ भनी निज पूजाले भनेकी तर ट्याक्सी आफूले पार्किङमा राखें भनेकोले तीनैजना भई ट्राफिक चोकबाट रुद्रेपिपलतिर कुराकानी गर्दै हिँडेको र पूजा नेपालीले विवाह कहिले गर्ने भनेर कुरा निकालेकी र मैले ठिकै छ हामीले माघ, फागुन महिनातिर विवाह गरौंला भनेको र त्यसै क्रममा बागलुङ जिल्ला अदालतको नवनिर्मित भवनअगाडि पुग्दा सडकमा रोकिई पछाडितर्फ फर्की अचानक वान्ता गर्न लागेकी र के भयो तिमीलाई भन्दा निजले आफ्नो छाती मिच्दै सडकमा बसी मैले घुन पुत्लाहरू मार्ने विषादी खाएको हो, मलाई छिट्टै अस्पताल लैजाऊ भनेकी हुँदा मैले तत्काल ट्याक्सी बोलाई निजलाई धौलागिरी अञ्चल अस्पतालमा लगेकोमा निजको सो अस्पतालमा उपचार हुन नसकी निजलाई मसमेतले थप उपचारको लागि गण्डकी मेडिकल कलेज, पोखरामा लगी उपचार गराएकोमा मिति २०७५।०८।०९ गते बेलुका अन्दाजी १८:०० बजेको समयमा निजको सोही अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हुँदा म स्वयंले जिल्ला प्रहरी कार्यालय, कास्कीमा जाहेरी दरखास्त दिएको हुँ भन्ने समेतको बयान गरेको पाइन्छ भने निज पूजा नेपालीले आफू मर्नेसम्मको बेहोरा उल्लेख गरी म्यासेज पठाएकी हुँदा मैले प्रयोग गर्ने गरेको ९८०६१९७००० नं. को मोबाइल फोनको बेहोरा ढाँटी ९८४७७४४९३१ नं. को मोबाइल प्रयोग गर्दछु भनी बयानमा लेखाएको हुँ भन्ने समेत बेहोराको प्रतिबादीको ततिम्बा बयान रहेछ। अदालतमा बयान गर्दा अधिकार प्राप्त अधिकारीसमक्षको बयान बेहोरा सनाखत गरी ततिम्बा बयान आफूलाई पढेर नसुनाई सहीछाप गराएको, आफूले प्रयोग गर्ने गरेको

९८०६१९७००० नं. को मोबाइल जिल्ला प्रहरी कार्यालय, बागलुङमा टिपाएको थिएँ भनी बयान गरेको पाइन्छ।

प्रतिबादीका साक्षी रुपा बि.क. ले प्रतिबादी र मृतकबिचमा नराम्रो केही थिएन, प्रतिबादी भाई अम्मरबहादुरले मृतक पूजालाई केही तनाब दिने काम गरेका होइनन्। पूजा र अम्मरबहादुरबिच झगडा भएको मलाई थाहा छैन। पूजाले आफ्नो घरकाले भाई अम्मरसँग विवाह गर्न मानेका छैनन् भनेकिले प्रतिबादी भाई अम्मरबहादुरले गल्ती नगरेको, यिनीहरूको बिचमा सँगै बस्ने, प्रेम पनि भयो। सकेसम्म मंसिरमा विवाह गर्ने हो नभए माघसम्म गर्ने भनी अम्मरले भनेको र पूजाले घरबाट दवाव दिएकी छन् भनी भनेका र सकेसम्म बाबुआमाको अनुमति लिएर विवाह गरौं भनी प्रतिबादी भाई अम्मरले भनेकाले त्यस्तो भएको हो भनी बकपत्र गरेको पाइन्छ। घटना विवरण कागज गर्ने मिनबहादुर दर्जी र टिकाराम दर्जीले घटना विवरण कागज सनाखत गरी प्रतिबादी र मृतकका बिचमा अन्तरजातीय प्रेम रहेको र विवाह नभएको, प्रतिबादीले विवाह गर्न इन्कार गर्दा घटना घटेको हुनुपर्छ भनी बकपत्र गरेका छन्। जाहेरवाला मृतकका बाबु रणबहादुर नेपालीले जाहेरी दरखास्त सनाखत गरी दुईजनाका बिच विवाह भएको थिएन, मलाई केही जानकारी थिएन, पोखरा लैजाँदा मलाई एक कल फोन पनि भएन, विवाह गर्छु भनेर प्रेममा फसायो र पछि विवाह गर्दिन भनेर छोरीलाई विष खान बाध्य बनायो भनी बकपत्र गरेको पाइयो। मृतकले विष वमन गरेको देखेकी प्रत्यक्षदर्शी भनिएकी सचिना क्षेत्रीले घटना विवरण कागज सनाखत गर्दै आफूसमेत प्रतिबादी र मृतक हिँडिरहेको समयमा मृतक पूजा नेपालीले एक्कासी वान्ता गरेकी, के भयो भनी सोध्दा मलाई केही भएको छैन, मेरो कोठामा लगिदेऊ भनेकी, प्रतिबादीले ट्याक्सी खोजेर ल्याई तत्काल धौलागिरी अञ्चल अस्पतालमा लागेको, त्यहाँ लगेपश्चात पूजाले विष खाएको कुरा थाहा जानकारी पाएको, त्यहाँ उपचार सम्भव नभएपछि प्रतिबादी दिनेश भन्ने अम्मरबहादुरले पोखरा लगेको, पूजाको उपचारमा लागेको खर्च प्रतिबादीले नै बेहोरेको, भोलिपल्ट पोखरामै मृत्यु भएको, प्रतिबादी अम्मरबहादुर किसान र मृतक पूजाको विवाह भएको थियो, एउटै कोठामा श्रीमान श्रीमती जस्तो भएर बस्थे, विवाह भएको थाहा भएन, निजहरूबिच सम्बन्ध राम्रो थियो होला भनी बकपत्र गरेको पाइयो।

घटनास्थलमा Aluminium Phosphide लेखिएको विषादी खोलिएको अवस्थाको कागजको डिब्बा रहेको भन्ने समेत बेहोराको घटनास्थल मुचुल्का रहेछ। मृतक पूजा नेपालीको घर कोठाको खानतलासी गर्दा कालो कभर भएको ५२ पानाको DM-7236 लेखिएको डायरी र सो डायरीको ३६ औं पानामा अपसोच चाहेर पनि तिमी मलाई भट्न पाउने छैनौ भन्ने समेतको बेहोरा लेखिएको भन्ने समेतको बरामदी तथा खानतलासी मुचुल्का रहेछ। मृतकको लास प्रकृति मुचुल्का एवं शव परीक्षण प्रतिवेदन रहेछ। प्रतिबादी दिनेश भन्ने अम्मरबहादुर किसानले प्रयोग गर्ने मोबाइल नम्बरको कल डिटेल विवरण र Text message को प्रिन्ट प्रति मिसिलमा रहेको।

अब, प्रतिबादीले आरोपित कसुर गरेका हुन् कि होइनन् ? भन्ने सम्बन्धमा हेर्दा मिसिल संलग्न मृतक पूजा नेपालीको शव परीक्षण प्रतिवेदन र लास प्रकृति मुचुल्कासमेतबाट मृतक पूजा नेपालीको मृत्यु भएको कुरामा विवाद छैन। मृतक पूजा नेपाली र प्रतिबादी दिनेश भन्ने अम्मरबहादुर किसानको बिचमा लामो समयदेखि एक आपसमा मायाप्रेम भई एकसाथ रहँदै बस्दै आएको भन्ने कुरा प्रतिबादीले अधिकार प्राप्त

अधिकारी एवं अदालतमा गरेको बयान, सचिना क्षेत्रीको घटना विवरण कागज एवं बकपत्र, रुपा बि.क. को घटना विवरण कागज एवं अदालतको बयान, स्वयं जाहेरवालाले अदालतमा बकपत्र गर्दा मेरी छोरी पूजालाई प्रतिबादीले विवाह गर्छु भनेर प्रेममा फसायो दुईजनाको बिचमा विवाह भएको थिएन भनी गरेको बकपत्र बेहोरा एवं प्रतिबादी र मृतकका बिच भएको मोबाइल सम्पर्क र Text message समेतबाट पुष्टि हुन आयो। जहाँसम्म मृतक पूजा नेपालीको आत्महत्यामा प्रतिबादीको हात वा संलग्नता छ, छैन र सो आत्महत्या गर्नको लागि प्रतिबादीले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा दुरुत्साहन दिएका थिए, थिएनन् ? भन्ने विषय छ, तत्सम्बन्धमा हेर्दा समग्र तथ्य, विद्यमान कानुनी व्यवस्था एवं मिसिल संलग्न प्रमाणहरूको व्याख्या विश्लेषण हुनुपर्ने देखिन्छ।

बादी नेपाल सरकारले प्रतिबादीउपर मृतकलाई आत्महत्या गर्न दुरुत्साहन गरी प्रतिबादीले मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) अनुसारको कसुर गरेको भनी प्रतिबादीउपर कसुरको दाबी लिएको पाइन्छ। सो कानुनी व्यवस्था हेर्दा "कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्नेसम्मको परिस्थिति खडा गर्न वा गराउन हुँदैन" भन्ने व्यवस्था देखिन्छ। प्रस्तुत कानूनी व्यवस्था नेपाली फौजदारी कानुन प्रणालीमा नै प्रथम पटक समावेश भएको नयाँ कानुनी व्यवस्था हो। आधुनिक समाजको जटिलता र व्यक्ति व्यक्ति, व्यक्ति र परिवार एवं व्यक्ति र समाजबिचको सम्बन्धका पाटाहरू जटिल हुँदै गएको, विज्ञान र प्रविधिको विकाससँग सञ्चार प्रविधिमा भएको व्यापक वृद्धि र सो सञ्चार साधनमा भएको आम मानिसको पहुँच, छापा एवं विद्युतीय माध्यमबाट व्यक्तिले निर्वाध रुपमा प्राप्त गर्ने सूचना र जानकारीसमेतको कारण वर्तमान अवस्थामा युवा पुस्ताहरूको बिपरीत लिङ्गीप्रति बढ्दै गएको आकर्षण, समाज विकासको क्रममा मानिसहरूले सबै विषयमा खुल्ला कुराकानी, छलफल गर्न थालेको परिवेशलगायतको कारण समाजमा नाबालिग अवस्थामा नै बिपरीत लिङ्गीप्रति आकर्षण पैदा हुन गई सो आकर्षण प्रेममा रुपान्तरण हुने र बिस्तारै दिनहरू बित्दै जाँदा घर, परिवार, साथीभाई, कुल, वंश, आर्थिक तथा सामाजिक अवस्था, रहनसहन, शिक्षाको स्तरलगायत धेरै कारणहरूबाट एक अर्कोप्रति अविश्वास, अनाकर्षण उत्पन्न हुने र कतिपय अवस्थामा दुईजनाको प्रेममा बाधा, व्यवधान आउने गरेको पाइन्छ। आजको समाजमा आज प्रेममा पर्ने र भोली ब्रेक अप गरी पर्सी अर्कै जोडी खोज्दै हिड्ने प्रवृत्ति पनि सहर बजारमा देखिएको छ। यसलाई विद्यमान समाजको उपजकै रुपमा लिनुपर्दछ। यसै सन्दर्भमा प्रतिबादी र मृतकबिचमा समेत चिनजान, परिचय हुन गई एक अर्काप्रति आकर्षित भई दुईजनाको बिचमा मायाप्रेम रहेको कुरा मिसिलबाट देखिएको छ। मृतक र प्रतिबादी दुबैले एक अर्कालाई मायाप्रेम गर्नु अगाडि निज दुबैजना अविवाहित व्यक्ति हुँदा त्यसलाई स्वाभाविकै मान्नुपर्ने हुन्छ। जहाँसम्म प्रतिबादीले मृतकलाई विवाह गर्न इन्कार गरी आत्महत्याको लागि दुरुत्साहन दिएका भन्ने बादी नेपाल सरकारको अभियोग छ, सो सम्बन्धमा हेर्दा प्रतिबादी दिनेश भन्ने अम्मरबहादुर किसानले प्रयोग गर्ने मोबाइल नं. ९८०६१९७००० र ९८४७७४४९३१ र मृतकले प्रयोग गर्ने मोबाइल नं. ९८०६१०६६१९ मा भएको सम्पर्क र शब्द सन्देश (Text message) को अध्ययन गर्दा प्रतिबादी र मृतक एकापसमा प्रेम सम्बन्ध (Relationship) मा रहेको कुरा देखिन्छ भने मृतकले प्रतिबादीको मोबाइल नं. ९७७९८०६१९७००० मा दिनेश एक भए फोन उठाउन, सरी दिनेश म आउँदिन म हजुरको रुममा अब सदाको लागि गएँ म यो दुनियादेखि अनि हजुरको लाइफदेखि, एकछिन भेट्छु अनि फर्कन्छु यदि

ढोका खोल्नुभएन भने हजुरकै ढोकाअगाडि मेटासिड खाएर मर्छु, दिनेश म त्यहीं आउँदैछु, दिनेश एक मिनेट प्लिज, एकचोटी फोन गर्नु केही भन्नु छ अनि सदाको लागि हजुरदेखि टाढा जान्छु, खुसी त केही दिन सकिन अब दुःख र तनाव पनि दिन्न, दिनेश मैले जव छोडें लगायत शब्द सन्देश गरेको पाइन्छ। साथै मृतकको कोठाबाट निजले लेखेको डायरी फेला परेको छ भने डायरीमा निराशाजनक कविताहरू लेखेको पाइन्छ। मृतकले लेखेको सो शब्द सन्देश र डायरीका कविताहरूको अध्ययन गर्दा मृतक जीवनप्रति उदास र निराश रहेको झल्को पाइन्छ। प्रतिबादीसँग प्रेममा रहेकी, प्रतिबादीले तत्कालै विवाह गर्न इन्कार गरेको र घर परिवारबाट प्रतिबादीको सम्बन्धलाई अस्वीकार गरेको लगायतका कारणहरूबाट मृतक आफैमा ठूलो असमन्जस्यतामा थिइन् र जीवनप्रति नै उदास र निराश थिइन् कि? भन्ने देखिन्छ। जहाँसम्म प्रतिबादीले मृतकलाई आत्महत्या गर्नको लागि दुरुत्साहन दिएको भन्ने प्रश्न छ, सो सम्बन्धमा हेर्दा मृतकको कोठाबाट डायरीसहितको वस्तु फेला परेको भए तापनि आत्महत्या टिपोट (Suicide note) फेला परेको छैन। प्रतिबादीले आफूलाई प्रेममा पारी आफ्नो अस्मिता लुटी बेहाल बनाएको भनी कोही कसैलाई व्यक्त अव्यक्त रुपमा भनेको भन्ने पनि देखिँदैन। साथै मृतकको घर कोठाबाट बरामद भएको डायरीमा पनि प्रतिबादी र आफ्नो प्रेम सम्बन्धका कुराहरू उल्लेख गरेको, सो प्रेम सम्बन्धको बारेमा घर, परिवार र प्रतिबादीको भनाई र प्रेम सम्बन्धमा बाधा, अड्चन आएको कुनै कुरा उल्लेख भएको छैन। मृतकले प्रतिबादीको मोबाइलमा केही शब्द सन्देशहरू पठाएको र त्यस क्रममा एकछिन भेट्छु अनि फर्कन्छु, यदि ढोका खोल्नुभएन भने हजुरकै ढोकाअगाडि मेटासिड खाएर मर्छु भनी र एकचोटी फोन गर्नु केही भन्नु छ अनि सदाको लागि हजुरदेखि टाढा जान्छु, खुसी त केही दिन सकिन अब दुःख र तनाव पनि दिन्न भनी सन्देश पठाएको पाइन्छ। प्रतिबादीले मृतकलाई मर्नुपर्नेसम्मको अवस्था वा परिस्थिति बनाएको भए प्रतिबादीउपर यति मायालु पारामा हजुर हजुर भनी सम्बोधन गरी सन्देश पठाउनुपर्ने कारण देखिँदैन। मृतकलाई निजको सतित्व लुटेर बिच सडकमा छोडी आफ्नो जीवन नै वर्वाद बनाएको भन्ने आभाष भएको भए प्रतिबादीलाई गाली र धम्कीपूर्ण भाषामा सन्देश पठाउनुपर्नेमा त्यसो गरेको पाईंदैन। विवाहिता वा अविवाहिता जोडीहरूको प्रेमपूर्ण सम्बन्धमा उकाली ओराली आउनु जानुलाई अस्वाभाविक मान्न सकिँदैन। दुईजनाको बिचमा सामान्य भनाभन, वाद, विवाद, झैझगडा, कलह, हातपात हुनसक्छ। यस अवस्थामा कथंकदाचित दुईजनामध्ये एकजना जीवनप्रति निराश भएर, उदास भएर आफूखुसी आत्महत्या गर्न सक्छ। आत्महत्या स्वयंमा एक मानसिक अवस्था पनि हो। यसैको आधारमा मृतकको श्रीमान वा श्रीमती वा प्रेमी भएकै कारण आत्महत्या गर्न दुरुत्साहन गरेको भन्ने अनुमान गरी सजाय गर्न सकिने हुँदैन। प्रस्तुत आत्महत्या गर्न दुरुत्साहन गर्ने मुद्दा पाँच वर्षसम्म कैद सजाय र पचासहजार रुपैयाँसम्म जरिबाना हुनसक्ने संगीन फौजदारी अपराध हो। यस प्रकृतिको गम्भीर फौजदारी कसुरमा कसैउपर कसुर कायम गर्दा वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि हुनुपर्दछ। केवल अनुमान र आशंकाको आधारमा कोही कसैलाई कसुरदार कायम गर्न सकिँदैन। मुलुकी अपराध संहिता, २०७४ को दफा ३५ को उपदफा (२) मा सो दफाको प्रयोजनको लागि दुरुत्साहनको परिभाषा गरेको पाइन्छ जसलाई प्रस्तुत सन्दर्भमा समेत सान्दर्भिक हुने देखिन्छ। सो कानुनी व्यवस्था हेर्दा कसैले कसैलाई कुनै कसुर गर्न उक्साएमा निजले दुरुत्साहन दिएको मानिने देखिन्छ। सो कानुनी व्यवस्थालाई प्रस्तुत मुद्दाको सन्दर्भमा जोडेर हेर्दा प्रतिबादीले मृतकलाई

आत्महत्या गर्न दुरुत्साहन दिनको लागि मृतकलाई आत्महत्या गर्नको लागि प्रतिबादीले उक्साएको हुनुपर्ने देखिन्छ। मिसिल संलग्न प्रमाणबाट मृतकलाई प्रतिबादीले आत्महत्या गर्न उक्साहट गरेको भन्ने देखिँदैन। बादी नेपाल सरकारले समेत यसोगरी प्रतिबादीले उक्साहट गरेका थिए भनी दाबी लिन सकेको छैन। साथै प्रतिबादीले मृतकलाई आत्महत्या गर्न बाध्य पार्ने गरी दवाव दिएको भन्ने पनि मिसिलबाट देखिँदैन। वारदातको समयमा मृतकको साथमा प्रतिबादी र मृतककी साथी सचिना क्षेत्री उपस्थित रहेको देखिन्छ र मृतकले वान्ता गरेपश्चात प्रतिबादीले नै ट्याक्सी खोजी तत्काल धौलागिरी अञ्चल अस्पतालसम्म लगेको, त्यहाँ उपचार हुन सक्दैन भनेपश्चात निज प्रतिबादीले नै पोखरा लगेको, सम्पूर्ण उपचार खर्च निजले नै व्यहोरेको, मृत्यु भएपश्चात जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएको र मृतकको शवसमेत प्रतिबादीले नै बुझी ल्याई कालिगण्डकी तटमा दाहसंस्कार गरेको भन्ने कुरा घटना विवरण कागज गर्ने स्वयं बादी पक्षका साक्षीहरू सागर दर्नाल, ओमी नेपाली र टेकबहादुर नेपालीको घटना विवरण कागजबाट देखिएको छ। जहाँसम्म जाहेरवालाले आफूलाई थाहा जानकारी नदिएको भनेकोतर्फ हेर्दा घटना विवरण कागज गर्ने सागर दर्नालले मृतक आफ्नो मामाको छोरी दिदी हुन् भनी निजको धौलागिरी अञ्चल अस्पताल, बागलुङमा भर्ना भई उपचार भइरहेको देखेको भनी घटना विवरण कागज गरेका र निजले सो कुरा मृतकका घर परिवारलाई थाहा जानकारी दिएनन् भनी भन्न सकिँदैन। घटना विवरण कागज गर्ने लक्ष्मी बि.क. को बकपत्रबाट मृतक र प्रतिबादीको प्रेम सम्बन्धबाट मृतकका घर परिवार असन्तुष्ट रहेको भन्ने देखिँदा सोही कारण प्रतिबादीको मृतकका घरपरिवारसँगको सम्बन्ध सौहार्दपूर्ण नरही घटनाको बारेमा निजले मृतकका घरपरिवारलाई थाहा, जानकारी दिन हिच्किचाएको, डराएको हुन सक्छ भने प्रतिबादी चिन्तामा भएको र सबै आफैले गर्नु परी व्यस्तताको कारणबाट पनि थाहा जानकारी दिन नसकेको हुन सक्छ साथै सम्भावित परिणामको आँकलन गर्न नसकी थाहा जानकारी नदिएको पनि हुन सक्छ। केवल घर परिवारलाई थाहा जानकारी नदिएकै कारण दुरुत्साहन गरेको भनी भन्न सकिँदैन। मूलतः फौजदारी कसुरमा प्रतिबादीले आरोपित कसुर गरेको कुरा बिना संदेह प्रमाणद्वारा पुष्टि गर्ने दायित्व बादी नेपाल सरकारकै हो। प्रतिबादीले आरोपित कसुर गरेको कुरा निर्विवाद रुपमा पुष्टि गर्ने प्रमाणको भार बादी नेपाल सरकारउपर नै हुन्छ। प्रतिबादीले कसुर गरेको कुरामा किंचित मात्रै शंका भएमा पनि सोको सुविधा प्रतिबादीले प्राप्त गर्ने भई आरोपित कसुरबाट उन्मुक्ति पाउँछ। हाम्रो विद्यमान फौजदारी न्याय प्रणालीले अङ्गिकार गरेको सिद्धान्त र अवधारणाको मुटु नै यही हो। यसको अभावमा कुनै पनि व्यक्तिलाई कसुरदार कायम गर्नु विद्यमान फौजदारी न्याय प्रणालीको बिपरीत हुन जान्छ।

अतः उपर्युक्त जाहेरी, घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, प्रतिबादीको अधिकार प्राप्त अधिकारीसमक्ष र अदालतमा भएको बयान, मृतक र प्रतिबादीको बिचमा भएको मोबाइल सम्पर्क र सन्देश प्रवाह, प्राप्त मृतकको डायरी र त्यसमा लेखिएका कवितात्मक भाव, जाहेरवाला, प्रतिबादीका साक्षी रुपा बि.क., मिनबहादुर दर्जी, टिकाराम दर्जीको घटना विवरण कागज एवं अदालतको बकपत्र, सागर दर्नाल, ओम नेपाली र हर्कबहादुर नेपालीले तत्काल गरिदिएको घटना विवरण कागजसमेतका मिसिल संलग्न प्रमाणहरूबाट प्रतिबादी दिनेश भन्ने अम्मरबहादुर किसानले मृतकलाई आत्महत्या गर्न दुरुत्साहन गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) अनुसारको कसुर गरेको भन्ने कुरा देखिन नआएको र बादी नेपाल सरकारले समेत सो कुरा पुष्टि हुने वस्तुनिष्ठ ठोस प्रमाण

पेश गर्न सकेको नपाईंदा प्रतिबादीले मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) को कसुर गरेकाले निज प्रतिबादीलाई सोही संहिताको दफा १८५(२) बमोजिम सजाय गरिपाऊँ भन्ने बादी नेपाल सरकारको अभियोग मागदाबी पुग्न सक्दैन। प्रतिबादी दिनेश भन्ने अम्मरबहादुर किसानले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नु।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिबादी दिनेश भन्ने अम्मरबहादुर किसानले अभियोग मागदाबीबाट सफाइ पाउने ठहरी फैसला भएको हुँदा प्रस्तुत मुद्दाबाट आजैका मितिदेखि थुनामुक्त गरिदिनु भनी कारागार कार्यालय, बागलुङमा लेखी पठाइदिनु १

प्रस्तुत मुद्दाको अन्तिम सुनुवाइमा बादी नेपाल सरकारको तर्फबाट जिल्ला न्यायाधिवक्ताले बहस पैरवी गरेको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(३) बमोजिम प्रस्तुत फैसलाको जानकारी बादी नेपाल सरकारले पाएको हुँदा प्रस्तुत फैसलाउपर चित्त नबुझेमा ऐ. ऐनको दफा १३४ बमोजिम बादी नेपाल सरकारले पुनरावेदन गर्न सक्ने नै देखिँदा बादी नेपाल सरकारलाई पुनरावेदनको म्याद दिइरहनु परेन प्रस्तुत मुद्दाको फैसलाको प्रतिलिपि साथै राखी पठाइदिनु २

सरोकारवालाले नक्कल मागे नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु.....३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु.....४

मा.जि.न्या. ज्यूले बोली टिपाएबमोजिम टिपी
फैसला तयार गर्नेः-
ना.सु. दानप्रसाद शर्मा
क.अ. सन्तोष मण्डल
फाँट :- मुद्दा फाँट १

.....
(प्रकाशप्रसाद पण्डित)
जिल्ला न्यायाधीश

प्रमाणीकरण मिति २०७६।०२।०१

अदालतको छाप

इति सम्वत् २०७६ साल बैशाख महिना ०८ गते रोज १ शुभम.....

श्री

बाँके जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री मनकुमारी जि.एम.वि.क.

फैसला

रजिष्ट्रेशन/कोड नं.७४-०७५-०१९३४

मुद्दा नं. ०७५-C१-०३६०

कसुर ठहर निर्णय नं.८९

सजाय निर्धारण निर्णय नं.१३

मुद्दाः- आत्महत्या गर्न दुरुत्साहन गरेको

प्र.ना.नि. पूर्ण बहादुर ओलीसमेतको प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार.....१ } **वादी**

विरुद्ध

अकबर बेहनाको नाती जुमई बेहनाको छोरा जिल्ला बाँके नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १७ परसपुर बस्ने सद्दाम हुसेन बेहना.....१
सरदार बेहनाको नाती हबिव बेहनाको छोरा जिल्ला बाँके साविक पिप्रहवा गा.वि.स. वडा नं. ७ हाल नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १५ पिप्रहवा बस्ने सद्दन बेहना.....१ } **प्रतिवादी**

वादीको साक्षी

गवाह-प्र.ना.नि. पूर्ण बहादुर ओलीसमेत..१

देखे सुन्नेः-रागिनी जयसवाल, पूजा जैसवाल, दिनेश कुमार पाठक, सनत कुमार पाठक, मैनुद्दिन अन्सारी, रजितराम कोरी, राम नरेश कलवार, मिथुन कुमार कुर्मी, सलिम वागवान, नुरजहाँ बेहना

प्रतिवादीहरुको साक्षी

चन्द्रमाल कुर्मी.....१
मुस्तामा दर्जी.....१
मुराद दर्जी.....१
मेराज दर्जी.....१
तुल्सीराम कोरी.....१
मोथु कोरी.....१
अब्दुल अजिज बेहना.....१
अब्दुल सलाम हलवाई.....१
बिनोद कुमार जैसवाल.....१

प्रमाण

X

प्रमाण

X

अदालतबाट बुझेको

साक्षीः

प्रतिवादीका साक्षी तुल्सीराम कोरी

प्रतिवादीका साक्षी मुराद दर्जी
जाहेरवालाः प्र.ना.नि. पूर्ण बहादुर ओली
घटना विवरणः मैनुद्दिन अन्सारी, राम नरेश कलवार,
मुराद दर्जी, तुल्सीराम कोरी, रागिनी जैसवाल

प्रमाणः
x

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद ४ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य खण्ड

१. घटनास्थल तथा लासजाँच मुचुल्का

जिल्ला बाँके नेपालगंज उपमहानगरपालिका वडा नं.१४ स्थित पूर्वमा लक्ष्मण बर्माको खेत, पश्चिम हिरमिनीया जाने बाटो, उत्तर नागाबाबा कुटी, दक्षिणमा लक्ष्मण बर्माको अरहर बारी यति चार किल्लाभित्र रहेको अयोध्या प्रसाद पाठकको १ तले पक्की घर, उक्त घरको उत्तरतर्फको पहिलो कोठाको चुक्कुल भित्रबाट लगाएको, सो कोठाको चुक्कुल तोडीभित्र प्रवेश गरी हर्दा कोठाको छतको हुकमा चुन्नी (सल) को पासो लगाई झुन्डिएको अवस्थामा निशा भन्ने महिलाको मृत लास रहेको र मृतकको खुट्टा भुईंमा रहेको पट्टवाला फलामको खाटमा टेकिएको, अर्ध खुम्चिएको अवस्थामा रहेको, पासो हुकदेखि मृतक लासको घाँटीसम्मको दुरी ३ फिट ७ इन्च रहेको, हुकदेखि खाटसम्मको दुरी ८ फिट, खाट १ फिट ३ इन्चको रहेको, पासोको गाठोदेखि खाटसम्मको दुरी ४ फिट ७ इन्च रहेको, मृतक लासको पासोको गाठो बायाँ कानतर्फ परेको, अनुहार पूर्व उत्तर रहेको, मृतक लासको पासो काटी खाटमा लास सुताई ओल्टाइपल्टाइ हेर्दा घाँटीमा पासोको डाम रहेको, जिब्रो टोकिएको र अन्य अवस्था समान्य रहेको, सो कोठाबाट सायरी लेखेको कपी र कपीमै रहेको हरियो रंङको पेन, भुईंमा रहेको निलो डटपेन, कपी र भित्ता नजिक भुईंमा ९८२२४१७७८० नं.को सिम भएको SAMSUNG चर्केको मोबाइल थान १ रहेको र लास ताजै अवस्थामा रहेको भन्ने घटनास्थल तथा लास जाँच मुचुल्का।

२. प्र.ना.नि. पूर्ण बहादुर ओलीसमेतको प्रतिवेदन

मिति २०७५।१०।२२ गते दिउसो अं.३:०० बजेको समयमा जिल्ला बाँके ने.ग.उ.म.न.पा. वडा नं.१४ बाले गाउँस्थित अयोध्या प्रसाद पाठकको घरको कोठामा एक जना महिलाले झुन्डी आत्महत्या गरेको भन्ने सूचनाअनुसार म समेतको प्रहरी टोली उक्त स्थानमा खटिजाँदा निज महिला निशाले पासो लगाएको भनिएको कोठाको ढोकाभित्रबाट चुक्कुल लगाएकोले चुक्कुल तोडी कोठाभित्र प्रवेश गरी हेर्दा निज निशा भन्ने महिलाले सो कोठाको छतको हुकमा चुन्नी (सल) को पासो लगाई मृत अवस्थामा रहेको भेटिएकोले प्रारम्भिक अनुसन्धानको कार्य सम्पन्न गरी निजको घर ठेगाना र आफन्तहरुको

बारेमा बुझ्दा कोही नभेटिएको हो। सो घटना सम्बन्धमा सम्बन्धित व्यक्तिहरु तथा स्थानीय मानिसहरुबाट बुझ्दा र घटनास्थल प्रकृतिसमेत हेर्दा निज निशा भन्ने महिलालाई जिल्ला बाँके ने.ग.उ.म.न.पा.वडा नं.१५ पिप्रहवा गाउँ बस्ने सद्दन बेहनाले मायाप्रेमका कुरा गरी बिवाहसमेत गर्छु भनी श्रीमती सरहको सम्बन्ध राख्दै बिगत ५/६ महिनादेखि उक्त कोठामा राखेको र पछिल्लो समयमा निज सद्दन बेहनाले मृतकलाई धोका दिई अर्कैसँग बिहे गर्न भनी दबाब दिने गरेको र उक्त कुरा मृतकले नमान्दा सद्दन बेहना निजलाई छोडी सम्पर्कबिहीन भएको कारण निज मृतक निशा भन्ने महिलाले आत्महत्या गरेको कुरा बुझिएको हो। निज सद्दन बेहना पहिल्यै बिवाहित रहेको कुरासमेत बुझिएको हुँदा यसरी निज सद्दन बेहनाले मृतक निशा भन्ने महिलासँग गलत मनसायले नै मायाप्रेमका कुरा गरी मायाजालमा पारी बिवाहसमेत गर्ने भनी झुक्याइ, अनुचित प्रभावमा पारी शारीरिक सम्बन्धसमेत राख्दै आई निज मृतकलाई धोका दिई आत्महत्या गर्नेसम्मको परिस्थिति खडा गरेको र सो कार्य गर्न/गराउन निज सद्दन बेहनाको साला नाता पर्ने जिल्ला बाँके ने.ग.उ.म.न.पा.वडा नं.१९ परस्पुर बस्ने सद्दाम हुसेन बेहनाको समेत भूमिका/संलग्नता रहेको भन्ने कुरा बुझिएकोले हाल मृतकको यकिन घर ठेगाना/आफन्त पत्ता नलागेकोले कानुनबमोजिम गर्नको लागि यो प्रतिबेदन लेखि पेश गरेका छौ कानुनबमोजिम होस् भन्ने प्र.ना.नि.पूर्ण बहादुर ओलीसमेतको प्रतिवेदन।

३. सद्दन बेहनाको मौकाको बयान

मृतक निशा भन्ने महिलालाई मैले चिन्दछु। लगभग ५/६ महिनादेखि मेरो सम्पर्कमा छिन्। ६ महिना पहिले मेरो साला नाता पर्ने सद्दाम हुसेन बेहनाले निज मृतकलाई मेरो सिलाइ कटाइ पसलमा ल्याई मृतकसँग मेरो प्रेम छ। बिहे गर्ने हो। केही दिनपछि घरमा लग्छु। तपाईले कतै कोठा खोजी राखी दिनुहोस् भनेपछि मैले मेरै गाँउकै राजितराम कोरीको घरमा कोठा लिई राखिदिएको थिए। निज सद्दाम हुसेन बेहना कोठामा गई मृतकलाई भेट्ने गर्दथे। रजितराम कोरीले कोठा खाली गर्न भन्न थालेपछि निज सद्दाम हुसेन बेहनाले १ महिनापछि मृतकलाई घरमा लग्छु भनि लगेका थिए। सद्दाम हुसेन बेहनाले निजलाई आफ्नो घरमा नलगी अलपत्र छोडिदिएको कारण मृतक सद्दाम हुसेन बेहनाले धोका दिएको भनी राजितराम कोरीको घरमा गई रोई कराइ गर्न थालेपछि राजितराम कोरीले मलाई मृतकलाई कतै कोठा खोजी काममा लगाई दिनुहोस् भनेपछि निज मृतकलाई मैले जिल्ला बाँके ने.ग.उ.म.न.पा.वडा नं.१४ बालेगाँउ स्थित मैले भाडा लिई पसल गर्ने घरमा निजलाई कोठा लिई राखी दिएको हुँ। सो क्रममा निजसँग कहिले आफ्नो घरमा जाने र कहिले निजसँगै कोठामा बसी सहमति मै शारीरिक सम्पर्क पनि हुन्थ्यो। निजलाई कतै पसल खोली दिउँलासम्म भनेको थिए। वारदात मिति २०७५।१०।२२ गतेभन्दा लगभग १०/१२ दिन पहिले मैले मृतक बस्ने गरेको घरमै रहेको आफ्नो सिलाइ पसल बिक्री गरी प्रिपहवा आफ्नो घरमा किराना पसल खोलेको थिएँ। पसल बिक्री गरेपछि १/२ पटक निज मृतक बस्ने कोठामा आएको थिए। पछि म आफ्नो घरमा रहेको किराना पसलमा व्यस्त हुने भएकोले घटनाको ६/७ दिनअगाडिबाट निजको कोठामा जान पाएन। निजसँग मेरो झगडा विवाद केही भएको थिएन। निजले आफ्नो घर ठेगाना र आफन्तको बारेमा केही बताएकी थिएनन। निजले के सोचेर आत्महत्या गरिन् म भन्न सक्दिन भन्ने प्रतिवादी सद्दन बेहनाको बयान।

४. सद्दाम हुसेन बेहनाको मौकाको बयान

मैले रिक्सा चलाउने काम गर्ने भएकोले मृतक निशा भन्ने महिलासँग मेरो भेट आजभन्दा ६/७ महिना पहिला नेपालगंज गणेशमान चोकमा भएको थियो। निज मृतकले मलाई सितापुर बाबास्थानसम्म छोडिदिन भनेकीले मैले निजलाई बाबास्थानसम्म लगी छोडिदिएको हुँ। बाटोमा जादै गर्दा निजले आफ्नो घर बर्दिया डाँफे भन्ने ठाउमा हो भनी बताएकी थिइन। श्रीमान् विदेश छन् सासु ससुराले दुःख दिन्छन। माइती घर भारत भुपाल हो भनेकी थिइन् । सो पश्चात निजको र मेरो फोन सम्पर्क हुने हुँदा २/४ दिनपछि निजले मलाई फोन गरी नेपालगंज गणेशमान चोकमा भेटेकी थिइन। भेट भएपछि निजले घरबाट भागेर आएको र मलाई कतै काममा लगाई देउ भनेपछि मैले मेरो भिनाजु नाता पर्ने सद्दन बेहनाले बालेगाँउमा सिलाइ कटाइको पसल गर्ने भएकोले निजलाई काममा लगाई कोठा लिई राख्र भनौला भन्ने सोची मृतकलाई भिनाजुसँग भेटाई सो कुरा गरेपछि भिनाजुले आफ्नै गाउँकै राजितराम कोरीको घरमा लिई राखेका हुन्। म १/२ पटक निज मृतकलाई भेट्न गएको थिए। मैले रिक्सा चलाउने भएकोले निजले बोलाएको बेला भेट्न जान सक्दैनथे। लगभग १ महिना जति पुगिसकेपछि भिनाजुले मलाई फोन गरी निजलाई तिमीले ल्याएको हो। म धेरै दिनसम्म राख्र सक्दैन अब तिमी लग भन्न थालेपछि मैले निजलाई राजितराम कोरीको घरबाट आफूसँग नेपालगंज लिई नेपालगंज धम्बोझी चोकमा छोडिदिएपछि निज भोलि पल्ट राजितराम कोरीको घरमा गएकी रहेछिन्। निजले मलाई फोन गरी मलाई यसरी ल्याएर छोडी दियौ। तिमी आउनु पनि पर्दैन भन्ने कुरा गरेकीले मैले निजसँग कुनै सम्पर्क भेटघाट गरेको थिएन। निजलाई भिनाजु सद्दन बेहनाले नै हेर्छु भनी राखेका रहेछन्। मैले निज मृतकलाई बिहे गर्छु, राख्छु भनेको होइन, निजले मलाई बिहे गर्छ होला भन्ने ठानेको हुनुपर्छ भन्ने समेत व्यहोराको प्रतिबादी सद्दाम हुसेन बेहनाको मौकाको बयान।

५. रागिनी जैसवालको घटना विवरण कागज

निज बस्ने घर बगलमै मेरो माईजु डेरा गरी बस्ने भएकोले माईजुको डेरा कोठा जाँदा निजसँग मेरो चिनजान भएको हो। निज बालेगाँउस्थित अयोध्या प्रसाद पाठकको घरमा बस्न लागेको ६/७ महिना जती भयो। निजसँग कुरा हुँदा निज भारत भुपालबाट आएको, भारत मै जन्मेको र बुवा आमा नभएको भन्थिन। निज नेपाल आएपछि सद्दन बेहनाको सालामार्फत सद्दाम हुसेन बेहनासँग भेट भई सुरुमा सद्दाम हुसेन बेहनाले पिप्रहवामा डेरा कोठा लिई राखेको र हाल सिलाइ कटाइ पसल रहेको अयोध्या प्रसाद पाठकको घरमा डेरा कोठा लिई राखिदिएका रहेछन्। पहिला कुरा गर्दा निज मृतक आफ्नो र सद्दाम हुसेन बेहनाको बिचमा मायाप्रेम रहेको, आफूहरु बिहे गर्ने हो भन्थिन्। निज सद्दाम हुसेन बेहनाले घरमा श्रीमती रहेकाले घरमा श्रीमतीलाई मनाई बिहे गर्छु। तिमीलाई छुट्टै पसल पनि खोलिदिन्छु भनी मृतकलाई भन्ने गर्दा रहेछन्। पछिल्लो समयमा सद्दाम हुसेन बेहनाले बिहे गर्न मन नगरेको भनी निज दुःखी थिइन्। निज मृतकले सद्दाम हुसेन बेहनाले धोका दियो भने जे पनि गर्छु भन्थिन्। मृतक झुण्डिएको ४/५ दिन पहिला सद्दाम हुसेन बेहना मृतक बस्ने घरमा रहेको आफ्नो सिलाइ कटाइ पसल बेची मृतकसँग सम्पर्कविहीन भएका थिए। निजले सद्दाम हुसेन बेहनासँगको ब्रेकअपकै कारण आत्महत्या गरेको लाग्छ। सद्दाम हुसेन बेहना मृतकसँगै कोठामै बस्दथे। मृतकलाई बाहिर निस्केको थाहा पाएमा पिट्ने गाली गर्ने गर्दथे। मृतकले कोठामै गाना सुनी सायरी कापीमा

लेख्थिन्। मृतकको कोठामा फेला परेको कपीमा लेखेको अक्षर, सायरी मृतककै हो। निजले भनेअनुसार निजको नामथर निशा क्षेत्री हो। मैले समेत निजको मोबाइलबाट आफ्नो केटा साथीलाई फोन गर्थें। निज सद्दाम हुसेन बेहना भन्नेको वास्तविक नाम सद्दन बेहना रहेको हाल थाहा पाए भन्ने व्यहोराको रागीनी जैसवालको कागज।

६. पूजा जयसवालको घटना विवरण कागज

म बिगत ४ बर्षदेखि मृतक डेरा कोठा लिई बस्ने अयोध्या प्रसाद पाठककै घरमा कोठा डेरा लिई बस्दै आएकी छु। सोहि घरको अगाडि सटरवाला कोठामा सद्दन बेहनाले भाडामा लिई सिलाइ कटाइ पसल खोली बस्दै आएकोमा वारदात मितिभन्दा ५/६ महिना पहिले निज सद्दन बेहनाले मृतक निशा भन्ने महिलालाई ल्याई दुबै जना श्रीमान श्रीमती सरह बस्दै आएका र निज सद्दन बेहनाको पहिलेदेखि नै बिवाहित रहेकोले मृतकलाई माया प्रेम गर्ने गरेको र पछि बिहे गर्छु भनी मृतकलाई भन्ने गरेको कुरा मृतकले भन्ने गर्दथिन्। निज सद्दन बेहनाले मृतकलाई कोठाबाट बाहिर निस्कन नदिने र बाहिर निस्के पिट्ने गाली गर्ने गर्दथे। पछि निज सद्दन बेहनाले घटना भएको मितिभन्दा ४/५ दिन पहिले उक्त पसल बेची मृतकको सम्पर्कमा नआएको हुदा निज दुःखी रहेकी थिइन। निज सद्दन बेहनाले मृतकलाई धोका दिएकोले मिति २०७५।१०।२२ गते आफू बस्ने कोठामा निज निशा भन्ने महिलाले झुन्डी आत्महत्या गरेको हुनुपर्छ। कानुनबमोजिम होस् भन्ने व्यहोराको पूजा जयसवालको कागज।

७. दिनेश कुमार पाठकको घटना विवरण कागज

मृतक निशा नामकी महिला मिति २०७५ साल भदौ १ गतेदेखि मेरो घरमा कोठा भाडामा लिई बस्दै आएकी थिइन। निजलाई मेरै घरमा सटर कोठा भाडामा लिई सिलाइ कटाइ पसल खोलेका सद्दन बेहनाले श्रीमती हो भनी ल्याएका थिए। निज सद्दन बेहना र मृतक श्रीमान श्रीमतीको सम्बन्ध राखी कोठामा बस्दै आएका थिए। घटना पहिले १०/१५ दिन पहिले निज सद्दन बेहनाले पसल गाउँकै मैनुद्दिन भन्ने व्यक्तिलाई बिक्री गरेका थिए २०७५।१०।२२ गते निजले आफू बस्ने कोठामा निज निशा भन्ने महिलाले आत्महत्या किन गरिन् म भन्न सक्दिन भन्ने ब्यहोराको दिनेश कुमार पाठकको कागज।

८. सनत कुमार पाठको घटना विवरण कागज

मृतक निशा नामकी महिला मिति २०७५ साल भदौ १ गतेदेखि मेरो घरमा कोठा भाडामा लिई बस्दै आएकी थिइन। निजलाई मेरै घरमा सटर कोठा भाडामा लिई सिलाइ कटाइ पसल खोलेका सद्दन बेहनाले श्रीमती हो भनी ल्याएका थिए। त्यहाँदेखि निज सद्दन बेहना र मृतक श्रीमान श्रीमतीको सम्बन्ध राखी कोठामा बस्दै आएका थिए। घटना पहिले १०/१५ दिन पहिले निज सद्दन बेहनाले पसल गाउँकै मैनुद्दिन भन्ने ब्यक्तिलाई बिक्री गरेका थिए, २०७५।१०।२२ गते निजले आफू बस्ने कोठामा निज निशा भन्ने महिलाले किन आत्महत्या गरिन म भन्न सक्दिन, निजको घर ठेगाना र आफन्तको बारेमा मैले बुझिन भन्ने व्यहोराको सनत कुमार पाठकको कागज।

९. मैनुद्दिन अन्सारीको घटना विवरण कागज

मृतक निशा भन्ने महिला बस्ने घरमा सद्दन बेहनाले सिलाइ कटाइ पसल गरी बस्ने गरेका थिए। म पहिला निजकै पसलमा काम गर्थे। वारदात मिति २०७५।१०।२२ गते भन्दा १५/१६ दिन पहिले निजको उक्त पसल मैले किनी संचालन गर्दै आएको छु। मिति २०७५।१०।२२ गते म आफ्नो पसलमा थिए। मृतकले ढोका अबेरसम्म नखोलेपछि किन बाहिर आइनन, केही घटना भयो कि भनेर छिमेकी र प्रहरीलाई खबर गरेपछि प्रहरीसमेत आई मृतक बस्ने कोठाको चुक्कुल तोडी भित्र प्रवेश गरी हेर्दा निज छतको हुकमा पासो लगाई झुन्डी मृत अवस्थामा थिइन्। निज मृतक र सद्दन बेहना श्रीमान श्रीमतीको सम्बन्धले त्यहाँ बसेको थाहा पाएको हुँ। घटना घटेको दिन सद्दन बेहना त्यहाँ आएनन्। निज मृतकले के-कुन कारणले आत्महत्या गरिन् म भन्न सक्दिन भन्ने व्यहोराको मैनुद्दिन अन्सारीको कागज।

१०. रजितराम कोरीको घटना विवरण कागज

प्रतिबादी सद्दन बेहना मेरै गाउँघरकै हुन्। यही २०७५ साल असार महिनातिर सद्दन बेहनाले हाल मृतक निशा भन्ने महिलालाई आफ्नो साथमा लिई मेरो घरमा आई निजलाई केही दिन बस्नको लागि कोठा दिन भनेपछि मैले निज महिलालाई बस्नको लागि कोठा दिएको हुँ। पछि म भारत दिल्लीतर्फ गई ८/१० दिनपछि घर फर्केपछि निज महिलालाई घरमा बस्न नदिने भनी निज सद्दन बेहनालाई भनेपछि निज सद्दन बेहनाले निज महिलालाई लिई गएका हुन् भन्ने व्यहोराको राजितराम कोरीको कागज।

११. अभियोग मागदावी

प्रतिवादीहरू सद्दाम हुसेन बेहनाले मृतक निशालाई नेपालगंज ल्याई प्रतिवादी सद्दन बेहनासँगको मिलेमतोमा कोठा भाडा लिई राखी निजहरूले मृतकलाई विवाह गर्छु भनि प्रलोभन देखाई यौन शोषण गरी निजहरू दुवै जनाले मृतकलाई वास्ता गर्न छाडी धोका दिई अलपत्र पारी ज्यूज्यान त्याग गरी मर्नेसम्मको परिस्थिति खडा गरेकाले निज मृतक निशा कोठाको छतको हुकमा झुन्डिएर आत्महत्या गरेको तथ्य पुष्टि भई निज प्रतिवादीहरु सद्दाम हुसेन बेहना र सद्दन बेहनाले मुलुकी अपराध (संहिता) ऐन २०७४ को परिच्छेद १२ को ज्यानसम्बन्धी कसुरअर्न्तगतको दफा १८५(१) बमोजिमको कसुर गरेको देखिएकोले निजहरुलाई सोही ऐनको दफा १८५(२) बमोजिम सजाय गरी दफा १८६ बमोजिम मृतकका हकवालालाई मनासिव माफिकको क्षतिपूर्ति दिलाई भराई दिनुपर्ने भन्ने दायर भएको अभियोगपत्र।

१२. सद्दाम हुसेन बेहनाको अदालतसमक्षको बयान

प्रहरी प्रतिवेदनमा मैले निज मृतकलाई आत्महत्या गर्ने परिस्थिति सृजना गरेको भनी परेको बेहोरा गलत हो। म रिक्सा चलाउने काम गर्ने भएकोले मृतक निशासँग परिचय भई निजले मेरो फोन नं. मागी मसँग बेलाबेलामा कुराकानी हुने क्रममा मलाई गाह्रो छ, मलाई केही काम लगाई दिन भनेपछि मैले चिनजानका आफन्त भिनाजु नाताका सद्दन बेहनालाई भनी सिलाइ कटाइको काममा लगाइदिएको थिएँ। पछि निजलाई भिनाजु सद्दन बेहनाले कोठा खोजी दिएका हुन्। भिनाजु र मृतकबिच के कस्तो सम्बन्ध रहेको थियो मलाई थाहा भएन। मैले मृतकलाई आत्महत्या गर्ने परिस्थिति खडा गरेको

होइन। मैले मृतकलाई बिहे गर्छु भनी कुनै आश्वासन दिएको थिइन। मैले दावीअनुसारको कसुर नगरेको हुनाले सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी सद्दाम हुसेन बेहनाले यस अदालतमा गरेको बयान।

१३. सद्दन बेहनाको अदालतसमक्षको बयान

प्रहरी प्रतिवेदनमा मैले निज मृतकलाई आत्महत्या गर्ने परिस्थिति सृजना गरेको भनी परेको बेहोरा गलत हो। मृतक निशालाई मेरो साला नाताका सह-प्रतिवादीले ल्याई मेरो र यिनीबिच मायाप्रेम छ। केही समय राख्ने व्यवस्था गरिदिन भनेकोले मैले कोठा खोजी राख्ने व्यवस्था गरिदिएको थिएँ। पछि निज सह-प्रतिवादी सद्दाम बेहनाले मृतकलाई वास्ता नगरेको कारणले मैले नै रेखदेख गर्ने गरेको थिए। मैले मृतकलाई आत्महत्या गर्ने परिस्थिति सृजना गरेको होइन। मौकाको बयानमा हामीहरुको बिचमा सहमति मै कहिले काँही शारीरिक सम्पर्क पनि हुन्थ्यो र मैले मृतकलाई मलाई माया गर्छु, मृतकसँग मेरो श्रीमान श्रीमतीको जस्तो सम्बन्ध रहेको भन्ने व्यहोरा भनी मैले भनेको थिइन। मैले अभियोग दावीअनुसारको कसुर नगरेको हुनाले सजाय हुनुपर्ने होइन भन्ने समेत बेहोराको प्रतिवादी सद्दन बेहनाले यस अदालतमा गरेको बयान।

१४. थुनछेक आदेश

उपरोक्त संक्षिप्त तथ्य रहेको प्रस्तुत मुद्दामा प्रतिवादी सद्दाम हुसेन बेहनाउपर परेको किटानी प्रहरी प्रतिवेदन, घटनास्थल/लास जाँच मुचुल्का, प्रतिवादीहरुले मौकामा र यस अदालतमा गरेको बयान, राजितराम जैसवालसमेतका व्यक्तिहरुले मौकामा गरिदिएको घटना विवरण कागजसमेतका तत्काल प्राप्त प्रमाणहरुबाट निज प्रतिवादी अहिले नै निर्दोष रहेछन् भन्ने अवस्था नदेखिँदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा अभियोग मागदावीसमेतलाई दृष्टिगत गरी निज प्रतिवादी सद्दाम हुसेन बेहनाबाट मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन २०७४ को दफा ७२ मा उल्लिखित अवस्थाहरुलाई बिचार गरी ऐ. को दफा ६७ बमोजिम जनही रु.१,५०,०००।(एक लाख पचास हजार रुपैयाँ) नगद वा सो बराबरको जेथा जमानत दिए लिई तारेखमा राखु, दिन नसके कानुनबमोजिमको सिधा खान पाउने गरी थुनामा राखु। अर्का प्रतिवादी सद्दन बेहनाउपर परेको किटानी प्रहरी प्रतिवेदन, घटना विवरण कागज गर्ने मृतकले कोठा लिई बसेको घरधनी दिनेश कुमार पाठक र सनत कुमार पाठकले आफ्नो कागज व्यहोरामा निज प्रतिवादीले श्रीमती हो भनी मृतकलाई सो कोठामा राखेको भनी र रागिनी जैसवालले मृतक र प्रतिवादी सद्दनबिच मायाप्रेम रहेको, निजले नै मृतकलाई कोठा खोजिदिएको, पछिल्लो समयमा प्रतिवादी सद्दनले मृतकसँग विवाह गर्न नमानेपछि प्रतिवादी बेहनासँगको ब्रेक अफको कारण आत्महत्या गरेको भनी घटना विवरण कागज गरेको पाइयो। मृतकले बारम्बार सद्दाम भनी सायरी लेखेको किताबको प्रतिलिपि र सद्दामले एक समय नामक सायरी लेखी मेरा नाम सद्दाम है मेरा नाम याद रख्ना भन्ने उल्लेख गरी लेखिएका सायरीका प्रतिलिपि, मृतक र प्रतिवादी सद्दनबिच भएका SMS समेतका तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी सद्दन बेहना अहिले नै निर्दोष हुन् भनी विश्वास गर्ने मनासिव आधार नदेखिँदा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा यी प्रतिवादी सद्दन बेहनालाई हुन सक्ने सजायसमेतलाई दृष्टिगत गरी थुनामै राखिराखु भन्ने यस अदालतबाट भएको मिति २०७५/११/२९ मा भएको थुनछेक आदेश।

१५. प्रतिवादी सद्दन बेहनाउपर भएको उच्च अदालतको आदेश

प्रतिवादी सद्दन बेहनाको हकमा हेर्दा मृतकलाई घर कोठा खोजी राखिदिएकोसम्म देखिएको पछि कतै व्यवस्था गरिराख्छु भनेको र मृतकलाई विहे गर्छु भनी नभनेको, घटनाको ६/७ दिन अगाडिदेखि भेटघाट भएको थिएन। झगडा विवाद थिएन भनी मौकामा बयान गरेका र मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट आत्महत्या गर्न दुरुत्साहन गरेको भन्ने सम्मको अवस्था नदेखिई अलपत्र परेकी मृतकलाई सहारा दिएको भन्ने देखिएको अवस्थामा तहाँ अदालतबाट थुनामा राखी मुद्दा पुर्पक्ष गर्ने गरी भएको मिति २०७५।११।२९ गतेको आदेश नमिलेको भई बेरितको देखिँदा बदर गरिदिएको छ। तथापि प्रतिवादी मृतकको कोठामा गई रातमा बस्ने गरेको र विहे गर्न नमानेको घर डेरा छोडी बाहिर जान मनाही गर्ने गरेको निजहरुबिच बारम्बार फोन सम्पर्क हुने गरेको, कागज गर्ने व्यक्तिहरुले लेखाएको व्यहोरासमेतको आधारमा तत्काल निर्दोष छन् भन्न सकिने अवस्था नहुँदा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी प्रतिवादी सद्दन बेहनाबाट मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ६८ बमोजिम रु.२,००,०००।– (दुई लाख रुपैयाँ) नगद धरौट जेथा जमानत वा बैंक ग्यारेण्टी दिए लिई मुद्दाको पुर्पक्षका लागि तारेखमा राखी कानुनबमोजिम गर्नु भन्ने मिति २०७६।०१।१९ गतेको उच्च अदालत तुलसीपुर, नेपालगंज इजलासको आदेश।

१६. घटना विवरण कागज गर्ने मैनुद्दिन अन्सारीको बकपत्र

मृतकलाई मृत्युभन्दा १ महिना अगाडिबाट चिनेको हुँ। प्रतिवादी सद्दन बेहना मृतकको कोठामा कहिल्यै आउँदैनथ्यो भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने मैनुद्दिन अन्सारीको अदालतसमक्षको बकपत्र।

१७. घटना विवरण कागज गर्ने रामनरेश कलवारको बकपत्र

घटना विवरण कागजको व्यहोरा ठिक साँचो छ। सद्दन वेहनाले मृतक निशालाई आत्महत्या गर्न दुरुत्साहन गरेको बारेमा मलाई थाहा छैन भन्ने समेत व्यहोराको रामनरेश कलवारको बकपत्र।

१८. सद्दाम हुसेन बेहनाको साक्षी मुराढ दर्जीको बकपत्र

प्रतिवादी सद्दाम हुसेन बेहना रिक्सा चलाउने क्रममा यात्रुको हिसावले भेट भएपछि चिनजान भएको थियो। चिनजान भएपछि निजको मोबाइल नम्बर मृतकले मागि लिएकी थिइन्। प्रतिवादीलाई सिलाइको कामलाई दिनु भनी म काम गर्छु भनेकाले निज सद्दामले सद्दनको सिलाइकटाइमा लगि काम लगाएका थिए। सद्दामले सद्दनकोमा सिलाइ कटाइको क्रममा लगाएपछि सद्दनले आफै डेरा कोठा खोजी राखिदिएका हुन्। प्रेम सम्बन्ध थिएन निजले मृतकलाई विवाह गर्छु भनी भनेका थिएनन्। प्रतिवादी सद्दाम हुसेन वेहनाले कुनै किसिमको दुरुत्साहन गरेका छैनन्। मृतक आँफैले फासी लगाई मरेकी हुन्। अभियोग दावीबमोजिम सजाय हुनुपर्ने होइन भनी प्रतिवादीका साक्षी मुराद दर्जीले अदालतसमक्ष गरेको बकपत्र।

१९. प्रतिवेदक प्र.ना.नि. पूर्ण बहादुर ओलीले गरेको बकपत्र

प्रतिवेदनमा उल्लिखित सम्पूर्ण व्यहोरा ठिक साँचो छ। वारदात मितिमा सद्दन बेहना मृतक निशाको घर डेरामा थिएन। बुझिएको मानिसको व्यहोरा र स्थलगत बुझ्दा सद्दन बेहनाले मृतक निशालाई आत्महत्या गर्न प्रोत्साहन गरेको परिस्थिति खडा भएको थियो। सुरुमा मृतकको प्रतिवादी सद्दाम

बेहनासँग चिनजान भएको र सो पश्चात मृतकलाई धोका दिई सद्दन बेहनालाई जिम्मा दिएको भन्ने व्यहोरा मैले जानकारी पाएको हुँ भन्ने प्र.ना.नि. पूर्ण बहादुर ओलीले गरेको बकपत्र।

२०. प्रतिवादी सद्दन बेहनाको साक्षी तुल्सीराम कोरीले गरेको बकपत्र

वारदात मितिमा विहानदेखि १२ बजेसम्म गाउँ घरमै म र सद्दन वेहना तथा अन्य साथीहरु अजिज वेहना, अव्दुलसलाम हलवाई मिलि तास खेलेको त्यसपछि १२ बजेको समयमा पुलको सामान लिन रुपैडिहा गई बेलुका सँगै फर्किआएको थिएँ। प्रतिवादी सद्दन वेहनाले कुनै किसिमको दुरुत्साहन गरेका छैनन्। मृतक आँफैले फासी लगाई मरेकी हुन् भन्ने प्रतिवादीका साक्षी तुल्सिराम कोरीले गरेको बकपत्र।

२१. घटना विवरण कागज गर्ने रागिनी जैसवालको बकपत्र

सद्दाम हुसेन बेहनासँग निज मृतकको मायाप्रेम रहेको थियो। पछि सद्दाम हुसेन टाढा हुँदै गएपछि यदि सद्दाम हुसेनले छाडेको खण्डमा मैले आत्महत्या गर्नेछु भन्ने कुरा मृतक निसाले मलाई भनेकी थिइन भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने रागिनी जैसवालको बकपत्र।

ठहर खण्ड

२२. यस अदालतबाट भएको कसुर ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूची चढी निर्णयार्थ यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनु भएका सहायक जिल्ला न्यायाधिवक्ता श्री अम्मर राज जोशीले प्रतिवादीहरुलाई अभियोग दावीबमोजिम कसुर गरेको हुँदा सजाय हुनुपर्ने भनी तथा प्रतिवादीहरुको तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री लोक बहादुर शाह र श्री पवन कुमार गुप्ताले प्रतिवादीहरु उपरको अभियोगदावी पुष्टि हुन आधार नहुँदा आरोपित कसुरबाट सफाइ पाउनु पर्ने भनी गर्नुभएको बहस सुनी मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा, प्रतिवादीहरुले अभियोग दावीबमोजिमको कसुर गरेका हुन् वा होइनन् र अभियोग मागदावीबमोजिम कसुर गरेको भए निजहरुलाई के कति सजाय हुनुपर्ने हो वा होइन सो सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

प्रतिवादीहरू सद्दाम हुसेन बेहना र प्रतिवादी सद्दन बेहनको मिलेमतोमा मृतक निसालाई ल्याई कोठा भाडा खोजी राखी निजहरूले मृतकलाई विवाह गर्छु भनि प्रलोभन देखाई यौन शोषण गरी निजहरू दुवै जनाले मृतकलाई वास्ता गर्न छाडी धोका दिई अलपत्र पारेकोले ज्यान त्याग गरी मर्नेसम्मको परिस्थिति खडा गरेकाले निज मृतक निशा कोठाको छतको हुकमा झुन्डिएर आत्महत्या गरेको तथ्य पुष्टि भई निज प्रतिवादीहरु सद्दाम हुसेन बेहना र सद्दन बेहनाले मुलुकी अपराध संहिता, २०७४ क दफा १८५(१) बमोजिमको कसुर गरेकोले निजहरुलाई सोही ऐनको दफा १८५(२) बमोजिम सजाय गरी दफा १८६ बमोजिम मृतकका हकवालालाई मनासिव माफिकको क्षतिपूर्ति दिलाई भराई दिनुपर्ने भन्ने मागदावी लिइ अभियोगपत्र दायर भएको देखियो।

२३. प्रस्तुत मुद्दामा मिति २०७५।१०।२२ गते दिउसो ३:०० बजेको समयमा जिल्ला बाँके ने.ग.उ.म.न.पा. वडा नं.१४ बालेगाउँस्थित अयोध्या प्रसाद पाठकको घरको कोठामा एक जना महिलाले झुन्डी आत्महत्या गरेको भन्ने सूचनाअनुसार म समेतको प्रहरी टोली वारदातस्थल पुग्दा निज

निशा भन्ने महिलाले सो कोठाको छतको हुकमा चुन्नी (सल) को पासो लगाई मृत अवस्थामा रहेको भेटिएकोले सो घटना सम्बन्धमा सम्बन्धित व्यक्तिहरु तथा स्थानीय मानिसहरुबाट बुझ्दा सद्दन बेहना बिवाहित रहेको कुरा बुझिएको आएको र बिगत ५/६ महिनादेखि उक्त कोठामा राखेको र मृतक निशा भन्ने महिलासँग गलत मनसायले नै माया प्रेमका कुरा गरी मायाजालमा पारी बिवाहसमेत गर्ने भनी झुक्याइ, अनुचित प्रभावमा पारी पत्नी सरह शारीरिक सम्बन्धसमेत राख्दै आई निज मृतकलाई धोका दिई आत्महत्या गर्नेसम्मको परिस्थिति खडा गरेको र सो कार्य गर्न/गराउन निज सद्दन बेहनाको साला नाता पर्ने सद्दाम हुसेन बेहनाको समेत भूमिका/संलग्नता रहेको भन्ने कुरा बुझिएकोले कानुनबमोजिम होस् भन्ने प्र.ना.नि.पूर्ण बहादुर ओलीसमेतको प्रतिवादीहरुउपर जाहेरी प्रतिवेदन परेको पाइयो। सोही व्यहोरालाई समर्थन हुने गरी घटनास्थल रहेरको र लासको प्रकृति हेर्दा मृतकको खुट्टा भुईंमा रहेको पट्टवाला फलामको खाटमा टेकिएको, अर्ध खुम्चिएको अवस्थामा रहेको, पासो हुकदेखि मृतक लासको घाँटीसम्मको दुरी ३ फिट ७ इन्च रहेको, हुकदेखि खाटसम्मको दुरी ८ फिट, खाट १ फिट ३ इन्चको रहेको, पासोको गाठोदेखि खाटसम्मको दुरी ४ फिट ७ इन्च रहेको, मृतक लासको पासोको गाठो बाँया कानतर्फ परेको, अनुहार पूर्व उत्तर रहेको, मृतक लासको पासो काटी खाटमा लास सुताई ओल्टाई पल्टाई हेर्दा घाँटीमा पासोको डाम रहेको, जिब्रो टोकिएको अवस्थामा लास रहेको साथै सो कोठाबाट सायरी लेखेको कपी र हरियो रङको पेन भुईंमा रहेको निलो डटपेन, कपी र भित्ता नजिक भुईंमा ९८२२४१७७८० नं.को सिम भएको SAMSUNG चर्केको मोबाइल थान १ रहेको र लास ताजै अवस्थामा रहेको भन्ने घटनास्थल तथा लास जाँच मुचुल्का रहेको पाइयो। म भाडामा बस्ने घरको अगाडि सटरवाला कोठामा प्रतिवादी सद्दन बेहनाले वारदात मितिभन्दा ५/६ महिना पहिले मृतक निशा भन्ने महिलालाई ल्याई दुबै जना पति पत्नी सरह बस्दै आएका र निज सद्दन बेहनाको पहिलेदेखि नै बिवाहित रहेकोले मृतकलाई मायाप्रेम गर्ने गरेको र पछि बिहे गर्छु भनी मृतकलाई भन्ने गरेको कुरा मृतकले भनेकी थिइन्। निज सद्दन बेहनाले घटना भएको मितिभन्दा ४/५ दिन पहिले उक्त पसल बेची मृतकको सम्पर्कमा नआएको हुँदा मृतकलाई धोका दिएकोले आफू बस्ने कोठामा निज निशा भन्ने महिलाले झुन्डी आत्महत्या गरेको हुनुपर्छ भनी पूजा जयसवालसमेतले घटना विवरण कागज लेखाइदिएको पाइयो। सोही व्यहोरा उल्लेख गरी घटना विवरण कागज व्यक्तिहरुले अदालतमा आई बकपत्रसमेत गरिदिएको देखियो। मौकामा बुझिएको स्थानीय मानिसको व्यहोरा र स्थलगत बुझ्दा सद्दन बेहनाले मृतक निशालाई विवाह गर्न प्रलोभन देखाई धोका दिएकोले आत्महत्या गर्नसम्म प्रोत्साहन गरी परिस्थिति खडा गरेको र सुरुमा मृतकको प्रतिवादी सद्दाम बेहनासँग चिनजान भएको र सो पश्चात् मृतकलाई धोका दिई सद्दन बेहनालाई जिम्मा दिएको भन्ने जानकारी मैले पाएको हुँ भनी प्रतिवेदक प्र.ना.नि. पूर्ण बहादुर ओलीले यस अदालतमा आई बकपत्र गरिदिएको पाइन्छ।

२४. प्रतिवादी सद्दन बेहनाको हकमा विचार गर्दा प्रतिवादी सद्दन बेहनाले मौकामा बयान गर्दा मृतक निशा भन्ने महिलालाई ५/६ महिना पहिले मेरो साला नाता पर्ने सद्दाम हुसेनले मृतकलाई ल्याई कतै कोठा खोजी काम लगाई दिनु भनेकोले निज मृतकलाई मैले बालेगाँउ स्थित मैले भाडा लिई पसल गर्ने घरमा निजलाई कोठा लिई राखिदिएको हुँ। निजसँग कहिलेकाँही सहमति मै शारीरिक सम्पर्क पनि हुन्थ्यो। निजलाई कतै पसल खोली दिउँलासम्म भनेको थिए। वारदात मितिभन्दा पहिले मैले मृतक

बस्ने गरेको घरमै रहेको आफ्नो सिलाइ पसल बिक्री गरी प्रिपहवा आफ्नो घरमा किराना पसल खोलेपछि निजको कोठामा जान पाएन भनी मृतकसँग शारीरिक सम्पर्क हुने कुरा स्वीकार गरी बयान गरेको पाइयो भने निज प्रतिवादीले यस अदालतमा बयान गर्दा निज मृतकसँग यौन सम्पर्क हुने गरेको कुरा स्वीकार गरी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखियो। प्रतिवादीको बयानबाट मृतकसँग यौन सम्पर्क राख्ने गरेको तथ्य खुल्न आएको देखियो। प्रतिवादीका साक्षीले निजले गरेको आरोपित कसुरमा इन्कारी गरेको बयान समर्थन हुने गरी यस अदालतसमक्ष गरिदिएको बकपत्र मिसिल संलग्न अन्य प्रमाणबाट पुष्टि हुन सकेको देखिदैन। प्रतिवादी सद्दन बेहनाले मौका गरेको बयान व्यहोरा मिसिल संलग्न जाहेरी प्रतिवेदन घटना विवरण कागजमा लेखाइएको व्यहोरा एवं प्रतिवेदकले यस अदालतसमक्ष गरेको बकपत्र तथा मिसिलसाथ सामेल रहेको मृतकले लेखको सायरी पत्र र सो सायरीमा सद्दन बेहनाले गरेको सही तथा प्रतिवादी सद्दन बेहना र मृतकबिच भएको कलडिटेलसमेतबाट यी प्रतिवादी सद्दन वेहनाले मृतक निशालाई विवाह गर्छु भनी प्रलोभन देखाई झुक्याइ शारीरिक सम्पर्कसमेत राखी पसल विक्रीपछि निज मृतकसँग सम्पर्कविहीन भएको हुँदा मृतकले आत्महत्या गरेको तथ्य निर्विवाद रुपमा पुष्टि हुन आयो।

२५. तसर्थः माथि विवेचित तथ्य एवं मिसिल संलग्न आधार कारण र प्रमाणहरुसमेतबाट प्रतिवादी सद्दद बेहनाले मृतक निशालाई विवाह गर्ने प्रलोभन देखाई पत्नीको जस्तो व्यवहार गरी शारीरिक सम्पर्कसमेत राखी आफ्नो भएको पसल बिक्री गरेपश्चात् मृतकसँग सम्पर्कविहीन भई धोका दिएको देखिन आएकोले प्रतिवादीले मृतकलाई आत्महत्या गर्न बाध्य बनाई दुरुत्साहन गरेको तथ्य पुष्टि हुन आएकोले वादी नेपाल सरकारले यी प्रतिवादीउपर लिएको अभियोग दावीबमोजिम प्रतिवादी सद्दन बेहनाले मुलुकी अपराध संहिता २०७४ को दफा १८५ (१) बमोजिम कसुर गरेको ठहर्छ। अर्का प्रतिवादी सद्दाम हुसेन बेहनाको हकमा विचार गर्दा निज प्रतिवादीले मौकामा बयान गर्दा म रिक्सा चलाउने काम गर्ने भएकोले मृतक निशासँग परिचय भई निजले मेरो फोन नं. मागी मसँग बेलाबेलामा कुराकानी हुने क्रममा मलाई केही काम लगाई दिन भनेपछि मैले चिनजानका आफन्त भिनाजु नाताका सद्दन बेहनालाई भनी सिलाइ कटाइको काममा लगाइदिएको थिएँ। पछि निजलाई भिनाजु सद्दन बेहनाले कोठा खोजी दिएका हुन्। भिनाजु र मृतकबिच के कस्तो सम्बन्ध रहेको थियो मलाई थाहा भएन। मैले मृतकलाई आत्महत्या गर्ने परिस्थिति खडा गरेको होइन। मैले मृतकलाई बिहे गर्छु भनी कुनै आश्वासन दिएको थिइन भनी मौका र अदालतमा आरोपित कसुरमा इन्कार रही बयान गरेको पाइयो भने प्रतिवादीहरुका साक्षीले प्रतिवादीहरुको बयानलाई समर्थन हुने गरी यस अदालतमा बकपत्र गरेको पाइयो। उपर्युक्त तथ्य एवं मिसिल संलग्न प्रमाणहरुसमेतबाट प्रतिवादी एक रिक्सा चालक रहेको र निज प्रतिवादी सद्दाम हुसेन बेहनाले मृतकलाई आत्महत्या गर्न परिस्थिति खडा गरेको वा मृतकलाई आत्महत्या गर्न बाध्य पारेको भन्ने पुष्टि हुन सकेको नदेखिँदा वादी नेपाल सरकारले प्रतिवादी सद्दाम हुसेन वेहनाउपर लिएको अभियोग दावी पुग्न नसक्ने भई प्रतिवादी सद्दाम हुसेन बेहनाले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ।

२६. यस अदालतबाट भएको सजाय निर्धारणः

उक्त कसुर गरेवापत प्रतिवादी सद्दन बेहनालाई के कति सजाय हुने भन्ने सम्बन्धमा विचार गर्दा प्रतिवादी सद्दन बेहनालाई अभियोग मागदावीबमोजिम कसुर गरेको ठहर भई सजाय निर्धारणको लागि आज पेशी तोकिएकोमा वादी नेपाल सरकारको तर्फबाट उपस्थित सहायक जिल्ला न्यायाधिवक्ता श्री अम्मरराज जोशीले तथा प्रतिवादीहरुको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री लोक बहादुर हमाल र विद्वान् अधिवक्ता श्री पवन कुमार गुप्ताले गर्नुभएको बहस सुनी मिसिल संलग्न कागज प्रमाण अध्ययन गरी सजाय निर्धारण सम्बन्धमा विचार गर्दा निज प्रतिवादीले सजाय घटाउने वा बढाउने अन्य अवस्था नरहेको, पहिलो पटक कसुर गरेको, कसुरको प्रकृति र निज प्रतिवादीको संलग्नता एवम् घटना घटेको अवस्थासमेतलाई विचार गर्दा प्रतिवादीलाई न्यूनतम सजाय गर्दा न्यायको मकसद पूरा हुने हुँदा अभियोग मागदावीबमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा १८१ (२) बमोजिम १ वर्ष कैद र रु.१००००।- जरिवाना हुने ठहर्छ।

<u>तपसिल खण्ड</u>

२७. माथि ठहरखण्डमा लेखिएबमोजिम प्रतिवादी सद्दन बेहनालाई १ (एक) वर्ष कैद र रु.१०,०००।- (दश हजार रुपैयाँ) जरिवाना हुने ठहरी फैसला भएकोले लगत कसी निज प्रतिवादी सद्दन वेहना मिति २०७५।११।१३ गतेदेखि मिति २०७६।०१।१९ गतेसम्म थुनामा बसेको अवधि गणना गरी उक्त अवधी कट्टा गरी बाँकी रहेको कैद अवधि बेरुजु हुँदा असुलउपर गर्नु र जरिवानाको हकमा निज प्रतिवादी सद्दन बेहनाले धरौटी रसिद नं. ५९० बाट रु.२,००,०००।-(दुई लाख रुपैयाँ) राखेकोमा सो धरौटी रकमबाट निजलाई लागेको जरिवाना रु.१०,०००।-(दश हजार रुपैयाँ) सदरस्याहा गरी बाँकी रकम लगत असुल भएपछि माग्न आए फिर्ता दिनु भनी तहसिल शाखामा लगत दिनु.....१

२८. प्रतिवादी सद्दाम हुसेन बेहनाले यस अदालतको मिति २०७५।११।२९ गते थुनछेक आदेशबमोजिम मिति २०७५।११।२९ मा यस अदालतको धरौटी रसिद नं. ४७७ बाट रु. १,५०,०००।-(एक लाख पचास हजार रुपैयाँ) धरौटी दाखेल गरी तारेखमा रहेको देखिँदा प्रस्तुत मुद्दा अन्तिम भैसकेपछि निज प्रतिवादीले धरौटीवापत राखेको रकम फिर्ता पाउँ भनी निवेदन दिएमा निवेदन मागबमोजिम नियमानुसार फिर्ता दिनुभनी शाखामा लेखी पठाउनु.....२

२९. प्रस्तुत मुद्दा सुनुवाइको दिन निर्धारण गरिएको तारेखमा नै वादी तथा प्रतिवादीका कानुन व्यवसायीले बहससमेत गरी पुर्वनिर्धारित सुनुवाइको दिनमा नै कसुर ठहर तथा सजाय निर्धारण भएको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ बमोजिम फैसला भएको जानकारी पाएको मानिने नै हुँदा प्रस्तुत फैसलामा चित्त नबुझे ऐनका म्यादभित्र उच्च अदालत तुल्सिपुर नेपालगञ्ज इजलासमा पुनरावेदन गर्न सक्ने नै हुँदा वादी र प्रतिवादी सद्दन बेहनालाई पुनरावेदनको म्याद दिइरहनु परेन.....३

३०. फैसलाको प्रतिलिपि साथै राखी सोको जानकारी जिल्ला सरकारी वकिल कार्यालय, बाँकेलाई दिनु.....४

३१. सरोकारवालाले नक्कल माग गरे कानुनको रित पुऱ्याई नक्कल दिनु.....५

३२. फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटी र अदालतको वेबसाइटमा समेत प्रकाशित गरी विद्युतीय प्रणालीमा अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु....६

फैसला तयार गर्न सहयोग पुऱ्याउनेः

इजलास अधिकृतः-वालाराम घिमिरे

टाइप गर्नेः-डिठ्ठा पार्वती भण्डारी

कसुर ठहर मितिः- २०७७।०९।१२

सजाय निर्धारण मितिः-२०७७।०९।२४

फैसला प्रमाणीकरण भएको मितिः- २०७७।११।२८

.....

जिल्ला न्यायाधीश

अदालतको छाप

श्री

मोरङ जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री राजकुमार कोइराला

फैसला

मुद्दा नं.- ०७६-C१-०११२

रजिष्ट्रेशन/कोड नं.- २७-०७६-००६८२

निर्णय नं.- १६९

जिल्ला मोरङ सुन्दरहरैचा न.पा.वडा नं.११ बस्ने वर्ष ६२ को ईश्वरवहादुर खडका र ऐ.ऐ. बस्ने निजको छोरा वर्ष ३४ को गणेशवहादुर खडकाको जाहेरीले नेपाल सरकार.....१ **वादी**

विरुद्ध

पूर्णवहादुर अधिकारीको छोरा जिल्ला मोरङ्ग सुन्दर हरैचा नगरपालिका वडा नं. १२ बिराटचौक बस्ने वर्ष ४१ को कुमार अधिकारी.....१ **प्रतिवादी**

मुद्दाः- आत्महत्या गर्न दुरुत्साहन।

वादीको साक्षीः- प्रतिवादीको साक्षीः-

प्रमाणः- प्रमाणः-

अदालतबाट बुझेको

साक्षीः-

प्रमाणः-

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ र न्याय प्रशासन ऐन, २०७३ को दफा ७ ले यसै अदालतको क्षेत्राधिकारभित्रको भै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र निर्णय यसप्रकार छः-

<u>तथ्य खण्ड</u>

१) जिल्ला मोरङ कानेपोखरी गाउँपालिका वडा नं. ७ स्थित बिहीवारे मोड नजिक ग्रामीण सुधार सामुदायिक वनको क्षेत्र नं. २ को वन क्षेत्रमा पूर्वमा अं.५० मिटरमा लोकमार्गबाट बिहीवारे शुक्रवारे चौक बजारतर्फ जाने कच्ची सडक, पश्चिममा बिहीवारेतर्फ जाने सडकबाट छुटिएर पैदल हिडी कानेपोखरीतर्फ जाने गोरेटो बाटो अं.१०० मिटरमा, उत्तरमा अं.१०० मिटरमा पूर्व-पश्चिम लोकमार्ग र दक्षिणमा अं.१०० मिटर जतिमा पैदल हिडी बिहीवारेबाट कानेपोखरी चौकतर्फ जाने गोरेटो बाटो रहेको यति चारकिल्लाभित्र पर्ने जङ्गलमा विभिन्न प्रजातिका रुख विरुवाहरु रहेको पाइएको, सोही स्थानमा रहेको ११ इन्च गोलाइ भएको कोसे खिर्राको रुखमा सलको पासो लगाई मृतक झुन्डिएको अवस्थामा रहेको, मृतकको दाहिनेतर्फको च्यापुको फेदमा डबल गाठो पारी पासो

बाँधेको पाइएको, मृतकको अनुहारको भाग आकाशतर्फ फर्किएको अवस्थामा रहेको, मृतकको हातको नारीमा Ganesh (बाँया) हातमा टाटु बनाएको, मृतकको दाहिने हातको नारीमा A H लेखेको टाटु रहेको, मृतकले घाँटीमा रातो रङ्गको एक लुङको पोते लगाएको, मृतकको घाँटी तथा अन्य शरीरका भागहरुसमेतमा कमिलाले टोकेको दागहरु रहेको, मृतकले पिंक रङ्गको पेन्टी लगाएको, मृतकको कम्बरको भागमा करिब ६ इन्च लम्बाइको केश पलाएको पाइएको, मृतकको पासोको कलर र सर्टको कलरको रङ्ग एकै नाशको पाइएको, मृतकको घाँटीको पासो डबल गाठो रहेकोमा पासो सर्ने खालको रहेको, मृतकको दुवै खुट्टाको पन्जाको वाहिरी भागमा चिट, चिट रुपमा रगत जस्तो पदार्थ आई रातो देखिएको, मृतकको दुवै खुट्टाको पन्जाको भागले भुईंमा टेकी दुवै घुडा खुम्चिएको, दुवै घुँडाले भुईं छुनलाई ८ इन्च बाँकी रहेको, मृतकले पासो बाँधेको ठाँउबाट भुईंसम्मको दुरी ६ फिट रहेको, उक्त पासो बाँधेको ठाँउबाट भुईंसम्मको दुरी ६ फिट रहेको, उक्त पासो बाँधेको रुख पूर्वबाट पश्चिमतर्फ केही छडके हुँदै गएको पाइएको, मृतकको झोलामा ९८०८४७०३५३ नं. को मोवाइल रहेको, उक्त झोलामा नगद रु.२४०।– रहेको पाइएको, घाँटीमा डाम देखिएको, घाँटीको बाँयातर्फबाट दाहिनेतर्फ V आकारको डाम बनेको देखिएको उक्त डामको चौडाइ १ इन्च रहेको भन्ने समेत बेहोराको घटनास्थल/लास जाँच मुचुल्का।

२) मेरी बुहारी अं.वर्ष ३०।३२ की अन्जु भन्ने अन्जली खडका, १ छोरा र १ छोरीको आमा मसँग छुट्टि वस्दै आएको, मृतक अन्जु खडकाको श्रीमान गणेश खडका वैदेशिक रोजगारीको सिलसिलामा साउदी अरब देशमा बस्दै आएकोमा मिति २०७६।०४।२४ गतेका दिन विहान ०९:०० बजेको समयमा छोरा वर्ष १० को बाबुराम खडका वोर्डिङ स्कुल जाने क्रममा छोरालाई मेरो काम छ भनी विराटचौक हरैचाको सडक खण्डमा निस्किएपछि छोरा वोर्डिङको गाडीमा चढिगएको र आमा अन्य गाडीमा गएको र मेरो श्रीमती दुर्गादेवी खडका मिति २०७६।०४।२३ गते बेलुका बुहारीको घरमा गई वसिआएको र मिति २०७६।०४।२५ गते १३:०० बजेको समयमा मेरो श्रीमती कामले वुहारीको घरमा जाँदा बुहारीलाई घरमा नभएको देखि नाति नातिनालाई सोधनी गर्दा आमा मिति २०७६।०४।२४ गते विहान ०९:०० बजे विराटचौक जान्छु भनी जानु भएको बेलुका फर्की घरमा आउनु भएन भनी बताएपछि सो कुरा मेरो श्रीमती घरमा आई मलाई बुहारी घरमा नभएको कुरा जानकारी गराएकोमा यता उता खोज तलास गर्ने क्रममा बुहारीले चलाएको मोवाइल नम्बरमा सम्पर्क गर्दा ईलाका प्रहरी कार्यालय पथरीको कर्मचारीले उठाएपछि सोध खोज गर्ने क्रममा मिति २०७६।०४।२५ गतेका दिन ०८:३० बजेको समयमा जिल्ला मोरङ कानेपोखरी गाउँपालिका वडा नं.७ स्थित रहेको ग्रामीण सुधार सामूदायिक जङ्गलमा घास दाउरा जाने मानिसले रातो बुटे सलको पासो लगाई कोसे खिर्रा रुखको हाँगामा वाँधी आफ्नो घाँटीमा वाँधी झुन्डी आत्महत्या गरेको कुरा प्रहरीमा खबर गरेपछि प्रहरी घटनास्थलमा गई मुचुल्का गरी मृत्यु भएको लास उर्लावारी मंगलवारेको अस्पतालको शव गृहमा लगि राखिएको छ। तपाईहरुको मानिस हो होइन आई हेर्नुहोस् भनी बताएपछि म मंगलवारे अस्पतालको शव गृहमा आई लास हेर्दा मेरी बुहारी भएको कुरा जानी चिनी मलाई एकिन भएको र मेरी बुहारी झुन्डी आत्महत्या गरेको हुनाले यस कार्यालयबाट जे जो गर्नु छ गरी लास परम्परागत रुपमा दाहसंस्कार गर्न लास जिम्मा बुझिपाँउ।

साथै पछि कोही कसैले कर्तव्य गरी मारे मराएको खुल्न आएका बखत छुट्टै जाहेरी दरखास्त दिनेछु भन्ने समेत बेहोराको ईश्वरबहादुर खडकाको जाहेरी दरखास्त।

३) घरमा म र मेरो आमा मात्रै बस्ने गरेको, दिदी रोजिना खडका धरान स्थित रहेको शारदा बालिका माध्यमिक विद्यालयमा कक्षा ८ मा पढछिन् र सोही विद्यालयको होस्टेलमा बस्ने गरेको र कहिलेकाहीं घर आउने गरेकी छिन् र मेरो बुवा गणेश खडका वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा बस्नुहुन्छ। कुमार अधिकारी कहिलेकाहीं हाम्रो घरमा आउने जाने गरेको थियो। आषाढ महिनामा पनि निज मेरो घरमा आएको आमालाई कुटपिट गरेको तथा घरको पंखालगायतका सामान फुटाइदिएको थियो। मेरो आमाले यो कुरा कसैलाई नभन्नु भनी मलाई भन्नु भएको थियो। सो पश्चात् पनि निज कहिलेकाहीं घरमा आउने आमासँग भेटने र पुनः फर्केर जाने गर्नुभएको थियो। मिति २०७६।०४।२४ गते विहान म विराटचौकमा जान्छु, काम छ भनी जानुभएको र त्यसपछि फर्केर आउनु भएन। निजको मृत्यु के कसरी भएको हो सो बारेमा मलाई थाहा भएन भन्ने समेत बेहोराको मृतक अन्जु भन्ने अन्जली खडकाको छोरा वर्ष १० को रोजेश खडकाले गरेको घटना विवरण कागज।

४) मेरो घर परिवारमा आमा, बुवा, भाई र म समेत गरी ४ जनाको परिवार रहेकोमा बुवा बैदेशिक रोजगारको सिलसिलामा विदेश जानुभएको हो र म धरान स्थित रहेको श्री शारदा बालिका माध्यमिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत रहेकी छु र सोही विद्यालयको होस्टेलमा बस्ने गरेकी छु। कहिलेकाहीं विदा हुँदा वा कुनै काम पर्दा मात्रै आफ्नो घर आउने गरेकी छु। कुमार अधिकारी म आफ्नो घर आएको बेला पनि कहिलेकाहीं आउने जाने गरेको देखेको हुँ। सोही क्रममा आषाढ महिनामा एक जना केरावारीतर्फका ट्रिपर चालक मेरो घरमा आई आमासँग बसी कुराकानी गर्दै गरेको अवस्थामा मेरो घरमा कुमार अधिकारी आई पुगी निज ट्रिपर चालकलाई कुटपिट गरी मेरो आमालाई पनि कुटपिट गरेको तथा घरको पंखा र सामानहरु फुटाइदिएको भनी भाईले मलाई भनेकोमा मैले थाहा पाएकी हुँ। मिति २०७६।०४।२३ गते राति मेरो आमा मोवाइल हेर्दै मलाई टेन्सन भयो अब म विदेश गए भने भाईलाई राम्ररी ख्याल गरेर राख्नु दराजमा सुनको सिक्री राखेको छु, चुडिन लागेको छ, तिमीले लगाउनु म विराटचौकतर्फ जान्छु कविता अधिकारी तथा मुना दाहालसँग भेटनुपर्ने छ, निजहरुले राति फोन गरेर आउन भनेकी छिन् भन्ने कुरा आमाले मसँग गरी हिडनुभएको थियो। त्यसपश्चात् मेरो आमा फर्किआउनु भएन। मुना दाहाल र कविता अधिकारी मेरो आमाको मिल्ने साथी रहेकी छिन्। मेरो आमाको मृतक लास मंगलवारे अस्पतालमा राखेको कुरा मिति २०७६।०४।२५ गते बेलुका थाहा पाएकी हुँ। मेरो आमालाई कोही कसैले कर्तव्य गरी मारेको हो जस्तो लाग्छ भन्ने समेत बेहोराको मृतक अन्जु भन्ने अन्जली खडकाको छोरी वर्ष १३ की रोजिना खडकाले गरेको घटना विवरण कागज।

५) मेरो घरमा छोरा छोरी र वर्ष ३१ की अन्जु भन्ने अन्जली खडकालाई घरमा छोडी कामको सिलसिलामा ११ महिनाअगाडि साउदी अरब देशमा गई वस्दै आएकोमा केही समयअगाडिदेखि कुमार अधिकारी मेरो घरकोठामा जाने आउने र पीडा दिने कुटपिट गर्ने गर्दै आएकोमा सहदै वस्दै आएको बखत कुमार अधिकारी, कविता अधिकारी र मुना दाहालले मिति २०७६।०४।२३ गते

२१:०० बजेको समयमा फोन गरी अहिले आइज बिराटचौक भनी बोलाएपछि मेरो श्रीमती मिति २०७६।०४।२४ गते विहान ०९:०० बजेको समयमा बिराटचौकतर्फ आएकी र कुमार अधिकारी, कविता अधिकारी र मुना दाहालले मेरो श्रीमतीलाई कँहा कता लगी कर्तव्य गरी मारी कानेपोखरी गाउँपालिका वडा नं.७ स्थित ग्रामीण सुधार सामूदायिक वन जङ्गलमा लगि रातो बुट्टे सलले घाँटीमा बाँधी खिर्राको रुखमा लगि झुन्ड्याइ छोडी गएपछि सोही स्थानमा घाँस दाउरा जाने मानिसले लासदेखि तत्काल प्रहरीलाई खबर गरी प्रहरी उक्त स्थानमा गई घटनास्थल लासजाँच मुचुल्कासमेतको कार्य सम्पन्न गरी मृतक लास मंगलवारे अस्पतालको शवगृहमा लगेको भन्ने कुरा थाहा पाई मंगलवारे अस्पतालमा गई पोष्टमार्टम गर्न मेरो बुवा ईश्वरबहादुर खडकाले जाहेरी दिई आजभन्दा केही दिनअगाडि दाहसंस्कार भएको र हाल कसुरवाला व्यक्तिहरुले कर्तव्य गरी मारे मराएको कुरा थाहा भएको हुनाले कसुरवाला व्यक्तिहरुलाई खोजतलास गरी उपस्थित गराई संलग्न व्यक्ति अन्य भए कसुरवाला व्यक्तिबाट खुलाई कानुनबमोजिम कारवाही सजाय गरिपाँउ भन्ने समेत बेहोराको गणेशबहादुर खडकाको जाहेरी दरखास्त।

६) मृतक अन्जु खड्काको मृत्युको कारण Hanging भन्ने समेत बेहोराको मंगलबारे हस्पिटल उर्लाबारी मोरङ्गको शव परीक्षण प्रतिवेदन।

७) मेरो माइतीघर र जाहेरवालाको घर एकै गाउँमा रहेको हुँदा निजको श्रीमती अन्जु भन्ने अन्जली खडकासँग मेरो सामान्य चिनजान भएको थियो। मेरो घर बिराटचौकमा भएको कारण निज अन्जु भन्ने अन्जली खडका कहिलेकाहीं विराटचौकतर्फ जाँदा आउँदा म घरमा भएको अवस्थामा मसँग भेटघाटसम्म हुने गरेको थियो र कहिलेकाहीं फुर्सद भएको अवस्थामा एक अर्कासँग मोवाइलमा कुरा हुने गरेको थियो। मिति २०७६।०४।२२ गते निजले मलाई फोन गरेकोमा मैले थाहा नपाइ नउठाएको र मिति २०७६।०४।२३ गते बेलुका अं.०८:०० बजेको समयमा मैले निजलाई के को लागि फोन गरेको भनी सोध्न फोन गरेको थिए। त्यसपछि निजले मेरो घरमा आउनुस् तपाईसँग काम छ त्यसैले फोन गरेको थिए भनी जवाफ दिएकोमा हुन्छ भ्याए भने म भोलि तपाईको घर आउछु भनी निजलाई भनेको थिए तर म काममा व्यस्त भएकोले निजको घर जान सकिन। निज अन्जु भन्ने अन्जली खडका कानेपोखरी गाउँपालिका वडा नं. ७ स्थित जङ्गलमा झुन्डी आत्महत्या गरेको भन्ने कुरा मिति २०७६।०४।२५ गते बेलुकी सुनी थाहा पाएकी हुँ। निज अन्जु भन्ने अन्जली खडकालाई मैले कर्तव्य गरी मारे मराएको होइन भन्ने समेत बेहोराको प्रतिवादी कविता अधिकारी भन्ने ईन्दिरा अधिकारीको वयान।

८) करिव एक वर्षअगाडि बिराटचौकमा रहेको एउटा होटलमा म नास्ता खान गएको अवस्थामा निज अन्जु भन्ने अन्जली खडका पनि नास्ता खान आएकोमा सोही ठाँउमा भेट भई कुराकानी हुँदा मेरो माइतमा निजको काकाको घर रहेको र निजको काकाको छोरी सीता बस्नेत मसँगै एउटै स्कुलको एउटै कक्षामा कक्षा १० सम्म पढेको कुरा एक अर्कालाई थाहा भएपछि एक अर्काको मोवाइल नम्बरसमेत आदानप्रदान भएको थियो। त्यसपछि निजले आफ्नो घरमा बोलाउदा २ पटक निजको घरमा गएको थिए र दोश्रो पटक २०७६ सालको बैशाख महिनामा खाना खानका लागि बोलाएकोमा म निजको घरमा गएको थिए। निज अन्जु भन्ने अन्जली खडका होलीमा होली खेल्दै

मेरो घरमा समेत होली खेल्न आएकी थिइन् र मिति २०७६।०४।२२ गते निज अन्जु भन्ने अन्जली खडकाले मलाई फोन गरी मेरो कक्षा ४ मा पढने छोरा विरामी भएको भनी स्कुलबाट फोन आएको छ र म अहिले स्कुलमा आउन भ्याउदिन, तपाई नजिकै हुनुहुन्छ मेरो छोरालाई स्कुलबाट ल्याई आफ्नो घरमा राखिदिनुस् म केही वेरपछि आएर छोरा लिई जान्छु भनी मलाई भनेकोमा हुन्छ भनी मैले निजको छोरालाई स्कुलबाट आफ्नो घरमा ल्याई राखेकोमा केही वेरपश्चात् निज आफ्नो छोरीसँगै मेरो घरमा आई आफ्नो छोरालाई साथमा लिई गएकी थिइन्। त्यसपछि मिति २०७६।०४।२३ गते मैले साँझको बेलामा निज अन्जु भन्ने अन्जली खडकालाई फोन गरेकोमा निजको छोरीले फोन उठाई र मामु हुनुहुन्न भनेको कारणपछि सोही राति पुनः मैले फोन गरी छोरालाई कस्तो छ भनी सोधेको थिए र कुराकानी भएको थियो। त्यसपश्चात् मेरो निजसँग भेटघाट वा फोन सम्पर्कसमेत भएको होइन, छैन। मिति २०७६।०४।२५ गते बेलुका निज अन्जु भन्ने अन्जली खडका कानेपोखरी गाउँपालिका वडा नं.७ स्थित जङ्गलमा झुन्डी आत्महत्या गरेको सुनी थाहा पाएकी हुँ। निज अन्जु भन्ने अन्जली खडकालाई मैले कर्तव्य गरी मारे मराएको होइन भन्ने समेत बेहोराको प्रतिवादी मुना दाहाल भन्ने मुना देवी निरौला दाहालको वयान।

९) जाहेरवालाकी श्रीमती अन्जु भन्ने अन्जली खडकाले आफ्नो घर बनाउन मेरो पसलबाट हार्डवेयर तथा बिजुलीको सामानहरु खरिद गरेर लैजाने गरेको अवस्थामा करिव १ वर्षअगाडि निजसँग चिनजान भएको हो। मेरो पसलबाट सामान खरिद गर्दा कहिलेकाहीं रुपैया पैसा नहुँदा उधारोसमेत दिने गरेको थिए। निजसँग चिनजान भएपश्चात् कहिलेकाहीं मोवाइलमा कुराकानीसमेत हुने गरेको थियो। निजको मृत्यु भयो भन्ने कुरा मिति २०७६।०४।२६ गते सुनी थाहा पाएको हुँ। निजलाई मैले कर्तव्य गरी मारेको होइन भन्ने समेत बेहोराको प्रतिवादी कुमार अधिकारीको वयान।

१०) मेरो घर परिवारमा मेरो श्रीमान्, २ जना छोरा र म समेत गरी ४ जनाको परिवार रहेको छ। मेरो श्रीमान ट्रक चालक भएकोले प्रायः जसो वाहिरै बस्ने र हप्ता १० दिनमा एक पटक घरमा आउने गर्नु भएको थियो। मेरो घरअगाडि श्री सामूदायिक सरस्वती बोर्डिङ्ग स्कुल रहेको र सो स्कुलमा मेरो छोराहरु र मृतक अन्जु भन्ने अन्जली खडकाको छोरा र छोरी पनि सोही स्कुलमा पढने गरेकोमा एक अर्कासँग सामान्य चिनजान भई मैले आफ्नै घरमा चटपटे बनाई बेच्ने गरेकोमा निज मेरो घरमा चटपटे खान आउथिन् र हामी साथी जस्तै भयौं। त्यसपछि हामी एक अर्कासँग कहिलेकाहीं भेटघाट तथा फोनमा समेत कुरा हुने गरेको थियो। निज चटपटे खान मेरो घरमा आउने गर्थिन् सोही क्रममा २।३ महिनाअगाडि निजले मलाई तनाव भयो म डिप्रेशनमा गइरहेकी छु, खान, सुत्न पनि मन लाग्दैन म अब कुनै दिन मर्छु भनी मलाई भनेकी थिइन। त्यसपछि मैले निजलाई मर्नु हुँदैन, त्यस्तो काम नगर्नु भनी सम्झाएको थिए। निज प्रायः जसो मोवाइलमा अन्य व्यक्तिहरुसँग कुरा गरिरहन्थिन र कोसँग यति लामो कुरा गरेको भनी सोध्दा कहिले मेरो दाजुसँग भन्ने कहिले आफ्नो मान्छे भन्ने गर्थिन्। म निजको घरमा गएको छैन र निज पनि मेरो घरमा श्रीमान विरामी भई बसेको कारण आएकी थिइनन्। मिति २०७६।०४।२५ गते अं.१६:०० बजेको समयमा अन्जु भन्ने अन्जली खडका झुन्डी मरेको भन्ने कुरा सुनेको थिए। मिति २०७६।०४।२६ गते निजको मृतक लास हेर्न निजको घरमा समेत गएको थिए। आषाढ महिनामा म पराल लिन निजको

घरमा गएकोमा निजको कोठामा झगडा भए जस्तो लाग्यो, पंखा फुटाएर घरबाहिर फालेको र घर कोठाभित्रबाट २ जना पुरुष व्यक्तिको आवाज सुनेको र अन्जु भन्ने अन्जली खडकाको आवाजसमेत सुनेको थिए। झगडा भए जस्तो लागि म आफ्नो घर फर्किआएको थिए। निज अन्जु भन्ने अन्जली खडकालाई कोही कसैले कर्तव्य गरी मारेको वा आफै झुन्डी आत्महत्या गरेको हो सो वारेमा मलाई एकिन थाहा भएन भन्ने समेत बेहोराको पुनम राना मगरले गरेको घटना विवरण कागज।

११) मेरो घर परिवारमा आमा, मेरो श्रीमती, १ जना छोरा, १ जना छोरी र १ जना भान्जी गरी ६ जनाको परिवार रहेको छ। मेरो हरैचा बजारमा कपडाको फेन्सी स्टोर रहेको हुनाले विहान सधै ०८:०० बजे पसलतिर जान्छु र दिनभर पसलमै वस्छु र बेलुका ७ बजेपछि पसल वन्द गरी घर फर्किन्छु। निज अन्जली खडका मेरो पसलमा लुगा कपडाहरु किन्नका लागि आउने भएकोले एउटा मेरो नियमित ग्राहकको रुपमा चिन्ने गर्दछु। प्रायः मेरो पसलबाटै कपडाहरु लैजाने गरेकोले निजले मेरो फोन मोवाइल नम्बरसमेत लगेकी थिइन। निजले कहिलेकाहीं फोनबाट दाजु पसल खुल्ला छ की छैन भनेर सोध्दा फोनमा कुरा हुने गरेको थियो। निजसँग मेरो ग्राहक सरहको सम्वन्ध मात्र थियो अरु सम्वन्ध छैन। निज अन्जु खडका अलि धेरै बोल्ने प्रकृतिको भएकोले गर्दा मसँग तनावका कुरा र अन्य व्यावहारिक कुराहरु आदान प्रदान भएको थिएन। पसलमा आउदा कुनै तनाव भएको कुरा निजले मलाई सुनाएकी थिइनन्। कुमार अधिकारी, कविता अधिकारी र मुना दाहाललाई मैले नचिन्ने भएकोले निजको के कस्तो सम्वन्ध थियो मलाई थाहा भएन। अन्जु भन्ने अन्जली खडकाको मृत्यु के कसरी भयो मलाई थाहा छैन। मृत्यु भएपछि २।३ दिनपछि अरु मानिसले भनेपछि मात्र थाहा पाएकोले उक्त घटना वारे मलाई अरु केही थाहा छैन। आत्महत्या हो वा कर्तव्य गरी मारेको हो मलाई एकिन छैन भन्ने समेत बेहोराको कुमार भुजेलले गरेको घटना विवरण कागज।

१२) अन्जली खड्का नाम गरेको महिला हाम्रो क्लिनिकमा मिति २०७६।०४।०६ गते आई निन्द्रा नलाग्ने र छटपटी भएको भनेकोले निजलाई थाइरोइड प्रोफाइल जाँच गर्दा नर्मल भएको हुँदा निजलाई मानसिक समस्या हुन सक्ने भएकोले मानसिक रोग विशेषज्ञ डा. रंजन थापालाई रिफर गरिएको हो भन्ने समेत बेहोराको बिराट गंगाराम हर्ट एण्ड पोलिक्लिनिक प्रा.लि. बिराटनगरका डा. रोशन खड्काले विवरण खुलाइपठाएको कागज।

१३) तस्विरमा देखिएकी महिला यस क्लिनिकमा जचाउन एक पल्ट उहाँ अर्को चिकित्सकको सल्लाहले यहाँ आउनु भएको हो। उहाँ निन्द्राको समस्या लिएर आउनु भएको थियो। उहाँलाई तनाव सम्वन्धित रोग थियो। उहाँ OPD बिरामी भएकोले उहाँको पूर्ण विवरण हामीसँग छैन भन्ने समेत बेहोराको वरिष्ठ मानसिक तथा नसा रोग विशेषज्ञ डा. रंजन थापाले विवरण खुलाई पठाएको कागज।

१४) मृतक अन्जु भन्ने अन्जली र मबिच फोनमा कुरा हुँदै जाँदा हामी एक अर्काप्रति आकर्षित भयौं, मायाप्रेमको सम्वन्ध भयो। सहमतिमा पटक पटक शारीरिक सम्वन्ध राख्यौं। मृतकको छोरीलाई धरान स्कुलसम्म पुऱ्याई दिने, सँगै भेटी खाजा नास्ता खाने गरेको र मिति २०७६ साल श्रावणको पहिलो हप्तामा निन्द्रा लाग्दैन, छटपटी हुन्छ बिरामी छु भनिन र मैले नै डा. रोशन खड्का, डा.

रंजन थापा र धरानमा डा. मिश्रसँग चेक गराई दिएँ। डा. मिश्रले निजलाई भर्ना गर्नुपर्छ, बेडरेष्ट आवश्यक छ भनेका थिए निज मानिनन्। जतिबेला पनि फोन गर्ने, SMS पठाउने र भेट्न आउ भन्ने, यो त्यो काम गरिदेउ भन्ने गर्थिन्। म पसलमा ब्यस्त छु भेट्न आउन सक्दिन भन्दा रिसाउँथिन। राति पनि टेलिफोन गर्ने र तिम्रो घर परिवारमा हामीबिचको सम्वन्ध बारे भन्छु भन्ने, म अर्को केटासँग छु, वियर खाँदैछु भन्ने, फोटो पठाउने गर्थिन्। यसपछि म निजसँग कुनै सम्वन्ध राख्न चाहिन, निजको मोवाइल नं. पनि केही दिन ब्लक गरिदिएँ। मलाई फोन नगर्नु, मेसेज नगर्नु भन्थे। तँ आफ्नो बुढीसँग रमाउन हुने अनि म अरुसँग रमाउन नहुने भन्थिन्। मिति २०७६।०४।२४ गते बिहान पनि मलाई फोन गरेकी थिइन। सोही दिन फस्छु भनेर फोन नउठाएको भनी मेसेज गरिन। मिति २०७६ साल आषाढमा म अन्जुको घरमा पुग्दा अर्कै पुरुषसँग आपत्तिजनक अवस्थामा भेटेकोले रिस उठेर मैले हातपात गरेको र पंखा खुट्टाले हानी फुटेको हुँदा नया पंखा किनिदिएको थिए। निज र मबिच शारीरिक सम्पर्क भएको घरमा कसैलाई थाहा थिएन। मिति २०७६।०४।२३ गते म ठूलै स्वरले बोलेको र बाहिर निस्किदा कविता भाउजू आइपुगेकोले थाहा पाइनकी भन्ने शंका लागेको थियो। निजको कारण म पनि तनावमा थिए। अन्जुलाई मानसिक रोग लागेको थियो। त्यसैले धरानमा वेड भर्ना गरी रेष्ट गर्नुपर्छ भनी डाक्टरले भनेका थिए भन्ने समेत बेहोराको प्रतिवादी कुमार अधिकारीले गरेको ततिम्वा बयान।

१५) गएको जेठ महिनातिर होला हाम्रो जेठा मामाको स्वर्गवास भएको र उहाँको घर बेलवारी न.पा. अन्तर्गत पर्ने सखुवा टोली भन्ने गाउँमा रहेकोमा चोखिने दिन म पनि सो मामाको मृत्युसंस्कारको चोखिने कार्यक्रममा गएकोमा मृतक अन्जु भन्ने अन्जली खडकासमेत सो स्थानमा आउनुभएको थियो। काम सघाउने क्रममा निज अन्जु भन्ने अन्जली खडकासँग बोलचाल भई चिनजान हुँदा बोल्ने क्रममा निजले मेरो फोन नम्बर मागेकोले मैले निजलाई मेरो ९८२४१६१४४० नं. को फोन नम्बर दिए। मैले पनि उहाँको फोन नम्बर लिए। म पनि निजलाई बेलाबखत फोन गर्ने मेसेजहरु पठाउने गर्थे। उहाँ विदेश जाने कुरा गर्नुहुन्थ्यो। पासपोर्ट निकाल्ने भनेपछि सो वारेमा जिल्ला प्रशासन कार्यालय मोरङमा गई बुझिदिएको हुँ। निज अन्जली खडकाको मृत्यु सम्बन्धमा साथी भाईहरुसँग कुरा हुँदा घटना भएको २ दिनपछि मैले थाहा पाएको हुँ। निजको मृत्यु सम्वन्धमा अन्य कुरा मलाई थाहा भएन को कस्ले के कसो गरे थाहा भएन, एकिन गरी खुलाउन लेखाउन सक्दिन मैले निज मृतकलाई कर्तव्य गरी मारे मराएको होइन भन्ने समेत बेहोराको योगेन्द्र विष्टले गरेको घटना विवरण कागज।

१६) मिति २०७६।०४।२५ गते कानेपोखरी गाउँपालिका वडा नं.७ स्थित ग्रामीण सुधार सामूदायिक जङ्गलमा एक जना महिला झुन्डी मृत अवस्थामा फेला परेको भन्ने सुनी उक्त स्थानमा गई हेर्दा कोसे खिर्राको रुखमा सलको पासो लगाई मृतक झुन्डिएको अवस्थामा रहेको देखेको हो। निज मृतक सुन्दर हरैचा न.पा. वडा नं.११ वेलेपुर बस्ने गणेश खडकाको श्रीमती अन्जु भन्ने अन्जली खडका रहेको भन्ने कुरापछि मात्रै थाहा पाएको हो। निजलाई कोही कसैले कर्तव्य गरी मारे मराएको हो वा निजले कुनै प्रकारको तनावको कारण झुन्डी आत्महत्या गरेको हो सो वारेमा एकिन

थाहा भएन भन्ने समेत बेहोराको दिलिप राई, अर्जुन राई र राजेन्द्र थापासमेतले लेखाइदिएका वस्तुस्थिति मुचुल्का।

१७) IMEI No. नखुलेको OPPO कम्पनीको मोवाइल फोन सेटमा Pin Lock रहेकोले हाल यस ल्यावमा रहेको System बाट उक्त Data नआउने तथा सो मोवाइलमा रहेको सिमकार्ड थान १ मा कुनै Data नरहेको। साथै परीक्षणको लागि प्राप्त भएको मोवाइल फोन सेट थान १ र सिमकार्ड थान १ सुरक्षित साथ लिई जानको लागि प्र.ना.नि. प्रकाश पराजुलीलाई जिम्मा लगाई पठाइएको भन्ने समेत बेहोराको प्रहरी प्रधान कार्यालय नक्साल काठमाडौंको पत्र।

१८) IMEI No. 357120098993434 भएको प.चि. (क) दिइएको Samsung कम्पनीको मोवाइल फोन सेट थान १ तथा सो मोवाइलमा रहेको सिमकार्ड थान १ र मेमोरी कार्ड थान १ बाट परीक्षणको क्रममा प्राप्त भएको Contacts, Call Logs, Pictures, Audio, (Facebook, Messenger, IMO) को Chats लगायतको विवरणलाई संकेत नं. 104-A दिइएको DVD थान १ र IMEI No. 866440041500597 भएको प.चि. (ख) दिइएको Vivo कम्पनीको मोवाइल फोन सेट थान १ र सो मोवाइलमा रहेको सिमकार्ड थान-१ बाट परीक्षणको क्रममा प्राप्त भएको Contacts, Call Logs, Audio, Image, Videos लगायतको विवरणलाई संकेत नं. 104-B दिइएको DVD थान १ तथा परीक्षण रिपोर्ट तथा परीक्षणको लागि मोवाइल फोन सेट थान २, सिमकार्ड थान २ र मेमोरी कार्ड थान १ सुरक्षित साथ लिई जानको लागि प्र.ना.नि. प्रकाश पराजुलीलाई जिम्मा लगाई पठाइएको भन्ने समेत बेहोराको प्रहरी प्रधान कार्यालय नक्साल काठमाडौंको पत्र।

१९) अन्जली खडका वर्ष ३० की महिला इन्द्रपुर मोरङ्गबाट मिति २०७६।०४।१६ गते यस प्रतिष्ठानको मानसिक रोग ओ.पि.डी. को टिकट काटी उपचारको लागि आएको रेकर्डबाट देखिएको भन्ने समेत बेहोराको वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान नेपालको पत्र।

२०) प्रतिवादी कुमार अधिकारीले आत्महत्या गर्न दुरुत्साहन दिने कार्य गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिमको कसुर गरेकोले प्रतिवादी कुमार अधिकारीलाई ऐ.संहिताको भाग २ को परिच्छेद १२ को दफा १८५(२) बमोजिम पाँच वर्षसम्म कैद सजाय र पचास हजार रुपैयाँसम्म जरिवाना गरिपाउन एवं मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम प्रतिवादीबाट पीडितको हकवालालाई मनासिव क्षतिपूर्ति भराइपाउँ भन्ने समेत बेहोराको अभियोग मागदावी।

२१) मेरो विजुलीको दोकान छ। दोकानको कारोवारको सिलसिलामा विगत ९/१० महिना अघिदेखि मृतकसँग चिनजान थियो। फोनमा कारोवारको विषयमा कुरा हुन्थ्यो। निज मृतकसँग कुनै किसिमको प्रेम सम्बन्ध/शारीरिक सम्पर्क केही पनि थिएन। मेरो दोकानको पैसा उठाउने सिलसिलामा म निजको घरबाहिरसम्म गएको हुँ। मैले मृतकलाई फोन गरी बोलाएको एवं कर्तव्य गरी मारेको होइन। जाहेरी बेहोरा झुठा हो। मृतक अन्जु खड्का झुन्डिएर मरिन् भन्ने कुरा पसलमा आएको ग्राहकले भनेपछि थाहा पएको हुँ। निजले किन त्यस्तो घटना घटाइन् थाहा भएन भन्ने समेत बेहोराको प्रतिवादी कुमार अधिकारीले यस अदालतसमक्ष गरेको वयान।

२२) मिसिल संलग्न तत्काल प्राप्त प्रमाण कागजातबाट यी प्रतिवादी कुमार अधिकारी कसुरदार हुन् भन्ने विश्वास गर्न सकिने मनासिब आधार भएकोले पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल निज प्रतिवादी कुमार अधिकारीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१) बमोजिम पुर्पक्षका लागि थुनामा राख्न उपयुक्त देखिएको हुँदा नियमानुसार थुनुवा पुर्जी दिई कारागार कार्यालय मोरङ्गमा थुनामा राख्न लेखी पठाइदिनु साथै वादी नेपाल सरकार एवं प्रतिवादीको साक्षी उपस्थित गराई बकपत्र गर्नु भन्ने समेत बेहोराको मिति २०७६।०५।२७ को थुनछेक आदेश।

२३) मिति २०७६।०४।२६ गतेको जाहेरी दरखास्तमा भएको बेहोरा र सहीछाप मेरो हो। मेरो बुहारी अन्जुको मिति २०७६।०४।२५ गते लास देखेको हो। प्रतिवादी कुमार अधिकारीसँग मेरो बुहारीको अनैतिक सम्बन्ध रहेको कुरा मैले निज बुहारीको मृत्युपछि थाहा पाएँ। निज प्रतिवादीकै कारण उसको मृत्यु भएको हुनुपर्छ। मेरो छोरा मृतकको श्रीमान उक्त मिति समयमा साउदीमा थियो, पछि आएर उक्त घटना सम्बन्धमा बुझी प्रतिवादी कुमार अधिकारीमाथि किटानी जाहेरी दिएको हो। हाल मेरो छोरा विदेश फर्किसकेको छ भन्ने समेत बेहोराको जाहेरवाला ईश्वर खड्काले यस अदालतसमक्ष गरेको बकपत्र।

२४) मिति २०७६।०४।२८ को घटना विवरण कागजमा भएको बेहोरा र सहीछाप मेरो हो। म धरानमा अध्ययनरत रहेकोले कहिलेकाहीं घरमा आउँदा भाई रोनिश खड्काले मलाई प्रतिवादी कुमार अधिकारी हाम्रो घरमा आइरहने र एकपटक एकजना ट्रिपर चालक र मेरो आमा घरमा रहेको बेलामा निज प्रतिवादीले मेरो आमा र ट्रिपर चालकलाई कुटपिट गरी फोनसमेत तोडफोड गरी गएको र निज प्रतिवादीकै कारण मेरो ममीलाई तनाव दिएको कारण उहाँको मृत्यु भएको हुनुपर्छ भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने रोजिना खड्काले यस अदालतसमक्ष गरेको बकपत्र।

२५) मिति २०७६।०४।२८ गतेको घटना विवरण कागजको बेहोरा र सहीछाप मेरै हो। प्रतिवादी कुमार अधिकारी घरमा आई केराबारीको ड्राइभर र ममीलाई कुटपिट गरी गिलास, पंखालगायतको सामान तोडफोड गर्नुभयो। अरु बेलामा समेत कुमार अंकल राति बिहान हाम्रो घरमा आउनुहुन्थ्यो भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने रोजेश खड्काले यस अदालतसमक्ष गरेको बकपत्र।

२६) मिति २०७६।०५।२० को वस्तुस्थिति मुचुल्काको कागजको बेहोरा मेरै हो। मैले प्रत्यक्ष लास देखेको छैन। मृतक अञ्जलीले ग्रामीण सामुदायिक वनमा झुन्डिएर मरेको सुनेको हुँ भन्ने समेत बेहोराको वस्तुस्थिति मुचुल्काका दिलिप राईले यस अदालतसमक्ष गरेको बकपत्र।

२७) मिति २०७६।०५।१२ गतेको घटना विवरण कागजको बेहोरा र सहीछाप मेरै हो। धामीकोमा जान खोज्दा मृतकले मलाई तनाव भयो, म डिप्रेसनमा गइरहेकी छु, खान सुत्न मन लाग्दैन, म मर्छु भन्दा मैले सम्झाएको थिए भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने पुनम राना मगरले यस अदालतसमक्ष गरेको बकपत्र।

२८) मिति २०७६।०५।१२ गतेको कागज बेहोरा र सहीछाप मेरै हो। मृतक अञ्जली खड्का कानेपोखरीको जंगलमा गई झुन्डिएर मरेको सुनेको हुँ भन्ने समेत बेहोराको घटना विवरण कागजका कुमार भुजेलले यस अदालतसमक्ष गरेको बकपत्र।

२९) प्रतिवादी कुमार अधिकारी हार्डवेयर र बिजुलीको पसल संचालन गरी विराटचौक बस्दै आएकोले मृतक सामान खरीद गर्ने क्रममा ग्राहकको हैसियतले चिनजान भई कारोवारको क्रममा सामान्य चिनजान भेटघाट बोलचाल हुने गरेको कुरा मलाई थाहा भएकोले प्रष्ट रुपमा प्रतिवादीले मृतकलाई आत्महत्या गर्न दुरुत्साहन गरेको होइन भन्ने समेत बेहोराको प्रतिवादीका साक्षी नारायण कार्कीले यस अदालतसमक्ष गरेको बकपत्र।

३०) श्री मोरङ जिल्ला अदालतबाट मिति २०७६।०५।२७ मा थुनामा राख्ने गरी भएको आदेश बदर गरिपाउँ भनि प्रतिवादी कुमार अधिकारीले श्री उच्च अदालत विराटनगरमा दिएको निवेदनउपर सम्मानित श्री उच्च अदालत विराटनगरबाट "निज प्रतिवादी कुमार अधिकारीबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रु.१,००,०००।- (एक लाख) धरौटी जमानत वा बैंक जमानत लिई पुर्पक्षका निमित्त तारेखमा राखी नियमानुसार गर्नु" भन्ने समेत बेहोराको मिति २०७६।०६।३० मा भएको आदेश।

३१) श्री उच्च अदालत विराटनगरको मिति २०७६।०६।३० को आदेशानुसार निज प्रतिवादी कुमार अधिकारीले सोही मितिमा ध.र.नं. २२८ मार्फत धरौटी रकम रु.१,००,०००।- (एक लाख) दाखिला गरी तारेखमा रहेको।

ठहर खण्ड

३२) नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारतर्फबाट उपस्थित जिल्ला न्यायाधिवक्ता श्री मनोज आचार्यले प्रतिवादीले आत्महत्या दुरुत्साहन गरेको भन्ने किटानी जाहेरी बकपत्रद्धारा समर्थित भएको देखिन्छ, प्रतिवादीले मृतकलाई आत्महत्या गर्न दुरुत्साहन गर्ने गरी SMS हरु पठाएको देखिएसमेतबाट प्रतिवादीलाई अभियोग मागदावीअनुसार सजाय गरिपाउँ भन्ने बेहोरा उल्लेख गरी तथा प्रतिवादी कुमार अधिकारीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू श्री भरत बहादुर थापा, श्री बालकृष्ण आचार्यले प्रतिवादीको इन्कारी वयान खण्डित हुने गरी अभियोग पुष्टि हुन सकेको देखिँदैन, मृतकलाई प्रतिवादीले आत्महत्या गर्न उक्साएको छैन, अभियोग दावी पुष्टि गर्ने भार बादीको भएकोमा सो समेत पुष्टि गर्न नसकेको हुँदा प्रतिवादीले सफाइ पाउनुपर्दछ भनी गर्नु भएको वहस सुनी मिसिल अध्ययन गरियो। वादी तथा प्रतिवादीतर्फबाट उपस्थित विद्वान कानुन व्यवसायीहरुको बहस जिकिर, अभियोगपत्र तथा मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी हेर्दा प्रतिवादीले अभियोग दावीअनुसार कसुर गरेका हुन् होइनन् ? तथा प्रतिवादीलाई अभियोग दावीअनुसार सजाय हुने हो, होइन ? निर्णय गर्नुपर्ने देखिन आयो।

३३) निर्णयतर्फ विचार गर्दा, वादी नेपाल सरकारतर्फबाट प्रतिवादी कुमार अधिकारीले आत्महत्या गर्न दुरुत्साहन दिने कार्य गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिमको कसुर

गरेको तथ्य पुष्टि भएकोले प्रतिवादी कुमार अधिकारीलाई ऐ. संहिताको भाग २ को परिच्छेद १२ को दफा १८५(२) बमोजिम पाँच वर्षसम्म कैद सजाय र पचास हजार रुपैयाँसम्म जरिवाना गरी पाउन तथा मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम प्रतिवादीबाट पीडितको हकवालालाई मनासिव क्षतिपूर्ति भराई पाउन र यी प्रतिवादीबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ मा उल्लेख भएबमोजिम क्षतिपूर्ति शुल्क निर्धारण गरी उक्त रकम क्षतिपूर्ति शुल्क कोषमा जम्मा गराई पाउने ब्यवस्था हुन समेतको मागदावी लिई अभियोगपत्र पेश भएको देखिन्छ।

३४) प्रतिवादी कुमार अधिकारीले अदालतमा बयान गर्दा मेरो विजुलीको दोकानको कारोवारको सिलसिलामा विगत ९/१० महिनाअघिदेखि अन्जु खडकासँग चिनजान भई फोनमा कारोवारको विषयमा कुरा हुन्थ्यो, निज मृतकसँग कुनै किसिमको प्रेम सम्बन्ध/शारीरिक सम्पर्क केही पनि थिएन, अभियोग दावी झुठा हो, उक्त मो.नं. ९८४२१११८२८ मेरै हो " Ma Marnu Ma Tapai Ko Hat Xa Sadai Khusi Vayara Basnu", 19/08/09 14:39:48 मा "Malai Yatii Byjt Vayara Bachu Xoina Kumar Adhikari" 19/08/09 14:40:21 मा "Kumar Adikari Ko Karnle Ma Marko" भनी म्यासेजहरु पसलमा काम गर्ने सिलसिलामा व्यस्त हुँदा मेरो मोबाइलमा को कस्ले, के कस्तो म्यासेजहरु पठाउथे हेर्न पढ्न भ्याउदिनथे। कतिपय धेरै म्यासेजहरु नपढी डिलेट गर्थे भन्ने बेहोरा समेत उल्लेख गरेका छन् भने अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा जाहेरवालाकी श्रीमती अन्जु भन्ने अन्जली खडकाले आफ्नो घर बनाउन मेरो पसलबाट हार्डवेयर तथा बिजुलीको सामानहरु खरिद गरेर लैजाने गर्दा उधारोसमेत दिने गरेको तथा कहिलेकाहीं मोवाइलमा कुराकानीसमेत हुने गरेको थियो भन्ने समेत बेहोरा उल्लेख गरेकोमा निजले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको ततिम्वा बयानमा मृतक अन्जु भन्ने अन्जली र मबिच फोनमा कुरा हुँदै जाँदा मायाप्रेमको सम्वन्ध भई सहमतिमा पटक पटक शारीरिक सम्वन्ध भएको, जतिबेला पनि फोन गर्ने, SMS पठाउने र भेट्न आउ भन्ने, यो त्यो काम गरिदेउ भन्ने गर्थिन, राति पनि टेलिफोन गर्ने र तिम्रो घर परिवारमा हामीबिचको सम्वन्ध बारे भन्छु भन्ने, म अर्को केटासँग छु, वियर खाँदैछु भन्ने, फोटो पठाउने गर्थिन, निजको मोवाइल नं. पनि केही दिन ब्लक गरिदिएँ, मिति २०७६।०४।२४ गते बिहान पनि मलाई फोन गरेकी थिइन, मिति २०७६ साल आषाढमा म अन्जुको घरमा पुग्दा अर्कै पुरुषसँग आपत्तिजनक अवस्थामा भेटेकोले रिस उठेर मैले हातपात गरेको र पंखा खुट्टाले हानी फुटेको हुँदा नया पंखा किनिदिएको थिए भन्ने समेत बेहोरा उल्लेख गरेको देखिन्छ।

३५) ईश्वरवहादुर खडकाले जाहेरी दरखास्त दिँदा मेरी बुहारी अं.वर्ष ३०।३२ की अन्जु भन्ने अन्जली खडका मिति २०७६।०४।२४ गते विहान ०९:०० बजे विराटचौक जान्छु भनी जानु भएको बेलुका फर्की घरमा नआएकोमा मिति २०७६।०४।२५ गतेका दिन ०८:३० बजेको समयमा जिल्ला मोरङ कानेपोखरी गाउँपालिका वडा नं. ७ स्थित रहेको ग्रामीण सुधार सामूदायिक जङ्गलमा रातो बुटे सलको पासो हाँगामा वाँधी आफ्नो घाँटीमा वाँधी झुन्डी आत्महत्या गरेको साथै पछि कोही कसैले कर्तव्य गरी मारे मराएको खुल्न आएका बखत छुट्टै जाहेरी दरखास्त दिने छु भन्ने समेत बेहोरा उल्लेख गरेकोमा पछि पूनः गणेशवहादुर खडकाले जाहेरी दरखास्त दिँदा मेरो श्रीमती मिति २०७६।०४।२४ गते विहान ०९:०० बजेको समयमा बिराटचौकतर्फ आएकी र कुमार

अधिकारी, कविता अधिकारी र मुना दाहालले मेरो श्रीमतीलाई कँहा कता लगी कर्तव्य गरी मारी जङ्गलमा लगि रातो बुट्टे सलले घाँटीमा बाँधी खिर्राको रुखमा लगि झुन्ड्याइ छोडी गएपछि मेरो बुवा ईश्वरवहादुर खडकाले जाहेरी दिई आजभन्दा केहि दिनअगाडि दाहसंस्कार भएको र हाल कसुरवाला व्यक्तिहरुले कर्तव्य गरी मारे मराएको कुरा थाहा भएको हुनाले कसुरवाला व्यक्तिहरुलाई खोजतलास गरी उपस्थित गराई संलग्न व्यक्ति अन्य भए कसुरवाला व्यक्तिबाट खुलाई कानुनबमोजिम कारवाही सजाय गरिपाउँ भन्ने समेत बेहोरा उल्लेख गरेका छन् भने निजले अदालतमा बकपत्र गर्दा मेरो बुहारी अन्जुको मिति २०७६।०४।२५ गते लास देखेको हो। प्रतिवादी कुमार अधिकारीसँग मेरो बुहारीको अनैतिक सम्वन्ध रहेको कुरा मैले निज बुहारीको मृत्युपछि थाहा पाएँ। निज प्रतिवादीकै कारण उसको मृत्यु भएको हुनुपर्दछ। मेरो छोरा मृतकको श्रीमान उक्त मिति समयमा साउदीमा थियो, पछि आई उसले घटना सम्वन्धमा बुझी किटानी जाहेरी दिएको हो। हाल मेरो छोरा विदेश फर्किसकेको छ भन्ने समेत बेहोरा उल्लेख गरेको देखिन्छ।

३६) मृतक अन्जु भन्ने अन्जली खडकाको छोरा वर्ष १० को रोजेश खडकाले घटना विवरण कागज गर्दा कुमार अधिकारी आषाढ महिनामा पनि निज मेरो घरमा आएको आमालाई कुटपिट गरेको तथा घरको पंखालगायतका सामान फुटाइदिएको थियो। मेरो आमाले यो कुरा कसैलाई नभन्नु भनी मलाई भन्नु भएको थियो। सो पश्चात् पनि निज कहिलेकाहीं घरमा आउने आमासँग भेटने र पुनः फर्केर जाने गर्नु भएको थियो भन्ने समेत बेहोरा उल्लेख गरेको देखिन्छ भने अदालतमा बकपत्र गर्दा कुमार अधिकारी मेरो घरमा आई ममीलाई जगल्टाउनु भयो, झापड हान्नुभयो। केरावारीको ड्राइभरलाई भित्तामा ठोक्काएर उसको लुगा च्यातिदिनुभयो। सो सवै दृष्य मैले झ्यालबाट च्याएर हेरेको हो। कुमार अंकलले मलाईसमेत त र म कुटौं आइज भन्नुभयो। गिलासहरु फुटाइदिनुभयो, पंखा तोडफोड गर्नुभयो, सामानहरु तल झारिदिनुभयो। अरु अरु बेलासमेत राति विहान हाम्रो घरमा आउनु हुन्थ्यो भन्ने समेत बेहोरा उल्लेख गरेको देखिन्छ।

३७) मृतक अन्जु भन्ने अन्जली खडकाको छोरी वर्ष १३ की रोजिना खडकाले गरेको घटना विवरण कागजमा आषाढ महिनामा एक जना केरावारी तर्फका ट्रिपर चालक मेरो घरमा आई आमासँग बसी कुराकानी गर्दै गरेको अवस्थामा मेरो घरमा कुमार अधिकारी आई पुगी निज ट्रिपर चालकलाई कुटपिट गरी मेरो आमालाई पनि कुटपिट गरेको तथा घरको पंखा र सामानहरु फुटाइदिएको भनी भाईले मलाई भनेकोमा मैले थाहा पाएकी हुँ भन्ने समेत बेहोरा उल्लेख गरेको देखिन्छ भने अदालतमा उपस्थित भई बकपत्र गर्दा मेरो भाई रोनिस खडकाले भनेअनुसार प्रतिवादी कुमार अधिकारी हाम्रो घरमा आइरहन्छन्। एकपटक कुमार अधिकारीले मेरो आमा र ट्रिपर चालकलाई कुटपिट गरी घरको फेनसमेत तोडफोड गरिदिएको र कहिलेकाहीं घरमा आइरहेको कारण मेरो ममीलाई तनाव दिएको कारण उहाँको मृत्यु भएको हुनुपर्दछ। मिति २०७६।४।२४ गतेका दिन विहान मलाई ममीले म कविता फुपुकोमा गएर आइहाल्छु, यदि म विदेश गए भने भाईलाई आँखाबाट आँसु आउन नदिनु, मेरो सिक्री चुटिन आटेको छ तँ लगाउनु भनी खाना पकाई हामीलाई खान दिई उहाँले नखाई हिडनु भएको, बेलुका घर फर्की नआउनु भएको पर्सि पल्ट जंगलमा लास (झुन्डिएको अवस्थामा) भेटेको भनी सुनी थाहा पाएको हो भन्ने बेहोरासमेत उल्लेख गरेको देखिन्छ।

३८) प्रतिवादी कुमार अधिकारी र अन्जु भन्ने अन्जलीको टेलिफोन कल डिडेल र SMS विवरण हेर्दा मिति २०७६।०२।०५ (२० जुन २०१९) देखि २०७६।०४।२५ (१० अगस्त २०१९) सम्मको मृतकको ९८०८४७०३५३ नं. को मोवाइल र कुमार अधिकारीको ९८४२१११८२८ नं. को मोवाइलमा ४०१ पटक र अर्को ९८०७३०५२८१ नं. को मोवाइल बीचमा २८५ पटक टेलिफोन सम्पर्क भएको, यसरी एक विवाहित पुरुष प्रतिवादीले विवाहित परस्त्री मृतकसँग यौनजन्य तथा अश्लिल समेत SMS आदानप्रदान गरेको देखिएको, मृतक अन्जु भन्ने अन्जली खड्काले प्रयोग गर्ने गरेको ९८०८४७०३५३ नं. को मोवाइलबाट मिति २०७६।०४।२४ (०९ अगष्ट २०१९) गते दिनको १४:३६:३४ बजे कविता भन्ने इन्दिरा अधिकारीले प्रयोग गर्ने गरेको ९८४२४३७८४४ नं. को मोवाइलमा मृतकले "Dede mlai nakhojnu aba tapai ko dabar ko karan mero xora xori lai hwrnu la Bye Ilovu" भन्ने SMS गरेको मिसिल संलग्न म्यासेज (SMS) प्रिन्टबाट देखिएको, मृतक अन्जु भन्ने अन्जली खड्काले प्रयोग गर्ने गरेको ९८०८४७०३५३ नं. को मोवाइलबाट मिति २०७६।०४।२४ (०९ अगष्ट २०१९) गते दिनको १४:४०:२१ बजे प्रतिवादी कुमार अधिकारीले प्रयोग गर्ने गरेको ९८४२१११८२८ नं. को मोवाइलमा मृतकले म्यासेज (SMS) गर्दा "Kumar Adhikari ko karanle ma mareko" सोही दिनको १४:३९:०४ बजे "Ma marnu ma tapai ko hat xa sadai khusi vayara basnu" मिति २०७६।०४।१८ (०३ अगष्ट २०१९) गते दिनको ११:४८:१० बजे प्रतिवादी कुमार अधिकारीले प्रयोग गर्ने गरेको ९८४२१११८२८ नं. को मोवाइलमा मृतकले म्यासेज (SMS) गर्दा "her aja ma mari dinxu ma ghamma basi rakheko xu aja mero malami aunu parxa" तथा प्रतिवादी कुमार अधिकारीको प्रयोग गर्ने गरेको ९८४२१११८२८ नं. को मोवाइलबाट मृतकलाई म्यासेज (SMS) गर्दा "Mar kina tadapae tadpai rakachu baru marana anju" भन्ने समेत उल्लेख गरेको पाइन्छ।

३९) मृतक अन्जु खड्काको मृत्युको कारण Hanging भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिन्छ।

४०) मौकामा बुझिएकी पुनम राना मगरले गरेको घटना विवरण कागजमा मृतक अन्जु भन्ने अन्जली खडकाको छोरा र छोरी पनि सोही स्कुलमा पढने गरेकोमा एक अर्कासँग सामान्य चिनजान हुँदा २।३ महिनाअगाडि निजले मलाई तनाव भयो म डिप्रेशनमा गइरहेकी छु, खान, सुत्न पनि मन लाग्दैन म अब कुनै दिन मर्छु भनी मलाई भनेकी थिइन। त्यसपछि मैले निजलाई मर्नु हुँदैन, त्यस्तो काम नगर्नु भनी सम्झाएको थिए, मिति २०७६।०४।२५ गते अं.१६:०० बजेको समयमा अन्जु भन्ने अन्जली खडका झुन्डी मरेको भन्ने कुरा सुनेको थिए निज अन्जु भन्ने अन्जली खडकालाई कोही कसैले कर्तव्य गरी मारेको वा आफै झुन्डी आत्महत्या गरेको हो सो वारेमा मलाई एकिन थाहा भएन भन्ने समेत बेहोरा उल्लेख गरेको पाइन्छ भने अदालतमा उपस्थित भई बकपत्र धामीकोमा जान खोज्दा निजले निजले मलाई तनाव भयो म डिप्रेशनमा गइरहेकी छु, खान, सुत्न पनि मन लाग्दैन म अब कुनै दिन मर्छु भनी मलाई भनेकी थिइन र मैले सम्झाएको थिए भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ।

४१) विराट गंगाराम हर्ट एण्ड पोलिक्लिनिक प्रा.लि. बिराटनगरका डा. रोशन खड्काले विवरण खुलाई पठाएको कागजमा अन्जली खड्का मिति २०७६।०४।०६ गते आई निन्द्रा नलाग्ने र छटपटी

भएको भनेकोले निजलाई थाइरोइड प्रोफाइल जाँच गर्दा नर्मल भएको हुँदा निजलाई मानसिक समस्या हुन सक्ने भएकोले मानसिक रोग विशेषज्ञ डा. रंजन थापालाई रिफर गरिएको हो भन्ने समेत बेहोरा उल्लेख गरेको पाइन्छ।

४२) तस्विरमा देखिएकी महिला यस क्लिनिकमा जचाउन एक पल्ट उहाँ अर्को चिकित्सकको सल्लाहले यहाँ आउनु भएको हो। उहाँ निन्द्राको समस्या लिएर आउनु भएको थियो। उहाँलाई तनाव सम्वन्धित रोग थियो। उहाँ OPD बिरामी भएकोले उहाँको पूर्ण विवरण हामीसँग छैन भन्ने समेत बेहोराको वरिष्ठ मानसिक तथा नसा रोग विशेषज्ञ डा. रंजन थापाले विवरण खुलाई पठाएको कागजबाट खुल्न आएको छ।

४३) घटना विवरण कागज गर्ने योगेन्द्र विष्टले कागज गर्दा निजको मृत्यु सम्वन्धमा अन्य कुरा मलाई थाहा भएन को कस्ले के कसो गरे थाहा भएन भन्ने समेत बेहोरा उल्लेख गरेको देखिन्छ।

४४) वस्तुस्थिति मुचुल्काका मानिसहरु दिलिप राई, अर्जुन राई र राजेन्द्र थापासमेतले कागज गर्दा निजलाई कोही कसैले कर्तव्य गरी मारे मराएको हो वा निजले कुनै प्रकारको तनावको कारण झुन्डी आत्महत्या गरेको हो सो वारेमा एकिन थाहा भएन भन्ने समेत बेहोराको लेखाई दिएकोमा दिलिप राईले अदालतमा बकपत्र गर्दा यी प्रतिवादीले मृतकलाई आत्महत्या गर्न दुरुत्साहन गरेको हो होइन थाहा भएन भन्ने बेहोरा उल्लेख गरेको पाइन्छ।

४५) अब मिसिल संलग्न उल्लिखित प्रमाण कागजातका आधारमा मृतक र प्रतिवादीका बिचमा झगडा भएको, एक आपसमा कुटपिट भएको र प्रतिवादी र मृतकबिच विभिन्न SMS आदानप्रदान भएको तथा प्रतिवादी कुमार अधिकारीसमेत उपर कर्तव्यमा जाहेरी दरखास्त परेको भए तापनि मृतक आफैंले वारदातस्थलमा सलको पासो लगाएर झुन्डी आत्महत्या (Suicide) देखिन आयो। अब मृतकलाई आत्महत्या गर्न दुरुत्साहन गर्ने कार्यको परिणामस्वरुप मृतक झुन्डी मरेको हो होइन भनी हेर्दा मृतकका छोरा वर्ष १० का रोजेश खड्काले कागज गर्दा तथा अदालतमा बकपत्र गर्दा कुमार अधिकारी घरमा आएर आमालाई समेत कुटपिट गरी पंखासमेत भाँची फुटाई दिएको भन्ने समेत उल्लेख गरेको र मृतककी छोरी वर्ष १३ की रोजिना खड्काले कागज गर्दा तथा बकपत्र गर्दा आषाढ महिनामा केराबारीतर्फका ट्रिपर चालकसँग कुराकानी गरी बस्दा कुमार अधिकारी आइपुगी निज ट्रिपर चालक र आमालाई कुटपिट गरी पंखासमेतका सामान फुटाइदिएको भन्ने समेत बेहोरा उल्लेख गरेको तथा मौकामा बुझिएकी पुनम राणामगरले अदालतमा बकपत्र गर्दा समेत मृतक अन्जुले मलाई तनाव भयो, डिप्रेशनमा गइरहेकी छु, खान सुत्न मन लाग्दैन म कुनै दिन मर्छु भन्थिन, यस्तो मर्ने कुरा गर्नु हुदैन भनी सम्झाएको थिए भन्ने समेत बेहोरा लेखाएबाट र विराट गंगाराम हर्ट एण्ड पोलिक्लिनिक प्रा.लि. बिराटनगरका डा. रोशन खड्काले विवरण खुलाइ पठाएको कागजमा अन्जली खड्का मिति २०७६।०४।०६ गते आई निन्द्रा नलाग्ने र छटपटी भएको भनेकोले निजलाई थाइरोइड प्रोफाइल जाँच गर्दा नर्मल भएको हुँदा निजलाई मानसिक समस्या हुन सक्ने भएकोले भन्ने समेत बेहोरा उल्लेख गरेको, वरिष्ठ मानसिक तथा नसा रोग विशेषज्ञ डा._रंजन थापाले विवरण खुलाइ पठाएको कागजबाट उहाँलाई तनाव सम्वन्धित रोग थियो भन्ने बेहोरा समेत

उल्लेख गरेबाट मृतक मानसिक रोगी भएको कारणबाट तनावमा आई झुन्डिएकोमा विवाद देखिँदैन।

४६) नेपालमा हालसम्म सर्वोच्च अदालतबाट आत्महत्या दुरुत्साहन सम्वन्धमा सिद्धान्त प्रतिपादित भै नसकेको परिप्रेक्ष्यमा भारतीय सर्वोच्च अदालतबाट यस सम्बन्धमा प्रतिपादित सिद्धान्तलाई Reference को रुपमा चर्चा गर्नु सान्दर्भिक हुन्छ। सो अदालतबाट S.S. Chheena vs. Vijay Kumar Mahajan and another- को मुद्दामा "Abetment involves a mental process of instigating a person or intentionally aiding a person in doing of a thing. Without a positive act on the part of the accused to instigate or aid in committing suicide, conviction cannot be sustained. There has to be a clear mens rea to commit the offence. It also requires an active act or direct act which led the deceased to commit suicide seeing no option and that act must have been intended to push the deceased into such a position that he committed suicide." त्यसैगरी Randhir Singh vs. State of Punjab(2004)13 SCC 129 मा भारतीय सर्वोच्च अदालतले "Abetment involves a mental process of instigating a person or intentionally aiding that person in doing a thing. More active role which can be described as instigating or aiding the doing of a thing is required before a person can be said to be abetting the commission of offence under Section 306 of IPC" भन्ने समेत वेहोरा उल्लेख गरी आत्महहत्या दुरुत्साहनका सम्बन्धमा सिद्दान्त प्रतिपादन गरेको देखिन्छ।

४७) प्रस्तुत मुद्दामा समग्र मिसिल अध्ययन गर्दा, वादी पक्षले आत्मसम्मानमा चोट पुगेको कारणले नै मृतकले आत्महत्या गरेको भनी प्रतिवादीले मृतकलाई कुटपिट गर्ने कार्यलाई नै आत्महत्याको दुरूत्साहनको आधार देखाइ अभियोग लगाएको पाइन्छ।

४८) वादीले अभियोग दावी लिएको कानुनी व्यवस्था मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ मा *कसैले कसैलाई आत्महत्या गर्न दुरुत्सान दिन वा त्यस्तो काम गर्ने सम्मको परिस्थिति खण्डा गर्न वा गराउन हुँदैन* भन्ने उल्लेख गरिएको पाइन्छ।

४९) उपर्युक्त कानुनी व्यवस्थाअनुसार आत्महत्याको लागि दुरूत्साहन गर्ने र आत्महत्या गर्ने सम्मको परिस्थिति खडा गर्ने दुई अवस्थामा आत्महत्याको दुरुत्साहनको कसुर हुनसक्ने देखिन्छ।

५०) पहिलो अवस्था दुरुत्साहनको सम्बन्धमा विचार गर्दा: मुलुकी अपराध संहिता, २०७४ को दफा ३५(२) मा *कसैले कसैलाई कुनै कसुर गर्न उक्साएमा निजले दुरुत्साहन गरेको मानिनेछ* भनि उल्लेख गरेको देखिन्छ। उपरोक्त व्यवस्थाअनुसार आत्महत्या गर्न कसैलाई उक्साउने कार्यलाई आत्महत्याको दुरुत्साहनको कार्य गरेको मान्नुपर्ने हुन आयो। उक्साउनु भन्ने शब्दले सामान्य रुपमा कुनै कार्य गर्नको लागि प्रेरित गर्न सल्लाह दिनु वा सो कार्य गर्नका लागि मानसिक रूपमा वल प्रदान गर्नु भन्ने बुझिन्छ। सो आधारमा हेर्दा आत्महत्याको लागि उक्साउनु वा सो कार्य गर्नका लागि मानसिक रुपमा बल प्रदान गर्नु नै आत्महत्याको दुरुत्साहन हुने भयो। प्रस्तुत मुद्दामा प्रतिवादीले मृतकलाई आत्महत्या गर्नको लागि सल्लाह दिएको वा सो कार्य गर्न मृतकको मनोवल बढाउने कार्य गरेको अवस्था देखिँदैन। सो बाहेक मृतकलाई झुन्डी मर्नेसम्मको अवस्था श्रृजना भएका अन्य तथ्य खुलेको अवस्था देखिँदैन। मृतकको मृत्युको चाहना प्रतिवादीको थियो भन्ने समेत कुनै प्रमाणबाट देखिँदैन। मृतक र प्रतिवादीबिचमा सामान्य झगडा तथा विवादसम्म भएको तर मृतकलाई आत्महत्या गर्नेसम्मको परिस्थिति खडा गर्ने अन्य कार्य प्रतिवादी कुमार अधिकारीबाट

भएको नदेखिँदा मृतकलाई प्रतिवादी कुमार अधिकारीले आत्महत्या दुरूत्साहन गरेको भन्न मिल्ने अवस्था देखिएन।

५१) दोस्रो अवस्था आत्महत्या गर्नेसम्मको परिस्थिति खडा गर्ने गराउने सम्बन्धमा विचार गर्दा, प्रतिवादीले गरेको कुनै कार्यले मृतकलाई प्राण त्याग गर्नु वाहेक अन्य विकल्प नहरने अवस्था सृजना गरी मृतकलाई आत्महत्या गर्ने परिस्थिति सृजना गरेको देखिनुपर्छ।

५२) उपरोक्त विवेचित आधार कारणहरूबाट प्रतिवादी कुमार अधिकारी मृतकको घरमा गई निज तथा मृतकका विचमा झगडासम्म भएको देखिएको तर मृतकलाई आत्महत्या गर्न दुरूत्साहन गरेको वा आत्महत्या गर्ने सम्मको परिस्थिति खडा भएको भन्ने अवस्था नदेखिएको र मृतकलाई मार्ने मनसाय प्रतिवादीमा नरहेको, प्रतिवादीको Active Act वा Direct Act (कार्य) बाट मृतकलाई आत्महत्या गर्नु वाहेक अर्को विकल्प नरहने परिस्थिति सृजना गरेको अवस्था नदेखिएकोले आत्महत्याको दुरूत्साहनको मुलुकी अपराध संहित, २०७४ को दफा १८५(१) बमोजिमको कसुरमा प्रतिवादी कुमार अधिकारीलाई ऐ.संहिताको भाग २ को परिच्छेद १२ को दफा १८५(२) बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दावी पुग्न सक्दैन। अभियोग दावीबाट प्रतिवादी कुमार अधिकारीले सफाइ पाउने ठहर्छ। सो ठहर्नाले अरूमा तपसिलमा लेखिएबमोजिम गर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ बमोजिम फैसला गरिएको छ।

तपसिल खण्ड

- माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी कुमार अधिकारीले सफाइ पाउने ठहरेकोले प्रतिवादी कुमार अधिकारीले श्री उच्च अदालत विराटनगरको आदेशानुसार ध.र.नं. २२८ मार्फत राखेको धरौटी रकम रु.१,००,०००।- (एक लाख) प्रस्तुत मुद्दा अन्तिम भएपछि फिर्ता पाउँ भनी निवेदन दिएमा नियमानुसार फिर्ता दिनु.....१
- प्रस्तुत मुद्दामा फैसला हुँदाको बखतमा वादी प्रतिवादीकातर्फबाट कानून व्यवसायीले वहस पैरवी गर्नु भई सोही मितिमा फैसला भएको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(३) बमोजिम सोही मितिलाई फैसला भएको थाहा पाएको मिति मान्नु पर्ने भई चित्त नबुझे कानुनबमोजिम श्री उच्च अदालत विराटनगरमा पुनरावेदन गर्न सक्ने नै हुँदा छुट्टै पुनरावेदनको म्याद दिइरहनु परेन.....२
- प्रस्तुत फैसलाको प्रतिलिपि साथै राखी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२(४) बमोजिम जिल्ला सरकारी वकिल कार्यालय मोरङलाई फैसलाको जानकारी दिनु.....३
- प्रस्तुत फैसलाको प्रतिलिपि माग गर्ने सरोकारवालालाई नियमानुसार प्रतिलिपि उपलब्ध गराई दिनु.....४
- प्रस्तुत फैसलाको विद्युत्तिय प्रति सफ्टवेयर प्रणालीमा अपलोड गरी फैसलाको पिठमा जनाई मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु.....५

.....

न्यायाधीश

फैसला तयार गर्न सहयोग पुऱ्याउने
कर्मचारीको नामः डिठ्ठा ललिता पराजुली
फाँट नं. ७ (ना.सु. शुशिल दाहाल)
फैसला मितिः- २०७६।१०।२३
फैसला प्रमाणीकरण भएको मितिः २०७६।११।१३

श्री

धनुषा जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री राजेश कुमार कटुवाल

फैसला

सम्वत २०७६ सालको स.फौ.नं. ०७६-c1-०१६१

नि.नं.१६९

मुद्दाः- आत्महत्या दुरुत्साहन गरेको

<u>वादीको नाम, थर र वतनः-</u>

जिल्ला सुनसरी बराह क्षेत्री गा.वि.स.वा. नं.३ हाल ऐ.धरान न.पा.वा.नं.३ मा वस्ने भक्त बहादुर राईको छोरा श्रवण कुमार राईको जाहेरीले नेपाल सरकार.....१

साक्षीः.....

कागजः.....

<u>प्रतिवादीको नाम, थर र वतनः-</u>

जिल्ला धनुषा नगराईन न.पा.वा.नं.६मा हाल जनकपुर उ.म.न.पा.वा.नं.४ मा वस्ने सोनेलाल मण्डल र राधा देवी मण्डलको छोरा अजय कुमार मण्डल.....१

साक्षीः.....

कागजः.....

<u>अदालतबाट बुझेको प्रमाण</u>

साक्षीः.....

कागजः.....

न्याय प्रशासन ऐन २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ४५ बमोजिम यस अदालतको अधिकारक्षेत्रभित्रको भई दायर हुन आएको प्रस्तत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

<u>संक्षिप्त तथ्य</u>

जिल्ला धनुषा जनकपुरधाम उपमहानगरपालिका वडा नं. ४ स्थित पूर्वमा उषा सिंहको खाली जग्गा, पश्चिममा फुलकुमारी रजकको घर उत्तरमा रेखा देवी मण्डलको घर दक्षिणमा सार्वजनिक सडक यति चार किल्लाभित्रमा दक्षिण मोहडा भएको अरुण प्रसाद कर्णको पक्की घर रहेको घरमा प्रवेश गरी हेर्दा आँगनदेखि उत्तरमा ३ वटा कोठा भएको १ तल्ले पक्की घर रहेको सो घरको पूर्व छेउको कोठामा मनिषा ताजपुरिया र पूजा ताजपुरिया बस्ने गरेको बिचको कोठामा मृतक उषा राई बस्ने गरेको पश्चिमको कोठामा ईन्द्रिश लिम्बु बस्ने गरेको बिचको कोठाको झ्याल ढोकाभित्रबाट बन्द रहेकोमा ढोकामा हिर्काउदा ढोकाको भित्रबाट बन्द चुकुल भाची खोली हेर्दा कोठाभित्र पूर्व छेउमा काठको खाटमाथि डसना तना ओछ्याएको उत्तर छेउ झुल टाँगी गुटमुटिएर राखेको बिस्तारामाथि काठको टेबुल रहेको कोठाको पश्चिम छेउमा भुईँमा

म्याट (पटिया) ओछ्याएको सोमाथि बिभिन्न झोलाहरु प्रयोग गर्ने कपडाहरु रहेको दक्षिण छेउमा बिभिन्न जुताहरु रहेको बिस्तारामाथि मोवाइलमा गीत बजिरहेको अवस्थामा रहेको सेतो रंगको एअर फोन म्याटमाथि रहेको सोही घरको छतमा जडान गरेको फलामको सिलिङ्गमा पंखा जडान रहेको र सोही सिलिङ्गमा केवल तारमा उषा राई झुन्डी मृतक अवस्थामा रहेको बिस्तारामाथि रहेको टेबुलको मुनिको फलेकमाथि **CAPTAIN** चुरोटको वटाभित्र २ पिस चुरोट र ग्यास लाइटर थान १ रहेको सोही निर **WARRANTY CARD** को कागजको टुक्रामा (अजय मेरो म्यानेजरले मलाई तीन पटक बर्दिवासको बौवा होटल र जनकपुरको सुभम होटलमा सँगै राख्यो पछि काम छाडेर जा भन्दा जान्न भनेपछि काममा धेरै तनाव दिन थाल्यो त्यसले गर्दा म मर्छु) लेखेको अवस्थामा रहेको मृतक लासलाई सुरक्षित साथ झुन्डिएको ठाउँबाट खोली हेर्दा मृतकले लगाएको कटुको दाहिने खल्तीमा (बाक्लो कागजको टुक्रामा अजयले मलाई जनकपुरको सुभम होटल र बर्दिवासको बौवा होटलमा ३ पल्ट राति बस्न बोलायो पछि काम छोडेर जा भन्दा जान्न भने अनि मलाई काममा धेरै तनाव दिन्छ अजय मण्डलले गर्दा म आज **SUICIDE** गर्दैछु त्यसको कारण म बाच्न सकिन) लेखेको अवस्थामा रहेको सो कागजको टुक्राहरु प्रहरीले बरामद गरी लगेको मृतकको घाँटीमा नागवेली आकारको पछाडि घाँटीसम्म ११ इन्च लामो तारको डाम रहेको, डाम छामी हेर्दा साह्रो रहेको, योनीमा मिन्स प्याड लगाएको भन्ने व्यहोराको घटनास्थल तथा लास जाँच मुचुल्का।

मेरो छोरी वर्ष २५ की उषा राईले वैदेशिक रोजगारमा कतार बस्दा खेरी नै जिल्ला झापा घर भएको धर्मेन्द्र खवाससँग विवाह गरेकी थिइन्। छोरीको बच्चा भएको छैन। छोरी कतारबाट फर्केर आएपछि मेरो घरमा बस्दै आएकी थिइन्। ५/६ महिनाअगाडि छोरीले काम गर्न जनकपुर जान्छु भनी अरु केटीहरुको साथमा जनकपुरमा आई जिल्ला धनुषा जनकपुर उपमहानगरपालिका वडा न. २ स्थित फलसम क्याफेमा काम गर्दै आएकी थिइन्। मिति २०७६।०६।१६ गते राति अं. ११ बजेको समयमा छोरी बस्ने गरेकी डेरा कोठामा सिलिङ्गमा पासो लगाई आत्महत्या गरेकी कुरा टेलिफोनद्वारा जानकारी पाएकोमा म घरबाट जनकपुर आई छोरी बस्ने गरेको घर कोठामा गई घटना सम्बन्धमा बुझ्दा छोरी काम गर्ने गरेको क्याफेको मैनेजर प्रतिवादी अजय कुमार मण्डलले मेरो छोरीलाई विभिन्न ठाउँमा लगी यौन शोषण गरेको र मेरो छोरीलाई फलसम क्याफेबाट निकाली दिन्छु भनी विभिन्न मानसिक तनाव दिई आत्महत्या गर्न दुरुत्साहन दिने गरेकोमा मेरो छोरी बाध्य भएर आत्महत्या गरेको बुझिन आएको र मेरो छोरीले आत्महत्या गर्छु भन्ने व्यहोराको सुसाइट नोट लेखेको समेत प्रहरीले कोठाबाट फेला परेकोमा निज प्रतिवादी अजय कुमार मण्डललाई पक्राउ गरी ज्यानसम्बन्धी महलको दफा १८५ अनुसार कारबाही र सजाय गरी पाउन यो जाहेरी दरखास्त प्रस्तुत गरेको छ भन्ने समेत व्यहोराको श्रवण कुमार राईको जाहेरी दरखास्त।

मिति २०७६।६।१७ गते बेलुका १९:०० बजेको समयमा जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा. वडा नं. ४ मा प्रतिवादी अजय कुमार मण्डललाई फेला पारी निजलाई पक्राउ पुर्जी दिई आवश्यक कारवाहीको लागि दाखिला गरेको र निज अजय कुमार मण्डलको साथमा फेला परेको ९८००८५५१५६,

९८४३३९०७८६ नं. प्रयोग भएको **HUAWEI** कम्पनीको मोडल नं. **FIG-LA1** को मोवाइल थान १ प्रमाणको लागि यसै प्रतिवेदन साथ पेश गरेको भन्ने प्रहरी प्रतिवदेन।

म बिगत चार महिनाअगाडिदेखि नै फलसम क्याफेमा काम गर्ने गरेकाले मिति २०७६।०६।१६ गतेका दिन मेरो र उषा राई र पूजा ताजपुरियासमेतको सँगै विहान ११:०० वजेदेखि डिउटी रहेकाले हामी तीनै जनासँगै फलसम क्याफेमा गई काम गरिरहेका थिए। अं. १६:३० वजेको समयमा निज उषा राई मलाई म विरामी छु। मलाई महिनावारी भएकाले भित्री पेट दुखिरहेको छ म कोठा जान्छु। मेनेजर सरलाई भनी देउ न भन्दा मैले मेनेजर अजय कुमार मण्डललाई उषा दिदी विरामी हुन भयो कोठा जान्छु भनी राखु भएको छ भन्दा निज मेनेजर अजय कुमार मण्डलले हुन्छ पठाइदेउ भन्दा मैले उषा दिदीलाई सोही कुराको जानकारी गराउँदा निज उषा दिदी कोठातर्फ जानुभयो। म र पूजा ताजपुरिया क्याफेमा नै काम गर्न थाले। म र पूजा ताजपुरिया राति २३:३० वजेको समयमा डिउटी सकी खाना खाई कोठामा पुग्दा म सँगै काम गर्ने उषा राई निज आफू वस्ने कोठामा भित्रवाट चुकुल लगाई वन्द गरी राखेकोमा साथी ईन्दिरा लिम्वुले उषा राईको लागि क्याफेवाट खाना ल्याएकोमा खाना खानको लागि वोलाउदा निज उषा राईले ढोका नखोल्दा र नवोल्दा घरवेटीलाई भन्दा घरवेटीले पनि वोलाउँदा निज उषा राई नवोल्दा घरवेटीले प्रहरीलाई खवर गरी प्रहरी टोली ढोकामा वुटले हिर्काइ ढोका खोली हेर्दा उषा राई कोठामा पंखा जडान रहेको सिलिङ्गमा तारको पासो लगाई झुन्डी मृतक अवस्थामा रहेकोले प्रहरी रातभरि रुडगी विहान थप प्रहरी आई मुचुल्का गरी लास लगेको हो। मैले निज उषा राईलाई म २०७६ साल जेष्ठ महिनामा उक्त क्याफेमा काम गर्न आएको बेलादेखि निजसँग चिनजान भएको थियो। हाल पक्राउ परेको उक्त क्याफेको मेनेजर अजय कुमार मण्डल र उषा राईको बिचमा के कस्तो सम्वन्ध थियो मलाई केही थाहा थिएन। हामीहरुको महिनामा चार दिन पालैपालो विदा दिने गरेकाले उषा राईले विदाको दिन छुट्टि नलिई डिउटी नै गरी राखु हुन्थ्यो र एकै पटक चार दिनको छुट्टि लिई काठमाडौं जान्छु भनी जानु हुन्थ्यो र कहिले चार दिनमा र कहिले तीन दिनमा आउनु हुन्थ्यो र निज अजय कुमार मण्डल उषा राईलाई कहि कतै घुमाउन लगेको भन्ने कुरा मलाई थाहा भएन। हामी क्याफेमा रहदा मेनेजरसँग उषा राई रहेको र राति वसेको देखेको सुनेको छैन। घटनास्थलमा फेला परेको सुसाइड नोटमा लेखिएको हस्तलिपि मलाई देखाउँदा मैले हेरी, देखि, चिन्ही उक्त हस्तलिपि निज उषा राईको जस्तो हो निजले लेखेको होला हेरी चिन्ही सनाखतसमेत गरी सहीछाप गरिदिए भनि खुलाई लेखाइदिएको मनिषा ताजपुरियाको कागज।

मिति २०७६।६।१६ गते राति अं. २३:३० बजेको समयमा फलसन क्याफेमा काम गर्ने वरिष्टा उषा राई मिन्स भयो पेट दुख्दै छ भनी मनिषा ताजपुरियामार्फत अजय कुमार मण्डललाई भनी आफ्नो कोठामा गई निजको झुन्डी मृत्यु भएको, अजय कुमार मण्डल र उषा राईबिच के कस्तो सम्बन्ध थियो मलाई थाहा भएन र निजहरु फलसम क्याफेमा रहदा बस्दा अजय कुमार मण्डल मेनेजर र उषा राई वरिष्टा पदमा काम काज गर्दै आएको थियो। निज अजय कुमार मण्डलले मृतक उषा राईलाई के कहाँ कुन ठाउँमा लगेको थियो थिएन मलाई थाहा भएन र घटनास्थलबाट बरामद भएको सुसाइड नोट मलाई देखाउँदा हस्तलिपि यकिन भएन, निज उषा राईले के कुन चिन्ता वा कारणबाट आत्महत्या गरेको हो मलाई थाहा छैन भन्ने पूजा ताजपुरिया, अभिषेक कुमार पासवान र प्रकाश कुमार चौधरी, सन्तोष पासवान, कुलदिप साह

र संजित राउत, इन्दिरा लिम्बु, सरोज पासवान, ओम प्रकाशसमेतले एकै मिलान व्यहोराको गरिदिएको घटना विवरण कागज।

म २०७५ सालको पौष महिनाको अन्तिम हप्तादेखि फलसम क्याफेमा मेनेजरको पदमा नोकरी गरी कामकाज गर्दै आएकोमा २०७६ सालको असार महिनाको दोस्रो हप्तामा बरिष्टा पदको लागि एक जना आवश्यक परेको भनी बिज्ञापन निकाल्दा ४/५ जनाले अनलाइनमार्फत लाइक र कमेन्ट गरेकोमा निजहरुसँग सम्पर्क गर्दा अन्य व्यक्तिहरु आउन नमानेको र निजहरुमध्ये उषा राईले म काम गर्न आउछु भनी भन्दा निजलाई सबै कुराको जानकारी गराउँदा निज असारको १३/१४ गतेतिर क्याफेमा आई पुगी निजलाई बिज्ञापनअनुसारको काम दिँदा निजले उक्त काम राम्रोसँग गर्न थालिन्, काम गर्दागर्दै केही दिनपछि निजले चार दिनको छुट्टि माग्दा मैले किन चाहियो छुट्टिभन्दा निजले मैले काठमाडौंमा कोठा छोड्दा सामानहरु साथीको कोठामा राखेको छु सामानहरु ल्याउनु छ भनी भन्दा मैले श्रावण महिनाको २५/२६ गतेतिर निजलाई ठिक छ तपाई जानुस् सामान लिई रक्षाबन्धनको एक दिनअगाडि आई पुग्नु भनी निजलाई क्याफेको सामानहरु पनि ल्याउन केही रकम दिई पठाएको थिए। त्यसपछि निज उषा राई रक्षाबन्धनको एक दिनअगाडि निजले मलाई फोन गरी म काठमाडौंमा गाडी ढिलो चढे गाडी बर्दिवाससम्म मात्र आउँछ भनी भन्दा मैले ठिक छ आउनु बर्दिवासबाट लोकल गाडी फेला परेमा आउनु नभए म कुनै स्टाफ पठाइदिन्छु भन्दा निज करिब २०:०० बजेको समयमा बर्दिवास आई पुगी मलाई फोन गरी गाडी भेटिन भनी भन्दा मैले ठिक छ तपाई बस्दै गर्नु क्याफेमा भिड छ भिड सकेपछि म आफै आउँछु भनी करिब राति २२:०० बजेको समयमा क्याफे बन्द गरी मोटरसाइकल लिई बर्दिवास पुगी निजलाई भेटी त्यहाँबाट दुबै जना मोटरसाइकलमा चढी फर्की आउने क्रममा बर्दिवासदेखि पूर्वमा रहेको पुलको पूर्व रहेको बौवा होटल नजिक आई पुग्दा निजले खाना खान्छु भनी भन्दा मैले सो बौवा होटलमा गई दुबै जना खाना खाने क्रममा हामी दुबै जनाको आज राति यही होटलमा बास बस्ने सल्लाह भएअनुसार सो होटलमा एउटा कोठा लिई राति दुबै जनासँगै सुतेको हुँ। राति सुतेको बेला हामी दुबै जनाको सल्लाहमा शारीरिक सम्पर्कसमेत भएको हो। त्यसपछि बिहान निजले म अलि ढिलो आउँछु तपाई जानुस् भन्दा म केही क्याफेको सामानहरु लिई जनकपुर आई पसल खोलेपछि करिब बिहान १०:०० बजेको समयमा निज उषा राई पनि पसलमा आई पुगी काममा लागेको हो। त्यसपछि निज नियमित काम गर्न थाली। त्यसपछि राति पसल बन्द गर्दा रातको समयमा कहिलेकाहीं हामी दुबै जनाको फोनमा कुराकानी हुने गरेको थियो। त्यसपछि भदौ महिनाको ११/१२ गतेतिर निज उषा राईले म साथीको घरमा कार्यक्रम छ म जानुछ मलाई दुई दिनको छुट्टि माग्दा मैले निजलाई छुट्टि दिएपछि निज ढिलो गरी बसपार्क गएकोले गाडी नभेटाएपछि निजले मलाई फोन गरी सर गाडी भेटिएन मलाई कुनै होटलमा राखिदिनु भनी भन्दा म बसपार्क पुगी निजलाई अन्नपूर्ण होटलमा लगी राख्दा निज बस्न नमानेपछि मैले भैरव चौकको शुभम होटलमा राखि क्याफेमा गई कामकाज गरी बन्द गर्ने बेलामा निज उषा राईले मलाई फोन गरी बोलाउँदा म उक्त होटलमा गई केही बेर बसी कुराकानी गरी कोठा जान लाग्दा निजले यही बस्नु भनी कर गर्दा म पनि सोही होटलमा रातिसँगै बास बसेको हुँ। बस्दा हामी दुबै जनाको सल्लाहअनुसार शारीरिक सम्बन्ध भएको हो। सो राति मलाई निजले आफ्नो पहिला बिबाह भएको र बिबाहपछि एक जना छोरीको जन्म

भएपछि मलाई श्रीमानले घरबाट कतै जान नदिएपछि म श्रीमानसँग सम्बन्ध विच्छेदसमेत गरिसकेको छु भनी सुनाउँदा मैले थाहा पाएको हुँ। त्यसपछि निज छुट्टिबाट आई क्याफेमा काम गर्न थालेपछि निजलाई के कसो भएर निजले स्टाफहरुसँग बिबाद गर्ने जथाभाबी गाली गर्ने ग्राहकलाई समयमा अर्डरअनुसारको खाने कुरा नपुग्ने गुनासो आउन थालेपछि मैले निज उषा राईलाई बोलाई सम्झाइबुझाइ गरी यस्तो व्यवहार अब गर्नुभयो भन्ने तपाईले अरु ठाउँमा काम खोज्नुपर्ने हुन्छ भन्दा निजले ठिक छ म राम्रोसँग काम गर्छु भन्दा त्यसो भए काम गर्नुस् भनी काममा लगाएको हुँ। त्यसपछि भदौ महिनाको अन्तिमतिर निज उषा राईले भाईलाई बिदेश पठाउनको लागि काठमाडौं गई आई बर्दिबासमा बौवा होटलमा निजले कोठा लिई मलाई फोन गरी बोलाउँदा म राति १०:०० बजेको समयमा क्याफे बन्द गरी उक्त होटलमा गई राति सँगै एउटै कोठामा बसि सल्लाहअनुसार शारीरिक सम्पर्क भएको हो। बिहान सँगै मोटरसाइकलमा आई क्याफेमा काम गर्न थाली। त्यसपछि मेरो श्रीमतीको कलैयाबाट सरुवा भएकोले श्रीमतीलाई लिनको लागि मिति २०७६।०६।१४ गते बारा जिल्लाको कलैया पुग्दा मलाई समय लाग्ने भएपछि म साहु अरुण प्रसाद कर्णलाई फोन गरी जानकारी गराएको थिए। त्यसपछि मिति २०७६।०६।१६ गतेका दिन मलाई स्टाफ कुलदिप साहले फोन गरी सर तपाई कहिले आउने क्याफेमा ग्राहकको अगाडि स्टाफहरुले झै-झगडा गरी बबाल मचाई सक्यो भनी फोनमा जानकारी गराउँदा मैले प्रायः सबै स्टाफहरुलाई फोनबाटै सम्झाइबुझाइ गरी सोधपुछ गर्दा सबै स्टाफहरुले उषा राईको गल्ती देखाएपछि मैले उषा राईलाई फोन गरी सबै स्टाफहरुले तपाईको गल्ती देखाइरहेको छ, तपाईलाई यो क्याफेमा काम गर्न मन छैन भन्ने दर्शैंपछि अरु ठाँउमा काम खोज्नु म अर्को स्टाफ ल्याउछु भनेको थिए, म भोलि आई पुग्छु तपाईहरु अहिले राम्रोसँग काम गर्नुस् भनेको थिए। भोलि पल्ट अं. १२:०० बजेको समयमा क्याफेमा आई बास्तबिक के भएको रहेछ भनी पालैपालो स्टाफहरुलाई बोलाई सोधपुछ गर्ने क्रममा निज उषा राईले मलाई पेट दुखिरहेको छ म कोठा जान्छु भन्दा मैले निजलाई कोठा पठाइदिएको थिएँ। पठाउदा खेरी सारो गाह्रो भएमा फोन गर्नु भनी पठाएको थिए। बेलुकातर्फ निजले मलाई फोन गरी मलाई गाह्रो भइरहेको छ भनी जानकारी गराउँदा म निजको कोठामा गई साहुनीसमेतलाई कोठा खोल्न भन्दा नखोलेपछि म क्याफेतर्फ गएको थिए। राति अं. १० बजे सबै जनाले खाना खाई निज उषा राईकै साथी ईन्दिरा लिम्बुलाई उषाको लागि खाना लगिदिनु भनी पठाएकोमा निजले खाना लिई कोठामा गई ढोका खोल्न भन्दा नखोलेपछि निज ईन्दिराले मलाई फोन गरी सर उषाले ढोका खोलेन तपाई छिटो आउनु भन्दा म र साहुसमेत भई पुगी कोठाको ढोका खोल्न बोलाउँदा नबोलेपछि मलाई शंका लागि प्रहरीलाई फोन गरी बोलाउँदा प्रहरी आई ढोका फुटाई हेर्दा निज उषा राईले कोठाको सिलिङ्ग पंखामा झुन्डिएको अबस्थामा देखेको हुँ। त्यसपछि प्रहरीले निज मृतकको लास मुचुल्का गर्दा मेरो नामको **Suicide** नोट फेला परी र निजको बुबाले मेरो बिरुद्धमा किटानी जाहेरी दिएकोले मलाई तत्काल प्रहरीले पक्राउ गरी ल्याएको हो भनि अधिकार प्राप्त अधिकारीसमक्ष गरेको वयान कागज।

म बिगत करिव १५ वर्षदेखि बौवा होटल एण्ड लज संचालन गरी व्यापार गरी बस्दै आएकोमा मैले संचालन गरेको बौवा होटल एण्ड लजमा बिभिन्न किसिमको संघ संस्थालगायत बिभिन्न व्यक्तिहरु परिवारसहित होटेलमा आई खाने र बास बस्ने ग्राहकहरुलाई सेवा सुबिधा उपलब्ध गराउँदै आएकोमा हाल

सुनी थाहा पाएको जाहेरवाला श्रवण कुमार राईको छोरी उषा राई हाल पक्राउ परेको प्रतिवादी अजय कुमार मण्डलको कारण आत्महत्या गरेको भनि **suicide note** लेखि आत्महत्या गरेको र उक्त **suicide note** मा बौवा होटलमा लगी रातभरि सँगै राखिएको भन्ने लेखिएकोमा मैले संचालन गरेको वौवा होटलमा हाल पक्राउ परेका प्रतिवादी अजय कुमार मण्डल मिति २०७६।४।२८ गतेमा कोठा लिई निज अजय कुमार मण्डल र एक जना छोरी मान्छेसँगै उक्त कोठामा बसी भोलि पल्ट बिहान मिति २०७६।४।२९ गते उक्त कोठा छाडी गएका हुन्। उक्त राति निजहरुले एक बोतल पानी सादा खाना २ र एउटा रुमसमेत गरी रु. १३७०।– को बिल तिरेर गएका हुन् त्यसपश्चात् उक्त **suicide not** मा लेखिएअनुसार मिति २०७६।६।०२ गतेका दिन उषा राई भन्ने नामले २०५ नं. को कोठा (रुम) लिई बसेकोमा त्यसको केही समयपश्चात् एक जना छोरी मान्छे आई परिवार भनि इन्ट्री गरी उक्त राति पानी दुई बोतल, सादा खाना १ चिकेन खाना १ टुबर्ग बियर १ बदाम जुस १ र मटन तास १ रुमसहितको रु. २५४५/- को बिल बनाई राति दुबै जना उक्त २०५ नं. को कोठामा सँगै सुती भोलिपल्ट उक्त बिल बरावरको रकम तिरी निजहरु गएका हुन्। हाल यस कार्यालयमा उपस्थित भई पक्राउ परेका प्रतिवादी अजय कुमार मण्डललाई देखाउँदा हेरी निज प्रतिवादी अजय कुमार मण्डल नै मिति २०७६।४।२८ गते २०३ नं. को कोठा लिई राखी बसेको पछि हाल पक्राउ परेका प्रतिवादी अजय कुमार मण्डल आई बसेको थियो। हेरी चिन्ही सनाखतसमेत गरिदिए र मैले संचालन गरेको वौवा होटलमा आउने ग्राहकहरुको नाम इन्ट्री गरेको मिति २०७६।४।२८ गते इन्ट्री रजिष्टरको र बिलको प्रतिलिपि र मिति २०७६।६।२ गतेको इन्ट्री रजिष्ट्रको र बिलको प्रतिलिपि यसै कागज साथ पेश गरेको छु भनि खुलाई लेखाइदिएको दुर्गा श्रेष्ठको कागज।

मिति २०७६।०६।१५ गते दिन मेरो दैनिकी कामकाज गर्दै आएकोमा सोही दिन अ. १७:०० वजेको समयमा मेरो फलसम क्याफेका मेनेजर अजय मण्डलले मेरो क्याफेमा काम गर्ने वरिष्टा उषा राईको पेट दुखेकोले आराम गर्न मेनेजरले कोठा पठाइसकेपछि म आएको समयमा निज उषा राईलाई मेडिकल लिएर जाँउ भनी सोधपुछ गर्दा हुन्छ भन्दा निज अजय कुमार मण्डलले निज वरिष्टा उषा राईको कोठातिर गएको हो पछि उषा राईको कोठामा जाँदा निज उषा राईले ढोका नखोलेको कुरा सुनाउँदा अ. ७:०० वजेको समयमा म स्वयं गई मेरो घरभित्रको उषा राई सुत्ने कोठालाई ढक ढक गरी खोल्न आग्रह गर्दा निज उषा राई नवोल्दा मैले मनमनै विचार गरी सायद उषा राई वहिनी औषधी खाएर सुतेको हुनुपर्छ म सोही ठाँउवाट फर्की फलसम क्याफेतिर आई आफ्नो काममा व्यस्त भएको हुँ। पछि सोही राति अ. २१:०० वजेको समयमा मेरो क्याफेमा काम गर्ने ईन्दिरा लिम्वु वहिनीलाई डेरामा छाड्न भनी मेरो गाडीमा लिई वरिष्टा उषा राईको लागि समेत खाना लिन अनुरोध गरी निजलाई घर नजिकै छोडी पुनः क्याफेका अन्य वेटर वहिनीहरुलाई लिई मेरो घर कोठातिर फर्केको हुँ। फर्किने क्रममा ईन्दिरा लिम्वुले मलाई फोन गरी निज उषा राई दिदीले ढोका नखोलेको कुरा सुनाउँदा सोही समयमा उक्त मेरो घरभित्र रहेको छुट्टै फ्ल्याट प्रवेश गर्दा सोही ठाउमा ईन्दिरा लिम्वुलगायतका वहिनीहरु भेला भई ढोका खोलाउने प्रयास गर्दा भित्रवाट केही जवाफ नआइ गीत मात्र वजेको सुनी अव प्रहरीलाई जानकारी गराउनुपर्छ भनी मैले अजय कुमार मण्डललाई वोलाई निजलाई प्रहरीलाई फोन गर्न लगाएको हुँ। केही समयपश्चात् प्रहरीको भ्यानसहितको

टोली आई ढोका खोल्न खोज्दा ढोका नखोलेकोले ढोकामा हिर्काई ढोका खोल्दा निज वरिष्टा उषा राईले रातिको के कुन समयमा घरको सिलिङ्ग फ्यानको कडीमा केवल तार बाँधी घाँटीमा पासो लगाई मृत्यु भएको देखि सो राति अवेला भएकोले प्रहरीको निगरानीमा रातभरि लासलाई यथास्थितिमा छाडी पछि विहान अं.७:०० वजेको समयमा जिल्ला प्रहरी कार्यालय धनुषाको अनुसन्धान अधिकृतसमेतको टोली खटी आई लास जाँच प्रकृति मुचुल्काको कार्य सम्पन्न गरी पोष्टमार्टमको लागि जनकपुर अञ्चल अस्पताल, जनकपुरधाम पुऱ्याएको हो। उक्त लासजाँच प्रकृति मुचुल्का उठाउने क्रममा मृतक उषा राईको हाफ पेन्टवाट सुसाइड नोट थान-१, टेवुलमाथिवाट थान-१ र सोही व्यहोरा भएको उषा राईको (मोवाइल सक्रिनमा) सुसाइड नोट रहेको मोवाइल थान- १ प्रहरीले घटनास्थलमा रहेको देखि लिई गएको र उक्त सुसाइड नोटमा मेनेजर अजय कुमार मण्डलको नाम उल्लेख रहेको कुरा प्रहरीले थाहा पाई निज अजय कुमार मण्डललाई पक्राउ गरी लिएर गएको कुरा मलाई थाहा छ। उक्त उषा राई झुन्डी मृत्यु भएको घटना वारदातमा मेनेजर अजय मण्डल र उषा राईविच के कस्तो सम्वन्ध थियो भन्ने कुरा मलाई जानकारी भएन साथै निज अजय कुमार मण्डलको कारणले वा टर्चरले गर्दा निज उषा राई झुन्डिएको हो भन्ने सम्वन्धमा केही जानकारी नभएको हो। घटनास्थलवाट वरामद गरिएको उषा राईले सुसाइड नोटमा (अजय मेरो मेनेजरले मलाई तीन पटक बर्दिवासको बौवा होटल र जनकपुरको सुभम होटलसँगै राख्यो पछि काम छाडेर जा भन्दा जान्न भनेपछि काममा धेरै तनाव दिन थाल्यो। त्यसले गर्दा म मर्छु) लेखेको कुरा पछि थाहा पाएको हुँ भन्ने व्यहोराको अरुण प्रसाद कर्ण र विद्या कुमारीको कागज।

मिति २०७६।०६।१५ गते रातिको समयमा म आफ्नो घरमा थिएँ। मेरो घर घटनास्थल नजिकै पर्छ। मृतक उषा राई जि. धनुषा जनकपुर उप म.न.पा.वडा नं.२ स्थित अरुण प्रसाद कर्णको फलसन क्याफेमा काम गर्ने र निजको घरमा डेरा गरी वस्दै आएकोमा निज उषा राई मिति २०७६।०६।१६ गते राति अं.११:०० वजेको समयमा आफ्नै डेरा कोठामा झुन्डी मरेको कुरा सो को भोलि पल्ट विहानै टोलमा सुनी थाहा पाएको हो। निज मृतकको कोठावाट (अजय मेरो मेनेजरले मलाई तीन पटक बर्दिवासको बौवा होटल र जनकपुरको सुभम होटल सँगै राख्यो पछि काम छाडेर जा भन्दा जान्न भनेपछि काममा धेरै तनाव दिन थाल्यो। त्यसले गर्दा म मर्छु) व्यहोराको सुसाइड नोटसमेत प्रहरीले वरामद गरेको हो। निज मृतक काम गर्ने फलसम क्याफेको मेनेजर प्रतिवादी अजय कुमार मण्डलसँग निज मृतकको शारीरीक सम्वन्धमा रहेकोमा निज प्रतिवादी अजय कुमार मण्डलले मृतक उषा राईलाई मानसिक टर्चर गरी अत्महत्या गर्न दुरुत्साहन गरेकोले निज मृतक उषा राईले आफ्नो डेरा कोठामा छतको फलामको सिलिङ्गमा केवुल तारको पासो लगाई झुन्डी आत्महत्या गरेको कुरा सुनी थाहा पाएको हो भन्ने व्यहोराको सुरेश यादव, मो अदिल, मनिष कुमार पंजियार, रामु प्रसाद साह र जनार्दन भण्डारीले करिब एकै मिलानको छुट्टाछुट्टै व्यहोराको गरिदिएको कागज।

Cause of death: Asphyxia due to hanging भन्ने व्यहोराको मृतक उषा राईको शव परीक्षण प्रतिवेदन।

प्रतिवादी अजय कुमार मण्डलले गरेको उक्त कार्य मुलुकी अपराध संहिता २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको कसुर अपराध गरेको हुँदा निज प्रतिवादी अजय कुमार मण्डललाई ऐ. संहिताको दफा १८५ को उपदफा (२) बमोजिम सजाय हुन र ऐ. संहिताको दफा १८६ बमोजिम तथा अपराध

पीडित संरक्षण ऐन २०७५ को दफा ४१(३) बमोजिम निज प्रतिवादीबाट पीडित जाहेरवालालाई क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको अभियोगपत्र।

म उपरको जाहेरी व्यहोरा झुठा हो। म र मृतक दुवै जना एउटै होटेलमा काम गर्दछु। निजसँग मेरो शारीरिक सम्बन्ध छैन। निजलाई म सुमन होटेलमा समेत लिएर गएको छैन। म विवाहित पुरुष छु। मेरो श्रीमती कलैयामा काम गर्छ। त्यहाँवाट रक्षा बन्धनको बेलामा कलैयावाट पूर्व जाने बस चढी आउँदै ढिलो भएपछि खाना खाएर उक्त दिन म र मेरो श्रीमती दुवै जना भई बौवा होटेल लालगढ मै बास बसेको थिए। निजले किन आत्महत्या गरिन् सो बारेमा मलाई थाहा भएन मेरो उपरको अभियोग दावी झुठा हो। त्यही भएर प्रस्तुत मुद्दामा मलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी अजय कुमार मण्डलले यस अदालतमा गरेको वयान।

यस अदालतका आदेशानुसार जाहेरवाला श्रवण कुमार राई प्रतिवादीका अजय कुमार मण्डलका साक्षी सरोज पासवान, रितेश कर्णसमेतले गरेको वकपत्र मिसिल सामेल रहेको

अदालतको ठहर

नियमवमोजिम पेशी सुचीमा चढी इजलाससमक्ष पेश भएको मुद्दामा वादी नेपाल सरकारको तर्फवाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री शान्ति प्रसाद वराल र प्रतिवादीका तर्फवाट रहनु भएका विद्वान अधिवक्ता श्री अचुतम आचार्यले गर्नुभएको तर्कपूर्ण बहस सुनी मिसिल कागजात अध्ययन गरियो।

अब यसमा प्रतिवादीले अभियोग दावीबमोजिमको कसुर गरेको हो होइन? निज प्रतिवादीलाई अभियोग मागदावीबमोजिम सजाय हुनुपर्ने हो वा होइन ? सोही विषयमा निर्णय दिनुपर्ने आयो।

निर्णयतर्फ विचार गर्दा, प्रतिवादीउपर मुलुकी अपराध संहिता २०७४ को दफा १८५(१) को कसुरमा सोही संहिताको दफा १८५(२) बमोजिम सजायको मागदावी लिई अभियोगपत्र दायर भएको देखिन्छ। घटनास्थल मुचुल्कामा उषा राई झुन्डी मृत अवस्थामा रहेको विस्तारामाथि रहेको टेवुलको मुनि फलेकमाथि क्याप्टेन चुरोटको वट्टाभित्र २ वटा चुरोट र ग्यास लाइटर रही सोहीनिर वारेण्टी कार्ड कागजको टुक्रामा "अजय मेरो मेनेजरले मलाई तीन पटक वर्दिवासको बौवा होटेल र जनकपुरको शुभम् होटेलमा सँगै राख्यो पछि काम छाडेर जा भन्दा जान्न भनेपछि काममा धरै तनाव दिन थाल्यो त्यसैले गर्दा म मर्छु" भनी लेखेको सुसाइड नोट फेला परेको र मृतकले लगाएको कटुको दाहिने खल्तीमा "त्यसको कारण म बाँच्न सक्दिन" भनी लेखिएको बाक्लो कागजको टुक्रा फेला परेको भन्ने देखिन्छ। मृतकले लेखेको सुसाइड नोट र निजको कपिमा रहेको हस्तलिपि परीक्षण गर्दा उक्त सुसाइड नोट मृतकले लेखेको भन्ने परीक्षण प्रतिवेदनवाट देखिएको छ।

अब मुलुकी अपराध संहिता २०७४ को दफा १८५(१) ले गरेको कानुनी व्यवस्थालाई हेर्नुपर्ने देखियो। उक्त दफा १८५ (१) ले ***कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्नेसम्मको परिस्थिति खडा गर्न वा गराउन हुँदैन*** भन्ने व्यवस्था गरेको देखिन्छ। के कस्तो कार्यलाई दुरुत्साहन दिएको भन्ने तर्फ मुलुकी अपराध संहिताको दफा ३५(२) ले गरेको परिभाषा हेर्नुपर्ने हुन्छ। उक्त दफा ३५(२) ले ***कसैले कसैलाई कुनै कसुर गर्न उक्साएमा निजले दुरुत्साहन दिएको मानिने छ*** भन्ने व्यवस्था

गरेवाट दफा १८५(१) मा प्रयुक्त भएको दुरुत्साहन शब्दको व्याख्या हाम्रो सन्दर्भमा दफा ३५(२) मा प्रयुक्त ***उक्साएमा*** भन्ने शब्दको आधारमा गर्नुपर्ने देखिन्छ।

मुलुकी अपराध संहिता २०७४ को दफा १८५(१) ले गरेको आत्महत्या गर्न दुरुत्साहन दिन नहुने कसुर हाम्रो फौजदारी कानुनमा सर्वथा नौलो प्रकृतिको कसुर भएकोले मिसिल संलग्न तथ्य र प्रमाणको विवेचना गर्नु पूर्व हाम्रो न्यायिक अभ्यास नरहेको प्रस्तुत कसुरको हकमा अन्य मुलुकले आत्महत्या गर्न दुरुत्साहन दिन नहुने कसुर कायम गर्न के कस्ता आवश्यक तत्वहरु अनिवार्य रुपमा स्थापित हुनुपर्ने अवधारणागत पक्षलाई स्वीकार गरेको छ सो तर्फ पनि विचार गर्नुपर्ने देखिन आयो। सो तर्फ विचार गर्दा भारतीय दण्ड विधान १८६० को दफा ३०६ ले abetment of suicide लाई कसुरको रुपमा परिभाषित गरेको देखिन्छ। भारतीय दण्ड विधानले गरेको कानुनी व्यवस्था र हाम्रो कानुनी व्यवस्थाविच समानता रहेकोले भारतीय न्यायिक अभ्यासलाई दृष्टान्तको रुपमा लिन मिल्ने देखिन आयो।

भारतीय सर्वोच्च अदालतले दफा ३०६ को कसुर कायम हुन चाहिने आवश्यक तत्वको सम्बन्धमा Ramesh kumar v state of Chhattisgarh[1], को मुद्दामा यस प्रकार बोलेको पाइन्छ।

"It was held that where the accused by its acts or by a continued course of conduct creates such circumstances that the deceased was left with no other option but to commit suicide, an instigation may be inferred. In other words, in order to prove that the accused abetted commission of suicide by a person, it has to be established that-

(a) the accused kept on irritating or annoying the deceased by words, deeds or willful omission or conduct which may even be a willful silence until the deceased reacted or pushed or forced the deceased by his deeds, words or willful omission or conduct to make deceased move forward more quickly in a forward direction, and

(b) That the accused had the intention to provoke, urge or encourage the deceased to commit suicide while acting in the manner noted above. Undoubtedly, presence of ***mens rea*** is necessary concomitant of instigation."

यसैगरी M. Mohan v state, Represented by the Deputy Superintendent of Police[2] भएको मुद्दामा भारतीय सर्वोच्च अदालतले प्रतिबादीको मनसाय र प्रत्यक्ष कार्य आवश्यक हुने भन्दै यस प्रकार बोलेको पाइन्छ।

"Abetment involves a mental process of instigating a person or intentionally aiding a person in doing a thing. Without a positive act on the part of the accused to instigate or aid in committing suicide, conviction cannot be sustained."

यसै गरी Amalendu pal v State of WB[3] भएको मुद्दामा तथ्य र परिस्थितिको शुक्ष्म विश्लेषण गरी प्रतिबादीले मृतकलाई कुन हदसम्मको निर्दयी व्यवहार गरेको रहेछ जसले गर्दा मृतकले आत्महत्या गर्नु बाहेकको विकल्प थिएन भनी मूल्यांकन गरिनुपर्ने र प्रतिबादीको मृतकलाई उक्साउने कार्यमा खेलेको भुमिकालाई पनि विचार गर्नुपर्ने भन्दै यस प्रकार बोलेको पाइन्छ।

"Before hold in an accused guilty of an offence under section 306 of the Indian Penal Code 1860 the Court must scrupulously examine the facts and circumstances of the case and also assess the evidence adduced before it in order to find out whether the cruelty and harassment meted out to victim had left

---

[1] Ramesh kumar v state of Chhattisgarh, 2001(9) SCC618:2001 CrLJ 4724. Cited from: Ratanlal & Dhirajlal, the Indian Penal Code, 34th ed. Vol.2,2018, p. 2075

[2] M.Mohan v state, Represented by the Deputy Superintendent of Police , (2011) 3 SCC 626: 2011(3) SCALE 78: AIR 2011SC1238:2011CrLJ1900, Cited from: supra note 1

[3] Amalendu pal v State of WB, (2010) 1 scc 707,712 (para 12 and 13) , Ibid, pp2078-2079.

the victim with no other alternative but to put an end to her life. In cases of alleged abetment of suicide there must be proof of direct or indirect acts of incitement to the commission of suicide. Merely on the allegation of harassment without there being any positive action proximate to the time of occurrence on the part of accused which led or compelled the person to commit suicide, conviction in terms of section 306 IPC is not sustained. In order to bring home a case within the purview of section 306 IPC there must be a case of suicide and in the commission of said offence, the person who is said to have abetted the commission of suicide must have played on active role by an act of instigation or by doing certain act to facilitate the commission of suicide."

यसरी माथि उल्लिखित सैद्धान्तिक अवधारणाको परिप्रेक्ष्यमा हेर्दा प्रतिवादीले आफूले गरेको कार्यवाट मृतकले आत्महत्या गर्छ भन्ने मनसाय राखी मृतकलाई आत्महत्या गर्न उक्साएको वा त्यस्तो परिस्थितिको सिर्जना गरेको देखिनुपर्छ। प्रतिवादीले मनसायपूर्वक गरेको कार्यवाट सिर्जित परिस्थितिको कारण मृतकले आत्महत्या गर्नु सिवाय अन्य कुनै विकल्प नरहेको (last option) भन्ने देखिनुपर्ने हुन्छ। यसैगरी प्रतिवादीको कार्य कारण र मृतकले आत्महत्या गर्ने अवधिविच तादात्म्यता एवं नजिकको सम्बन्ध पनि देखिनुपर्ने हुन्छ। बस्तुतः आत्महत्याको दुरुत्साहनको कसुर स्थापित हुन कसैले मृतकलाई आत्महत्या गर्न उक्साएको वा वाध्यात्मक परिस्थिति सिर्जना गरेको, निजको कार्यको परिणामस्वरुप मृतकले आत्महत्या गर्छ भन्ने परिस्थितिप्रतिको जानकार रही मनसायपूर्वक मृतकलाई आत्महत्या गर्न उक्साएको वा त्यस्तो परिस्थिति सिर्जना गरेको र मृतकको आत्महत्या गर्नु वाहेक अन्य विकल्प नरहेको जस्ता तत्वहरु स्थापित हुनुपर्ने देखिन आयो।

अब मिसिल संलग्न तथ्य र परिस्थितिप्रति विचार गर्दा. घटनास्थलवाट वरामद भएको मृतकले लेखेको सुसाइड नोटमा प्रतिवादीले कहिले देखि के कुन विषयलाई लिएर तनावग्रस्त वनाई आत्महत्या गर्ने परिस्थिति सिर्जना गऱ्यो भन्ने विस्तृत व्यहोरा उल्लेख नभएको सन्दर्भमा मिसिल संलग्न प्रमाण कागजातवाट प्रतिवादीले मृतकलाई आत्महत्या गर्न दुरुत्साहन गरेको वा त्यस्तो काम गर्नेसम्मको परिस्थिति खडा गरेको रहेछ वा रहेनछ भन्ने तर्फ विचार गर्नुपर्ने देखिन आयो।

मृतकको वुवाले दिएको जाहेरी दरखास्तमा मृतक वैदेशिक रोजगारमा कतारमा वस्दा झापा घर भएको धमेन्द्र खवाससँग विवाह गरी कतारवाट फर्केर आएपछि साथीहरुसँग जनकपुरको फलसम क्याफेमा काम गर्दै आएकीमा २०७६/६/१९ गते राति अं.११:०० बजे आफू वस्ने डेरा कोठामा आत्महत्या गरेको कुरा टेलिफोनवाट जानकारी पाएको र जनकपुर आई बुझ्दा क्याफेको मेनेजर अजय कुमार मण्डलको यौन शोषण गरेको र मानसिक तनाव दिएको कारण वाध्य भएर आत्महत्या गरेको बुझिन आएको भन्ने उल्लेख गरेको देखिन्छ। जाहेरवालाको अदालतको वकपत्रमा फलसन क्याफेका मेनेजर अजय कुमार मण्डलले आत्महत्या गर्न दुरुसाहन गर्दा मेरो छोरीले बाध्य भएर आत्महत्या गरेको र सो कुरा मेरो छोरीले लेखेको कागज तथा मानिससँग वुझ्दा थाहा पाएको भन्ने उल्लेख भएको देखिन्छ। जाहेरवालाको जाहेरी दरखास्त एवं अदालतको वकपत्रसमेतवाट मृतकले जाहेरवाला वुवालाई प्रतिवादीले यौन शोषण गरेको र मानसिक तनाव दिएको भन्ने कुरा वताउदै आएकी थिइन् भन्ने देखिँदैन। मृतकलाई प्रतिवादीले मानसिक तनाव दिएको भए आफ्नो जन्म दिन सबैभन्दा नजिकको वुवा नाताका जाहेरवालालाई जानकारी गराउनुपर्नेमा सो तथ्य जाहेरवालाको जाहेरी व्यहोरा र वकपत्रवाट खुलिआएको देखिँदैन।

मृतकसँग क्याफेमा काग गर्ने मनिषा ताजपुरिया इन्द्रिरा लिम्वुको मौकाको कागजवाट प्रतिवादीले मृतकलाई मानसिक तनाव दिँदैआएको परिस्थिति देखिएको छैन। मनिषा ताजपुरियाले मौकामा कागज गर्दा मिति २०७६/६/१६ गते अं.१६.३० बजे उषा राईले म विरामी छु। महिनावारी भएकोले भित्री पेट दुखिरहेको छ। कोठा जान्छु। मेनेजर सरलाई भनिदेउ भन्दा मैले मेनेजर सरलाई उषा दिदी विरामी हुनुभयो कोठा जान्छु भनी राख्नुभएको छ भन्दा मेनेजर अजय कुमार मण्डलले पठाइदेउ भनेको तथ्य उल्लेख गरेको देखिन्छ। मौकामा कागज गर्ने अरुण प्रसाद कर्ण र विधा कुमारीको कागजवाट उषा दिदीले ढोका नखोलेको कुरा इन्दिरा लिम्बुले सुनाएपछि सो ठाउमा गई ढोका खुलाउन प्रयास गर्दा भित्रवाट केही जवाफ नआई गीत मात्र बजेको सुनी मैले अजय कुमार मण्डललाई बोलाई प्रहरीलाई फोन गर्न लगाएको तथ्य उल्लेख गरेको देखिन्छ। घटनास्थल प्रकृति मुचुल्कामा प्रतिवादी रोहवरमा बसेको देखिँदा यी प्रतिबादी तत्कालै घटनास्थलमा पुगी प्रहरीलाई खबर गरेको भन्ने मौका कागज गर्ने व्यक्तिहरुको भनाई अन्यथा देखिएन। प्रतिवादीले मृतकलाई मानसिक तनाव दिएको वा कुनै प्रलोभन वा विश्वासमा पारी यौन सम्पर्क गरी मृतकप्रति फरक व्यवहार गरेको भए एउटै क्याफेमा काम गर्ने एकै क्याफेमा रहने आफ्ना साथीलाई उक्त कुराहरु वताउनुपर्नेमा त्यस्तो अवस्था देखिँदैन भने मौकाको कागज गर्ने व्यक्तिहरुले मृतक मानसिक तनावमा रहेको कुरा खुलाएको पाइदैन। मृतकलाई प्रतिबादीले तनाव दिएको भए पनि क्याफेमा नोकरी गर्ने मृतकले सो क्याफे छाडी अन्तै काम खोज्न नसक्ने र उक्त क्याफेमा नै तनाव सहेर काम गर्नुपर्ने बाध्यात्मक अवस्था मिसिलबाट देखिएको छैन।

प्रतिवादीले अदालतमा मृतकसँग कुनै शारिरिक सम्पर्क नभएको भनी वयान गरे पनि अधिकार प्राप्त अधिकारीसमक्षको वयानमा वौवा होटेलमा राति सँगै वसी सल्लाहमा शारीरिक सम्पर्क भएको हो भनी लेखाएको पाइन्छ। प्रतिवादीको वयानवाट सहमतिमा शारीरिक सम्पर्क भएकोसम्म देखिन्छ। प्रतिवादी र मृतकविच भएको शरीरिक सम्पर्कवाट कुनै अनिच्छित परिणाम आई सो परिणाम प्रतिवादीले स्वीकार नगरेको कारण मृतकले कुनै सामाजिक लाल्छाना बेहोर्नु परेको कारण मृतक मानसिक तनावमा परेको भन्ने परिस्थिति पनि देखिएको छैन। यसरी मिसिल संलग्न कागजातवाट देखिएको परिस्थितिको विश्लेषणवाट मृतक प्रतिवादीवाट सिर्जना गरिएको यो यस्तो परिस्थितिको कारण आत्महत्या गर्न पुगिन् भन्ने पुष्टि हुने आधार देखिएन।

यसको अतिरिक्त प्रतिबादीले अधिकार प्राप्त अधिकारीसमक्षको बयानमा मिति २०७६।०६।१६ गतेका दिन मलाई स्टाफ कुलदिप साहले फोन गरी सर तपाई कहिले आउने क्याफेमा ग्राहकको अगाडि स्टाफहरुले झै-झगडा गरी बबाल मचाइसक्यो भनी फोनमा जानकारी गराउँदा मैले प्रायः सबै स्टाफहरुलाई फोनबाटै सम्झाइबुझाइ गरी सोधपुछ गर्दा सबै स्टाफहरुले उषा राईको गल्ती देखाएपछि मैले उषा राईलाई फोन गरी सबै स्टाफहरुले तपाईको गल्ती देखाइरहेको छ, तपाईलाई यो क्याफेमा काम गर्न मन छैन भन्ने दर्शैंपछि अरु ठाँउमा काम खोज्नु म अर्को स्टाफ ल्याउछु भनेको थिए भन्ने तथ्यको सन्दर्भलाई विचार गर्दा प्रतिबादी उक्त क्याफेको मेनेजर भएको हैसियतले मृतकलाई सम्झाउनुलाई प्रतिबादीले मृतकलाई अस्वभाविक र अवान्छित व्यवहार गरेको अर्थबोध गरी सो एक दिनको कार्यले मृतकलाई

आत्महत्या गर्नुपर्नेसम्मको अवस्था सिर्जना गऱ्यो होला भनी अनुमान गर्नु सान्दर्भिक र मनासिव देखिन आएन।

अतः माथि गरिएको विश्लेषणवाट प्रतिवादीले मृतकलाई आत्महत्या गरोस् भन्ने मनसाय राखी उक्साएको वा त्यस्तो वाध्यात्मक परिस्थिति सिर्जना गरेको जसको कारण मृतकले आत्महत्या गर्नु सिवाय अन्य कुनै विकल्प नरहेको अवस्था बादी नेपाल सरकारले पुष्टि गर्न नसकेको यस अवस्थामा केवल मृतकले प्रतिबादीले तनाव दिएको कारण आत्महत्या गर्दैछु भनी लेखेको तर प्रतिवादीले आफूलाई कहिले देखि के कस्तो मानसिक तनाव दियो भन्ने विवरण नखुली अन्य परिस्थितिजन्य प्रमाणबाट सम्पुष्टि नभएको suicide note लाई मात्र आधार मानी कसुर स्थापित गरी प्रतिवादीलाई सजाय गर्नु न्यायोचित नदेखिएकोले प्रतिवादी अजय कुमार मण्डलले आरोपित कसुरवाट सफाइ पाउने ठहर्छ। वादी नेपाल सरकारको अभियोग दावी पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १३१ बमोजिम फैसला गरिदिएको छ।

तपसिल

१. माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी अजय कुमार मण्डल अभियोग दावीवाट सफाइ पाउने ठहरी यस अदालतको मिति २०७६।८।११ को च.नं.७६१२ को पत्रले थुना मुक्त भएको हुँदा केही गरिरहनु परेन।

२. यस इन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री उच्च अदालत, जनकपुरमा पुनरावेदन गर्न जानु भनी फैसलाको प्रतिलिपिसहित पुनरावेदनको म्याद जिल्ला सरकारी वकिल कार्यालय, धनुषामा पठाइदिनु।

३. सरोकारवालाले नक्कल मागे कानुनबमोजिम लाग्ने दस्तुर लिई नक्कल सारी सराइदिनु।

४. प्रस्तुत फैसलाको विद्युतीय प्रति श्री सर्वोच्च अदालतको वेबसाइटमा रहने गरी अपलोड गर्नु।

५. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख संरक्षण फाँटमा बुझाइदिनु।

जिल्ला न्यायाधीशज्युले बोली टिपाउनु भएवमोजिम कम्प्युटर टाइप गर्नेः
क.अ. कृष्णा कुमार महतो
फाँट ना.सु :- सुजन बि.सी.

(जिल्ला न्यायाधीश)

ईति सम्वत २०७६ साल मंसिर ११ गते रोज ४ शुभम्.....
प्रमाणीकरण मिति :- .....

श्री

दाङ देउखुरी जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री रितेन्द्र थापा

फैसला

सम्वत २०७६ सालको स.फौ.नं...७३-०७६-००९६९(०७६-C१-०२०१)

नि.नं.-७०/७

मुद्दाः– आत्महत्या गर्नुपर्नेसम्मको परिस्थिति खडा गरेको।

वादी

जिल्ला दाङ घोराही उपमहानगरपालिका वडा नं.१ बस्ने वर्ष ४४ को केशवराज पाण्डेको जाहेरीले नेपाल सरकार.....१

साक्षी

जाहेरवाला केशवराज पाण्डे, ज्वाला पौडेल

कागज

जाहेरी दरखास्त, घटनास्थल लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदनसमेत

प्रतिवादी

भिमकान्त घिमिरेको नाति दिवाकर घिमिरेको छोरा जिल्ला दाङ तुलसीपुर उपमहानगरपालिका वडा नं.१८ हेमन्तापुर बस्ने वर्ष ३८ को भरतराज घिमिरे.....१

भिमकान्त खनालको नातिनी बेदराज खनालको छोरी ऐ.ऐ. बस्ने वर्ष ३१ को भिमा घिमिरे.....१

लोक प्रसाद घिमिरेको छोरी दिवाकर घिमिरेको श्रीमती ऐ.ऐ. बस्ने वर्ष ६५ की डल्ली घिमिरे.....१

साक्षी

थुमा पोखेल, बालिका अधिकारी

कागज

×

अदालतबाट बुझेको

साक्षी

जाहेरवाला केशवराज पाण्डे, ज्वाला पौडेल, थुमा पोखेल, बालिका अधिकारी

कागज

न्याय प्रशासन ऐन, २०७३ को दफा ७(१) तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः

१. घटनास्थल तथा लास जाँच मुचुल्काः

तुलसीपुर उपमहानगरपालिका वडा नं.१८ हेमन्तपुर स्थित भरतराज घिमिरेको नर्सरीभित्र जिङ्गटको रुखको दक्षिणतर्फ फर्केको हाँगामा रातो सलको डोरीले घाँटीमा पासो लगाइ रेशमा घिमिरेको मृत लास रहेको, लासदेखि ४ फिट उत्तरतर्फ बाँया खुट्टाको लेडिज प्लाष्टिकको रातो रंगको चप्पल र ५ फिट २ इन्च टाढा दाहिने खुट्टाको चप्पल रहेको, लासको खुट्टाले भुईंमा छोएको अवस्थामा रहेको,

मृतक लासको कपाल जिरिङ्ग अवस्थामा रहेको, दाहिने गालामा काटेको जस्तो खत रहेको, योनीबाट रगत जस्तो रातो पदार्थ निस्केको भन्ने घटनास्थल लास जाँच मुचुल्का।

२. केशवराज पाण्डेले दिएको जाहेरी दरखास्तः

मेरो बहिनी रेशमा घिमिरे २०६६ सालमा प्रतिवादी भरतराज घिमिरेसँग विवाह भई केही समयसम्म लोग्ने स्वास्नीको सम्बन्ध राम्रै थियो। पछि २०६७ सालमा छोरीको जन्म भएपछि बहिनीले विवाह दर्ता, नागरिकता र छोरीको जन्म दर्ता गरिदिनुभन्दा सो नगराई प्रतिवादी भरतराज घिमिरेले मादक पदार्थ सेवन गरी बहिनीलाई गालीगलौज कुटपिट गरी शारीरिक तथा मानसिक यातना दिँदैआएका थिए। बहिनीले माइतमा आएको समयमा उक्त कुरा म लगायत साबित्रा पाण्डे, कविता पाण्डेलाई समेत भन्ने गर्दथिन्। यस्तैमा अन्यायी भरतराज घिमिरेले शारीरिक तथा मानसिक यातना दिई घरमा बस्न नदिएपछि मेरो बहिनी २०७६ साल असार महिनादेखि प्रतिवादीकै घर नजिक रहेको गोठमा एक्लै बस्दै आएकी थिइन्। भान्जी (मृतकको छोरी) लाई पनि आमासँग बस्न नदिएकोले बहिनी बिक्षिप्त अवस्थामा रहेपछि हामी माइती पक्षले नै निजको लालनपालन र आवश्यक सहयोग गर्दैआएका थियौं। २०७६।०८।२३ गते अन्यायीले मेरो बहिनीलाई गालीगलौज तथा कुटपिट गरी मानसिक एवं शारीरिक यातना दिए भनी जानकारी गराएकी थिइन्। हामीले नआत्तेउ कानुनी प्रकृयाबाट केही टुङ्गो लाग्ला भनि जवाफ दिएका थियौं। सोही क्रममा २०७६।८।२४ गते अं.१५:०० बजे प्रतिवादीका दाई केशव घिमिरेले फोन गरी तपाईको बहिनी झुन्डी आत्महत्या गरेकी छिन् भनी जानकारी गराएपछि तत्कालै म समेतका माइती आफन्तहरु वारदातस्थानमा आई हेर्दा विपक्षीले शारीरिक यातना दिई कुटपिट गरेको, अनुहारमा चोट देखिएको टाउकोलगायत सुइटरमा कुरोको झार लागेको, शरीरमा पूराना दागी धब्बाहरु देखिएकोले बहिनीलाई प्रतिवादी भरतराज घिमिरेले मानसिक यातना दिँदैआएको र वारदात पूर्व लछारपछार गरी कुटपिट गरी आत्महत्या गर्नेसम्मको परिस्थिति सिर्जना गरेकोमा पूर्ण विश्वास लागेको र बहिनी रेशमा घिमिरेको आँखा धेरै कमजोर भएकोले पावरवाला चस्मा बिना बाहिर भित्र गर्न सक्दैनथिन् तर वारदातस्थानमा निजले लगाउने गरेको चस्मा फेला नपरेकाले निज प्रतिवादीले मेरो बहिनीलाई मानसिक तथा शारीरिक यातना दिई आत्महत्या गर्नेसम्मको अवस्था सिर्जना गरेको र यसमा अरू कसैको संलग्नता रहेको खुल्न आएमा पछि छुट्टै पुरक जाहेरी दिने नै छु भन्ने केशवराज पाण्डेको जाहेरी दरखास्त।

३. मृतक रेशमा घिमिरेको शव परीक्षण प्रतिवेदनः

External Examination:

Injuries:

a) Single ligature mark brownish color deeply furrowed parchmentized present over anterior aspect of Upper art of Neck above thyroid cartilage, extending upward and backward incompletely encircling the neck measuring 19.5cm ×2.5 cm in diameter, Interiorly 7 cm below and medial to right mastoid bone and posterior to nape of neck

b) Single Reddish brown abrasion injury over right side of face measuring 2.5 cm×0.5 cm, 2cm below lateral can thus of right eye.

c) Single Reddish brown abrasion injury over right side of face measuring 1.5 cm ×0.3 cm, 2cm lateral from right angle of mouth.

d) Two reddish brown contused abrasion 1 cm apart over right lower jaw region, Measuring 1.5cm×1cm and 1.5cm×1cm.
e) Single bluish contusion in left leg measuring 4.5cn×3cm, 18 cm below knee joint and 10 cm above ankle joint.
f) Single bluish contused-abrasion in left leg measuring 7.5cm×2.5cm, 13 cm below knee joint and 14 cm above ankle joint.
g) Single bluish contusion in left leg measuring 3.5cm×2.5cm, 10.5 cm below knee joint and 20 cm above ankle joint.
h) Single bluish contusion in Right leg measuring 4.5cm×2cm, 12.5cm below knee joint and 15 cm above ankle joint.
i) Single bluish contusion in Right leg measuring 1cm×2cm, 9 cm below knee joint and 21 cm above ankle joint.

Neck dissection:

Subcutaneous tissue under the ligature mark is dry, white, firm and glistening. The laryngeal cartilages are intact. There is reddish brown contusion over lower end of sternocleidomastoid muscle. Platysma, and other neck muscle show no hemorrhages. The hyoid bone is free from fracture. There is no laryngeal edema. The tongue bears no signs of injury.

Opinion Cause of death:

The injuries sustained over face and both legs are insufficient to cause death. There are no other findings to cause death on internal examination so the **cause of death is Hanging according to postmortem findings.**

Other Opinion: The injuries sustained over face and both leg are suggestive that injury are before death or during the time of death and the injury is cause by blunt force trauma. भन्ने मृतक रेशमा घिमिरेको शब परीक्षण प्रतिवेदन।

४. घटनास्थल मुचुल्काः

२०७६/०८/२५ गते दिउँसो अं.१५:०० बजे झुन्डी मृत्यु भएको घटनास्थल पुनःअनुसन्धान गर्ने क्रममा उक्त जिङ्गटको रुख जमिन सतहदेखि काटी नष्ट गरेको, सो सम्बन्धमा बुझ्दा उक्त रुख २०७६/०८/२५ गते दिउँसो अं.१६:३० बजे प्रतिवादी भरतराज घिमिरेको भान्जा शरद भट्टराई, पदम शर्मा र भाउजु भिमा घिमिरेले काटी नष्ट गरेको भन्ने घटनास्थल मुचुल्का।

५. केशवराज पाण्डेले दिएको पुरक जाहेरी दरखास्तः

मैले २०७६।०८।२५ गते भरतराज घिमिरेउपर जाहेरी दरखास्त दिई अनुसन्धान भइरहेको अवस्थामा मेरो बहिनी रेशमा घिमिरेको सासु डल्ली घिमिरे र जेठानी भिमा घिमिरेले समेत मृतकलाई गालीगलौज कुटपिट गर्ने खान नदिने शारीरिक तथा मानसिक यातना दिँदै घरबाट निकाली निजहरुकै गोठमा बस्न बाध्य बनाइ बहिनी गोठमा बसी जिबिका चलाउँदै आइरहेकोमा निज प्रतिवादी भरतराज घिमिरे, डल्ली घिमिरे र भिमा घिमिरेले पटक पटक गोठमा गई मेरी बहिनीलाई गालीगलौज तथा कुटपिट गरेको र मिति २०७६।०८।२३ गते साँझ पनि निजहरुले मृतक रेशमा घिमिरेलाई गालीगलौज कुटपिट गरी शारीरिक मानसिक यातना दिएकोले सोही यातनाका कारण बहिनीले झुन्डी

आत्महत्या गरेकोले निज प्रतिवादीहरूलाई कानुनबमोजिम कारबाही गरिपाउँ भन्ने केशवराज पाण्डेको पुरक जाहेरी दरखास्त।

६. प्रतिवादी भरतराज घिमिरले अनुसन्धानको क्रममा गरेको वयानः

मेरो र मृतकको बिवाहपछि म बैदेशिक रोजगारको सिलसिलामा बिदेशतिर आउने जाने गर्ने गर्दथे र चार (४) बर्ष अगाडिदेखि म बिदेशबाट फर्की हाल घरमा बस्दै आइरहेको छु। म बिदेशबाट घरमा आउँदा हाल मृतक रेशमा घिमिरेले फोनमा बाहिर केटाहरुसँग अश्लिल कुराकानी गर्ने गरेको सुनेपछि मैले शंका मानी निजसँग बादबिवाद झै-झगडा हुँदै आइरहेको थियो। निजले मेरो कुराको वास्ता नगरी बाहिर बाहिर कुराकानी गरी राख्ने गरेकाले मलाई रिस उठी मैले मादक पदार्थ रक्सी सेवन गरी घरमा आई मृतकसँग झै-झगडा गरी कुटपिट गर्ने गरेको थिए। हामीहरुको झगडा हुँदा आमा डल्ली घिमिरे र भाउजु भिमा घिमिरेले समेत मृतक रेशमा घिमिरेलाई सम्झाइ बुझाइ गर्ने क्रममा सामान्य गाली गर्नु हुन्थ्यो। सोही बिषयलाई लिएर दिन प्रतिदिन झै झगडा बढ्न थालेपछि मैले निजलाई मेरै गोठमा बस्न पठाइ म आमा, दाई भाउजुहरुसँग बस्दै आइरहेको थिए। छोरी सुरक्षा घिमिरे पनि हामीसँगै बस्दै आइरहेकी थिइन्। निजले श्रीमानले कुटपिट गरेको भनी तुलसीपुर उपमहानगरपालिकाको न्यायिक समितिमा निवेदन दिएपछि म समेत घर परिवार आई छलफल हुँदा हाल मृतक रेशमा घिमिरेले मेरो बिवाह दर्ता तथा नागरिकता बनाइ दिनुहोस् भन्दा मैले मसँग बस्दैन भने म नागरिकता तथा बिवाह दर्ता पनि बनाइ दिँदैन भनेकोले न्यायिक समितिले अर्को दिन छलफल राखेको थियो। उक्त छलफल नहुँदै मिति २०७६/०८/२४ गते हाल मृतक रेशमा घिमिरेले झुन्डी आत्महत्या गरेकी हुन्। मिति २०७६।८।२३ गते मेरो र मृतक रेशमा घिमिरेको कुनै झैझगडा भएको होइन। ७/८ दिनअगाडि घरमा म एक्लै भएको बेला निज रेशमा घिमिरे घरमा आई मिलेर बसौं भनी मलाई शारीरिक सम्पर्क राख्न भनेपछि मैले निजसँग शारीरिक सम्पर्क राखेको हुँ। बारदात हुनुभन्दा केही दिनपहिला निजले मेरो मोबाइलमा फोन गरेकी थिइन्। मैले निजको आवाज सुनी फोन काटिदिएको थिए। निजको आँखा कमजोर भएकाले चस्मा लगाउथिन्, उक्त दिन चस्मा कहाँ राखिन् मलाई थाहा भएन भन्ने प्रतिवादी भरतराज घिमिरेले अनुसन्धानको क्रममा गरेको वयान।

७. प्रतिवादी भरतराज घिमिरेले अनुसन्धानको क्रममा गरेको ततिम्बा वयानः

हाल मृतक रेशमा घिमिरे सुत्ने कोठामा रहेको दराजबाट बरामद भएको G.F.W. लेखेको प्याकभित्र रहेको चस्माको ग्लास थान २ निजले बाहिर जाँदा लगाउने चस्माको ग्लास हो र POLICE लेखेको कालो रंगको खोलभित्र रहेको बायाँतर्फको लेन्स फुटेको चस्मा थान १ निजले घरमा बस्दा प्रयोग गर्ने चस्मा हो। मृतक बस्ने गरेको गोठको अर्को कोठामा गाईवस्तु बाँध्ने र अन्नपातसमेत राख्ने गरेकाले २०७६।८।२२ गते दिउँसो १३:३० बजे म मकै लिन भनी उक्त गोठमा जाँदा मृतक रेशमा घिमिरेले मसँग निहुँ खोजी झगडा गर्न थालेकाले मैले निजलाई कुटपिट गरेको हुँ। सो कुटपिट गर्दा निजले लगाएको उक्त चस्माको सिसा फुटेको हो भन्ने प्रतिवादी भरतराज घिमिरेले अनुसन्धानमा गरेको ततिम्बा वयान।

८. सुन्तला योगी, बसन्ता डाँगीसमेतले अनुसन्धानमा गरेको घटना विवरण कागजः

प्रतिवादी भरतराज घिमिरे, डल्ली घिमिरे र भिमा घिमिरेले हाल मृतक रेशमा घिमिरेलाई विगतदेखि नै गालीगलौज गर्ने कुटपिट गरी घरमा बस्न नदिई गोठमा बस्न बाध्य बनाई गोठमा समेत गई कुटपिट गर्ने गर्दथे। निज प्रतिवादीहरूले मृतक बस्ने गोठमा बिजुली बत्तिसमेत काटेका थिए। निजहरूलाई छरछिमेक गाउँलेहरूले महिलामाथि यस्तो व्यबहार नगर्नुहोस् भन्दा उल्टै सम्झाइ बुझाइ गर्ने मानिसहरूलाई समेत गालीगलौज गर्ने गर्दथे। मृतकले हामीहरूसँग कुरा गर्दा मलाई छोरीको माया लाग्छ छोरीलाई भेट्न खोज्दा श्रीमान, सासु र जेठानीले गालीगलौज तथा कुटपिट गर्छन् भन्दै आएकी थिइन्। निज प्रतिवादीहरुले मृतकलाई आवश्यक पर्ने लुगा कपडा तथा भाँडाकुडासमेत नदिएपछि मृतकका दाजुले भाँडाकुडा, ग्यास, लत्ता कपडा किनिदिएका थिए। निजको अवस्था देखि गाउँ छिमेकले मृतकलाई कुनै किसिमको सहयोग गरेको थाहा पाएपछि निज प्रतिवादीहरूले मृतकलाई गालीगलौज गर्ने कुटपिट गर्दथे। अति नै अन्याय अत्याचार गरेपछि सहन नसकेर न्यायका निमित्त तुलसीपुर उपमहानगरपालिकाको न्यायिक समितिमा खान लाउन नदिएको भनि निवेदन दिएकोमा प्रतिवादीहरूले उक्त निवेदनको बेवास्ता गरी मृतकलाई गालीगलौज कुटपिट गरी शारीरिक तथा मानसिक यातना दिँदै आइरहेका थिए। मृतक रेशमा घिमिरेले श्रीमान, सासु र जेठानीलाई ममाथि अत्याचार नगर्नुहोस् म सबै कामकाज गर्दछु घरमा बस्न दिनुहोस् भन्दासमेत मलाई गालीगलौज कुटपिट गर्दछन्, छोरीसँग भेट गर्नसमेत दिँदैनन्। मलाई साह्रै तनाब भइरहन्छ मर्छु होला भन्ने गर्दथिइन्। यसैक्रममा २०७६।८।२४ गते अं.१५:०० बजे जिङ्गटको रुखमा झुन्डी मृत्यु भएको भन्ने हल्ला भएपछि थाहा पाई आई हेर्दा मृतकको शरीरमा चोटपटक लागेको थियो। प्रतिवादीहरूले दिएको शारीरिक तथा मानसिक तनाव सहन नसकी निज आत्महत्या गरी मरेकी हुँदा प्रतिवादीहरू भरतराज घिमिरे, डल्ली घिमिरे र भिमा घिमिरेलाई कानुनबमोजिम हदैसम्मको सजाय होस् भन्ने सुन्तला योगी, बसन्ता डाँगी, बिमला के.सी., साबित्रा पाण्डेय र बन्दना भुसालले अनुसन्धानमा गरेको एकै व्यहोरा मिलानको छुट्टाछुट्टै घटना विवरण कागज।

९. बुझिएका ज्वाला पौडेल र राधिका भुषालको घटना विवरण कागजः

हामी तुलसीपुर उपमहानगरपालिकामा मेलमिलापकर्ताको रूपमा काम गर्दछौं। रेशमा घिमिरेले इज्जत आमदसाथ खान लाउन नदिएको भनी प्रतिवादी भरतराज घिमिरेलाई बिपक्षी बनाइ २०७६।०६।०५ गते न्यायिक समितिमा निवेदन पेश गरेको र २०७६।०६।१४ गते बिपक्षीले प्रतिउत्तर लगाएपछि २०७६।०७।०१ गते नगरपालिकामा दुवै पक्षलाई उपस्थित गराई पहिलो पटक छलफल गराउने क्रममा हाल बिपक्षीले मृतक रेशमा घिमिरेलाई इज्जत आमदसाथ खान लाउन नदिएको, गालीगलौज गर्ने कुटपिट गर्दै आइरहेको, नागरिकता, बिवाह दर्ता, छोरीको जन्मदर्तासमेत नबनाइ दिएको, पानी बिजुली उपभोग गर्न नदिएको भन्ने विषयमा छलफल हुँदा बिपक्षी भरतराज घिमिरेले निवेदिका रेशमा घिमिरेले मसँग छोडपत्र गर्ने भएपछि मात्र निजको विवाह दर्ता, नागरिकता र छोरीको जन्म दर्ता बनाइ दिने भनी बिपक्षीको भान्जी ज्वाई रमेश न्यौपानेले मिल्न दिएका थिएनन्। त्यसपछि पनि हामीहरूले चार पटक दुवै पक्षलाई छलफलमा राख्दासमेत बिपक्षी भरतराज घिमिरे र निजको भान्जी ज्वाई रमेश न्यौपानेले निवेदकले माग गरेको कुराहरु दिँदैनौ भनेकाले २०७६।०८।२५ गते

उपमेयर आएपछि छलफल गर्ने भनी मौखिक सल्लाह भएको थियो। सोही क्रममा मिति २०७६।८।२४ गते मृतक रेशमा घिमिरेको झुन्डी मृत्यु भएको थाहा पाएका हौ भन्ने ज्वाला पौडेल र राधिका भुषालको घटना विवरण कागज।

१०.बरामदी खानतलासी मुचुल्काः

भरतराज घिमिरेको दुई वटा टिनले छाएको घरहरुमध्ये पश्चिमतर्फको २ तले पूर्व मोहडा भएको ६ कोठे घरकोठा खानतलासी गर्दा मुद्दामा प्रमाण लाग्ने बस्तु फेला नपरेको, उक्त घरदेखि पूर्वतर्फ रहेको पश्चिम मोहडा भएको दुई तले टिनले छाएको घर, उक्त घरको तल्लो तलाको उत्तरतर्फको कोठामा र सोही कोठामा पाली गाँसी गाईबस्तु बाँध्न प्रयोग हुने गोठको पूर्वतर्फको माथिल्लो कोठामा सुत्नलाई बेड बिस्तरा लगाएको खाट र सो खाटदेखि पश्चिम ढोका नजिक रहेको सिल्भर रंगको स्टिल दराज खोली हेर्दा दराजको कपडा राख्ने भागमा प्लाष्टिकको झोलामा G.F.W. लेखेको प्याकभित्र रहेको चस्माको ग्लास थान २, POLICE लेखिएको कालो रंगको चस्माको खोलभित्र रहेको बाँयातर्फको लेन्स सिसा फुटेको अवस्थामा रहेको चस्मा थान १, बिपक्षी पतिको नाउँमा रहेको दर्ता श्रेष्ता जग्गा दिलाइपाउँ भन्ने समेत बेहोरा उल्लेख भएको हस्तलिखित डायरी पाना थान १ फेला पारी बरामद गरेको भन्ने बरामदी खान तलासी मुचुल्का।

११.बुझिएका कविता पाण्डेले गरेको घटना विवरण कागजः

केही वर्ष अगाडिदेखि मृतक रेशमा घिमिरेलाई प्रतिवादी भरतराज घिमिरे, सासु डल्ली घिमिरे र जेठानी भिमा घिमिरेले कुटपिट गर्दै शारीरिक मानसिक यातना दिँदै आइरहेका थिए। मृतक रेशमा घिमिरेले माइतमा आएको समयमा प्रतिवादीहरुले मलाई बिना कारण गालीगलौज गर्ने कुटपिट गर्छन् भन्दै आइरहेकी थिइन। मृतक माइत गएका अवस्थामा समेत मृतकको श्रीमान भरतराज घिमिरेले मेरो घरनजिक बाटोमा गई मलाई देखेपछि निजले बाटोबाटै तेरो नन्द रेशमा घिमिरेलाई अव मेरो घरमा नपठाउनु पठाएमा मारिदिन्छु भनी धम्की दिई गएका थिए। निज प्रतिवादीलाई म समेतले मृतक रेशमा घिमिरेलाई नागरिकता, विवाह दर्ता बनाइ दिनुभन्दा बनाउँदैन भन्दै आइरहेका थिए। त्यसपछि प्रतिवादीहरूले मृतक रेशमा घिमिरेलाई घरमा बस्न नदिएपछि निजहरुकै गोठमा बस्दै आइरहेकी थिइन्, निज गोठमा बस्दाको अवस्थामा बिजुली बत्ति काटेको पानी खान नदिएको तथा लालनपालनका लागि घर व्यवहार चलाउन आवश्यक लत्ता कपडा भाँडा नदिएको कुरा थाहा पाई निज बस्ने गोठमा गई हेर्दा पकाउने भाँडाकुँडासमेत नभएको लत्ता कपडासमेत नदेखेपछि हामीले माइतमा गएर बस्नुभन्दा निजले छोरी छ छोरीको माया लाग्छ मलाई सासु श्रीमान जेठानीले छोरीलाई भेट्न नदिए पनि छोरीलाई हेरेर चित्त बुझाउछु यही बस्छु भनेपछि जाहेरवालाले आवश्यक पर्ने घर व्यवहार चलाउने सामग्री किनी राखिदिएका हुन्। मृतकले तुलसीपुर उपमहानगरपालिकाको न्यायिक समितिमा निवेदन पेश गरेपछि पनि निज प्रतिवादीहरुले मृतक बस्ने गोठमै गई मृतकलाई गालीगलौज कुटपिट गरेको कुरा मृतकले फोनमार्फत जानकारी गराएकी थिइन्। प्रतिवादीहरूलाई कानुनबमोजिम हदैसम्म सजाय होस् भन्ने कविता पाण्डेको घटना विवरण कागज।

१२.बुझिएका पदम भन्ने दिपेश शर्मा पार्धेको घटना विवरण कागजः

मृतक रेशमा घिमिरे झुन्डिएको जानकारी पाई म घटनास्थलमा पुग्दा मृतकलाई झुन्डिएको अवस्थामा देखेको हुँ। म त्यहाँ पुग्दा प्रहरी टोलीसमेत उक्त स्थानमा पुगिसकेका थिए। पछि म समेतले मृतक लासलाई पोष्टमार्टमका लागि रासी प्रादेशिक अस्पताल तुलसीपुरमा ल्याई राखी २०७६।०८।२५ गते साँझको समयमा लास पोष्टमार्टमपश्चात् दाहसंस्कार गरी म आफ्नो घरमा गएको हुँ।हाल मृतक रेशमा घिमिरे झुन्डिएको जिङ्गटकोरूख म समेतले काटेको होइन भन्ने पदम भन्ने दिपेश शर्मा पार्धेकोघटना विवरण कागज।

१३.बुझिएका मृतकको छोरी सुरक्षा घिमिरेले गरेको घटना विवरण कागजः

बाबार मम्मीको झगडा भई राख्थ्यो, बाबाले मम्मीलाई पिट्नु हुन्थ्यो, बाबाले मम्मीलाई पिट्ने बेला हजुर आमा र ठुली मम्मीले समेत मम्मीलाई गाली गर्नु हुन्थ्यो त्यसपछि मम्मी अर्को घरमा एक्लै बस्दथिन भन्ने मृतकको छोरी सुरक्षा घिमिरेको घटना बिवरण कागज।

१४.बुझिएका केशव घिमिरेको घटना विवरण कागजः

मेरो भाई प्रतिवादीभरतराज घिमिरे बैदेशिक रोजगारको लागि बिदेश तर्फ आउने जाने गर्दथे। निज ४ वर्ष अगाडि बिदेशबाट आई घरमा नै बस्दै आइरहेका छन्।प्रतिवादी भाई र हाल मृतक रेशमा घिमिरेको बिचमाझगडा हुने गर्दथ्यो रनिजहरु बिच झगडा हुँदा मैले सम्झाइ बुझाइ गर्दथे। मिति २०७६ साल बैशाख महिना देखि मृतक भाई बुहारी अर्को घर कोठामा एक्लैबस्न थाले देखिनिजहरुको झगडा भएको देखिन। मिति २०७६।८।२४ गते रेशमा घिमिरे हाम्रै जग्गामा रहेको जिङ्गटको रुखमा झुन्डी मृत्यु भएको देखि गाउँ घरमा हो हल्ला भए पछिम घटनास्थलमा जाँदा त्यहाँ प्रहरी पुगी सकेका थिए। पछि मैले मृतकको दाजु जाहेरवालाकेशव राज पाण्डेलाई फोन गरी घटनाको बारेमा जानकारी दिएको हुँ भन्ने केशव घिमिरेको घटना बिबरण कागज।

१५.बुझिएका शरद भट्टराईको घटना विवण कागजः

घोराही बजार तर्फ गएको अवस्थामा मृतक रेशमा घिमिरे झूण्डीएको जानकारी पाई म घटनास्थलमापुग्द मृतकलाईझुन्डिएको अवस्थामा देखेको हुँ। म त्यहाँ पुग्दा प्रहरी टोलीसमेत उक्त स्थानमा पुगी सकेका थिए। प्रहरीले लास जाँच गरि सकेपछि म समेतले मृतक लासलाई पोष्टमार्टमका लागि रासी प्रादेशिक अस्पताल तुलसीपुर दाङमा ल्याई राखी भरतराज घिमिरेको घरमा आई बसेको हुँ। मिति २०७६।०८।२५ गते मृतक लास प्रतिवादीभरतराज घिमिरेको घरमा ल्याएपछि लासलाई जलाउनको लागि घाटमा लैजाने क्रममा दाउराको कमि भएको रस्थानिय मानिसहरूले मानिस झुन्डिएको रूख राख्नु राम्रो हुँदैन। सो रूखलाई काटि लास जलाउन प्रयोग गरौ भनेकाले मलामि गएका भक्तिराम घिमिरेले उक्त रूख काटेका हुन। म पनि मलामि गएकाले उक्त रूख मैले काटेको भनेका हुन भन्ने शरद भट्टराईको घटना विवरण कागज।

१६.बुझिएका भक्तिराम घिमिरेले गरेको घटना विवरण कागजः

मिति २०७६।०८।२४ गते मबिजौरीमाखाने पानीको काम गर्न गएको थिए।हाल मृतक रेशमा घिमिरे आफ्नै घर नजिकै बारीमा रहेको जिङ्गटको रुखमा पासो लगाइ झूण्डी मृत अवस्थामा फेला परेको भनीहल्ला भए पछिम भाई गोतियार भएकोले घटनास्थलमा जाँदा म भन्दा अगाडि स्थानीय

मानिस र प्रहरी टोली आई सकेका थिए। प्रहरी टोलीले घटनास्थल लास जाँच मुचुल्का गरी लासपोष्टमार्टमको लागि रासी प्रादेशिक अस्पताल तुलसीपुर ल्याईमिति २०७६।०८।२५ गते मृतकको जेठाजु केशव घिमिरेले लास बुझि दाहसंस्कारको लागि मृतकको घरमा ल्याई दाहसंस्कार गर्न लैजाने क्रममा स्थानीय मानिसहरुले मानिस झुन्डिएको रुख राख्नु राम्रो हुँदैन लासलाई चलाउने दाउरा पनि छैनन् मृतक झुन्डिएको रूख काट्नु पऱ्यो भनेपछि मैले उक्त रुख काटेको हुँ। पछि घटनाको बारेमा बुझ्दा मृतकको सासु डल्ली घिमिरे, जेठानी भिमा घिमिरे र श्रीमान भरतराज घिमिरेले दिएको शारीरिक तथा मानसिक तनाव सहन नसकी मृतकले आत्महत्या गरेको थाहा पाएको हुँ कानुनबमोजिम होस् भन्ने भक्तिराम घिमिरेको घटना विवरण कागज।

१७.प्रतिवादी भिमा घिमिरेले अनुसन्धानको क्रममा गरेको वयानः

भरतराज घिमिरे मेरो देवर हुन् र मृतक रेशमा घिमिरे मेरो देउरानी हुन्। प्रतिवादी भरतराज घिमिरे चार (४) बर्षअगाडि बिदेशबाट आई घरमा आई म, मेरो श्रीमान, छोरा १, छोरी २, सासु, देवर, हाल मृतक रेशमा घिमिरे र निजको छोरी सबै सगोलमा नै बस्ने गरेका थियौं। सगोलमा बस्दाका अवस्थामा हाल मृतक रेशमा घिमिरे र प्रतिवादी भरतराज घिमिरेको झगडा हुने गर्दथ्यो। झगडा हुने क्रममा प्रतिवादीले रेशमा घिमिरेलाई गालीगलौज कुटपिट गर्न लाग्दा मैले र सासु डल्ली घिमिरेले निजलाई किन झै-झगडा गर्छौं भनि निजहरू दुबै जनालाई गाली गर्दथे। निजहरुबिच पटक पटक झै-झगडा हुन थालेपछि किन तिमीहरु झगडा गर्छौं भनी प्रतिवादी भरतराज घिमिरेलाई सोधपुछ गर्दा हाल मृतक रेशमा घिमिरे अर्कै केटाहरुसँग फोनमा कुराकानी गर्छे मैले नगर भन्दा मान्दैन भनेपछि मैले र सासु डल्ली घिमिरेले हाल मृतकलाई सम्झाइ बुझाइ गर्दा निजले नमानेपछि हामीले निजलाई सामान्य गालीगलौज गरेका हौ। त्यसपछि निजहरू धेरै झगडा गर्न थालेपछि २०७६ साल बैशाखदेखि मृतक रेशमा घिमिरे हाम्रै अर्को घर गोठमा बस्ने गरेकी थिइन्। मैले मृतक रेशमा घिमिरेलाई गालीगलौज कुटपिट गरी मर्नुपर्नेसम्मको परिस्थित सिर्जना गरेको होइन भन्ने प्रतिवादी भिमा घिमिरेले अनुसन्धानको क्रममा गरेको बयान।

१८.प्रतिवादी डल्ली घिमिरेले अनुसन्धानको क्रममा गरेको वयानः

प्रतिवादी भरतराज घिमिरे मेरो कान्छो छोरा र हाल मृतक रेशमा घिमिरे बुहारी हुन्। निजहरुको १० बर्षअगाडि बिवाह भई १ छोरीको जन्मसमेत भएको छ। प्रतिवादी भरतराज घिमिरे रोजगारको लागि बिदेश आउने जाने गरेकोमा ४ बर्ष अगाडिबाट घरमा नै सबै सगोलमा बस्ने गरेका थियौं। सगोलमा बस्दाका अवस्थामा मृतक रेशमा घिमिरे र प्रतिवादी भरतराज घिमिरेको झगडा हुने र भरतराज घिमिरेले रेशमा घिमिरेलाई गालीगलौज कुटपिट गर्न लाग्दा मैले र जेठी बुहारी भिमा घिमिरेले किन झै-झगडा गर्छौं भनि दुबै जनालाई गाली गर्दथ्यौं। किन तिमीहरु झगडा गर्छौं भन्दाप्रतिवादी भरतराज घिमिरेले हाल मृतक रेशमा घिमिरे अर्कै केटाहरुसँग फोनमा कुराकानी गर्छे, मैले नगर भन्दा मान्दैनभनेकालेमैलेर बुहारी भिमा घिमिरेले मृतकलाई सम्झाइ बुझाइ गर्ने क्रममा सामान्य गाली गरेका हौ। निजहरूको धेरै झगडा हुन थालेपछि मिति २०७६ साल बैशाख देखि मृतक रेशमा घिमिरे हाम्रो अर्को गोठमा बस्ने गरेकी थिइन। मैले मृतक रेशमा घिमिरेलाई गालीगलौज कुटपिट गरी मर्नु पर्ने

सम्मको परिस्थिति सिर्जना गरेको होइन भन्ने प्रतिवादी डल्ली घिमिरेले अनुसन्धानको क्रममा गरेको बयान।

१९.अभियोग पत्र

प्रतिवादीहरू भरतराज घिमिरे, डल्ली घिमिरे र भिमा घिमिरेले बिवाह गरेको १० बर्ष व्यतित हुँदा समेत मृतक रेशमा घिमिरेको बिवाह दर्ता, नागरीकता र ९ बर्षकी छोरीको जन्म दर्तासमेत बनाई दिन अस्वीकार गरी दिनहुँ गालीगलौज कुटपिट गर्ने, जीवन निर्वाहको लागि अत्यावश्यक पर्ने लत्ता कपडा, भाँडा बर्तनसमेत नदिई, छोरीलाई समेत साथमा लिन नदिई बसिरहेको घरबाट निकाली गाई गोरू बाँध्ने गोठमा बस्न बाध्य बनाएको र मृतक सो गोठमा बस्दाको अवस्थामा सो गोठमा समेत गई गालीगलौज कुटपिट गरी चरम शारीरिक र मानसिक यातना दिई आत्महत्या गर्नु पर्ने सम्मको परिस्थिति खडा गरेका कारण मृतक रेशमा घिमिरेले मिति २०७६।८।२४ गते झुन्डी आत्महत्या गरेकोले निज प्रतिवादीहरूको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ (१) अन्तर्गतको कसुर भएकोले निज प्रतिवादीहरूलाई सोही मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ (२) सजाय हुन मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ वमोजिम प्रतिवादीहरूबाट मृतकका हकदार नाबालक छोरी सुरक्षा घिमिरेलाई मनासिब क्षतिपूर्ति दिलाइ भराइपाउँ भन्ने समेत व्यहोराको मिति २०७६/०९/२३ गतेको अभियोग पत्र।

२०.प्रतिवादी भरतराज घिमिरेले यस अदालतमा गरेको बयान

८/१० महिना पहिले मेरो श्रीमती परपुरुषसँग फोनमा कुरा गरेको मैले थाहा पाएपछि निजलाई सम्झाउने क्रममा सामान्य हातले हानेको हुँ। त्यसपछि निजले न्यायिक समितिमा निवेदन दिएपछि मैले निजलाई केही गरेको होइन। निजलाई कुनै कुटपिट, गालीगलौज गरेको होइन। जाहेरी दरखास्त झुठ्ठा हो। निजले सम्झाउँदा पनि नमाने पछि हामी दुवै जना अलग बसेका हौं। निज कुनै गोठमा बसेकी होइनन्। हाम्रो अर्को घरमा बसेकी थिइन। खान लाउन दिएकैहो। २०७६/०८/२३ गते निजलाई कुनै गालीगलौज तथा कुटपिट गरेको होइन। २३ गते साँझ ४/५ बजेतिर बाटोमा छिमेकीको घरको गेटको छेउमा उभिएको देखेको हुँ। निजसँग मेरो भेट भएन।आमा र भाउजुले मृतकलाई कहिल्यै गाली गर्नुभएन। मैले मृतकलाई मर्न बाध्य पारेको होइन। मलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी भरतराज घिमिरेले मिति २०७६/०९/२१ गतेयस अदालतमा गरेको बयान।

२१.प्रतिवादीभिमा घिमिरेले यस अदालतमा गरेको बयान

मिति २०७६/०८/२४ गतेका दिन दिउँसो म मेरो घरमा घर लिपी रहेकी थिएँ। प्रहरी र गाउँका मान्छे जम्मा भएपछि म उक्त स्थानमा गइ हेर्दा मेरो देउरानी मृतक रेशमा घिमिरे मृत अवस्थामा झुन्डिएर रहेको देखेंको हुँ। के कारणले निजले आत्महत्या गरेकी हुन मलाई थाहा भएन। मैले निज मृतकलाई कहिलै गालीगलौज तथा कुटपिट गरेन। म र मेरो सासु त निजसँग बोल्ने गर्दथ्यौं। मेरो देवर प्रतिवादी भरतराज घिमिरेले पनि निज मृतकलाई कुटपिट गरेका होइनन्। जाहेरी बेहोरा झुठ्ठा हो। पहिला देवरको परिवार र हाम्रो परिवार छुट्टि भिन्न बसेका थियौं। पछि देवर भरतराज घिमिरे र मृतक रेशमा घिमिरेबिच के कारणले झगडा गरे मलाई थाहा भएन पछि देवर र छोरी हामीसँग आएर

बसेका हुन। मृतक छुट्टै अर्को घरमा बस्दै आएकी थिइन। हामीले किन झगडा गरेको भनी सोध्दा प्रतिवादी भरतराज घिमिरेले मृतक अर्को केटासँग फोनमा कुरा गर्छिन सम्झाउँदा पनि मान्दिनन् त्यसैले झगडा भएको हो भनी भनेका हुन। हामीले कहिल्यै मृतकलाई गालीगलौज तथा कुटपिट गरेनौं। दुई जनाको झगडा हुँदा हामीले प्रतिवादी भरतराज घिमिरेलाई नै किन झगडा गछौं भनी गाली गर्ने गर्दथियौं। अरु मलाई थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी भिमा घिमिरेले मिति २०७६/०९/२३ गते यस अदालतमा गरेको बयान।

२२.प्रतिवादी डल्ली घिमिरेले यस अदालतमा गरेको बयान

मैले मेरो जेठो छोरा र कान्छो छोरा प्रतिवादी भरतराज घिमिरेलाई आ-आफ्नो भागवण्डा लगाइ छुट्टि भिन्न गराइदिएकी थिएँ। दुवै छोरा आ-आफ्नो परिवार पालेर बसेका थिए। म जेठो छोरासँग बस्दै आएकी थिएँ। मृतक रेशमा घिमिरेले के कारणले झुन्डिएर आत्महत्या गरेकी हुन मलाई थाहा भएन। गाउँको मान्छेले तिम्रो बारीको खाल्डामा मान्छे झुन्डिएर मरेको छ भनेपछि उक्त स्थानमा जाँदा मेरो बुहारी मृतक रेशमा घिमिरे थिइन। मैले निज मृतकलाई कहिलै गालीगलौज तथा कुटपिट गरेन। म र मेरो जेठी बुहारी भिमा घिमिरे त निजसँग बोल्ने गर्दथ्यौं। पहिले हामी एकासगोलमा बस्दा छोरा बुहारीबिच सामान्य झगडा हुने गर्दथ्यो। पछि छुट्टि भिन्न भएको एक वर्ष जति भयो। हाल झगडा भएको मैले थाहा पाएन। जाहेरी बेहोरा झुठ्ठा हो। कुनै दुस्मन लागेर हामीले गाली गरेको भनेका हुन्। हामीले कुनै गालीगलौज तथा कुटपिट गरेका होइनौं। खान लाउन पनि दिएका थियौं। छोरा बुहारी दुवैजना सँगै बस्दैआएका थिए। अरु मलाई थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी डल्ली घिमिरेले २०७६/०९/२३ गते यस अदालतमा गरेको बयान।

२३.यस अदालतको आदेश

प्रतिवादी भरतराज घिमिरेको अनुसन्धान अधिकारीसमक्षको वयानमा समेत निजले मादक पदार्थ सेवन गरी कुटपिट गरेको तथ्य खुलेको देखिँदासमेत तत्काल यी प्रतिवादीले मृतकले आत्महत्या गर्नुपर्ने परिस्थिति खडा गरेको तथ्यमा विश्वास गर्न सकिएबाट निजलाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६७ बमोजिम थुनामा राख्नुपर्ने देखिन आयो। अर्का प्रतिवादीहरु भिमा घिमिरे तथा डल्ली घिमिरेले गाली गर्ने गरेको तथ्य नावालिकाको कागज तथा बुझिएका व्यक्तिको कागज समेतबाट देखिन्छ। यस अवस्थामा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी निज प्रतिवादीहरु डल्ली घिमिरे तथा भिमा घिमिरेबाट जनही रु.५०,०००/- धरौटी माग गर्नुपर्ने देखियो भन्ने २०७६/०९/२३ गतेको आदेशानुसार निज प्रतिवादीमध्येका भरतराज घिमिरे कारागार कार्यालयमा थुनामा गएको र अर्का प्रतिवादीहरु डल्ली घिमिरे तथा भिमा घिमिरेले जनही रु.५०,०००/- धरौट दाखिल गरी तारेखमा रहेका।

२४.जाहेरवाला केशवराज पाण्डेले यस अदालतमा गरेको वकपत्र

मेरो बहिनी रेशमा र प्रतिवादी भरतराज घिमिरेको २०६६ सालमा विवाह भएको हो। विवाह भएको ५ वर्षपछि बहिनीको आँखा केही कमजोर भएपछि बहिनीका घर परिवारले विना कारण मानसिक शारीरिक यातना दिन सुरु गर्नुभयो। विवाह भएको ५ वर्षसम्म बहिनीलाई विवाह दर्ता, छोरीको जन्म दर्ता र नागरिकतासमेत नगराई दिएपछि सो समेत विषयमा बहिनीले न्यायिक समितिमा उजुर गरेपछि

सो विषयलाई लिई बहिनीलाई कुटपिट गर्ने, मानसिक शारीरिक यातना दिने गरी घरमा बस्नसमेत नदिई गाई बाँध्ने गोठमा राखी सहि नसक्नु व्यवहारसमेत गरेकोले यी प्रतिवादी भरतराज घिमिरे, डल्ली घिमिरे, भिमा घिमिरे, नाम थाहा भएन भान्जी ज्वाई र भान्जीसमेतको मिलेमतोमा मेरो बहिनीलाई कर्तव्य गरी मारेका हुन्। निज सबैलाई कानुनी कारवाही हुनुपर्छ भन्ने समेत बेहोराको जाहेरवाला केशवराज पाण्डेले मिति २०७७/०४/२० गते यस अदालतमा गरेको वकपत्र।

२५.प्रतिवादीहरु डल्ली घिमिरे र भिमा घिमिरेको साक्षी थुमा पोखेलले गरेको वकपत्र

प्रतिवादीमध्येकी डल्ली घिमिरेका २ भाइ छोराहरु एकआपसमा छुट्टि भिन्न बस्दै आउनु भएको छ। प्रतिवादी डल्ली घिमिरे जेठा छोरासँग बस्दै आउनु भएको छ। छुट्टि भिन्न भई बसेकालाई अन्य प्रतिवादीहरु शारीरिक मानसिक यातना दिई आत्महत्याको परिस्थिति सृजना गर्नुपर्ने कारण हुँदैन। प्रतिवादी भरतराज घिमिरे र मृतकबिच भएको कुनै पनि विवादका विषयमा मलाई थाहा भएन। सबै प्रतिवादीहरु निर्दोष भएकोले यी प्रतिवादीहरुलाई कुनै सजाय हुनुपर्ने होइन भन्ने समेत बेहोराको साक्षी थुमा पोखेलले २०७७/०४/२० गते यस अदालतमा गरेको वकपत्र।

२६.घटना बिबरण कागज गर्ने ज्वाला पौडेलले गरेको वकपत्र

यी मृतक रेशमा घिमिरेले आफ्नो श्रीमानको तर्फबाट नागरिकता लिनपाउँ भनी तुलसीपुर उपमहानगरपालिका न्यायिक समितिमा गएकी थिइन्। न्यायिक समितिमा ३ पटकछलफल गराउँदासमेत पनि निज प्रतिवादीले नागरिकता दिन इन्कार गरेको हो। मृतकलाई घरको धारा, बिजुलीसमेत काटेर गोठमा बस्न बाध्य पारेको हुनाले मृतक रेशमा घिमिरेको आत्महत्या गरेको हो भन्ने समेत बेहोराको घटना बिबरण कागज गर्ने ज्वाला पौडेलले २०७७/०४/२० गते यस अदालतमा गरेको वकपत्र।

२७.प्रतिवादी भरतराज घिमिरेको साक्षी बालिका अधिकारीले यस अदालतमा गरेको वकपत्र

मृतक र प्रतिवादी भरतराज घिमिरेको बिचमा विवाह दर्ता नागरिकता र छोरीको जन्म दर्ता नबनाइ दिएको भन्ने बेहोरा के कसो हो मलाई थाहा भएन। घरमा बस्न नदिएको गोठमा बस्न दिई मृत्युवरण गर्न बाध्य पारिएको भन्ने ठिक होइन। निज भरतराज घिमिरेका दुई वटा पक्की घरहरु रहेका छन्। २ वटा घर हुँदाहुँदै गोठमा मृतकलाई बस्न बाध्य बनाएको भन्ने कुरै हुँदैन। गोठमा बस्न बाध्य पारिएको होइन भन्ने समेत बेहोराको प्रतिवादी भरतराज घिमिरेको साक्षी बालिका अधिकारीले २०७७/०४/२० गते यस अदालतमा गरेको वकपत्र।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको मिसिल संलग्न कागज प्रमाण अध्ययन गर्दा अंग पुगी मुद्दा फैसला गरिदिए हुने देखियो। वादीतर्फबाट उपस्थित हुनु भएका विद्वान जिल्ला न्यायाधिवक्ता श्री सुशिल देवकोटाले यी प्रतिवादी भरतराज घिमिरेले हिंसा गरेकै कारण मृतक रेशमा घिमिरेले न्यायिक समितिमा उजुरी दिएको हो, प्रतिवादीहरुले कुटपिट गरेको कुरा घाउ चोटको विवरणले पुष्टि हुन्छ। प्रतिवादी भरतराज घिमिरे अनुसन्धानकै क्रममा कुटपिट गर्ने गरेको, अर्को घरमा एक्लै बस्दै आएको तथ्य स्वीकार गरेका छन्। मृतकको भाच्चिएको चस्मा दराजबाट बरामद भएको हुँदा प्रतिवादीहरुले कुटपिट गरेको प्रष्ट छ। पहिलो जाहेरी भरतराजउपर दोश्रो जाहेरी भिमा र

डल्ली घिमिरेसमेतका उपर परेको छ। मृतकको शव परीक्षण प्रतिवेदनमा ८ ठाउँमा घाउ चोटहरु देखिएको छ घटना बिबरण कागज गर्ने मानिसहरुले समेत जाहेरी बेहोरा पुष्टि हुने गरी लेखाइदिएबाट अभियोग मागदाबीबमोजिम हुनुपर्छ भनी वहस गर्नुभयो।

प्रतिवादीहरु तर्फबाट रहनु भएका विद्वान बरिष्ठ अधिवक्ता श्री घनश्याम थापा तथा विद्वान अधिवक्ता श्री अजित कुमार आचार्यले के कस्तो तरिकाले लछार पछार कुटपिट गरेको हो भन्ने कहिँ कतै उल्लेख छैन। जाहेरीलाई नै मान्यता दिने हो भने पनि जाहेरवाला स्वयंले मेरो बहिनीलाई कर्तव्य गरी मारेको हो भनी वकपत्र गरेको हुँदा निजको जाहेरी निजले पुष्टि गरेको स्थिति होइन। जाहेरी दरखास्तलाई आधारमै लिँदा पनि कुटपिट हुँदैमा आत्महत्या गर्नुपर्छ भन्ने छैन। आफै न्यायिक समितिमा गएर २५ गते छलफल चलाउने भनी गएको व्यक्ति २४ गते नै आत्महत्या गरेको हुँदा प्रतिवादीहरुलाई सजाय हुने होइन। देख्ने कोही छैन। मृतकले यो कारणले आत्महत्या गर्दैछु भनी कहिँ लेखेको छैन। गोठ भने पनि २ तले पक्की घर हो। रेशमाले आत्महत्या गर्ने तर सजाय अरुले पाउने हुन सक्दैन, प्रतिवादीहरुले सफाइ पाउनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो।

अभियोग दावी, प्रतिवादीहरुको वयान तथा विद्वान कानुन व्यावसायीको बहस जिकिरसमेतलाई मध्यनजर गर्दा यस मुद्दामा अभियोग दावीअनुरुप रेशमा घिमिरेले आत्महत्या गरेको परिस्थिति यी प्रतिवादीहरुले सृजना गरेको होइन ? प्रतिवादीहरुप्रति के कस्तो व्यवहार हुने हो भन्ने सम्बन्धमा नै निर्णय गर्नुपर्ने देखियो।

निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरू भरतराज घिमिरे, डल्ली घिमिरे र भिमा घिमिरेले मृतक रेशमा घिमिरेलाई चरम शारीरिक र मानसिक यातना दिई आत्महत्या गर्नुपर्नेसम्मको परिस्थिति खडा गरेका कारण मृतक रेशमा घिमिरेले झुन्डी आत्महत्या गरेकोले निज प्रतिवादीहरूको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ (१) अन्तर्गतको कसुर भएकोले निजहरूलाई सोही दफा १८५ (२) वमोजिम सजाय हुन र दफा १८६ वमोजिम प्रतिवादीहरूबाट मृतकका हकदार नाबालक छोरी सुरक्षा घिमिरेलाई मनासिब क्षतिपूर्ति दिलाइ भराइपाउँ भन्ने अभियोग मागदाबी रहेको देखियो।

प्रतिवादीमध्येका भरतराज घिमिरेले यस अदालतसमक्ष वयान गर्दा ८/१० महिनाअघि परपुरुषसँग फोनमा कुरा गरेको थाहा पाएपछि निजलाई सम्झाउने क्रममा हातले हानेको हो, निजले न्यायिक समितिमा उजुरी गरेपछि निजलाई गालीगलौज कुटपिट केही गरेको होइन, सम्झाउँदा नमानेकोले दुबै जना अलग अलग बसेको हो, निज गोठमा नभई अर्को घरमा बसेको, खान लाउन दिएको, निजलाई कुटपिट गरेको होइन, आफूले अभियोग गरिएको कसुर गरेको होइन भनी इन्कारी वयान गरेको देखिन्छ। यसैगरी प्रतिवादीहरु डल्ली घिमिरे र भिमा घिमिरेले पनि आफूहरुले मृतकलाई गालीगलौज कुटपिट केही नगरेको भनी अभियोजित कसुरलाई इन्कारी गरेको देखिन्छ।

अभियोजित कानुन मुलुकी अपराध संहिता, २०७४ को दफा १८५को उपदफा १ मा "कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्नेसम्मको परिस्थिति खडा गर्न गराउन हुँदैन।" भन्ने उल्लेख गरेको छ। उक्त दफाले निम्न २ कार्यलाई कसुर मानेको अवस्था देखिन्छ:

- आत्महत्या गर्न दुरुत्साहन दिइएको, वा
- आत्महत्या गर्नेसम्मको परिस्थिति खडा गरिएको।

उक्त प्रावधान नेपालको लिखित फौजदारी कानुनको इतिहासमा पहिलो पटक अपराधीकृत गरिएको कार्य भएको पाइन्छ। सो प्रावधानबाट के कस्तो अवस्थामा आत्महत्याको दुरुत्साहन गरिएको मानिने हो वा के कस्तो कार्यलाई आत्महत्या गर्ने परिस्थितिको सृजना गरेको मान्नुपर्ने भन्ने स्पष्ट हुन आउँदैन। नत हालसम्म यस दफालाई व्याख्या गरिएको सम्मानित सर्वोच्च अदालतको निर्णय नै प्रकाशनमा आएको पाइन्छ। तर नेपालसँग मिल्दो जुल्दो धार्मिक सामाजिक र सांस्कृतिक पृष्ठभूमि भएको तथा यी आधारमा नजिकको सम्वन्धसमेत भएको छिमेकी मुलुक भारतमा यस प्रकारको कसुरलाई त्यहाँको दण्ड विधान, १८६० (Indian Penal Code, 1860) मा व्यवस्था गरिएको पाइन्छ। जसलाई हाम्रो नयाँ प्रावधानलाई वुझ्न सहायक साधनको रुपमा मान्न सकिन्छ।

उक्त दण्ड विधानले " Of Abetment" भन्ने छुट्टै नामाकरण गरी भाग ५ मा उल्लेख गरेको छ। खासगरी दफा १०७ ले दुरुत्साहन हुने अवस्थालाई उल्लेख गरेको छ भने अन्य दफा १२० सम्म विभिन्न उदाहरण र व्याख्यासहित दुरुत्साहन दिने व्यक्ति मानिने अवस्था सजाय आदि व्यवस्था गरेको पाइन्छ। यो भाग सवै अपराधमा दुरुत्साहन मानिने सामान्य व्यवस्था भएको पाइन्छ जसले सारतः निम्न अवस्थालाई दुरुत्साहन दिएको मानिने उल्लेख गरेको छ :

a. He instigates someone to commit suicide कसैलाई आत्महत्या गर्न उक्साउनु(or)

b. He is part of a conspiracy to make a person commit suicide. कसैले आत्महत्या गर्नको लागि रचिएको षड्यन्त्रको हिस्सा हुनु (or)

c. He intentionally helps the victim to commit suicide by doing an act or by not doing something that he was bound to do. कसैले आत्महत्या गर्ने कार्यमा मनसायपूर्वक सहयोग पुऱ्याउन कुनै कार्य गर्नु वा नगर्नु।

तर विवाहित महिलालाई पति वा पतिको नातेदारले दाइजो माग गरेको वा सोसँग सम्वन्धित अन्य कारणले यातना वा क्रुर व्यवहार गर्ने गरेको र विवाह गरेको ७ वर्षभित्र निजको जलेर वा अन्य शारीरिक चोटपटकका कारणले वा अस्वभाविक मृत्यु भएको अवस्थामा दाइजोको कारणले मृत्यु भएको (Dowry Death) मानिने र उक्त मृत्युको कारक निज पति वा नातेदार भएको मानी ७ वर्षदेखि जन्मकैदसम्मको सजाय हुने पृथक व्यवस्था गरिएको छ[1]।

वालवालिका वा मानसिक रुपमा अस्वस्थ वा नशामा रहेको व्यक्तिलाई दुरुत्साहन दिएको कारण निजहरुले आत्महत्या गरेमा दफा ३०५ मा मृत्युदण्ड वा जन्मकैद वा न्यूनतम् १० वर्ष कैद र जरिवानासमेत हुने व्यवस्था गरिएको छ।

यसका साथै हाम्रै मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) सरह भारतीय दण्ड विधानको दफा ३०६ले आम रुपमा लागु हुने गरी आत्महत्या दुरुत्साहनलाई अपराधको कोटीमा राखी सजायको व्यवस्था पनि गरेको पाइन्छ। उक्त दफामा "If any person commits suicide, whoever abets the commission of such suicide, shall be punished with imprisonment of either description for a term which may extend to ten years, and shall also be liable to fine" भन्ने उल्लिखित छ।

[1] दफा ३०४ख

यसका अतिरिक्त दफा ४९८क[२]ले निर्दयी (cruelty) व्यवहारको स्पष्टिकरण दिँदै आत्महत्या गर्ने स्थितिसम्म पुऱ्याउने व्यवहारलाई[३] पनि समेटेको पाइन्छ।

यसरी भारतीय कानुनले सामान्य रुपमा लागु हुने कार्य तथा विशेष रुपमा लागु हुने कार्यसमेतका लागि आत्महत्या दुरुत्साहनलाई बिस्तृत रुपमा व्यवस्था गरी सजायभागी वनाएको पाइन्छ।

उक्त कानुनी व्यवस्थाको प्रसंगमा त्यहाँको अदालतले गरेका केही व्याख्याहरुलाई पनि हेरौंः

Gangula Mohan Reddy V. State of Andhra Pradesh[४]भएको एउटा मुद्दामा" Abetment involves a **mental process** of instigating a person or **intentionally** aiding a person in doing of a thing. Without a **positive act** on the part of the accused to instigate or aid in committing suicide, conviction cannot be sustained" भनी वोलियो। यस व्याख्याले आत्महत्याको दुरुत्साहन मानिनका लागि आरोपीमा मनसाय तत्व तथा अभियुक्तले गरेको प्रत्यक्ष कार्य दुवै हुनुपर्ने भनी जोड दिएको पाइन्छ।

Jagdishraj Khatta Vs. State of Himachal Pradesh[५] भएको एउटा मुद्दामा" the incidents which had taken place between husband and wife much before latter's death by suicide could not be treated as the conduct which drove her to commit suicide." भनी वोलियो। अर्थात "पति र पत्नीबिच भएको घटनाको तत्काल आत्महत्या नगरी पछि आत्महत्या गरिन्छ भने सोही घटनाको कारण आत्महत्या गरेको मान्न नमिल्ने"।

Brij Lal vs Prem Chand[६] भएको अर्को मुद्दामा "As to what constitutes instigation would depend upon the facts of each case. Therefore, in order to decide whether a person has abetted by instigation the commission of an offence or not, the act of abetment has to be judged in the conspectus of the entire evidence in the case. The act of abetment attributed to an accused is not to be viewed or tested in isolation.अर्थात, आत्महत्या गर्न उक्साई दुरुत्साहन गरिएको भन्ने तथ्य मुद्दाकै तथ्यका आधारमा निश्चित हुने र समग्र सवुत प्रमाणका आधारमा निक्यौंल गर्नुपर्ने भनी वोलियो।

यसै प्रसंगमा वेलायतको **Suicide Act, 1961** को दफा 2(1) ले पनि "A person who aids, abets, counsels or procures the suicide of another, or attempt by another to commit suicide shall be liable on conviction on indictment to imprisonment for a term not exceeding fourteen years. अर्थात अर्को व्यक्तिलाई आत्महत्या गर्न सहयोग पुऱ्याउनु, उक्साउनु, सल्लाह दिनु आदिलाई सजाय हुने अपराधको कोटीमा राखेको पाइन्छ।

उक्साएको कारण गरिने दुरुत्साहनका सम्वन्धमा कुनै निश्चित सूत्र निर्माण गर्न सकिन्न यो मुद्दामा उपलव्ध तथ्यका आधारमा वुझ्नुपर्ने हुन्छ। प्रत्यक्ष प्रमाणको अभावमा मुद्दामा रहेको परिस्थितिजन्य प्रमाणका आधारमा निर्णयमा पुग्नुपर्ने हुन्छ। Praveen Pradhan v State of Uttarakhand[७] भएको मुद्दामा भारतीय सर्वोच्च अदालतबाट नै "There cannot be a straight jacket formula for ascertaining as to whether there has been instigation or not. In the absence of direct evidence of instigation an inference has to be drawn from the circumstances of the case at hand as to whether there was instigation or not." भनी व्याख्या भएको पाइन्छ।

---

[२] Section 498A

[३] Any willful conduct which is of such a nature as is likely to drive a women to commit suicide...

[४] Criminal Appeal No.1301 of 2002, dated 05.01.2010, https://indiankanoon.org/docfragment/5443384/?formInput=instigation%20to%20commit%20suicide

[५] 26 April, 2019,https://indiankanoon.org/doc/166168575/

[६] 20 April, 1989,https://indiankanoon.org/doc/590455/

[७] (2012- 9 SCC 734. cited by : **PSA Pillai's Criminal law**,13th edition, Lexis Nexis,2018, Pg 219

यस इजलासबाट यसअघि आत्महत्या दुरुत्साहन वा परिस्थितिको सृजना मुद्दामा उक्त दफाअनुरुपको कसुर स्थापित हुन निश्चित मापदण्ड निर्धारण गरी निर्णय भएका थिए[८]। साथै उल्लिखित नेपाल भारत र वेलायतको कानुनी प्रावधान तथा भारतीय सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतलाई मध्यनजर गर्दा आत्महत्या दुरुत्साहन वा आत्महत्या गर्ने परिस्थिति सृजना गरेको आरोप स्थापित हुन निम्न विषयलाई मापदण्डको रुपमा विचार गर्नुपर्छ भन्ने यस इजलासको मान्यता छः

- प्रतिवादीमा मृतकले आत्महत्या गरोस् भन्ने मनसाय राखेको।
- मृतक मरोस् भन्ने इच्छा जाग्ने जरियो।
- यातना, दवाव, डर, धम्की जस्ता यस्तो परिस्थिति खडा गरिदिएको होस् ताकि मृतकले मर्नुको विकल्प सोच्न देख्न नसकोस्।
- प्रतिवादीले यस्तो समस्या खडा गरिदियोस् कि पीडितले आत्महत्यावाहेक उक्त समस्याबाट उम्किन सक्ने अन्य विकल्प नै नरहोस्।
- मृतकले आत्महत्या गर्नबाट आफूलाई जोगाउन नसक्ने अवस्थाको सृजना गरिएको।
- आत्महत्या गर्नलाई आवश्यक वातावरण तयार गरिएको।
- आत्महत्या गर्न सल्लाह दिएको।
- आत्महत्या गर्न आवश्यक सामग्री दिई सहयोग गरिएको।
- कुनै दुर्व्यवहारबाट चित्त नबुझी आत्महत्या गरेको हो भने सो घटनाको तत्काल आत्महत्या नगरी लामो समयपछि आत्महत्या गरिन्छ भने सोही दुर्व्यवहारको कारण आत्महत्या गरेको मान्न नमिल्ने।
- उल्लिखित तथ्य शंकारहित तवरले र स्वतन्त्र प्रमाणबाट पुष्टि भएको हुनुपर्ने।
- दुरुत्साहन गरिएको कारण आत्महत्या गरिएको हो होइन भन्ने तथ्य मिसिलबाट देखिएका सम्पूर्ण तथ्य प्रमाणका आधारमा निर्क्यौल हुन सक्छ नकी कुनै एक तथ्य विद्यमान भएको वा नभएको भन्ने आधारमा।

माथि उल्लिखित कानुन न्यायिक निर्णयसमेतका आधारमा उल्लेख भएअनुरुप तत्वहरुको निर्क्यौल गरी मापदण्डको रुपमा स्वीकार गरिए पनि आत्महत्याको निर्णय नितान्त व्यक्ति केन्द्रित निर्णय हुने र निर्णय गर्ने व्यक्ति समाप्त हुने भएकोले के कति हदसम्म अर्को व्यक्तिले सल्लाह दिएमा, सहयोग गरेमा वा उक्साएकोमा मानिसले आत्महत्या गर्दछ ? के कति हदसम्म यातना दियो भने वा के कस्तोसम्मको कार्य वा अकार्य गरेको आधारमा सृजना भएको परिस्थितिमा मानिसले आत्महत्या गर्न पुग्दछ भनी वस्तुगत आधारमा मापन गर्न सम्भव हुन सक्दैन। यो व्यक्ति व्यक्तिमा भर पर्ने हुन्छ। आत्महत्या गर्नबाट उम्किनै नसक्ने समस्यामा परेको हो होइन ? यातना, दवाव, डर, धम्की जस्ता परिस्थिति खडा गरेकोमा पनि त्यसको मात्रा आत्महत्या नै गर्नेसम्मको थियो थिएन ? पीडितले आत्महत्या नै गर्नुपर्नेसम्मको गम्भीर अवस्था थियो थिएन ? भन्ने जस्ता तथ्य वस्तुगत नभई विषयगत (abstract) भएको देखिँदा निश्चित मापदण्ड निर्धारण गर्न सकिने पनि हुँदैन। यसैकारण Brij Lal vs Prem Chand भएको उक्त मुद्दामा "As to what constitutes instigation would depend upon the facts of each case." भनि वोलियो।

---

[८] नेपाल सरकार वि विनोद वि क, मु नं ०७६-C१-००६२, फैसला मिति २०७६/१०/२७ तथा नेपाल सरकार वि आक्रमण भन्ने पुरुषोत्तम भण्डारी, फैसला मिति २०७६/०५/१५/१ तथा पन्नु चौधरीको जाहेरीले नेपाल सरकार वि राजु चौधरी, मु नं. ०७६-C१-०१९० फैसला मिति २०७६।११।१९।

अब यस मुद्दाको तथ्यहरुलाई माथि विवेचित विषयवस्तुको परिप्रेक्ष्यमा हेर्नुपर्दा प्रतिवादीहरुमध्ये भरतराज घिमिरे मृतक रेशमाको पति, डल्ली घिमिरे सासु र भिमा घिमिरे जेठानी नाताको भएको तथ्यमा विवाद देखिएन। निज रेशमा घिमिरेले २०७६/०८/२४ गते आफ्नै घरको झींगटको रुखमा झुन्डी आत्महत्या गरेको तथ्य जाहेरी दरखास्त, अभियोगपत्र र प्रतिवादीहरुको यस अदालतसमक्षको वयानसमेतबाट पुष्टि भएको छ। जाहेरवालाले यस अदालतमा बकपत्र गर्दा प्रतिवादीहरुले हत्या गरेको भन्ने शव्द लेखाएको भए पनि लास जाँच मुचुल्का तथा शव परीक्षण प्रतिवेदनसमेतबाट झुन्डिएर मृत्यु भएको भन्ने नै देखिन्छ। यस मुद्दामा वादीको दावी नै मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ (१) विपरीत प्रतिवादीहरुले उक्त आत्महत्या गर्नमा परिस्थिति खडा गरेको भन्ने रहेको हुँदा रेशमा घिमिरेको मृत्यु झुन्डिएर आत्महत्या गरेको कारण भएको हो भन्नेमा विवाद रहेन।

यस मुद्दाको नामाकरण नै आत्महत्या गर्नेसम्मको परिस्थिति खडा गरेको भन्ने रहेको छ भने अभियोगको विश्लेषणमा पनि "बिवाह गरेको १० बर्ष व्यतित हुँदासमेत मृतक रेशमा घिमिरेको बिवाह दर्ता, नागरिकता र छोरीको जन्म दर्तासमेत बनाई दिन अस्वीकार गरी दिनहुँ गालीगलौज कुटपिट गर्ने, जीवन निर्वाहको लागि अत्यावश्यक पर्ने लत्ता कपडा, भाँडा बर्तनसमेत नदिई, छोरीलाई समेत साथमा लिन नदिई गोठमा बस्न बाध्य बनाएको र मृतक सो गोठमा बस्दाको अवस्थामा सो गोठमा समेत गई गालीगलौज कुटपिट गरी चरम शारीरिक र मानसिक यातना दिई आत्महत्या गर्नुपर्नेसम्मको परिस्थिति खडा गरेका कारण मृतक रेशमा घिमिरेले झुन्डी आत्महत्या गरेको" भनी उल्लेख गरिएको छ।

प्रतिवादीमा मृतकले आत्महत्या गरोस् भन्ने मनसाय थियो थिएन भन्ने सम्वन्धमा विचार गर्दा यस्तो मनसाय तत्व छामेर वा देखेर पत्ता लाग्ने वस्तुगत प्रकृतिको हुने नभई उपलव्ध परिस्थिति, प्रतिवादीको गतिविधि तथा मृतकप्रति गरेको व्यवहार र देखाएको हेलत्वभाव, क्रुरता, वेवास्ता तथा वन्चितिकरण आदिबाट वुझिन सकिने विषय भएको देखिन्छ। प्रतिवादी र मृतकबिच २०६६ सालमा विवाह भएको र निजहरुको वैवाहिक जीवन सुमधुर नरहेको तथ्य प्रतिवादीकै वयानबाट पनि वुझ्न सकिन्छ। प्रतिवादी स्वयंले यस अदालतमा वयान गर्दा पत्नी रेशमा घिमिरेले २०७६/०८/२४ गते आत्महत्या गर्नुअघि निजहरु साथै बस्ने नभई अलग अलग घरमा बस्ने गरेको तथ्य स्वीकार गरेकै देखिन्छ। यसका साथै मृतकको छोरीलाई समेत निजसँग वस्न नदिई प्रतिवादी वस्ने घरमा वसालेको तथ्यमा पनि विवाद देखिँदैन।

निज रेशमा घिमिरे २०७६ साल वैसाखदेखि अर्कै घरमा वस्ने गरेको तथ्य प्रतिवादीहरुको अनुसन्धान अधिकारीसमक्षको वयानसमेतबाट देखिन्छ भने मृतकको पति भरतराज घिमिरेले वयान गर्दा ८/१० महिना पहिले मेरो श्रीमती परपुरुषसँग फोनमा कुरा गरेको मैले थाहा पाएपछि निजलाई सम्झाउने क्रममा सामान्य हातले हानेको हुँ भनी लेखाएको देखिन्छ। परपुरुषलाई फोन गर्ने गरेको र मृतक वेग्लै घरमा वस्ने गरेको तथ्य त यस अदालतको वयानमा समेत स्वीकार गरेको देखिन्छ। यसबाट कम्तीमा पनि ९ महिनादेखि मृतक रेशमा आफ्नो पतिसँग साथै वस्न नसक्ने परिस्थिति खडा गरिएको र सो को कारणमा प्रतिवादी भरतराज घिमिरेको पत्नीप्रतिको परपुरुषसँगको सम्वन्धको आशंका रहेको तथ्य सहजै निस्कर्ष गर्न सकिन्छ।

निजले अभियोजन गरिएअनुरुप अन्य तथ्यमा यस अदालतमा इन्कारी वयान गरेको देखिए पनि अधिकार प्राप्त अधिकारीसमक्षको वयानमा रेशमाले बाहिरका केटाहरुसँग अश्लिल कुराकानी गरेको सुनेकोले विवाद भएपछि मादक पदार्थ सेवन गरी झै-झगडा कुटपिट गर्ने गरेको थिए। झगडा हुँदा आमा डल्ली घिमिरे र

भिमा घिमिरेले सम्झाइ बुझाइ गर्ने क्रममा सामान्य गाली गर्ने गरेको निजलाई अर्को घर गोठमा बस्न पठाइ छोरीसहित परिवारका अन्य सदस्य साथै बस्ने गरेको भन्ने समेतको बेहोरा लेखाइ दिएको देखिन्छ। यद्यपि प्रतिवादी भरत घिमिरेले मृतकका प्रति उक्त आरोप लगाएको देखिए पनि निजको अरु पुरुषसँग एउटा पतिले आशंका गर्नुपर्ने स्तरको सम्वन्ध रहेको तथ्य प्रतिवादीले कुनै वस्तुगत आधारमा भनेको देखिँदैन।

जाहेरी दरखास्तमा मूलतः प्रतिवादीले बहिनी रेशमालाई छोरी जन्मेपछि मादक पदार्थ खाई कुटपिट गर्ने शारीरिक मानसिक यातना दिने, विवाह दर्ता, नागरिकता र छोरीको जन्म दर्ता नगराइदिएको, घरमा बस्नसमेत नदिएपछि २०७६ साल असार महिनादेखि घर नजिक रहेको गोठमा एक्लै बस्दैआएको, यिनै कारण तुलसीपुर उपमहानगरपालिका न्यायिक समितिमा न्यायका लागि निवेदन दिएकी थिइन्। नगरपालिका कार्यालयमा जाँदासमेत विपक्षीसमेतले सामाजिक रुपमा अपमान गर्ने गर्दथे भनी लेखिएको पाइन्छ। जाहेरी व्यहोरा बुझिएका तथा तुलसीपुर उपमहानगरपालिकाका मेलमिलापकर्ता ज्वाला पौडेलको बकपत्रबाट समेत पुष्टि हुन्छ। निजले बकपत्र गर्दा मृतक रेशमा घिमिरेले आफ्नो श्रीमानको तर्फबाट नागरिकता लिनपाउँ भनी तुलसीपुर उपमहानगरपालिका न्यायिक समितिमा गएकी थिइन्। न्यायिक समितिमा ३ पटकसमेत छलफल गराउँदासमेत पनि निज प्रतिवादीले नागरिकता दिन इन्कार गरेको हो। मृतकलाई घरको धारा, बिजुलीसमेत काटेर गोठमा बस्न बाध्य पारेको हुनाले मृतक रेशमा घिमिरेको आत्महत्या गरेको हो भनी लेखाउनु भएको छ।

मृतकको नागरिकता नवनाइदिएको, नावालिकाको जन्मदर्ता पनि नबनाइदिएको तथ्यलाई प्रतिवादीले पनि इन्कर गर्न सक्नुभएको छैन। यसले प्रतिवादीमा मृतकलाई निजको आर्थिक, पारिवारिक, सामाजिक साथै राज्यबाट प्राप्त हुने सुविधासमेतबाट वन्चित गर्ने मनसाय रहेको पुष्टि हुन्छ। प्रतिवादीहरुको २ वटा घर रहेकोमा एउटा २ तले घरमा प्रतिवादीहरु रहने वस्ने गरेको देखिन्छ तर घटनास्थल प्रकृति मुचुल्कामा उक्त घरदेखि पूर्वको अर्को घरको तल्लो तलाको उत्तरतर्फको कोठामा र सोही कोठामा पाली गाँसी गाईबस्तु बाँध्न प्रयोग हुने गोठको पूर्वतर्फको माथिल्लो कोठामा सुत्नलाई बेड बिस्तारा लगाएको खाट र सो खाटदेखि पश्चिम ढोका नजिक रहेको सिल्भर रंगको स्टिल दराज रहेको भन्ने उल्लेख भएको देखिँदा मृतक वस्ने स्थान गोठमा वनाइएको भन्ने नै देखिन्छ। ज्वाला पौडेलको बकपत्रसमेतबाट धारा विजुली पानीको सुविधासमेत उपलव्ध नगराइएको भन्ने पनि देखिन्छ।

यसरी ९ महिना लगातार आफैले जन्माएको छोरी साथमा राख्नबाट तथा अन्य न्युनतम् मानवीय व्यवहार र सुविधा उपभोग गर्नबाट समेत वन्चित रहेको अवस्थामा पति यी प्रतिवादीले सो अवस्थालाई नसुधारी निरन्तर रहन दिएको स्थितिबाट निज रेशमा आफ्नो जीवनबाट हटून् भन्ने प्रतिवादीको चाहना स्वतः स्पष्ट हुन्छ। उक्त गोठमा रहेको दराजबाट "बिपक्षी पतिको नाउँमा रहेको दर्ता श्रेष्ता जग्गा दिलाइपाउँ" भन्ने समेत बेहोरा उल्लेख भएको हस्तलिखित डायरी पाना थान १ वरामद भएको देखिन्छ। उक्त पानामा मृतकले मलाई इज्जत आमदअनुसार खान लाउन नदिएको व्यहोरा उल्लेख गर्नुभएको रहेछ।

मृतककै स्वेच्छाले निज अलग्गै घरमा वस्ने गरेको भन्ने प्रतिवादीहरुको वयान तथा प्रतिवादीतर्फबाट रहनु भएका विद्वानज्यूहरुको तर्क रहेको देखिन्छ। गोठमा एउटा खाट र दराजको भरमा आफ्नो छोरी र पतिसमेतबाट अलग वस्ने कुरा कुनै पनि मानवीय स्वेच्छा हुन सक्दैन। उल्लिखित नारकीय अवस्थामा वस्न वाध्य पारिएकोलाई स्वेच्छा भनी व्याख्या गर्नु विवेकसम्मत् हुँदैन। अपितु प्रतिवादी भरतराज

घिमिरेको अधिकार प्राप्त अधिकारीसमक्षको वयानबाट सात आठ दिनअघिसम्म पनि मृतकले प्रतिवादीसँग मिलेर वस्न आग्रह गरेको र निज रेशमाकै आग्रहअनुरुप शारीरिक सम्वन्ध राखेको भन्ने देखिन्छ। गोठमा एउटा खाट र दराजको भरमा आफ्नो छोरी र पतिसमेतबाट अलग वस्दासमेत मृतक अन्यत्र नगएको अवस्था, प्रतिवादी भरतराज घिमिरेलाई मिलेर वस्न तथा शारीरिक सम्वन्ध राख्न आग्रह गरेको अवस्थाबाट समेत मृतकमा प्रतिवादीकै लागि आशक्ति रहेको पुष्टि हुन्छ।

आफूलाई छोरी जन्मेपछि राम्रोसँग बोलचाल नगरी खान लाउन नदिएको, विवाह दर्ता र नागरिकता नबनाइदिएको विवाहपछि कुटपिट गर्ने गरेको र २०७३ बैशाखबाट गोठमा बस्दै आएको तथ्य खुलाई मृतक स्वयंले २०७६/०६/०५ मा तुलसीपुर उपमहानगरपालिकामा उजुरी गरेको तथ्य उक्त उपमहानगरपालिकाबाट प्राप्त निवेदनबाट देखिन्छ। तत्पश्चात् मिति २०७६/०८/२३ गतेसम्म पनि प्रतिवादी विशेषतः भरतराज घिमिरेले मृतकको पहिचान स्थापित हुने गरी कुनै अभिलेख दर्ता गरिदिएको देखिँदैन।

यसरी उल्लिखित परिस्थितिलाई सुधार गर्न प्रयास गर्नुको साटो विवाद समाधानका लागि मृतकले न्यायिक समितिमा गुहार गरेको स्थितिमा उक्त समितिमा तीन पटक छलफल हुँदासमेत मृतकको न्यूनतम अधिकार स्थापित गर्न इन्कार गरेको तथ्य मेलमिलाप छलफलमा सहभागी व्यक्तिको बकपत्रबाट देखिन्छ। यसको अर्थ स्वतःपत्नीलाई चरम आर्थिक मानसिक यातना दिई हटाउनु नै प्रतिवादीले उद्देश्य लिएको देखिन्छ। निजले मृतकका लागि सवै मानवीय जायज र सहज जीवनयापनको बाटो वन्द गरेको अवस्था देखिन्छ।

यसका अलवा मृतकको शरीरका विभिन्न ८ स्थानमा चोटपटक रहेको देखिन्छ। उक्त चोटपटक आफूले कुटपिट गरेको भन्ने तथ्य निज भरतराज घिमिरेले इन्कार गरेको देखिन्छ। तर मृतकलाई त्यसरी शारीरिक पीडा हुने चोटपटक लाग्ने कारण र आधार निजले खुलाएको देखिँदैन। प्रतिवादी भरतराज घिमिरेले पहिलेदेखि कुटपिट गर्दैआएको तथ्य खुलाई मृतकले न्यायिक समितिमा निवेदन दिएको देखिन्छ भने पहिले पनि निजले सामान्य हातले हानेको तथ्य यस अदालतमै स्वीकार गरेको र अन्य यातना दिएको अवस्थामा कुटपिट गरी शारीरिक यातना दिन उक्त कुटपिट गरेको तथ्य परिस्थितिजन्य आधारबाट देखिन आउँछ।

यसै प्रसंगमा प्रतिवादीतर्फबाट रहनु भएका विद्वान वरिष्ठ अधिवक्ताज्युले यिनै प्रतिवादीले कुटपिट गरेको हो भनी शंकारहित तवरले वादीले पुष्टि गर्न नसकेको भनी गर्नुभएको तर्कलाई मध्यनजर गर्दा, पतिको व्यवहारका कारणले आत्महत्या गर्नुपर्ने परिस्थिति सार्वजनिक रुपमा देखिने प्रकृतिको हुँदैन। यस्तो मुद्दालाई विशिष्ट दृष्टिकोणबाट हेर्न र वुझ्नुपर्ने हुन्छ। यस प्रकारको मुद्दामा पनि अन्य मुद्दा सरह शंकारहित तवरको प्रत्यक्ष प्रमाण खोजिने हो भने यो दफा र विधायिकाले लिएको उद्देश्य अर्थहीन हुन जान्छ। परिवारभित्रको हिंसा विशेष गरी पति पत्नीको सम्वन्धविच भएको हिंसा, यातना र परिस्थिति अन्यले शंकारहित तवरले पुष्टि गर्न असम्भव नै हुन्छ किनभने यो नितान्त गोप्य सीमित घेरामा सकेसम्म सीमित व्यक्तिविच मात्र हुने गर्छ। हाम्रो जस्तो पुरुष प्रधान समाजमा महिलाले परिस्थितिमा सुधार आउला भनी धेरै हदसम्म गोप्य राख्ने गरेकोसमेत हुन्छ। यसैले पनि Shanti v State of Haryana[९] को मुद्दामा प्रमाणको भार पतिमा राखिएकोलाई न्यायोचित मानिएको पाइन्छ।

यसरी आर्थिक मानसिक र शारीरिक यातना दिएको अवस्थामा प्रतिवादीमा मृतकले आत्महत्या गरे पनि हुने मनसाय नै थिएन भनी विश्वस्त हुन सक्ने अवस्था हुँदैन। प्रतिवादी भरतराज घिमिरे उक्त मनसाय राखेकै

---

[९] AIR 1991, SC 1126, cited in Pillai's Criminal Law पाद टिप्पणी नं ७ पृ ६७७।

कारण माथि उल्लेख भएअनुरुपको परिस्थिति खडा गरेको देखिन आएकोले निजले मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) विपरीत आत्महत्या गर्ने परिस्थिति खडा गरेको स्थापित हुन आयो।

अन्य प्रतिवादीहरु भिमा घिमिरे र डल्ली घिमिरेको उक्त व्यवहारमा संलग्नता रहे नरहेको सम्वन्धमा विचार गर्दा सृजित परिस्थिति खडा गर्नमा यी प्रतिवादीहरुको भूमिका स्पष्ट हुने आधार प्रमाण मिसिलबाट देखिँदैन। प्रारम्भिक जाहेरीमा निजहरुको नाउँ उल्लेख भएको पाईदैन। स्वयं मृतकले जीवित हुँदा प्रतिवादी भरतराज घिमिरेविरुद्ध मात्र न्यायिक समितिमा उजुरी गरेको र यी प्रतिवादीहरुको संलग्नता देखाई कुनै बेहोरासमेत उल्लेख गरेको देखिँदैन। यस अवस्थामा मृतकका वावुको बकपत्र मात्रको आधारमा निजहरुले समेत मृतकले आत्महत्या गर्नमा परिस्थिति खडा गरेको भन्न मिलेन, निजहरुको संलग्नता पुष्टि हुन आएन।

अतः प्रतिवादी भरतराज घिमिरेले आफ्नी पत्नी रेशमा घिमिरेले आत्महत्या गर्नुपर्नेसम्मको परिस्थिति श्रृजना गरेको कारण निजले आत्महत्या गरेको देखिन आएकोले निज भरतराज घिमिरेले मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) विपरीत कसुर गरेको स्थापित हुन आयो। उक्त कसुरमा पाँच वर्षसम्म कैद र रु. पचास हजारसम्म जरिवाना हुन सक्ने हुन्छ। तर यो परिमाणको सजाय निर्धारण गर्दा फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा ८ र ९ ले छुट्टै सुनुवाइ गर्नुपर्ने भएकोले र क्षतिपूर्ति निर्धारण गर्ने प्रयोजनको लागि समेत २०७७/०६/१४/४ को मिति तोकी यो आदेशको प्रतिलिपिसहित थुनामा रहेका प्रतिवादी तथा जिल्ला सरकारी वकिल कार्यालयलाई समेत सूचना दिनु। साथै जाहेरवालालाई समेत सुनुवाइमा उपस्थित गराउनु भनी जिल्ला सरकारी वकिल कार्यालयलाई पत्राचार गर्नु। प्रतिवादीहरु डल्ली घिमिरे र भिमा घिमिरेले यस अभियोगबाट सफाइ पाउने ठहर्छ। निजहरुका हकमा अभियोग दावी पुग्न सक्दैन।

सजाय निर्धारण

सजाय निर्धारण प्रयोजनको लागि पेश भएको यस मुद्दामा नेपाल सरकारतर्फबाट उपस्थित हुनुभएका विद्वान जिल्ला न्यायाधिवक्ता श्री सुशिल देबकोटाले यस प्रकारको कसुर हुनबाट हतोहत्साहित गर्ने उद्देश्यले पनि अधिकतम सजाय हुनुपर्छ भनी तथा प्रतिवादीबाट रहनुभएका विद्वान बरिष्ठ अधिवक्ता श्री घनश्याम थापा र विद्वान अधिवक्ता श्री अजित कुमार आचार्यले प्रतिवादीको काँधमा सानो छोरीको पालनपोषण गर्ने जिम्मा छ। कोरोनाको महामारीमा पनि ९ महिनाभन्दा बढी प्रतिवादी थुनामा रहिसकेका छन्। तसर्थ सजायको मकसद् पूरा भएकोले बसेको अवधि वरावर नै कैदको सजाय निर्धारण गरिपाउँ भनी बहस गर्नुभयो।

कसुर स्थापित मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (२) वमोजिम प्रतिवादीलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने सक्ने हुन्छ। अब के कति सजाय निर्धारण गर्न उपयुक्त हुन्छ भन्ने सम्बन्धमा विचार गर्दा आत्महत्या दुरुत्साहन दिने कार्य वा त्यस्तो काम गर्नेसम्मको परिस्थिति खडा गरिने कार्यलाई उक्त ऐनले पहिलो पटक कसुरको परिभाषामा राखेको छ। यसबाट यस्तो दुरुत्साहन दिने वा परिस्थिति खडा गर्ने कार्यलाई हतोत्साह गर्नुपर्ने तथ्यलाई इन्कारी गर्न सकिँदैन। तथापि मुद्दाको प्रकृति, वारदात हुँदाको परिस्थिति, प्रतिवादीको अवस्थासमेतलाई मध्यनजर गर्नुपर्ने हुन्छ।

सम्मानित सर्वोच्च अदालतबाट जारी भएको ज्यानसम्वन्धी मुद्दामा सजाय निर्धारण मार्गदर्शनको भाग ५ ले यस कसुरमा सजाय निर्धारण गर्दा आधार विन्दु आधा सजाय अर्थात २ वर्ष ६ महिनालाई मानेको पाइन्छ। उक्त आधार विन्दुबाट कसुरको गम्भीरता बढेको तत्व र घटेको तत्वलाई मध्यनजर गरेर नै सजाय निर्धारण गर्नुपर्ने हुन्छ।

जाहेरवाला मृतकको दाई नाताको भएको हुँदा आत्महत्याको दुरुत्साहनमा जाहेरी दिए पनि बकपत्र गर्दा हत्या गरिएको भनी लेखाएको देखिँदा निजले आक्रोस व्यक्त गरेको अवस्था देखिन्छ तथापि यस अघिपछि मृतकलाई आफ्नो घर प्राङ्गणबाटै बाहिर निकालेको स्थिति छैन। गम्भीर प्रकृतिका चोटपटक लाग्ने गरी कुटपिट यातना दिएको देखिँदैन। प्रतिवादीले यसअघि कुनै कसुर गरेको मिसिलबाट देखिँदैन। यसबाट यस मुद्दामा मृत्युको गम्भीरता बढेको तत्व देखिँदैन।

मृतक र प्रतिवादीको १० वर्षको सन्तान रहेको देखिन्छ। जसलाई संरक्षण र पालनपोषण गर्ने दायित्व यिनै प्रतिवादीमा आइपरेको अवस्था छ। तापनि आफ्नो कसुर स्वीकार गरी सो को परिस्थिति सम्बन्धमा खुलस्त विवरण दिएको नभई मृतकले अन्य केटालाई फोन गर्ने गरेको, आफूले केही गरेको होइन भन्ने जस्ता विना प्रमाण र आधारको वयान गरेको देखिँदा प्रतिवादीतर्फबाट रहनुभएका विद्वानहरुले माग गर्नु भएअनुरुप निजको कसुरको गम्भीरता उल्लेख्य रुपमा घटेको र हालसम्म थुनामा रहेको अवधिकै हदमा कैद निर्धारण गर्ने हदसम्मको मान्न पनि मिलेन।

अतः माथि उल्लिखित कारण र आधारबाट प्रतिवादी भरतराज घिमिरेलाई २ वर्ष कैदको सजाय र रु.२०,०००/- जरिवाना गर्न न्यायोचित हुने देखियो। अभियोगपत्रमा दफा २८६ वमोजिम प्रतिवादीबाट नावालक छोरीलाई क्षतिपूर्ति भराइपाउँ भनी माग गरिएको देखिन्छ। समग्र मिसिलबाट निज बच्ची मृतकसँग रहने बस्ने गरेको नभई यिनै प्रतिवादीसँग मूल घरमा रहने गरेको भन्ने देखिन्छ। निजको पालनपोषण, शिक्षा स्वास्थ्यको ब्यवस्था पनि यिनै प्रतिवादीले गर्नुपर्ने हुन्छ। निजको अंश जिम्मा पनि यिनै प्रतिवादीमा रहेको छ। सगोलमै रहेको अवस्थासमेत छ, फलस्वरुप पिडकले सगोलकै सम्पत्तिबाट सगोलकै पीडितलाई क्षतिपूर्ति बुझाउनुपर्ने र सो क्षतिपूर्तिको रकम सदुपयोग गरिदिने जिम्मा पनि प्रतिवादी मै रहने गरी अनौठो परिस्थिति खडा हुन जाने हुन्छ। यसबाट प्रतिवादी भरतराज घिमिरेको व्यवहारका कारण वच्चीले आमा गुमाउनुपरेको भए पनि उल्लिखित परिस्थितिलाई मध्यनजर गर्दा निज प्रतिवादीबाट नावालक वच्चीलाई रु.१,००,०००/- (एक लाख) क्षतिपूर्ति भराइदिन उपयुक्त हुने देखिन आयो।

तसर्थ प्रस्तुत मुद्दामा माथि उल्लेख भएवमोजिम प्रतिवादी भरतराज घिमिरेलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) को कसुरमा उपदफा (२) वमोजिम २ (दुई) वर्ष कैद र रु.२०,०००/- (बिस हजार) जरिवानाको सजाय हुने ठहर्छ। साथै निज प्रतिवादीबाट मृतकको छोरीलाई रु.१,००,०००/- (एक लाख) क्षतिपूर्ति भराइदिनेसमेत ठहर्छ। अन्य प्रतिवादीहरु भिमा घिमिरे र डल्ली घिमिरेले अभियोग मागदावीबाट सफाइ पाउने ठहर्छ। सो ठहर्नाले अरु कुरामा तपसिलबमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ बमोजिम यो फैसला गरिदिएँ।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी भरतराज घिमिरेलाई २ (दुई) वर्ष कैद र रु.२०,०००/- (बिस हजार) जरिवानाको सजाय हुने ठहरी फैसला भएकोले मुलुकी फौजदारी कार्यविधि संहिता २०७४

को दफा १५१ वमोजिम तहसिल शाखामा लगत दिनु, निज प्रतिवादी मुद्दा पुर्पक्षको क्रममा मिति २०७६/०८/२५ गतेदेखि थुनामा बसेको देखिँदा सोही मितिदेखि कैद कट्टि हुने गरी कैदको लगत कसी कैदी पूर्जी सम्बन्धित कारागार कार्यालयमा लेखि पठाइदिनु.....१

माथि ठहर खण्डमा लेखिएवमोजिम प्रतिवादी भरतराज घिमिरेलाई फैसलाबमोजिम लागेको जरिवानाको हकमा निजले उक्त जरिवाना तिरे बुझाए कैद भुक्तान भएकै दिन छुटि जाने र उक्त जरिवाना नबुझाए वा नतिरे जरिवानाको हकमा समेत मुलुकी अपराध संहिता, २०७४ को दफा ४६ का अधीनमा रही प्रतिदिन रु.३००/- का दरले कट्टा हुने गरी कैद ठेकी कैदी पुर्जी दिनु.....२

प्रतिवादीबाट मृतकको छोरीलाई रु.१,००,०००/- (एक लाख) क्षतिपूर्ति भराइ दिनेसमेत ठहरी फैसला भएकोले सो को लगत तहसिल शाखामा पठाइदिनु, उक्त शाखाले लगत कसी लागेको क्षतिपूर्ति पीडितलाई भराइदिनु.....३

प्रतिवादीमध्येका भिमा घिमिरे र डल्ली घिमिरेले अभियोग मागदाबीबाट सफाइ पाउने ठहरी फैसला भएकोले निज प्रतिवादीहरुले मुद्दा पुर्पक्षको क्रममा धरौटवापत जनही रु.५०,०००/- राखेको देखिँदा प्रस्तुत मुद्दामा अन्तिम टुङ्गो लागेपछि उक्त धरौट रकम फिर्ता माग्न आए नियमानुसार फिर्ता दिनु.....४

यस फैसलामा चित्त नबुझे मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ (१) को म्याद ७० (सत्तरी) दिनभित्र श्री उच्च अदालत तुलसीपुर, दाङमा पुनरावेदन गर्नु भनि प्रतिवादीमध्येका भरतराज घिमिरेलाई तथा वादी पक्ष जिल्ला सरकारी वकिल कार्यालय, दाङसमेतलाई यो फैसलाको निशुल्क नक्कलसहितको पुनरावेदनको म्याद दिनु ५

नक्कल माग्ने सरोकारवालालाई नियमले लाग्ने दस्तुर लिई नक्कल दिनु.....६

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसलाको विद्युतीय प्रणालीमा अपलोड गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाइदिनु ७

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाएबमोजिम
फैसला कम्प्युटर गर्ने क.अ.अर्चना चौधरी
फाँट ना.सु. ओविराम खड्का .....
कसुर कायम मिति २०७७/०६/०४/१ **(रितेन्द्र थापा)**
सजाय निर्धारण मिति २०७७/०६/१४/४ **जिल्ला न्यायाधीश**
फैसला प्रमाणीकरण मिति २०७७/०८/७/१
इति सम्वत् २०७७ साल असोज महिना १४ गते ४ रोज शुभम्.....।

श्री

बारा जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री रोशन गजुरेल

फैसला

स.फौ.नं.– ०७५-C1-०१६१

रजिष्ट्रेशन नं.–५०-०७५-०१८२५

मुद्दाः-आत्महत्या दुरुत्साहन

दायर मितिः-२०७५/११/०६

नि.नं.-३५६

वादी	**प्रतिवादी**
जिल्ला बारा कलैया उपमहानगरपालिका वडा नं. १ कट्टिपर्सा टोल बस्ने बिरेन्द्र मण्डलको जाहेरीले नेपाल सरकार.....१	जिल्ला बारा कलैया उपमहानगरपालिका वडा नं. १ कलैया गाउँ बस्ने जगदेव राउतको छोरा सोनालाल यादव.....१
कागजः	कागजः

अदालतबाट बुझेको

साक्षीः-प्रतिवेदक उपेन्द्र साह र जाहेरवाला बिरेन्द्र मण्डल,

घटन विवरण कागज गर्ने, गम्भीरा ठाकुर, प्र.अ. सुकदेव यादव, बुझिएका कञ्चन कुमारी ठाकुर, धर्मेन्द्र ठाकुर, शिक्षक जय प्रकाश यादव, हरि कञ्चन चौधरी, कृष्ण राम।

कागज

मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४३ वमोजिम तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ७ वमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

तथ्य खण्ड

१) मृतक अजय मण्डलको शरीरमा निलडामहरु नदेखिएको भन्ने समेत बेहोराको शव परीक्षण प्रतिवेदन।

२) जिल्ला बारा कलैया उपमहानगरपालिका वडा नं.१ कटी पर्सा टोल स्थित पूर्वमा बनारसी महतोको घर पश्चिममा बिरेन्द्र मण्डलको खाली जग्गा उत्तरमा जोगी महतोको घर र दक्षिणमा सार्वजनिक बाटो यति चार किल्लाभित्र उतर मोहडा बाँसको टाटीमा माटोले लेपेको बार र माथि टालीले छापेको बिरेन्द्र मण्डलको घर रहेको सो घरको बिचको कोठाभित्र दक्षिण पूर्व कुनामा रहेको बिस्तरासहितको काठको पलङ्ग रहेको सो पलङ्गमाथि रहेको परालको गुन्द्री र डसनामा दिशा (पखाला) लागेको र सो कोठाअगाडि ढोका नजिक अजय मण्डलले लगाउने गरेको स्कुल ड्रेस निलो सर्ट र गाढा निलो

पैन्टसमेतमा दिशा (पखाला) लागेको तथा निजले गरेको बान्ता पुरानो कपडाले पुछि ढोका नजिक प्लाष्टिकको बाल्टिनमा पानीभित्र उक्त कपडाहरु भिजाइ राखिएको अवस्थामा देखाइएअनुसारको चारकिल्लासहितको घटनास्थल मुचुल्का।

३) मृतक अजय मण्डलको **Cause of death is pending till forensic laboratory Report is obtained** भन्ने शव परीक्षण प्रतिवेदन।

४) म जिल्ला बारा कलैया उप.म.न.पा. वडा नं. १ स्थितमा रहको श्री नमुना राष्ट्रिय निम्न माध्यमिक विद्यालय कलैयामा ३ बर्षअगाडि देखि कार्यालय सहयोगीको काम गरी आइरहेकोमा मिति २०७५।०९।०९ गते विहानको अं.०९.०० वजेको समयमा विद्यालयमा आई कक्षा कोठासमेत खोली सरसफाइ गरी। सोही विद्यालयको मेन गेटमा बसिरहेकोमा वेला वेलामा घण्टी हान्न र चिया तथा नास्तासमेत खरिद गरी ल्याई दिइआएकोमा विहानको १०.०० वजेको समयमा जिल्ला बारा कलैया उप.म.न.पा. वडा नं. १ कटी पर्सा बस्ने बिरेन्द्र मण्डलको छोरा बर्ष १४ को अजय मण्डल विद्यालय आएको देखेको हो। निज कक्षा ७ मा अध्ययन गर्ने विधार्थी हो। निज सोही दिनको के कति बेला स्कुलबाट घर गएको हो मलाई थाहा भएन। मिति २०७५।०९।१० गते विहानको ०९.०० वजेको समयमा विद्यालयमा आउँदा अजय मण्डलको मृत्यु भएको कुरा सुनी थाहा पाएको हो। निजको के कुन कारणबाट मृत्यु भएको कुरा मलाई थाहा भएन। सोही विद्यालयका शिक्षक सोनालाल यादवले अजय मण्डललाई कुटपिट गरेको कुरा मलाई थाहा भएन, मैले देखिन्न भन्ने समेत बेहोराको कृष्ण रामले गरेको कागज।

५) म जिल्ला बारा कलैया उप.म.न.पा. वडा नं. १ स्थितमा रहको श्री नमुना राष्ट्रिय निम्न माध्यमिक विद्यालय कलैयामा म कक्षा ७ मा अध्ययन गरिआएकोमा मिति २०७५।०९।०९ गते विहानको अं.१०.०० बजेको समयमा विद्यालयमा पढ्न आई कक्षा कोठामा बसिरहेको अवस्थामा मसँगै पढ्ने जिल्ला बारा कलैया उ.म.न.पा.वडा नं.१ कटी पर्सा बस्ने बिरेन्द्र मण्डलको छोरा बर्ष १४ को अजय मण्डल पनि आई कक्षा कोठाको पहिलो बेन्चमा बसिआएकोमा विद्यालयको शिक्षकले जाडो छ बाहिर चौरमा बसाई पहिलो घण्टी पुरुषोतम सरले सामाजिक विषय पढाइ गएपश्चात् दोस्रो घण्टी पढाउन भनी सोनालाल यादव सर आई नेपाली विषय पढाइ सकेपश्चात् हामी सबै जनालाई क्लासभित्र जाउ भनी पठाएकोमा हामी सबै जना कक्षा कोठामा गई बसेकोमा। कक्षा कोठाबाट मसँगै पढ्ने अजय मण्डललाई सोनालाल यादव सरले बोलाइ बिद्यालयको चौरमा लगी हातले टाउको र कानमा हिर्काउनुको साथै छडीले निजको खुट्टासमेतमा हिकाई निजलाई विद्यालयबाट तिमी गई हाल भनी बाहिर पठाएको कारण अजय मण्डल साइकल लिइगएको हो। अजय मण्डललाई सोनालाल यादव सरले के कुन विषयमा विद्यालयको चौरमा बोलाइ छडी तथा हातले कुटपिट गरेको मलाई थाहा भएन। हामीहरुको अगाडि कुटपिट गरेको हो। सोनालाल यादव सर पहिला पनि विधार्थीहरुलाई कुटपिट गरी आइरहनु भएको थियो। अजय मण्डलको मृत्यु भएको कुरा भोलिपल्ट सुनी थाहा पाएको हो भन्ने समेत एकै मिलान बेहोराको कक्षा ७ मा अध्यनरत रिमा मण्डल, पिंकी मण्डल,धर्मेन्द्र ठाकुरसमेतले गरेको कागज।

६) Positive test for carbamate insecticide भन्ने परीक्षण प्रतिवेदन।

७) अजय मण्डलको Carbamate insecticide Poisoning ले मृत्यु भएको भन्ने कलैया अस्पतालको च.न. ६३९ मिति २०७५।९।२३ को पत्र।

८) म जिल्ला बारा कलैया उप.म.न.पा. वडा नं. १ स्थितमा रहको श्री नमुना राष्ट्रिय निम्न माध्यमिक विद्यालय कलैयामा स्थायी शिक्षकको रुपमा आजभन्दा २ बर्षदेखि कक्षा ५ सम्म पढाइ आइरहेको छु। मिति २०७५।०९।०८ गते मैले सरुवा मिलानको लागि १ दिनको विदा लिई मिति २०७५।०९।०९ गते दिउँसोको अं.१५.०० वजेको समयमा कलैया स्थित रहेको मेरो डेरा कोठामा आई बसेको अवस्थामा सोही दिन वेलुका अं. १६.०० वजेको समयमा मैले पढाइ आएको विद्यालयको कक्षा ७ मा पढ्ने अजय मण्डल विमारी भएको र उपचारको लागि कलैया अस्पतालमा लगी उपचारकै क्रममा मृत्यु भएको कुरा सुनी थाहा पाएको हो। निजको मृत्यु के कुन कारणले भएको मलाई थाहा भएन। विद्यालयका शिक्षक सोनालाल यादव सरले कुटपिट गरेको मलाई थाहा भएन भन्ने समेत बेहोराको शिक्षक हरि कञ्चन चौधरीले गरेको कागज।

९) जिल्ला बारा कलैया उपमहानगरपालिका वडा नं.१ स्थितमा रहेको श्री नमुना राष्ट्रिय निम्न माध्यमिक विद्यालय कलैयामा कक्षा ७ मा अध्यनरत छोरा बर्ष १४ को अजय मण्डल सधै झै मिति २०७५/०९/०९ गते विहान १०.०० वजेको समयमा आफू अध्यनरत बिद्यालयमा पढ्न गएकोमा सोही दिन दिउसो करिब १२.०० वजेको समयमा सोही बिद्यालयका शिक्षक सोनालाल यादवले छोरा अजय मण्डललाई गृहकार्य नगरेको निहुमा कक्षाका सम्पूर्ण विधार्थीहरुको अगाडि निर्घात रुपमा कुटपिट गरी छोरालाई मरणासन्न अवस्थामा पारी उपचारतर्फ कुनै पहल नगरी छोरा काम्न थालेपछि जानी जानी विद्यालयबाट बाहिर निकालिदिएको कारणबाट छोरा घरमा आई छटपटाइरहेको अवस्थामा कलैया बजारबाट घरमा आएका मेरो भाई हरेन्द्र मण्डलले छोरालाई सो अवस्थामा देखि सोधपुछ गर्दा छोराले सम्पूर्ण कुरा बताई अचेत भएकोमा तत्काल स्थानीयसमेतको सहयोगमा उपचारार्थ कलैया अस्पतालमा लगी उपचार गराइरहेको अवस्थामा निज छोराको मृत्यु भएको हुँदा छोरालाई कुटपिट गर्ने शिक्षक सोनालाल यादवलाई कानुनबमोजिम कारवाही गरी उचित क्षतिपूर्तिसमेत दिलाइ भराइ पाउँ भन्ने समेत बेहोराको मृतकको बाबु बिरेन्द्र मण्डलको जाहेरी दरखास्त।

१०) म करिब ५ वर्षदेखि जिल्ला बारा कलैया उपमहानगरपालिका वडा नं.१ स्थितमा रहेको श्री ने.रा.नि.मा.वि. कलैयामा कार्यरत रही कक्षा ६,७ र ८ मा नेपाली र कम्प्युटर बिषय पठाउदै आएको छु। कक्षा ७ मा मेरो प्रत्येक दिन दोश्रो घण्टी नेपाली र अन्तिम घण्टी कम्प्युटर विषय पर्छ। मिति २०७५/०९/०९ गते विहान ११.०० वजे मैले आफ्नो दोश्रो घण्टी लिन कक्षा सातमा जाँदा जाडो मौसम भएको कारण कक्षाका सम्पूर्ण विद्यार्थीहरुलाई कक्षाबाहिर मैदानमा निकाली पढाउन सुरु गर्दा सोही कक्षामा अध्यनरत छात्रा कञ्चन ठाकुरले म घर जाँदा आउँदा अजय मण्डलको घरको बाटो भएर आउने जाने पर्ने भएकोले, म घर जाने क्रममा सोही कक्षामा अध्ययनरत अर्थात मृतक अजय मण्डलले मलाई जिस्काउने गरेको भनी रिपोर्ट गरेकी हुँदा मैले तत्काल विद्यालयका प्र.अ.सुकदेव प्रसाद यादवलाई बोलाइ ल्याई कञ्चन ठाकुरले मलाई यसरी रिपोर्टिङ्ग गरेको कुरा भन्दा निज प्र.अ.समेत भई अजय मण्डललाई यो उमेर पढ्ने उमेर हो, आफ्नै साथीलाई

जिस्काउनु हुँदैन, तिम्रो भबिष्य बिग्रिन्छ, पढ्नु छैन भने घर जा भनी जस्ता कुरा गरी सम्झाइ बुझाइ गर्दा निजले १२.०० वजेको समयमा म घर जान्छु भनी भन्दा मैले हुन्छ जा भनी विद्यालयका पियन कृष्ण रामलाई इसारा गरी ढोका खोली दिनुहोस् भनी आदेशसमेत दिई निज अजय मण्डललाई घर पठाएको हो। निज अजय मण्डललाई होमवर्क नगरेको निहुमा कुटपिट गरेको छैन तर विद्यालयबाट पढाइ नसकी वा अभिवावकलाई जानकारी नगराई निजलाई घर पठाउनु मेरो गल्ती हो भन्ने समेत बेहोराको प्रतिवादी सोनालाल यादवको बयान कागज।

११) मिति २०७५/०९/०९ गते विहान १०.०० वजे विद्यालय आई प्र.अ.ले लगाए अह्राएबमोजिमको कार्य गरी आएकोमा सोही दिन टिफिनपछि दिउसो अं.१४.०० वजेको समयमा कञ्चन ठाकुरको बाबु म बसेको स्थानमा आउँदा शिक्षक सोनालाल यादव र प्र.अ. शुकदेव यादवसमेत आई कुराकानी गर्ने क्रममा सोनालाल यादवले आज मैले २ थप्पड हिर्काइ अभिभावक बोलाउन पठाएको छु। तपाई पिर नमान्नु छोरी कञ्चन ठाकुरलाई पढ्न पठाउन कुनै अप्ठयारो हुँदैन भनी सम्झाइ पठाएको हो मैले देखेको हुँ। सोही दिन बेलुका निज अजय मण्डलको उपचारको क्रममा मृत्यु भएको कुरा सुनी थाहा पाएको हो भन्ने समेत बेहोराको शिक्षक जयप्रकाश यादवले गरेको कागज।

१२) मिति २०७५/०९/०९ गते विहान १०.०० वजेको समयमा मसँग पढ्ने अजय मण्डल कक्षाकोठामा आई बसेका थिए। दोश्रो घण्टीमा सोनालाल यादव सर आई नेपाली बिषय पढाइ सकेपश्चात् हामीहरुलाई कक्षा कोठाभित्र पठाई अजय मण्डललाई चौरमा लगी हातले अजय मण्डलको टाउकोमा र कानमा हिर्काइ पठाउदा निज कक्षा कोठामा आई आफ्नो झोला लिई कोठाबाट बाहिर निस्की साइकल लिई कम्पाउण्डबाहिर गएको हो। सोही दिन बेलुका निज अजय मण्डलको मृत्यु भएको कुरा सुनी थाहा पाएको हो। सोनालाल सरले के कुन विषयमा कुटपिट गरेको हो मलाई थाहा भएन। मलाई कोही कसैले जिस्काएको छैन। अजय मण्डल मेरो छिमेकी भाई नाता पर्छ भन्ने समेत बेहोराको कञ्चन ठाकुरले गरेको कागज।

१३) मिति २०७५/०९/०९ गते विहान १४.०० वजेको समयमा घरबाट कलैया बजारतर्फ गई रहेकोमा छोरी कञ्चन ठाकुर पढ्ने गरेको विद्यालयअगाडि विद्यलायमा जाँदा शिक्षक सोनालाल यादवले तपाई किन आएको जानुस् मैले मिलाइदिएको छु भनी मलाई पठाएको हो। सोही दिन बेलुका निज अजय मण्डलको मृत्यु भएको कुरा सुनी थाहा पाएको हो। मेरो छोरीलाई निजले जिस्काएको सम्बन्धमा मलाई थाहा छैन भन्ने समेत बेहोराको गम्भीरा ठाकुरले गरेको घटना विवरण कागज।

१४) मिति २०७५/०९/०९ गते विहान १०.०० वजेको समयमा विद्यालयमा आई शिक्षकहरुको अभाव भएको कारण कक्षा ४ मा पढाइ कक्षा ८ मा पढाउन गई कक्षाबाट बाहिर निस्कने समयमा शिक्षक सोनालाल यादवले कक्षा ७ का विधार्थीहरुलाई चौरमा राखी सोही कक्षामा पढ्ने अजय मण्डललाई २ थप्पड हिर्काइ निजलाई विद्यालयको कम्पाउण्ड बाहिर पठाएको मैले देखेको हो। त्यसपश्चात् सोनालाल सरले मलाई बोलाइ कञ्चन ठाकुरलाई जिस्काएको हुँदा निजलाई २ थप्पड हिर्काइ अभिभावक बोलाइ लिई आउन भनी पठाएको हो भनी जानकारी गराउदा जानकारी पाएको हो। सोही दिन वेलुका निज अजय मण्डलको मृत्यु भएको सुनी किन मृत्यु भएको भनी स्थानीय समेतबाट

बुझ्दा विष सेवन गरेको कारण उपचारको क्रममा मृत्यु भएको हो भन्ने कुरा सुनी थाहा पाएको हो भन्ने समेत बेहोराको विद्यालयका प्र.अ.शुकदेव यादवले गरेको घटना विवरण कागज।

१५) मिति २०७५/०९/०९ गते वेलुका अं.१६.०० वजेको समयमा अजय मण्डलको मृत्यु भएको र सो सम्बन्धमा बुझ्दा विद्यालयका शिक्षक सोनालाल यादवले निजलाई कुटपिट गरी विद्यालय बाहिर निकालेको हुँदा निज घरमा आई बेहोस भएकोमा उपचारको क्रममा निजको मृत्यु भएको हो। निजले कुनै गल्ती गरेको भए पनि शिक्षक सोनालाल यादवले अभिभावकलाई जानकारी दिनुपर्नेमा सो समेत नदिई कुटपिट गरेको हुँदा निजलाई कानुनबमोजिम होस् भन्ने एकै मिलान बेहोराको जनक महतोसमेतले गरेको घटना विवरण कागज।

१६) मिति २०७५/०९/०९ गते विहान १०.०० वजेको समयमा श्री नेपाल राष्ट्रिय नमूना नि. मा. विद्यालय, कलैया, वारामा पढ्न गएका छोरा अजय मण्डललाई शिक्षक सोनालाल यादवले कुटपिट गरेको कारण निज छोराको मृत्यु भएको हुँदा कारवाही गरिपाउँ भन्ने बिरेन्द्र मण्डलको जाहेरी दरखास्त परेको प्रस्तुत मुद्दामा कलैया उपमहानगरपालिका वडा नं.१ कटी गाउँ स्थित आफ्नै घरकोठाभित्र खाटमा दिशा र बान्ता गरेको नाकबाट तरल पदार्थ र मुखबाट बान्ता निस्की गन्ध आएको भन्ने घटनास्थल तथा लास जाँच मुचुल्काबाट देखिएको, निज मृतक अजय मण्डलको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण **Cause of death is pending till forensic laboratory Report is obtained.** भन्ने उल्लेख भएको र केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनमा परीक्षणको लागि पठाइएको नमूनाहरुमा Carbamate insecticide रहेको पाइएको भनी परीक्षण प्रतिवेदनमा उल्लेख भई आएकोले निज मृतकको मृत्युको कारण खुलाई पठाउन कलैया अस्पतालमा पत्राचार भएकोमा निज मृतक अजय मण्डलको Carbamate insecticide Poisoning ले मृत्यु भएको भनी खुलिआएको हुँदा निज मृतक अजय मण्डलको मृत्यु Carbamate insecticide नामक विषादी सेवन गरेको कारणबाट मृत्यु भएकाले प्रतिवादी शिक्षक सोनालाल प्रसाद यादबले जाहेरवालाको छोरालाई कुटपिट गरेको होइन पढ्नु मन छैन भने घर जाउ भनी विद्यालयबाट बाहिर पठाइदिएको हुँ भनी वयान गरेको भए तापनि सोही विद्यालयका विधार्थीहरु रिमा मण्डल, पिंकी मण्डल, धर्मेन्द्र ठाकुर, कञ्चन ठाकुर तथा प्र.अ. सुकदेव यादब, शिक्षक हरि कचन चौधरी, जय प्रकाश यादबले यी प्रतिवादीले विद्यालयमा जाहेरवालाको छोरा अजय मण्डललाई कुटपिट गरी विद्यालयबाट निकाली दिएको र निज अजय मण्डल घरमा आई निजको मृत्यु भएको सुनी थाहा पाएको हो भनी लेखाई दिएको कागज तथा सोही बेहोरा समर्थित हुने गरी बुझिएका जनक महतो धानुकसमेतले गरिदिएको घटना विवरण कागजबाट प्रतिवादी सोनालाल प्रसाद यादबले विद्यालयको प्राङ्गणमा सवै विधार्थीहरुको सामुन्नेमा पढ्न आएका विद्यार्थी जाहेरवालाको छोरा अजय मण्डललाई कुटपिट गरी विद्यालयबाट वाहिर निकाली दिएको कारण निज अजय मण्डलले सो कुटपिट र विद्यालयबाट निकाला गरेको कारण अपमानित भएको कारण विष सेवन गरी आत्महत्या गरेको देखिँदा निज प्रतिवादी सोनालाल प्रसाद यादबले निज बालकलाई आत्महत्या गरी मर्नेसम्मको परिस्थिति खडा गरेकोले प्रतिवादी सोनालाल प्रसाद यादबलाई मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १८५(१) को कसुरमा ऐ. ऐनको दफा १८५(२) बमोजिम सजाय गरी मृतकका हकदारलाई प्रतिवादीबाट ऐ. ऐनको दफा

१८६ बमोजिम मनासिव क्षतिपूर्ति दिलाइ भराइ पाउनसमेत मागदावी लिइ दायर भएको अभियोगपत्र।

१७) मृतक मैले पठाउने कक्षा ७ को नै विद्यार्थी हो। निजको मृत्यु के कुन कारणले कसरी भएको हो। सो बारे जानकारी भएन तर मिति २०७५।०९।०९ गते मृतक अजय मण्डलले सोही बिद्यालयको कक्षा-७ मा पढ्ने कञ्चन ठाकुरलाई बाटोमा जिस्काउने गरकोमा निजले नै मलाई र सोही स्कुलको हेडसरलाई अजय मण्डलको बारेमा भनेकोले म र हेडसरले अजय मण्डललाई बोलाइ सम्झाइ बुझाइ पढ्ने बेलामा के यस्तो गरेको पढ्ने भए राम्ररी पढ नत्र तेरो भविष्य नै बर्बाद हुन्छ भनी कक्षामा बस्न लगाएको थिए। सो पश्चात् दोस्रो घण्टीमा म र हेड सर भएको ठाउँमा आई घरमा काम छ। म घर जान्छु भनी आग्रह गरेकोमा हामीले घर पठाएको हो। सोही दिन निजको मृत्यु भएको जानकारी भएको हो। मैले अजय मण्डललाई कुटपिट वा थप्पड हानेको तथा कुनै अपमानजनक व्यवहार गरेको छैन। कृष्ण कुमार रामले गरिदिएको घटना विवरण कागज ठिक हो। मैले बिद्यालयमा बिद्यार्थीलाई कुटपिट गर्ने गरेको छैन। पिटेर पढाउने हाम्रो स्कुलको सिस्टम होइन। मैले जाहेरवालाको छोरा अजय मण्डललाई मिति २०७५।०९।०९ गते कुटपिट एवं अपमानित गरी आत्माहत्या गर्नेसम्मको बातावरण सृजना नगरेकोले अभियोग दावीबमोजिम सजाय हुनुपर्ने होइन। म निर्दोष छु भनी प्रतिवादी सोनालाल यादवले यस अदालतमा गरेको बयान।

१८) मिति २०७५/११/०८ गते थुनछेकको आदेश हुँदा प्रतिवादीलाई मुद्दा पुर्पक्षको लागि कारागार कार्यालय पर्सामा थुनामा राखु भनी आदेश भएको।

१९) मिति २०७५।११।०८ गतेका दिन भएको थुनछेक आदेशउपर प्रतिवादीको चित नबुझी अ.बं. १७ नं. बमोजिमको निवेदन उच्च अदालत जनकपुर, अस्थायी इजलास बीरगंजबाट कैफियत प्रतिवेदन माग भई निज प्रतिवादीसँग रु ५०,०००।– पचास हजार धरौट माग भई निजले दाखेल गरी तारेखमा रहेको।

२०) मृतक अजय मण्डललाई सोनालाल सरले कुटपिट गरी कक्षा कोठाबाट निकाले हो। सोही कारणले वा के कुन कारणले बिष सेवन गरेको हो मलाई थाहा जानकारी भएन भन्ने समेत बेहोराको बुझिएका मानिसहरु कञ्चन कुमारी ठाकुर, धर्मेन्द्र ठाकुर, शिक्षक जय प्रकाश यादव, हरि कञ्चन चौधरी, कृष्ण रामले एक मिलानको छुट्टाछुट्टै गरेको बकपत्र मिसिल सामेल रहेको।

२१) घटना विवरण कागजमा भएको बेहोरा र त्यसमा भएको सहीछाप मेरै हो भन्ने समेत बेहोराको घटनाविवरण कागज गर्ने गम्भीरा ठाकुरले गरेको बकपत्र, मृतकलाई सोनालाल सर सम्झाइ बुझाइ अभिभावकलाई बोलाइ लिएर आउनु भनी पठाएका थिए भन्ने कुटपिट गरेको होइन भन्ने समेत बेहोराको घटनाविवरण कागज गर्ने शिक्षक सुकदेव यादवले गरेको बकपत्र मिसिल सामेल रहेको।

२२) प्रतिवेदनमा भएको बेहोरा मैले तयार पारी सहीछाप गरेको ठिक हो भन्ने समेत बेहोराको प्रतिवेदक उपेन्द्र साहले गरेको बकपत्र, मेरो छोरा ९.३० बजे स्कुलमा पढ्न गएको थियो। होमवर्क नबनाएको निहुमा प्र. सोनालाल यादवले निजलाई कुटपिट गरी टाउको पर्खालमा ठोकाई सबै टिचर विद्यार्थीहरुको सामुने गाली बेइजत्ती गरी मेरो क्लासबाट वाहिर जाउँ र मेरो क्लासमा नआउँ भनी मरणासन्न अवस्थामा पुऱ्याइदिएका थिए। मेरो छोरा स्कुलबाट वाहिर निस्केपछि वाहिर २ जना

मान्छे भेटेपछि ओछ्यानमा छटपटाइरहेको अवस्थामा मेरो भाई हरेन्द्र मण्डलले हस्पिटल पुऱ्याएको र पछि मेरो छोराको उपचारको क्रममा मृत्यु भएको हो। निज सोनालाललाई कडाभन्दा कडा सजाय हुनुपर्छ भन्ने समेत बेहोराको जाहेरवाला बिरेन्द्र मण्डलले यस अदालतमा गरेको बकपत्र मिसिल सामेल रहेको।

अदालतको ठहर

यसमा साप्ताहिक तथा आजको दैनिक पेशी सूचीमा चढी सुनुवाइको लागि इजलाससमक्ष प्रस्तुत भएको मुद्दामा बादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनुभएका विद्वान् जिल्ला न्यायाधिवक्ता श्री महेन्द्र बहादुर थापा तथा जाहेरवालाको तर्फबाट रहनु भएका विद्वान् अधिवक्ता श्री श्यामविहारी प्रसाद, श्री परमहंश केसरी र प्रतिवादीको तर्फबाट रहनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री मनमोहन तिमल्सिना, अधिवक्ता श्री ओमप्रकाश केसरीले गर्नुभएको वहस जिकिर सुनी मिसिल संलग्न कागजातहरुको अध्ययन गरी निर्णयतर्फ बिचार गर्दा यी प्रतिवादीलाई अभियोग मागदावीअनुसारको सजाय हुनुपर्ने हो होइन ? सोही बिषयमा न्याय निरुपण गर्नुपर्ने देखिन आयो।

यसमा प्रतिवादी सोनालाल प्रसाद यादवउपर मुलुकी अपराध (सिंहता) २०७४, को दफा १८५(१) कसुरमा सोही संहिताको दफा १८५(२) बमोजिम सजाय गरी ऐ को दफा १८६ बमोजिम मृतकका हकदारलाई प्रतिवादीवाट मनासिव क्षतिपूर्ति दिलाइ भराइ पाउनेसमेतको मागदावी रहेको प्रस्तुत मुद्दाको तथ्यहरु विश्लेषण गरी हेर्दा मेरो नावालक छोरा अजय मण्डल जिल्ला बारा कलैया न.पा.वडा नं.१ हाल परिवर्तित कलैया उप.म.न.पा.१ स्थित श्री नमुना राष्ट्रिय निम्न माध्यमिक विद्यालयमा कक्षा-७ मा अध्ययनरत थिए। निज सधै झै मिति २०७५/९/९ गते स्कुल गएकोमा के कुन कारणले मेरो छोराको गृहकार्य नगरेको निहुँमा निज शिक्षक सोनालाल यादवले ज्यानै लिने गरी मेरो छोरालाई निर्घात रुपमा कुटपिट गरी मरणासन्न अवस्थामा पारी निज काम्न थालेपछि जानी जानी प्राथमिक उपचारसमेत नगरी विद्यालयबाट निकालिदिएको कारण घर फर्की आई छटपटाइरहेको कारण घरमा कोही नभई भाई हरेन्द्र मण्डल अं.२:०० वजेतिर घर पुगी देखि छोरालाई सोद्धा सम्पूर्ण कुरा वताएको र अचेत भएकाले निजलाई पछि म समेतको सहयोगमा कलैया अस्पताल उपचार गर्न लगेकोमा उपचारकै क्रममा छोराको मृत्यु भएकोले प्रतिवादीले जानी जानी नियतपूर्वक मेरो छोराको ज्यान लिएकोले कारवाही गरिपाउँ भनी मृतकका पिता विरेन्द्र मण्डलले जाहेरी दिई उठान भएको प्रस्तुत मुद्दामा सो जाहेरी पूर्व स्कुलका नेपाली विषयका शिक्षक प्रतिवादी सोनालाल यादवले छोरालाई कुटपिट गरी पढाई नसकिँदै स्कुलबाट वाहिर निकाली दिएकाले र घर आउना साथ वान्ता गर्ने, काम्ने गरी हाल अस्पताल लगेकोमा उपचारकै क्रममा मृत्यु भएकोले सत्यतथ्य बुझि दोषीउपर कारवाही गरी हाल लास जिम्मा पाउँ भनी निवेदन दिएको देखिन्छ। सत्यतथ्य वुझ्दा स्कुलमा नेपाली शिक्षक सोनालाल यादवले मृतकसमेत कक्षा-७ मा पढ्ने विद्यार्थीहरुलाई वाहिर निकाली निज मृतक अजय मण्डललाई त जस्तो विद्यार्थी मेरो स्कुलमा चाहिँदैन भन्दै कुटपिट गरी स्कुलबाट वाहिर निकालिदिएको, निज आफ्नो झोला र साइकल लिई घरतर्फ गएकोमा घरमा कोही नभएको अवस्थामा निज घर कोठाभित्र खाटमाथि छटपटाइरहेको वेलामा निजको आमाले देखि कलैया अस्पताल ल्याई उपचार गरेको निजले कपडामा वान्ता गरेको, दिशा गरेको, नाकबाट तरल पदार्थ

निस्केको देखिएको, शिक्षक सोनालाल यादवले मृतकलाई अपमानित वेइज्जत हुने गरी साथीहरुको बिचा कुटपिट गरी स्कुलबाट निकाली दिई आत्महत्या दुरुत्साहन गर्नेसम्मको वातावरण श्रृजना गरेकाले निजलाई पक्राउ गरी दाखिला गरेको भन्ने समेत बेहोराको प्र.वा.नि.उपेन्द्र साहसमेतको प्रतिवेदन परेको देखिन्छ।
कलैया-६ स्थित कलैया अस्पतालको एमर्जेन्सी वार्डको वेड नं.१ मा मृतक लास रहेको, मुखबाट भोमिट गरेको, भोमिटको गन्ध आएको, नाकबाट तरल पदार्थ निस्केको, निलडामहरु नदेखिएको, घाँटी छाती पेटको अवस्था सामान्य, काटिएको घाउहरु नदेखिएको भन्ने समेत बेहोराको लास प्रकृति मुचुल्का रहेको, कलैया-१ स्थित मृतकको घरको काठको पलंगमा गुन्द्री ओछ्याएको तन्नामा दिशा पखाला लागेको, स्कुल ड्रेसमा समेत दिशा पखाला लागेको र सो कपडाहरु वाल्टिनमा भिजाइराखेको भन्ने समेत बेहोराको घटनास्थल मुचुल्का देखिन्छ। मृतकको शव परीक्षण प्रतिवेदनमा मृतकलाई अचेत अवस्थामा अस्पताल ल्याइएको, मुखबाट र नाकबाट Serous Secretion निस्केको, अन्य Normal अवस्था रहेको र मृत्युको कारण Forensic Laboratory report प्राप्त भएपछि दिइने भनी उल्लेख भएकोमा मृतकको Viscera report मा Carbamate Insecticide पाइएको उल्लेख भई कलैया अस्पतालको च.नं.६३९ मिति २०७५/९/२३ को पत्रबाट मृत्युको कारण Carbamate insecticide poisoning रहेको भनि खुलिआएको देखिन्छ।
घटना विवरण कागज गर्ने स्कुलका का.स.कृष्ण कुमार रामले वारदातको दिन मृतक आएकोमा निज कति वेला स्कुलबाट गएको हो थाहा भएन, कुटपिटको सम्बन्धमा मलाई थाहा छैन भनी खुलाएको देखिन्छ। स्कुलमा विद्यार्थी तथा मृतकका सहपाठीहरु रिमा मण्डल, पिंकी मण्डल, धर्मेन्द्र ठाकुरसमेतले मृतकलाई शिक्षक सोनालाल यादवले विद्यालयको चौरमा लगि टाउको र कानमा हिर्काउनुको साथै छडीले निजको खुट्टामा हिर्काइ निजलाई विद्यालयबाट गइहाल भनी वाहिर पठाएकोमा निज अजय मण्डल साइकल लिई वाहिर गएको हो भनी लगभग एकै मिलानको बेहोरा उल्लेख गराएको देखिन्छ। स्कुलका शिक्षक जयप्रकाश यादवले दिउँसो टिफिनपछि विद्यार्थी कञ्चन ठाकुरका पिता आएको र हेडसरसमेत भई कुराकानी हुँदा सोनालाल सरले मैले अजय मण्डलालई २ थप्पड हानी अभिभावक लिन पठाएको छु, तपाई चिन्ता नगर्नु छोरालाई पढ्न पठाउनु कुनै अप्ठयारो हुँदैन भनी सम्झाइ पठाएको हो भनेकाले सुनी थाहा पाएको भनी कागज गरेको देखिन्छ भने विद्यार्थी कञ्चन ठाकुरले सोनालाल सरले अजयलाई टाउको र कानमा हिर्काइ स्कुलबाट वाहिर पठाएको, भनी कागज गरेको देखिन्छ। अजय मण्डलले स्कुलमै पढ्ने कञ्चन ठाकुरलाई जिस्काउने गरेकाले सोनालाल सरले अजयलाई २ थप्पड हानी पठाएको भनी भनेको भनी प्रधानाध्यापक शुकदेव यादवले खुलाई कागज गरेका र कञ्चन ठाकुरका पिता गम्भीरा ठाकुरले वारदातको दिन आफू स्कुल गएकोमा सोनालाल सरले तपाई यहाँ किन आएको, मैले सम्झाइ पठाइसकेको छु भनी भनेकाले आफू फर्केको भनी कागज गरेको देखिन्छ।
अनुसन्धानमा प्रतिवादी सोनालाल यादवले मिति २०७५/९/९ गते विहान ११:०० वजेको समयमा विद्यार्थीलाई वाहिर निकाली पठाउन सुरु गर्दा सोही कक्षामा अध्ययनरत छात्रा कञ्चन ठाकुरले वाटाघाटामा अजयले जिस्काउने गरेको भनी रिपोर्ट गरेकोले निजलाई सम्झाइ वुझाइ गरेको र १२:०० वजेतिर निज आफै जान्छु भनेकाले विद्यालयका पियनलाई इसारा गरी गेट खोल्न आदेश गरेको हो, कुटपिट गरेको छैन भनी वयान गरेको देखिन्छ भने अदालतमा आई वयान गर्दा समेत सोही तथ्य उल्लेख गरी कसुरमा इन्कार

रही वयान गरेको देखिन्छ। जाहेरवालालगायत मौकामा कागज गर्ने कृष्ण कुमार राम, शुकदेव यादव, गम्भीरा ठाकुर, कञ्चन ठाकुरसमेतले अदालतमा आई वकपत्र गरेको देखिन्छ।

मेरो नावालक छोरा वर्ष १४ को अजय मण्डललाई शिक्षक सोनालाल यादवले मरणासन्न हुने गरी स्कुलमा कुटपिट गरी स्कुलवाहिर निकालिदिएकोले सोही वेलादेखि काम्ने, वान्ता गर्ने गर्दा मेरो छोरा विरामी भई उपचारार्थ कलैया अस्पताल लगेकोमा उपचारकै क्रममा छोराको मृत्यु भएको भन्ने पिता विरेन्द्र मण्डलको जाहेरी भई निजले अदालतमा आई वकपत्र गर्दा समेत सोही कुटपिटको कारण छोराको मृत्यु भएको उल्लेख गरेको देखिन्छ। जवकि प्रतिवादी सोनालाल यादवउपर मुलुकी फौजदारी संहिता, २०७४ को दफा १८५(१) को कसुरमा अभियोजन गरी आत्महत्या गर्न दुरुत्साहन दिएको कसुर निर्धारण गरेको देखिन्छ। मिसिल संलग्न तथ्यहरुबाट राष्ट्रिय निम्न माध्यमिक विद्यालयका नेपाली विषयका शिक्षक सोनालाल यादवले मृतक अजय मण्डललाई सामान्य कुटपिट गाली गरी स्कुलबाट निकालिदिएको विषयमा मृतकले विष सेवन गरी आत्महत्या गरेको देखिन्छ। जाहेरवालाको छोराको मृत्यु जाहेरवालाले जाहेरीमा र बकपत्र गर्दा उल्लेख गराए जस्तो कुटपिटको कारण भएको नदेखिई बिष सेवन गरी मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट पुष्टि भएको देखिएको छ। बिषादी मृतक स्वयंले सेवन गरी आत्महत्या गरेको र उक्त आत्महत्या गर्न शिक्षक सोनालाल यादवले दुरुत्साहन दिएको भन्ने प्रमुख अभियोग दावी रहेको देखिएको छ।

यहाँ दुरुत्साहन (Incitement) के हो ? र फौजदारी विधिशास्त्र (Criminal Jurisprudence) मा यसलाई कसरी परिभाषित गरिएको छ ? भन्ने बिषयमा केही चर्चा गर्नु सान्दर्भिक देखिन्छ।

दुरुत्साहन (Incitement) एक अपूर्ण अपराध (Inchoate offence) हो। सामान्य अर्थमा यसलाई अपूर्ण (Incomplete), प्रारम्भिक (Preliminary), तयारीको चरणको (Preparatory) वा अविकसित (Undeveloped) अपराधको रुपमा लिइए पनि यसलाई सामान्य अर्थभन्दा प्राविधिक (Technical) रुपमा बुझ्नुपर्दछ। कसुरदारले पूर्ण अपराध (Substantive offence) घटाउनको लागि वा त्यस्तो अपराधलाई प्रभाव पार्न (Effect) को लागि वा सो उद्देश्यले कुनै कार्य (Positive act) गरेको वा निश्चित कदम (Certain Step) चालेको हुनुपर्छ। अपूर्ण अपराधले कुनै Actual वा First order harm गरेको जस्तो नदेखिए पनि यसलाई Primary Liability नै मानिन्छ र पूर्ण अपराधमा झै अपराधका तत्वहरु आपराधिक कार्य Actus Rea र आपराधिक मनसाय Means Rea पुष्टि हुनुपर्दछ। अझ पूर्ण अपराधमा भन्दा अपूर्ण अपराधमा आपराधिक मनसाय झन् प्रकट र बिशेष रुपमा स्थापित हुनुपर्दछ। अपूर्ण अपराधका ३ तीन रुपहरु हुन्छन् Criminal Attempt (उद्योग) Conspiracy (षडयन्त्र) र दुरुत्साहन (Incitement) ती मध्ये दुरुत्साहन एक प्रमुख अपूर्ण अपराध हो।

आपराधिक दुरुत्साहन (Criminal Incitement) एक अपूर्ण अपराध भए पनि यो Relative liability अन्तर्गतको अपराध हो जसमा प्रत्यक्ष (Direct) र उद्देश्यमूलक (Purposeful) मनसायको आवश्यकता पर्दछ। यो कुनै अपराधको चरण (Stage of Crime) होइन तर यो कुनै पनि अपराधको चरणमा देखापर्न सक्छ। सामान्य अर्थमा दुरुत्साहनलाई परिभाषित गर्दा The encouragement of another person to commit crime, the action of provoking Unlawful behavior or urging someone to behave unlawfully भनी परिभाषित गर्न सकिन्छ। फौजदारी बिधिशास्त्रमा दुरुत्साहनलाई यसरी परिभाषित गर्न सकिन्छः-

Criminal incitement is an inchoate crime, where by the inciter instigates, persuades, encourages and command through the positive act to another person for committing a substantive offence with having direct intention.

आपराधिक दुरुत्साहन पुष्टि हुनको लागि आपराधिक कार्य र आपराधिक मनसाय पुष्टि हुनुपर्दछ। आपराधिक कार्यअन्तर्गत प्रतिवादीले अर्को व्यक्तिलाई कुनै अपराध गर्न उक्साएको हुनुपर्छ। त्यस्तो उक्साहट ठिक तवरले दुवैबिच संचार भएको पनि हुनुपर्छ। त्यस्तो संचार शब्दद्वारा वा कार्यद्वारा भएको हुन सक्छ। आपराधिक मनसायअन्तर्गत दुरुत्साहित व्यक्तिले कुनै निश्चित कार्य गरोस् भन्ने मनसाय दुरुत्साहन दिने व्यक्तिको रहेको थियौ साथै घटनाको तथ्य र परिस्थिति वारे प्रतिवादी जानकार थियो भन्ने स्थापित हुनुपर्छ।

मुलुकी अपराध संहिता, २०७४ को दफा ३५ मा कसैले कसुर गर्न दुरुत्साहन दिनु हुँदैन, कसैले कुनै कसुर गर्न उक्साएमा निजले दुरुत्साहन दिएको मानिनेछ भनी दुरुत्साहनको परिभाषा गरिएको छ। यसमा उक्साहट वा Incitement वा abetment लाई प्रमुख तत्व मानिएको छ। Means Rea प्रमुख तत्वको रुपमा रहेको हुन्छ। कसैले कसैलाई कुनै कसुर गर्न उक्साएको भन्ने कार्य कसुरदारको मनसाय (Intention) वाट पुष्टि हुनुपर्दछ।

आत्महत्या गर्न दुरुत्साहन दिने अपराधलाई हाम्रो मुलुकमा पहिलो पल्ट मुलुकी अपराध संहिता, २०७४ ले अपराधीकरण (Criminalization) गरेको हो। तसर्थ हाम्रो मुलुकमा यस अपराधसम्बन्धी कानुनी अभ्यास र नजिर भेटिदैन। अपराध संहिता, २०७४ को दफा १८५ मा आत्महत्या गर्न दुरुत्साहन दिन नहुने शीर्षकमा कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्ने सम्मको परिस्थिति खडा गर्न वा गराउन हुँदैन भन्ने व्यवस्था रहेको देखिन्छ। बेलायतमा Suicide Act, 1961 क्यानडामा Criminal Code, 1985, न्युजील्याण्डमा Crimes Act 1961 र अन्य पश्चिमी मुलुकहरुमा aiding or abetting or Counselling Suicide लाई अपराध मानी सजायको व्यवस्था गरेको छ। भारतीय अपराध संहिता IPC को दफा ३०६ मा आत्महत्या गर्न दुरुत्साहन दिनुलाई अपराध मानी सजायको व्यवस्था गरेको देखिन्छ। भारतीय सर्वोच्च अदालतले Sanjay Singh Vs State of Madhya Pradesh [(2002) 5 SCC 371] को मुद्दामा intention/means Rea is an essential ingredient to established offence under 306 of IPC भनी व्याख्या गरेको छ।

हालै भारतको जबलपुरस्थित मध्यप्रदेश उच्च न्यायालयले WP No. 11763/2018 को मुद्दामा Criminal Proceedings for abetment of Suicide cannot be initiated against a teacher if a student committed Suicide on feeling humiliated by punishment [www.LiveLaw.in] भनी फैसला गरेको छ।

अब प्रस्तुत वारदातको बिषयमा मिसिल अध्ययन गरी हेर्दा प्रतिवादी सोनालाल यादव स्कुलको शिक्षक र मृतक सोही स्कुलका विद्यार्थी रहेको देखिन्छ। स्कुलमा कुनै बिषयमा प्रतिवादी शिक्षकले विद्यार्थीलाई सामान्य कुटपिट र गाली गरेको तथा स्कुलबाट घर पठाइदिएको बिषयमा आफू अपमानित महसुस गरी विद्यार्थीले घर आई विष सेवन गरेको र सोही विष सेवनको कारणबाट विद्यार्थीको मृत्यु भएको देखिन्छ। यसमा प्रतिवादी र मृतकबिच कुनै पूर्व रिसइवी रहेको देखिँदैन न त प्रतिवादी र मृतकको परिवारबिच कुनै पूर्व इवी रहेको तथ्य मिसिलले पुष्टि गर्दछ। मृतक अजय मण्डलले कुनै Suicide note लेखेको अवस्था पनि

देखिँदैन। मृतकको मृत्युबाट प्रतिवादीले कुनै प्रतिफल प्राप्त गरेको वा भविष्यमा प्राप्त गर्ने अवस्थासमेत देखिएको छैन।

प्रथमतः प्रस्तुत वारदातमा शिक्षक सोनालाल यादवले कुटपिट गरी गाली गरी स्कुलबाट निकालिदिएकै कारण मृतकले विष सेवन गरी आत्महत्या गरेको भन्ने तथ्य स्थापित हुन आएको देखिँदैन। द्वितीयतः मृतकले शिक्षकको कुटपिट र अपमानको कारण नै आत्महत्या गरेको अवस्थामा समेत प्रतिवादीको Intention मृतकले आत्महत्या गरोस् भन्ने थियो भनी पुष्टि हुन सकेको देखिँदैन।

आत्महत्या गर्न दुरुत्साहन दिएको वारदातमा प्रतिवादीको Intention (मनसाय) मृतकले आत्महत्या गरोस् भन्ने थियो भनी स्पष्ट देखिनुपर्दछ र सो कार्यको लागि प्रतिवादीले मृतकलाई Incite गरेको वा Aids (सहयोग) गरेको स्पष्ट देखिनुपर्छ। प्रतिवादीले मृतकले आत्महत्या गरोस् भन्ने गलत मनसायले मृतकलाई उक्साएको वा आत्महत्या गर्न सहयोग गरेको र मृतकले समेत सो वमोजिम आत्महत्या गरी प्रतिवादीले चिताएको परिणाम (Intended Result) प्राप्त गरेको हुनुपर्छ। प्रतिवादीले मृतकउपर त्यस्तो परिस्थिति सिर्जना गरेको हुनुपर्छ जसमा मृतकले आत्महत्याबाहेक अन्य कुनै विकल्प नदेखि सो विकल्प रोजेको होस्। स्कुलको शिक्षक र विद्यार्थीको सामान्य सम्बन्ध हुनु र शिक्षकले गरेको व्यवहारको कारण आत्महत्या गर्नुलाई guilty mind को रुपमा व्यख्या गर्न सकिँदैन।

स्कुलमा प्रधानाध्यापक वा अध्यापकहरु वालवच्चा वा विद्यार्थीका लागि अभिभावक सरह हुन्छन्। अभिभावक सरह विद्यार्थीले गलत गरेको अवस्थामा विद्यार्थीकै भविष्यको लागि, स्कुलको मर्यादा र अनुशासनको लागि एवं विद्यार्थीलाई Correction गर्नको लागि सामान्य गाली गर्नु वा हप्काउनुलाई अन्यथा अर्थ गर्न मिल्दैन। अभिभावकको रुपमा रहेका अध्यापकले स्कुलमा विद्यार्थीको सर्वाङ्गीण भलाईको लागि अनुशासन कायम राख्न गरिएको कुनै कार्यबाट कुनै विद्यार्थीले embarrassment वा humiliation अनुभव गरी extraordinary रुपमा emotions देखाई sensitive भई आत्महत्या गर्ने जस्तो अकल्पनीय (drastic step) चाल्छ भने त्यसको लागि शिक्षकलाई आत्महत्या गर्न दुरुत्साहन दिएको भनी अर्थ गरी कसुर कायम गर्न सकिँदैन न त ऐनको मकसद नै त्यस्तो रहेको देखिन्छ।

अतः प्रतिवादीले मृतक नावालक वर्ष १४ का अजय मण्डललाई स्कुलको मर्यादा र अनुशासन कायम राख्न र निज विद्यार्थीको हितको लागि वारम्वार गल्ती नदोहोरियोस् भनी सम्झाइ गाली गरी सामान्य वल प्रयोग गरेको विषयलाई लिई विद्यार्थीले नचिताएको कदम चाल्छ भने त्यस्तो कार्यको लागि अध्यापकलाई जिम्मेवार वनाउन नसकिने, प्रतिवादीले मरोस् भन्ने कुनियत चिताई विद्यार्थीलाई कुटपिट गाली गरेको स्पष्ट नभएको समेतका आधार प्रमाणहरुबाट प्रतिवादीले अपराध संहिता २०७४ को दफा १८५(१) को कसुर गरेकोले सोही १८५(२) वमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दावी प्रमाण ऐन, २०३१ को दफा २५ वमोजिम पुष्टि हुन सकेको नदेखिँदा प्रस्तुत मुद्दाबाट प्रतिवादी सोनालाल प्रसाद यादवले सफाइ पाउने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु।

तपसिल खण्ड

- माथि ठहर खण्डमा लेखिएवमोजिम, प्रतिवादी सोनालाल यादवले अभियोग मागदाबीबाट सफाइ पाउने ठहरी फैसला भएकोले प्रतिबादीलाई केही गरिरहनु परेन.....१
- प्रतिबादी सोनालाल यादवले आरोपित कसुरबाट सफाइ पाउने ठहरी फैसला भएकाले निजले राखेको धरौटी रु ५०,०००।– पुनरावेदनको अवस्था नाघेपछि वा प्रस्तुत मुद्दाको अन्तिम कारवाही किनारा भएपछि ऐनको म्यादभित्र माग्न आए धरौटी फिर्ता दिनु भनी लेखा शाखालाई जानकारी दिनु २
- यो फैसलामा चित्त नबुझे ऐनका म्याद ७० दिनभित्र श्री उच्च अदालत जनकपुर अस्थायी इजलास, बीरगञ्जमा पुनरावेदन गर्न जानु होला भनी फैसलासहितको जानकारी जिल्ला सरकारी वकिल कार्यालय बारालाई दिनु.....३
- फैसलाको जानकारी जाहेरवालालाई दिनु.....४
- नक्कल माग्ने सरोकारवालाबाट ऐनबमोजिम लाग्ने नक्कल दस्तुर लिई नक्कल दिनु.....५
- प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नुका साथै फैसला अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु.....६

.....
रोशन गजुरेल
न्यायाधीश

पाना १५ को फैसला तयार पार्न सहयोग गर्नेः-
फाँटवालाः- ना.सु. रमेश प्रसाद यादव
(मुद्दा फाँट-६)
इति सम्वत २०७६ साल असार २ गते रोज २ शुभम.....।

प्रमाणीकरण मिति २०७६/५/१७

अदालतको छाप

श्री

जुम्ला जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री शिवप्रसाद खनाल

फैसला

मुद्दा नं. ०७६-C१-००१२

रजिष्ट्रेशन नं.-७९-०७६-०००३१

दायर मितिः २०७६।६।२८

कसुर ठहर निर्णय मितिः २०७७।८।३

सजाय निर्धारण फैसला मितिः २०७७।८।१७

मुद्दाः- आत्महत्या गर्न दुरुत्साहन।

कसुर ठहर निर्णय नं.- ११

सजाय निर्धारण निर्णय नं.- ३

वादीको नाम, थर र वतन

जुम्ला जिल्ला गुठीचौर गाउँपालिका वडा नं.३ बस्ने वर्ष २२ की सीता बुढाको जाहेरीले नेपाल सरकार.....१

साक्षी- जाहेरवाली सीता बुढा, चन्नसिला सुनार, निरु सुनार जमुना भट्टराई, शान्ती देवकोटा, गीता भट्टराई

कागजः

प्रतिवादीको नाम, थर र वतन

दलबहादुर भण्डारीको नाती लक्ष्मीबहादुर भण्डारीको छोरा जिल्ला चन्दननाथ नगरपालिका वडा नं.२ भण्डारीवाडा वस्ने अंगत भण्डारी १

साक्षीः- हरिबहादुर भण्डारी, बलबहादुर भण्डारी, मुनबहादुर भण्डारी, रतनबहादुर भण्डारी

कागजः-

अदालतबाट बुझेको

साक्षी

कागज

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ ले यस अदालतको अधिकारक्षेत्र अन्तर्गत दायर भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

तथ्य खण्ड

१. जाहेरी दरखास्त

मृतक मेरो दिदी रीता बुढालाई प्रतिवादी अंगत भण्डारीले बिवाह गर्छु भनी ललाई फकाई, आफू काठमाडौंमा जापानिज भाषा अध्ययन गर्छु सँगै काठमाडौं जाउँ मैले विवाह गरेको छैन म तिमीसँग बिवाह गर्छु भनी मिति २०७६।०५।१९ गते राति ७:३० बजेतिर गुठीचौर गाउँपालिका वडा नं. ३ बस्ने हाम्रो घरमा गई मेरी दिदी रीता बुढालाई काठमाडौं जाउँ भनी घरबाट ल्याई जुम्ला जिल्ला चन्दननाथ नगरपालिका वडा नं. ६ स्थित तिला कर्णाली होटलमा राखी बास बसी मिति २०७६।०५।२० गतेको दिउँसो अन्दाजी १२.०० बजेको समयमा मेरो दिदीबाट प्रतिवादी अंगत भण्डारीले नगद रू.४०००।- जुम्लाबाट काठमाडौं जाने बसको टिकट काट्न भनी मागी लिई गई मेरो दिदी रीता बुढालाई उक्त तिला कर्णाली होटलमा नै छाडी प्रतिवादी अंगत भण्डारी बसको टिकट काटी फर्की नआई मेरो दिदीलाई अलपत्र पारेको अवस्थामा मेरो दिदीले मोबाइलमा फोन गर्दासमेत मोवाइलको फोन स्विचअफ गरी उक्त स्थानबाट भागी बेपत्ता भएकोले उक्त होटलको साहुनीले मेरी दिदीलाई ऐ.२० गते दिउँसो र राति आफ्नो होटलमा शरण दिई होटलमा बास बसाली ऐ.२१ गते बिहान अं.८:०० बजेको समयमा हाम्रो घरमा खवर गरेकोले म जाहेरवाली सिता बुढा ऐ.२१ गते बिहान अं.९:०० बजेको समयमा दिदी रीता बुढाको खोजतलास गर्न उक्त तिला कर्णाली होटल आई पत्ता लगाउन नसकी फर्की चिन्तित अवस्थामा रहे भएका वखतमा मेरी दिदी रीता बुढाले ऐ.२१ गते बिहान अं.१०:०० बजेको समयमा जुम्ला जिल्ला चन्दननाथ नगरपालिका वडा नं. १ नाइकामूल भन्ने स्थानमा गई निज प्रतिवादी अंगत भण्डारीले आत्महत्या गर्न दुरुत्साहनसमेत गरी मर्ने वाध्यात्मक परिस्थिति सृजना गरेकाले नदीमा हामफाली आत्महत्याको दुरुत्साहन गरेको हुँदा प्रतिवादी अंगत भण्डारीलाई कानुनबमोजिम कारवाही गरिपाउँ भन्ने समेत बेहोराको जाहेरवाली सिता बुढाको मिति २०७६।५।२३ को जाहेरी दरखास्त।

२. बरामदी तथा खानतलासी मुचुल्का

जुम्ला जिल्ला चन्दननाथ नगरपालिका वडा नं. २ कालेखोलीस्थित पूर्व दलबहादुर थापाको खेतवारी, पश्चिममा नवराज बुढथापाको खेतवारी, उत्तरमा लालबहादुर शाहीको दुई तले घर र दक्षिणमा हिम भण्डारीको खेतवारी यति चार किल्लाभित्र रहेको भैरवबहादुर वुढाथापाको दुई तले घरको पूर्व मोहडा भएको तल्लो तलामा रीता बुढाले कोठा भाडामा लिई बसेको कोठाभित्र कानुनी रितपूर्वक प्रवेश गरी हेर्दा उक्त कोठाभित्र आत्महत्या दुरूत्साहन गरेको मुद्दामा प्रमाण लाग्ने कुनै पनि सवुद प्रमाणहरू फेला नपरेको बरामदी तथा खानतलासी मुचुल्का।

३. घटनास्थल मुचुल्का

जुम्ला जिल्ला चन्दननाथ नगरपालिका वडा नं.१ नाइकामुल स्थित पूर्व पश्चिममा तिलानदी उत्तरमा जनक नगरकोटीको धानवाली लगाएको खेत र दक्षिणमा तिलानदी यति चार किल्लाभित्र तिलानदीको बिच भागमा मिति २०७६।०५।२१ गते बिहान १०:०० बजेको समयमा तत्काल अं. ४ की महिला सेतो टिसर्ट, कालो पलाजु लगाएकी सोही तिलानदीमा पश्चिम सिरान पूर्व गोड्यान

भई पानीमाथि उत्तानो अवस्थामा तैरिरहेको अवस्थामा बगिरहेको भनी देखाइएको घटनास्थल चार किल्लासहितको मिति २०७६।५।२३ को घटनास्थल मुचुल्का ।

४. घटनास्थल/लास जाँच प्रकृति मुचुल्का

जुम्ला जिल्ला तिला गाउँपालिका वडा नं. ३ तुनीखोला स्थित तिलानदीको उत्तरी छेउमा किनारको पूर्वमा तिलानदीको बगर पश्चिममा पानी तिलानदीकै बगर उत्तरमा शुसिल भट्टराईको धानवारी र दक्षिणमा तिलानदी यति चार किल्लाभित्र रहेको तिलानदीको उत्तरी किनारमा रहेका चारवटा दुङ्गाहरूको बिचमा घोप्टो अवस्थामा पछि जुम्ला जिल्ला गुठीचौर गाउँपालिका वडा नं. ३ बस्ने घनबहादुर बुढाले मृतक लास मेरी बहिनी रीता बुढाको हो भनी नाक र खुट्टाबाट हेरी चिनी निज बहिनीकै हो भनी सनाखत गरिदिएको भन्ने समेत बेहोराको मिति २०७६।५।२८ को घटनास्थल लास जाँच मुचुल्का ।

५. शव परीक्षण प्रतिवेदन

मृतक रीता बुढाको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Drowning भन्ने उल्लेख भएको।

६. प्रतिवादीले अनुसन्धानको क्रममा गरेको बयान

म र रीता बुढासँग फेसबुकमा कुराकानी भई फोनमार्फत कुराकानी हुने गर्थ्यो। फोनमा कुरा हुँदै जाने क्रममा मिति २०७६।०५।१८ गते हामी दुबै जना भेट्ने भन्ने कुरा भएपछि म रीता बुढा बस्ने ठाउँ कालीखोली नजिक आई हामी दुवैले परिचय गरौ भन्ने कुरा भएपछि हामी दुबै जना कुराकानी गर्दै कैलास बोर्डिङ स्कुल हुँदै माथि डाँडामा गई २/३ घण्टा बसी कुराकानी गरी मैले र रीता बुढाले मोबाइलबाट फोटो खिचौं रीता बुढाले मेरो मोबाइल हेरेपछि मेरो र श्रीमतीको फोटो देखि मलाई को हो भनी सोध्दा मैले विवाह गरेको छु। मेरो श्रीमती छ भनेपछि सोही दिनको २/३ बजेको समयमा दुबैजना जुम्ला बजार आई रीता बुढा आफ्नो कोठामा गइन् म आफ्नो घरमा फर्केको हुँ। सोही दिन राति हामी दुबै जनाबिच १५/२० मिनेटसम्म कुराकानी भई भोलि भेट्ने भन्ने कुरा भएको थियो। मिति २०७६।०५।१९ गते दिनको ४:०० बजेको समयमा हामी दुबै जनाले भेटी राजिकोमा १ घण्टा जति बसी कुराकानी गरेको हौं। पछि निज रीता बुढाले म आफ्नो घर गर्ज्याङकोट जान्छु मलाई माथि देपालगाउँसम्म पुऱ्याइदिनु भनेपछि मैले देपाल गाउँसम्म पुऱ्याइदिएको हुँ। हामी दुबै जना देपाल गाउँ पुग्दा अध्यारो भइसकेको थियो। निज रीता बुढाले रात परिसक्यो तिमी यति बेला कहाँ जान्छौ यताका केटाहरु अलि हरामी छन्। तिमीलाई खतरा हुन सक्छ भनी मलाई रु.१०००।- रुपैयाँ दिई तिमी माथि झारझोला होटलमा बसौला म घर जान्छु भनी हामी दुबै जना कुराकानी गर्दै झारझोला स्थित होटलमा पुगी ९:०० बजेको हुँदा होटेल बन्द भैसकेको हुँदा हामी दुबै जनाको सल्लाहले निज रीता बुढाको घरमा जाने भन्ने कुरा भई रीता बुढाको घर नजिक पुगेपछि रीता बुढाले म एकछिन घर पुगेर आउँछु तिमी यहीं बस भनी रीता बुढा आफ्नो घरमा गई १० मिनेटपछि पुनः म भएको ठाउँमा आई हामी दुबै जना गाउँदेखि माथि सिमचौर भन्ने ठाउँमा गई त्यहाँ पनि होटेल बन्द भएको कारण निज रीता बुढाले मेरो बहिनीलाई फोन गर्छु। तिमीलाई मेरै घरमा बस्ने वातावरण मिलाउला भनी रीताले आफ्नो बहिनीलाई फोन गरी हामी दुबै जना रीताको घरमा गएका हौं। निजले खाना बनाई ल्याई खाना दिई मैले खाना

खाइसकेपछि म बसेको कोठामा कम्मल ल्याई सुत्न भनी आई म तल भुईंमा सुते र रीता बुढा माथि खाटमा सुति दुबै जनाबिच कुराकानी भई तिमी मेरो कोठामा आएको सबैलाई थाहा भइसक्यो, मेरो बेइज्जती हुन्छ, तिम्रो घरमा श्रीमती भए पनि केही फरक पर्दैन, बरु भगेर इन्डिया जाउँ भनी रीताले आफ्नो बाकसबाट रु.१०००००।-(दश हजार) पैसा निकाली हामी दुबै जना राति २:०० बजेको समयमा घरदेखि हिडी बिहान ०५:०० बजे जुम्ला बजार आई हामी दुबै जना जुम्ला बजारको बसपार्कको तिला कर्णाली होटेलमा बसेका हौ। मैले रीता बुढालाई सम्झाउदै म जापान जादैछु, तिमीले मलाई ५।६ बर्ष कुर्नुपर्छ भन्दा निजले नमानेपछि रीता बुढासँग बसको टिकट काट्छु भनी रु.४०००।- पैसा लिई निसकेर भागिगएको हुँ, मिति २०७६।५।२१ गते रीता बुढाले तिलानदीमा हामफाली आत्महत्या गरेको भनेन कुरा सुनी थाहा पाएको हुँ भन्ने समेत बेहोरा प्रतिवादी अंगत भण्डारीले अनुसन्धानको क्रममा मिति २०७६।५।३० मा गरेको बयान।

७. घटना विवरण कागज

(क) मिति २०७६।०५।२० गते बिहान अं. १०:०० बजेतिर अंगत भणडारी र रीता बुढा मैले जुम्ला जिल्ला चन्दननाथ नगरपालिका वडा नं. ६ बसपार्क स्थित संचालन गरेको तिला कर्णाली होटलमा एकदिनको लागि कोठा चाहियो, भोलि दुबै जना काठमाडौं जाने हो भनी मेरो होटलको ३ नं. कोठामा दुबै जना बसेका हुन्। सोही दिनको अं.१२:०० बजेसम्म बसी प्रतिवादी अंगत भण्डारी काठमाडौं जानको लागि टिकट काटेर तुरुन्तै आउँछु भनी मबाट रु. ४०००।-(चार हजार) मागी गई मोबाइलसमेत स्विच अफ गरेको छ, अहिलेसम्म आएको छैन, मेरो इज्जत लुट्यो अब म मर्छु, मैले मर्नबाहेक केही पनि छैन भन्दै मृतक रीता बुढाले सोही राति अं.२०.०० बजेतिर रूँदै मलाई भनेपछि मैले त्यस्तो गर्नु हुन्न, तिमीलाई मायाँ गर्ने भएपछि आज कतै गएको होला भोलि पर्सि आइहाल्छ, त्यसरी सानो मन बनाउनु हुन्न भनी सम्झाइ बुझाइ खाना खुवाइ मेरी छोरी गिता भट्टराईलाई निजसँग सुताएकी हुँ। ऐ. भोलिपल्ट २१ गते बिहान निज मृतक रीता बुढा काउन्टरमा आई दिदी हिसाब गर्नुहोस् जान्छु भनेपछि मैले तिमी कता जान्छौ भनी सोध्दा म जता पनि जान सक्छु घर त म जान्न भनेपछि मलाई डर लागि मैले रीताको आफन्तलाई फोनबाट बोलाइ रीता बुढालाई आफन्तहरु आउन्जेलसम्म कतै नजानु भनी सो पश्चात् म भान्छा कोठामा गई निजको घरबाट आफन्तहरु आएर लगे होलान् भन्ने सोची वास्ता गरिएन। मिति २०७६।०५।२८ गते रीता बुढाको जुम्ला जिल्ला तिला गाउँपालिका वडा नं.३ कुडारी स्थित तिलानदीमा मृत अबस्थामा लास फेला परी मृतकका आफन्तहरुले मृतक लास सनाखत गरी बुझेको भन्ने कुरा मैले थाहा पाएकी हुँ भन्ने समेत बेहोराको जमुना भट्टराईले मिति २०७६।५।३० मा गरेको घटना विवरण कागज।

(ख) मिति २०७६।०५।२१ गते बिहान १०.०० को समयमा नाइकेमूल स्थित तिलानदीमा हामीहरु वालुवा निकाल्ने काम गरिरहेको अवस्थामा एकजना महिला तिलानदीमा बगिरहेको देखि कसको लास हो वा जिउदै छ भनी प्रहरीलाई जानकारी गराउन आई पुनः सोही स्थानमा बालुवा निकाल्ने काम गरिरहेको थियौं। प्रतिवादी अंगत भण्डारीले मृतक रीता बुढाको घरमा

गई तिमीलाई विवाह गर्छु नभए झुन्डिएर मर्छु भनी विभिन्न बाहना बनाई ललाइ फकाइ गरी भगाएर ल्याई जुम्ला स्थित चन्दननाथ नगरपालिका वडा नं. ६ वसपार्क स्थित एक होटलमा राखी गाडीको टिकट लिन जान्छु भनी गई फर्केर नआई भागेकोले प्रतिवादी अंगत भण्डारीको कारणले नै गर्दा नै मृतक रीता बुढा तिलानदीमा हाम फाल्न बाध्य भएकी हुन्। मृतकका आफन्तहरूले उक्त लास चिनी सनाखत गरी बुझिलिएका हुन् भन्ने हामीले पछि सुनी थाहा पाएको हौं भन्ने समेत बेहोराको चन्नासिला सुनार र निरु सुनारले गरिदिएको एकैमिलानको मिति २०७६।५।३० को घटना विवरण कागज।

(ग) मिति २०७६।०५।१९ गते साँझ अं. १९:३० बजेको समयमा जुम्ला जिल्ला गुठीचौर गाउँपालिका वडा नं. ३ गज्याङ्कोट स्थित हाम्रो घरमा आई दिदीलाई म तिमीसँग बिवाह गर्छु यदि तिमी मसँग बिवाह गरी जान्नौ भने म झुन्डिएर मर्छु भनी बिभिन्न बहाना बनाई दिदीलाई ललाइ फकाइ गरेपछि सोही राति दिदीलाई घरबाट आफूसँग लगी गएको हो। मेरो दिदीलाई कहाँ लगेर गयो भन्ने मलाई थाहा थिएन। मिति २०७६।०५।२१ गते बिहान अं. ८.०० बजेतिर म तिला कर्णाली होटलकी साहुनी हुँ, तपाईको दिदीलाई एक जना केटाले मेरो होटलमा राखी टिकट काट्न जान्छु भनी मोबाइलसमेत स्विच अफ गरी भागी गएको छ, तपाई आफ्नो दिदीलाई लगेर जानुहोस् भनी फोनमार्फत भनेपछि मैले हुन्छ भनी दिदीलाई लिन भनी जुम्ला बजार आउने क्रममा जुम्ला जिल्ला चन्दननाथ नगरपालिका. वडा नं. १ तलिचौर पुग्दा सोही स्थान बस्ने निरु कामीसमेतका बालुवा निकाल्न तिलानदीतर्फ गएका महिलाहरुसँग भेट भएपछि निजहरुले एक जना महिला नाईकामुल भन्ने स्थानको तिलानदीमा बगिरहेको अवस्थामा हामीहरुले देखेका हौं भनेपछि म तत्काल डेरा कोठामा आई हेर्दा कोठाभित्र दिदीले चलाउने मोबाइल र कपडाहरुसमेत छरिएको अवस्थामा थिए। घटनाको बारेमा बुझ्दा निज प्रतिवादीले मेरी दिदीलाई उक्त तिला कर्णाली होटलमा राखी आफू पनि दिदीसँगै बसी मिति २०७६।०५।२० गते हामी दुबै जना काठमाडौं जानुपर्छ म टिकट काट्न जान्छु भनी दिदीबाट रु.४०००।-(चार हजार) मागी गई फर्की नआई मोबाइलसमेत स्विच अफ गरी दिदीलाई रोइरहेको अवस्थामा अलपत्र पारी छोडी भागी गई उक्त होटलको साहुनीले मिति २०७६।०५।२१ गतेसम्म सोही होटलमा बास बसाली शरण दिई दिदीलाई राखेकोमा प्रतिवादी अंगत भण्डारीकै कारण दुरुत्साहनबाट मेरो दिदी रीता बुढाले तिलानदीमा हामफाली बगी बेपत्ता भएकी भन्ने थाहा पाई मैले ऐ. भोलिपल्ट २३ गते प्रतिवादी अंगत भण्डारीको नाममा किटानी जाहेरी पेश गरेकी हुँ। यसरी आफू अविबाहित हुँ भनी आफ्नो वतनसमेत ढाँटी मेरो दिदीलाई ललाइ फकाइ बिभिन्न बहानामा झुक्यानमा पारी होटलमा राखी टिकट काट्न जान्छु भनी पैसासमेत मागी भागी गई आत्महत्या दुरुत्साहन गर्ने बाध्य बनाएकोले प्रतिवादी अंगत भण्डारीलाई हदैसम्मको कानुनबमोजिम कारवाही गरिपाउँ भन्ने समेत बेहोराको जाहेरवाली सिता बुढाले गरेको मिति २०७६।५।३१ को घटना विवरण कागज।

(घ) मिति २०७६।०५।२० गते बिहान प्रतिवादी अंगत भण्डारी र मृतक रीता बुढा हाम्रो होटेलमा एकदिनको लागि कोठा चाहियो भोलि हामी काठमाडौं जाने हो भनेपछि हाम्रो तिला कर्णाली होटलको कोठा नं. ३ मा बसेका थिए। उक्त दिन प्रतिवादी अंगत भण्डारी टिकट लिनको लागि करिव १२:०० बजेको समयमा बाहिर निस्किएपछि निज प्रतिवादी फर्किएर आएनन्। रातको २०.०० बजेतिर मृतक रीता बुढा रुँदै कराउदै मैले अहिलेसम्म बचाएको इज्जत लुट्यो अव म मर्छु मर्नुबाहेक अरु केही छैन भन्दा मेरो मम्मीले सम्झाइ बुझाइ गरी खाना खुवाइ मलाईसमेत उक्त रातमा निज मृतक रीता वुढासँग सुत्नको लागि पठाउनु भएको हो। उक्त रात हामीहरुसँगै सुतेका थियौ। निज मृतक रीता बुढाले प्रतिवादीको मोबाइल नम्बर मलाई दिई सम्पर्क गर्न खोजे तर फोन स्विच अफ आइरहेको थियो। म बिहान ७.०० बजेको समयमा उठिगए, रीता बुढा कति बेला हाम्रो होटेलबाट बाहिर जानुभयो मलाई थाहा भएन। मिति २०७६।०५।२१ गते राति हाम्रो होटेलमा प्रहरी टोली आई मृतक रीता बुढा यस होटेलमा बसेको हो भनी सोधपुछ गर्न आएका पछि निज रीता बुढाले जुम्ला जिल्ला चन्दननाथ नगरपालिका वडा नं. १ नाइकामुल स्थित तिलानदीमा हामफाली बेपत्ता भएको सुनि थाहा पाएको हुँ भन्ने समेत बेहोराको गीता भट्टराईले गरेको मिति २०७६।६।१४ को घटना विवरण कागज।

(ङ) मृतक रीता बुढा र जाहेरवाली सिता बुढा विगत ३ महिनादेखि मेरो घरमा कोठा डेरा गरी बस्दै आएका हुन्। २/४ दिनपछि म र बहिनी आउँछौ भनी आफ्नो घर गर्ज्याङ्गकोटतर्फ गएकी हुन्। मिति २०७६।०५।२१ बिहान ५.३० बजेको समयमा मृतक रीता बुढा मेरो घरमा आई ढोका खोल्दा मैले देखि निजलाई किन बिहानै आएको २/४ दिनपछि आउँछु भन्थ्यौ भन्दा निजले म नेपालगंज जाने हो भनी मैले वाटोमा नास्ता खानु भनी रु.३००।- रुपैयाँ दिएकी हुँ, निज कता गइन्, मलाई थाहा भएन, जाहेरवाली सिता बुढा रोही चिच्याइरहेको सुनी के भयो भनी भन्दा दिदी रीता बुढाले तिलानदीमा हामफाली बगेर गइन् भन्दै आफ्नो कोठामा गई रुन थालिन्। पछि बुझ्दै जाँदा प्रतिवादी अंगत भण्डारीले रीता बुढालाई ललाइ फकाइ गरी विवाह गर्छु भनी प्रलोभनमा पारी जुम्ला वजार ल्याई वसपार्कमा रहेको तिला कर्णाली होटलमा बास वसाली काठमाडौं जाने भनी टिकट लिएर आउँछु भनी भरोसा दिलाई होटलमा फर्की नआई सोही पिडा सहन नसकी रीता बुढाले मिति २०७६।०५।२१ गते बिहान १०.०० बजेको समयमा जुम्ला जिल्ला चन्दननाथ नगारपालिका वडा नं. १ नाइकामूल स्थित तिलानदीमा हामफाली बगिगएको भन्ने कुरा सुनी थाहा पाएकी हुँ भन्ने समेत बेहोराको शान्ती देवकोटाले गरेको २०७६।६।१८ को घटना विवरण कागज।

८. अभियोगपत्र

प्रतिवादी अंगत भण्डारीले मृतक रीता बुढालाई आत्महत्या गर्न वाध्य गराई मुलुकी अपराध संहिता २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको कसुर गरेको हुनाले निज प्रतिवादीलाई ऐ

सहिताको दफा १८५ को उपदफा (२) बमोजिम सजाय गरी प्रतिवादीबाट मृतकका परिवारलाई ऐ.दफा १८६ बमोजिम मनासिव क्षतिपूर्ति दिलाइ भराइ पाउँ भन्ने बेहोराको अभियोगपत्र।

९. प्रतिवादी अंगत भण्डारीले अदालतमा गरेको बयान

मृतक रीता बुढासँग मेरो फेसबुकमा कुराकानी हुने गर्थ्यो। मैले निजसँग बिवाह गर्छु भनी ललाइ फकाइ गरी अलपत्र पारेको होइन, मृतक रीता बुढाबाट काठमाडौं जान भनी टिकट काट्नको लागि रु.४०००।- मागी गई फर्की नआई अलपत्र पारी मेरै कारणबाट मृतकको मृत्यु भएको भन्ने जाहेरी झुटा हो, मैले केही पनि गरेको छैन भन्ने समेत बेहोराको प्रतिवादी अंगतले यस अदालतमा गरेको मिति २०७६।६।२८ को बयान।

१०. थुनछेक आदेश

प्रतिवादीले मृतक रीता बुढालाई ललाइ फकाइ बिवाह गर्ने बहाना बनाई मृतकलाई घरबाट भगाइ जुम्ला बजारको बसपार्क स्थित तिला कर्णाली होटलमा एकरात बसाली भोलिपल्ट मृतकलाई सोही होटलको कोठामा बस्न लगाइ काठमाडौं जाने बसको टिकट लिन भनी मृतकबाट रू.४०००।- पैसा मागी लिई तत्पश्चात् आफू भागी फरार भई मोबाइलसमेत स्विच अफ गरेकाले मृतकको इज्जतमा दाग लगाउने काम गरी बेइज्जत गराई आत्महत्या गर्नेसम्मको परिस्थिति खडा गरेकोले सोही परिस्थितिको कारण मृतक रीता बुढाले तिलानदीमा हामफाली आत्महत्या गर्ने बाध्य भएको भन्ने बेहोराको जाहेरी दरखास्त, प्रतिवादीले अनुसन्धानमा गरेको बयान, घटना विवरण कागज, शव परीक्षण प्रतिवेदनलगायतका कागजातबाट तत्काल प्राप्त प्रमाणबाट प्रतिवादी कसुरदार होइनन् भन्ने विश्वास गर्ने मनासिव आधार नदेखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल प्रतिवादीलाई थुनामा राख्ने गरी यस अदालतका निमित्त स्रेस्तेदारबाट मिति २०७६।६।२९ को आदेश मिलेकै देखिँदा कुनै परिवर्तन गरिरहनु परेन, प्रतिवादी चुक्ता भैसकेकाले प्रतिवादीले साक्षी राखेको देखिँदा साक्षी उपस्थित गराए सोही दिन पर्ने गरी अभियोगपत्रको प्रमाण खण्डमा उल्लिखित जाहेरवाली, देख्ने सुन्ने व्यक्तिहरु, मृतकको शव परीक्षण गर्ने मेडिकल अधिकृतसमेतलाई जिल्ला सरकारी वकिल कार्यालय जुम्लामार्फत बकपत्रार्थ यस अदालतमा उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय जुम्लामा पत्राचार गर्नु भन्ने समेत बेहोराको यस अदालतको मिति २०७६।७।१९ को आदेश।

११. वादी नेपाल सरकारको साक्षीको बकपत्र

(क)मिति २०७६।५।२३ मा मैले जिल्ला प्रहरी कार्यालय जुम्लामा दिएको जाहेरी दरखास्तमा भएको बेहोरा र सहीछाप मेरै हो हेरि सनाखत गरिदिए, प्रतिवादीले मृतक मेरो दिदी सिता बुढासँग फोन गर्थे, कहिलेकाहीं मसँग पनि फोन हुने गर्थ्यो, मिति २०७६।५।२० गते दिउँसो अं.१.०० बजेको समयमा मेरो दिदीले मलाई फोनबाट मैले प्रतिवादी अंगत भण्डारीलाई रु.४०००।- काठमाडौं जानेको लागि टिकट काट्न दिएकी छु, अब हामी काठमाडौं जान्छौं भनेपछि मैले राम्रोसँग जानुभएको थिए, सोपश्चात् दिदीसँग मेरो सम्पर्क भएको थिएन, एक्कासी मलाई मिति २०७६।५।२१ गते तिला कर्णाली होटलकी साहुनी जानकी भट्टराईले फोन गरी तपाईकी दिदी रीता बुढा यहाँ रोइरहेकी छिन, प्रतिवादी अंगत

भण्डारीले तपाईको दिदीसँग चार हजार रुपैयाँ मागी टिकट काट्न जान्छु भनी गएकोमा अहिलेसम्म आएको छैन भनेपछि म आफ्नो घरबाट राजासिमको कुलो हुँदा गइरहेकोमा त्यहाँ बालुवा बोक्ने महिलाहरुले एकजना महिला नदीमा बगेको देखेको हुँ भनेपछि म केही नबोली सो होटलमा गई पत्ता लगाउन नसकी मेरो डेरामा फर्केकी हुँ, प्रतिवादीकै कारणबाट मेरी दिदी रीता बुढाले पीडा सहन नसकी नदीमा हामफालेकी हुन् भन्ने समेत बेहोराको जाहेरवाली सिता बुढाले यस अदालतमा गरेको मिति २०७६।९।१५ को बकपत्र।

(ख) मिति २०७६।५।२८ मा मृतक रीता बुढाको शव परीक्षण मैले तयार गरेको हुँ, सोमा भएको बेहोरा र सहीछाप मेरै हो हेरि सनाखत गरिदिए, फोक्सो फुलिएको, करङ्गको छाप बसेको र भित्री भाग कुनै पनि चोट घाउहरु नरहेको मृतकको कारण डुबेर मृत्यु भएको देखिन्छ भन्ने समेत बेहोराको मृतकको शव परीक्षण गर्ने फरेन्सिक बिशेषज्ञ डा.देवेन्द्रमान पालिखेले यस अदालतमा गरेको मिति २०७६।९।१५ को बकपत्र।

(ग) मिति २०७६।५।२० गते प्रतिवादी अंगत भण्डारी र मृतक रीता बुढा मेरो होटलमा आई बास बसेका हुन्, मिति २०७६।५।३० गते जिल्ला प्रहरी कार्यालय जुम्लामा मैले गरेको घटना विवरण कागजको बेहोरामा मृतकको इज्जत लुटेको बाहेक अन्य सबै बेहोरा मेरै हो हेरि सनाखत गरिदिए भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने जमुना भट्टराईले यस अदालतमा गरेको मिति २०७६।९।१५ को बकपत्र।

(घ) मैले जिल्ला प्रहरी कार्यालय जुम्लामा मिति २०७६।५।३१ मा गरेको घटना विवरणको कागजको बेहोरामा तिलानदीमा महिला बगेको देखि प्रहरीलाई जानकारी गराई आफ्नो काममा लागेकी हुँ भन्ने बेहोराबाहेक अरु बेहोरा मेरो होइन, सहीछाप मेरै हो, हेरि सनाखत गरिदिए भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने चन्नसिला सुनारले यस अदालतमा गरेको मिति २०७६।९।१५ को बकपत्र।

१२. प्रतिवादीका साक्षीको बकपत्र

(क) मिति २०७६।५।१९ गते प्रतिवादीसँग भेट हुँदा आधा घण्टा जति बसी म आफ्नो घरतर्फ गएको हुँ, प्रतिवादी सोझा छन्, मृतकलाई आत्महत्या गर्न वाध्य पारेका होइनन् भन्ने समेत बेहोराको प्रतिवादीका साक्षी हरिबहादुर भण्डारीले यस अदालतमा गरेको मिति २०७६।९।१६ को बकपत्र।

(ख) जाहेरवालीले प्रतिवादी अंगत भण्डारीलाई किन जाहेरी दिएकी हुन् मलाई थाहा भएन, घरमा श्रीमती र आफू अध्ययन गरिरहेको अवस्थामा अरु केटीसँग लाग्ने नियतका मानिस होइनन् प्रतिवादीलाई सजाय हुनुपर्ने होइन भन्ने समेत बेहोराको प्रतिवादीका साक्षी मुनबहादुर भण्डारीले यस अदालतमा गरेको मिति २०७६।९।१६ को बकपत्र।

१३. आदेश

छुट साक्षी गिता भट्टराईसमेतका साक्षीलाई बुझ्नको लागि जिल्ला सरकारी वकिल कार्यालय जुम्लामार्फत यस अदालतमा उपस्थित गराउनु भनी जिल्ला सरकारी वकिल कार्यालय जुम्लामा

पत्राचार गरी आए बकपत्र गराई नियमानुसार पेश गर्नु भन्ने समेत बेहोराको यस अदालतको मिति २०७६।१२।४ को आदेश।

१४. वादी नेपाल सरकारको साक्षीको बकपत्र

(क) मिति २०७६।६।८ मा मैले गरेको घटना विवरण कागजमा भएको बेहोरा र सहीछाप मेरै हो, हेरि चिनी सनाखत गरिदिए, मृतक र जाहेरवाली सिता बुढा मेरो घरमा कोठाको व्यवस्था गरी बस्दै आएकी हुन, मिति २०७६ साल भदौ २० गते बिहान ५.३० बजेको समयमा मेरो कोठामा मृतक रीता बुढा आई मसँग नेपालगंज जादैंछु भनेपछि मैले खाजा खानु भनी रु.३००।- दिएकी हुँ, निज कता गइन्, मलाई थाहा भएन, ऐ.२१ गते बिहान जाहेरवाली सिता बुढा आफ्नो कोठामा रोई कराइ बेहोस भई तत्काल अस्पताल लगी होस् आएपछि दिदी रीता बुढा जुम्ला सिजा घर बताउने अंगत भण्डारी भन्ने मानिससँग गएकी थिइन, तिलानदीमा एकजना महिलाले हामफालिन् भन्ने सुनेको थिए भनेपछि सायद दिदी रीता बुढा हुन सक्छन् प्रहरीमा गएर खबर गर भन्दा निजका दाजुहरु प्रहरीमा खबर गर्न गएका हुन्, प्रतिवादी अंगत भण्डारी र मृतक रीता बुढासँग आएको मैले कहिले पनि देखिन भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने शान्ती देवकोटाले यस अदालतमा गरेको मिति २०७७।४।२० को बकपत्र।

(ख) मिति २०७६।६।१४ मा मैले गरेको घटना विवरण कागजमा भएको बेहोरा र सहीछाप मेरै हो, हेरि चिनी सनाखत गरिदिए, मृतक रीता बुढा मृत्यु हुनुभन्दा अघिल्लो रात हामीसँगै सुतेका हौ, बिहान म उठनुभन्दा पहिला नै हामी सुतेको कोठाबाट निस्की गइसकेकी थिइन, मैले मृतकको नाम मात्र सोधेकी हुँ, अन्य कुरा केही भएन, प्रतिवादी अंगत भण्डारीलाई नचिनेको हुँदा काठमाडौ जाने टिकट लिए नलिएको मलाई केही थाहा भएन भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने गिता भट्टराईले यस अदालतमा गरेको मिति २०७७।४।२० को बकपत्र।

१५. परीक्षण प्रतिवेदनपत्र

मृतक रीता बुढाको मृतक लासबाट निकालिएको भिषेरा परीक्षण रिर्पोट प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग सामाखुशी काठमाडौंको च.नं.६४२६ मिति २०७७।२।१५ को प्राप्त भई मिसिलसाथ संलग्न रहेको।

यस अदालतको ठहर

१६. नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ आज इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्धान निमित्त सहन्यायाधिवक्ता श्री शम्भु गौतमले प्रतिवादीले मृतकलाई प्रेमको बहाना गरी निजको घरमा गई विवाह समेत गर्ने आश्वासन दिई जुम्ला बजारको होलमा ल्याइ सँगै बसी मृतकसँग बसको टिकट लिनको लागि भनी रकमसमेत मागी मृतकलाई छाडी गएको कारण मृतकले आफ्नो इज्जतसमेत समाप्त भएको ठानी आत्महत्या गरेको हुँदा उक्त आत्महत्या गर्नुमा यी प्रतिवादीको भूमिका र कारण स्पष्ट देखिएको हुँदा प्रतिवादीलाई अभियोग दावीबमोजिम सजाय होस् भनी गर्नु भएको बहस सुनियो। प्रतिवादीको

तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री पदम बहादुर शाहीले प्रतिवादीले मृतकलाई आफू विवाहित भएको जानकारी गराई मृतकलाई विवाह गर्न असमर्थ भएको जानकारी गराएको, प्रतिवादी र मृतकबिचमा लामो र गहिरो प्रेम सम्बन्ध रहेको नदेखिएको, प्रतिवादीले आरोपित कसुरमा इन्कार रही बयान गरेको र मृतकलाई आत्महत्या गर्न उक्साएको समेत नदेखिएको समेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादीलाई अभियोग दावीबाट सफाइ हुने फैसला होस् भनी गर्नु भएको बहस सुनियो।

१७. उल्लिखित बहस सुनि मिसिलसमेत अध्ययन गरी हेर्दा प्रतिवादीले अभियोग दावीबमोजिमको कसुर गरेका हुन वा होइनन् भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

१८. निर्णयतर्फ विचार गर्दा वादी नेपाल सरकारले अभियोगपत्रमा प्रतिवादी अंगत भण्डारीले मृतक रीता बुढालाई आत्महत्या गर्न वाध्य गराई मुलुकी अपराध संहिता २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको कसुर गरेको हुनाले निज प्रतिवादीलाई ऐ सहिताको दफा १८५ को उपदफा (२) बमोजिम सजाय गरी प्रतिवादीबाट मृतकका परिवारलाई ऐ.दफा १८६ बमोजिम मनासिव क्षतिपूर्ति दिलाइ भराइ पाउँ भनी दावी लिएको देखिन्छ।

१९. मिसिल संलग्न घटनास्थल प्रकृति मुचुल्कामा जुम्ला जिल्ला चन्दननाथ नगरपालिका स्थित तिलानदीको बिचभागमा मिति २०७६।०५।२१ गते सेतो टिसर्ट, कालो पलाजु लगाएकी अन्दाजी बर्ष २४ की महिला सोही तिलानदीमा पानीमाथि उत्तानो अवस्थामा तैरिरहेको अवस्थामा रहेको भन्ने उल्लेख भएको देखिन्छ। जुम्ला जिल्ला गुठीचौर गाउँपालिका वडा नं. ३ बस्ने घनबहादुर बुढाले मृतक लास मेरी बहिनी रीता बुढाको हो भनी सनाखत गरिदिएको देखिन्छ। मृतक रीता बुढाको मृत्युको कारण Drowning भन्ने उल्लेख भएको शव परीक्षण प्रतिवेदन रहेको पाइन्छ। मिति २०७६।५।२८ मा मृतक रीता बुढाको शव परीक्षण गर्दा फोक्सो फुलिएको, करङ्गको छाप बसेको र भित्री भाग कुनै पनि चोट घाउहरु नरहेको मृतकको कारण डुबेर मृत्यु भएको भनी मृतकको शव परीक्षण गर्ने फरेन्सिक बिशेषज्ञ डा.देवेन्द्रमान पालिखेले यस अदालतमा उपस्थित भई बकपत्र गरेको पाइन्छ। जाहेरवालाको जाहेरी दरखास्त, घटना विवरण कागज गर्ने मानिसहरुको कागज बेहोरा एवं बकपत्र, शव परीक्षण प्रतिवेदन र विशेषज्ञको बकपत्रसमेतका प्रमाणबाट रीता बुढाले नदीमा हामफाली आत्महत्या गरेको देखिन आयो।

२०. अब मृतकले आत्महत्या गर्नुमा यी प्रतिवादी अंगत भण्डारीको दुरुत्साहन वा निजले त्यस्तो काम गर्नेसम्मको परीस्थिति खडा गरेका हुन् वा होइनन् भन्ने सम्बन्धमा बिचार गर्दा प्रतिवादी अंगत भण्डारीले यस अदालतमा बयान गर्दा मृतक रीता बुढासँग मेरो फेसबुकमा कुराकानी हुने गर्थ्यो। मैले निजसँग बिवाह गर्छु भनी ललाइ फकाइ गरी जुम्ला बजारमा ल्याई अलपत्र पारी आत्महत्या गर्न दुरुत्साहन दिएको होइन भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। निज प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा मृतक रीता बुढासँग फेसबुकमा कुराकानी हुने गर्दथ्यो। फोनमा कुरा गर्दै जाने क्रममा मिति २०७६।५।१८ गते भेट भई कुराकानी भएको र मिति २०७६।५।१९ गते पुनः भेट भई निजको घरमा गएको, राति १०.३५ बजे निजको घरमा खाना खाई सुती रातको २.०० बजे निजले विवाह गरी भगाइ लैजाउ भनेकोले हुन्छ भनी निजलाई लिई

जुम्ला बजार आई कर्णाली होटलमा बसेका हौ। निजले गाडीको टिकट लिन भनी दिएको रु.४०००/- लिई निज रीता बुढालाई उक्त होटलमा छाडी टिकट लिएर आउँछु भनी म आफ्नो घर गएको हुँ। पछि निज रीताले नदीमा हाम्फालेर मरेको सुनेको हुँ भनी उल्लेख गरेको देखिन्छ। जुम्ला बजार स्थित कर्णाली होटलकी संचालिका जमुना भट्टराईले कागज गर्दा मिति २०७६।०५।२० गते बिहान अं. १०:०० बजेतिर अंगत भण्डारी र रीता बुढा मैले संचालन गरेको तिला कर्णाली होटलमा एकदिनको लागि कोठा चाहियो भनी मेरो होटलको ३ नं. कोठामा दुबै जना बसेका हुन्। प्रतिवादी अंगत भण्डारी काठमाडौं जानको लागि टिकट काटेर तुरुन्तै आउँछु भनी रु ४०००।- (चार हजार रुपैयाँ) लिई गई मोबाइलसमेत स्विच अफ गरेको छ, अहिलेसम्म आएको छैन, मेरो इज्जत लुट्यो अब म मर्छु, मैले मर्न बाहेक केही पनि छैन भन्दै मृतक रीता बुढाले सोही राति अं.२०.०० बजेतिर रूदै मलाई भनेपछि मैले त्यस्तो गर्नु हुन्न भनी सम्झाइ बुझाइ खाना खुवाइ मेरी छोरी गिता भट्टराईलाई निजसँग सुताएकी हुँ। ऐ. भोलिपल्ट मैले रीताको आफन्तलाई फोनबाट बोलाइ रीता बुढालाई आफन्तहरु आउन्जेलसम्म कतै नजानु भनी म भान्छा कोठामा गई निजको घरबाट आफन्तहरु आएर लगे होलान भन्ने सोची वास्ता गरिएन। पछि नदिमा निजको लास फेला परेको थाहा पाएकी हुँ भनी कागज गरेको र निजले अदालतमा समेत बकपत्र गरेको देखिन्छ। जाहेरवाला मृतकको बहिनी सिता बुढाले प्रतिवादीउपर किटानी जाहेरी दिई अदालतमा उपस्थित भई प्रतिवादीको दुरुत्साहनका कारण मृतकले आत्महत्या गरेकी हुन् भनी बकपत्रसमेत गरेको पाइन्छ। घटना विवरण कागज गर्ने अर्को मानिस गिता भट्टराईको कागज एवं बकपत्रसमेतबाट प्रतिवादी र मृतक तिला कर्णाली होटलमा बस्न आएकोमा प्रतिवादीले मृतकलाई छाडी भागेको र तत्पश्चात् सोही कारण मृतकले आत्महत्या गरेको भन्ने देखिन्छ।

२१. मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) मा ***कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्नेसम्मको परीस्थिति खडा गर्न वा गराउन हुँदैन*** भन्ने कानुनी व्यवस्था भएको पाइन्छ।

२२. प्रस्तुत मुद्दामा प्रतिवादीको अधिकार प्राप्त अधिकारीसमक्ष भएको बयान एवं मृतकको बहिनी जाहेरवाला सिता भट्टराईको जाहेरी र बकपत्र बेहोरासमेतबाट प्रतिवादीले मृतकलाई फेसबुकमा सम्पर्क गरी मोवाइलमा फोनसमेत गर्ने गरेको, प्रतिवादीले मृतकलाई पटक पटक भेटसमेत गरी प्रेम पूर्ण व्यवहार गरेको र मिति २०७६।५।१९ गते राति मृतकको घरमा गई विवाहसमेत गर्ने आश्वासन दिई निजको घरबाट रातको समयमा मृतकलाई भगाइ जुम्ला बजारसम्म ल्याई होटलमा राखेको तथ्य माथि विवेचना गरिएको प्रमाणबाट पुष्टि भएको छ। प्रतिवादीले मृतकबाट रु ४,०००/- लिई गाडीको टिकट लिन जाने भनी मृतकलाई होटलमा छाडी हिडेको कार्यबाट मृतकले आफ्नो इज्जत समाप्त भएको भनी सो कार्यबाट आत्महत्यासम्म गर्न पुगेको कर्णाली होटलकी संचालिका जमुना भट्टराईले गरिदिएको कागज एवं बकपत्र बेहोराबाट देखिन्छ।

२३. प्रतिवादी अंगत भण्डारीले मृतक रीता बुढासँग प्रेमपूर्ण व्यवहार देखाई मृतकलाई भेट गरी रातको समयमा मृतकको घरमा गई मृतकलाई विवाह गर्छु भनी मृतकको घरबाट रातको समयमा मृतकलाई जुम्ला बजारसम्म ल्याई होटलमा राखी मृतकसँग गाडीको टिकट लिएर आउँछु भनी

रकमसमेत लिई मृतकलाई छाडि भागि हिडेपश्चात् मृतक घर फर्किई जान नसकी सोही चोटको कारण बाच्नुभन्दा मर्नु उपयुक्त ठानी तिलानदीमा गई हामफाली पानीमा डुवेर आत्महत्या गरेको देखिएको छ। प्रतिवादीको उक्त कार्यबाट मृतकले आत्महत्या गर्नुपर्ने परीस्थितिको सृजना भई मृतकले आत्महत्या गरेको देखिएको हुनाले प्रतिवादी अंगत भण्डारीले अभियोग दावीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको कसुर गरेको ठहर्छ।

२४. अब प्रतिवादीलाई हुने सजायका सम्बन्धमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ९ बमोजिम छुट्टै सुनुवाइ गर्नुपर्ने भएकोले सजाय निर्धारणका सम्बन्धमा निर्णय गर्न मिति २०७७।८।१७ गतेको पेशी तोकी सोको जानकारी जिल्ला सरकारी वकिल कार्यालय जुम्ला र प्रतिवादी समेतलाई दिनु। साथै सो पेशी मिति पूर्व नै सजाय पूर्वको प्रतिवेदन तयार गरी पेश गर्न वादी पक्षको हकमा जिल्ला सरकारी वकिल कार्यालय जुम्ला र प्रतिवादीको हकमा प्रतिवादी तर्फका कानुन व्यवसायी अधिवक्ता श्री पदमबहादुर शाहीलाई जानकारी गराई सजाय पूर्वको प्रतिवेदन लिई मिसिल संलग्न गरी मिति २०७७।८।१७ गते पेश गर्नु भन्ने समेत बेहोराको मिति २०७७।८।३ को कसुर निर्धारण आदेश।

सजाय पूर्वको प्रतिवेदन

२५. प्रतिवादी अंगत भण्डारीलाई आफूसँग विवाह गर्नुपर्छ भन्ने वाध्यता बनाएको। प्रतिवादी काठमाडौं जानेको लागि बसको टिकट आफू काट्न भनी गएको भए पनि मृतकले आत्महत्या नै गर्छन् होला भन्ने अवस्थाको अनुमान गर्न नसकेको, मृतकले आत्महत्या गर्नुपर्नेसम्मको अवस्था तत्काल नदेखिएकोमा आवेशमा आएर त्यस प्रकारको निर्णय गर्न पुगेको अवस्था देखिएको, घरपरिवारका आमा बुवा कृषि र ज्याला मजदुरी गरी खाने पेशामा संलग्न रहेको, कसुरदारको आर्थिक अवस्था सामान्य रहेको हुँदा निज प्रतिवादीलाई न्यूनतम सजाय हुन सादर अनुरोधका साथ प्रस्तुत प्रतिवेदन पेश गर्दछु भन्ने समेत बेहोराको प्रतिवादीका कानुन व्यवसायी अधिवक्ता श्री पदमबहादुर शाहीको सजाय पूर्वको प्रतिवेदन।

सजाय निर्धारण ठहर

२६. नियमबमोजिम पेशी सूचीमा चढी फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ९ को कानुनी व्यवस्थाबमोजिम यस अदालतको मिति २०७७।८।३ को कसुर निर्धारण ठहर निर्णयअनुसार प्रतिवादीउपरको ठहर भएको कसुरमा हुने सजाय निर्धारणको लागि पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री श्यामहरि अधिकारीले प्रतिवादीलाई कानुनले तोकेको हदैसम्म सजाय निर्धारण होस् भनी गर्नु भएको बहस सुनियो। प्रतिवादीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री दिलबहादुर महतले प्रतिवादीको उमेर, आत्महत्या गर्न प्रत्यक्ष दुरुत्साहन दिएको नदेखिएको र प्रतिवादीलाई सुधारको मौकासमेत प्रदान हुने गरी प्रतिवादीलाई न्यूनतम सजाय ठहर होस् भनी गर्नु भएको बहससमेत सुनियो।

२७. यस अदालतको मिति २०७७।८।३ को कसुर ठहर निर्णयअनुसार प्रतिवादी अंगत भण्डारीले अभियोग दावीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको कसुर गरेको ठहर भई आज प्रतिवादी अंगत भण्डारीलाई हुने सजायका सम्बन्धमा सजाय निर्धारण निर्णयको लागि प्रस्तुत मुद्दा इजलाससमक्ष पेश हुन आएको देखिन्छ। मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्नेसम्मको परीस्थिति खडा गर्न वा गराउनु हुँदैन भन्ने कानुनी व्यवस्था रहेको र ऐ.दफा १८५ को उपदफा (२) मा उपदफा (१) बमोजिमको कसुर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ भन्ने सजायसम्बन्धी कानुनी व्यवस्था रहेको देखिन्छ। प्रस्तुत विवादमा प्रतिवादीले मृतक रीता बुढालाई आत्महत्या गर्नको लागि प्रत्यक्षतः दुरुत्साहन नदिई मृतकले आत्महत्या गर्नुपर्नेसम्मको परिस्थितिको निर्माण निज प्रतिवादीको कार्य एवं व्यवहारबाट खडा भएको देखिएको, प्रतिवादी वर्ष २३ को अपरिपक्व र कलिलो उमेरको देखिएको, निजको सामाजिक पृष्ठभूमि, निजले कसुर गर्दाको अवस्थासमेतलाई दृष्टिगत गर्दा यी प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (२) बमोजिम १ (एक) वर्ष ६ (छ) महिना कैद र रु.१५,०००।- (पन्ध्र हजार रुपैयाँ) जरिवाना हुने ठहर्छ।

२८. वादी नेपाल सरकारको अभियोगपत्र मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम प्रतिवादीबाट पीडितको परिवारलाई मनासिव क्षतिपूर्ति भराइ पाउँ भनी दावी लिएको र मुलुकी अपराध संहिता २०७४ को दफा १८६ मा प्रतिवादीबाट पीडितका हकवालालाई मनासिव क्षतिपूर्ति भराइ दिनुपर्ने कानुनी व्यवस्था रहेको पाइन्छ। मिसिल संलग्न पेश भएको सजाय पूर्वको प्रतिवेदन हेर्दा प्रतिवादीको आर्थिक अवस्था निम्न रहेको भनी उल्लेख भएको र पीडित पक्षको पीडाजन्य अवस्थासमेतलाई मध्यनजर गर्दा प्रतिवादीबाट मृतकका हकवालाले मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम रु.७५,०००।- (पचहत्तर हजार रुपैयाँ) क्षतिपूर्ति रकम भरिपाउने ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नु।

तपसिल

प्रस्तुत मुद्दामा प्रतिवादी अंगत भण्डारीलाई १ (एक) वर्ष ६ (छ) महिना कैद र रु १५,०००/- जरिवाना हुने फैसला भएकाले उक्त जरिवाना र कैदको लगत कसी कैदको हकमा निज अनुसन्धानको क्रममा मिति २०७६।५।२४ देखि हालसम्म निरन्तर थुनामा बसेको देखिँदा अन्य मुद्दाबाट थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको रोहबाट निजलाई ठहर भएको जरिवाना रु. १५,०००/- बुझाएमा २०७७।११।२३ गतेसम्म कैदमा बसी मिति २०७७।११।२४ गते कैद मुक्त हुने गरी र जरिवाना रु. १५,०००/- नबुझाए एक दिनको रु.३००/- कट्टा हुने गरी मिति २०७८।१।१३ गतेसम्म कैदमा राखी मिति २०७८।१।१४ गते कैदमुक्त हुने गरी प्रतिवादीलाई कैदी पूर्जी दिई बोधार्थ जानकारी कारागार कार्यालय जुम्लालाई दिनु.....१

मृतकका हकवालाले प्रतिवादीबाट रु.७५,०००।-(पचत्तर हजार रुपैयाँ) क्षतिपूर्ति भराई पाउने ठहर भएकोले तहसिल शाखामा उक्त क्षतिपूर्तिको लगत राखु र मृतकका हकवालाले पाउने क्षतिपूर्ति रकम यस अदालतमा दाखिला गर्न प्रतिवादीलाई तत्काल जानकारी दिई उक्त क्षतिपूर्ति रकम दाखिला गरेमा मृतकका हकवालालाई क्षतिपूर्ति रकम लिन सूचना पठाइ क्षतिपूर्ति रकम भराइ दिनु र प्रतिवादीले क्षतिपूर्ति रकम दाखिला नगरेमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४२, ४४, ४५ समेतको कानुनी व्यवस्थाबमोजिम प्रतिवादीबाट मृतकका हकवालालाई क्षतिपूर्ति भराइ दिनु.....२

यो इन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री उच्च अदालत सुर्खेत जुम्ला इजलासमा पुनरावेदन गर्नु भनी यो फैसलाको प्रमाणित प्रतिलिपि साथै राखी प्रतिवादी अंगत भण्डारीलाई पुनरावेदनको म्याद जारी गर्नु साथै फैसलाको प्रमाणित प्रतिलिपिसहितको जिल्ला सरकारी वकिल कार्यालय जुम्लालाई फैसलाको जानकारी दिनु.....३

सरोकारवालाले फैसलाको नक्कल माग गरे लाग्ने दस्तुर लिई नियमानुसार नक्कल दिनु.....४

फैसलाको सफ्टकपि विद्युतीय प्रणालीमा अपलोड गरी सो बेहोरा मिसिलमा जनाई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइ दिनु.....५

.....

जिल्ला न्यायाधीश

फैसला तयार गर्न सहयोग गर्नेः-
कर्मचारीको नामः-ना.सु.धर्मबहादुर स्वाँर
कम्प्युटरः टा.ना.सु. बेनुता राई

कसुर निर्धारण मितिः- २०७७।८।३
सजाय निर्धारण मितिः- २०७७।८।१७

फैसला प्रमाणीकरण गरेको मितिः २०७७।८।२६ **अदालतको छाप**

इति संवत् २०७७ साल मंसिर महिना २६ गते रोज ६ शुभम् .....।

श्री

कञ्चनपुर जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री शिवलाल पाण्डेय

फैसला

मुद्दा नं.-०७६-ल१-०२९५,

र.नं.९२-०७६-००६२९

दायरी मितिः-२०७७।२।७

कसुर निर्धारण मिति २०७७।६।१८।१

नि.नं.-८२

सजाय निर्धारण मितिः- २०७७।६।२६

नि.नं.८

प्रमाणीकरण मितिः- २०७७।०६।२६।२

मुद्दाः- आत्महत्या गर्न दुरुत्साहन गरेको।

बादीको नाम, थर, वतन	**प्रतिवादीको नाम, थर, वतन**
डम्बर सिंह थ्वालको जाहेरीले नेपाल सरकार.....१ साक्षीः- कागजः-	धन बहादुर नाथको छोरा जिल्ला कञ्चनपुर बेदकोट न.पा. वडा न. ८ भाँसी बस्ने दिब्यदेब नाथ .....१ साक्षीः- कागजः-

अदालतबाट बुझिएकाः

साक्षीः

प्रमाणः

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ एवं मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने भै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर निम्नअनुसार रहेको छ।

तथ्य खण्ड

१. जाहेरी दरखास्त

प्रतिवादी दिब्यदेब नाथले मेरी छोरी झरना थ्वाललाई तिमी भाष्करसँग माया प्रेम नगर, मसँग प्रेम गर भनी पटक-पटक फोन गर्ने, बाटोमा हिड्दाको अवस्थामा समेत मुखमा थुक्ने, धाक धम्की दिने गरेको,

मोबाइलमा एस.एम.एस. समेत पठाउने गरेको हुँदा सोही कारणले मृतकले मिति २०७७/०१/१८ गतेका दिन आत्महत्या गर्न बाध्य भएकी हुन् भन्ने समेत बेहोराको डम्बरसिंह थ्वालको जाहेरी दरखास्त।

२. घटनास्थल तथा लाँस जाँच प्रकृति मुचुल्का

जिल्ला कञ्चनपुर बेदकोट न.पा.वडा नं.८ शुभकामना टोल स्थित डम्बर सिंह थ्वालको एक तले पूर्व मोहडामा बनेको पक्की घर, सो घरको पूर्वतर्फ बराण्डा भई सो बराण्डाबाट भित्र प्रवेश गर्ने मूल ढोका तथा ग्यालरी भई ग्यालरीको उत्तरतर्फ एउटा कोठा, माथिल्लो तलामा जाने सिडी र ट्वाइलेट बाथरुम रहेको भने दक्षिणतर्फ ३ वटा कोठाहरु रहेको सो ग्यालरीको दक्षिणतर्फ रहेको कोठाहरुमध्ये पश्चिमतर्फ घरको माथिल्लो तलामा चढ्ने सिँढीको ठिक दक्षिणमा मृतक झरना थ्वाल सुत्ने कोठा रहेको सो कोठाको ढोका खोलीभित्र हेर्दा ढोकाको भित्रबाट लगाउने चिटकनको अड्काउने फलामको भाग निस्केर कोठाभित्र प्रवेश गरी हेर्दा, सो कोठाको लम्बाइ ११ फिट र चौडाइ ११ फिट रहेको कोठाको भुईं जमीनमा कलेजी रंगको कारपेट बिच्छ्याएको, कोठाभित्र प्रवेश गर्ने ढोकाको पूर्वपट्टि काठको बाकस रहेको, ढोकाबाट ५.४ फिट दक्षिण भुईं जमीनमा दाहिने खुट्टाको घुँडाको भागमा खुच्चिएर खुट्टाको पंजा भुईं जमीनमा पूर्ण रुपमा टेकिएको र बायाँ खुट्टासमेत खुम्चिई पंजाको भाग उल्टो फर्की (पछाडि तर्फ) पंजाको भाग मात्र भुईंमा कुर्कुच्चा उठेको अवस्थामा भई घाँटीमा कालो रंगको चुन्नीमा सेतो मोती दाना भएको चुन्नीमा रातो कालो बुट्टेदार चुन्नीसमेत गाठो पारी सो चुन्नी कोठाको सिलिङमा रहेको पंखाको पातामा बाधी झुन्डिएको अवस्थामा मृतक झरना थ्वालको लास रहेको उक्त लासको शारीरिक अवस्थामा घाँटीमा १० इन्च लम्बाइ १ इन्च चौडाइ भएको डाम रहेको, सोही कोठामा रहेको खटियामाथि म यो संसार छोडेर जानुको कारण दिब्य नाथ भन्ने बेहोराको सुसाइड नोटसमेत फेला पारी बरामद गरी लगेको भन्ने समेत बेहोराको घटनास्थल लास जाँच प्रकृति मुचुल्का।

३. प्रतिवादी दिब्यदेव नाथले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान कागज

मृतक झरना थ्वाल र मबिच ३ बर्ष अगाडि फेसबुक मार्फत च्याटमा कुराकानी हुँदा निजले नै तिमीलाई माया गर्छु भनेकी थिई। मैले पनि हुन्छ भनी दुबै जना एक अर्कालाई माया प्रेम गर्दै आएका थियौं। भेट हुँदासँगै चिया नास्ता खाने, माया प्रेमका कुराकानी गर्ने गर्दथ्यौं। सोही क्रममा म २०७६ साल कार्तिक महिनामा पढाईको सिलसिलामा काठमाण्डौ गई डेरा कोठा गरी बस्दै आएको थिएँ। निज मृतक कञ्चन बिद्या मन्दिर महेन्द्रनगरमा बि.बि. एस.दोस्रो बर्षमा अध्ययन गर्दै आएकी थिइन्। दुबै जनाबिच फोन तथा फेसबुक म्यासेन्जर(च्याट)मा माया प्रेमका कुराकानी हुने गर्दथ्यो। दुबै जनाले नोकरी लागे पछि बिहे गरौंला भन्ने सहमति समेत भएको थियो। मिति २०७६ साल माघ महिनातिर होला, मैले मृतकलाई फोन गर्दा निजले रिसाएर मैले अर्को केटासँग मेरो माया प्रेम छ, तँ बाउको छोरा होस् भने आजबाट मलाई फोन नगर भनी फोन काटेकी थिइन्। सो पश्चात् मैले निजलाई काठमाण्डौमा रहँदा बस्दाको अवस्थामा फोन गरेन। कोराना महामारीका कारणले मेरो कलेजमा छुट्टि भएकाले मिति २०७६/१२/०८ गते म काठमाण्डौबाट घरमा आएको थिएँ। म घर आए पश्चात् पनि निजले मलाई देखेर बोल्न नमानी फोन समेत नगरेको हुँदा मैले आफ्नो मोबाइल

नं.९८४८७१९८८९ बाट निज मृतकको नम्बर ९८४१२८०६६३ मा फोन गर्दा निजले मलाई फोन नगर्नु, म भाष्करलाई मन पराउँछु, निजलाई नै माया गर्छु, भाष्करसँगै बिहे गर्छु भन्दा मैले हामीहरुबिच माया प्रेम भएको ३ बर्ष जति भयो। कुनै बेला तिमीलाई आबेशमा गाली पनि दिएँ होला, माईन्ड नगर, म तिमीसँगै बिहे गर्छु भनी सम्झाई बुझाई गर्न खोज्दा निजले फोन काटेकी थिईन्। सो पश्चात् हामीहरुबिच फोनमा कुराकानी भएन। मिति २०७७/०१/१५ गतेतिर होला निजले मोबाइल नं. ९८४८४१५६८० बाट मेरो मोबाइल नं. ९८४८७१९८८९ मा फोन गरी यो मेरो नयाँ नम्बर हो। मैले पुरानो नम्बरको सीम तोडेर फाली सकें। अब देखि मेरो पछि नपर्नु , मलाई भुल्ने कोसिस गर भनी फोन काटेकी हुन्। मिति २०७७/०१/१८ गते दिउँसो अन्दाजी १५.०० बजेतिर होला। म घर मै भएको अवस्थामा मैले आफ्नो मोबाइलबाट निजको मोबाइल नं. ९८४८४१५६८० फोन गरी हाल खबर के कस्तो छ भनी सोधनी गर्दा निजले भाष्कर र मेरोबिचमा नआउ भन्दा मैले तपाई र मेरो सम्बन्धको बारेमा भाष्करलाई बताई दिन्छु भन्दा निजले हाम्रो सम्बन्धको बारेमा भाष्करलाई नबताउनु होला, मलाई यति ठुलो सजाय किन दिन्छौ, म तिमीलाई मन पराउँदैन, म भाष्करसँगै बिहे गर्छु, आजदेखि मलाई फोन नगर्नु भनी फोन काटेकी थिईन्। सोही दिन दिउँसो अन्दाजी १६.०० बजेको समयमा निज मृतक झरना थ्वालले आफ्नै घरको सुत्ने कोठाभित्र झुन्डी आत्महत्या गरेकी रहेछन् भन्ने कुरा गाउँघरमा सुनी थाहा पाएको हुँ भन्ने समेत बेहोराको प्रतिवादी दिब्यदेब नाथको बयान कागज।

४. घटनाको बारेमा थाहा पाउने मानिसहरुले गरेका घटना विवरण कागज

क. मिति २०७७/०१/१८ गते दिउँसो अन्दाजी १६.३० बजेको समयमा मृतक झरना थ्वालले आफ्नै सुत्ने कोठाको छतको सिलिङमा रहेको पंखामा दोपट्टाले घाँटीमा पासो लगाई झुन्डी मृत अवस्थामा फेला परेकी रहेछ भन्ने कुरा जाहेरवालाले भन्दा थाहा पाएका हौं। मृतकले किन पासो लगाई आत्महत्या गरेकी रहेछन् भनी बुझ्दै जाँदा प्रतिवादी दिब्यदेब नाथले मृतकलाई तिमी भाष्करसँग माया प्रेम नगर, मसँग प्रेम गर भनी पटक पटक फोन गर्ने, बाटोमा हिंड्दाको अवस्थामा समेत मुखमा थुक्ने, धाक धम्की दिने गरेको, मोबाइलमा एस. एम.एस. समेत पठाउने गरेको हुँदा सोही कारणले मृतकले आत्महत्या गर्न बाध्य भएकी रहिछन् भन्ने कुरा थाहा पाएको हौं भन्ने समेत ब्यहोराको माधव थ्वाल, महाविर बम, भवान सिंह थ्वाल, मदनराज पन्त, नारायण बाबु डगौरा, शिवानी पन्त समेतको घटना बिबरण कागज।

ख. मृतक झरना थ्वालसँग म कञ्चन बिद्या मन्दिर कञ्चनपुरमा पढ्ने भएको र निज मृतक समेत मसँगै पढ्ने भएकाले मेरो २ बर्ष पहिला निजसँग परिचय भएको र हामीहरु दुबै जनाबिच कुराकानी हुँदा ८/९ महिना पहिलादेखि प्रेम सम्बन्ध हुँदा हामी दुबैबिच फोनमा कुरा हुने गर्दथ्यो। निज प्रतिवादी दिब्य नाथले मृतकलाई मसँग प्रेम गर भाष्करलाई छोडिदेउ भनी मिति २०७७/०१/१७ गते मृतकले मलाई फोनमार्फत भन्दा थाहा पाएको हुँ। मृतक र मेरोबिचमा प्रेम सम्बन्ध रहेका कारण मृतकले आफ्नो सुसाइड नोटमा भाष्कर मलाई माफ गरिदेउ सबै कुरा भन्न सकिन। अर्को जुनीमा तिमीसँगै हुनेछु भनी उल्लेख गरेको हुनुपर्दछ। निज प्रतिवादीले मृतकलाई मानसिक यातना दिएका

कारण नै मृतकले आत्महत्या गरेको हुनुपर्दछ भन्ने समेत बेहोराको भाष्कर साउदले गरेको घटना बिवरण कागज।

ग. मृतक झरना थ्वाल मेरो छोरी हो। प्रतिवादी दिब्यदेब नाथलाई चिन्दछु। नाता सम्बन्ध केही पर्दैन। प्रतिवादी दिब्यदेब नाथले मेरी छोरी झरना थ्वाललाई तिमी भाष्करसँग माया प्रेम नगर, मसँग प्रेम गर भनी पटक-पटक फोन गर्ने, बाटोमा हिंड्दाको अवस्थामा समेत मुखमा थुक्ने, धाक धम्की दिने गरेको, मोबाइलमा एस.एम.एस. समेत पठाउने गरेको हुँदा सोही कारणले मृतकले मिति २०७७/०१/१८ गतेका दिन आत्महत्या गर्न बाध्य भएकी हुन्। मृतक छोरीले प्रयोग गर्ने गरेका NTC को मोबाइल नं.९८४१२८०६६६३,९८४८४१६५८० र NCELL को मोबाइल नं. ९८०६४६७२९७ हो। प्रतिवादीले मानसिक कष्ट दिएकै कारण मृतक छोरीले झुन्डी आत्महत्या गरेकी हुन्। निज प्रतिवादीलाई कानुनबमोजिम हदैसम्मको सजाय हुनुपर्दछ भन्ने समेत डम्बर सिंह थ्वालको घटना बिबरण कागज।

५. अभियोगपत्र

प्रतिवादी दिव्यदेव नाथले मृतक झरना थ्वाललाई आफूसँग जबर्जस्ती प्रेम सम्बन्ध कायम गराउने हेतुले फोटो सार्वजनिक गरिदिने, फोनबाट गालीगलौज, धाकधम्की गरी मानसिक यातना दिने, Face book तथा मोबाइल नम्बरबाट म्यासेज गर्ने, बाटो घाटोमा भेट्दा तथानाम गालीगलौज गरी मुखमा थुकी दिने समेतका क्रियाकलापबाट आत्महत्यासम्म गर्ने परिस्थिति खडा गरेको र मृतकको सुसाइड नोटमा समेत निज प्रतिवादी नै आफ्नो मृत्युवरण गर्नुको मुख्य कारक हो भन्ने उल्लेख गरी पीडित झरना थ्वालले मृत्युवरण गरेको देखिन आएको हुँदा निज प्रतिवादी दिव्यदेव नाथले मुलुकी अपराध संहिता, २०७४ दफा १८५(१) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीलाई ऐ. संहिताको दफा १८५(२) बमोजिम सजाय हुन र ऐ. संहिताको दफा १८६ बमोजिम मृतकका परिवारलाई क्षतिपूर्ति दिलाइ भराइ पाउँ भन्ने मागदाबी लिइएको अभियोगपत्र।

६. प्रतिवादीले यस अदालतमा गरेको बयान

निज मृतक र मेराबिच आजभन्दा ३ वर्ष पहिला देखि माया प्रेम चलिरहेकोमा म पढाईको सिलसिलामा काठमाण्डौं गएको थिएँ। काठमाण्डौं रहँदा समेत निजसँग मेरो फोन सम्पर्क भई रहन्थ्यो। लकडाउनका कारण कलेजहरु बन्द भएकाले ०७६ साल चैत्र महिनामा घर फर्की आएको हुँ। म घरमा आएपछि निज मृतकले नयाँ नम्बरबाट सम्पर्क गरेपछि फोन सम्पर्क भएको थियो। निजसँग भेटघाट भएको थिएन। निज मृतकसँग नराम्रो शब्द प्रयोग गरेको थिएन। निजले किन आफै आत्महत्या गरिन, मलाई सो कुराको जानकारी भएन, मृतकले लेखेको चिठ्ठी अनुसार मृतकका फोटाहरु भाइरल गरी दिन्छु भनी भनेको होइन, निज मृतकको मुखमा थुकेको पनि होइन, किन मृतकले त्यस्तो व्यहोरा लेखी छोडिन्, थाहा भएन भन्ने समेत बेहोराको प्रतिवादी दिब्य देब नाथले यस अदालतमा गरेको बयान।

७. थुनछेक आदेश

मिसिल संलग्न तत्काल प्राप्त प्रमाणका आधारमा यी प्रतिवादी दिब्यदेब नाथको अभियोग दावीको कसुरमा संलग्नता नरहेको भनी बिश्वास गर्न सकिने अवस्था नदेखिएकाले पछि प्रमाण बुझ्दै जाँदा

ठहरेबमोजिम हुने गरी मुलुकी फौज्दारी कार्यबिधि संहिता,२०७४ को दफा ६७(१)(ख) बमोजिम निज प्रतिवादी दिब्यदेब नाथलाई ऐ.संहिताको दफा ८० बमोजिम थुनुवा पुर्जी दिई कारागार कार्यालय कञ्चनपुरमा थुनामा राख्न पठाइ दिनु, प्रतिवादी चुक्ता भैसकेको देखिँदा जाहेरवाला, घटना बिवरणका मानिसहरु प्रतिवादीका साक्षीहरु समेत बुझी नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालतको मिति २०७७।२।८।५ को आदेश। उक्त आदेशानुसार प्रतिवादी दिब्यदेब नाथलाई पुर्पक्षका लागि कारागार कार्यालय कञ्चनपुरमा थुनामा रहेका।

८. यस अदालतको मिति २०७७।८।५ का उपर प्रतिवादी दिब्यदेब नाथको श्री उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासमा निवेदन परी कैफियत प्रतिवेदन माग भै मिसिल संलग्न प्रमाणहरुका आधारमा निबेदक प्रतिवादी दिब्यदेब नाथलाई मुद्दा पुर्पक्षका लागि मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा ६७(१)(ख) बमोजिम थुनामा राख्न पठाइ दिने गरी त्यस अदालतबाट मिति २०७७।२।८ मा भएको आदेश परिवर्तन गरी रहन पर्ने देखिएन, कानुनबमोजिम गर्नु भन्ने श्री उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७७।२।२९।५ मा भएको आदेश।

९. बकपत्र

क. प्रतिवादी दिब्यदेब नाथले मेरो छोरी क्याम्पस जाने बेलामा बाटोमा प्रायः सँधै जसो भेट्ने र मुखमा थुक्ने गर्दथ्यो। तेरो फोटो सामाजिक सञ्जालमा भाइरल गर्छु, तेरो बेइज्जत गर्छु भनेर भन्ने गर्दथ्यो। लगातार प्रतिवादीले छोरीको फोन नम्बरमा फोन गर्ने, SMS गर्ने र धम्क्याउने गर्दथ्यो। SMS मा अश्लिल भाषा प्रयोग गरेर पढाउने गर्दथ्यो। मेरी छोरीको मन मिल्ने साथी भाष्कर साउदलाई भेटेर उसलाई "झरनासँग प्रेम नगर भनेर भन्छ" भन्दथ्यो। प्रतिवादीले सहजै सहन नसक्ने मानसिक यातना दिएको कारणले मेरी छोरीले आत्महत्या गरिन् भन्ने समेत बेहोराको जाहेरवाला डम्बर सिंह थ्वालले यस अदालतमा गरेको बकपत्र।

ख. प्रतिवादी दिब्य देब नाथको दिदीको २०७६ सालको माघमा बिवाह हुँदा मृतक झरना थ्वाल बिवाह समारोहमा आए नआएको मैले देखीन। तर बिवाह समारोहमा मृतक झरना थ्वाल आएकी थिइन भन्ने कुरा गाउँलेबाट सुनेको हुँ। मृतकको आत्महत्याको बारेमा मलाई केही थाहा छैन भन्ने समेत बेहोराको प्रतिवादीका साक्षी हिमालय नाथले यस अदालतमा गरेको बकपत्र।

ग. मृतक झरना थ्वालले मलाई मिति २०७७।१।१७ गते फोन गरेकी थिइन्। दिव्यदेव नाथले मलाई ब्ल्याकमेल गर्न खोज्दै छ, तेरो फोटो सामाजिक सन्जालमा भाइरल गरी दिन्छु भनेर भन्दै छ, बाटोमा हिंड्दा पनि जिस्किइ राखेको छ भनी त्यति कुराहरु मलाई मृतकले भनेकी थिइन् भन्ने समेत बेहोराको घटना बिवरणका मानिस भास्कर साउदले यस अदालतमा गरेको बकपत्र।

१०. आदेश

यसमा जि.प्र.का. कञ्चनपुरको च.नं. ७८४८ मिति २०७७।२।२२ गतेको पत्रसाथ प्राप्त हुन आएको प्रतिवादी दिब्यदेश नाथ र मृतक झरना थ्वालबिच भएको फोन सम्वादलाई यस अदालतका सूचना प्रबिधि शाखा र प्रशासन शाखाका कर्मचारीले सुनी लिपिबद्ध गरी श्रेस्तेदारबाट प्रमाणित गराई मिसिल संलग्न राख्नु भन्ने यस अदालतको २०७७।५।२५।५ का आदेशानुसार उक्त कार्य सम्पन्न भै मिसिल सामेल रहेको।

ठहर खण्ड

क. कसुर निर्धारण

११. जिल्ला अदालत नियमावली, २०७५ को नियम ४४ र ४५ बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता श्री कबि शर्मा पाध्याले र जाहेरवालाका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री धर्मानन्द जोशीले यी प्रतिवादी उपर डम्बरसिंह थ्वालले मौकामा यी प्रतिवादीले मृतक झरना थ्वाललाई गालीगलौज गर्ने, बाटोमा हिंड्दा पनि थुक्ने, जिस्केयाउने गरेको, फेस बुस र मोबाइलबाट म्यासेज पठाउने गरेको, निजसँग प्रेम गर्दिन भन्दा पनि पटक पटक फोन गरिरहने, म्यासेज पठाउने गरी मर्न बाध्य पारेको भनी दिएको जाहेरी पुष्टि हुने गरी अदालतमा बकपत्र गरेका छन्। घटनास्थलबाट स्वीसाइड नोट बरामद भएको छ। प्रतिवादीले मृतकसँग पटक पटक मलाई फोन नगर भनी पुरानो सीम फाली नयाँ सीम हाल्दा पनि पटक पटक फोन गरेको कुरा स्वीकार गरेका छन्। यी प्रतिवादीलाई मृतकले अन्तिमसम्म पनि तिमी मलाई छाडी देउ, म भाष्करसँग माया गर्छु भन्दा आफू बाहेक अरुसँग विवाह हुन नदिने भनी मर्न आधाय पारेका छन्। सो कुरा मिसिल संलग्न एसएमयस र सिडीबाट पनि पुष्टि हुन आएको हुँदा यी प्रतिवादीलाई अभियोग दाबीबमोजिम कसुर कायम गरी सजाय गरिनु पर्दछ भनी तथा प्रतिवादीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वयः श्री उमेशप्रसाद बिष्ट र श्री कौशिला योगीले यी प्रतिवादी दिब्यदेव नाथको मृतकसँग विगत तीन वर्षदेखि प्रेम सम्बन्ध रहेको देखिएको छ। मृतकले आफ्नो फेसबुक ब्लक गरे पनि भाइको आइडीबाट हिज्जे खेल्ने गरेको, मृतकले पुरानो सीम फालेर नयाँ सीम लिएको कुरा यी प्रतिवादीलाई जानकारी गराएको, मृतकले तीनवटा टेलिफोन नम्बर प्रयोग गर्ने गरेको देखिन्छ। गालीगलौच गर्ने, दुर्व्यवहार गर्ने गरेको भए कानुनी उपचारमा जानु पर्नेमा गएको देखिएको छैन। यी प्रतिवादीसँग रहेका फोटाहरुमा सेल्फी हानेर खिचेका फोटाहरु रहेका र तिनलाई यी प्रतिवादीले कहीं कतै पोष्ट गरेको अवस्था पनि रहेको छैन। मृतकले नै दुई जनासँग सम्बन्ध राखेका कारण तनाब भै आत्महत्या गरेकी हुन्। निजलाई यी प्रतिवादीले आत्महत्या गर्न बाध्य पारेका होइनन्। मृतकले प्रतिवादीलाई धोका दिएको कारण म्यासेजमा शब्दावलीहरु प्रयोग भएका हुन्। यी प्रतिवादीको दाबीको कसुरमा संलग्नता छैन, यी प्रतिवादीले अभियोग दाबीबाट सफाई पाउनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो।

१२. उपर्युक्त तथ्य र बहस जिकिर रहेको प्रस्तुत मुद्दामा यी प्रतिवादी दिब्यदेव नाथले अभियोग दावीबमोजिम झरना थ्वाललाई आत्महत्या गर्न दुरुत्साहन गरेकी हुन्, होइनन् ? निज प्रतिवादीलाई अभियोग दावीबमोजिम कसुर कायम गरी सजाय गर्नुपर्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

१३. प्रस्तुत मुद्दामा प्रतिवादी दिव्यदेव नाथले मृतक झरना थ्वाललाई आफूसँग जबर्जस्ती प्रेम सम्बन्ध कायम गराउने हेतुले फोटो सार्वजनिक गरिदिने, फोनबाट गालीगलौज, धाकधम्की दिई मानसिक यातना दिने, Face book तथा मोबाइल नम्बरबाट म्यासेज गर्ने, बाटो घाटोमा भेट्दा तथानाम गालीगलौज गरी मुखमा थुकी दिने समेतका क्रियाकलाप गरी आत्महत्यासम्म गर्ने परिस्थिति खडा गरेको र सुसाइड नोटमा समेत निज प्रतिवादी नै आफ्नो मृत्युको वरण गर्नुको मुख्य कारक हो भन्ने

उल्लेख गरी पीडित झरना थ्वालले आत्महत्या गरेको देखिन आएकाले प्रतिवादी दिव्यदेव नाथलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) को कसुरमा ऐ. संहिताको दफा १८५ को उपदफा (२) बमोजिम सजाय गरी ऐ. को दफा १८६ बमोजिम मृतकको हकवालालाई क्षतिपूर्ति दिलाइ पाउँ भन्ने माग दाबी लिई प्रस्तुत मुद्दाको अभियोगपत्र दायर हुन आएको देखियो।

१४. सो सन्दर्भमा हेर्दा, यी प्रतिवादी दिव्यदेव नाथले यस अदालतमा बयान गर्दा मृतक झरना थ्वाललाई मैले डर, त्रास देखाई पहिलेका फोटो भाइरल बनाई दिन्छु भनी भनेको होइन, मृतक झरना थ्वालसँग मेरो तीन वर्षदेखि प्रेम सम्बन्ध थियो। म काठमाण्डौ पढ्न गई २०७६ साल चैत्र महिनामा घर आएपछि निजलाई फोन गर्दा निजले मैले अर्कैसँग प्रेम गर्छु, अब मलाई बिर्सी देउ भन्दा मैले बरु म सुध्रन्छु, त्यसो नगर अर्को केटाले थाहा पाएपछि तिमीले दुःख पाउँछ्यौ भनी भनेको हुँ भनी कसुरमा इन्कार रही बयान गरेका छन् भने अधिकार प्राप्त अधिकारी समक्षको बयानमा पनि करिब करिब सोही कुरा उल्लेख गर्दै मिति २०७७।१।१८ गते अं. १५.०० बजेको समयमा मृतकले ९८४८४१५६८० बाट मेरो मोबाइलमा फोन गरी भाष्कर र मेरोबिचमा नआउ भन्दा तिम्रो र मेरो सम्बन्धका बारेका भाष्करलाई बताइदिन्छु भन्दा निजले हाम्रो सम्बन्धका बारेमा भाष्करलाई नबताउनु होला, मलाई यति ठुलो सजाय किन दिन्छौ, म तिमीलाई मन पराउँदैन, म भाष्करसँगै बिहे गर्छु, आजदेखि फोन नगर्नु भनी फोन काटेकी थिइन् भनी बयान गरेको देखिन्छ। यी प्रतिवादी दिव्यदेव नाथले कसुरमा इन्कार रही बयान गरेका भए तापनि मृतक झरना थ्वालले निजको मृत्युको कारण यी प्रतिवादी दिव्यदेव नाथ भएको भनी आत्महत्या गर्नु भन्दा अगाडि लेखेको पत्र घटनास्थलबाट बरामद भई मिसिल सामेल रहेको देखिन्छ। मिसिल संलग्न कल डिटेल्स र फेसबुक म्यासेजबाट तथा मोबाइलका एसएमएसबाट मृतक र यी प्रतिवादीबिच पटक पटक फोन सम्पर्क हुनुका साथै म्यासेज आदानप्रदान हुने गरेको देखिएको, म्यासेजमा म त्यो सब भन्ने हुँ भनी म्यासेज गरेको समेत देखिएको, आजभन्दा तीन वर्षअगाडि यी मृतकको उमेर जम्मा १४ वर्षको नाबालक हुँदा देखि नै यी प्रतिवादी दिव्यदेव नाथले प्रेम सम्बन्ध राख्न सुरु गरेको भनी अधिकार प्राप्त अधिकारीसमक्ष र यस अदालतको बयानमा समेत स्वीकार गरेको देखिन्छ। प्रतिवादी दिब्यदेब नाथले मेरी छोरी झरना थ्वाललाई तिमी भाष्करसँग माया प्रेम नगर, मसँग प्रेम गर भनी पटक-पटक फोन गर्ने, बाटोमा हिंड्दाको अवस्थामा समेत मुखमा थुक्ने, धाक धम्की दिने गरेको, मोबाइलमा एस.एम.एस. समेत पठाउने गरेको हुँदा सोही कारणले मृतकले मिति २०७७/०१/१८ गतेका दिन आत्महत्या गर्न बाध्य भएकी हुन् भनी जाहेरवाला डम्बर सिंह थ्वालले मौकामा दिएको किटानी जाहेरी दरखास्तलाई पुष्टि हुने गरी प्रतिवादी दिब्यदेब नाथले मेरो छोरी क्याम्पस जाने बेलामा बाटोमा प्रायः सधैजसो भेट्ने र मुखमा थुक्ने गर्दथ्यो। तेरो फोटो सामाजिक सञ्जालमा भाइरल गर्छु, तेरो बेइज्जत गर्छु भनेर भन्ने गर्दथ्यो। लगातार प्रतिवादीले छोरीको फोन नम्बरमा फोन गर्ने, SMS गर्ने र धम्क्याउने गर्दथ्यो। SMS मा अश्लिल भाषा प्रयोग गरेर पढाउने गर्दथ्यो। मेरी छोरीको मन मिल्ने साथी भाष्कर साउदलाई भेटेर उसलाई "झरनासँग प्रेम नगर भनेर भन्छ" भन्दथ्यो। प्रतिवादीले सहजै सहन नसक्ने मानसिक यातना दिएको कारणले मेरी छोरीले आत्महत्या गरिन् भनी यस अदालतसमक्ष बकपत्र गरेका छन्। घटना विवरणका मानिस भाष्कर साउदले आफ्नो झरना थ्वालसँग प्रेम सम्बन्ध रहेको भनी मौकामा गरेको

कागज पुष्टि हुने गरी अदालतमा बकपत्र गरेका छन्। मृतक र यी प्रतिवादीबिच भएको अन्तिम फोन सम्वादको मिसिल संलग्न सि.डी.लाई यस अदालतको सूचना प्रविधि शाखा र प्रशासन शाखाबाट सुनी बोलेको भाषा र नेपाली भाषा दुवै भाषामा उल्लेख गरी लिपिको रुपमा तयार गरी मिसिल संलग्न रहेको छ।

१५. प्रतिवादी दिव्यदेव नाथले मृतक झरना थ्वालसँग विगत तीन वर्ष पहिलेदेखि प्रेम सम्बन्ध रहेको भनी उल्लेख गरेको सन्दर्भमा विवेचना गर्दा मृतकको तीन वर्ष पहिलेको उमेर १४ वर्ष रहेको देखिन्छ। १४ वर्षको नाबालिकासँग प्रेम सम्बन्ध राखेको कार्यलाई नेपालको कानुनले बैध सम्बन्धको रुपमा मान्दैन। प्रेम एक व्यक्तिले अर्को व्यक्ति, वस्तु वा जनावर वा प्रकृति वा वातावरणप्रति गर्ने स्वच्छ, स्वतन्त्र रुपमा व्यक्त गर्ने माया ममता, स्नेह र हार्दिकता हो। यो स्वतन्त्र, स्वच्छ र कानुन अनुकूल मान्यता प्राप्त बैध हुनुपर्दछ। प्रेम गर्ने व्यक्ति कानुनी रुपमा सक्षम र बैध हुनुपर्दछ। जस्तैः बाबुआमाले छोराछोरीप्रति गर्ने माया ममता, एउटा साथीले अर्को साथीप्रति गर्ने सद्भाव, माया ममता, एक व्यक्तिले अन्य वस्तु वा जनावर वा वातावरणप्रतिको माया ममता र हार्दिकता तथा किशोर किशोरीबिच हुने माया ममता र हार्दिकता आदि प्रेमका उदाहरण हुन्। यी प्रेमहरु स्वतन्त्र, स्च्छ र बैध हुनुपर्दछ। यस्तो प्रेममा कुनै जात, धर्म, वर्ण, समुदायका आधारमा अवरोध पुऱ्याउनु हुँदैन। पछिल्ला दिनमा सर्वोच्च अदालतको फैसलाले समलिङ्गी बिवाहलाई पनि कानुनी मान्यता दिएको सन्दर्भमा लिङ्गसमेत प्रेममा बाधक हुन सक्दैन। तर प्रेमका नाममा कानुनको उपहास वा उल्लंघन हुन गयो भने त्यो प्रेम नभै अपराध वा कसुर हुन पुग्दछ। जस्तैः कुनै मानिसले कुनै वनको रुख विरुवाप्रति प्रेम गरी त्यसमा मलजल गर्न सक्छ तर प्रेमका नाममा उक्त रुख काट्छ भने त्यो कानुन विपरीतको कार्य भई कसुर हुन पुग्दछ। त्यस्तै कसैले वातावरणप्रति प्रेम गरी संरक्षणका लागि योगदान गर्न सक्छ तर कानुन विपरीत वातावरण प्रदुषण गर्ने, बिगार्ने काम गर्न सक्दैन। प्रेमका नाममा हाडनातामा करणी लिने दिने काम, नाबालकउपर यौन सम्बन्ध राख्ने वा कानुनले तोकेको उमेर नपुगी बिवाह गर्ने, यौन सम्बन्ध राख्ने जस्ता कुरा कानुनको नजरमा अपराध हुन पुग्दछन्। मुलुकी देवानी संहिता, २०७४ को दफा ३२, ३३ र ३४ मा व्यक्तिलाई सक्षम, अर्धसक्षम र असक्षम गरी तीन प्रकारले उल्लेख गरेको छ। जसअनुसार शारीरिक र मानसिक रुपमा सक्षम भई आफ्नो हित संरक्षण गर्न नसक्ने अवस्थाको बाहेक १८ वर्ष उमेर पूरा भएको व्यक्तिलाई सक्षम मानिन्छ र निजले प्रचलित कानुनको अधीनमा रही जुनसुकै अधिकार उपयोग गर्न, दायित्व निर्बाह गर्न तथा कर्तव्य पालना गर्न सक्छन्। दश वर्ष पूरा भई अठार वर्ष उमेर पूरा नभएका व्यक्तिलाई अर्धसक्षम मानिन्छ र त्यस्ता व्यक्तिले प्रचलित कानुनको अधीनमा रही जुनसुकै अधिकार उपयोग गर्न, दायित्व निर्बाह गर्न तथा कर्तव्य पालना गर्दा संरक्षक वा माथवरको मञ्जुरी लिई वा संरक्षक वा माथवरमार्फत गराउनुपर्ने र कुनै कागज गराउँदा संरक्षक वा माथवरलाई रोहवरमा राख्नुपर्ने हुन्छ। दश वर्ष उमेर पूरा नभएका वा त्यस्तो उमेर पूरा भए पनि शारीरिक र मानसिक रुपमा अस्वस्थताका कारण आफ्नो हित संरक्षण गर्न नसक्ने व्यक्तिलाई असक्षम मानिन्छ र त्यस्ता व्यक्तिले कुनै किसिमको कानुनी दायित्व व्यहोर्नु पर्दैन र कुनै अधिकार उपयोग गर्दा संरक्षक वा माथवरको मञ्जुरी लिई वा संरक्षक वा माथवरमार्फत गराउनुपर्ने र कुनै कागज गराउँदा संरक्षक वा माथवरमार्फत

गराउनुपर्ने हुन्छ। मुलुकी देवानी संहिता, २०७४ को दफा ७० ले विवाह गर्ने पुरुष र महिलाको उमेर बिस वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ ले अठार वर्षभन्दा कम उमेरको कुनै बालिकाको मञ्जुरी लिएर वा नलिएर गरिने करणीको कार्य जबर्जस्ती करणी मानिने व्यवस्था छ। बालबालिकासम्बन्धी ऐन, २०७५ दफा २(ञ) मा अठार वर्ष उमेर पूरा नगरेका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ। मुलुकी अपराध संहिता, २०७४ को दफा २११ ले कुनै व्यक्तिलाई निजको मञ्जुरी बिना वा बालबालिका वा शारीरिक असक्तताको कारणले अरुको आश्रयमा बसेको वा मानसिक अस्वस्थताका कारणले होस् ठेगानमा नरहेको व्यक्तिलाई निजको बाबु आमा वा संरक्षकको मञ्जुरी बिना वा झुक्यानमा पारी जबर्जस्ती कुनै ठाउँमा लगेमा अपहरण गरेको मानिन्छ भने ऐ. दफा २१२ मा त्यस्तो व्यक्तिलाई आफ्नो कब्जा वा नियन्त्रणमा राख्ने कार्यलाई शरीर बन्धक लिएको मानिने कानुनी व्यवस्था छ।

१६. मुलुकी देवानी संहिता, २०७४ को दफा ७० ले पुरुष र महिलाको विवाहको लागि २० वर्षको उमेरको सीमा तोक्नुको तात्पर्य उनीहरु २० वर्ष पूरा नभएसम्म आफ्नो जीवनको भविष्यका बारेमा निर्णय गर्न असक्षम रहन्छन् भन्ने हो। आफ्नो भविष्यका बारेमा निर्णय गर्न सक्षम नभै गरिने जीवनप्रतिको निर्णयले भविष्यमा समस्या र बाधा अड्चन उत्पन्न हुने कारणले नै कानुनले त्यसको लागि परिपक्क हुने उमेरको सीमा तोकेको हो। व्यक्तिको जीउ उसको इच्छाअनुसार प्रयोग गर्न पाउँछ तर त्यस्तो निर्णय गर्न उ कानुनतः सक्षम र योग्य हुनुपर्दछ। असक्षम व्यक्तिले गरेको निर्णयले कानुनतः मान्यता नपाइ अबैध हुन पुग्दछ। यसरी असक्षम व्यक्तिहरुबिच यदि कुनै प्रेम सम्बन्धको कुरा आउँछ भने त्यो कानुनको नजरमा अबैध हुन्छ र फौजदारी कानुनले त्यसलाई कसुर मान्दछ।

१७. यस सम्बन्धमा विद्यमान कानुनी व्यवस्था हेर्दा, मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) मा कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्नेसम्मको परिस्थिति खडा गर्न वा गराउन हुँदैन भन्ने व्यवस्था छ भने ऐ. को उपदफा (२) मा सो कसुर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ भन्ने कानुनी व्यवस्था रहेको छ।

१८. उपर्युक्त कानुनी व्यवस्था हेर्दा, कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्नेसम्मको परिस्थिति खडा गर्न वा गराउन नहुने भन्ने व्यवस्था रहेको छ भने मुलुकी अपराध संहिता, २०७४ को दफा ३५ को उपदफा (२) मा कसैले कसैलाई कुनै कसुर गर्न उक्साएमा निजले दुरुत्साहन दिएको मानिनेछ भनी दुरुत्साहनको परिभाषा गरेको छ। बृहत नेपाली शब्दकोषमा दुरुत्साहन भन्नाले अरुलाई कानुनी वा नैतिक दृष्टिले अवैध कार्य गर्न प्रोत्साहित गर्ने काम, खराब काममा उक्साउने चाल भनी परिभाषित गरेको छ। यसबाट के देखिन्छ भने आत्महत्याको दुरुत्साहनको कसुर हुनको लागि कसैले कसैलाई आत्महत्या गर्न उक्साएको वा मर्नेसम्मको परिस्थिति खडा गरेको वा गराएको भन्ने कुरा पुष्टि भएको हुनुपर्दछ। फौजदारी कानुनको सर्वमान्य सिद्धान्त के रहेको छ भने निरपेक्ष दायित्वका केही अपवादको अवस्थामा बाहेक मनसाय बिना गरिएको कार्य कसुर हुन सक्दैन। आत्महत्या आफैमा कसुर होइन। आत्महत्या व्यक्तिको मनोसामाजिक र मानसिक विचलनबाट हुने गर्दछ। आत्महत्या स्वेच्छिक मनसायले हुने कुरा हो। मानसिक समस्यामा

विरक्ति वा निराशा (Depression) लाई आत्महत्याको प्रमुख जोखिम तत्व मानिन्छ। मनोचिकित्सात्मक विचलन, लागु पदार्थको प्रयोग, दीर्घ रोग वा पीडा आत्महत्याका कारक मानिन्छन्। यस्तो मानसिक अवस्थाको सिर्जना गर्नमा वा मनोवैज्ञानिक र मानसिक स्वास्थ्यसम्बन्धी समस्या उत्पन्न गरेको कारण आत्महत्यामा तेस्रो पक्षको भूमिका रहेको वस्तुगत आधार भएमा वा देखिएमा मात्र त्यसलाई हत्याको दुरुत्साहन वा इच्छामरणको दुरुपयोगको रुपमा हेर्नुपर्ने हुन्छ। आफ्नो ज्यान आफैले मनसायपूर्वक लिने वा स्वःनियतबाट जानीजानी आफूले आफैलाई मार्ने कार्य आत्महत्या हो भने त्यस्तो आत्महत्याको अवैध कार्य गर्न उक्साउने वा आत्महत्या गर्नका लागि परिस्थिति निर्माण गरेर बाध्य पार्ने कार्य दुरुत्साहन हो। नघटेको घटनाको आशंका वा डरले आत्महत्या गर्दा वा भएको तथ्य बाहिर ल्याउँदा, पत्रिकामा कुनै सत्य समाचार प्रकाशन गर्दा वा आफ्नो तोकिएको जिम्मेवारीको कुनै काम गर्दा कसैले आत्महत्या गऱ्यो भने त्यो आत्महत्याको दुरुत्साहन हुन सक्दैन। कसैले कसैको गोपनीयता भंग गर्ने कुनै प्रमाण बटुलेर धम्की दियो, बार्गेनिङ गऱ्यो वा कुनै काम गरेर आत्महत्या गर्नुपर्ने स्थितिमा पुऱ्यायो वा कसैले कसैलाई चन्दा नदिए अपहरण गर्छु वा कुनै हानि नोक्सानी पुऱ्याउने संकेत गर्छु वा दाइजो नल्याएको भनी चरम घरेलु हिंसा गर्ने वा पारिवारिक बेमेलका कारण चरम घरेलु हिंसा दिने जस्ता असत् व्यवहार गरेको अवस्थामा गरिएको आत्महत्या व्यक्तिको स्वेच्छाले गरेको इच्छामरण नभै आत्महत्याको दुरुत्साहनको परिणामस्वरुप घटना घटित हुन जाने हुँदा त्यस्तो आत्महत्या दुरुत्साहनको कसुर हुन जान्छ। सन् १६७० को दशकमा फ्रान्सका राजा लुई चौधौंले फौजदारी अध्यादेश जारी गरी पहिलो पटक आत्महत्यालाई कसुर घोषणा गरेको पाइन्छ भने सन् २०१७ मा अमेरिकाको मासाचुसेट्स अदालतले १७ वर्षीय मिचेल कार्टरले आफ्नो Boy friend १८ वर्षका Conrad Henri Roy लाई मर्न Encourage गरी Text Massage पठाएको, इमेल गरेको र फोन गरेको कारण पाठात्मक सन्देश कै कारण केटी साथी कोनऱ्याड हेनरी रोयलाई आत्महत्या गर्न उक्साएको भनी मिचेल कार्टरलाई २ वर्ष ६ महिना कैद सजाय गरी नाबालक रहेको भनी १५ महिनाको कैद सजाय गरी आत्महत्यामा मौखिक उक्साहटको लागि ज्यान मारेको दायित्व बहन गराएको देखिन्छ।।(*Petski, Nellie Andreeva,Denise; Andreeva, Nellie; Petski, Denise (2019-08-15). "UCP To Develop True Crime Series About Texting Suicide Case". Deadline. Retrieved 2019-08-24.*)

१९. प्रतिवादी दिब्यदेब नाथले कसुरमा इन्कार रही बयान गरेको भए तापनि प्रतिवादी दिब्यदेब नाथका कारण मृतक झरना थ्वालले आत्महत्या गरेको भनी डम्बर सिंह थ्वालले मौकामा दिएको किटानी जाहेरी दरखास्तलाई पुष्टि हुने गरी अदालतसमक्ष बकपत्र गरेको, यी प्रतिवादी दिब्यदेब नाथले नाबालक अवस्थाकी मृतकसँग आजभन्दा तीन वर्षपहिले प्रेम सम्बन्ध राखी निजले यी प्रतिवादीलाई अस्वीकार गर्दा पनि निजलाई सम्पर्क राखी पूर्व सम्बन्धका बारेमा नयाँ प्रेमीलाई भनिदिने र आफूसँग बिवाह नगरे अरु कसैसँग बिवाह हुन नदिने भनी मृतकलाई धम्क्याएको र गालीगलौज गरेको भन्ने कुरा यी प्रतिवादी दिब्यदेब नाथले मृतकलाई पटक पटक मोबाइल फोनमा पठाएका म्यासेज (सन्देश), मृतक र यी प्रतिवादीबिच भएको फोन सम्वादको मिसिल संलग्न सि.डी.लाई यस अदालतको सूचना प्रबिधि शाखा र प्रशासन शाखाबाट तयार गरी मिसिल संलग्न गरेको लिखित सम्वाद, मिसिल

संलग्न कल डिटेल्स र मृतकले मत्युअघि मर्नुपर्ने कारण उल्लेख गरी लेखेको पत्रसमेतका मिसिल संलग्न तथ्य, प्रमाणबाट यी प्रतिवादी दिब्यदेब नाथले मृतक झरना थ्वालसँग १४ वर्षको नाबालक अवस्थामा कानुन विपरीत अबैध रुपमा प्रेम सम्बन्ध राखेको र निजले यी प्रतिवादीका बारेमा बुझ्दा निजसँग आफ्नो जीवन निर्वाह नहुने देखेपछि निजसँगको सम्बन्ध परित्याग गरी भाष्कर साउदसँग सम्बन्ध बढाउन खाजेको अवस्थामा यी प्रतिवादीले मृतकसँग विगतको अबैध प्रेम सम्बन्धलाई लिएर पूर्व सम्बन्धका बारेमा सार्वजनिक गर्ने, नयाँ प्रेमीलाई पूर्व सम्बन्धका बारेमा भनिदिने र आफूसँग विवाह नगरे अरु कसैसँग विवाह हुन नदिने जस्ता धम्कीपूर्ण सन्देश, फोन सम्वाद र म्यासेज पठाइ निज झरना थ्वाललाई आत्महत्या गर्न बाध्य पारी आत्महत्या गर्न दुरुत्साहन गरेको देखिन आयो।

२०. तसर्थ माथि बिबेचित आधार कारणबाट प्रतिवादी दिब्यदेव नाथले मृतक झरना थ्वाललाई आत्महत्या गर्न दुरुत्साहन गरेको देखिन आएकाले प्रतिवादी दिब्यदेब नाथले मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको कसुर गरेको ठहर्छ।

२१. मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको कसुर गर्ने व्यक्तिलाई ऐ. संहिताको दफा १८५(२) बमोजिम पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुन सक्ने कानुनी व्यवस्था रहेको हुँदा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८(१) र ९(१) बमोजिम प्रस्तुत मुद्दामा सजाय निर्धारणका लागि छुट्टै पेशी तोकी सुनुवाइ गर्नुपर्ने हुँदा ऐ. संहिताको दफा १२ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) सम्बन्धी नियमावली, २०७५ को नियम (४) बमोजिम सजाय निर्धारण पूर्वको प्रतिवेदन दिन चाहेमा मिति २०७७।६।२५ गतेभित्र पेश गर्न भनी बादी, प्रतिवादीका कानुन व्यवसायीहरुलाई जानकारी दिई प्रस्तुत मुद्दामा सजाय निर्धारणका लागि मिति २०७७।६।२६ गते पेशी तोकी नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालतको मिति २०७७।६।१८ को आदेश।

ख. सजाय निर्धारणः

२२. जिल्ला अदालत नियमावली, २०७५ को नियम ४४ र ४५ बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादी दिब्यदेव नाथले मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको कसुर गरेको ठहरी फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८(१) र ९(१) बमोजिम सजाय निर्धारणका लागि आज मिति २०७७।६।२६ गतेका लागि पेश गर्नु भन्ने मिति २०७७।६।१८ का आदेशानुसार सजाय निर्धारणका लागि पेश हुन आएको देखियो।

२३. प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री कबिराज शर्मा पाध्याले र जाहेरवालाका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री धर्मानन्द जोशीले यी प्रतिवादी दिब्यदेव नाथले जाहेरवालाको छोरी झरना थ्वाललाई पटक पटक फोन गरेर, मोबाइलबाट एसएमएस पठाएर, फेसबुकबाट म्यासेज पठाएर आफूबाहेक अरु कसैको हुन दिन्न भनी धम्क्याउने, गालीगलौज गर्ने गरी प्रेम गरेको नाटक गरेर मृतकलाई मर्न बाध्य पारी दुरुत्साहन गरेको हुँदा यी प्रतिवादीलाई अभियोग दाबीबमोजिम अधिकतम सजाय हुनुपर्दछ भनी तथा प्रतिवादीका तर्फबाट

उपस्थित विद्वान अधिवक्ताद्वयः श्री उमेशप्रसाद बिष्ट र श्री कौशिला योगीले प्रतिवादी दिब्यदेव नाथले आफ्नो मृतकसँग प्रेम सम्बन्ध रहेको र सोही सिलसलामा एसएमएस, फोन सम्पर्क र म्यासेज आदानप्रदान भएकोसम्म अवस्थामा मृतकले आवेशमा आएर आत्महत्या गरेको अवस्था छ। यी प्रतिवादी स्नातक अध्ययन गर्दै गरेका विद्यार्थीसमेत रहेका, निजलाई छाड्दा समाजलाई खतरा पनि नहुने, निजको भावी जीवनलाई सहज बनाउन पनि अधिकतम सजाय गर्न न्यायोचित नहुने हुँदा यी प्रतिवादीलाई न्यूनतम सजाय हुनुपर्दछ भनी गर्नु भएको बहससमेत सुनियो।

२४. उपर्युक्त तथ्य र बहस जिकिर रहेको प्रस्तुत मुद्दामा यी प्रतिवादी दिब्यदेव नाथले मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको कसुर अपराधमा ऐ. संहिताको दफा १८५(२) बमोजिम हुने सजायमा के कति सजाय निर्धारण गर्नुपर्ने हो भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

२५. सो सन्दर्भमा हेर्दा, प्रस्तुत मुद्दामा मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको कसुर गर्नेलाई ऐ. संहिताको दफा १८५ (२) बमोजिम पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुन सक्ने र ऐ. को दफा १९८ बमोजिम मृतकका हकदारलाई क्षतिपूर्ति भराइ दिनुपर्ने कानुनी व्यवस्था रहेको हुँदा यी प्रतिवादी दिब्यदेव नाथले नाबालक अवस्थाकी झरना थ्वालसँग प्रेम सम्बन्ध राखेको र निज नाबालिकाले यी प्रतिवादीको बानी बेहोरा मन नपराएपछि निजसँगको प्रेम सम्बन्ध अन्त्य गरी भाष्कर साउदसँग सम्बन्ध अघि बढाउन खोज्दा यी प्रतिवादी सो सम्बन्धमा बाधक हुन खोजी निज झरना थ्वाललाई धम्क्याउने, गालीगलौज गर्ने, पुरानो सम्बन्ध नयाँ प्रेमीसँग भनी सम्बन्ध नराख्न भन्छु भनी मानसिक तनाब दिने कार्य गरेको देखिएको हुँदा यस्ता कसुरका कसुरदारलाई सजाय गरी प्रायश्चित गराई अपराधबाट बिमुख गराई समाजलाई सुरक्षा प्रदान गर्न र यस्तै मनोवृत्ति भएका व्यक्तिहरुलाई कसुर गरेमा सजाय हुन्छ भन्ने जानकारी गराई कसुर गर्नबाट निरुत्साहित गर्नका लागि यी प्रतिवादीलाई प्रस्तुत मुद्दाको कसुरमा सजाय गर्नुपरेको हो, विधायिकाले पनि सोही मनसायले कानुन निर्माण गरेको देखिन्छ।

२६. मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको कसुर गर्ने व्यक्तिलाई ऐ. संहिताको दफा १८५(२) बमोजिम पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने सक्ने कानुनी व्यवस्था रहेको छ। अब यी प्रतिवादीहरु दिब्यदेव नाथलाई के कति सजाय गर्नुपर्ने हो भनी विचार गर्दा, प्रतिवादीका कानुन व्यवसायीहरुबाट पेश भएको प्रतिवेदन, मुलुकी अपराध संहिता,२०७४ को दफा ३८ र ३९ मा भएका व्यवस्था, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३, १४,१५ र १७ लाई समेत विचार गरी हेर्दा, प्रतिवादी दिब्यदेव नाथ स्नातक अध्ययन गर्दै गरेको विद्यार्थी भन्ने देखिएको, निजको उमेर २२ वर्षको रहेको, निजले मृतकसँगको पूर्व सम्बन्धका कारण मृतकलाई फोन गर्ने, एसएमएस गर्ने र म्यासेज पठाउने गर्दा वारदात घट्न गएको देखिएको, कसुरको गाम्भीर्यता, कसुरको प्रकृति, मात्रा, कसुर गर्दाको अवस्था र परिस्थितिसमेतका आधारमा प्रतिवादी दिब्यदेव नाथलाई न्यूनतम सजाय गर्दा पनि कानुनको उद्देश्य पूरा हुन जाने हुँदा निज प्रतिवादी दिब्यदेव नाथलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको कसुरमा ऐ. संहिताको दफा १८५(२) बमोजिम ५(पाँच) महिना

कैद र २०,०००।– (बिस हजार) रुपैयाँ जरिवाना हुने र ऐ. संहिताको दफा १८६ बमोजिम मृतकका हकवालालाई परेको मानसिक, पारिवारिक, सामाजिक र साँस्कृतिक हानि नोक्सानीलाई विचार गर्दा मृतकका हकवालालाई रु.५०,०००।– (पचास हजार) क्षतिपूर्ति दिलाइ भराइ दिनेसमेत ठहर्छ। अरु तपसिलबमोजिम गर्नु।

तपसिल खण्ड

माथि इन्साफ खन्डमा लेखिएबमोजिम प्रतिवादी दिब्यदेव नाथलाई न्यूनतम सजाय गर्दा पनि कानुनको उद्देश्य पूरा हुने हुँदा निज प्रतिवादी दिब्यदेव नाथलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको कसुरमा ऐ. संहिताको दफा १८५(२) बमोजिम ५(पाँच) महिना कैद र २०,०००।– (बिस हजार) रुपैयाँ जरिवाना हुने र ऐ. संहिताको दफा १८६ बमोजिम मृतकका हकवालालाई रु ५०,०००।– (पचास हजार) क्षतिपूर्ति दिलाइ भराइ दिनेसमेत ठहरेकाले निज प्रतिवादी मिति २०७७।०१।१८ मा पक्राउ परी हालसम्म थुनामा नै रहेकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१ बमोजिम निजलाई ठहरेको कैद अवधि निज पक्राउ परी थुनामा परेको मितिदेखि कट्टा गर्दा निजलाई ठहरेको कैद मिति २०७७।०६।१७ भुक्तान भैसकेको हुँदा लगत राखी कैद ठेकी असुली जनाउनु र बढी अवधि दिन ८ लाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१(२) बमोजिम प्रतिदिन रु.३००।– का दरले हुने रु.२,४००।- निजलाई ठहरेको जरिवानाबाट कट्टा गरी बाँकी हुने जरिवानाको रु.१७,६००।- नगद बुझाए बुझिलिई निजलाई अन्य मुद्दा वा प्रयोजन बेहोराबाट थुनामा राख्न नपर्ने भए प्रस्तुत मुद्दाको रोहबाट मात्र थुनाबाट छाडिदिनु भनी सम्बन्धित कारागार कार्यालयमा लेखी पठाइदिनु, जरिवानाको रकम नबुझाए जरिवानाका हकमा समेत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६२(४) बमोजिम कैद गर्दा हुन आउने अवधि दिन १ महिना ३ दिन कैदमा राख्नुपर्ने हुँदा मिति २०७७।०८।१५ सम्म कैद ठेकी असुलउपर गर्नु भनी तहसिल शाखामा लगत दिनु.....१

मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम मृतकका हकवालाले भराइ लिन पाउने ठहरेको क्षतिपूर्ति रु.५०,०००।– (पचास हजार) फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४२ बमोजिम प्रतिवादीलाई तत्काल दाखिल गर्न जानकारी गराई निजले तत्काल बुझाउन नसकी एक वर्षभित्र किस्तामा बुझाउन निवेदन दिए सोहीबमोजिम तीन किस्तामा बुझाउन मौका दिनु, प्रतिवादीले क्षतिपूर्ति दाखिल गर्न नल्याई जेथा दिएमा सो जेथा जायजात गरी असुलउपर गरी मृतकका हकवालालाई दिलाइ भराइ दिनु, निजले जेथा पनि नदिएमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४५ बमोजिम प्रतिदिन तीन सय रुपैयाँका दरले कैद निर्धारण गरी निज थुनामा नै हुँदा कैद म्याद ठेकी असुलउपर गर्नु र मृतकका हकवालालाई नेपाल सरकारको पीडित राहत कोषबाट क्षतिपूर्ति उपलब्ध गराइ दिन भनी सम्बन्धित निकायमा पत्राचार गरी मृतकका हकवालालाई तत्कालै क्षतिपूर्ति दिलाइ दिनु, प्रतिवादीले क्षतिपूर्ति दाखिल गरेमा मृतकका हकवालालाई सरकारी वकिल कार्यालय कञ्चनपुरमार्फत जानकारी गराइ तत्काल उपलब्ध गराइदिनु र प्रतिवादीको

कैद अवधि भुक्तान भएपछि अन्य मुद्दा वा कारणबाट थुनामा राख्न नपर्ने भए प्रस्तुत मुद्दाको थुनाबाट छाडिदिनु भनी लेखी पठाइदिनु भनी तहसिल शाखामा लगत दिनु.....२

प्रस्तुत मुद्दामा वादीका तर्फबाट वादी र प्रतिवादीहरुका कानुन व्यवसायीहरु इजलासमा उपस्थित भै बहस पैरवी गर्नु भएको हुँदा यो फैसलाउपर चित्त नबुझे मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(१) बमोजिम फैसला प्रमाणीकरण भएका मितिबाट ७० दिनभित्र उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासमा पुनरावेदन गर्न सक्ने र प्रस्तुत मुद्दामा ऐ. ऐनको दफा १३४(३) बमोजिम फैसला भएको जानकारी पाएको मानिने हुनाले पुनरावेदनको म्याद जारी गरिरहनु परेन.....३

प्रस्तुत फैसला प्रमाणीकरण भएको सूचना यस अदालतको सूचना पाटीमा प्रकाशन गर्नु.....४

प्रस्तुत फैसलाको प्रतिलिपिसहित फैसलाको जानकारी थुनुवा प्रतिवादी दिब्यदेव नाथलाई र जिल्ला सरकारी वकिल कार्यालय कञ्चनपुरलाई दिनु ५

नक्कल माग्ने सरोकारवालालाई नियमानुसार गरी नक्कल दिनु ६

प्रस्तुत फैसलाउपर पुनरावेदन परे मिसिल उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासमा पठाइदिनु, पुनरावेदन नपरे मिसिल सुरक्षित साथ राख्न भनी यस अदालतको अभिलेख फाँटमा बुझाइदिनु.....७

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी फैसलाको बिद्युतीय प्रति अदालतको अपलोड सिस्टममा अपलोड गर्नु ८

(शिवलाल पाण्डेय)
जिल्ला न्यायाधीश

यो फैसला मा.जि.न्या.ज्यूले बोली टिपाएबमोजिम
टाइप गर्ने टा.ना.सु. ललिता बोहरा
इजलाश अधिकृतः कुमारी लक्ष्मी भट्ट
फाँट - मुद्दा -२
इति सम्बत २०७७ साल असोज २६ गते रोज २ मा शुभम्.....

(शिवलाल पाण्डेय)
जिल्ला न्यायाधीश

फैसला प्रमाणीकरण भएको मितिः २०७७।६।२६।२
अदालतको छापः
इति सम्बत २०७७ साल असोज २६ गते रोज २ मा शुभम्.....।

श्री

इलाम जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री हरिश्चन्द्र इङनाम

फैसला

२०७६ सालको स.फौ.नं. 076-C1-0114

र. नं. १९-०७६-००४४८

कसुर निर्धारण नि.नं. १६६

सजाय निर्धारण नि.नं.१६

मुद्दाः– हाडनातामा जबरजस्ती करणी र आत्महत्या दुरुत्साहन।

<u>वादी</u>

विष्णुप्रसाद दंगालको जाहेरीले नेपाल सरकार.....१

ऐ. को साक्षीः–

१.जाहेरवालाःविष्णुप्रसाद दंगाल।

२.वस्तुस्थिति मुचुल्काका मानिसहरुः

गोमादेवी आचार्य,

योगेन्द्र आचार्य,

दलमान तामाङ।

३. घट्ना विवरणका मानिसः मैयादेवी ढुंगाना।

ऐ. को प्रमाणः

<u>प्रतिवादी</u>

जिल्ला इलाम, इलाम नगरपालिका वडा नं.९ साजबोटे इन्टेक बस्ने तोयानाथ ढुंगानाको छोरा बर्ष ४३ को अम्बरप्रसाद ढुंगाना.....१

ऐ. को साक्षीः–

सर्वजित बस्नेत

ऐ. को प्रमाणः–

<u>अदालतबाट बुझेको</u>

साक्षीः-

प्रमाणः-

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ अनुसार यसै अदालतको अधिकारक्षेत्रभित्रको भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः-

<u>टिपोट खण्ड</u>

मृतक बर्ष १४ की दिलशा दंगाल मेरो छोरी हुन्। बिगत २०७६ सालको पुषबाट मानसिक रोगी भएको हुँदा बेला बखतमा आफै मुर्छा पर्ने, मुर्छा परेर लड्ने भएकोले उपचारको लागि बिर्तामोडमा रहेको बि. एण्ड सि. अस्पताल लगी उपचार गराइ चिकित्सकले दिएको औषधी सेवन गर्दै आएकी थिइन्। औषधी

सेवन गर्न थालेपश्चात् स्वास्थ्य अवस्था राम्रो हुँदै थियो। मिति २०७७।०२।१४ गते बेलुकी खाना खान मन लागेको छैन, चाडै सुत्छु भन्दै सुतेकी थिइन्। ऐ. १५ गते बिहान अन्दाजी ०४:०० बजेतिर छोरीलाई बोलाइ उज्यालो भयो। छोरी अब उठ् भन्दा नबोलेको र ढोका ढकढक पार्दासमेत नबोलेको हुँदा ढोकाको माथिल्लो भागमा रहेको खुल्ला स्थानबाट भित्र हेर्दा झुन्डी रहेको देखि थाहा पाएको हो। घटना बारेमा प्रहरीसमेतमा जानकारी भई प्रहरी टोली घटनास्थलमा पुगी छोरीले भित्रबाट लगाएको ढोका खोलेर हेर्दा छोरीले आफैले प्रयोग गर्ने गरेको कपडाको सलले टिन ठोक्न लगाएको काठको बलोमा पासो लगाइ झुन्डिएर मृत्यु भएको पाइएको हो। मृतक छोरी मानसिक रोगी भएको कारण छोरीले घरमा भाइ तथा मावली हजुरआमालाई बेलाबखतमा "मर्न मन लाग्छ", "मान्छेलाई दुःख दिएर बाँच्नुभन्दा मर्न बेस" भन्दै कुरा गर्ने गरेकोसमेत खुल्न आएको हुँदा कानुनबमोजिम गरिपाउँ भन्ने जाहेरी दरखास्त।

मेरो छोरी बर्ष १४ की दिलशा दंगालले मिति २०७७।०२।१५ गते झुन्डिएर आत्महत्या गरेको घटना सम्बन्धमा सोही दिन जाहेरी दरखास्त दिई कानुनबमोजिमको कार्य गरी लास सदगतसमेतको कार्य गरिसकेको छौं। मृतक छोरीले कपीको पानामा लेखेको अपूरो खालको सुसाइड नोट फेला पारी प्रहरीले सो समेत बरामद गरी मौकामा ल्याएकोले सो ब्यहोरासहित मिति २०७७।०२।१५ गते दिएको जाहेरीमा समेत खुलाएको थिएँ। मिति २०७७।०२।१६ गते बिहान निजको रहने सुत्ने घरकोठाबाट निज छोरीले त्यसरी आत्महत्या गर्नु पूर्व पेन्सिलले लेखेको लिखत पाना १ र डटपेनले लेखेको लिखत नोट पाना १ समेत फेला परेकोले उक्त लिखत छोरीबाट सुसाइड नोटको रुपमा "म किन तपाईहरुलाई छोडेर गएँ भनेर सम्झनु भएको होला। किनभने I was Raped। त्यही पनि Aambar Mama बाट, यो म तपाईहरुलाई पनि कसरी भन्थें र। किनभने मलाई आफ्नो इज्जत ठुलो थियो" भन्ने शब्दहरु लेखिएको पाइएको हुँदा छोरीले सुसाइड नोटमा अम्बर मामा भनी खुलाएको ब्यक्ति मेरो ठुलोबुबा ससुराको कान्छो छोरा मृतक छोरीको नातामा मामा पर्ने अम्बर ढुंगाना रहेको र गाउँघरसमेतमा बुझ्दा अम्बर ढुंगानाको गतिविधि शंकास्पद देखेको बुझेको थिएँ। मेरो छोरीले आत्महत्या गर्नुमा निज अम्बर ढुंगानाले जबरजस्ती करणी गरी त्यसैको कारणबाट गम्भीर मानसिक असर परी मर्न बाध्य बनाइ आत्महत्या दुरुत्साहनको कसुर गरेको हुँदा निज अम्बर ढुंगानालाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिमको कसुर भएकोले आवश्यक अनुसन्धान गरी कानुनबमोजिम कारवाही गरिपाउँ भनी प्राप्त भएको जाहेरी दरखास्त।

जाहेरवाला बिष्णुप्रसाद दंगाल मेरो ज्वाइँ, निजको छोरी मृतक दिलशा दंगाल मेरो भान्जी नाताको मानिस हुन्। मेरो हजुरबुबाको ५ जना छोराहरुमध्ये जेठो छोराको म कान्छा छोरा हुँ भने सोही बाजेको साइलो छोरा अर्थात मेरो साइलो काकाको विवाहित जेठी छोरीको एक्लो छोरी मृतक दिलशा दंगाल हुन्। सोहिअनुसार मृतक दिलशा ढुङ्गाना मेरो भान्जी नाताको पर्छिन्। मिति २०७६ साल फाल्गुन महिनामा दिउसो अन्दाजी १२:०० बजेतिर मृतक भान्जी दिलशा दंगाल म घरमा एक्लै भएको बेलामा मेरो घरमा आएकी थिइन्। निजसँग मेरो टिभी कोठामा सामान्य कुरा गर्ने क्रममा मसँग मोबाइल मागेकोले मैले मोबाइल दिई निजले खेलाउन थालिन। सो अवस्थामा म केही अनियन्त्रित भई निज भान्जीको स्तनमा समाई भान्जीको तलको लुगा आदि खोली मेरो दाहिने हातको बिचको औंलाले निजको योनीमा औंलाभित्र पसाई दिई अन्दाजी २ मिनेट जति खेलाइदिएपछि निज उठेर आफ्नो लुगा लगाइ घरतर्फ गएकी हुन्। मैले निजलाई लिङ्गद्वारा करणी गरेको होइन। हातको औंलाले निजको योनीमा पसाइ खेलाएको हो।

निजले सो कारण वा अन्य कारणबाट झुन्डिएर आत्महत्या गरेकी हुन्, सो बारे मलाई थाहा भएन भनी अनुसन्धान अधिकारीसमक्ष प्रतिवादी अम्बर प्रसाद ढुंगानाले गरेको बयान।

जिल्ला इलाम, इलाम न.पा. वडा नं. ८ मसार स्थित पूर्वमा तिल्केनी माईखोला आउने जाने बाटो, पश्चिममा मेष बहादुर लिम्बुको जग्गा, उत्तरमा जमुना अधिकारीको घर र दक्षिणमा धन प्रसाद दंगालको जग्गा यति चार किल्लाभित्रमा रहेको ढुंगामाटो र काठले बनेको पूर्व फर्किएको घरको दोस्रो तलामा पूर्वतर्फको कोठामा टिन ठोक्नको लागि प्रयोग गरिएको काठको बलोमा सल कपडाको पासो लागि झुन्डिएको मृतक दिलशा दंगालको शारीरिक अवस्था हेर्दा शरीरमा कुनै चोटपटकहरु नपाइएको, घाँटीमा V आकारको कडा डाम रहेको, मृतक झुन्डिएको कोठामा अपूरो सुसाइड नोटसमेत फेला परेको भन्ने घटनास्थल लास जाँच मुचुल्का।

जिल्ला इलाम, इलाम न.पा. वडा नं. ८ मसार स्थित पूर्वमा तिल्केनी माईखोला आउने जाने बाटो, पश्चिममा मेष बहादुर लिम्बुको जग्गा, उत्तरमा जमुना अधिकारीको घर र दक्षिणमा धनप्रसाद दंगालको जग्गा यति चार किल्लाभित्रमा रहेको ढुंगामाटो र काठले बनेको पूर्व फर्किएको घरको दोस्रो तलाको पूर्व कोठामा मृतक दिलशा दंगालले अध्ययनको क्रममा लेखिएको नोटकापी थान ३ बरामद गरेको बरामदी खानतलासी मुचुल्का।

जिल्ला इलाम, इलाम न.पा. वडा नं. ९ स्थित पूर्व, पश्चिम र दक्षिणमा देउमणी खरेलको जग्गा, उत्तरमा इलाबाट साङरुम्बा जाने सडक यति चार किल्लाभित्रमा रहेको टिनको छानो काठको प्लाई बेरा भएको उत्तर फर्किएको अम्बरप्रसाद ढुंगानाको घर, प्रतिवादी अम्बरप्रसाद ढुंगानाले मिति २०७७।०२।१५ गते मृतक दिलशा दंगाललाई २०७५ सालको फागुन महिनामा उक्त घरको बिच कोठामा जबरजस्ती करणी गरेको हो भनी निज प्रतिवादीले देखाएबमोजिम लेखिएको घटनास्थल मुचुल्का।

मृतक दिलशा दंगाल मेरो भान्जी नाताकी मानिस हुन्। मृतक भान्जीको आमा लक्ष्मी दंगाल रोजगारको लागि विदेश जानु भई हाल विदेशमा नै हुनुहुन्छ। मृतकको घरमा बुबा मेरो ज्वाईंको बृद्ध आमा र मृतक दिलशा दंगाल घरमा बस्दैआएका थिए। मृतकको दाजु अर्थात मेरो भान्जा वर्ष १६ को आयुस दंगाल मावली मेरै घरमा बस्दैआएका थिए। मृतकको घर मेरो घरदेखि पैदल हिड्दा अन्दाजी २ (दुई) घण्टा समय लाग्ने भए पनि नन्द विदेश गएपछि विगत ४ महिनादेखि मृतक भान्जी मेरै घरमा बसी सुन्तलाबारी स्थितको समता बोर्डिङ स्कुल, इलाममा कक्षा ९ मा पढ्दै आइरहेकी थिइन्। मृतक भान्जी कहिलेकाहीं टोलाउने क्रियाकलाप गर्ने गरेकिले घरमा बृद्ध हजुरआमा र बुबा मात्र भएकोले घरमै गएर बस्ने इच्छा व्यक्त गरेकोले ज्वाईंले मृतक भान्जीलाई लानुभएको थियो। हामीले पनि भान्जीलाई के भए जस्तो लागेकोले उपचार गराउन भनी ज्वाईंलाई सरसल्लाह दिएका थियौं। भान्जीसँग भेटघाट हुँदा मसँग त्यति खुलेर बोल्दिन थिइन्। मिति २०७७।२।१५ गते विहान म आफ्नै घरमा भएको अवस्थामा मृतकको बुबाले फोन गरी दिलशाले आफ्नै घरकोठामा आत्महत्या गरिन् भनी बताएकोले म समेतका मावलीतर्फका मानिसहरु घट्नास्थलमा गई हेर्दा झुन्डी मृतक अवस्थामा मृतक भान्जीको लास देखेको हुँ। घट्नाबारे तत्काल मृतकको बुबासँग बुझ्दा केही मानसिक असरसमेत रहेको, निजले झुन्डिएर आत्महत्या गरेको र तत्काल घट्नास्थलमा फेला परेको सुसाइड नोटमा समेत भान्जीको हस्तलिपीद्वारा आत्महत्या गरेको कुरा खुलेको थियो। घटना भएको भोलिपल्ट मृतक भान्जीद्वारा लेखिएको थप दुई पानाको सुसाइड नोट

मृतकको बुबाले फेला पारी प्रहरीमा बुझाएको भन्ने कुरा मृतकको बुबामार्फत जानकारी पाई घट्नावारे चासो भई म समेत प्रहरी कार्यालयमा आई थप फेलापरेको सुसाइड नोट बेहोरा हेर्दा सो सुसाइड नोटमा "I was raped त्यो पनि Aambar Mama बाट, यो म तपाईहरुलाई पनि कसरी भन्थें र, किनभने मलाई आफ्नो इज्जत ठुलो थियो" भन्ने बेहोरा मृतक भान्जीले लेखिएको हस्तलिपीसमेत चिनी उक्त घट्ना सामान्य आत्महत्या नभई निज मृतकलाई आफ्नै मामा अम्बरप्रसाद ढुंगानाले जवरजस्ती करणी गरेको र सोको पीडा कसैलाई भन्न नसकी शारीरिक तथा मानसिक असर परी मामाले जबरजस्ती करणी गरेकै कारण आत्महत्या गरेको कुरा प्रष्ट भएकोले यसरी नाबालिका मृतक भान्जी विगत ३ (तीन) महिनाअगाडि मेरो घरमा आएको बखतमा जबरजस्ती करणी गरेर बिभिन्न धाकधम्की दिई कोही कसैलाई भन्न सुनाउन नदिने वातावरण बनाएको अवस्थामा मृतक भान्जीले उक्त कुराहरु सुसाइड नोटमा उल्लेख गरी आत्महत्या गरेको हुँदा उल्लिखित प्रमाणको आधारमा कसुरदारलाई कानुनबमोजिम हदैसम्मको कारवाही हुनुपर्छ भनि मैयादेवी ढुंगानाले गरेको घट्ना विवरण कागज।

मृतक दिलशा दंगाल मेरो छिमेकी बहिनी हुन्। मृतकको आमा बैदेशिक रोजगारको लागि बिदेश जानुभएकोले मृतकको घरमा बुबा र बृद्ध हजुरआमा हुनुहुन्छ। निजको दाजु मावली घरमा बस्दैआएका छन्। मृतक पनि प्रायः मावली घरमा बस्ने गरेको र कहिलेकाहीं मात्र घरमा आउने गर्दथे। मृतक पहिला केही बिरामी जस्तो भएकोले बुबाले उपचारसमेत गराएका थिए। अन्य स्थिति राम्रो थियो। मिति २०७७।०२।१५ गते बिहान म आफ्नै घरमा भएको बेलामा निज दिलशा दंगालले आफ्नै घरमा झुन्डिएर मृत्यु भएको भनी सुनी म समेत घटनास्थलमा पुगी हेर्दा प्रहरीसमेतको टोली पनि आएको र प्रहरीले ढोका खोली हेर्दा झुन्डिएर मृत्यु भएको अवस्थामा देखि थाहा पाएको हो। प्रहरीले लास जाँच गर्ने क्रममा सुसाइड नोटसमेत फेला पारेकोले निजले आफैले झुन्डिएर आत्महत्या गरेको बिश्वास भएको हो। घटनाको भोलिपल्ट अर्थात मिति २०७७।०२।१६ गते मृतक सुत्ने कोठामा सफा गर्ने क्रममा मृतकले लेखेको २ पानाको सुसाइड नोट मृतकको बुबाले फेला पारी उक्त नोटमा अम्बर मामाबाट करणी भएको उल्लेख गरिएको खुल्न आई निज अम्बरप्रसाद ढुंगानालाई पक्राउ गरिएको र निजले समेत पीडित नावालिका दिलशा दंगाललाई जबरजस्ती करणी गरी शारीरिक तथा मानसिक रुपमा असर पुग्ने कार्य गरेकै कारण आत्महत्या गरेको भन्ने खुल्न आएको हुँदा निजलाई कानुनबमोजिम कारवाही हुनुपर्छ भनी योगेन्द्र आचार्यसमेतका मानिसहरुले एकै मिलान ब्यहोरामा गरेको बस्तुस्थिति मुचुल्का।

Opinion on cause of death: Hanging भन्ने मृतक दिलशा दंगालको पोष्टमार्टम रिपोर्ट।

अभियुक्त अम्बरप्रसाद ढुंगानाले भान्जी नाताकी मृतक दिलशा दंगाललाई जबरजस्ती करणी गरेकै कारण दिलशा दंगालको गम्भीर मानसिक असर परी मृत्युको कारणसहित मृत्युकालीन घोषणा Suicide note लेखेर आत्महत्या गरेको कारणले प्रतिवादी अम्बर प्रसाद ढुंगानाले हाडनाताभित्रकी भान्जीलाई जवरजस्ती करणी गरी आत्महत्या दुरुत्साहनसमेतको कसुर अपराध गरेको हुँदा निजलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) को कसुरमा सोही संहिताको दफा १८५(२) बमोजिम सजाय हुन, मुलुकी अपराध संहिता,२०७४ को दफा २१९ को (३)(ख) र हाडनाताकामा ऐ.संहिताको दफा २२०(२)(घ) बमोजिम जवरजस्ती करणी गरेकोमा सोही दफा २२०(२)(घ) बमोजिम सजाय हुन, प्रतिवादीले मृतक नावालिका दिलशा दंगाललाई हाडनातामा जबरजस्ती करणी गरेको मुद्दालाई प्रथम पटक कायम गर्न र मिति

२०७७।०२।१५ गते आत्महत्या दुरुत्साहन गरेको वारदातलाई दोस्रो पटक कायम गरी मुलुकी अपराध संहिता, २०७४ को दफा ४४ बमोजिम पटकेमा सजाय हुन, साथै क्षतिपूर्ति शुल्क यी कसुरदारबाट पीडित राहत कोषमा जम्मा गरी मनासिव क्षतिपूर्ति दिलाई भराइपाउँ भन्ने समेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट पेश भएको अभियोगपत्र।

मैले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा भएको सहीछाप मेरो नै हो। बेहोरा सबै मेरो होइन। मृतक भान्जीलाई जबरजस्ती करणी गरेको छैन। मैले प्रहरीदेखि डर लागि मृतक भान्जी मेरो घरमा आएर मोवाइल खेलाएको बेला भान्जीको स्तनमा समाई भान्जीको तलको लुगा खोली मेरो दाहिने हातको बिचको औँलाले निजको योनीमा औँला भित्र पसाएको हो। मैले लिङगले करणी गरेको होइन भनी भनेको थिए। तर मैले मृतकलाई जबरजस्ती करणी गरेको होइन। उनले किन कुन कारणले आत्महत्या गरेकी हुन् मलाई थाहा भएन। म निर्दोष छु मलाई सजाय नहोस् भन्ने प्रतिवादी अमरप्रसाद ढुंगानाले यस अदालतसमक्ष गरेको बयान।

तत्काल प्राप्त प्रमाणका आधारमा यी प्रतिवादी अभियोजित कसुरका कसुरदार रहेछन् भन्ने मनासिव आधार रहेको देखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा यी प्रतिवादी अमरप्रसाद ढुंगानालाई मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६७(१) बमोजिम थुनामा राखी मुद्दा पुर्पक्ष गर्न सोही संहिताको ८० नं. बमोजिम थुनुवा पुर्जी दिई कारागार कार्यालय, इलाममा पठाइदिनु भन्ने मिति २०७७/०३/०५ गते यस अदालतबाट भएको थुनछेक आदेश।

मृतक मेरो छोरी पढ्ने स्कुलमै पढ्ने गर्थिन्। २०७६ मंसिरतिर मानसिक विरामी भइन् परीक्षा लेख्दालेख्दै अस्पताल लगेको हो भन्ने सुनेर थाहा पाएको हुँ। पछि मिति यकिन थाहा भएन मृतक नानी आफ्नै घर कोठामा झुन्डिएर मरिन् भन्ने सुनी हामी पनि मलामी गयौं र मलामी गएर फर्कंदासम्म केही थाहा भएन। त्यसको पर्सिपल्ट विहान अम्बरप्रसाद ढुंगानालाई प्रहरीले समातेर लगे अरे भन्ने सुनेको हुँ भन्ने समेत बेहोराको प्रतिवादीको साक्षी सर्वजित बस्नेतले यस अदालतसमक्ष गरेको बकपत्र।

उक्त मितिको वस्तुस्थिति मुचुल्का कागजको बेहोरा र सहीछाप मेरो नै हो भनी वस्तुस्थिति मुचुल्का कागज गर्ने दलमान तामाङले यस अदालतसमक्ष गरेको बकपत्र।

उक्त मितिको वस्तुस्थिति मुचुल्का कागजको बेहोरा र सहीछाप मेरो नै हो भनी वस्तुस्थिति मुचुल्काको कागज गर्ने योगेन्द्र आचार्यले यस अदालतसमक्ष गरेको बकपत्र।

उक्त मितिको वस्तुस्थिति मुचुल्का कागजको बेहोरा र सहीछाप मेरो नै हो भनी वस्तुस्थिति मुचुल्काको कागज गर्ने गोमादेवी आचार्यले यस अदालतसमक्ष गरेको बकपत्र।

मिति २०७७/२/२० गतेको घट्ना विवरण कागजको बेहोरा र सहीछाप मेरो नै हो। मृतक भान्जीले आत्महत्या गरेपछि त्यो दिनसम्म हामीलाई केही पनि थाहा भएन जब उनको सदगद सकिएर भोलिपल्ट सुसाइड नोट भेटियो। त्यहाँ उनले MOM AND माइजु I am so sorry I was raped त्यो पनि अम्बर मामाबाट मैले यो कुरा तपाईहरुलाई भन्नै सकिन किनकि मलाई इज्जतको डर लाग्यो भनेर लेखेकी थिइन्। बिचमा उनी बिरामी भइन् र उनलाई हामीले BNC लगी जचाउँदा केही रोग छैन। गहिरो चोट परेको कारणले यस्तो भएको र अरु रोग केही छैन भनी normal औषधी दिएको थियो। त्यो खाइरहेकी थिइन् र त्यो पनि खान छाडेकी थिइन्। त्यही भएर उनले सुसाइड नोटमा लेखेको अम्बर मामाले rape

गरेकै कारण यो घटना घटेको हो भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने मैया देवी ढुंगानाले यस अदालतसमक्ष गरेको बकपत्र।

मिति २०७७/२/१५ गते बिहान छोरी सुतेको कोठामा बाहिर आएर बोलाउँदा छोरी नबोलेको र ढोका ढकढकाउँदा पनि नबोलेकोले मैले ढोकामाथिको खाली भागबाट मेरो मोबाइलको लाइट बाली हेर्दा छोरी डोरीमा झुन्डिएको जस्तो देखेपछि मैले तुरुन्त मेरो दाजुलाई खबर गरेँ। त्यसपछि दाजुले प्रहरीलाई खबर गरी जाहेरी दिएर र पोष्टमार्टम गरी त्यही दिन सदगद गर्‍यौं। भोलिपल्ट बिहान कोठा सफा गर्ने क्रममा निजले सुसाइड गरेको कोठामा निजले किताब राखेको ठाउँमा एक पाना पेन्सिल र अर्को पाना डट्पेनले लेखेको सुसाइड नोटका पाना भेटियो। उक्त नोटमा I was raped त्यो पनि अम्बर मामाबाट, भान्जी के कारणले मरी भन्नु हुन्छ होला माइजु म यही कारणले मरेको हो भनी लेखिएको थियो। ती सुसाइड नोटका पानालाई मैले सरासर प्रहरी कार्यालय इलाम ल्याई सोही नोटको आधारमा अम्बरप्रसाद ढुंगानाविरुद्धमा जाहेरी दिएको हुँ भन्ने समेत बेहोराको जाहेरवाला विष्णुप्रसाद दंगालले यस अदालतसमक्ष गरेको बकपत्र।

ठहर खण्ड

१. कसुर निर्धारण ठहर

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उच्च सरकारी वकिल कार्यालय इलामका विद्वान नि.सहन्यायाधिवक्ता श्री लक्ष्मण अर्याल, विद्वान शाखा अधिकृत श्री अवसर मादेन, जिल्ला न्यायाधिवक्ता श्री युवराज महत, जाहेरवालाको तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री रामप्रसाद सुवेदी र प्रतिवादीका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री जसबहादुर लुङ्केली तथा विद्वान अधिवक्ता श्री अशेष मगरले गर्नुभएको बहससमेत सुनी मिसिल अध्ययन गर्दा अभियोग मागदावीबमोजिम प्रतिवादीले कसुर गरेका हुन् वा होइनन् ? भन्ने सम्वन्धमा निर्णय दिनुपर्ने देखियो।

निर्णयतर्फ बिचार गर्दा अभियुक्त अम्बरप्रसाद ढुंगानाले भान्जी नाताकी मृतक दिलशा दंगाललाई जबरजस्ती करणी गरेकै कारण दिलशा दंगालको गम्भीर मानसिक असर परी मिति २०७७/०२/१५ गते Suicide note लेखेर आत्महत्या गरेको कारणले निजले हाडनाताभित्रकी भान्जीलाई जवरजस्ती करणी गरी आत्महत्या दुरुत्साहनसमेतको कसुर अपराध गरेको हुँदा निजलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(२), दफा २१९ को (३)(ख) र दफा २२०(२)(घ) बमोजिम सजाय गरी ऐ. दफा २२०(२)(घ) बमोजिम वारदात मिति फरकफरक भएकोले हाडनातामा जबरजस्ती करणी र आत्महत्या दुरुत्साहनलाई पटकेमा सजाय हुन, साथै क्षतिपूर्ति शुल्क कसुरदारबाट पीडित राहत कोषमा जम्मा गरी, मनासिव क्षतिपूर्ति दिलाई भराइपाउँ भन्ने अभियोग दावी रहेको देखिन्छ।

मिति २०७७।०२।१५ बिहान छोरी नउठे पछि निजलाई बोलाउदा नबोलेको र ढोकासमेत नखोलेकोले भित्र च्याई हेर्दा झुन्डिरहेको देखि प्रहरीलाई खवर गरी ढोका खोलेर हेर्दा छोरीले आफैले प्रयोग गर्ने गरेको कपडाको सलले पासो लगाइ झुन्डिएर मृत्यु भएकोले कानुनबमोजिम गरिपाउँ भन्ने पहिलो जाहेरी दरखास्त दिई कानुनबमोजिमको कार्य गरी लास सदगतसमेतको कार्य गरिसकेकोमा

मृतक छोरीको सुसाइड नोट फेला पारी प्रहरीले सो समेत बरामद गरेकोले निजले आत्महत्या गर्नु पूर्व लेखेको सुसाइड नोट फेला परेको र त्यसमा I was Raped। त्यही पनि Aambar Mama बाट, भन्ने शब्दहरु लेखिएको पाइएको हुँदा मेरो छोरीले आत्महत्या गर्नुमा निज प्रतिवादीले जबरजस्ती करणी गरी त्यसैको कारणबाट मानसिक असर परी आत्महत्या गरेको हुँदा कानुनबमोजिम कारवाही गरिपाउँ भन्ने दोश्रो जाहेरी दरखास्त परेको देखिन्छ।

प्रतिवादी अम्बरप्रसाद ढुंगानाले अनुसन्धानमा मौकामा बयान गर्दा मृतक दिलशा दंगाल मेरो भान्जी नाताको हुन्। मिति २०७६ साल फाल्गुन महिनामा निज भान्जी म घरमा एक्लै भएको बेलामा मेरो घरमा आएकी थिइन्। मसँग मोबाइल मागेकोले मैले मोबाइल दिई निजले खेलाउन थालिन। सो अवस्थामा म केही अनियन्त्रित भई निजको स्तनमा समाई लुगा खोली मेरो हातको औंला निजको योनीमा पसाई दिई केही बेर खेलाई दिएपछि निज उठेर आफ्नो लुगा लगाइ घरतर्फ गएकी हुन्। मैले निजलाई लिङ्गद्वारा करणी गरेको होइन। निजले सो कारण वा अन्य कारणबाट झुन्डिएर आत्महत्या गरेकी हुन्, सो बारे मलाई थाहा भएन भनी बेहोरा लेखाएकोमा, अदालतमा बयान गर्दा मैले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा भएको सहीछाप मेरो नै हो। बेहोरा सबै मेरो होइन। मैले प्रहरीदेखि डर लागि मृतक भान्जीको योनीमा औंला भित्र पसाएको हो, लिङगले करणी गरेको होइन भनी भनेको थिए। तर मैले मृतकलाई केही गरेको होइन। उनले किन आत्महत्या गरेकी हुन् मलाई थाहा भएन। म निर्दोष छु मलाई सजाय नहोस् भनी बेहोरा लेखाएको देखिन्छ।

मृतक दिलशा दंगालको शारीरिक अवस्था हेर्दा शरीरमा कुनै चोटपटकहरु नपाइएको, घाँटीमा V आकारको कडा डाम रहेको, मृतक झुन्डिएको कोठामा अपूरो सुसाइड नोटसमेत फेला परेको भन्ने घटनास्थल लास जाँच मुचुल्का रहेको पाइन्छ। मृतक दिलशा दंगालले अध्ययनको क्रममा लेखिएको नोटकापी थान ३ बरामद गरेको बरामदी खानतलासी मुचुल्का रहेको देखिन्छ।

घट्ना विवरण कागज गर्ने मैयादेवी ढुंगानाले मौकामा कागज गर्दा मृतक दिलशा दंगाल मेरो भान्जी हुन निजको आमा रोजगारको लागि विदेश गएपछि निजहरु दाजु वहिनी मेरै घरमा बस्दैआएका थिए। मृतक भान्जी कहिलेकाहीं टोलाउने गरेको र घरमै बस्ने इच्छा व्यक्त गरेकोले ज्वाईंले मृतक भान्जीलाई लानु भएको थियो। हामीले पनि भान्जीलाई के भए जस्तो लागेकोले उपचार गराउनु भनी ज्वाईंलाई सल्लाह दिएअनुसार निजलाई उपचार पनि गरेको थियो। मिति २०७७।२।१५ गते निजले आफ्नै घरकोठामा आत्महत्या गरिन् भनी बताएकोले गई हेर्दा झुन्डिएर आत्महत्या गरेको र मृतक भान्जीद्वारा लेखिएको सुसाइड नोट हेर्दा "I was raped त्यो पनि Aambar Mama बाट, भन्ने बेहोरा लेखिएको हुँदा उक्त घट्ना सामान्य आत्महत्या नभई निज मृतकलाई आफ्नै मामा अम्बरप्रसाद ढुंगानाले जवरजस्ती करणी गरेको र सो कसैलाई भन्न नसकी शारीरिक तथा मानसिक असर परी आत्महत्या गरेको हुँदा कसुरदारलाई कानुनबमोजिम कारवाही हुनुपर्छ भनी बेहोरा लेखाएकोमा निजले अदालतमा आई बकपत्र गर्दासमेत सोही मौकाको भनाइलाई समर्थन गरी बकपत्र लेखाएको पाइन्छ।

मिति २०७७।०२।१५ गते मृतक दिलशा दंगाल आफ्नै घरमा झुन्डिएर मृत्यु भएको र प्रहरीले लास जाँच गर्ने क्रममा सुसाइड नोटसमेत फेला पारेकोले निजले आफैले झुन्डिएर आत्महत्या गरेको बिश्वास भएकोमा घटनाको भोलिपल्ट मृतकको कोठाबाट मृतकले लेखेको सुसाइड नोट निजको

बुबाले फेला पारी उक्त नोटमा अम्बर मामाबाट करणी भएको उल्लेख गरिएको खुल्न आएकोले अम्बरप्रसाद ढुंगानाले मृतकलाई जबरजस्ती करणी गरी शारीरिक तथा मानसिक असर पुगी आत्महत्या गरेको भन्ने खुल्न आएको हुँदा निजलाई कानुनबमोजिम कारवाही होस् भन्ने बस्तुस्थिति मुचुल्काको बेहोरा देखिन्छ।

मृतक दिलशा दंगालको पोष्टमार्टम रिपोर्ट हेर्दा Opinion on cause of death: Hanging भन्ने उल्लेख भएको देखिन्छ।

वस्तुस्थिति मुचुल्का कागज गर्ने मानिस दलमान तामाङले अदालत आई बकपत्र गर्दा उक्त मितिको वस्तुस्थिति मुचुल्का कागजको बेहोरा र सहीछाप मेरो नै हो, यी प्रतिवादीलाई कानुनबमोजिम सजाय हुनुपर्ने हो भनी बेहोरा लेखाएको देखिन्छ।

वस्तुस्थिति मुचुल्का कागज गर्ने मानिस योगेन्द्र आचार्यले अदालत आई बकपत्र गर्दा उक्त मितिको वस्तुस्थिति मुचुल्का कागजको बेहोरा र सहीछाप मेरो नै हो यी प्रतिवादीलाई कानुनबमोजिम सजाय हुनुपर्ने हो भनी बेहोरा लेखाएको देखिन्छ।

वस्तुस्थिति मुचुल्का कागज गर्ने मानिस गोमादेवी आचार्यले अदालत आई बकपत्र गर्दा उक्त मितिको वस्तुस्थिति मुचुल्का कागजको बेहोरा र सहीछाप मेरो नै हो, यी प्रतिवादीलाई कानुनबमोजिम सजाय हुनुपर्ने हो भनी बेहोरा लेखाएको देखिन्छ।

अतः उल्लिखित मेरो छोरीले आत्महत्या गर्नुमा प्रतिवादीले जवरजस्ती करणी गरी त्यसैको कारणबाट मर्न बाध्य बनाइ आत्महत्या दुरुत्साहनको कसुर गरेको हुँदा कानुनबमोजिम कारवाही गरिपाउँ भन्ने जाहेरी दरखास्त, प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दा म केही अनियन्त्रित भई मृतक भान्जीको स्तनमा समाई भान्जीको तलको लुगा खोली दिई मेरो दाहिने हातको बिच औलाले निजको योनी भित्र घुसाई २ मिनेट जति खेलाइदिएको भनी गरेको बयान, सो बयानलाई पुष्टि हुने गरी पेश भएको सि.डी.लास जाँच मुचुल्का, बरामदी मुचुल्का, घटना विवरण कागज, मृतकले आफ्नै हातले लेखेको पत्र, पोष्ट मार्टम रिपोर्ट, वस्तुस्थिति मुचुल्का, जाहेरवाला, घटना विवरण कागज गर्ने, वस्तुस्थिति मुचुल्काका मानिसले अदालतमा गरेको बकपत्र, लिखित हस्ताक्षर मृतकको नै भएको देखिएको भन्ने मृतकको लिखित हस्ताक्षर परीक्षण भई आएको रिपोर्टसमेतबाट यी प्रतिवादी अम्वरप्रसाद ढुंगानाले भान्जी नाताकी मृतक दिलशा दंगालको योनी भित्र औंला घुसाई खेलाएको देखिएको र मुलुकी अपराध संहिता,२०७४ को दफा २१९ को उपदफा २(ग) बमोजिम नावालकको योनीमा औंला घुसाएमा समेत जवरजस्ती करणी हुने भएकाले यी प्रतिवादीले भान्जी नाताको दिलशा दंगाललाई जवरजस्ती करणी गरी मुलुकी अपराध संहिता,२०७४ को दफा २१९ को उपदफा (१) (२),३(ख) दफा २२० को उपदफा (१) (२) (घ) वमोजिमको कसुर गरेको ठहर्छ। साथै यी प्रतिवादीले मृतकलाई जवरजस्ती करणी गरेको कारणबाट शारीरिक मानसिक तनाव भई मृतकले झुन्डी आत्महत्या गरेको देखिँदा यी प्रतिवादीले ऐ. संहिताको दफा १८५(१) बमोजिमको आत्महत्या दुरुत्साहनको कसुरसमेत गरेको ठहर्छ।

अब प्रतिवादीलाई के कति सजाय हुने भन्ने सम्बन्धमा उल्लिखित कसुरमा हुने सजायको आधारमा सजाय निर्धारण गर्न फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८,९

बमोजिम छुट्टै सुनुवाइ गर्नुपर्ने देखिँदा सो को लागि पेशी तोकी प्रस्तुत निर्णयको छोटकरी विवरणको जानकारी प्रतिवादीलाई र जिल्ला सरकारी वकिल कार्यालय इलामलाई दिई नियमानुसार गर्नु भन्ने मिति २०७७/०८/१६ मा यस अदालतबाट भएको कसुर निर्धारण निर्णय।

२. सजाय निर्धारण ठहर

यसमा यी प्रतिवादी अम्बरप्रसाद ढुंगानाले भान्जी नाताकी दिलशा दंगाललाई जबरजस्ती करणी गरी आत्महत्या गर्न दुरुत्साहन दिएको ठहर भई मुलुकी अपराध संहिता २०७४ को दफा २१९ को उपदफा(१) (२)(३) (ख), दफा २२० को उपदफा (१)(२)(घ) तथा दफा १८५ (१) को कसुर गरेको ठहर भई यस अदालतबाट मिति २०७७/८/१६ मा भएको फैसलाअनुसार कसुरदार ठहर भएका यी प्रतिवादीलाई हुने सजाय निर्धारणको लागि आजको पेशी तोकी प्रस्तुत मुद्दा पेश भई वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री युवराज महतले र प्रतिवादी तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री जसबहादुर लुङ्केली मगर र अधिवक्ता श्री अशेष मगरले गर्नुभएको बहससमेत सुनियो।

अब कसुरदार ठहर भएका यी प्रतिवादीलाई के कति सजाय हुने भन्ने सम्बन्धमा विचार गर्दा मुलुकी अपराध संहिता २०७४ को दफा २१९ को उपदफा (१)(२) तथा (३)(ख) बमोजिमको कसुर ठहर भएका कसुरदारलाई ऐ.दफा २१९ (३)(ख) अनुसार अठार वर्षदेखि बिस वर्षसम्म कैद सजाय हुनेमा वारदातको अवस्था, वारदातको प्रकृति, समय, प्रतिवादीको उमेर, मृतकको उमेर, सो कार्यबाट पीडितको परिवारलाई पर्न गएको असर, समाजमा पर्न जाने असर, प्रतिवादीको यसभन्दा अघिको आचरण र व्यवहारसमेत विचार गरी यी प्रतिवादीलाई ऐ. दफा २१९(३)(ख) बमोजिम अठार वर्ष कैद हुने, हाडनाता करणी तर्फ ऐ. संहिताको दफा २२० को उपदफा (१)(२)(घ) को कसुरमा ऐ. २(घ) बमोजिम एक वर्ष कैद र रु.दश हजार जरिवाना हुने साथै आत्माहत्या दुरुत्साहनतर्फ ऐ. संहिताको दफा १८५(१) को कसुरमा ऐ. दफा १८५(२) बमोजिम एक वर्ष कैद र रु.दश हजार जरिवानासमेत हुने ठहर्छ। साथै प्रतिवादीको आर्थिक अवस्थासमेतलाई विचार गरी मृतकको परिवारले प्रतिवादीबाट ऐ. संहिताको दफा १८६ तथा २२८ बमोजिम रु.साठी हजार क्षतिपूर्ति भराइ पाउने र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(१)(ज) अनुसार प्रतिवादीले पीडित राहत कोषमा रु. वाइस सय क्षतिपूर्ति शुल्क जम्मा गर्नु पर्ने ठहर्छ। सो ठहर्नाले अन्य कुरामा तपसिलबमोजिम हुने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ नं. बमोजिम यो फैसला गरिदिएको छ।

तपसिल

माथि ठहर खण्डमा उल्लेख भएबमोजिम यी प्रतिवादी अम्वरप्रसाद ढुंगानालाई मुलुकी अपराध संहिताको दफा २१९(३)(ख) बमोजिम अठार वर्ष कैद हुने, हाडनाता करणीतर्फ एक वर्ष कैद हुने, आत्महत्या दुरुत्साहनतर्फ एक वर्ष कैदको सजाय हुने र रू. २०,०००।-(बिस हजार रुपैया) जरिवाना हुने ठहरी फैसला भएकोले निज प्रतिवादी मिति २०७७/०२/१६ देखि पक्राउ परी फैसला मितिसम्म थुनामा नै बसेको देखिँदा पक्राउ परेको मितिदेखि नियमानुसार कैदी पुर्जी दिई निजलाई थुनामा राख्नु, जरिवाना

नबुझाए सोमा समेत मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६२(५) बमोजिम एक दिनको रु.३००।- का दरले हुने गरी कैदमा राखी कैद मुक्त गरिदिनु भनी कैदमा रहेका प्रतिवादी अम्वरप्रसाद ढुंगानालाई रितपूर्वकको कैदी पुर्जी कारागार कार्यालय, इलाममा लेखी पठाइदिनु भनी तहसिल शाखामा लगत दिनु.....१

प्रतिवादीबाट मृतक परिवारले भराइ पाउने ठहरेको क्षतिपूर्तिको रकम रु.६०,०००।- (साठी हजार) मृतक परिवारले प्रस्तुत मुद्दा अन्तिम सदर भई आएपछि प्रतिवादीको यसै सरहदको जेथा देखाई निवेदन गरे कानुनबमोजिम भराइदिनु भनी तहसिल शाखामा लेखी पठाइदिनु.....२

अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा १(६) बमोजिम क्षतिपूर्ति शुल्कवापत रू.२२००/- प्रतिवादीले पीडित राहत कोषमा जम्मा गर्नुपर्ने ठहर भएकोले सो क्षतिपूर्ति रकम प्रतिवादीबाट भराइ हाल पीडित राहत कोष स्थापना भइनसकेको हुँदा अदालतको धरौटी खातामा जम्मा गर्नु भनी तहसिल शाखामा लेखी पठाउनु ३

मुद्दा सुनुवाइ हुँदा प्रतिवादीका कानुन व्यवसायीहरुले वहस पैरवी गरेको हुँदा फैसला भएको जानकारी पाएको मानिने भएकोले प्रस्तुत फैसलामा चित्त नवुझे फैसला प्रमाणीकरण भएको मितिबाट ७० दिनभित्र श्री उच्च अदालत बिराटनगर, इलाम इजलासमा पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादीलाई पुनरावेदनको म्याद दिइरहनु परेन, फैसलाको प्रतिलिपिसहितको जानकारी कैदमा रहेको प्रतिवादीलाई पठाइदिनु.....४

फैसलाको प्रतिलिपि साथै राखी श्री जिल्ला सरकारी वकिल कार्यालय, इलामलाई फैसला भएको जानकारी दिनु.....५

सरोकारवाला / कानुन व्यवसायीले फैसलाको नक्कल माग गर्न आएमा लाग्ने दस्तुर लिई कानुनको रित पुऱ्याई नक्कल दिनु.....६

मुद्दाको दायरी लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा अपलोड गर्नु.....७

फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटी र अदालतको वेवसाइटमा समेत प्रकाशित गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु.....८

.....
जिल्ला न्यायाधीश

प्रस्तुत पाना- १० को फैसला
माननीय जिल्ला न्यायाधीशज्यूले टिपाए
बमोजिम तयार गर्ने शा. अ. गंगा कुँवर
इति सम्वत् २०७७ साल पौष ०६ गते रोज २ शुभम्.....।

फैसला प्रमाणीकरण मितिः- २०७७\०९\१६ अदालतको छाप

श्री

चितवन जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री हेमन्त रावल

फैसला

मुद्दा नं. ०७६-C१-००४७

रजिष्ट्रेशन नं. ४९-०७६-००३१४

निर्णय नं.- २४७

मुद्दा :- आत्महत्या गर्न दुरुत्साहन।

<u>वादीको नाम, थर, वतन</u>

जिल्ला नुवाकोट बेलकोटगढी न.पा. वडा नं.३ बस्ने वर्ष ३६ को बासु प्रसाद पुडासैनीसमेतको जाहेरीले नेपाल सरकार.....१

<u>ऐ.को प्रमाण</u>

साक्षीः

कागजः

<u>प्रतिवादीको नाम, थर, वतन</u>

जिल्ला ओखलढुङगा साविक रावादोलु गा.वि.स. वडा नं.५ हाल खिजिदिम्बा गाउँपालिका वडा नं.७ रावादोलु घर भई हाल जिल्ला काठमाडौं बसुन्धारा स्थित B.P. Memorial अस्पतालमा स्टाफ नर्सको रुपमा कार्यरत भक्त बहादुर कार्कीको छोरी वर्ष २१ की अस्मिता भन्ने रुकु कार्की.....१

जिल्ला बाग्लुङ बिहुँ साविक गा.वि.स. वडा नं.४ हाल काठेखोला गाउँपालिका वडा नं.६ फापरचौर घर भई हाल जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं.४ बालुवाटार शिवपुरी मा.वि. स्कुल नजिक डेरा गरी वस्ने कासीराम कँडेलको छोरा वर्ष २४ को युवराज कँडेल.....१

जिल्ला काठमाडौं, साविक काठमाडौं न.पा. वडा नं.६ हाल काठमाडौं महानगरपालिका वडा नं.६ बौद्ध महाकाल घर भई हाल ऐ. वडा नं.७ मित्रपार्क स्थित अम्वे अपार्टमेण्टमा डेरा गरी वस्ने लालचन्द्र लामिछानेको छोरा वर्ष ४३ को रवि लामिछाने.....१

<u>ऐ.को प्रमाण</u>

साक्षीः

कागजः

अदालतबाट बुझेको

साक्षीः

कागजः

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को दफा ४५ बमोजिम यसै अदालतको अधिकारक्षेत्रभित्र परेको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य तथा ठहर यस प्रकार रहेको छः-

तथ्य खण्ड

१. मेरो भाइ शालिकराम पुडासैनी जिल्ला चितवन भरतपुर महानगरपालिका वडा नं.११ पोखरा बसपार्क स्थित होटल कंगारुको २०२ नं. कोठाको सिलिङ पंखामा डोरीको पासो लगाइ झुन्डी मृत अवस्थामा फेला परेको सम्वन्धमा घटनास्थलवाट बरामद मेरो भाईले प्रयोग गर्ने गरेको ९८५१०२६८४६, ९८१०१०४१५३ नम्बरका सिमहरू लागेको SAMSUNG GALAXY 16 मोवाइलसमेतको जाँच गरी मेरो भाइ शालिकराम पुडासैनीको मृत्यु आत्महत्या, कर्तव्य वा आत्महत्या दुरुत्साहन के हो अनुसन्धान गरी कारवाही गरिपाउँ भन्ने समेत बेहोराको मृतकको दाजु बासु प्रसाद पुडासैनीको जाहेरी दरखास्त।

२. मेरो पति शालिकराम पुडासैनी मिति २०७६/०४/२० गते राति जिल्ला चितवन भरतपुर महानगरपालिका वडा नं.१ पोखरा बसपार्क स्थित होटल कंगारुको कोठा नं.२०२ मा झुन्डी मृत अवस्थामा फेला परेकोमा निज पतिको साथमा रहेको मोवाइलमा कैद भएको भिडियोसमेतवाट अभियुक्तहरू रवि लामिछाने, युवराज कँडेल र अस्मिता भन्ने रुकु कार्कीसमेतले दिएको दुःख तथा मानसिक पिडाको कारण मेरो पतिले झुन्डी आत्महत्या गरेको हुँदा निजहरूलाई कानुनवमोजिम गरिपाउँ भन्ने समेत बेहोराको मृतक शालिकराम पुडासैनीको श्रीमती सम्झना घिमिरेको जाहरी दरखास्त।

३. मृतकले प्रयोग गर्ने घटनास्थलवाट वरामद SAMSUNG GALAXY 16 मोवाइलको DFL परीक्षणबाट प्राप्त रिपोर्टरमा मृतकको भिडियोमा आफूलाई प्रतिवादी रवि लामिछाने, युवराज कँडेल र अस्मिता भन्ने रुकु कार्कीसमेतले जालझेल गरी आत्महत्या गर्न बाध्य बनाएको कारण मैले आत्महत्या गरेको भन्ने समेत बेहोरा उल्लेख गरेको देखिन आएकोले निजहरूलाई पक्राउ गरी कानुनबमोजिम कारवाही गरिपाउँ भन्ने समेत बेहोराको प्र.ना.उ. दिपेन्द्र शाहको प्रतिवेदन जाहेरी।

४. जिल्ला चितवन भरतपुर महानगरपालिका वडा नं.१ पोखरा बसपार्क स्थितमा पूर्वमा रत्न बहादुर श्रेष्ठको घर, पश्चिममा पदम श्रेष्ठको घर, उत्तरमा जयराम श्रेष्ठको खाली जग्गा, दक्षिणमा पोखरा बासपार्क यति चार किल्लाभित्र रहेको लक्ष्मी प्रसाद श्रेष्ठको चारतले पक्की घरमा यज्ञ बहादुर कार्कीले संचालन गरेको होटल कंगारुको दोस्रो तलामा पूर्व-उत्तरबाट गन्दा दोस्रो कोठा नं.२०२ को सिलिङ पंखामा नाइलनको डोरीको पासो लगाइ निज शालिकराम पुडासैनी झुन्डी मृत अवस्थामा रहेको, मृतकको वाँया खुट्टामा घाउ रहेको, जिब्रो टोकिएको अवस्थामा देखिएको भन्ने समेत बेहोराको घटनास्थल तथा लास जाँच मुचुल्का।

५. A Brownish parchmentized ligature mark present around the neck at and above the level of thyroid cartilage, with an average width of 0.8cm. on the right side, it is directed horizontally background up to 8cm below the right mastoid than directed upwards ending at posterior hairline on the left side भन्ने समेतको मृतकको घाँटीमा रहेको injuries हरू उल्लेख भई मृत्युको कारणमा HANGING उल्लेख भएको मृतक शालिकराम पुडासैनीको Auto spy report।

६. करिब एक वर्षपहिले फेसबुकमार्फत निज शालिकराम पुडासैनीसँग चिनजान भई हामीबिच मायाप्रेम बसेकोले हामीबिच फोन तथा म्यासेजमार्फत अन्तर्गतका कुराहरू हुने गर्थ्यो। निज शालिकराम अलि शंकालु स्वभावको थिए, जसका कारण बेलाबेला निजले मसँग झगडा गर्ने गर्थे। तिमीले मलाई छाडेमा म तिम्रो र मेरोबिच भएका कुराकानीका म्यासेजहरू सार्वजनिक गरी तिम्रो बेइज्जत गरिदिने र म बिष खाएर मरिदिने भनि मलाई दुःख दिने गरेका थिए। वारदातभन्दा करिब ७/८ दिन पहिले मैले निज बिवाहित भएको र मलाई झुटा बोलिरहेका छन् भन्ने कुरा थाहा पाई निजलाई तिमीले मलाई फसायौ भनी गाली गरी, मेरो पिछा गर्न छाडिदेउ भनेकोमा निजले मलाई पटक पटक फोन गरी, बाटोसमेत छेकी दुःख हैरानी दिन नछोडेकोले मैले सो कुराको जानकारी निज मृतकले पहिले काम गर्ने News 24 को सिधाकुरा जनतासँग भन्ने कार्यक्रममा काम गर्ने प्रतिवादी रवि लामिछाने, युवराज कँडेलसमेतलाई भनेमा निजहरूले शालिकरामलाई मेरो पिछा गर्नवाट छुटाई देलान भन्ने सोची घटनाको ४/५ दिन पहिले उक्त टेलिभिजनका Camera man अनिल ढुंगेललाई फोन तथा म्यासेज गरी, भेटी प्रतिवादी रवि लामिछानेसमेतलाई सो कुराको जानकारी गराइदिनु भनि म र मृतक शालिकराम पुडासैनीवीच भएका म्यासेजहरूका केही स्क्रिन सर्टहरूसमेत निज अनिल ढुंगेललाई म्यासेजमार्फत दिएकी थिएँ। निजले भनेबमोजिम मैले News 24 को कार्यालयअगाडि उभिएको मेरो फोटो खिची निज शालिकराम पुडासैनीलाई पठाएकी थिएँ। सो विषयमा निज अनिल ढुंगेलले प्रतिवादी रवि लामिछाने, युवराज कँडेलसमेतलाई जानकारी गराएको भनेका थिए। पछि निज अनिल ढुंगेलले आफूले मृतक शालिकराम पुडासैनीलाई फोन गरी केही कुरा गरेको समेत भनेका थिए। मैले केही म्यासेजका स्क्रिन सर्टहरू मृतकका फेसबुक साथीहरू Krishna Thapa, Pratima Devkota, Bebika Bhandari समेतलाई म्यासेजमार्फत पठाएकी थिएँ। सो पश्चात् पनि निज शालिकराम पुडासैनीले मलाई पटक पटक फोन गरिरहेका थिए तर मैले निजको फोनलाई त्यति वास्ता गरिन। मिति २०७६/०४/२० गते राति करिब १२:३० वजेतिर निज अनिल ढुंगेलले मलाई फोन तथा म्यासेज गरी निज शालिकराम पुडासैनीसँग कुराकानी भएका कुनै पनि म्यासेजहरू डिलिट नगर्नु भनेका थिए। भोलिपल्ट मिति २०७६/०४/२१ गते बिहानको सिफ्टको डिउटीमै हुँदा निज शालिकरामको मृत्युको बारेमा सुनी थाहा पाएकी थिएँ। पछि करिब १४:३० वजेतिर NEWS 24 का निज अनिल ढुंगेल र दिपक बोहरासमेतले मलाई पटक पटक फोन गरी भेट्न र ५ मिनेटको भए पनि भिडियो बनाइदिन भनिरहेका थिए, तर निजहरूसँग म भेट्न गइन। भेट भएन। मृतकको मोवाइलबाट बरामद भिडियोहरू हेरे सुने। उक्त भिडियोमा निज मृतकले अस्मिता भन्ने रुकु कार्कीसँग रवि लामिछाने र युवराज कँडेलसमेत मिली योजना बनाइ जालझेल गरी मलाई आत्महत्या गर्न बाध्यात्मक स्थितिको सिर्जना गरेकाले आफूले आत्महत्या गरेको भनेका रहेछन्। तर मैले निजलाई यसरी आत्महत्या गर्ने सम्मको कुनै कार्य गरेको छैन। निजले मलाई झुटो

आस्वासन दिई प्रेममा पारी फसाएको र निजको वास्तविकता थाहा पाई मलाई पिछा गर्न छाडिदेउ भन्दा नमानेकोले निजलाई सम्झाइ देलान भन्ने मनसायले मैले प्रतिवादी रवि लामिछानेसमेतलाई भनिदिनु भनि NEWS 24 का क्यामेरा म्यान अनिल ढुंगेलसमेतलाई केही म्यासेजका स्क्रिनसर्टहरू दिएको हुँ। मृतकसँग सम्बन्ध बिग्रिएपछि मैले अनिल ढुंगेललाई शालिकराम र मेरोबिचको Message र अन्य कुराकानी सेयर गरिदिएकी र सो पश्चात् निज अनिल ढुंगेल, युवराज कँडेल, रबि लामिछाने सो सम्बन्धमा सल्लाह गरी योजना बनाइ निज शालिकराम पुडासैनीलाई हतोत्साही बनाउने उद्देश्यले निजहरूले केही कुरा भनेको वा केही कार्य गरेको हुनुपर्दछ भन्ने समेत बेहोराको अस्मिता भन्ने रूकु कार्कीले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको वयान कागज।

७. म NEWS 24 मा प्रतिवादी रवि लामिछानेले प्रस्तुत गर्ने सिधाकुरा जनतासँग भन्ने कार्यक्रमको रिपोर्टरको रुपमा कार्यरत छु। निज मृतक शालिकराम पुडासैनीले करिब डेढ वर्षपहिले कुनै सरकारी कार्यालयको वेथितीको वारेमा समाचार ल्याई हाम्रो कार्यक्रममा आएकाले निजको सूचना राम्रो लागि कार्यक्रमका प्रोड्युसर दिपक बोहरा र प्रतिवादी रवि लामिछानेको सिफारिसमा निज शालिकराम पुडासैनी रिपोर्टरको रुपमा हामीसँगै काम गर्ने गरी आवद्ध भएकाले मैले सोही क्रममा निजलाई चिनेको हुँ। निजले करिब डेढ वर्ष हामीसँगै रिपोर्टरको रुपमा काम गरे। निजले बिभिन्न सूचनाहरू ल्याउने र निजले ल्याएका सूचना तथा समाचारहरूलाई मैले काटछाँट गरी समाचारको रुपरेखा दिई कार्यक्रम प्रस्तोता रवि लामिछानेलाई दिने गरेको थिएँ। निज हामीसँग काम गर्ने क्रममा निजको घर नुवाकोट, श्रीमती सम्झना र नयाँबसपार्कतिर वस्छन् भन्ने बाहेक निजको बारेमा अन्य केही पनि थाहा थिएन। निजसँगको हाम्रो सम्वन्ध राम्रै थियो। करिव डेढ महिनापहिले माउण्टेन टेलिभिजनमा राम्रो तलव पाएकोले निज मृतकले NEWS 24 छोडी गएको भन्ने रवि लामिछानेले भनी सुनी थाहा पाएको हुँ। सो पश्चात् निजसँग मेरो फोन तथा सामाजिक सञ्जालसमेतबाट कुनै सम्पर्क तथा कुराकानी भएन। वारदातभन्दा करिव २/३ दिन पहिले दिपक बोहरा, प्रतिवादी रवि लामिछाने र म लगायत NEWS 24 का अन्य कर्मचारीहरूसमेत भएको बेला क्यामेरा म्यान अनिल ढुंगेलले निज मृतक शालिकराम पुडासैनीको प्रेमीकासँग सम्बन्ध बिग्रिएकोले गुनासो गर्दै थिइन् भनेकाले त्यस्तो छ भने प्रहरीकोमा जान भन्दिनु भनि दिपक बोहराले भनेका थिए। मिति २०७६/०४/२० गते राति करिब २३:३० वजे म आफ्नै डेराकोठामा थिएँ राति सहकर्मी रिया भण्डारीले मलाई फोन गरी निज शालिकराम पुडासैनी चितवनको एक होटलमा झुन्डिएको अवस्थामा फेला परेको भनेर जानकारी गराएकीले मैले पूर्व सहकर्मीको नाताले घटनाको वारेमा रवि लामिछाने र दिपक बोहरालाई जानकारी गराएको थिएँ। पछि निज शालिकराम पुडासैनीले मर्नुअघि रवि लामिछने, मेरो र निजको प्रेमिका अस्मिता भन्ने रुकु कार्कीको नाम लिएको छ भन्ने बिभिन्न समाचारहरूबाट थाहा पाएको हुँ। पछि अनुसन्धानको क्रममा प्रहरीद्वारा पक्राउ परी मृतकको मोवाइलबाट बरामद भएका २ वटा भिडियोहरूसमेत हेरी सो सम्वन्धमा थप जानकारी भयो। निजले सो भिडियोमा भने जस्तो मैले निजलाई कुनै दुःख दिएको छैन। निजले ल्याएका समाचारका टिपोटहरूलाई कहिलेकाहीँ निकाल्ने र थप्ने हुन्थ्यो सोही कुरामा निजले मसँग चित्त

दुखाएको हुनुपर्छ। सो बाहेक अन्य केही कारण छैन भन्ने समेत बेहोराको युवराज कँडेलले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको वयान कागज।

८. मृतक शालिकराम पुडासैनीले करिब डेढ वर्ष पहिले २/३ वटा सान्दर्भिक सूचना ल्याई हाम्रो कार्यालयमा आई हामीसँग सम्पर्क गरेकोले सोही क्रममा चिनजान भई निजले राम्रो सूचना ल्याउन सक्ने सोची म र दिपक बोहराले सिफारिस गरी निजलाई NEWS 24 मा रिपोर्टरको रुपमा काममा राखेका थियौं। निजले पाउने सेवा सुविधाको वारेमा मलाई केही थाहा थिएन। निज काममा निकै मेहनत गरी खटिने र राम्रो राम्रो सूचनाहरू ल्याउने गर्थे। निजले कम्प्युटर चलाउन नजान्ने भएकाले निजले ल्याएका सूचनाहरूलाई प्रतिवादी युवराज कँडेलले पूरा गरी समाचार बनाइ मलाई दिने गर्दथे। निजको बारेमा अन्य केही पनि जानकारी थिएन। करिब २ महिनापहिले निजले मैले माउण्टेन टिभीमा रु.१,००,०००/- अक्षरेपि एकलाख तलव पाउने गरी मार्केटिङको काम पाएँ। अव NEWA 24 छोडें भनेका थिए। पछि निजले उक्त TV मा Mission News भन्ने कार्यक्रम चलाउछन् भन्ने थाहा पाउँदा निजले मलाई किन ढाटेको होला भन्ने लागेको थियो। वारदातको २/३ दिनपहिले हाम्रो क्यामेरा म्यान अनिल ढुंगेलले हामी सवै कर्मचारीहरूसँगै भएको वेला निज शालिकराम पुडासैनीको प्रेमिका पनि भएको र उनकी प्रेमीकाले शालिकरामबाट केही समस्या भोगिरहेको भनेको सुनेको थिएँ। मिति २०७६/०४/२० गते मेरो कार्यक्रम नभएकोले म चाँडै सुतें। भोलिपल्ट बिहान ब्युझि मोवाइल हेर्दा निज शालिकराम पुडासैनीको मृत्यु सम्बन्धका म्यासेजहरू २० गते राति नै आइसकेका रहेछन्। निजले मर्नुअघि बनाएका २ वटा भिडियोहरू हेर्दा निजले आफूलाई रवि लामिछानेसमेतले मर्नलाई बाध्य बनाएकोले आत्महत्या गरेको भनेका रहेछन्। सो कुरा निजले के कति कारणले भने मलाई थाहा छैन। तर निजले आफ्नो श्रीमती हुँदाहुँदै प्रतिवादी अस्मितालाई झुटोवोली निजसँग प्रेम गरेको र पछि निजको प्रेमिका अस्मिताले सवै कुरा थाहा पाई निजवाट टाढिन खोज्दा निजले अस्मितालाई अनेक दुःख दिने, बाटो छेक्ने, मरिदिन्छु भनि डर देखाउने जस्ता कार्यहरू गर्ने गरेकाले निज अस्मिताले मैले चलाउने सिधाकुरा जनतासँग भन्ने कार्यक्रममा गई रवि लामिछानेसमेतलाई तिम्रो वारेमा भनि सार्वजनिक गरिदिने भनेको कारणले सोही कुरालाई निजले साँचो ठानी म समेतसँग चित्त दुखाइ भिडियोमा मेरो समेत नाम लिई आत्महत्या गरेको हुनुपर्छ। मैले निजको विरूद्ध कार्यक्रम बनाएको भनि निजलाई कसैले भनिदिएको समेत हुनसक्छ। मृतकले मलाई अत्याधिक सम्मान गर्ने हुँदा मलाई सम्मान गरेको व्यक्तिको उनका बिरूद्ध कार्यक्रम बनाउने भन्ने भ्रामक कुराले निजको मन दुखेको हुनसक्छ र ममाथि आरोप लगाएको हुन सक्छ। तर मैले निजलाई आत्महत्या गर्ने सम्मको दुःख दिएको पनि छैन र दिनुपर्ने कुनै कारण पनि छैन। मृतकको प्रेमिका भनेकी अस्मिता भन्ने रुकु कार्कीसँग मेरो देखभेटसमेत भएको थिएन। प्रहरीद्वारा पक्राउ परेपश्चात् मात्र निज अस्मितालाई देखि चिनेकी हुँ भन्ने समेत बेहोराको रवि लामिछानेले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको वयान।

९. पाँच छ महिना पहिलेदेखि शालिकराम पुडासैनीसँग चिनजान भएको थियो। मिति २०७६/४/२० गते विहान मेरो छुटिसकेको प्रेमिकाको बारेमा हालको प्रेमिकाले थाहा पाई मलाई NEWS 24 को एक जना मानिससँग मिली मलाई फसाउन खोजेको छ। मैले नै अस्मितालाई स्मृति हस्पिटलमा

काम लगाइदिएको हो। निजले ज्वाला संग्रौला, कृष्ण थापा, एच.बि. ताम्राकारलाई स्क्रिन सर्ट म्यासेजसमेत पठाइसकेका छन्। मलाई रेप मुद्दा हाल्ने समेत भनेका छन्। यसो गर्दा मेरो बेइज्जत हुने भयो भन्ने लगायतका कुराहरू निज मृतकले मलाई वारदातको दिन विहान ०७:१८:२३ वजे फोन गरी बताएका थिए। निज सोही कुराले निकै आत्तिएको मनस्थितिमा कुरा गरिरहेका थिए। मलाई NEWS 24 का केही मानिसहरूसँग मिलेर योजनाबद्ध ढंगले सध्याउँदै छन् भनेका थिए भन्ने समेत बेहोराको पूजा भन्ने प्रमिला शर्मा भुषालको कागज।

१०. मृतक शालिकराम पुडासैनी घटनाको दिन दिनको करिव १५:३० वजे होटलमा आई २०२ नं. को कोठा बुक गरी सो कोठामा बसेका थिए। निजलाई मैले नै उक्त कोठाको ताल्चा खोली चावी दिएको थिएँ। पछि साँझ करिव १८:०० वजेतिर खानाको अर्डर लिनलाई मैले धेरै पटक ढोका ढक-ढक गरी बोलाउदासमेत बोलेनन्। करिव २०:३० वजेतिर खाना खान बोलाउनलाई म तथा होटलका साहुसमेतले ढोका ढक-ढक गरी धेरै पल्ट बोलाउदासमेत नबोलेकाले वरपरका मानिस तथा प्रहरीसमेतलाई बोलाइ ढोका खोली हेर्दा निज उक्त कोठाको सिलिङ पंखामा डोरीको पासो लगाइ झुन्डी मृत अवस्थामा देखेको भन्ने समेत बेहोराको महादेव खत्रीको कागज।

११. मृतक शालिकराम पुडासैनी घटनाको दिन दिनको करिव १५:३० वजे होटलमा आई २०२ नं. को कोठा बुक गरी सो कोठामा बसेका थिए। पछि साँझ करिव १८:०० वजेतिर खानाको अर्डर लिन तथा करिव २०:३० वजेतिर खाना खान बोलाउनलाई म समेतले ढोका ढक-ढक गरी धेरैपल्ट बोलाउँदासमेत नबोलेकाले वरपरका मानिस तथा प्रहरीसमेतलाई बोलाइ ढोका खोली हेर्दा निज शालिकराम पुडासैनी उक्त कोठाको सिलिङ पंखामा डोरीको पासो लगाइ झुन्डी मृत अवस्थामा देखेको हो। सो घटना के कसरी भयो थाहा भएन भन्ने समेत बेहोराको यज्ञ बहादुर कार्कीको कागज।

१२. मृतकले पासो लगाइ झुन्डिएको भनि देखाएको डोरी निज मृतकले मैले काम गर्ने पसलबाट मिति २०७६/०४/२० गते अं.१५:३० वजे मृतकले किनेर लगेका हुन् उक्त कुरा प्रहरीले सो पसलबाट बरामद गरेको CCTV Footage बाट समेत देखिन्छ भन्ने समेत बेहोराको योगेन्द्र बहादुर सुर्यवंशीको कागज।

१३. NEWS 24 का रवि लामिछाने, युवराज कँडेलसमेत मेरी प्रेमिका अस्मिता भन्ने रुकु कार्कीसँग मिली मलाई योजनाबद्ध ढंगले सिद्धाउन लागेकाले मैले बाध्य भई आत्महत्या गर्नु परेकोले निजहरूलाई प्रचलित कानुनअनुसार कारवाही होस् भन्ने समेतको बेहोरा उल्लेख गरी मृतक शालिकराम पुडासैनीले मर्नुअघि आफ्नै मोवाइलमा बनाएको भिडियो सुने। मृतक शालिकराम पुडासैनीले करिव १ वर्ष जति हामीसँगै NEWS 24 मा रिपोर्टरको काम गरी मिति २०७६/०३/२५ गते पछि माउन्टेन टिभिमा काम गर्न थालेका थिए। कहिलेकाहीं निजले फोन गरी मेरो कार्यक्रम के कस्तो छ भनि सोध्ने गर्थे। घटनाभन्दा ३/४ दिन पहिले हाल नाम थाहा भएकी अस्मिता भन्ने रुकु कार्कीले हाम्रो कार्यक्रमका क्यामेरा म्यान अनिल ढुंगेललाई फोन गरी तथा म्यासेज गरी भेटी आफूलाई निज शालिकराम पुडासैनीले दुःख दिइरहेको भनि बताएकी र कुराकानीका केही स्क्रिन सटहरू म्यासेजहरू दिएकी छन् भनि अनिलले मलाई पनि पठाएका थिए। मिति २०७६/०४/२०

गते राति करिब २२:०० बजे प्रतिवादी युवराज कँडेलले मलाई फोन गरी शाकिलकराम पुडासैनीले चितवनको एक होटलमा झुन्डी आत्महत्या गरेछन् भनेकाले मैले घटनाको वारेमा जानकारी पाएको हुँ। शालिकरामको मृत्युमा हाम्रो टिमको नाम जोडिएर समाचारहरू आउन थालेकाले थप के हो भनि बुझ्न मैले अनिलसँग अस्मिताको फोन नम्वर मागी अस्मितालाई फोन गरी भेट्न भनि म, अनिल र प्रतिवादी रवि लामिछाने Green City अस्पतालमा गयौं। तर भेट हुन सकेन। मिति २०७६/४/३० गते मृतकले मर्नुअघि खिचेको भिडियो सार्वजनिक भइसकेपछि सबैलाई जानकारी गराउने मनसायले सामाजिक सञ्जालबाट प्राप्त मृतक र अस्मिता बिका कुराकानीका स्क्रिनसर्टहरू मेरो फेसबुकमार्फत पोष्ट गरेको थिए भन्ने समेत बेहोराको दिपक राज बोहराको कागज।

१४. मृतक शालिकराम पुडासैनीले Mountain Television मा Mission News भन्ने कार्यक्रम चलाउथे। मैले क्यामेरा म्यानको रुपमा काम गर्थें। मिति २०७६/०४/२० गते बिहान करिब ०९:३० वजे शालिकरामको श्रीमती सम्झना घिमिरेले मलाई फोन गरी शालिकराम चितवनको रामनगरमा एउटा होटलको स्टिङ गर्न जान्छु भनि चितवन जानुभयो। तपाईले मोटरसाईकल लगेर जानुहोला भनेकीले मैले तुरुन्तै निज शालिकरामलाई फोन गर्दा निजले हो म चितवनको एउटा होटलको स्टिङमा जान लागेको भनेका थिए। साँझ करिब २१:०० वजेतिर निज शालिकरामका साडु भाइ नाता पर्ने सुदिप रिमालले मलाई फोन गरी निज शालिकराम चितवनको एक होटलमा झुन्डी मरेको अवस्थामा फेला परेका छन् भन्ने कुरा गरेकाले मैले घटनाको बारेमा थाहा पाएको हुँ भन्ने समेत बेहोराको ओम बहादुर भुजेलको कागज।

१५. प्रतिवादी रुकु कार्की मेरी साथी हुन्। वारदातभन्दा ३/४ दिनपहिले अस्मिताले मलाई फोन गरी निज शालिकराम पुडासैनी बिवाहित रहेछ। मलाई झुक्याएर फसायो। निज बिवाहित हो भन्ने कुरा मैले थाहा पाई निजको श्रीमतीसँग कुरासमेत गरिसकें। तर निजले अझै पनि झुटो बोली मलाई दुःख दिइरहेको छ भनेकी थिइन्। वारदातको ३/४ दिन पहिले निज शालिकराम पुडासैनीले मलाई समेत फोन गरी म अव अस्मितालाई छाड्दै छु। निजले मलाई बिवाहित होस् भनेर झुटो आरोप लगाइ भन्ने जस्ता कुराहरू गरिरहेका थिए, वारदातको दिन विहान करिब ०६:३५ वजेतिर निज शालिकराम पुडासैनीले मलाई फोन गरी दिउसो १३:३० वजेतिर तपाईलाई भेट्न आउछु जरुरी काम छ तर सो कुरा अस्मितालाई नभन्नु भनेका थिए। सो पश्चात् मलाई फोन पनि गरेनन् र भेट पनि भएन। के बिषयमा कुरा गर्न खोजिरहेका थिए। मलाई थाहा भएन भन्ने समेत बेहोरा रिता केसीको कागज।

१६. वारदात मिति र समयमा म होटल कंगारुको २०१ नम्वर कोठामा बसिरहेका थिए। दिनको करिव १५:३० वा १६:०० वजेतिर उक्त २०२ नम्वर कोठामा पछि नाम थाहा भएका निज मृतक शालिकराम पुडासैनी छिरेको देखेको थिएँ। साँझ करिब १८:०० वजे खानाको अर्डर लिन र पुनः करिब २०:३० तिर खाना खानको लागि बोलाउँदा निजले कोठाको ढोका खोलेनन् र बोल्दा पनि बोलेनन। होटल साहुले प्रहरी तथा अन्य वरपरका मानिससमेतलाई बोलाइ खटिआएका प्रहरीले स्थानीयको रोहवरमा उक्त कोठाको ढोका फुटाइ खोली हेर्दा निज शालिकराम पुडासैनी उक्त २०२

नं. को कोठाको सिलिङ पंखामा नाइलनको डोरीको पासो लगाइ झुन्डी मृत अवस्थामा रहेको देखेको थिएँ भन्ने समेत बेहोराको भुपेन्द्र बहादुर भण्डारीको कागज।

१७. मृतक शालिकराम पुडासैनी वारदातभन्दा करिब १ महिना पहिलेदेखि Mountain Television मा Mission News भन्ने कार्यक्रम चलाइरहेका थिए। निजले मिति २०७६/०४/१९ गते कार्यक्रमको रेकर्डिङसमेत गरी डेरातिर फर्केका थिए। मिति २०७६/०४/२१ गते विभिन्न सामाजिक सञ्जालमा समाचार हेरी मृतक शालिकराम पुडासैनीको मृत्युको सम्बन्धमा समाचार आएको देखेर मैले चितवनका प्रहरी प्रमुखलाई फोन गरी घटनाको बारेमा थप जानकारी पाएको हुँ। निज चितवनमा के कुन कामले को-कससँग कहिले आए मलाई एकिन छैन। वारदातभन्दा २/३ दिनपहिले म बिमारी छु। दवाई खाइरहेको छु भनि स्टाफहरूलाई मोवाइलमा औषधीहरूको फोटोहरू देखाएका रहेछन्, Mountain Television मा काम गर्दा बस्दा रहँदा निज राम्रैसँग काम गरिरहेका थिए। वारदातको अघिल्लो दिन निज कार्यालयमा हुँदा अलिक चिन्तित जस्तो देखिएका थिए भन्ने समेत बेहोराको विप्लव पोखेलको कागज।

१८. म विगत २ बर्षदेखि न्युज २४ टेलिभिजनमा Camera Man को रुपमा कार्यरत छु, सोही क्रममा प्रतिवादी रवि लामिछाने, युवराज कँडेल तथा मृतक शालिकराम पुडासैनीसँग चिनजान भएको हो। NEWS 24 मा काम गर्ने क्रममा निज प्रायजसो हाल नाम थाहा भएकी अस्मिता भन्ने रुकु कार्कीसँग फेसबुक च्याटमा व्यस्त हुने गर्थे। अस्मिता मेरो श्रीमती हुन् भन्थे। युवराज र शालिकराम दुवै रिपोर्टर थिए। तथापि निजहरूका बिच सिनियर र जुनियरको कुरा रहन्थ्यो। शालिकरामको रिपोर्टिङको शैली अलि आक्रामक प्रकृतिको हुन्थ्यो। जुन कुरा मलाई अलि चित्त बुझ्दैनथ्यो। निजले NEWS 24 छाडी माउण्टेन टिभीमा गएपछि आफूले चलाएको कार्यक्रमको एउटा भिडियो फेसबुक म्यासेन्जरमार्फत मलाई पठाएका थिए। वारदातभन्दा करिब ५ दिनपहिले निज शालिकरामको प्रेमिका अस्मिता भन्ने रुकु कार्कीले Remee Young भन्ने Facebook ID वाट निजहरू विच कुरा भएका केही ScreenShot Message हरू मलाई पठाइ आफूलाई निज शालिकरामले दुःख दिइरहेकोले तपाईहरूले सहयोग गरिदिनुपर्‍यो भनेकीले मैले निजलाई News 24 को कार्यालयमा आएर रवि लामिछानेसमेतसँग कुरा गर्नुहोस् भने। मिति २०७६/०४/१८ गते दिउँसो करिब १४:०० बजेतिर निज अस्मिता News 24 को कार्यालयबाहिर आई मलाई भेटी रुँदै निज शालिकरामले मलाई तेरो घरका मानिसहरूलाई हाम्रो सम्वन्धका सवै कुरा भनिदिन्छु भनि धम्की दिने, बाटो छेक्ने जस्ता कार्यहरू गरी दुःख दिने गरेकोले सम्झाइ दिनुपर्‍यो भनेकीले मैले सो बिषयमा दिपक बोहरा र रवि लामिछानेसँग सल्लाह गरी तिमीलाई शालिकरामले धेरै नै दुःख दिएको भए News 24 को कार्यालय देखिने गरी एउटा सेल्फी खिचेर शालिकरामलाई पठाइदेउ। शालिकरामलाई तिमी News 24 गएको भन्ने कुराको जानकारी हुन्छ। त्यसपछि तिमीलाई उसले फलो गर्न छोड्ला भनि भनेको हुँ। पछि पनि निजले मलाई १/२ पटक फोन गरी सहयोग गरिदिनु पर्‍यो भनेकीले दिपक वोहरा र रवि लामिछानेले भनेअनुसार प्रहरीमा जानु भनेको थिए। अस्मिताले पठाएका Message हरू घटना हुनुपूर्व युवराज कँडेललाई पठाएको थिएँ। रवि लामिछाने र दिपक वोहरालाई भने घटनापछि मात्र पठाएको हुँ। निज अस्मिता र शालिकको सम्बन्धबारे मलाई

जानकारी भएपछि घटना हुनुपूर्व मेरो र शालिकको बिचमा कुनै पनि माध्यमबाट कुरा भएको छैन। मिति २०७६/०४/२० गते साँझ करिव २२:०० वजेतिर प्रतिवादी युवराज कँडेलले मलाई फोन गरी निज शालिकराम पुडासैनीले आत्महत्या गरेछ भनेकाले घटनाका बारेमा जानकारी पाएको हुँ। मैले अस्मितालाई फोन तथा म्यासेज गरी तिमी र शालिकराम पुडासैनीबिच भएका कुराकानीहरूका म्यासेजहरू कुनै पनि डिलिट नगर्नु भनेपछि निज अस्मितासँग मेरो सम्पर्क छ भन्ने थाहा भएपछि दिपक बोहोरा र रवि लामिछानेले पनि घटनाबारे के रहेछ अस्मितासँग बुझ्नुपर्‍यो भनेकाले मैले निज प्रतिवादी अस्मितालाई पटक-पटक कल गरेको हुँ। १/२ दिनपछि दिपक बोहरा र रवि लामिछाने निज अस्मितालाई भेट्न Green City अस्पतालनिर गई पटक-पटक फोन गर्दा पनि निजले फोन रिसिभ नगरेपछि करिव १ घण्टामा फर्की आयौं। सो पश्चात् निजसँग भेटघाट तथा कुराकानी भएको छैन भन्ने समेत बेहोरा अनिल ढुंगेलको कागज।

१९. घटनाको करिव डेढ महिनापहिले शालिकराम पुडासैनीले मलाई फोन गरी मैले NEWS 24 छाडे। अब MOUNTAIN टेलिभिजनमा आफै कार्यक्रम चलाउदै छु भनेका थिए। सोही क्रममा निजले मेरो अस्मिता नामको प्रेमिका छ भनेका थिए। ४/५ दिनपछि शालिकराम पुडासैनीले मलाई फोन गरी, म काममा व्यस्त छु। तिमी बसपार्कमा बस तिमीले मेरो प्रेमिकालाई उपहार पुर्‍याइदिनु भनेर मलाई अस्मिताको मोवाइल नम्वर ९८४३८४४८२२ SMS गरिदिए। म केही समय शलिकराम पुडासैनीलाई बसपार्कमा पर्खि बसें। तर निज आएनन् र म आफ्नै काममा फर्किए। मिति २०७६/०४/२१ गते बिहानको समयमा म आफ्नो डेरा कोठामा बसिरहेको अवस्थामा मेरो चिनजानका नुवाकोट घर भएका ईश्वर उप्रेतीले मलाई फोन गरी शालिकराम पुडासैनी चितवनको एक होटलमा झुन्डिएर मृत्यु भएको बारेमा जानकारी दिनुभयो र त्यसपछि मैले शालिकराम पुडासैनीको मोवाइलमा कल गर्दा मोवाइल स्विच अफ भनेपछि घटनाको बारेमा बुझ्नको लागि अस्मिता कार्कीको ९८४३८४४८२२ मोवाइल नम्वरमा फोन गरी शालिकराम सर कता हुनुहुन्छ, सम्पर्क हुन सकेको छैन भन्दा निजले मलाई केही थाहा छैन भन्दै फोन काटिन्। उक्त दिन करिव आधा घण्टापछि अस्मिता कार्कीले मलाई फोन गरिन् र हाम्रोबिचमा कुराकानी हुँदा निजले शालिकराम पुडासैनी बिवाहित अबिवाहित के हो, तपाई निजको कोठामा जानुभएको होला नि, कोठामा अन्य मानिसलाई देख्नु भएको छ कि छैन भन्दै मलाई प्रश्न गरिन्। मैले थाहा छैन भने। घटना हुनुभन्दा १/२ दिनपहिला मलाई शालिकराम पुडासैनीले फोन गरी भेट्नुपर्ने काम छ भन्दै थिए। तर मेरो व्यस्ततामा गर्दा मैले भेट्न सकिन। मिति २०७६/०४/२० गते बिहान मैले मृतकलाई २ पटकसम्म फोन गर्दा निजको फोन उठेन। बिभिन्न सामाजिक सञ्जालहरूमा मृतक शालिकराम पुडासैनीले मृत्युअगाडि रेकर्ड गरेको भिडियोमा के कुन कारणले रबि लामिछाने, युवराज कँडेल र अस्मिता कार्कीले यातना, दुःख दिएको कारण घटना भएको भनी रेकर्ड गरेका हुन् मलाई एकिन छैन भन्ने समेत बेहोराको उमेश पुडासैनीको कागज।

२०. मृतक मेरो साढु दाइ सालिकराम पुडासैनीले NEWS 24 टेलिभिजनका रवि लामिछानेको समूह ठिक छैन। मलाई धेरै श्रममा लगाउछन्। पैसा जति आफू मात्र लिन्छन्। मलाई कहिलेकाहीं रवि लामिछानेसमेतको समूहले हातपातसमेत गरी उपेक्षा गरेकाले त्यहा काम गर्न मनासिव लागेन। मैले

काम छाडी, हाल MOUNTAIN टेलिभिजनमा म आफैले मिशन न्युज कार्यक्रम चलाउने गरेको छु। मलाई यही ठिक छ भनेका थिए। मिति २०७६/०४/२० गते रातको अं.१०:०० वजेतिर चितवन प्रहरीबाट घटनाको बारेमा जेठानी दिदी सम्झना घिमिरेलाई जानकारी भएछ। त्यसपश्चात् मैले दिदीमार्फत थाहा पाई चितवन प्रहरीलाई फोन गरी बुझ्दा घटना एकिन भयो। म तथा अन्य नातेदार छर-छिमेकीसमेत घटनास्थल शवलाई हेरेको, भोलिपल्ट सवै आफन्तहरू आइपुगेपश्चात् हाम्रो रोहबरमा मुचुल्का कार्य सम्पन्न गरी शवलाई काठमाडौ शिक्षण अस्पतालमा पुऱ्याइ पोष्टमार्टमको कार्य सम्पन्न भएपछि पशुपती आर्यघाटमा दाहसंस्कार गरेको हो। मिति २०७६/०४/२९ गते एक्कासी सामाजिक सञ्जालहरूमा मृतक साढु दाइ शालिकराम पुडासैनीले मृत्युअगाडि मोवाइलमा रेकर्ड गरेको भिडियो सार्वजनिक भयो। जसमा मृतकले रवि लामिछाने, युवराज कँडेल र अस्मिता भन्ने रुकु कार्कीसमेतको कारणवाट बाध्यात्मक परिस्थिति सृजना भई आफूले आत्महत्या गर्नुपरेको भनी स्पष्ट किटानी गरेको भिडियो हेरी थाहा पाएँ। यसरी मृतकको उक्त भिडियोलाई प्रमाणित गर्ने आधार मृतक शालिकराम पुडासैनीले केही समयपहिला मसँगको भेटघाटको क्रममा NEWS 24 टेलिभिजनको सिधा कुरा जनतासँग कार्यक्रमको समूह रवि लामिछानेसमेतले मलाई धेरै श्रममा लगाउछन् र पैसा जति आफू मात्र लिन्छन्। मलाई कहिलेकाहीं रवि लामिछानेसमेतको समूहले हातपातसमेत गरी उपेक्षा गरेकाले मैले NEWS 24 टेलिभिजन छाडेको हुँ भनी बताएको हुँदा निज प्रतिबादीहरूले नै शालिकराम पुडासैनीलाई जालझेल परिपञ्च गरी आत्महत्या गर्न दुरुत्साहन गरेको भन्ने मलाई बिश्वास लाग्छ भन्ने समेतको बेहोरा राम प्रसाद रिमालको कागज।

२१. प्रतिबादी अस्मिता भन्ने रुकु कार्कीले बुहारी सम्झना घिमिरेलाई धम्कीपूर्ण भाषामा फोन गरी शालिकराम पुडासैनीले मलाई झुक्यानमा पारी मसँग प्रेम सम्बन्ध स्थापित गरे। अव म NEWS 24 टेलिभिजनको सिधा कुरा जनतासँग कार्यक्रममा गई घटनाको बारेमा सार्वजनिक गरिदिन्छु। सामाजिक सञ्जालमा हामीबिचमा भएका कुराकानीहरूसमेत NEWS 24 टेलिभिजनको कार्यक्रमवाट प्रसारण गर्न लगाइ शालिकराम पुडासैनीलाई जसरी भए पनि जेल हाल्न लगाउछु भन्दै कुरा गरेकी रहिछन्। मृतकले NEWS 24 टेलिभिजनको सिधा कुरा जनतासँग जस्तै Mission News नामक समान्तर कार्यक्रम Mountain टेलिभिजनमा सुरु गरेकोमा सो बिषयमा प्रतिबादी रवि लामिछाने र युवराज कँडेलसमेतले रीस राखी प्रतिबादीहरूले मृतक शालिकराम पुडासैनी र अस्मिताबिच भएका गोप्य कुराकानी सिधाकुरा जनतामार्फत कार्यक्रम सार्वजनिक गर्ने योजना बनाइ सो कुराको जानकारी निज मृतकलाई गराएको कारणवाट मृतकले आत्महत्या गरेको हुनुपर्छ भन्ने समेत बेहोराको प्रकाश पुडासैनीको कागज।

२२. मृतकले Mountain टेलिभिजनमा काम गर्न सुरु गर्नुभएपछि NEWS 24 टेलिभिजनमा काम छाडेको भनी प्रश्न गरे। ज्वाईले NEWS 24 टेलिभिजनमा रवि लामिछानेको समूह ठिक छैन। मलाई धेरै श्रममा लगाउछन् र पैसा जति आफू मात्र लिन्छन्। मलाई कहिलेकाहीं रवि लामिछानेसमेतको समूहले हातपातसमेत गर्छन्। सोही कारणले मैले त्यहाँ काम छाडेको भनेका थिए। मिति २०७६/०४/२० गते रातको अन्दाजी १०:०० वजेतिर चितवन प्रहरीबाट घटना बारेमा छोरी सम्झनालाई जानकारी गराएपछि घटनाको जानकारी म समेतले पाई छिमेकीहरूसमेत मिति

२०७६/०४/२१ गते घटनास्थलमा आई मृतकको लास देखेको थिए। अनुसन्धानको क्रममा रिकभर भई हामीलाई देखाएको भिडियोसमेतमा प्रतिवादीहरूले जालझेल गरी मनैपर्नेसम्मको परिस्थितिको सिर्जना गरेकै हुन्। मृतक ज्वाई शालिकराम पुडासैनीले आत्मत्या गर्नु पूर्व नै मसँगको कुराकानीमा प्रतिवादी रवि लामिछानेको समूहले आफूलाई मानसिक यातना दिएको सम्वन्धमा मलाई जानकारी गराउनु भएको र निजले मृत्युअगाडि रेकर्ड गरेको भिडियोमा समेत सोही बेहोरा समर्थन हुने गरी वताएका हुँदा प्रतिवादीहरू रवि लामिछाने, युवराज कँडेल र अस्मिता भन्ने रूकु कार्कीले ज्वाईलाई मानसिक पीडा दिई आत्महत्या गर्न दुरूत्साहन गरेकोमा मलाई विश्वास भएको हुँदा निजहरूलाई कानुनबमोजिम हदैसम्मको सजाय हुनुपर्छ भन्ने समेत बेहोराको जनक कुमार घिमिरेको कागज।

२३. प्रतिवादीहरू रवि लामिछाने, युवराज कँडेल, अस्मिता भन्ने रुकु कार्कीसमेतले योजना बनाई, जालझेल गरी आत्महत्या गर्नेसम्मको बाध्यात्मक स्थितिको सिर्जना गरकाले निजले आत्महत्या गरेका रहेछन् भन्ने कुरा जानकारी पाएको हुँ। निजले करिव डेढ वर्ष जति NEWS 24 टेलिभिजनमा प्रतिवादीहरू रवि लामिछाने र युवराज कँडेलसमेतसँग सिधाकुरा जनतासँग भन्ने कार्यक्रममा काम गरेका थिए। सो क्रममा निज मृतक तथा माथि उल्लिखित प्रतिवादीहरूबिच केही कुनै कुरामा वैमनस्यता उत्पन्न भएकै कारण निजले उक्त टेलिभिजन छाडी पछिल्लो समय Mountain Television मा गएको हुनुपर्छ। सो कुरा निजले म सँगको भेटमा भनेका कुराहरूले समेत स्पष्ट हुन्छ। सोही योजनाकै सिलसिलाअनुसार प्रतिवादीहरू रवि लामिछाने, युवराज कँडेलसमेतले निज मृतककी प्रेमिका भनिएकी प्रतिवादी अस्मिता भन्ने रुकु कार्कीसँग मिली योजना बनाइ निज मृतक शालिकराम पुडासैनीलाई मानसिक रुपले बिछिप्त हुने गरी निज मृतकका गोप्य कुराकानीका म्यासेजहरू सिधाकुरा जनतासँग भन्ने कार्यक्रममार्फत सार्वजनिक गर्ने योजना बनाइ सहनै नसक्ने गरी मानसिक तनाव, दुःख दिने सम्मको कार्य गरी निजलाई आत्महत्या गर्न बाध्य पारेका हुन्। मैले उल्लेख गरेका तथ्यलाई हाल अनुसन्धानको क्रममा वरामद भिडियोसमेतबाट पुष्टि हुन आएकोले प्रतिबादी रवि लामिछाने, युवराज कँडेल र अस्मिता भन्ने रुकु कार्कीले निज मृतक शालिकराम पुडासैनीलाई जालझेल परिपञ्च गरी आत्महत्या गर्नेसम्मको वाध्यात्मक परिस्थिति सृजना गरेकै कारणबाट निज शालिकराम पुडासैनीले आत्महत्या गरी मरेका हुन्। निज प्रतिवादीहरू रवि लामिछाने, युवराज कँडेल र अस्मिता भन्ने रुकु कार्कीलाई हदैसम्मको कानुनी कारवाही गरिपाउँ भन्ने समेत बेहोराको गोकर्णनाथ न्यौपानेको कागज।

२४. मिति २०७६/०४/२० गते अस्पतालमा कार्यरत रहँदै गरेको अवस्थामा मृतक शालिकराम पुडासैनीको मृत्यु भएको भन्ने खवर गरेपछि अस्मिता भन्ने रूकु कार्कीसँग बुझ्दा निज शालिकराम पुडासैनी आफ्नो श्रीमान नभएको कुरा बताई रोइन् भने आफ्नो प्रेम सम्वन्ध मात्र रहेको र निजको श्रीमती रहेको कुरा थाहा पाएपछि मृत्यु हुनुभन्दा ५ दिनअगाडि न्युज 24 को अफिसमा समेत गई अनिल ढुंगेलसँग आफ्नो सम्वन्ध ब्रेक गर्नको लागि सहयोग मागेको भनि बताएपछि मैले उक्त अफिसका संचालक प्रतिवादी रवि लामिछानेको नम्वर लिई मृतक र अस्मिता भन्ने रूकु कार्की तपाईको अफिसमा आई कुराकानी भएको थियो, थिएन भनी सोधेको हुँ। सोही बेहोराको

म्यासेजसमेत पठाएको हुँ। निज प्रतिवादी रवि लामिछानेले म व्यस्त छु, भेटेर कुरा गरौंला भनेका थिए। त्यसपछि मैले अन्य कुरा गरिन। प्रतिवादी अस्मिता भन्ने रूकु कार्की डिप्रेसनमा जाने सम्भावना भएकोले मैले निजलाई सम्झाउनको लागि भनी फोनमा कुराकानी गरेको हुँ भन्ने समेत बेहोराको जिता बरालको कागज।

२५. न्युज 24 छोड्नुपर्छ भन्ने मनस्थितिमा पुगेपछि युवराज कँडेलले अष्ट्रेलिया जाने एउटा केटी मिलाई दिन्छु भनी युवराज कँडेलले मलाई अस्मिता कार्कीलाई जोड दियो। पछिल्लो समय उसले मलाई हेप्न थाल्यो। अत्याधिक तँ तँ म म खाते ह्यान त्यान भनेपछि म टाढिदै गए। त्यसपछि त्यो भन्दा पहिल्यै मैले न्युज 24 जसरी भए पनि छोड्नुपर्छ भन्ने डिसिजन गरेँ छोडेर म माउन्टेनमा Join भए, माउन्टेनमा Join हुने बित्तिकै मलाई युवराज कँडेलले तँ अब फसिस भने। ठिकै छ म फसे भने फसे। नभन्दै युवराज कँडेलसमेतको योजना बनेको रहेछ। युवराज र रवि दाई मिलेर मलाई फसाउने प्लान बनाएका रहेछन्। अहिले मलाई फसाउदै छन् भन्ने मैले सबै तिरवाट थाहा पाएँ। सबै साथीहरूले तँलाई फसाउँदै छन्, तँ के गर्छस् अब भनेर Question गर्न थाले। त्यसपछि मैले यो डिसिजन लिए मलाई माफ गरिदेउ सम्झना। रवि लामिछाने, युवराज कँडेल र अस्मिता भन्ने रूकु कार्कीको राम्रो नहोन्। कदापि राम्रो नहोस्। यिनीहरू कहिल्यै जेल परेनन भने पनि यिनीहरू कहिल्यै खान नपाई भोकभोकै मरुन् यी अपराधी हुन्। विशेष गरी यी तीनजना अस्मिता भन्ने रूकु कार्की, रवि लामिछाने, युवराज कँडेल यी तीन जना मेन अपराधी हुन् भन्ने समेत बेहोराको मृतक शलिकराम पुडासैनीले आत्महत्या गर्नुभन्दा पहिले आफ्नो मृत्युको कारणबारे मोबाइलमा रेकर्ड गरेको भिडियोको लेखबद्ध टिपोट।

२६. प्रतिवादीहरू अस्मिता भन्ने रूकु कार्की, युवराज कँडेल र रवि लामिछानेले मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १२ को ज्यानसम्बन्धी कसुरअन्तर्गतको दफा १७७ तथा दफा १८५ को उपदफा (१) र (२) बमोजिमको कसुर अपराध गरेको देखिँदा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १७७ तथा उपदफा १८५ को उपदफा (१) र (२) अनुसारको सजाय मागदावी लिई वादी नेपाल सरकारको तर्फबाट दायर भएको अभियोगपत्र।

२७. सम्झना घिमिरे पुडासैनीसमेतको जाहेरी बेहोरा झुठ्ठो हो। शालिकराम पुडासैनीसँग मिति २०७५ साल कार्तिकदेखि फेसबुकमार्फत मेरो चिनजान भएको हो। मेरो उहासँग सुरुमा उहाँको न्युज २४ को कार्यक्रमको बारेमा गफ हुँदा हाम्रो सम्पर्क बढेको थियो। उहाँसँग मेरो फेसबुकमार्फत च्याटिङ हुँदा मोवाइल नम्बर साटासाट भएको र हामीबिच फेसबुक तथा फोनमार्फत सम्पर्क वृद्धि हुँदै गयो। निज शालिकराम पुडासैनीले मलाई मेरो गर्लफ्रिन्ड तिम्रो अनुहारसँग मिलेको छ। निजको दुर्घटना भई मृत्यु भएकोले तिमीलाई साथी बनाउन लागेको भन्नुभयो। उहाँसँग साथीको रुपमा सम्पर्क बृद्धि हुँदैगयो। शालिकराम पुडासैनीले मलाई विवाहको प्रस्ताव राख्नुभएको थियो। तर मैले हाल मेरो विवाह गर्ने अवस्था छैन। तिम्रो र तिम्रो घरपरिवारको बारेमा मैले बुझ्नुपर्छ। हाललाई हामी साथीको रुपमा मात्र बसौं भनेपछि हामीहरू साथीको रुपमा रहेका थियौं। उहाँले मलाई विवाह गरौं भनी फोकस गरिरहनु हुन्थ्यो। त्यस्तै कहिलेकाहीं मसँग शालिकराम पुडासैनीले विवाह गर नत्रभने म बिष खाएर मर्छु भनी ब्ल्याकमेलिङ जस्तो गर्नुहुन्थ्यो। निजले मलाई बिष खाएको जस्तो गरी

फोटो पठाउनु हुन्थ्यो। निज शालिकराम पुडासैनीको मृत्यु हुनुभन्दा करिव १ हप्ताअगाडि फोनमा कुरा भएको थियो। उहाँले म पहिला म्यारिड थिएँ। हाल मरो सो सम्बन्ध सकिसक्यो। अहिले तिमी र म विवाह गरौं। म मेरो पहिलाको सम्बन्ध बिच्छेद गर्छु भन्नुभएको थियो। तर मैले उक्त प्रस्तावलाई इन्कार गरेको थिएँ। मैले तपाईहरू मिलेर बस्नु म तपाईसँग विवाह गर्दिन भनेको थिएँ। त्यसपछि उहाँले मलाई फोन गरिरहनु हुन्थ्यो। तर मैले निजको फोन उठाउने गरेको थिइन। शालिकराम पुडासैनीले मर्नु भन्दाअगाडि मलाई लगाएको सबै आरोप झुठा हो। निजले मलाई विवाहको प्रस्ताव राख्दा मैले निज विवाहित भएको थाहा पाएकोले मैले इन्कार गरेको थिएँ। त्यसकारण निज शालिकराम पुडासैनीले मलाई यस्तो आरोप लगाएको हुनुपर्छ। मेरो रवि लामिछाने र युवराज कँडेलसँग प्रत्यक्ष भेटघाट भएको छैन भन्ने समेत बेहोराको प्रतिवादी अस्मिता भन्ने रुकु कार्कीले अदालतसमक्ष गरेको वयान।

२८. जाहेरी दरखास्तमा भएको बेहोरा झुठ्ठो हो। शालिकराम पुडासैनी र म करिव डेढ बर्षदेखि डेढ महिनाअघिसम्म सहकर्मीको रुपमा काम गरेका थियौं। सो क्रममा निजले ल्याउने कार्यक्रमसम्बन्धी रिपोर्टरहरूलाई कार्यालयमा हामीले काँटछाँट गरी कार्यक्रम निर्माण गर्नुपर्ने हुन्थ्यो। सोही क्रममा उसलाई कुनै विषय काँटछाँट गर्दा चित्त नबुझेको हुनसक्छ। तर त्यो बेला निज शालिकराम पुडासैनीले कुनै प्रतिकृया देखाएका थिएनन्। त्यही कारण मलाई शालिकराम पुडासैनीले मर्नु भन्दाअगाडि बनाएको भिडियोमा सबै झुठ्ठा आरोप लगाएको हुनुपर्छ। निज शालिकराम पुडासैनी करिव डेढ महिनाअगाडि न्युज २४ छोडेर माउन्टेन टेलिभिजनमा काम गर्न गएका थिए। निजले हाम्रो टेलिभिजन छाडी अर्को टेलिभिजनमा एक लाखभन्दा बढी पारिश्रमिक पाउने आशाले छोडेको भन्ने कुरा रवि सरमार्फत मैले थाहा पाएको थिएँ। शालिकराम पुडासैनीले हाम्रो टेलिभिजन छोडेपछि निजसँग मेरो कुनै सम्पर्क भएको थिएन। निजले हाम्रो टेलिभिजन सौहार्दपूर्ण वातावरणमा नै छोडेका थिए। शालिकराम पुडासैनीले निर्माण गरेको भिडियोमा म, रवि लामिछाने र अस्मिता भन्ने रुकु कार्कीको नाम उल्लेख गरेका रहेछन्। निज अस्मिता भन्ने रुकु कार्कीलाई प्रस्तुत मुद्दाको सन्दर्भमा अदालतमा भेटेपछि चिनेको हो। उनीसँग यो भन्दाअगाडि कुनै सम्पर्क भएको थिएन। अभियोग दावीबमोजिम मलाई सजाय हुनुपर्ने होइन भन्ने समेत बेहोराको प्रतिवादी युवराज कँडेलले यस अदालतसमक्ष गरेको वयान।

२९. जाहेरी दरखास्तमा भएको बेहोरा झुठ्ठो हो। शालिकराम पुडासैनीले आफ्नो मृत्यु हुनु भन्दाअगाडि बनाएको भिडियोमा मलाई लगाएको विभिन्न आरोपहरू झुठ्ठा हुन्। अस्मिता भन्ने रुकु कार्कीलाई मैले पहिले कहिल्यै चिनेको थिइन। शालिकराम पुडासैनीले निर्माण गरेको भिडियोमा तलबको कुरा उल्लेख गरेका रहेछन्। जुन विषय न्युज २४ को व्यवस्थापनको विषय हो। यसमा मेरो कुनै संलग्नता हुँदैन। शालिकराम पुडासैनी र अस्मिता भन्ने रुकु कार्कीको सम्बन्धको बारेमा मलाई केही थाहा छैन। मैले शालिकराम पुडासैनीसँग करिब डेढ बर्षपहिलेबाट कार्यक्रम निर्माण गर्ने क्रममा सहकर्मी भई काम गरेको हुँ। निजको म लगायत हाम्रो टिमसँग काम गर्दा राम्रो सम्बन्ध थियो। निजले मलाई एकदम आदरका साथ सम्मान पनि गर्दथे। निजले मृत्यु हुनुभन्दा करिव डेढ महिनाअघिबाट मैले माउन्टेन च्यानलमा मार्केटिङको गर्न जान्छु, मलाई त्यहाँ एक लाख तलब

दिन्छन् भनी भनेको थिए। हाम्रो च्यानल छोडेर गएपछि निजसँग मेरो कुनै पनि माध्यमबाट सम्पर्क भएको छैन।

३०. निजको मृत्यु सम्बन्धमा निजले मलाई किन यस्तो आरोप लगाए भनी बुझ्दा निज अस्मिता भन्ने रुकु कार्कीसँग आफू अविवाहित भनी झुक्याएर रुकु कार्कीसँग प्रेम सम्बन्धमा रहेका रहेछन्। त्यसपछि अस्मिता कार्कीले निजसँग सम्बन्ध छोड्न खोज्दा निजले अस्मितालाई विभिन्न मानसिक दवाव दिने गरेका रहेछन्। निजलाई कसैले तेरो बारेमा रवि लामिछानेलगायतका टिमले पर्दाफास गर्दैछन् भनी झुठ्ठो कुरा बताए होलान। उक्त झुठ्ठा कुरालाई सत्य ठानी डराएर विश्वास गरेको हुनसक्छन्। जसले गर्दा अरुले लगाएको झुठ्ठो कुरा पत्याएर म लगायत अरुलाई प्रतिशोधको भावना लिई फसाउनको लागि उक्त भिडियो बनाएको हुनुपर्छ। मेरो कारणले शालिकराम पुडासैनीले आत्महत्या गरेका होइनन्। त्यसैले मलाई अभियोग दावीबमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत बेहोराको प्रतिवादी रवि लामिछानेले अदालतसमक्ष गरेको वयान।

३१. भिडियोमा रिकर्ड गरिएको भनिएको मृतकको भनाइको भिडियोलाई परीक्षण गर्ने विशेषज्ञ र जाहेरवालालगायतका मौकामा व्यक्त गर्ने अन्य व्यक्तिहरू अदालतमा आइ बकपत्र नगर्दा संलग्न तत्काल प्राप्त प्रमाण कागजका आधारमा प्रतिवादीहरू अभियोग दावीबमोजिमको कसुर अपराधमा संलग्न छैनन भनी अहिले नै भन्न सकिने अवस्था तत्काल नदेखिए पनि सोही कारण र आधारबाट मात्र निजहरूलाई मुद्दा पुर्पक्षको लागि थुनामै राख्नुपर्नेसम्मको अवस्था विद्यमान नदेखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी प्रतिवादीमध्येका रवि लामिछानेबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम नगद रु.५,००,०००/- (पाँच लाख रुपैया) र प्रतिवादीमध्येका युवराज कँडेलबाट नगद रु.३,००,०००/- (तीन लाख रुपैयाँ) धरौट वा सो बराबरको जेथा जमानत वा कुनै शर्त बिनाको बैक ग्यारेण्टी दिए लिई र प्रतिवादीमध्येका रवि लामिछाने र युवराज कँडेल न्यूज २४ टेलिभिजनमा सिधा कुरा जनतासँग कार्यक्रम संचालन गर्ने संचारकर्मी भएको र प्रस्तुत मुद्दाको बिषय निजहरूले संचालन गर्ने गरेको सो टेलिभिजन कार्यक्रमको बिषयबस्तुसँग पनि सम्बन्धित रहे भएको देखिँदा प्रस्तुत मुद्दा सक्षम अदालतभित्र हाल विचाराधीन रहेको अवस्थामा प्रस्तुत मुद्दाको टुंगो नलाग्दासम्म प्रस्तुत मुद्दाको विषयवस्तुलाई लिएर अनुसन्धानमा संलग्न प्रहरी, अभियोजनकर्ता सरकारी वकिल, पीडित परिवार, मुद्दाका सम्बद्ध साक्षी, मौकामा बुझिएका अन्य व्यक्तिहरू, प्रमाणको वैज्ञानिक परीक्षणमा संलग्न विशेषज्ञ, चिकित्सक, अदालत र समग्र न्यायिक प्रकृयाका बारेमा कुनै पनि बिषयबस्तु समावेश गरी संकलित प्रमाणको विश्वसनीयतामा अन्यथा असर पुऱ्याउने उद्देश्यले अदालतभन्दा बाहिर कुनै पनि सार्वजनिक कार्यक्रम गर्न, टेलिभिजन कार्यक्रम प्रसारण गर्न, फेसबुक लाइभ, ट्वीटर, युट्यूबलगायतका सामाजिक सञ्जाल वा अन्य सार्वजनिक संचार माध्यमबाट विचार वा प्रतिक्रिया स्वदेश वा विदेशबाट व्यक्त गर्न, गराउन नपाउने गरी एवं औषधी उपचारलगायत अन्य कामका लागि विदेश जानु परेको अवस्थामा यस चितवन जिल्ला अदालतको लिखित पूर्व अनुमति लिएर मात्र विदेश जान पाउने गरी निज प्रतिवादीहरू रवि लामिछाने र युवराज कँडेललाई शर्तसहितको उल्लिखित धरौटी रकम क्रमशः नगद रु ५,००,०००/- (पाँच लाख रुपैयाँ) र रु.३,००,०००/- (ती लाख) रुपैयाँ धरौट वा सो

बराबरको जेथा जमानत वा बिना कुनै शर्तको बैंक ग्यारेण्टी दिए लिई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम उल्लिखित शर्तसहितको कागज गराइ मुद्दा पुर्पक्षका लागि निजहरूलाई तारेखमा राखु। प्रतिवादी अस्मिता कार्कीसँग मृतक शालिकराम पुडासैनीले आफू विवाहित भएको कुरा सुरुमा लुकाइ ढाँटी छली प्रेम सम्बन्ध राखी विवाहका लागि निजलाई दवाव दिँदै आएको र यी प्रतिवादीले विवाहको प्रस्ताव इन्कार गरेपछि निजहरूको सम्बन्धमा खटपट आई विवाहित पुरुषसँगको प्रेम सम्बन्धबाट निज अस्मिता कार्की स्व-इच्छाले टाढा हुन खोजेको अवस्थामा निजलाई विवाहका लागि दवाव दिई विवाह गर्न नमानेमा आफूले विष सेवन गरी मर्छु भन्नेसम्मको धम्कीसहितको म्यासेज मृतक शालिकराम पुडासैनीले निज अस्मिता कार्कीलाई दिएको देखिने अवस्थाले निजको हकमा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल मुद्दा पुर्पक्षका लागि निजलाई थुनामा राखुपर्ने वा निजबाट धरौटी मागनुपर्नेसम्मको अवस्था नदेखिँदा निजलाई मुद्दा पुर्पक्षका लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६९ बमोजिम साधारण तारेखमा राखु भन्ने समेत बेहोराको यस अदालतबाट भएको थुनछेक आदेश।

३२. यस अदालतको थुनछेक आदेशविरुद्ध प्रतिवादीमध्येका रवि लामिछाने र युवराज कँडेल र वादी नेपाल सरकारका तर्फबाट उच्च अदालत पाटन हेटौडा इजलासमा दिइएको मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को दफा ७३ बमोजिमको निवेदनमा उच्च अदालत पाटन हेटौडा इजलासबाट प्रतिवादी रवि लामिछानेसमेतलाई प्रस्तुत मुद्दाको टुंगो नलाग्दासम्म औषधी उपचारलगायतको कार्यका लागि विदेश जानुपर्दा मुद्दा चलिरहेको यस अदालतको पूर्व लिखित अनुमति लिनुपर्ने भन्नेसम्मको आदेश बेहोरालाई बदर गरी उच्च अदालत पाटन हेटौडा इजलासबाट भएको आदेश।

३३. मैले मिति २०७६/०५/०१ मा दिएको जाहेरी दरखास्तमा भएको सहीछाप बेहोरा मेरो हो। मृतक मेरो श्रीमान शालिकराम पुडासैनीको मृत्युको प्रमुख कारण प्रतिवादी रुकु कार्कीले न्युज २४ मार्फत तेरो बेइज्जत गरिदिन्छु भनेकोले मेरो श्रीमानले आत्महत्या गरेको हुनुपर्छ। स्व.पतिले आत्महत्या गर्नुपूर्व मसँग सम्पर्क हुँदा त्यस्तो केही अस्वभाविक स्वभाव देखाउनु भएको थिएन। मृत्यु हुनुपूर्व २/३ दिनअगाडि रुकु कार्कीले मलाई फोनमा तलाई फसाउछु भनी मानसिक टेन्सन दिएकी छन् भनी श्रीमानले भन्नुभएको थियो। त्यसैले मलाई सन्चो पनि छैन भनी टिचिङ हस्पिटलमा गई चेक गर्दा डिप्रेसनको औषधी दिएको थियो र आइतबार बिहानदेखि औषधी सेवन गर्न सुरु गर्नुभयो। सोमबार यस्तो घटना घट्यो। चितवन आउने दिन विहान मेरो श्रीमानले मलाई एकदम टेन्सन भएको छ भन्नु भएकोले मैले तपाई टेन्सन नलिनुहोस् म दिपक बोहोरा दाइसँग कुरा गर्छु भनी सम्झाएको थिएँ। उक्त दिन मैले दिपक दाइसँग सम्पर्क गर्न खोज्दा निजसँग सम्पर्क हुन सकेको थिएन। मेरो श्रीमानको मृत्यु हुनुभन्दा २/३ दिनअगाडि अस्मिता भन्ने रुकु कार्कीले मलाई फ्रेन्ड रिक्वेष्ट पठाएकी थिइन् र मैले एसेप्ट गरेपछि निजसँग म्यासेजबाट चिनजान भएको र फोनमार्फत पनि कुराकानी भएको थियो। अन्य प्रतिवादीहरू रवि लामिछाने र युवराज कँडेलको बिषयमा मलाई थाहा भएन। प्रतिवादीहरू रवि लामिछाने र युवराज कँडेलसँग काम गर्दा निजहरूले मेरो श्रीमानलाई कम्युटरको काम गर्न नदिने जस्ता काम गरेकोले मैले न्युज २४ छोडेको हो भनी भन्नु भएको

थियो। अन्य विषयमा प्रतिवादीहरू रवि लामिछाने र युवराज कँडेलले दवाव दिएको मलाई थाहा छैन। श्रीमानको मृत्युपूर्व मेरो सम्पर्क रुकु कार्कीसँग भएको थियो। तर अन्य प्रतिवादीहरूसँग थिएन। मैले घटना घटेको ६/७ दिनपछि मेरो फेसबुक खोल्दा नेपाल आजले भिडियो पोष्ट सेयर गरेको रहेछ। त्यसबाट नै मैले मेरो श्रीमानले मर्नुभन्दाअगाडि बनाएको भिडियोको विषयमा मैले थाहा पाएको हुँ भन्ने समेत बेहोराको जाहेरवाला सम्झना घिमिरे पुडासैनीले यस अदालतसमक्ष गरेको बकपत्र।

३४. मृतक शालिराम पुडासैनीले प्रयोग गरेको मोबाइल तथा सिमकार्ड मैले नै परीक्षण गरेको हुँ। उक्त मोबाइलमा भेट्टाइएका घटनासँग सम्बन्धित भिडियोहरू सोही मोबाइलबाट खिचिएको अनुसन्धानबाट देखिन्छ। हामीले उक्त मोबाइलको परीक्षण फरेन्सिक सफ्टवेयर UFED र XRY सफ्टवेरबाट गरेको हो। उक्त भिडियो मृतकले मर्नुअगाडि आफैले निर्माण गरेको गरेको हो होइन हामीले एकिनका साथ भन्न सक्दैनौं। तर उक्त भिडियोहरू निजको मोबाइलबाटै खिचिएको हो भनी अनुसन्धानको क्रममा फेला परेको देखिन्छ। मोबाइल परीक्षणको क्रममा मोबाइलको टाइमलाइन हेर्दा ५ अगस्त २०१९, समय १५:५४:५१ मा पहिलो भिडियो खिचिएको देखिन्छ यसको लेन्थ ४ मिनेट ५८ सेकेन्ड रहेको छ। दोस्रो भिडियो सोही मितिको समय १६:०१:१७ बेलामा खिचिएको देखिन्छ यसको लेन्थ ८ मिनेट २७ सेकन्डको रहेको देखिन्छ। निज प्रतिवादीहरू अस्मिता भन्ने रुकु कार्की, युवराज कँडेल र रवि लामिछानेको मोबाइल परीक्षणसमेत मैले नै गरेको हुँ। उक्त परीक्षण गरेपछि मोबाइलको रिपोर्टर मिति २०७६/०५/०६ गते परीक्षण प्रतिवेदन साथ पेनड्राइभ थान – १ र डि.भि.डि. थान - ३ मा पठाइएको छ। मोबाइल परीक्षणका लागि प्राप्त भएको मोबाइल मृतक शालिकराम पुडासैनीले प्रयोग गर्ने Samsung कम्पनीको IMEI no 358467094777439 भएको कालो रंगको J600 मोडलको र त्यसमा भएको सिमकार्ड थान-२, मेमोरी कार्ड थान-१ मिति २०७६/०४/२४ गते हाम्रो ल्यावमा प्राप्त भएको थियो। सर्वप्रथम उक्त मोबाइलमा रहेको फोटो, भिडियो, अडियो सोही मोबाइलबाट खिचिएको हो होइन भन्ने सम्बन्धमा सोही मोबाइलको टाइमलाइन, लोकेशनबाट थाहा हुन्छ। साथै फाइलको नेमिङ्बाट प्रष्ट हुन्छ कि उक्त अडियो भिडियो सोही मोबाइलबाट खिचिएको हो भन्ने समेत बेहोराको भिडियो फरेन्सिक परीक्षण गर्ने DIGITAL LAB मा कार्यरत विशेषज्ञ प्र.ना.उ. श्याम कुमार मण्डलले यस अदालतसमक्ष गरेको बकपत्र।

३५. म नियमित काम कारवाहीको सिलसिलामा कार्यरत रहेको अवस्थामा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोल रुममार्फत जिल्ला चितवन पोखरा बसपार्कस्थित रहेको कंगारु होटलमा एक व्यक्तिको शंकास्पद तरिकाले झुन्डिएर मृत्यु भएको खवर थाहा पाएपछि प्रहरीको नियमित प्रकृयाअनुसार घटनाको स्थल सुरक्षालगायत घटनाको अनुसन्धानको लागि प्रारम्भिक अनुसन्धान टोलीहरू घटना भएकै दिनमै खटिएका थिए। म घटनास्थल मिति २०७६/४/२१ गते बिहान करिव ९:४५ बजे पुगेको थिएँ। घटनास्थल प्रकृति मुचुल्का एवं प्रारम्भिक अनुसन्धान प्रतिवेदन, मृतकको श्रीमती एवं घटनास्थलमा भेला भएका मृतकका आफन्तहरू, घटनास्थलमा उपस्थित अन्य व्यक्तिहरू, कंगारु होटलका मालिक, मृतकका दाजु बासु प्रसाद पुडासैनीले दिएको जाहेरी दरखास्त, घटनास्थलमा

बरामद निज मृतकले प्रयोग गरेको मोबाइलको डि.एफ.एल. परीक्षण प्रतिवेदन एवं जिल्ला प्रहरी कार्यालयको इन्टेलिजेन्स रिपोर्टरको आधारमा प्रतिवादीहरूको कारणबाट मृतकले आत्महत्या गरेको हो भनी मैले प्रतिवेदनमा खुलाएको हो। मिसिलमा संलग्न कागजातहरूमा उल्लिखित अन्य आधार र कारण एवं सबुत प्रमाणबाट निज प्रतिवादीहरूले मृतक शालिकरामलाई आत्महत्या गर्न दुरुत्साहन गरेको देखिन्छ। उक्त मितिमा मैले दिएको प्रतिवेदन ठिक हो। निज प्रतिवादीहरूलाई कानुनबमोजिम सजाय हुनुपर्छ भन्ने समेत बेहोराको प्र.ना.उ. दिपेन्द्र शाहले गरेको बकपत्र।

३६. प्रस्तुत मुद्दाको विषयमा मैले मिडियामा भिडियोहरू आएपछि थाहा पाएको हुँ। प्रतिवादी रवि लामिछाने मेरो लामो समयदेखिको साथी हो। निज असल, यस्तो काम गर्ने किसिमको मानिस हुनुहुन्न। बाहिर आएको भिडियोको इन्भेष्टिगेसन नै पूरा भएको छ जस्तो मलाई लाग्दैन। उक्त भिडियो निज मृतकले आफैले नै खिचेको हो कि होइन भन्नेमा म द्विविधामा छु। त्यस्तै रवि लामिछानेलगायतलाई लगाएको आरोप पूरा झुठ्ठा हो। मृतकले आफूले गरेको नराम्रो कामको बारेमा रवि लामिछानेलगायतका टिमले प्रचार गरिदिन्छन् कि भनी शंका गरी आफैले आफैलाई मानसिक तनाव दिई यस्तो घटना घटाएको हो की जस्तो लाग्दछ। प्रतिवादी रवि लामिछानेको अरुसँगको व्यवहार, निजले गरेको सामाजिक काम, निज पहिलेदेखि नै सँगै काम गर्दा शालिकराम पुडासैनीसँगको सम्बन्ध व्यवहार तथा कामलगायतका अन्य कारणले रवि लामिछाने निर्दोष छन्। निजलाई अभियोग दावीबमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत बेहोराको प्रतिवादी रवि लामिछानेको साक्षी डोलप्रसाद अर्यालले यस अदालतसमक्ष गरेको बकपत्र।

३७. शालिकराम पुडासैनीले म संचालक समिति सदस्य रहेको वि.पी. स्मृति अस्पतालमा मेरो श्रीमती हो भनी रुकु कार्कीलाई परिचय गराएको थियो। हामीले पनि निज रुकु कार्कीलाई शालिकराम पुडासैनीको श्रीमती भनी घटना अघिसम्म चिनेका थियौं। घटना घटेपछि हाम्रो अस्पतालको मिटिङ बसी रुकु कार्कीसँग घटनाको बारेमा जानकारी लिँदा रुकु कार्कीले म उहाँको श्रीमती होइन। हामी केही समयसम्म प्रेम सम्बन्धमा थियौं। शालिकराम पुडासैनीले मेरो विवाह भएको छैन भनी ढाँटेका रहेछन्। जव मैले उहाँको विवाह भएको विषय थाहा पाएँ त्यसपछि पनि शालिकराम पुडासैनीले मसँग प्रेम सम्बन्ध राख्न चाहनुहुन्थ्यो। तर मैले उक्त प्रस्ताव मानेको थिइन। प्रतिवादी अस्मिता भन्ने रुकु कार्कीले भ्रममा परी विवाहित शालिकराम पुडासैनीसँग प्रेम सम्बन्ध राखु निजको केही कमजोरी थियो। तर जव यी प्रतिवादीले सबै विषय थाहा पाएपछि शालिकराम पुडासैनीसँग प्रेम सम्बन्ध नराखी अलग्ग बस्न चाहँदाचाहँदै पनि निज शालिकराम पुडासैनीले रुकु कार्कीसँग प्रेम सम्बन्धमा बस्न खोज्नु निज शालिकराम पुडासैनीकै कमजोरी हो। शालिकराम पुडासैनीले आत्महत्या गर्नुको कारण निज रुकु कार्की होइनन् निज आफै हुन्। त्यसैले रुकु कार्कीलाई अभियोग दावीबमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत बेहोराको प्रतिवादी अस्मिता भन्ने रुकु कार्कीको साक्षी जिता बरालले यस अदालतसमक्ष गरेको बकपत्र।

३८. प्रस्तुत मुद्दाको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय चितवनमा लेखाएको घटना विवरण कागजमा भएको बेहोरालाई सनाखत गरी बुझिएका मानिसहरू विप्लव पोखेल, प्रकाश पुडासैनी र ओम बहादुर भुजेलले करिव एकै मिलान बेहोराको यस अदालतसमक्ष गरेको बकपत्र।

३९. मिति २०७६/०५/०५ गते मैले गरेको घटना विवरण कागजमा भएको सहीछाप / बेहोरा मेरो हो। मैले निज शालिकराम पुडासैनीलाई निजको मृत्युअघि भेट हुँदा निजसँगको गफमा निजले मलाई मेरो श्रीमतीबाट बच्चा नहुने भएको छ। त्यसैले मैले अर्को श्रीमती ल्याउन खोजेको हो भनी भनेका थिए भन्ने समेत बेहोराको बुझिएका मानिस उमेश पुडासैनीले यस अदालतसमक्ष गरेको बकपत्र।

४०. मृतक शालिकराम पुडासैनीले आत्महत्या गर्नु भन्दाअगाडि बनाएको भिडियोअनुसार प्रतिवादीहरू अस्मिता भन्ने रुकु कार्की, युवराज कँडेल र रवि लामिछानेहरूको दुरुत्साहनको कारणले आत्महत्या गरेको हो। शालिकराम पुडासैनीले न्युज २४ च्यानल छोड्नुपर्नाको मुख्य कारण कार्यक्रममा उनलाई अलि रिक्स हुने किसिमको काम मात्र लगाउने, तलब सुविधा कम भएको कारणले छोडेका थिए। मेरो शालिकराम पुडासैनीसँग मृत्यु हुनुभन्दा करिब ७/८ दिनअगाडि चिया पसलमा भेट हुँदा निजले मलाई दाइ तपाईसँग एउटा गोप्य कुरा गर्नुछ भनेका थिए। त्यसपछि चिया पसलबाट अली छुट्टै बसेर गफ गर्दा शालिकराम पुडासैनीले दाइ मलाई नाम नबताएको एउटा नानीलाई लिएर न्युज २४ को सिधा कुरा जनतासँग कार्यक्रमको टिमले ब्ल्याकमेल गर्दैछ भनेका थिए। मैले शालिकराम पुडासैनीलाई भाइ तँ छोरा मान्छे भएर नडरा हामी छौं नि भनी सम्झाएको थिएँ। हामी उक्त टिमको साथीहरूसँग भेटेर कुरा गर्दछौं आवश्यक पऱ्यो भने रवि लामिछानेसँग पनि भेट गरौंला भनेको थिएँ। त्यसपछि शालिकराम पुडासैनीले अहिले छोडिदिनु दाइ म आफैले पनि कुरा गरिरहेको छु। आवश्यक पऱ्यो भने म हजुरलाई फेरि भनौला भनेका थिए। शालिकराम पुडासैनीले मलाई भेटमा भनेअनुसार र शालिकराम पुडासैनीले Mountain च्यानलमा समानान्तर टि.भि. कार्यक्रम चलाएको हुनाले ती नानी अस्मिता कार्कीलाई प्रतिवादीहरू रवि लामिछाने, युवराज कँडेललगायतकाले मिसयुज गरी ब्ल्याकमेल गरी आत्महत्या गर्न बाध्य पारेको जस्तो मलाई लाग्दछ भन्ने समेत बेहोराको बुझिएका मानिस गोकर्णनाथ न्यौपानेले यस अदालतसमक्ष गरेको बकपत्र।

४१. मैले प्रस्तुत घटना सामाजिक सञ्जालमा आएपछि मात्र थाहा पाएको हो। प्रतिवादी युवराज कँडेलसमेतले दुरुत्साहन गरेको कारण शालिकराम पुडासैनीले आत्महत्या गरेको भन्ने कुरा कल्पनासम्म पनि सकिन्न। किनकि निज प्रतिवादी त्यस्तो किसिमको मानिस होइन। शालिकराम पुडासैनीले मृत्युअगाडि निर्माण गरेको भिडियोको इन्भेष्टिगेशन नै पूरा भएको छ जस्तो लाग्दैन। मृतक शालिकराम पुडासैनीले किन यस्तो आरोप लगाए मलाई थाहा भएन। तर निजको सम्बन्ध न्युज २४ मा सँगै हुँदासम्म राम्रो थियो। निजहरूसँगै काम गर्दा कहिले पनि झै-झगडा भएको मलाई थाहा छैन। प्रतिवादी युवराज कँडेललगायतले हाम्रो समाजमा घटेको घटनालाई उजागर गरी समाजलाई सुसूचित पार्ने जस्ता परोपकारी काम गर्ने व्यक्ति हुन्। उहाँहरूले समाजमा धेरै उदाहरणीय काम गरिरहनु भएको छ। युवराज कँडेललगायतलाई शालिकराम पुडासैनीले लगाएको आरोप पूरा झुठ्ठा हो त्यसकारण प्रतिवादी युवराज कँडेलले अभियोग दावीबाट सफाइ पाउनुपर्छ भन्ने समेत बेहोराको प्रतिवादी युवराज कँडेलको साक्षी कृष्ण प्रसाद पाण्डेले अदालतसमक्ष गरेको बकपत्र।

४२. मैले काम गर्ने पसलमा मिति २०७६/०४/२० गते दिउँसो अन्दाजी १५:३० बजेको समयमा डोरी किन्न आएको व्यक्ति शालिकराम पुडासैनी नै हो भनी मैले काम गर्ने पसलको CC क्यामराको फुटेजबाट थाहा पाएको हुँ। शालिराम पुडासैनीले डोरी किन्न हाम्रो पसलमा आएकोले साहुनीले डोरी काटेर दिनु भनी भनेपछि मैले नै डोरी काटी डोरी दिएको हुँ भन्ने समेत बेहोराको बुझिएका मानिस योगेन्द्र बहादुर सुर्यवंशीले यस अदालतसमक्ष गरेको बकपत्र।

४३. मृतक शालिकराम पुडासैनीको मृत्यु झुन्डिएर भएको हो। शालिकराम पुडासैनीको भिडियो सार्वजनिक भएपछि हाम्रो टिमले अस्मिता कार्कीलाई फोनमार्फत सम्पर्क गरेका थियौं। निजले मेरो आमा बिरामी हुनुहुन्छ आफू ग्रिन सिटी अस्पतालमा भएको कारण हामीलाई त्यही आउन भनेकोले हामी भेट्न अस्पताल जाँदा पनि निजलाई भेट्न सकेनौं। त्यसपछि हामी त्यहीं अस्पतालबाहिरबाट फिर्ता आयौं। अस्मिता भन्ने रुकु कार्कीले हाम्रो क्यामरामेन अनिल ढुँगेललाई फेसबुकमार्फत घटनापश्चात् सम्पर्क गरेकी थिइन। उक्त सम्पर्कमा निज रुकु कार्कीले शालिकराम पुडासैनीले आफूलाई धम्की दिने, तर्साउने गरेको भनि गुनासो गरेकी थिइन भन्ने समेत बेहोराको बुझिएका मानिस दिपकराज बोहोराले यस अदालतसमक्ष गरेको वयान।

४४. मृतक शालिकराम पुडासैनीको मृत्यु झुन्डिएर मर्नुभन्दा ४/५ दिनअगाडि अस्मिता भन्ने रुकु कार्कीले मलाई नयाँ ID बाट म्यासेज पठाएपछि निजसँग चिनजान भएको हो। अस्मिता भन्ने रुकु कार्कीसँग म्यासेजमा कुराकानी हुन थालेपछि शालिकराम पुडासैनी र अस्मिता भन्ने रुकु कार्कीको सम्बन्ध बिग्रिएको कुरा थाहा पाएको हो। अस्मिता भन्ने रुकु कार्कीले शालिकराम पुडासैनीको तलब कति छ, मलाई निजले दुःख दिइरहेको छ भनी म्यासेज गरेकी थिइन। शालिकराम पुडासैनीको मृत्युअगाडि मेरो र रुकु कार्कीबिच भएको कुराकानी मैले कसैलाई भनेको थिइन। अस्मिता भन्ने रुकु कार्की अफिसमा आएकी होइनन्। अफिसबाहिर बाटो छेउमा मसँग भेट भएको हो। शालिकराम पुडासैनीको मृत्युको भोलिपल्ट अफिस आउछु भनी फोन गरेकी थिइन। तर नआएपछि निजको अरुसँग कन्ट्याक थिएन। मसँग मात्र थियो। त्यसैले दिपकराज बोहोराले भनेपछि मैले निज अस्मिता कार्कीलाई पटक पटक फोन गरेको हुँ। शालिकरामको मृत्यु भएपछि निज अस्मिता भन्ने रुकु कार्की र शालिकराम पुडासैनीको के कस्तो सम्बन्ध थियो भन्ने कुरा बिस्तृत रुपमा बुझ्न गएका थियौं। तर भेट भएको थिएन भन्ने समेत बेहोराको बुझिएका मानिस अनिल ढुंगेलले यस अदालतसमक्ष गरेको बकपत्र।

४५. शालिकराम पुडासैनीसँग मेरो करिव ६/७ महिना अघिदेखि कुराकानी भएको थियो। प्रतिवादी रवि लामिछानेसँग पनि मेरो कार्यक्रमको सिलसिलामा एकपटक सामान्य किसिमको भेट भएको थियो। युवराज कँडेलसँग मेरो भेट भएको छैन। मेरो मृतक शालिकराम पुडासैनीसँग मृत्यु हुने दिनको बिहान कुराकानी भएको थियो। निजले बिहान मलाई फोन गर्दा मेरो हालको गर्लफ्रिन्ड र मेरो बिचमा मेरो पुरानो गर्लफ्रिन्डको बिषयलाई लिएर केही बैमनस्यता उत्पन्न भएको छ। यस बिषयलाई लिएर नाम नतोकिएको केही मानिसहरू मिलेर अहिलेको गर्लफ्रिन्डलाई उचालेर मलाई फसाउन खोजेका छन् भनी आशंका व्यक्त गर्नुभएको थियो भनी बुझिएका मानिस पूजा भन्ने प्रमिला शर्मा भुषालले गरेको बकपत्र।

४६. मेरो भाइ शालिकराम पुडासैनीको श्रीमतीबाट बालबच्चा नभएकोले निजले मेरो बुझाइमा अर्को विवाह गर्न खोजेको अवस्था थियो। शालिकराम पुडासैनीले मेरो विवाह भएको छैन भनी झुक्यानमा पारी अस्मिता भन्ने रुकु कार्कीसँग प्रेम सम्बन्धमा रहेको र अस्मिता भन्ने रुकु कार्कीले भाइ शालिकराम पुडासैनीको विवाह भएको थाहा पाएपछि निजले शालिकरामलाई छोड्न खोजेकी थिइन। निज शालिकराम पुडासैनीले मलाई विवाह जस्तो विषय ढाँटेको रहेछ भनी उनीमा बदलाको भाव उत्पन्न भएको हुनसक्छ। अस्मिता भन्ने रुकु कार्कीले शालिकरामलाई बदला लिन न्युज २४ को सिधा कुरा जनतासँग कार्यक्रमको रवि लामिछानेलगायतका टिमसँग मिली आफ्नो म्यासेजलगायत अन्य विषयलाई कार्यक्रममार्फत प्रसारण गरी बेइज्जत गर्न खोजेकोले शालिकराम पुडासैनीले तनावमा परी यी प्रतिवादीहरूको नाम उल्लेख गरी मर्नुअगाडि भिडियो निर्माण गरी आत्महत्या गरेको हुनुपर्छ। शालिकराम पुडासैनीले मर्नुअगाडि बनाएको भिडियोअनुसार यी प्रतिवादीहरूले दुरुत्साहन दिएका कारण आत्महत्या गरेको हो भन्ने समेत बेहोराको जाहेरवाला बासुप्रसाद पुडासैनीले यस अदालतसमक्ष गरेको बकपत्र।

४७. मृतक शालिकराम पुडासैनी मिति २०७६/४/२० मा करिब बेलुका ३:३० बजे होटल कंगारुमा आउनुभएको थियो। निजले रुम छ भनी सोध्नुभयो र मैले मेरो स्टाफलाई रुम देखाउन पठाएँ। निजले कोठा नं.२०२ नं. को कोठा रु.८००/- मा बुक गरेपछि उहाँले रु.५०० पेश्की दिनुभएको थियो। उहाँ आउँदा आफ्नो सामान केही पनि थिएन। उहाँले मलाई सादा खाना बनाइदिनु, म आफै यही खान आउछु भनेका थिए। निज रातको ८:३० बजेसम्म पनि खाना खान नआएपछि मैले १ जना स्टाफलाई बोलाउन पठाएँ। त्यसपछि फेरि अर्को स्टाफलाई बोलाउन पठाएँ। त्यसपछि पनि निज नआएपछि म आफै राति ९ बजेतिर निजको रुमतिर बोलाउन गएँ। मैले बोलाउँदा पनि नउठेपछि मैले होटल व्यवसायीका साथीहरूलाई खबर गरेँ र होटल व्यवसायी साथीहरू आएपछि साथीहरूले वडा प्रहरी कार्यालयलाई खबर गरेपछि प्रहरीहरू आएका थिए। प्रहरीसहितका टोलीले ढोका फोडी हेर्दा निज झुन्डिएको अवस्थामा फेला परेको हुन् भन्ने समेत बेहोराको बुझिएका मानिस घटनास्थल होटल कंगारुको संचालक यज्ञबहादुर बस्नेतले यस अदालतसमक्ष गरेको बकपत्र।

४८. मृतक शालिकराम पुडासैनीको मृत्युको कारण झुन्डिएर (Hanging) भएको हो। शव परीक्षण गर्दा मृतकको शव कालो प्लाष्टिकले ढाकेको, भित्र सेतो कटन कपडाले छोपेको, लास केही सडिगलिरहेको अवस्थामा थियो। घाँटीमा रहेको निलो र गुलाबी रङ्गको नाइलनको पासो डोरी सुर्कने गाठो घाँटीको पछाडिपट्टिको दाहिने भागमा रहेको थियो। शव परीक्षण गर्ने क्रममा शरीरमा कुहिने क्रममा देखिएको लक्षणहरूः अनुहार घाँटी छाती पेट र हातहरू हरियो कालो देखिएको र ग्यासले सुन्निएको देखिएको, आँखा र जिब्रो बाहिर निस्किएको जस्तो देखिएको, नाक र मुखमा तरल पदार्थ जस्तो निस्किएको, शरीरको विभिन्न भागहरूको छालाहरू कुहिएर खुइलिएको जस्तो देखिएको, अण्डकोष र लिंग ग्यासले फुलेको जस्तो देखिएको थियो। घाँटीको पासो फुकाली हेर्दा सोही ठाउँमा पासोको डाम रहेको, शरीरको बाहिरी भागमा कुनै चोटहरू थिएनन्। त्यसैगरी शरीरको भित्री भाग परीक्षण गर्ने क्रममा शरीरको भित्री अंगहरू सडि गल्ने अवस्थामा रहेको र घाँटीको स्पेशल

Bloodless neck dissection गर्दा घाँटीमा अन्य कुनै चोटपटक थिएन। मृतकको शरीरको कुनै भागले जमिन छोएको अवस्थामा पनि झुन्डिएर मृत्यु हुन सक्छ। मृतक शालिकराम पुडासैनीको मृत्युको कारण Hanging उल्लेख गरी प्रतिवेदन दिएको हो जुन निजको शरीरको पूर्ण Autopsy पश्चात् दिएका हौं। शव परीक्षण गर्ने क्रममा मृतकको घाँटीमा पासो रहेको र पासो निकालिसकेपछि पासोको मुनि पासोको डाम रहेको र यसबाहेक अरु कुनै मृत्यु हुने खालको चोट नरहेको हुँदा मृत्युको कारण Hanging नै हो भनी उल्लेख गरेको हो भन्ने समेत बेहोराको मृतकको शव परीक्षण गर्ने डा. मनि महर्जन / डा. विभुती शर्माले यस अदालतसमक्ष गरेको बकपत्र।

४९. मृतक शालिकराम पुडासैनीले मृत्युपूर्व विभिन्न मानिससँग मोबाइलमार्फत गरेको कुराकानीको विस्तृत विवरण मिसिल सामेल CD मा राखिएको छ। प्रतिवादी रुकु कार्कीले News 24 कार्यालयसमेत आउने गरी आफ्नै मोबाइलबाट खिचेको फोटो शालिकराम पुडासैनीलाई फेसबुकमार्फत पठाएको देखिन्छ। उक्त फोटोहरू अन्य मानिसहरूलाई पठाएकी थिइनन्। मृतक शालिकराम पुडासैनीले मृत्यु हुनुपूर्व आफ्नो मोबाइलबाट खिचेको फोटोहरू अनुसन्धान गर्दा उक्त खिचिएको फोटोमा निजको शरीरको विभिन्न भागमा चोटपटक लागेको देखिएको थियो। मृतकले मर्नुअगाडि खिचेको भिडियो २०१९/०८/०५ मा १५:५४:५१ बाट सुरु भएको यसको लम्बाइ ४ मिनेट ५८ सेकेन्डको देखिन्छ र दोस्रो १६:०१:१७ मा सुरु भएर ८ मिनेट २७ सेकेन्डको लम्बाइ देखिन्छ। यी दुई भिडियोको बिचको अन्तर एकदमै थोरै छ। मृतक शालिकराम पुडासैनी र प्रतिवादी अस्मिता भन्ने रुकु कार्कीबिच मर्नुभन्दाअगाडिसम्म पनि कुराकानी भएको देखिन्छ। मृतक शालिकराम पुडासैनी र प्रतिवादीहरू युवराज कँडेल र रवि लामिछानेसँग News 24 मा सँगै काम गर्दा कुराकानी भएको देखिन्छ। तर शालिकराम पुडासैनीले उक्त च्यानल छोडेपछि निजहरूबिच कुनै कुराकानी भएको देखिँदैन। मृतकले भिडियो रेकर्ड गरिसकेपछि पनि निजले आफ्नो श्रीमतीसँग कुराकानी गरेको देखिन्छ। त्यसपछि निजले प्रमिला भुषालसँग सम्पर्क गर्न खोजेको (miscall) तर सम्पर्क नभएको देखिन्छ। साथै News 24 मा शालिकराम पुडासैनी कार्यरत रहँदा अनिल ढुङगेल र दिपक बोहोरासँग पटक पटक सम्पर्क भएको थियो। तर दिपक बोहोरासँग घटना घटेको करिव १० दिनअगाडिसम्म पनि सम्पर्क भएको पाइयो। शालिकराम पुडासैनीले चलाउने मोबाइल फोनको कलको लोकेशन, डोरी किनेको CCTV रेकर्ड, निजले बनाएको भिडियो र होटलवालासँग निजले गरेको कुराकानीको आधारमा मैले रिपोर्टर निर्माण गरेको छु। उक्त कुराको चार्ट प्रतिवेदन मिसिल सामेल रहेको छ। शालिकराम पुडासैनीको मृत्युपश्चात् रुकु कार्कीको सम्पर्क यी प्रतिवादीहरू युवराज कँडेल र रवि लामिछानेसँग भएको देखिँदैन र निजको सम्पर्क अनिल र दिपकसँग घटना घटेपछि पक्षि भएको देखिन्छ। फोटोग्राफीमा अभ्यस्त एउटा राम्रो व्यावसायिक फोटोग्राफरले आफ्नो शरीरको घँडामा मोबाइल फोन राखी, दुवै हात प्रयोग नगरी, सैल्फ स्टिक बिना अरु कुनै व्यक्तिको सहयोग नलिई मोबाइलमा भिडियो रिकर्ड गर्न सकिन्छ, सम्भव छ र हुन्छ भनी भिडियो रिकर्ड भएको मोबाइलको परीक्षण गर्ने केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाका प्राविधिक दुर्गा कुमार योञ्जनले यस अदालतसमक्ष गरेको बकपत्र।

ठहर खण्ड

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सुचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू रवि लामिछाने, युवराज कँडेल र रुकु भनिने अस्मिता कार्कीले अभियोग दावीबमोजिम शालिकराम पुडासैनीलाई आत्महत्या गर्न दुरुत्साहन गरेका हुन् वा होइनन् ? र निजहरूलाई अभियोग दावीबमोजिमको कसुर अपराधमा सजाय हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखियो।

मृतक शालिकराम पुडासैनीले मिति २०७६/०४/२० गते घटनास्थल चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं.१ पोखरा बसपार्क स्थित कंगारु होटलको कोठा नं.२०२ मा डोरीमा झुन्डिएर आत्महत्या गरेको र सो आत्महत्या गर्नुभन्दा पहिले निजले आफ्नो ९८५१०२६८४६ नं. र ९८१०१०४१५३ नं. को सिमकार्ड भएको सामसुङ ग्यालेक्सी मोबाइलमा भिडियो रेकर्ड गरी आफूसँग प्रेम सम्बन्धमा रहेकी प्रतिवादीमध्येकी रुकु भनिने अस्मिता कार्कीले प्रेम सम्बन्धमा रहँदा गरिएको व्यवहारलाई दुरुपयोग गरी प्रतिवादीमध्येकी रवि लामिछाने र युवराज कँडेलसमेत सँग मिली आफूलाई बदनाम गर्ने दुराशयले रवि लामिछानेसमेतले न्युज २४ टेलिभिजन संचालन गर्ने सिधा कुरा जनतासँग कार्यक्रममा आफ्नो व्यक्तिगत विषय प्रसारण गरी आफूलाई बदनाम गर्ने गम्भीर षडयन्त्र गरी आफूलाई दवाव र धम्की दिने गरेकोले सो अवस्था सहन नसकी आफूले आत्महत्या गर्नुपरेको भन्ने बेहोराको निजको अभिव्यक्ति उल्लिखित मोबाइल भिडियोको आधारमा प्रस्तुत मुद्दाका प्रतिवादीहरू रवि लामिछाने, युवराज कँडेल र अस्मिता कार्कीबिरुद्ध मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ र १८५(१) र (२) बमोजिम आत्महत्या गर्न दुरुत्साहन गरेको कसुर अपराधमा सजाय गरी ऐ. दफा १८६ बमोजिम पीडितलाई मनासिव क्षतिपूर्तिसमेत दिलाइ भराइ पाउँ भन्ने मागदावीसहित वादी नेपाल सरकारका तर्फबाट प्रस्तुत मुद्दा यस अदालतमा दायर भएको अवस्था छ।

प्रस्तुत मुद्दाका वादी नेपाल सरकारका तर्फबाट प्रमाणस्वरुप मृतक शालिकराम पुडासैनी आत्महत्या गर्नुअघि निजले आफ्नो मोबाइलमा रेकर्ड गरेको भनिएको मृत्युको कारण उल्लिखित भिडियो र सोही भिडियोको सन्दर्भमा मौकामा व्यक्त गरेका अन्य व्यक्तिहरूको भनाइसमेतलाई प्रस्तुत मुद्दामा प्रमाणको रुपमा अभियोगपत्र साथ पेश गरेको अवस्था छ।

मृतकको शव परीक्षण गर्ने चिकित्सक, बरामद भिडियोको फरेन्सिक परीक्षण गर्ने कार्यमा संलग्न केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाका विज्ञ, जाहेरवाला र अनुसन्धानका क्रममा मौकामा बुझिएका व्यक्तिहरूसमेतलाई अदालतमा झिकाइ निजहरूले गरेको परीक्षण र मौकामा व्यक्त गरेको भनाइलाई अदालतमा साक्षी प्रमाणको रुपमा प्रमाणिक परीक्षण गरिएको अवस्था छ। प्रतिवादीहरूको वयान र निजहरूका साक्षीहरूले अदालतमा आइ गरेको घटनाका सम्बन्धमा गरेको बकपत्रसमेतका कागजहरू प्रस्तुत मुद्दामा प्रमाणको रुपमा मिसिल संलग्न रहेको अवस्था छ।

प्रतिवादीमध्येकी रुकु भन्ने अस्मिता कार्कीले अधिकार प्राप्त अधिकारी र अदालतसमक्षको वयानमा शालिकराम पुडासैनीसँगको परिचित साथीको सम्बन्धसम्मलाई स्वीकार गरेको तर निजका विरुद्ध अन्य षडयन्त्रपूर्ण कार्य गरी निजलाई आत्महत्या गर्न दुरुत्साहन गरेको भन्ने अभियोग आरोपलाई पुर्णतः इन्कार गरी वयान गरेको अवस्था छ। अर्का प्रतिवादी रवि लामिछाने र युवराज कँडेलले मृतक शालिकराम पुडासैनीले घटना मिति २०७६/०४/२० गते भन्दा पहिले मिति २०७६/०३/२५ गतेसम्म डेढ वर्ष

पहिलेदेखि आफूसँग न्युज २४ को सिधा कुरा जनतासँग कार्यक्रममा सँगै काम गरेको अवस्था भए पनि निज आफ्नै खुसीले सो कार्यक्रमबाट अलग भई घटना हुँदाका बखत अर्कै टेलिभिजन (माउन्टेन टेलिभिजन) मा काम गर्न सुरु गरेका र निजसँग पहिले कार्यक्रममा सँगै काम गर्दाका बखत भएको गरिएको स्वभाविक सम्पर्क र व्यवहारबाहेक निज कार्यक्रमबाट अलग भइसकेपछि निजसँग कुनै किसिमको सम्बन्ध, सम्पर्क, भेटघाट र कुराकानी नभएको र अभियोग दावीबमोजिम निजलाई आत्महत्या गर्न कुनै दुरुत्साहनजन्य कार्य आफूहरूले नगरेको भनि अनुसन्धानका क्रममा अधिकार प्राप्त अधिकारी र अदालतसमक्षको वयानमा अभियोग आरोपमा पुर्णतः इन्कार रही वयान गरेको देखिन्छ।

जाहेरवाला बासुप्रसाद पुडासैनी (मृतक शालिकराम पुडासैनीका दाइ) र अर्का जाहेरवाला सम्झना पुडासैनी (मृतककी पत्नि) ले मृतकले मर्नुभन्दा पहिले आफ्नै मोवाइलमा रेकर्ड गरेको भिडियोमा व्यक्त गरेबमोजिम यी प्रतिवादीहरू सबैले मानसिक दबाब र धम्की दिई षडयन्त्रपूर्ण कार्य गरेकाले नै आत्महत्या गर्नुपरेको अबस्था भएकाले निजहरूलाई कानुनबमोजिम सजाय हुनुपर्छ भन्ने व्यहोरा उल्लेख गरिदिएको जाहेरी दरखास्त र सोही व्यहोराको अदालतमा आई गरेको बकपत्र मिसिल संलग्न रहेको देखिन्छ।

मौकामा बुझिएका मृतकका आफन्त रहेका जनक कुमार घिमेरे, प्रकाश पुडासैनी र गोकर्णनाथ न्योपानेसमेतका व्यक्तिहरूले यी प्रतिवादीहरूको दबाबजन्य कार्यको परिणामस्वरुप नै मृतकले आत्महत्या गर्नुपरेको हुँदा प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिमको सजाय हुनुपर्छ भनी गर्नुभएको बकपत्र र घटनास्थलको होटलका संचालक यज्ञबहादुर काकी र सोही होटलका कर्मचारी महादेब खत्री, बुझिएका व्यक्ति पूजा भन्ने प्रमिला शर्मा भुषाल र योगेन्द्र कुमार सुर्यबंशीसमेतका व्यक्तिहरूले शालिकराम पुडासैनीले घटनास्थलमा आत्महत्या गरेको अबस्था भए पनि सो आत्महत्या गर्न निजलाई यी प्रतिवादीहरूले दुरुत्साहन गरेका हुन भनि एकिन साथ भन्न सकेको अबस्था देखिँदैन। अदालतमा आई बकपत्र गर्ने जाहेरवालालगायतका मौकामा बुझिएका मृतक शालिकराम पुडासैनीका आफन्त रहेका उल्लिखित व्यक्तिहरू घटना हुँदाका बखत घटनास्थलमा उपस्थित भएका, घटनाका प्रत्यक्षदर्शी रहेका वा घटनाका सम्बन्धमा प्रत्यक्ष थाहा जानकारी पाएका व्यक्तिहरू नभई घटनास्थलबाट बरामद भएको भिडियो घटना मिति २०७६/०४/२० गतेभन्दा पछि ऐ. २९ गते भिडियो सार्वजनिक संचार माध्यमबाट सार्बजानिक भएपछि मात्र सोही आधारमा प्रस्तुत घटनाका सम्बन्धमा दृष्टिकोण बनाइ भनाइ राख्ने व्यक्तिहरू भएको देखिन्छ।

मृतक शालिकराम पुडासैनीको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण (cause of death) झुन्डी मरेको (Hanging) भन्ने उल्लेख भई निजको घाँटीको हड्डी भाचिएको, घाँटीमा डोरीको डाम रहेको, शरीरमा बाह्य घाउचोट (Injury Marks) नभएको भन्ने व्यहोरा उल्लेख भएको शव परीक्षण प्रतिबेदन मिसिल संलग्न रहेको देखिन्छ। उक्त शब परीक्षण गर्ने शिक्षण अस्पताल महाराजगंज काठमाण्डौका चिकित्सक डा. मणी महर्जन र डा. बिभुती शर्माले अदालतमा आई गरेको बिषेशज्ञको बकपत्रमा आफूहरूले मृतक शालिकराम पुडासैनीको शब परीक्षण गरेको र परीक्षण गर्दाका बखत तत्काल निजको शरीर (शब) मा देखिएका लक्षणहरू (घाँटीको हड्डी भाँचिएको, घांटीमा डोरीको डाम भएको र शरीरमा बाह्य घाउचोट (Injury Marks) नभएको भन्ने व्यहोरासहितको शब परीक्षण प्रतिबेदन आफूहरूले दिएको भनि बिशषज्ञले गरेको बकपत्र मिसिल संलग्न रहेको अबस्था छ।

भिडियोका फरेन्सिक परीक्षण गर्ने केन्द्रीय प्रहरी बिधि बिज्ञान प्रयोगशालाका बिज्ञ प्र.ना.उ. श्याम कुमार मण्डल र दुर्गा कुमार योन्जनले अदालतमा आई बकपत्र गर्ने क्रममा भिडियो रिकर्डिङ गरेको समय पहिलो भिडियो मिति २०७६/०४/२० गते बेलुका १५.५४.५१ बजे ४ मिनेट ५८ सेकेन्डको भिडियो र दोश्रो भिडियो पहिलो भिडियोको लगत्तै १६.०१.१७ मा ८ मिनेट २७ सकेन्डको भिडियो रिकर्डिङ भएको भिडियोको Content का साथै ल्याबमा भिडियो परीक्षणको बिधिका बारेमा बकपत्र गरेको अबस्था छ। निजले बकपत्रका क्रममा फोटोग्राफीमा अभ्यस्त एउटा राम्रो ब्याबसायिक फोटोग्राफरले आफ्नै शरीरको घुँडामा मोबाइल राखी, दुबै हात प्रयोग नगरी सेल्फी स्टिक बिना नै फोटो खिच्न र भिडियो रिकर्ड गर्न सकिन्छ, सक्छ र सम्भब हुन्छ भनि बकपत्र गरेको अबस्था छ।

अनुसन्धानका क्रममा प्राप्त भई मिसिल संलग्न रहेको कल डिटेल विवरणबाट घटना मिति २०७६/०४/२० गतेका दिन बिहान मृतक शालिकराम पुडासैनीले बुझिएका ब्यक्तिमध्येका प्रमिला शर्मा भुषालसँग निजको मोबाइलमा कुरा गरेको देखिन्छ। पछिल्लो भिडियो रिकर्ड गरेको समय (१६.०१.१७) को लगत्तै पछि १६.०१.२७ बजे मृतकले आफ्नो पत्नी जाहेरवाला सम्झना पुडासैनीसँग कुरा गरेको कल विवरण देखिन्छ भने १६.०१.३६ बजे पूजा भन्ने प्रमिला शर्मा भुषालको मोबाइलमा ३ पटकसम्म शालिकरामले सम्पर्क गर्न खोजेकोमा प्रमिला भुषालले सो कल रिसिभ गरेको देखिँदैन। त्यसपछि निजको मोबाइल गतिविधिमा कुनै कल आएको वा गएको अवस्था देखिँदैन। बेलुका ८.३० बजेसम्म पनि खाना खान होटलको डाइनिङ हलमा निज नआएपछि होटलवाला कोठामा गई ढोका ढकढक्याउँदा ढोका नखुलेपछि प्रहरीलाई खबर गरी प्रहरीको उपस्थितिमा ढोका खोल्दा निज कोठाभित्र सिलिङ पंखामा झुन्डिएर आत्महत्या गरेको देखिन्छ। आत्महत्याभन्दा पहिलेको कुराकानीका क्रममा शालिकरामले सहज रुपले स्वभाबिक पारामा कुरा गरेको भनि बकपत्रका क्रममा जाहेरवाला सम्झना घिमिरे पुडासैनीले खुलाई दिएको अबस्था छ।

मिसिल संलग्न कल डिटेल बिबरणबाट घटना हुँदाका दिन मिति २०७६/०४/२० गते र सो मितिभन्दा पहिले पनि प्रतिवादीमध्येका रबि लामिछाने र युबराज कँडेलसँग निज शालिकराम पुडासैनीको मोबाइल कुराकानी भएको कुनै बिबरण देखिँदैन। प्रतिवादी अस्मिता कार्कीसँग अरु दिनका साथै घटना भएको दिन पनि शालिकरामले मोबाइल फोनमा सम्पर्क गरेको कल डिटेल बिबरणबाट देखिन्छ।

वादी नेपाल सरकारका तर्फबाट बहसका लागि उपस्थित बिद्वान जिल्ला न्यायाधिबक्ता श्री यदुनाथ शर्माले र जाहेरवाला सम्झना घिमिरे पुडासैनी र वासुप्रसाद पुडासैनीका तर्फबाट बहसका लागि उपस्थित बिद्वान अधिबक्ता श्री गोपीलाल देबकोटाले मिसिल संलग्न मृतकको भिडियो कथनबाट यी प्रतिवादीहरूले गरेको दुरुत्साहनजन्य कार्यबाट नै मृतकले आत्महत्या गरेको देखिएकाले निजहरूलाई अभियोग दाबीबमोजिम हदैसम्मको सजाय हुनुपर्छ भनि गर्नुभएको बहस सुनियो।

प्रतिवादीमध्येका रबि लामिछाने र युबराज कँडेलका तर्फबाट बहसका लागि उपस्थित बिद्वान बरिष्ठ अधिवक्ता श्री शुसिल कुमार पन्त, विद्वान अधिवक्ता श्री सुनिल पोखेल, बिद्वान अधिबक्ता श्री चुडामणी सापकोटा र प्रतिवादीमध्येका रुकु भन्ने अस्मिता कार्कीका तर्फबाट बहसका लागि उपस्थित बिदुषी अधिवक्ता श्री निमा गिरीले घटनास्थलमै उपस्थित नभएका यी प्रतिवादीहरूको कुनै कार्य ब्यबहार र आचरणले मृतकको आत्महत्यासम्बन्धी दुस्कार्यमा संलग्नता देखाउने विश्वसनीय र आधारयुक्त प्रमाणको

अभावमा केबल मृतकले भनेकै भरमा सो भनाइलाई अन्य प्रमाण कागजले समर्थन नगरेको अवस्थामा शंकायुक्त अवस्थामा प्रतिवादीहरूलाई फौजदारी अभियोगमा कसुरदार कायम गर्न र सजाय भागी गराउन नमिल्ने हुँदा निजहरूले पूर्णतः सफाई पाउनुपर्छ भनि गर्नुभएको बहससमेत सुनियो।

उल्लिखित अवस्थाको तथ्य, प्रमाण, वस्तुस्थिति र घटना बिबरण भएको प्रस्तुत मुद्दामा बहसका क्रममा बिद्वान, बिदुषी अधिवक्ता, वरिष्ठ अधिबक्ता एवं अधिबक्ताहरूले प्रस्तुत गर्नुभएको बिषयगत तथ्य, तर्क, न्यायिक अभ्यास, कानुनी सिद्वान्त र सम्बद्व प्रचलित कानुनसमेतलाई अध्ययन मनन गरी यी प्रतिवादीहरूले प्रस्तुत अभियोग दाबीबमोजिमको आत्महत्या दुरुत्साहन (Abetment to suicide) को कसुर अपराध गरेका हुन वा होइनन ? हुन् भने के कुन आधारमा कसरी गरेका हुन् ? होईनन भने के कति आधारमा होइनन् ? र निजहरूलाई अभियोग दाबीबमोजिमको कसुर अपराधमा सजाय हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णयतर्फ बिचार, बिश्लेषण र दृष्टिगत गर्दा : मुख्य प्रमाणको रुपमा रहेको मृतकको भिडियो कथन र प्रतिवादीहरूको बयानसमेतका आधारमा मृतक शालिकराम पुडासैनीले प्रतिवादीमध्येका रबि लामिछाने र युबराज कँडेलसमेतसँग न्यूज २४ टेलीभिजनबाट प्रसारण हुने सिधाकुरा जनतासँग कार्यक्रममा केही अवधि सँगै काम गरेको अबस्थाले शालिकराम पुडासैनीको आत्महत्या घटनासँग रबि लामिछाने र युबराज कँडेल पूर्वबर्ती सम्बन्धका कारण जोडिएको देखिन्छ भने प्रतिवादीमध्येकी रुकु भनिने अस्मिता कार्की, मृतक शालिकराम पुडासैनीको भिडियो कथनकै आधारमा निजसँग प्रेम सम्बन्ध भई केही अवधि पहिलेदेखि सम्बन्धमा कटुता आएको भन्ने अबस्था देखियो। यद्यपि शालिकराम पुडासैनीले उल्लेख गरेको प्रेम सम्बन्धलाई प्र. अस्मिता कार्कीले इन्कार गरेको अबस्था छ।

जे जुनसुकै कारणले भए पनि अस्मिता कार्कीसँगको प्रेम सम्बन्धमा आएको खटपट र सो अबस्थाका बारेमा जानकार रहेका रबि लामीछाने र युबराज कँडेलले निजहरूको टेलीभिजन कार्यक्रमबाट आफू अलग्गिएपछि अलग्गिएको बिषयमा पूर्बाग्रह राखी आफूलाई फसाउने कुनियतले अस्मिता कार्कीसँगको प्रेम सम्बन्धको सहज अबस्थामा गरिएका आपसी सहमतीय ब्यबहारहरूलाई आपराधिक कार्य गरेको भन्ने झुठो आरोप लगाइ फसाउने र बर्बाद गर्ने दुर्नियतले षडयन्त्र गरी टेलीभिजन कार्यक्रम प्रसारण गर्न लागेको भनि दिएको दबाबबाट आफू भयभित र त्रसित भई आफूले आत्महत्या गर्नुपरेको भन्ने मृतक शालिकराम पुडासैनीको भिडियो कथनको आरोप रहेको देखिन्छ। सोही भिडियो कथनकै सेरोफेरोमा यी प्रतिवादीहरूले निजलाई सो बमोजिम धम्क्याउने, तर्साउने, ब्ल्याकमेलिङ गर्ने वा निजलाई बदनाम गर्ने मनसायले निजले भने जस्तो कार्यक्रम प्रसारण गर्ने षडयन्त्रपूर्ण तयारी गरेका थिए वा थिएनन ? र सोही कार्यबाट भयभित र त्रसित भई निजले आत्महत्या गर्नुपरेको हो वा होइन भन्ने बिषयमा नै केन्द्रित भई मिसिल संलग्न प्रमाण कागजको बिश्लेषण गरी निर्णय निष्कर्षमा पुग्नुपर्ने देखियो।

विवाहित अवस्थाका शालिकराम पुडासैनीले आफ्नो बैबाहिक अबस्थाको बारेमा अस्मिता कार्कीलाई कुनै कुरा नभनी, निजलाई आफू अबिबाहित भएको भ्रममा पारी झुक्याइ, कपटपूर्ण प्रेम सम्बन्ध राखी बिबाह गर्नेसम्मको दबाबमूलक प्रस्ताब राखेकोमा अस्मिता कार्कीले निजको बैबाहिक अबस्थाका बारेमा आफ्नै तरिकाले थाहा जानकारी पाई निज शालिकराम पुडासैनीसँगको प्रेम सम्बन्धबाट आफू अलग हुन खोजेको देखिने अबस्थामा शालिकराम पुडासैनी सहज तरिकाले अलग नभएपछि आफ्ना भरोसाका अन्य उपर्युक्त साथीहरूलाई आफ्नो अपठ्यारोका बारेमा भन्नु र कानुनसम्मत तरिकाले हरसम्भब जायज प्रयास गर्नुलाई

निजको हकमा स्वाभाविक नै मान्नुपर्ने देखियो। सो क्रममा निजले शालिकराम पुडासैनीका विरुद्ध कुनै हिंसात्मक शारीरिक बल वा फौजदारी कसुर हुने कुनै कार्य, आचरण र व्यवहार गरेको देखिएन।

विवाहित एकाघरको पत्नीले पनि दाम्पत्य सम्बन्धमा कुनै कटुता उत्पन्न हुँदा बैबाहिक सम्बन्धबाट सहज तरिकाले अलग हुन सक्ने कानुनी हक प्रत्याभुति भएको विद्यमान अवस्थामा तथ्यको भ्रममा पारी गरिएको कपटपूर्ण प्रेम सम्बन्धलाई समयमै वास्तविकता थाहा जानकारी पाई नरुचाइएको सम्बन्धलाई निरन्तरता दिन नचाहेको अवस्थामा पनि शालिकराम पुडासैनीको सम्बन्धमा रहिरहन आग्रह, आकांक्षा वा विवाहको प्रस्तावलाई अस्मिता कार्कीले आफूलाई मन नपरे पनि उसका लागि स्वीकार गरिदिनुपर्छ र नगरेको अवस्थामा उसले गर्ने कुनै गलत र आत्मघाती निर्णयको दुष्परिणाम निजले व्यहोर्नुपर्छ भन्ने भनाइ (EX DOLO MOLO NON OBITUR ACTIO NO ACTION ARISES FROM DECIET) अवैध कार्यबाट बैध परिणाम अपेक्षित हुँदैन भन्ने कानुनी सिध्दान्त र Nemo Audicutr proprium turpitudinem allegans. (No one shell be heared, who invokes his own guilt) अबैध कार्यको दुस्परिणामको भागिदार सो कार्य गर्ने व्यक्ति स्वयं हुनुपर्दछ भन्ने कानुनी सिध्दान्तसमेतका आधारमा पनि मृतक शालिकराम पुडासैनीको भिडियो कथनमा उल्लिखित अस्मिता कार्कीसँगको अनुचित प्रेम सम्बन्ध र त्यसबाट सृजित तनावसहितको द्रबित अभिब्यक्तिलाई आधार मानी अस्मिता कार्कीलाई दोषको भागिदार बनाउन मिल्ने अबस्था देखिएन।

निजले भिडियो कथनमा ब्यक्त गरेबमोजिम प्रतिवादी अस्मिता कार्कीले आफूलाई मन नपरेको प्रेम सम्बन्धबाट छुटकारा पाउन आफूले गरेको आग्रहले काम नगरेपछि अन्य प्रतिवादी रबि लामिछाने र युबराज कँडेलसमेतसँग मिली सिधा कुरा जनतासँग कार्यक्रममार्फत कुनै टेलिभिजन कार्यक्रम प्रसारण गर्न लगाउँछु भनि निजले भनेकै भए पनि र यी प्रतिवादीहरूले सो बमोजिमको कार्यक्रम टेलिभिजनबाट प्रसारण गरेकै भए पनि त्यो भनाइ र त्यस्तो प्रसारणलाई गैह्रकानुनी भनि भन्न नमिल्ने अबस्थामा न्यूज २४ टेलिभिजन कार्यालयको साइनबोर्ड देखिने गरी सोही टेलिभिजनमा कार्यरत अनिल ढुंगेल सँगसगै उभिएर अस्मिता कार्कीले आफ्नो मोबाइलमा खिचेको फोटो शालिकराम पुडासैनीको मोबाइलमा म्यासेज पठाएको भन्ने कार्यलाई आत्महत्याको दुरुत्साहनको तहसम्मको आपराधिक कार्य गरेको भनि भन्न मिल्ने अबस्था देखिएन।

आफूले गर्दै नगरेको कार्यलाई गरे बिराएको हो भनि झुठो आरोप र लाञ्छना लगाइ अबान्छित लाभ लिने, नाजायज दुःख दिने दुराशयले प्रतिवादीले त्यस्तो कार्य गरेको भए सो कार्य आत्महत्याको दुरुत्साहन हुन सक्नेमा शालिकराम पुडासैनी आफैले स्वीकार गरेको आफ्नो बैबाहिक अबस्थालाई आफूले ढाँटी अस्मिता कार्कीसँग कायम गरेको बिबाह इत्तर सम्बन्ध र सोही कारण आफूले ब्यहोर्नु परेको मानसिक तनाब भन्ने भिडियो कथनबाट निजको सम्बन्धको आधार निज स्वयंले गलत र धोकापूर्ण उद्देश्यले तयार गरेको देखियो।

तथ्य ढाँटी गरिएको कपटपूर्ण सम्बन्धलाई समयमै थाहा पाई अलग हुन दिएको समय, सुझाव वा आग्रह र तदनुरुप गरिएको उपेक्षित ब्यबहारलाई शालिकराम पुडासैनीले मनन र महसुस नगरी ब्यबहारमा लागु नगरेपछि त्यसलाई सार्बजनिक गर्ने भन्नेसम्मको धम्की शालिकराम पुडासैनीको आत्महत्याको कारण हो ? वा निजले गरेको बिबाह इतर सम्बन्ध सार्बजनिक हुँदा त्यसबाट लाज्छित र बदनाम भइने मनोबैज्ञानिक डर, त्रास, सामाजिक लोकलाज वा सम्भाबित कानुनी कारबाहीको डरको कारण निजले आत्महत्या गर्नुपरेको

हो ? भन्ने अबस्था र परिस्थितिलाई मिसिल संलग्न कागज प्रमाणको आधारमा सुक्ष्म रुपले बिश्लेषण गर्दा अस्मिता कार्कीसँगको सम्बन्ध र त्यसबाट श्रृजित सम्भाबित परिणामको तनाबलाई समयमै समुचित ब्यबस्थापन गर्न नसकेको कारण आत्महत्याबाट मृत्युबरण गर्ने दुखद निर्णय निजले गरेका होइनन् भनि भन्न सकिने अबस्था देखिएन। अस्मिता कार्कीले शालिकरामलाई अनुचित दबाब धम्की दिएको कुनै म्यासेजहरू र त्यस किसिमको दुर्व्यवहार भएको देखिने बस्तुगत घटनाहरू मिसिलमा प्रमाणस्वरुप पेश गर्न सकेको देखिएन।

कानुन अनुमानमा होइन तथ्यमा आधारित र अभिब्यक्त हुन्छ। तर्कले अनुमानलाई स्थापित गर्न खोजे पनि सत्य र न्याय सधै प्रमाणबाट मुखरित हुन्छ। "Law Knowns facts, Not fiction" "Truth and Justice seeks evidence not arguments and assumption" भन्ने कानुनी सिध्दान्तसमेतबाट पनि उल्लिखित अबस्थालाई अस्मिता कार्कीले शालिकराम पुडासैनीको संकट ब्यबस्थापन नगरी दिएको र मृतकको मर्यादाको मूल्यमा आफ्नो हितप्रतिकूलको निर्णय नगरेको भन्ने अर्थमा घटनालाई बुझ्न र ग्रहण गर्न मिल्ने अबस्था देखिएन।

अविवाहित अबस्थाकी अस्मिता कार्कीले मृतकसँग रहेको प्रेम सम्बन्धलाई स्वीकार गर्नु या नगर्नु, बिबाह गर्न मन्जुरी दिनु या नदिनु, निजलाई भेटनु या नभेटनु निजको स्वतन्त्र जीबनयापन गर्न पाउने निजी अधिकारलाई अरुले गर्ने गलत कार्य र परिणामको घेराबन्दीमा राखी आत्महत्याको दुरुत्साहन जस्तो गम्भीर फौजदारी कसुरमा निजलाई दोषको भागीदार बनाउन मिल्ने अबस्था देखिएन।

अतः घटना हुँदाका बखत घटनास्थलमा नरहेकी, घटना लगत्तै अघि मृतकसँग भेटघाट भएको नदेखिएको र निजको अन्य कुनै कार्य, ब्यबहार, सम्बाद र आचरणबाट मृतक शालिकराम पुडासैनीले भिडियो कथनमा उल्लेख गरेबमोजिमको दुरुत्साहनजन्य कार्य गरेको देखिने बिश्वसनीय प्रमाण कागजको अभावमा निज अस्मिता कार्कीले अभियोग दाबीबमोजिमको कसुर अपराध गरेको भन्ने अबस्था देखिएन।

त्यस्तै अर्का प्रतिवादी रबि लामिछाने र युबराज कँडेलले अस्मिता कार्कीसँग मिली निज अस्मिता कार्की र शालिकराम पुडासैनीबिचको बिग्रँदो अबस्थाको प्रेम सम्बन्धलाई आफ्नो कार्यक्रमबाट अलग्गिएका शालिकराम पुडासैनीसँगको पूर्बाग्रह साँध्ने बदलाको बिषयबस्तु बनाइ सिधाकुरा जनतासँग टेलिभिजन कार्यक्रममा प्रसारण गरी मानमर्दन गर्ने धम्की दिएको भन्ने सन्दर्भ उल्लिखित भिडियो कथनका सम्बन्धमा मिसिल संलग्न कलडिटेल बिबरण र अन्य प्रमाण कागजबाट समेत निज अस्मिता कार्कीको मोबाइल नम्बर र रबि लामिछाने र युबराज कँडेलको मोबाइल फोनमा एकअर्कासँग घटना मिति अघिपछि फोन सम्पर्क भएको संलग्न कलडिटेल बिबरणबाट देखिएन। निजहरूका बिच प्रस्तुत घटना अघिपछि प्रत्यक्ष भेटघाट भएको भन्ने अबस्था पनि अनुसन्धानबाट खुलेको देखिएन। न्यूज २४ टेलिभिजन कार्यालयको ०१४००२६३३ नं को ल्याण्डलाइन फोनमा अस्मिता कार्कीको मोबाइलबाट सम्पर्क भएको देखिने अबस्थाले धेरै ब्यक्तिको प्रयोगमा रहने कार्यालयको ल्याण्डलाइन फोनमा भएको सो सम्पर्कलाई सो कार्यालयमा अस्मिता कार्कीको अनिल ढुंगेललगायतका अन्य ब्यक्तिहरू परिचित भएको देखिने अबस्थाले ल्याण्डलाइन फोनमा भएको सो सम्पर्क प्रतिवादी रबि लामिछाने र युबराज कँडेलसँग मात्रै प्रस्तुत घटनाका बिषयमा कुराकानी भएको र शालिकरामकै बिरुद्ध षडयन्त्र गरेको अर्थमा अनुमान गर्न र सोही आधारमा निजहरूलाई कसुरदार कायम गर्न मिल्ने अबस्था देखिएन।

भिडियो कथनमा उल्लेख भएबमोजिम प्रतिवादीहरूले सो बमोजिमको टेलिभिजन कार्यक्रम तयार गरी प्रसारणयोग्य अबस्थामा राखेको भए त्यस्तो कुनै तथ्य वा कार्यक्रमसम्बन्धी सामग्री अनुसन्धानका क्रममा बरामद हुनुपर्नेमा त्यस्तो कुनै कार्यक्रम सामग्री अनुसन्धानका क्रममा बरामद हुन सकेको देखिएन। रबि लामिछानेसमेतसँग शालिकरामले सँगै कार्यक्रममा काम गर्दाको अबस्थामा बाहेक निज कार्यक्रमबाट अलग भइसकेपछिका दिनहरूमा निजहरूका बिच एक पटक पनि टेलिफोन सम्पर्क भएको अबस्था मिसिल संलग्न कलडिटेल बिबरणबाट देखिएन। घटना हुँदाका बखत यी प्रतिवादीहरू घटनास्थल भरतपुर महानगरपालिका वडा नं.१ पोखरा बसपार्क क्षेत्र वा सो आसपासको क्षेत्रमा रहे बसेको भन्ने अबस्था पनि अनुसन्धानबाट खुलेको देखिएन।

मृतक शालिकराम पुडासैनी यी प्रतिवादीहरू रबि लामीछाने र युबराज कँडेलसमेतसँग आर्थिक रुपले आश्रित, प्रशासनिक रुपले अधिनस्थ, ब्यावहारिक रुपले सम्बन्धित र अन्य नजिक टाढाको नाता सम्बन्धसमेतबाट एकअर्का बिच परस्पर ब्यबहार लेनदेन सम्बन्ध भएको ब्यक्ति देखिएन। अतः निजका आर्थिक गतिबिधिहरू प्रतिवादीहरूको कार्य ब्यबहारबाट संचालित वा प्रभाबित हुनसक्ने अबस्था देखिएन। पूर्व सहकर्मी भए पनि घटना हुँदाका बखत निज शालिकराम पुडासैनी यी प्रतिवादीहरू रबि लामिछानेसमेतसँग सहकार्य, साझेदारी गरिरहेको वा अन्य कुनै स्वार्थ सम्बन्ध भएको ब्यक्ति रहेको देखिएन। दुई फरक र स्वतन्त्र अबस्थाका निजहरूका बिचको सामान्य कुनै मनमुटाब र ब्यबहारबाट निज शालिकराम पुडासैनी बिचलित, प्रभाबित वा हतोत्साहीत हुनुपर्नेसम्मको अबस्था देखिएन। प्रतिवादीहरूले निजलाई बलजफ्ती गरी, नियन्त्रण, कब्जामा लिई शरीर बन्धक बनाइ कुनै काम गर्न वा नगर्न कुनै दबाब दिएको, अनुचित माग राखेको वा कुनै काम गराउन बाध्य पारेको भन्ने अबस्था पनि मिसिल संलग्न कुनै प्रमाण कागजबाट खुलेको देखिएन।

आत्महत्या अपराध हो होइन ? आफनो स्वईच्छाले मृत्युबरण गर्न पाउनुपर्छ पर्दैन ? भन्ने सम्बन्धमा बिश्वका केही देशहरूमा बहस चलिरहेको सन्दर्भमा आत्महत्या दुरुत्साहनसम्बन्धी कानुनी ब्यबस्था, त्यसको प्रयोग र कसुरदारको कसुरमा संलग्नता पुष्टि गर्ने परिस्थितिजन्य आधारहरू के के हुन सक्छन् भन्ने सम्बन्धमा सम्मानित सर्बोच्च अदालतबाट नजिर सिध्दान्तहरू प्रतिपादन भइसकेको अबस्था छैन। सम्बत २०७४ साल भाद्र १ गतेदेखि कार्यान्वयनमा आएको मुलुकी अपराध संहिताको दफा १८५ को आत्महत्या गर्न दुरुत्साहन दिन नहुने सम्बन्धी नया कानुनी ब्यबस्थाको प्रयोग सम्बन्धी मुद्दामा सुरु तहको जिल्ला अदालतले गरेको थुनछेकसम्बन्धी आदेशबिरुद्धको निबेदन मुलुकी फौजदारी कार्यबिधि संहिता २०७४ को दफा ७३ बमोजिम सम्मानित सर्बोच्च अदालतसम्म पुग्न सक्ने अबस्था छैन भने सुरु अदालतको फैसलाउपरको पुनरावेदनको बिषयले पनि हालसम्म सम्मानित सर्बोच्च अदालतमा प्रबेश पाई सम्मानित सर्बोच्च अदालतबाट सो सम्बन्धी न्यायिक ब्याख्या आजका मितिसम्म भइसकेको अबस्था छैन।

हाम्रो जस्तै कानुन प्रणाली र न्यायिक अभ्यास भएको छिमेकी देश भारतको सर्बोच्च अदालतले प्रेम सम्बन्धको असफलता र त्यो सँग जोडिएका बिषयहरूले आत्महत्या दुरुत्साहन गरेको अबस्था स्थापित हुन सक्दैन भनि सन २०१७ मा Balashaheb Anna Koli बिरुद्धको आत्महत्या दुरुत्साहनसम्बन्धी मुद्दामा गरेको न्यायिक ब्याख्या, र S.S. Chheena vs Bijaya Kumar Mahahan, समेत बिरुद्धको आत्महत्या दुरुत्साहनसम्बन्धी अर्को एक मुद्दामा It Requires an Active Act or Direct Act, Which led to the Deceased

to commete suicide, seeing no options and that Act must have been intended to push the Deceased in to such position that committed to suicide भनि सन २०१८ मा गरेको न्यायिक व्याख्यालाई प्रस्तुत मुद्दाका सन्दर्भमा सन्दर्भवश उल्लेख गर्नु र केही अंश उद्धरण गर्न सान्दर्भिक हुने देखिन्छ।

अतः उल्लिखित अवस्थाका आधार, प्रमाण र सन्दर्भसमेतका तथ्ययुक्त बस्तुस्थितिबाट मृतक शालिकराम पुडासैनीले आफू मर्नुभन्दा पहिले आफ्नो मृत्युका सम्बन्धमा निजले व्यक्त गरेको भनाइ मृत्युकालीन घोषणा (Dying Declaration) लाई यी प्रतिवादीहरू रबि लामिछाने र युबराज कँडेलसमेतको कार्य, व्यबहार, आचरण र अभिब्यक्ति (Actus reus and Mens rea) समेतले सन्निकट सम्बन्ध जनाउने कुनै बिश्वसनीय प्रमाण (Credible Evidence) भौतिक तथ्य (Material Facts) र निजहरूको भौतिक उपस्थिति (Physical presence) समेत नदेखिएको र निजहरूको मृतकका प्रति कुनै षडयन्त्रपूर्ण दृष्टिकोण र आपराधिक दुराशय (Sinister Action and Attitude With Illicit Motive) नदेखिएको अवस्थामा घटना, घटनास्थल र प्रतिवादीहरूको कार्यका बिच अन्तरसम्बन्ध (Corroborative Relation) स्थापित गर्ने प्रमाण कागजहरू मिसिल संलग्न रहेको अवस्था नदेखिँदा मृतकले व्यक्त गरेको भिडियो कथनलाई मात्र अन्तिम सत्य र अकाट्य प्रमाण (Undoubtly Proven Facts) को रुपमा ग्रहण गर्न मिलेन। तसर्थ प्रतिवादीहरू रबि लामिछाने, युबराज कँडेल र रुकु भनिने अस्मिता काकीले शालिकराम पुडासैनीलाई आत्महत्या गर्न दुरुत्साहन गरेको भन्ने अवस्था नदेखिँदा निजहरू तिनै जनाले प्रस्तुत अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ। बादी नेपाल सरकारको अभियोग दाबी पुग्न सक्दैन। अरुमा तपसिलबमोजिम गर्नु।

तपसिल

- प्रतिवादीहरू रवि लामिछाने, युवराज कँडेल र रुकु कार्की भनिने अस्मिता कार्कीले प्रस्तुत अभियोग दावीबाट सफाइ पाउने ठहर फैसला भएकोले निजहरूको हकमा केही गरिरहनु परेन.....१
- प्रस्तुत फैसलामा चित्त नबुझे मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को दफा १३४ बमोजिम ७० दिनभित्र उच्च अदालत पाटन, हेटौडा इजलासमा पुनरावेदन गर्न जानु भनी वादी नेपाल सरकारका तर्फबाट जिल्ला सरकारी वकिल कार्यालय भरतपुर चितवनलाई पुनरावेदन म्याद सहित प्रस्तुत फैसलाको जानकारी दिनु.....२
- यस अदालतको मिति २०७६/०५/०९ गतेको आदेशबमोजिम प्रतिवादी रवि लामिछानेले सोही मिति २०७६/०५/०९ गते र.नं.३७ बाट यस अदालतको धरौटी खातामा जम्मा गरेको धरौटीबापतको नगद रकम रु.५,००,०००/- (पाँच लाख) र प्रतिवादी युवराज कँडेलले सोही मितिमा र.नं.३८ बाट जम्मा गरेको धरौटी बापतको नगद रकम रु.३,००,०००/- (तिन लाख) पुनरावेदन म्याद नाघेपछि प्रतिवादीहरूलाई नियमानुसार फिर्ता दिनु.....३
- जाहेरवाला बासुप्रसाद पुडासैनी र सम्झना घिमिरे पुडासैनीलाई प्रस्तुत फैसलाको प्रमाणित प्रतिलिपि कुनै शुल्क नलिई दिनु.....४
- फैसलाको नक्कल माग्ने अन्य सरोकारवालालाई नियमानुसार शुल्क लिई फैसलाको प्रमाणित प्रतिलिपि दिनु.....५

- फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाका दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु.....६

न्यायाधीश

टिपोट कार्यमा सहयोग गर्ने :-
डिठ्ठा :- उमेश दाहाल

इति सम्वत् २०७६ साल माघ ५ गते रोज १ शुभम्.....

२०७६/१०/१९
प्रमाणीकरण मिति

अदालतको छाप

प्रकाशन संख्या १०३

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजु, काठमाडौं
फोन नं. ९७७-१-४०२७४४९/४०२७४५१ फ्याक्स नं.: ९७७-१-४०२७१४०
पोष्ट बक्स नं. २४८६५
Email: info@njanepal.org.np
URL: www.njanepal.org.np